# नेपाल राष्ट्र बैंक

## समाचार




# ६८औं वार्षिकोत्सव विशेषाङ्क

## वैशाख १४, २०८०

# नेपाल राष्ट्र बैंक

## समाचार

## ६८औं वार्षिकोत्सव विशेषाङ्क

१४ वैशाख, २०८०

प्रकाशक
**नेपाल राष्ट्र बैंक**
**गभर्नरको कार्यालय**

प्रधान सम्पादक
**नारायणप्रसाद पोखेल**

सम्पादक
**डा. भागवत आचार्य**

सह-सम्पादक
**विद्या अधिकारी**

सम्पादन सहयोगी
**लालकुमार सुवेदी**
**वन्दना दाहाल**
**नविना ताम्राकार**
**सिर्जना थापा**

आवरण
**सुन्दर श्रेष्ठ**
आइडियल डिजाइनर्स
बागबजार

ले-आउट/मुद्रण
**अल मिडिया सोलुसन प्रा.लि.**
बागबजार, काठमाडौँ
फोन. ०१-४२५३९६४

# सम्पादकीय

नेपाल राष्ट्र बैंक स्थापनाको ६७ वर्ष पूरा गरी ६८ औँ वर्षमा प्रवेश गरेको छ। बैंकको यो वार्षिकोत्सव तथा नयाँ वर्ष २०८० समेतको शुभ अवसरमा सम्पूर्ण महानुभावमा सुख, शान्ति तथा समृद्धिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौँ।

अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२३ मा विश्व अर्थतन्त्रको वृद्धिदर २.८ प्रतिशतमा सीमित रहने प्रक्षेपण गरेको छ। सन् २०२२ मा विश्व अर्थतन्त्र ३.४ प्रतिशतले बढेको थियो। विश्वव्यापी आर्थिक मन्दीको असर नेपालमा पनि परेको छ। कोषले सन् २०२३ मा नेपालको आर्थिक वृद्धि ४.४ प्रतिशतमा सीमित रहने प्रक्षेपण गरेको छ।

आयातको परिमाण उच्च रहँदा अघिल्लो वर्ष नेपालको बाह्य क्षेत्र व्यवस्थापनमा ठूलो चुनौती देखिएको थियो। यो चुनौतीलाई सम्बोधन गर्न नेपाल सरकार र राष्ट्र बैंकको तर्फबाट समयमै नीतिगत व्यवस्था अवलम्बन गरिएका कारण बाह्य क्षेत्रको स्थिति सुदृढ बन्दै गएको छ। २०७९ फागुन मसान्तमा वित्तीय प्रणालीमा रु.१,४०१ अर्ब २१ करोडबराबरको विदेशी मुद्राको सञ्चिति रहेको छ। यसबाट १०.९ महिनाको वस्तु आयात र ९.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

चालु आर्थिक वर्षको आठ महिनामा चालु खातामा उल्लेख्य सुधार देखिएको छ। यो अवधिमा रु.४४ अर्ब ३१ करोडले घाटामा रहेको छ। अघिल्लो वर्ष यस्तो घाटा रु.४६० अर्ब ७२ करोड थियो। अघिल्लो वर्षको आठ महिनामा रु.२५८ अर्ब ६४ करोडले घाटामा रहेको शोधनान्तर स्थिति एक वर्षपछि रु.१४८ अर्ब ११ करोडले बचतमा आइपुगेको छ। यसलाई सुदृढ हुँदै गएको मान्न सकिन्छ।

२०७९ फागुनमा उपभोक्ता मुद्रास्फीति ७.४४ प्रतिशत रहेको छ। चालु आर्थिक वर्षको आठ महिनामा औसत मूल्यवृद्धि भने ७.९३ प्रतिशत रहेको छ। चालु आर्थिक वर्षमा मुद्रास्फीति दर सात प्रतिशतभित्र सीमित राख्ने लक्ष्य लिइएको छ। आशा छ, आर्थिक वर्षको अन्त्यसम्ममा मुद्रास्फीति दर वाञ्छित सीमाभित्रै कायम हुनेछ। बैंक तथा वित्तीय संस्थाबाट प्रवाह गरिएको कर्जाको साँवा-ब्याज भुक्तानी समयमै उठ्न नसकेका कारण निष्क्रिय कर्जाको अनुपात केही बढ्नसक्ने चुनौती देखिएको छ। मुलुकको समष्टिगत अर्थतन्त्र र वित्तीय प्रणालीलाई सुदृढ तुल्याउनेतर्फ आवश्यक नीतिगत व्यवस्थाको अवलम्बन गर्न नेपाल राष्ट्र बैंक सदैव प्रतिबद्ध छ।

बैंकको वार्षिकोत्सवका अवसरमा 'नेपाल राष्ट्र बैंक समाचार'को वार्षिकोत्सव विशेषाङ्क प्रकाशन गर्ने विगतदेखिकै परम्परालाई यस वर्ष पनि निरन्तरता दिइएको छ। प्रस्तुत विशेषाङ्कमा सदाझैँ बैंकको वार्षिकोत्सवका अवसरमा गभर्नरज्यूले दिनुभएको वक्तव्यको पूर्ण पाठसँगै नेपालको आर्थिक, मौद्रिक, वित्तीय, बैंकिङ, वाणिज्य, व्यवस्थापनलगायत विविध विषयमा लेखिएका ४३ वटा लेख समेटिएका छन्। मुलुकको आर्थिक गतिविधिमा चासो राख्ने सबैका निम्ति यो प्रकाशन उपयोगी हुने विश्वास हामीले लिएका छौँ। यस विशेषाङ्कमा प्रकाशित लेखमा व्यक्त भएका विषयवस्तुलाई लेखकको निजी धारणाको रूपमा लिइदिनुहुन सादर अनुरोध छ।

प्रस्तुत विशेषाङ्कमा आफ्ना अमूल्य लेख उपलब्ध गराई सहयोग गरिदिनुहुने प्रबुद्ध लेखकवर्ग, सम्पादन, आवरण डिजाइन, ले-आउट र प्रेससम्बन्धी कार्यमा सहयोग पुऱ्याउनुहुने महानुभाव तथा शुभेच्छुकहरूप्रति कृतज्ञता प्रकट गर्दछौँ। साथै, भविष्यमा पनि यहाँहरूबाट यस्तै सहयोगका अपेक्षा राखेका छौँ। ■

# विषय सूची


- वित्तीय स्थायित्वसहित समष्टिगत आर्थिक स्थिरता कायम गर्न नेपाल राष्ट्र बैंक प्रतिबद्ध
  **गभर्नर श्री महाप्रसाद अधिकारी** I-XXI

**नेपाली खण्ड**

- नेपालको बैकिङ क्षेत्रः विद्यमान अवस्था र आगामी कार्यदिशा
  **डा. प्रकाशकुमार श्रेष्ठ** १
- ऋण र आर्थिक वृद्धिबीचको कमजोर सम्बन्ध
  **टुलराज बस्याल** ७
- मुद्रास्फीति र ब्याजदरबीचको सम्बन्ध
  **रामेश्वरी पन्त** १३
- वित्तीय जानकारी इकाईः के हो ? के होइन ?
  **दीर्घबहादुर रावल** १८
- बैंकिङ क्षेत्रमा सुशासनको मापन तथा कार्यान्वयनका चुनौती
  **राजनविक्रम थापा** २५
- नेपालमा प्रत्यक्ष वैदेशिक लगानीको स्थिति, बाधक तत्व र समाधानका उपाय
  **डा. रेवतबहादुर कार्की** ३१
- नेपालमा सार्वजनिक ऋण परिचालनको अवस्था र चुनौती
  **रमेश अर्याल** ३८
- अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध : उद्देश्य, चुनौती र सम्भावना
  **रामबाबु नेपाल** ४६
- वित्तीय स्रोतको असन्तुलन, तरलता व्यवस्थापन र नीतिगत व्यवस्था
  **डा. गुणराज भट्ट** ५२
- मूल्यवृद्धि तथ्याङ्कको वास्तविकता र उपभोक्ताको फरक अनुभूति
  **सिद्धराज भट्ट** ६०
- आयात-निर्यात व्यापार : कोभिड-१९ पछिको अवस्था
  **सुमनकुमार नेपाल** ६६
- मौद्रिक नीतिमा सहकारीसम्बन्धी व्यवस्था
  **डा. रमेशप्रसाद चौलागाई** ७२
- लघुवित्तका विविध सवाल
  **टीकाराम तिमिल्सिना** ७७
- लघुवित्तमा बहुबैंकिङ : विद्यमान अवस्था र सुधारका उपाय
  **उमा जोशी बोहरा** ८५
- नेपालका सार्वजनिक संस्थान : वर्तमान अवस्था र सुधारका उपाय
  **इन्द्रबहादुर देवकोटा** ९२
- दिगो विकास र वित्तीय क्षेत्रको उत्तरदायित्व
  **बीएन घर्ती** १०१
- एसएमई प्लेटफर्मको प्रस्थान बिन्दु
  **मुराहरि पराजुली** १०८
- नेपालमा वित्तीय बजार आचरण सुपरिवेक्षण
  **धनञ्जय पराजुली** ११४
- वित्तीय अपराध : परिमार्जित स्वरूप र बढ्दो चुनौती
  **द्वैपायन रेग्मी** १२४
- मूल्य अभिवृद्धि करमा बहुदरको सवाल : सबल र दुर्बल पक्ष
  **रामबहादुर के.सी.** १२८
- राजस्व चुहावटका कारण र नियन्त्रणका उपाय
  **दिलिपकुमार श्रीवास्तव** १३४

## अङ्ग्रेजी खण्ड


- Inclusive Growth for Green Economy and Sustainable Development
  **Prof. R.K. Shah, Ph.D.** 143
- Capital Expenditure in Nepal: Issues and Solutions
  **Durgesh G. Shrestha** 153
- Operational Aspects of MFIs in Nepal
  **Janardan Dev Pant** 160
- Cement production in Nepal: Exploring Export Viabilities
  **Pralhad Giri** 168
- Public Investment: Challenges and Opportunities
  **Milan Rai** 175
- Improving Leadership Skills
  **Abantika Rimal** 181
- Operational Risk and Operational Resilience in Banking and Financial Services
  **Mila D. Barahi** 185
- International Commercial Terms (INCOTERMS)
  **Jugal Kishor Kushwaha** 191
- Beneficial Ownership of Legal Entities in Nepal: Past Efforts and Future Direction
  **Abhiyan Upadhyay** 197
- The Nexus of Monetary Policy, Policy Rates and Inflation Targeting: A Case of Nepal
  **Som Raj Nepali** 211
- Financing Domestic Trade Receivables: Improving Cash Flows of Businesses
  **Prabhakar Jha** 229
- Financial Education and Literacy: Priority of SAARC Nations
  **Sirjana Chhetri** 237
- Economic Stability and Government Intervention: A policy Perspective
  **Aditya Pokhrel** 247
- Nepalese Tourism Industry: Building Back Better for Sustainable Future
  **Ranjana Yadav** 255
- Should Nepal Rastra Bank care about Climate Change at all ? A Content Analysis
  **Pradeep Kumar Kafle** 261
- Foreign Exchange Rate System: Context of Nepal
  **Ritu Gupta** 274
- Digital Payments Landscape in Nepal
  **Rohan Byanjankar** 285
- Central Bank Digital Currency (CBDC): Issues & Prospects in Nepal
  **Krishna Kumar Paul** 293
- Twin Deficit: An Intrinsic Inherence of Nepalese Economy
  **Ravi Dhungel** 301
- Red Ocean vs Blue Ocean Strategy
  **Niraj Pandey** 306
- Merger and Acquisitions in Nepalese Financial Sector: A General Review
  **Sarita Adhikari** 311

# वित्तीय स्थायित्वसहित समष्टिगत आर्थिक स्थिरता कायम गर्न नेपाल राष्ट्र बैंक प्रतिबद्ध*



■ गभर्नर श्री महाप्रसाद अधिकारी

१. २०८० साल वैशाख १४ गते नेपाल राष्ट्र बैंक आफ्नो स्थापनाको ६७ वर्ष पूरा गरी ६८ औँ वर्षमा प्रवेश गरेको छ । स्थापनापछि वित्तीय क्षेत्रको विकास र स्थिरताका साथै देशको समग्र आर्थिक विकासमा यस बैंकले अग्रणी भूमिका खेल्दै आएको छ । यस बैंकका पूर्व गभर्नरज्यूहरूलगायत अग्रजहरूलाई स्मरण गर्दै सम्मान व्यक्त गर्दछु । साथै, यस वार्षिकोत्सवको अवसरमा बैंकका उद्देश्य प्राप्तिका लागि आ-आफ्नो तर्फबाट महत्वपूर्ण भूमिका निर्वाह गरिरहनुभएका बैंकका सञ्चालक समितिका पदाधिकारी र सम्पूर्ण कर्मचारीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै, बैंकको कार्यसम्पादनमा महत्वपूर्ण सहयोग पुऱ्याउने नेपाल सरकार, अर्थ मन्त्रालयलगायत अन्य निकाय, बैंक तथा वित्तीय संस्था, अन्तर्राष्ट्रिय वित्तीय संस्था, सञ्चारमाध्यम र शुभेच्छुकहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

२. २०७९ साल समष्टिगत आर्थिक व्यवस्थापनको दृष्टिकोणले चुनौतीपूर्ण रह्यो । कोभिड-१९ को महामारीबाट प्रभावित अर्थतन्त्रलाई पुनरुत्थान गर्ने क्रममा बाह्य क्षेत्रमा सिर्जित दबाबलाई सम्बोधन गर्न यस बैंकबाट विभिन्न नीतिगत प्रयास भए । साथै, यो वर्ष भुक्तानी प्रणालीको सुदृढीकरण र वित्तीय स्थायित्व कायम गर्न पनि बैंक सक्रिय रह्यो । बैंकको कार्यसम्पादनलाई चुस्त, व्यवस्थित, नियमसङ्गत र अद्यावधिक बनाउन विभिन्न विनियमावली र कार्यविधि तर्जुमा र परिमार्जन गरिए । बैंकको वार्षिकोत्सवको अवसरमा देशको वर्तमान समष्टिगत आर्थिक तथा वित्तीय स्थिति र गत वर्ष यस बैंकले अबलम्बन गरेका महत्वपूर्ण नीतिगत व्यवस्था तथा सम्पादन गरेका कार्यहरू प्रस्तुत गर्न चाहन्छु ।

## चुनौतीबीच सुधारोन्मुख अर्थतन्त्र

३. कोभिड-१९ को महामारीपश्चात् विश्व अर्थतन्त्र पुनरुत्थानको क्रममा रहेको बेला २०२२ फेब्रुअरीमा सुरु भएको रसिया-युक्रेन युद्धले गर्दा विश्वव्यापी रूपमा आपूर्तिजन्य व्यवधान, पेट्रोलियम पदार्थलगायत खाद्यान्न र निर्माणजन्य सामग्रीको मूल्य बढ्न गयो । मूल्यवृद्धिलाई नियन्त्रण गर्न संयुक्त राज्य अमेरिकाले मौद्रिक नीतिमा गरेको कडाइका कारण नेपाली रुपैयाँ अमेरिकी डलरसँग अवमूल्यन हुन गयो । छिमेकी देश भारतले पनि बढ्दो मूल्यवृद्धि र पुँजी बर्हिगमनलाई रोक्न मौद्रिक नीतिलाई कडाइ गर्दै लग्यो ।

४. कोभिड-१९ पछि पुनरुत्थानको क्रममा रहेको नेपाली अर्थतन्त्र पनि प्रतिकूल विश्व अर्थतन्त्रबाट प्रभावित हुन पुग्यो । एकातर्फ मूल्यवृद्धि हुन थाल्यो भने अर्कोतर्फ उच्च आयात र कमजोर विप्रेषण आप्रवाहका कारण आर्थिक वर्ष २०७८/७९ को अवधिमा नेपालको शोधनान्तर घाटा उल्लेख्य मात्रामा बढेर विदेशी

* नेपाल राष्ट्र बैंकको ६८औँ वार्षिकोत्सवको उपलक्ष्यमा गभर्नर श्री महाप्रसाद अधिकारीले प्रस्तुत गर्नुभएको वक्तव्यको पूर्ण विवरण ।

विनिमय सञ्चिति तीव्र दरमा घट्न गयो । विदेशी विनिमय सञ्चितिमा आएको कमीसँगै बैंकिङ प्रणालीमा तरलता कम भई ब्याजदरहरू बढ्न गए । बाह्य क्षेत्रमा देखापरेको उच्च दबाबलाई कम गर्न नेपाल सरकारले दस वटा विलासिताका वस्तुको आयातमा प्रतिबन्ध लगायो भने चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत नीतिगत दर बढाइयो । कोभिड-१९ महामारीको बेला दिइएका नियामकीय सुविधाहरू क्रमशः हटाइयो भने पुनरकर्जा सुविधालाई अर्थतन्त्रका अति प्रभावित क्षेत्रमा मात्र सीमित गर्दै लगियो ।

५. नेपाल सरकार र यस बैंकले लिएका नीतिगत व्यवस्था र प्रयासले गर्दा चौध महिनापछि २०७९ असोजबाट शोधनान्तर बचत रहन गई विदेशी मुद्राको सञ्चितिमा सुधार हुन थाल्यो । शोधनान्तर स्थितिमा आएको सुधारसँगै नेपाल सरकारले केही वस्तुको आयातमा लगाएको प्रतिबन्ध हटाएको छ भने यस बैंकले पनि केही वस्तुको आयातको लागि प्रतीतपत्र खोल्दा नगद मार्जिन राख्नुपर्ने व्यवस्थालाई हटाएको छ ।

६. शोधनान्तर स्थिति र विदेशी विनिमय सञ्चितिमा पछिल्ला महिनामा आएको निरन्तर सुधारका कारण बैंकिङ प्रणालीको तरलता स्थितिमा पनि सुधार आएको छ भने ब्याजदरमा परेको दबाब कम हुन थालेको छ । तरलता व्यवस्थापनलाई सुदृढ गर्दै ओभरनाइट तरलता सुविधा नीतिगत दरमा उपलब्ध गराउने व्यवस्था गरेपश्चात् अन्तरबैंकदर ८.५ प्रतिशतबाट घटेर सात प्रतिशतमा आएको छ । बैंक तथा वित्तीय संस्थाले पनि निक्षेप र कर्जाको ब्याजदर घटाउन थालेका छन् ।

७. मौसमको अनुकूलता र रासायनिक मललगायत कृषि सामग्रीको उपलब्धताका कारण कृषि उत्पादनको वृद्धिदर सन्तोषजनक रहने देखिएको छ । ब्याजदरमा देखिएको वृद्धिको फलस्वरूप कर्जाको मागमा समेत कमी आएको तथा सरकारको पुँजीगत खर्च अपेक्षित रूपमा हुन नसक्नाले समष्टिगत माग कमजोर रही आर्थिक गतिविधिमा भने केही शिथिलता आएको छ । तथापि, करिब चार सय मेगावाटको थप जलविद्युत्को उत्पादन र पर्यटन क्षेत्रमा आएको सुधारका कारण चालु वर्षमा आर्थिक वृद्धिदर औसत स्तरमा रहने देखिन्छ । त्यस्तै, पछिल्ला महिनामा मूल्यवृद्धि पनि घट्दो क्रममा छ ।

८. आयातमा कमी आउँदा चालु आर्थिक वर्षमा सरकारको राजस्व सङ्कलन गत वर्षभन्दा घटेको छ । कमजोर राजस्व परिचालन र बढ्दो सरकारी खर्चले गर्दा सरकारी वित्त व्यवस्थापन चुनौतीपूर्ण बनेको छ । आयात नियन्त्रणका लागि अवलम्बन गरिएका नीतिगत व्यवस्था हटाइएको र आयात बढ्ने क्रममा रहेकोले आगामी महिनामा राजस्व परिचालनमा सुधार हुने अपेक्षा राखिएको छ । तापनि अनावश्यक खर्च कटौती, राजस्व चुहावट नियन्त्रण, राजस्वको दायरा फराकिलो पार्दै र वैदेशिक सहयोग परिचालन बढाउँदै जानुपर्ने देखिन्छ ।

९. आर्थिक गतिविधिमा आएको केही शिथिलताले गर्दा बैंकिङ प्रणालीको कर्जा असुलीमा पनि केही दबाब परेको अवस्था छ । तापनि, २०७९ फागुन मसान्तसम्म बैंक तथा वित्तीय संस्थाको कुल निष्क्रिय कर्जाको अनुपात कुल कर्जाको २.६ प्रतिशत रहेको, खुद तरल सम्पति कुल निक्षेपको २४.३ प्रतिशत रहेको र जोखिम भारित सम्पतिको १२.९ प्रतिशत कुल पुँजीकोष अनुपात रहेकोले नेपालका बैंक तथा वित्तीय संस्थाको वित्तीय स्थिति सुदृढ अवस्थामा छ ।

## कानुनी तथा कार्यविधि तर्जुमा र सुधार

१०. विद्यमान बैंकिङ कानुनहरूलाई समसामयिक परिमार्जन गर्ने प्रयास भएको छ भने केही नयाँ कानुनहरू मस्यौदा गरिएको छ । नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ र विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ संशोधनको मस्यौदा तयारी भइरहेको छ । विनिमय अधिकारपत्र ऐन, २०३४, बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ तथा वित्तीय सम्पत्ति पुनर्संरचना तथा धितोपत्रीकरण (सेक्युरिटाइजेसन) सम्बन्धी कानुन मस्यौदा तयार भएको छ । नयाँ कानुनमा लिज फाइनान्ससम्बन्धी

कानुन, वित्तीय ग्राहक संरक्षणसम्बन्धी कानुन, सम्पत्ति व्यवस्थापनसम्बन्धी कानुनको अन्तिम मस्यौदा तयार हुने क्रममा रहेको छ ।

११. बैंकका आन्तरिक सञ्चालनको लागि विद्यमान विनियमावलीमा आवश्यक संशोधन र केही नयाँ विनियमावलीको तर्जुमा गरिएको छ । नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ मा पाँचौँ संशोधन गरिएको छ। नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ (प्रथम संशोधन २०७९) जारी गरिएको छ। नेपाल राष्ट्र बैंक विप्रेषण कारोबार निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७९ र नेपाल राष्ट्र बैंक विप्रेषण कारोबार निरीक्षण तथा सुपरिवेक्षण कार्यविधि, २०७९ कार्यान्वयनमा ल्याइएको छ।

१२. दैनिक तरलता सुविधा (Intraday Liquidity Facility-ILF) उपलब्ध गराउनको लागि दैनिक तरलता सुविधासम्बन्धी कार्यविधि, २०७६ मा पहिलो र दोस्रो संशोधन गरी नीतिगत दरमा बैंक तथा वित्तीय संस्थाले च्त्न्क को लागि ओभरनाइट तरलता सुविधा लिनसक्ने व्यवस्था गरिएको छ।

१३. शोधनान्तर तथ्याङ्क अन्तर्राष्ट्रिय मुद्रा कोषको छैटौं संस्करण (BPM6) अनुसार सङ्कलन गर्ने उद्देश्यले International Transaction Reporting System (ITRS) Guidelines, 2022 पनि जारी गरिएको छ।

## समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

### विश्व अर्थतन्त्र

१४. विश्वको आर्थिक वृद्धिदर कमजोर रहने देखिएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२२ मा ३.४ प्रतिशतले वृद्धि भएको विश्व अर्थतन्त्र सन् २०२३ मा २.८ प्रतिशतले विस्तार हुने प्रक्षेपण गरेको छ। विकसित देशहरूको अर्थतन्त्र सन् २०२२ मा २.७ प्रतिशतले वृद्धि भएकोमा सन् २०२३ मा १.३ प्रतिशतले वृद्धि हुने कोषको प्रक्षेपण छ । यसै गरी, २०२२ मा चार प्रतिशतले वृद्धि भएको उदीयमान तथा विकासोन्मुख देशहरूको अर्थतन्त्र सन् २०२३ मा ३.९ प्रतिशतले वृद्धि हुने कोषको प्रक्षेपण छ । छिमेकी मुलुकहरू भारतको अर्थतन्त्र सन् २०२३ मा ५.९ प्रतिशत र चीनको अर्थतन्त्र ५.२ प्रतिशतले वृद्धि हुने कोषको प्रक्षेपण छ।

१५. सन् २०२३ मा मूल्यवृद्धिमा केही सुधार हुने प्रक्षेपण रहेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२२ मा विश्वको मुद्रास्फीति ८.७ प्रतिशत रहेकोमा सन् २०२३ मा ७.० प्रतिशत रहने प्रक्षेपण छ। विकसित अर्थतन्त्रको औसत मुद्रास्फीति ७.३ प्रतिशत रहेकोमा सन् २०२३ मा ४.७ प्रतिशत रहने प्रक्षेपण छ । यसै गरी, सन् २०२२ मा ९.८ प्रतिशत रहेको उदीयमान तथा विकासोन्मुख अर्थतन्त्रको औसत मुद्रास्फीति सन् २०२३ मा ८.६ प्रतिशत रहने कोषको प्रक्षेपण छ । कोषका अनुसार सन् २०२३ मा छिमेकी मुलुकहरू भारत र चीनको मुद्रास्फीति क्रमशः ४.९ प्रतिशत र २.० प्रतिशत रहने प्रक्षेपण छ।

## आन्तरिक आर्थिक तथा वित्तीय स्थिति

### वास्तविक क्षेत्र

१६. कोभिड-१९ महामारीको असर कम भएसँगै आर्थिक गतिविधिमा भएको विस्तार, आर्थिक वर्ष २०७९/८० मा समयमै रोपाईं भएको तथा बिउबिजन र रासायनिक मलको उपलब्धतामा सुधारका कारण कृषि क्षेत्रमा भएको वृद्धि तथा वैदेशिक रोजगारीमा जानेको सङ्ख्या वृद्धि भएसँगै विप्रेषण आप्रवाहमा भएको सुधारले बाह्य क्षेत्रमा परेको चाप कम हुँदै गई समग्र अर्थतन्त्रमा सुधार हुने अपेक्षा गरिएको छ। यसै गरी, विदेशी पर्यटकको आगमन सङ्ख्यामा सुधार भएसँगै पर्यटन क्षेत्रको पुनरुत्थानमा पनि सहयोग पुगेको छ।

१७. नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा धानबाली लगाइएको क्षेत्रफल दुई प्रतिशतले घटे पनि धानबाली उत्पादन ६.९ प्रतिशतले वृद्धि हुने अनुमान छ। यसै गरी, मुख्य अन्न उत्पादन भने ३.८ प्रतिशतले वृद्धि हुने अनुमान गरिएको छ।

१८. राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार चालु आर्थिक वर्षको पहिलो त्रयमासको आर्थिक वृद्धिदर ०.८ प्रतिशत मात्र रहेको छ। खासगरी निर्माण र खानीजन्य उत्खनन क्षेत्रको उत्पादनमा उल्लेख्य ह्रास आएको छ भने विद्युत्, ग्यास र पानी, र आवास तथा भोजन सेवाको उत्पादन उल्लेख्य रूपमा बढेको छ। समग्रमा चालु आर्थिक वर्षको आर्थिक वृद्धिदर चार प्रतिशतको हाराहारीमा रहन सक्ने भनेर विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाको अनुमान छ।

**मूल्य स्थिति**

१९. २०७९ फागुन महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ७.४४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ७.१४ प्रतिशत थियो । समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ५.६४ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ८.८७ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० को आठ महिनासम्ममा औसत उपभोक्ता मुद्रास्फीति ७.९३ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ५.५३ प्रतिशत थियो।

२०. २०७९ फागुन महिनामा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति ७.१० प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति १३.१३ प्रतिशत थियो। समीक्षा अवधिमा थोक मूल्यअन्तर्गत प्राथमिक वस्तु, उत्पादित वस्तु र निर्माण सामग्रीको मूल्य सूचकाङ्क क्रमशः १.८१ प्रतिशत, ७.३३ प्रतिशत र ६.५८ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो मूल्य सूचकाङ्क क्रमशः १३.६६ प्रतिशत, १२.०२ प्रतिशत र २४.२४ प्रतिशतले वृद्धि भएको थियो।

२१. २०७९ फागुन महिनामा वार्षिक बिन्दुगत तलब तथा ज्यालादर सूचकाङ्क ८.५६ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही महिनामा यस्तो सूचकाङ्क ७.२६ प्रतिशतले बढेको थियो । समीक्षा महिनामा तलब सूचकाङ्क १२.३९ प्रतिशत र ज्यालादर सूचकाङ्क ७.४५ प्रतिशतले वृद्धि भएको छ।

**सरकारी वित्त स्थिति**

२२. महालेखा नियन्त्रक कार्यालयका अनुसार २०७९ चैत मसान्तसम्ममा चालु खर्च रु.७०६ अर्ब ७७ करोड, पुँजीगत खर्च रु.१०७ अर्ब २४ करोड र वित्तीय व्यवस्थाअन्तर्गतको खर्च रु.१२९ अर्ब चार करोड गरी कुल सरकारी खर्च रु.९४३ अर्ब पाँच करोड (विनियोजित बजेटको ५२.६ प्रतिशत) पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा नेपाल सरकारको चालु खर्च रु.६२५ अर्ब ५० करोड, पुँजीगत खर्च रु.१०३ अर्ब ७९ करोड र वित्तीय व्यवस्थाअन्तर्गतको खर्च रु.६४ अर्ब ९७ करोड गरी कुल सरकारी खर्च रु.७९४ अर्ब २६ करोड (विनियोजित बजेटको ४८.६ प्रतिशत) रहेको थियो।

२३. २०७९ चैत मसान्तसम्ममा संघीय सरकारको कर राजस्व रु.६१६ अर्ब १२ करोड र गैरकर राजस्व रु.६७ अर्ब ६९ करोड गरी कुल राजस्व सङ्कलन १३.४ प्रतिशतले ह्रास आई रु.६८३ अर्ब ८१ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा सरकारको कर राजस्व रु.७२७ अर्ब ७९ करोड र गैरकर राजस्व रु.६१ अर्ब ४७ करोड गरी कुल राजस्व सङ्कलन रु.७८९ अर्ब २६ करोड रहेको थियो।

२४. २०७९ चैत मसान्तसम्ममा संघीय सरकारले रु.११२ अर्ब २० करोड आन्तरिक ऋण परिचालन गरेको छ। अघिल्लो वर्षको सोही अवधिसम्ममा संघीय सरकारले रु.१०५ अर्ब ४७ करोड आन्तरिक ऋण परिचालन गरेको थियो।

## वैदेशिक व्यापार तथा शोधनान्तर स्थिति

२५. चालु आर्थिक वर्ष निर्यात-आयात दुवैमा कमी आएको छ। आर्थिक वर्ष २०७९/८० को फागुनसम्म कुल वस्तु निर्यात २९.१ प्रतिशतले कमी आई रु. १०४ अर्ब ८० करोड कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ८२.९ प्रतिशतले वृद्धि भएको थियो। आर्थिक वर्ष २०७९/८० को फागुन महिनामा कुल वस्तु आयात १९.१ प्रतिशतले कमी आई रु.१,०५८ अर्ब ३९ करोड कायम भएको छ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ३८.६ प्रतिशतले बढेको थियो ।

२६. आर्थिक वर्ष २०७९/८० को फागुन महिनामा कुल वस्तु व्यापार घाटा १७.९ प्रतिशतले कमी आई रु.९५३ अर्ब ५९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा ३४.५ प्रतिशतले बढेको थियो।

२७. आर्थिक वर्ष २०७९/८० को पहिलो आठ महिनाको अवधिमा चालु खाता घाटामा सुधार भएको छ भने शोधनान्तर स्थिति बचतमा गएको छ । आर्थिक वर्ष २०७९/८० को फागुन महिनासम्म चालु खाता रु.४४ अर्ब ३१ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु.४६० अर्ब ७२ करोडले घाटामा रहेको थियो । यसै गरी, सोही अवधिमा शोधनान्तर स्थिति रु.१४८ अर्ब ११ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु.२५८ अर्ब ६४ करोडले घाटामा रहेको थियो ।

२८. आर्थिक वर्ष २०७९/८० को फागुन महिनासम्म विप्रेषण आप्रवाह २५.३ प्रतिशतले वृद्धि भई रु.७९४ अर्ब ३२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १.३ प्रतिशतले घटेको थियो । सो अवधिमा खुद ट्रान्सफर २३.९ प्रतिशतले वृद्धि भई रु.८७६ अर्ब सात करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर १.६ प्रतिशतले घटेको थियो ।

२९. २०७९ असार मसान्तमा रु.१,२१५ अर्ब ८० करोडबराबर रहेको कुल विदेशी विनिमय सञ्चिति १५.२ प्रतिशतले वृद्धि भई २०७९ फागुन मसान्तमा रु.१,४०१ अर्ब २१ करोड पुगेको छ। बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १०.९ महिनाको वस्तु आयात र ९.४ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

## मौद्रिक स्थिति तथा तरलता व्यवस्थापन

३०. आर्थिक वर्ष २०७९/८० को आठ महिनामा विस्तृत मुद्राप्रदाय ५.३ प्रतिशत र सञ्चित मुद्रा ०.८ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा विस्तृत मुद्राप्रदाय ३.१ प्रतिशतले बढेको थियो भने सञ्चित मुद्रा १४.४ प्रतिशतले घटेको थियो ।

३१. वार्षिक बिन्दुगत आधारमा २०७९ फागुन मसान्तमा कुल आन्तरिक कर्जा ८.१ प्रतिशतले बढेको छ भने निजी क्षेत्रमाथिको दावी ४.० प्रतिशतले बढेको छ । बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन १०.५ प्रतिशतले वृद्धि भई २०७९ फागुन मसान्तमा रु.५,३६३ अर्ब ३४ करोड पुगेको छ।

३२. बैंकले विभिन्न मौद्रिक उपकरणको प्रयोग गरी बैंकिङ प्रणालीको तरलता व्यवस्थापन गर्दै आएको छ । यस क्रममा आर्थिक वर्ष २०७९/८० को आठ महिनासम्ममा रिपोमार्फत रु.३७७ अर्ब २७ करोड, सोझै खरिदमार्फत रु.८३ अर्ब ८५ करोड, स्थायी तरलता सुविधामार्फत रु.२,७२० अर्ब ४९ करोड र ओभरनाइट तरलता सुविधामार्फत रु.५१५ अर्ब ६७ करोड गरी कुल रु.३,६९७ अर्ब २८ करोडबराबरको तरलता प्रवाह गरिएको छ भने रिभर्स रिपोमार्फत रु.पाँच अर्ब तरलता प्रशोचन गरिएको छ।

३३. २०७९ पुसदेखि दैनिक तरलता सुविधालाई आवश्यकता पर्दा ओभरनाइट तरलता सुविधामा परिणत गर्न सकिने व्यवस्था गरिएको छ। यो व्यवस्थासँगै बैंक तथा वित्तीय संस्थालाई अघिल्लो हप्ताको अन्त्यमा कायम रहेको स्वदेशी मुद्रामा रहेको निक्षेपको एक प्रतिशतसम्म बढीमा पाँच दिन अवधिको स्थायी तरलता सुविधा उपलब्ध हुने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ।

३४. समीक्षा अवधिमा विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर तीन अर्ब ७० करोड खुद खरिद गरी रु.४८२ अर्ब ५३ करोड तरलता प्रवाह गरिएको छ । यसै गरी, अमेरिकी डलर तीन अर्ब ८ करोड बिक्री गरी रु.४०१ अर्ब ६२ करोडबराबरको भारतीय रुपैयाँ खरिद गरिएको छ।

३५. आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्ममा विभिन्न वित्तीय उपकरणमार्फत रु.८५ अर्बबराबरको

आन्तरिक ऋण निष्कासन गरिएको छ। २०७९ फागुन मसान्तसम्म नेपाल सरकारको कुल आन्तरिक ऋण दायित्व रु.१० खर्ब ६ अर्ब १७ करोड ६४ लाख रहेको छ । जसमध्ये ट्रेजरी बिलमा रु.तीन खर्ब ६३ अर्ब ६७ करोड ५६ लाख, विकास ऋणपत्रमा रु.छ खर्ब ३३ अर्ब ४४ करोड ७० लाख, नागरिक बचतपत्रमा रु.आठ अर्ब ९० करोड ८ लाख र वैदेशिक रोजगार बचतपत्रमा रु.१५ करोड ३० लाख रहेको छ। आर्थिक वर्ष २०७९/८० मा नेपाल सरकारले रु.६३ अर्ब १० करोड ८९ लाखबराबरको आन्तरिक ऋण भुक्तानी गरेको छ।

**ब्याजदर**

३६. २०७८ फागुनमा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर ६.८२ प्रतिशत रहेकोमा २०७९ फागुनमा ९.३३ प्रतिशत रहेको छ। यसै गरी, वाणिज्य बैंकहरूबीचको अन्तरबैंक कारोबारको भारित औसत ब्याजदर २०७८ फागुनमा ६.५६ प्रतिशत रहेको तुलनामा २०७९ फागुनमा ७.१८ प्रतिशत कायम भएको छ । वाणिज्य बैंकबाहेकका वित्तीय संस्थाबीचको अन्तरबैंक कारोबारको भारित औसत ब्याजदर २०७८ फागुनमा ६.५६ प्रतिशत रहेको तुलनामा २०७९ फागुनमा ७.२१ प्रतिशत कायम भएको छ। बैंक तथा वित्तीय संस्थाको भारित औसत अन्तरबैंक दर २०७८ फागुनमा ६.५६ प्रतिशत रहेकोमा २०७९ फागुनमा ७.१८ प्रतिशत रहेको छ।

३७. २०७९ फागुनमा वाणिज्य बैंकहरूको कर्जाको भारित औसत ब्याजदर १३.०३ प्रतिशत र निक्षेपको भारित औसत ब्याजदर ८.३७ प्रतिशत रहेको छ । यसै गरी, २०७९ फागुनमा वाणिज्य बैंकहरूको औसत आधारदर १०.६४ प्रतिशत कायम भएको छ। गत वर्षको तुलनामा ब्याजदर बढेको भए पनि मासिक रूपमा हेर्दा २०७९ माघदेखि भारित औसत निक्षेपको ब्याजदर र भारित औसत आधार दरमा कमी आउन थालेको छ।

**पुँजी बजार**

३८. २०७८ चैत मसान्तमा २,४१५.२४ रहेको नेप्से सूचकाङ्क वार्षिक बिन्दुगत आधारमा १९.९१ प्रतिशतले घटेर २०७९ चैत मसान्तमा १,९३४.४८ कायम भएको छ । साथै, २०७८ चैत मसान्तमा रु.३,४२६ अर्ब ११ करोड रहेको धितोपत्र बजार पुँजीकरण वार्षिक बिन्दुगत आधारमा १७.८८ प्रतिशतले घटी २०७९ चैत मसान्तमा रु.२,८१३ अर्ब ५५ करोड कायम भएको छ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकृत कम्पनीको सङ्ख्या २०७९ फागुन मसान्तमा २४५ रहेको छ। २०७८ फागुन मसान्तमा सूचीकृत कम्पनीको सङ्ख्या २२८ रहेको थियो।

## मर्जर तथा प्राप्ति र वित्तीय पहुँच अभिवृद्धि

३९. यस वर्ष बैंक तथा वित्तीय संस्थाको मर्जर तथा प्राप्तिमा उल्लेख्य प्रगति भएको छ। विगत एक वर्षको अवधिमा वाणिज्य बैंकहरू मर्जर तथा प्राप्तिमा संलग्न भई वाणिज्य बैंकको सङ्ख्या २७ बाट २१ मा झरेको छ। यस बैंकले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्तिसम्बन्धी प्रक्रिया सुरु गराएपश्चात् २०७९ फागुन मसान्तसम्म कुल २५७ बैंक तथा वित्तीय संस्थाहरू मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये १८४ संस्थाको इजाजत खारेज हुन गई ७३ संस्था कायम भएका छन् ।

४०. विगत एक वर्षमा वित्तीय पहुँच उल्लेख्य विस्तार भएको छ। २०७९ फागुन मसान्तसम्म २१ वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ६४ लघुवित्त वित्तीय संस्था र एक वटा पूर्वाधार विकास बैंक गरी बैंक तथा वित्तीय संस्थाको कुल सङ्ख्या १२० रहेको छ। २०७९ फागुन मसान्तसम्ममा वाणिज्य बैंकका ५०४९, विकास बैंकका ११३०, वित्त कम्पनीका २८२ र लघुवित्त वित्तीय संस्थाका ५,१६८ गरी बैंक तथा वित्तीय संस्थाको कुल शाखा सङ्ख्या ११,६२९ पुगेको छ । यसबाट प्रतिबैंक तथा वित्तीय संस्थाको शाखाबाट औसतमा करिब २,५१० जनसङ्ख्यालाई सेवा प्राप्त गर्नसक्ने देखिन्छ।

४१. २०७९ फागुन मसान्तसम्ममा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीमा कुल निक्षेप खाता सङ्ख्या चार करोड ९२ लाख पाँच हजार र कर्जा खाता सङ्ख्या १८ लाख ५५ हजार रहेको छ।

४२. २०७९ फागुन मसान्तसम्ममा ७५३ स्थानीय तहमध्ये ७५२ स्थानीय तहमा वाणिज्य बैंकहरूको उपस्थिति रहेको छ । बझाङ जिल्लाको साइपाल गाउँपालिकामा यस्तो शाखा खुल्न बाँकी रहेकोमा उक्त स्थानीय तहमा पनि शाखा स्थापनासम्बन्धी स्थानीय समस्याको निराकरण भई वाणिज्य बैंकको शाखा स्थापना हुने क्रममा रहेको छ ।

## सहुलियतपूर्ण कर्जा, व्यवसाय निरन्तरता कर्जा र पुनरकर्जा

४३. 'सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५' बमोजिम २०७९ फागुन मसान्तसम्ममा एक लाख ४८ हजार ४ सय ५४ ऋणीलाई कर्जा प्रवाह गरी सोको लागि हालसम्म रु.२२ अर्ब ३९ करोड ब्याज अनुदान प्रदान गरिएको छ । २०७९ फागुन मसान्तसम्ममा रु.२०८ अर्ब ९६ करोड सहुलियतपूर्ण कर्जा लगानीमा रहेको छ ।

४४. 'व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७' बमोजिम कोभिड-१९ प्रभावित पर्यटन र घरेलु, साना तथा मझौला उद्यम क्षेत्रको व्यवसाय निरन्तरतामा सहयोग पुऱ्याउन ती क्षेत्रका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानीका लागि प्रवाह भएको कर्जा २०७९ फागुन मसान्तमा रु.८० करोड पाँच लाख लगानीमा रहेको छ ।

४५. शीतघर तथा खाद्यान्न भण्डारण घर स्थापना कार्यक्रमका लागि ब्याज अनुदान मापदण्ड, २०७३ मा भएको व्यवस्थाबमोजिम हालसम्म विभिन्न १३ वटा शीतघर तथा खाद्यान्न भण्डारण घरलाई रु.३९ करोड २३ लाख ब्याज अनुदान प्रदान गरिएको छ ।

४६. पुनरकर्जा सुविधाअन्तर्गत २०७९ फागुन मसान्तसम्ममा 'क' वर्गका १६ वटा वाणिज्य बैंक, 'ख' वर्गका दुई वटा विकास बैंक, 'ग' वर्गका एक वटा वित्त कम्पनी र 'घ' वर्गका १९ वटा लघुवित्त वित्तीय संस्थालाई असल कर्जाको धितोमा प्रदान गरिएको लघु, घरेलु तथा साना उद्यम पुनरकर्जा, विशेष र साधारण पुनरकर्जा गरी कुल रु.सात अर्ब १२ करोड बराबरको पुनरकर्जा बाँकी रहेको छ ।

## नियामकीय व्यवस्था

४७. इजाजतपत्रप्राप्त संस्थाले विद्यमान व्यवस्थाबाट आवश्यक तरलता व्यवस्थापन गर्न नसकी प्रणालीगत जोखिम सिर्जना हुने र बैंकिङ प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयतामा कमी आउनसक्ने जोखिम देखिएमा अन्तिम ऋणदाताको रूपमा नेपाल राष्ट्र बैंकले आवश्यक ऋण प्रदान गरी वित्तीय स्थायित्व कायम गर्ने उद्देश्यले अन्तिम ऋणदाता सुविधासम्बन्धी विनियमावली, २०७९ जारी गरिएको छ ।

४८. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाबाट प्रदान हुने चालु पुँजी प्रकृतिका कर्जाको औचित्य, प्रभावकारिता तथा सदुपयोगिता सुनिश्चित होस् भन्ने उद्देश्यले चालु पुँजी कर्जा सम्बन्धी मार्गदर्शन, २०७९ (प्रथम संशोधनसहित) जारी गरिएको छ । यस कार्यविधिले बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने चालु पुँजी कर्जाको सदुपयोगिता सुनिश्चित हुनका साथै कर्जा जोखिम व्यवस्थापन प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

४९. नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७ मा पाँचौं संशोधन गरी बैंकबाट प्रदान हुने पुनरकर्जा सुविधालाई विशेष अवस्थामा तोकिएका क्षेत्रमा सीमित गर्ने व्यवस्था गरिएको छ ।

५०. इजाजतपत्रप्राप्त संस्थाका प्रवर्द्धनात्मक गतिविधि Financial Literacy Framework, 2020 अनुरूप नियमित र व्यवस्थित बनाउने उद्देश्यले वित्तीय साक्षरता मार्गदर्शन, २०७९ जारी गरिएको छ ।

५१. AML/CFT सम्बन्धी जोखिम मूल्याङ्कनलाई सहज बनाउने उद्देश्यले ML/TF Risk Assessment Guidelinesfor Bank and Financial Institution, 2022 जारी गरिएको छ ।

५२. विदेशी बैंकको शाखा खोल्ने प्रावधानका लागि Foreign Bank Branch Licencing Policy, 2022 जारी गरिएको छ ।

५३. कोभिड-१९ महामारीका कारण आर्थिक वर्ष

२०७६/७७ देखि स्थगन गरिएको Countercyclical Capital Buffer सम्बन्धी व्यवस्थालाई पुनः लागू गरी वाणिज्य बैंकले आर्थिक वर्ष २०८०/८१ देखि Capital Adequacy Framework, 2015 मा भएको व्यवस्थाबमोजिम कायम गर्नुपर्ने व्यवस्था गरिएको छ।

५४. बैंक तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने अनिवार्य नगद अनुपातलाई चार प्रतिशत तथा वैधानिक तरलता अनुपातलाई संशोधन गरी वाणिज्य बैंकको हकमा १२ प्रतिशत तथा विकास बैंक र वित्त कम्पनीको हकमा १० प्रतिशत कायम गर्नुपर्ने व्यवस्था गरिएको छ।

५५. सेयर धितो राखी प्रवाह हुने मार्जिन कर्जाको एकल ग्राहक सीमालाई संशोधन गरी एउटा वा सबै इजाजतपत्रप्राप्त वित्तीय संस्थाबाट अधिकतम रु.१२ करोडसम्म लिनसक्ने व्यवस्था गरिएको छ।

५६. रु.तीन लाखसम्मको Credit Card कर्जा र संक्षिप्त प्रक्रिया पूरा गरी विद्युतीय माध्यमबाट स्वीकृत हुने रु. पाँच लाखसम्मको कर्जामा कर्जा सूचना लिन अनिवार्य नहुने व्यवस्था गरिएको छ।

५७. कर्जा पुनर्संरचना र पुनरतालिकीकरणसम्बन्धी व्यवस्थामा परिमार्जन गरी थप व्यवस्थित बनाइएको छ। पुनर्संरचना र पुनर्तालिकीकरण गर्ने समयमा सक्रिय वर्गमा वर्गीकरण भइरहेका कर्जालाई समान किस्तामा भुक्तानी हुनेगरी बढीमा एक वर्षसम्म ग्रेस अवधि राखी पहिलो पटक पुनर्संरचना र/वा पुनर्तालिकीकरण गरिएमा १२.५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने व्यवस्था गरिएको छ । अन्य अवस्थामा पुनर्संरचना र/वा पुनरतालिकीकरण गरिएमा न्यूनतम २५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने प्रावधान राखिएको छ।

५८. ब्याज पुँजीकरणसम्बन्धी व्यवस्थामा परिमार्जन गरी आवश्यकता र औचित्यका आधारमा बैंक तथा वित्तीय संस्थाले ब्याज पुँजीकरण गर्नसक्ने व्यवस्था गरिएको छ।

५९. Private Equity Venture Capital (PEVC) मार्फत लगानी गरेको साना तथा मझौला उद्योग कालो सूचीमा परेका कारणले मात्र (PEVC) सञ्चालन गर्ने संस्थालाई कालो सूचीमा समावेश गर्नुनपर्ने व्यवस्था गरिएको छ।

६०. छ महिनाभन्दा कम समयावधिको संस्थागत मुद्दती निक्षेप स्वीकार गर्न नपाइनुका साथै, यस्तो मुद्दती निक्षेप छ महिना व्यतित हुनु अगावै भुक्तानी/फिर्ता (Pre mature) गर्न नपाइने व्यवस्था गरिएको छ।

६१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृतिप्राप्त गरी वैदेशिक रोजगारीमा जाने वा हाल वैदेशिक रोजगारमा रहेका नेपालीको बैंक खाता खोल्ने प्रयोजनका लागि सरलीकृत ग्राहक पहिचानको प्रक्रिया अवलम्बन गरी विप्रेषण (रेमिट्यान्स) बचत खाता खोल्न सकिने व्यवस्था गरिएको छ । उक्त खातामा बैंक तथा वित्तीय संस्थाले आफ्नो तर्फबाट रु.१०० (अक्षरेपी एक सय मात्र) जम्मा गर्नसक्ने व्यवस्था गरी संस्थागत सामाजिक उत्तरदायित्व कोषमा जम्मा भएको रकमबाट त्यस्तो खर्च व्यहोर्न सकिने व्यवस्था गरिएको छ।

६२. वैदेशिक रोजगारीमा रहेका नेपालीको बैंकिङ प्रणालीबाट प्राप्त हुने विप्रेषण रकम बैंक तथा वित्तीय संस्थामा खोलिएको वा खोलिने विप्रेषण बचत खातामा निक्षेप राखेमा, सो खाताबाट रकमान्तर गरी खोलिएको मुद्दती खातामा तथा वैदेशिक रोजगारीमा रहेका नेपालीले परिवारको नाममा पठाएको विप्रेषण रकम निजको परिवारले बचत/मुद्दती निक्षेप खातामा राखेमा न्यूनतम एक प्रतिशत बिन्दु थप गरी ब्याजदर प्रदान गर्नुपर्ने व्यवस्था गरिएको छ।

६३. वाणिज्य बैंकले सम्बन्धित निकायबाट स्वीकृति लिई कृषि ऋणपत्र (Agricultural Bond) जारी गर्न सक्ने व्यवस्था गरिएको छ । कृषि तथा ऊर्जा ऋणपत्रबाट सङ्कलित रकम ऋणपत्र जारी भएको मितिले तीन वर्षभित्र सम्बन्धित क्षेत्रमा कर्जा प्रवाह गरिसक्नुपर्ने व्यवस्था गरिएको छ।

६४. बैंक तथा वित्तीय संस्थाले आफ्नो कर्मचारीलाई

कार्यक्षेत्रसँग सम्बन्धित तालिम प्रदान गर्दा प्रत्येक दुई वर्षमा कम्तीमा एक पटक र ट्रेड फाइनान्स तथा कर्जासम्बन्धी कार्य गर्ने कर्मचारीलाई विशिष्टीकृत तालिम प्रत्येक वर्ष प्रदान गर्नुपर्ने व्यवस्था गरिएको छ । बैंक तथा वित्तीय संस्थाले बैंकिङ क्षेत्रमा दक्ष जनशक्तिको विकास गर्नका लागि नयाँ भर्ना भएका कर्मचारीलाई बैंक प्रवेश गरेको एक महिनाभित्र कम्तीमा दुई साताको अभिमुखीकरण तालिम प्रदान गर्नुपर्ने व्यवस्थासमेत गरिएको छ ।

६५. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले Unique Document Identification Number-UDIN उल्लेख भएको लेखापरीक्षण प्रतिवेदन मात्र स्वीकार गर्नुपर्ने व्यवस्था गरिएको छ।

६६. बैंक तथा वित्तीय संस्थाले खाद्यान्न उत्पादन, पशुपन्छी, मत्स्यपालन, निर्यातजन्य र शतप्रतिशत स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योगका लागि रु.दुई करोडसम्मको कर्जा प्रवाह गर्दा आधारदरमा अधिकतम दुई प्रतिशत बिन्दुसम्म प्रिमियम थप गरी ब्याजदर निर्धारण गर्न पाउने व्यवस्था गरिएको छ । साथै, निजी क्षेत्रलाई सूचना प्रविधि तथा औद्योगिक पार्क निर्माण गर्न कर्जा प्रवाह गर्दा आधार दरमा अधिकतम दुई प्रतिशत बिन्दुले प्रिमियम थप गरी ब्याजदर निर्धारण गर्ने व्यवस्था मिलाइएको छ।

६७. 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाको स्थायित्वसँगै समग्र वित्तीय प्रणालीप्रति विश्वास कायम राख्न इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाले वार्षिक १५ प्रतिशतभन्दा बढी लाभांश (नगद वा बोनस) वितरणको प्रस्ताव गरेमा १५ प्रतिशतभन्दा माथिको प्रस्तावित लाभांशको ५० प्रतिशतले हुने रकम साधारण जगेडा कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ।

६८. 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाले एउटा ऋणीलाई एउटा मात्र लघुवित्त वित्तीय संस्थाबाट कर्जा सीमा ननाघ्नेगरी कर्जा प्रवाह गर्नुपर्ने र प्रवाह गरेको कर्जाको अधिकतम ब्याजदरको कम्तीमा ५० प्रतिशत हुनेगरी निक्षेप/बचतको न्यूनतम ब्याजदर तय गर्नुपर्ने व्यवस्था मिलाइएको छ।

६९. लघुवित्त वित्तीय संस्थाले आफ्नो प्राथमिक पुँजीको बढीमा शत प्रतिशतले हुने रकमसम्म सहायक आवधिक ऋणपत्र (Subordinated Term Debt) जारी गर्नसक्ने व्यवस्था गरिएको छ।

## निरीक्षण तथा सुपरिवेक्षण

७०. वार्षिक निरीक्षण कार्य योजनाअनुसार २०७९ फागुन मसान्तसम्ममा वाणिज्य बैंकहरूको आठ वटा समष्टिगत स्थलगत निरीक्षण र नौ वटा लक्षित स्थलगत निरीक्षण गर्ने कार्य सम्पन्न भएको छ।

७१. बैंक तथा वित्तीय संस्थाबाट नियमित रूपमा लिइँदै आएको तथ्याङ्कको सङ्कलन, सुरक्षण, अनुगमन, विश्लेषण एवम् विवरण प्रकाशनमा रहेका विद्यमान समस्यालाई सम्बोधन गर्न र यस बैंकको स्थलगत निरीक्षण प्रक्रियालाई आधुनिकीकरण गरी यस बैंकको सुपरिवेक्षकीय क्षमतामा अभिवृद्धि गर्न सुपरिवेक्षकीय सूचना प्रणाली (Supervisory Information System-SIS) को कार्यान्वयनमा ल्याइएको छ।

७२. SIS प्रणालीमा विकास गरिएका विभिन्न मोड्युलको कार्यान्वयनको लागि SIS Implementation Action Plan, 2022 स्वीकृत गरी सो प्रणालीको चरणबद्ध कार्यान्वयन अघि बढाइएको छ । सोहीबमोजिम २०७९ माघ १ देखि 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्था र पूर्वाधार विकास बैंकले दैनिक रूपमा पठाउनुपर्ने तथ्याङ्क तथा विवरणहरू सो प्रणालीमार्फत मात्र पठाउने व्यवस्था गरी सोहीबमोजिम अनुगमन गर्ने कार्य अघि बढाइएको छ।

७३. Supervisory Information System (SIS) बाट प्राप्त तथ्याङ्कलाई प्रयोग गर्न तथा Off-site Supervision को प्रभावकारिता अभिवृद्धि गर्न Off-site Supervision Manual 2060 लाई अद्यावधिक गरी Off-site Supervision Manual 2022 कार्यान्वयनमा ल्याइएको छ।

७४. 'AML/CFT Supervision Manual, 2020' मा पहिलो संशोधन गर्नुका साथै, २०७९ फागुन मसान्तसम्म १० वटा वाणिज्य बैंक, नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, हुलाक बचत बैंक तथा एक वटा विकास बैंकको AML/CFT लक्षित निरीक्षण सम्पन्न गरिएको छ।

७५. विभिन्न निकाय र सेवाग्राहीबाट २०७९ फागुन मसान्तसम्म ८६ वटा निवेदन तथा उजुरी प्राप्त भई सो उजुरीका सम्बन्धमा विभिन्न वाणिज्य बैंकको ४० पटक विशेष स्थलगत निरीक्षण गरी आवश्यक निर्देशन दिइएको छ। यस बैंकबाट जारी गरिएका नीति, निर्देशन र व्यवस्थाको उल्लङ्घन गरेबापत यस आर्थिक फागुन मसान्तसम्ममा १४ वटा वाणिज्य बैंकलाई २५ पटक जरिवाना तथा कारबाही गरिएको छ।

७६. २०७९ फागुन मसान्तमा आठ वटा राष्ट्रियस्तर र नौ वटा प्रादेशिकस्तरका गरी कुल १७ वटा विकास बैंक र १५ वटा राष्ट्रियस्तर र दुई वटा प्रादेशिक स्तरका गरी कुल १७ वटा वित्त कम्पनीहरू रहेका छन्। वित्त कम्पनीमध्ये दुई वटा हाल समस्याग्रस्त अवस्थामा छन्।

७७. यस अवधिमा राष्ट्रिय स्तरका छ वटा विकास बैंकमा जोखिममा आधारित स्थलगत निरीक्षण सम्पन्न गरिएको छ। १० वटा वित्त कम्पनी र पाँच प्रादेशिक स्तरका विकास बैंकमा अनुपालनामा आधारित भई स्थलगत निरीक्षण कार्य सम्पन्न गरिएको छ। साथै, विभिन्न सरोकारवालाबाट प्राप्त निवेदन र उजुरीका आधारमा पाँच वटा विकास बैंक र एक वटा वित्त कम्पनीमा विशेष निरीक्षण सम्पन्न गरिएको छ।

७८. समस्याग्रस्त वित्तीय संस्था नेपाल सेयर मार्केट्स एण्ड फाइनान्स लिमिटेडको व्यवस्थापनको जिम्मेवारी यस बैंकले वहन गर्दै आएकोमा खुला प्रतिस्पर्धाबाट दुई सदस्यीय व्यवस्थापन समूह नियुक्त गरी संस्था सुधारको कार्यादेश र सर्तसहित संस्थाको व्यवस्थापनको जिम्मेवारी प्रदान गरिएको छ।

७९. समीक्षा अवधिमा १० वटा विकास बैंक र १०वटा वित्त कम्पनीलाई आर्थिक वर्ष २०७८/७९ को वार्षिक वित्तीय विवरण प्रकाशन गर्ने सहमति प्रदान गरिएको छ।

८०. तोकिएको अनिवार्य नगद मौज्दात अनुपात कायम नगर्ने दुई वटा विकास बैंक तथा एक वटा वित्त कम्पनी र कर्जा निक्षेप अनुपात कायम नगर्ने चार वटा विकास बैंक तथा दुई वटा वित्त कम्पनीलाई हर्जाना लगाइएको छ। नियामकीय व्यवस्थाबमोजिम विपन्न वर्ग कर्जा प्रवाह नगर्ने एक वटा विकास बैंकलाई हर्जाना लगाइएको छ।

८१. समीक्षा अवधिसम्ममा दुई वटा विकास बैंक र दुई वटा वित्तीय संस्थाको AML/CFT सम्बन्धी स्थलगत निरीक्षण सम्पन्न गरिएको छ।

८२. गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षणअन्तर्गत समीक्षा अवधिमा जम्मा २२ वटा रेमिट्यान्स कम्पनीको समष्टिगत स्थलगत निरीक्षण, १५ वटा रेमिट्यान्स कम्पनीको विशेष स्थलगत निरीक्षण र दुई वटा रेमिट्यान्स कम्पनीको अनुगमन निरीक्षण कार्य सम्पन्न भएको छ। यसै गरी, ३६ वटा मनिचेन्जर कम्पनी, १८ वटा टुर्स ट्राभल्स कम्पनी, १० वटा ट्रेकिङ कम्पनी, सात वटा हायरपर्चेज कम्पनी, १० वटा होटेल, तीन वटा कार्गो कम्पनी, तीन वटा एयरलायन्स कम्पनी र अन्यबाट तीन वटा कम्पनीको स्थलगत निरीक्षण तथा सुपरिवेक्षण कार्य सम्पन्न भएको छ।

## लघुवित्त

८३. २०७८ वैशाखदेखि २०७९ चैत मसान्तसम्ममा ३४ वटा 'घ' वर्गका लघुवित्त वित्तीय संस्थाको समष्टिगत स्थलगत निरीक्षण, चार वटा संस्थाको विशेष निरीक्षण र दुई वटा संस्थाको अनुगमन निरीक्षण सम्पन्न गरिएको छ।

८४. यस बैंकबाट विभिन्न चरणमा गरिएका स्थलगत निरीक्षणका क्रममा सुपर लघुवित्त वित्तीय संस्था लिमिटेड, तुलसीपुरलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ग को उपदफा १ को खण्ड (ण) को प्रावधानबमोजिम संस्थाको सञ्चालक समितिलाई

निलम्बन गरी उक्त संस्थाको व्यवस्थापन मिति २०७९/१०/२३ देखि यस बैंकको नियन्त्रणमा लिएर व्यवस्थापन समूह नियुक्त गरी व्यवस्थापन सञ्चालन गर्ने व्यवस्था गरिएको छ।

८५. २०७९ साउन १ देखि २०७९ चैत मसान्तसम्मको अवधिमा आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरणका आधारमा ५३ वटा संस्थालाई लाभांश स्वीकृति तथा वार्षिक वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गरिएको छ।

## भुक्तानी प्रणाली

८६. भुक्तानी तथा फर्स्यौट ऐन, २०७५, विनियमावली, २०७७ र अनुमति नीतिअन्तर्गत हालसम्म १० वटा भुक्तानी प्रणाली सञ्चालक (PSOs) र २७ वटा भुक्तानी सेवा प्रदायक (PSPs) संस्थाहरू सञ्चालनमा रहेका छन्।

८७. भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई प्रदान गरिने मौजुदा अनुमति नीति, २०७३ लाई भुक्तानी तथा फर्स्यौट ऐन तथा सम्बन्धित विनियमावलीसँग सामञ्जस्य कायम हुने गरी पुनरावलोकन गरी नयाँ अनुमति नीति जारी गरिएको छ। नयाँ नीतिमा साविकको न्यूनतम चुक्ता पुँजीको व्यवस्थामा वृद्धि गरिएको छ भने भुक्तानीसम्बन्धी संस्थामा वैदेशिक लगानी भित्र्याउन सकिने, संस्थाहरू एक आपसमा गाभ्ने/गाभिने तथा संस्थागत सुशासनसम्बन्धी केही व्यवस्था थप गरिएको छ।

८८. विप्रेषण औपचारिक माध्यमबाट भित्रिन सहयोग पुऱ्याउन विदेशबाट प्राप्त हुने विप्रेषण नेपालमा सञ्चालित विद्युतीय वालेटमा प्राप्त हुनसक्ने व्यवस्थालाई थप परिमार्जन गरिएको छ।

८९. भुक्तानी प्रणाली सञ्चालकलाई अभौतिक (Virtual) क्रेडिट कार्डको स्विचिङ सेवा सञ्चालन गर्न स्वीकृति प्रदान गरिएको छ। उक्त सेवा सञ्चालन भएपश्चात् भौतिक रूपमा कार्ड जारी गर्दा हुने खर्च र कार्ड बोक्ने झन्झट कम हुन जाने तथा हाल भौतिक कार्डको स्विचिङबापत कार्ड सञ्जाल सञ्चालन गरिरहेका विदेशी संस्थालाई भुक्तानी गरिने विदेशी मुद्रासमेत बाहिरिन कम हुने देखिन्छ।

९०. भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई जारी गरिएको भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशनमा संशोधन/परिमार्जनसमेत गरी 'भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन-२०७९' जारी गरिएको छ।

९१. Cyber तथा IT Security Guideline तयार गर्न गठित कार्यदलद्वारा Expectation for Cyber Resilience of Financial Infrastructures को मस्यौदासहितको प्रतिवेदन तयार गरिएको छ।

९२. समीक्षा अवधिमा विद्युतीय भुक्तानी कारोबारमा व्यापक विस्तार भएको छ। २०७९ वैशाखदेखि फागुन मसान्तसम्म Retail Payment Instrument अन्तर्गतका IPS, Connect IPS, Internet Banking, Mobile Banking, Wallet, QR Based Payment, Point of Sales (POS), E-commerce लगायतका विभिन्न माध्यमबाट करिब रु.७४ खर्बबराबरको कारोबार भएको छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३३.३ प्रतिशतले बढी हो।

९३. यस बैंकबाट सञ्चालित RTGS प्रणालीमार्फत २०७९ वैशाखदेखि फागुन मसान्तसम्म नेपाली रुपैयाँ ३७ खर्बबराबरको कारोबार भएको छ। RTGS प्रणालीको PFMI सिद्धान्तका आधारमा Self Assessment गर्ने कार्य भइरहेको छ। RTGS प्रणालीलाई बिहान ८ देखि बेलुकी ८ बजेसम्म सञ्चालन हुने व्यवस्था मिलाइएको छ। २१ वाणिज्य बैंक, ११ विकास बैंक, १२ वित्त कम्पनी र एक नेपाल पूर्वाधार विकास बैंक गरी जम्मा ४५ वटा बैंक तथा वित्तीय संस्थाहरू RTGS प्रणालीमा आबद्ध भएका छन्।

९४. आर्थिक वर्ष २०७८/०७९ मा सम्पादन गरिएका प्रमुख कार्य र विभागका गतिविधिलाई समेटेर भुक्तानी प्रणाली निरीक्षण प्रतिवेदन (Payment System Oversight Report) प्रकाशन गरिएको छ। समीक्षा अवधिमा

दुई वटा भुक्तानी प्रणाली सञ्चालक तथा सात वटा भुक्तानी सेवा प्रदायक संस्थाको स्थलगत निरीक्षण र दुई वटा संस्थाको AML/CFT Focussed Inspection सम्पन्न भएको छ।

९५. बैंकले आर्थिक वर्ष २०७९/८० लाई विद्युतीय भुक्तानी कारोबार प्रवर्द्धन वर्षको रूपमा मनाउने निर्णय भएबमोजिम विभिन्न कार्यक्रम सम्पन्न भएका छन् । Mass Message/Call Ring Back Tone (CRBT) मार्फत विद्युतीय भुक्तानी कारोबार प्रवर्द्धन गर्न नेपाल दूरसञ्चार प्राधिकरणसँग सहकार्य गरिएको छ।

## विदेशी विनिमय व्यवस्थापन

९६. २०७९ फागुन मसान्तमा यस बैंकबाट विदेशी मुद्राको कारोबार गर्न इजाजत लिएका संस्थाको सङ्ख्या ३,४०० रहेको छ। यस्ता संस्थामध्ये विप्रेषणसम्बन्धी कारोबार गर्ने कम्पनीको सङ्ख्या ४० र मनिचेन्जर कम्पनीको सङ्ख्या ३४४ रहेको छ। २०७९ फागुन मसान्तमा विदेशी मुद्राको कारोबार गर्न स्वीकृति लिएका फर्म/कम्पनीमा होटेल २२८, ट्रेकिङ १६४३, ट्राभल एजेन्सी ९३३, कार्गो ६५, एअरलाइन्स ७१, वाणिज्य बैंक २१, विकास बैंक ७, वित्त कम्पनी ६ र अन्य ४२ रहेका छन्।

९७. नेपाल सरकारद्वारा नेपाल राजपत्रमा प्रकाशित सूचना (खण्ड ७१, सङ्ख्या ४८, भाग ५, मिति २०७८/११/२६) बमोजिम भन्सार उप-शीर्षक ०७१३.१०.००, ०८०२.८०.००, ०८०२.९०.०० र ०९०४.११.०० का वस्तुहरू औद्योगिक प्रयोजनको लागि उद्योग विभागको सिफारिस र वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको अनुमतिका आधारमा सम्बन्धित उद्योगले आफैं आयात गर्नसक्ने हुँदा सोही व्यवस्थाको अधीनमा रही विदेशी मुद्राको सटही सुविधा प्रदान गर्न सकिने व्यवस्था गरिएको छ।

९८. परिवर्त्य विदेशी मुद्रा बिक्री गर्न इजाजतपत्रप्राप्त मनिचेञ्जरले विदेश भ्रमणमा जाने नेपाली नागरिकलाई राहदानीबापत अधिकतम अमेरिकी डलर २०० (दुई सय मात्र) सम्मको सटही सुविधा प्रदान गर्नसक्ने व्यवस्था गरिएको छ।

९९. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था तथा विप्रेषण कम्पनीले यस बैंकबाट अनुमतिप्राप्त भुक्तानी प्रणाली सञ्चालकसँग सहकार्य गरी जारी गरेका कार्डमा समेत विद्यमान व्यवस्थाको अधीनमा रही विप्रेषण भित्र्याउन सक्ने व्यवस्था गरिएको छ।

१००. नेपाली/विदेशी नागरिक वा नेपालमा दर्ता भएका फर्म/कम्पनी/संस्था/शाखा कार्यालयले बिक्री, कमिसन, शुल्क, पारिश्रमिकलगायत विभिन्न प्रयोजनका लागि फिर्ता नहुनेगरी विदेश (नागरिक वा फर्म/कम्पनी/संस्था) बाट प्राप्त हुने रकम इजाजतपत्रप्राप्त विप्रेषण कम्पनीमार्फत सम्बन्धित लाभार्थीको खातामा जम्मा गर्ने गरी दैनिक रु.१५ लाखसम्म (एक पटक वा पटकपटक) को विप्रेषण रकम ल्याउन सकिने व्यवस्था गरिएको छ।

१०१. आयात तथा निर्यात व्यापारको माध्यमबाट हुन सक्ने सम्पत्ति शुद्धीकरण (Trade Based Money Laundering) कार्यलाई निरुत्साहन तथा नियन्त्रणमा सघाउ पुग्नेगरी इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आवश्यक कार्यविधि तथा आन्तरिक संरचना बनाई वस्तुको अन्तर्राष्ट्रिय बजार मूल्य र Proforma Invoice/Document मा उल्लिखित मूल्यबीच तुलनात्मक विश्लेषणसमेत गरी यथार्थपरक देखिएमा सटही सुविधा (ड्राफ्ट/टी.टी. जारी गर्ने, प्रतीतपत्र खोल्ने, D.A.A., D.A.P. आदि) उपलब्ध गराउनुपर्ने वा Document Handling गर्नुपर्ने व्यवस्था गरिएको छ।

१०२. यस बैंकको स्वीकृतिमा एक वर्ष वा सोभन्दा बढी अवधिको विदेशी ऋण भित्र्याएका 'क' वर्गका बैंकलाई विदेशी विनिमय जोखिम हेजिङ गर्ने प्रयोजनको लागि उक्त ऋणको बक्यौता साँवा तथा ब्याज बराबर हुने रकमसम्मको र ऋणको अवधिसम्मको डेरिभेटिभ्स (Proprietary Forward) को खरिद कारोबार गर्न तोकिएको रकम र अवधिको सीमा लागू नहुने व्यवस्था

गरिएको छ।

१०३. अमेरिकी डलर ५०० को प्रिपेड कार्डबाट तोकिएका Merchant Category Code (MCC) मा भुक्तानी गर्न नसकिने व्यवस्था गरिएको छ।

१०४. eVisa प्रणालीबाट भिसा आवेदन लिने व्यवस्था गरेका मुलुकले सो कार्य गर्न नेपालस्थित अन्य संस्थालाई तोकेमा तोकिएबमोजिमका सर्तको पालना हुनेगरी त्यस्ता संस्थामार्फत भिसाबापत सङ्कलित रकमको लागि बैंक तथा वित्तीय संस्थाबाट जारी विद्युतीय/डिजिटल कार्डमार्फत समेत सटही सुविधा प्रदान गर्न सकिने व्यवस्था गरिएको छ।

१०५. आर्थिक वर्ष २०७८/७९ को विदेशी लगानी तथा विदेशी ऋणसम्बन्धी वार्षिक प्रतिवेदन बैंकको वेबसाइटमार्फत सार्वजनिक गरिएको छ।

१०६. निर्यातमा अनुदान प्रदान गर्नेसम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७९ बमोजिम एकीकृत परिपत्र २०७८ मा संशोधन गरिएको छ।

१०७. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १०क ले विदेशमा लगानी गर्न प्रतिबन्ध गरेको र सोही ऐनको दफा ९ग ले यस बैंकले तोकिदिएको व्यवस्थाबमोजिम बाहेक नेपालमा बसोबास गर्ने व्यक्तिले कुनै पनि तरिकाले विदेशमा भुक्तानी दिनेसम्बन्धी कार्य गर्न प्रतिबन्ध गरेको हुँदा नेपालमा बसोबास गर्ने कुनै पनि व्यक्तिले कुनै पनि किसिमले विदेशमा लगानी गर्नेगरी कुनै पनि कार्य जस्तैः विदेशमा घर जग्गा खरिद, धितोपत्र खरिद, सम्पत्ति खरिद, विदेशी बैंक तथा वित्तीय संस्थामा निक्षेप जम्मा गर्नेलगायतका पुँजीगत प्रकृतिका कारोबार (सोसम्बन्धी प्रचार-प्रसारसमेत) र यस बैंकले तोकिदिएको व्यवस्थाबमोजिम बाहेक विदेशमा भुक्तानी हुनेसम्बन्धी कार्य नगर्न/नगराउन एवम् त्यस्तो कार्य गर्ने/गराएको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही हुने व्यहोरासहित मिति २०७९/०९/२९ मा सूचना प्रकाशन गरिएको छ।

१०८. नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०६७ लाई खारेज गरी नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०७९ जारी गरिएको छ।

१०९. यस बैंकबाट मिति २०७८/०२/२५ मा जारी नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ पश्चात सेयर स्वामित्व परिवर्तन भई हुनेबाहेकका विदेशी लगानीको हकमा यस बैंकको पूर्व स्वीकृति लिन अनिवार्य नहुने व्यवस्था गरिएको छ। यस बैंकलाई पूर्व जानकारी मात्र गराएर विदेशी लगानीबापतको विदेशी मुद्रा भित्र्याउने व्यवस्था (automatic route) अन्तर्गत २०७९ वैशाखदेखि फागुनसम्म ८३ वटा लिखित जानकारीबाट रु.२८ अर्ब ४२ करोड १६ लाखबराबरको स्वीकृत विदेशी लगानी बैंकिङ प्रणालीमार्फत नेपाल भित्र्याउने जानकारी यस बैंकलाई प्राप्त भएको छ।

११०. सेयर स्वामित्व परिवर्तनमार्फत हुने विदेशी लगानीबापत कुल २६ वटा नेपाली उद्योग/कम्पनीलाई रु.चार अर्ब ७९ करोड ७१ लाखबराबरको विदेशी मुद्रा नेपाल भित्र्याउन स्वीकृति प्रदान गरिएको छ।

१११. यस अवधिमा ६१ वटा नेपाली उद्योग/कम्पनीमा भएको रु.११ अर्ब ८० करोड ६० लाखबराबरको विदेशी लगानी लेखाङ्कन गरिएको छ। यसै गरी, कुल ३० वटा नेपाली उद्योग/कम्पनीलाई रु.४६ अर्ब ६८ करोड चार लाखबराबरको विदेशी ऋण भित्र्याउने स्वीकृति प्रदान गरिएको छ भने कुल ४२ वटा नेपाली उद्योग/कम्पनीमा भएको रु.५८ अर्ब २५ करोड १३ लाखबराबरको विदेशी ऋण लेखाङ्कन गरिएको छ।

११२. यस अवधिमा कुल १८९ वटा विदेशी मुद्राको सटही स्वीकृतिमार्फत रु.२५ अर्ब ७९ करोड ७४ लाखबराबरको रकमको लागि विदेशी लगानी तथा विदेशी ऋणसँग सम्बन्धित रकम विदेश फिर्ता लैजान स्वीकृति प्रदान गरिएको छ।

## मुद्रा व्यवस्थापन

११३. अघिल्लो छपाइ चक्रअन्तर्गतको विभिन्न छपाइ कम्पनीसँगको सम्झौताबमोजिम रु.५, रु.१० र

रु.५०० दरको सबै बैंकनोट यस बैंकको ढुकुटीमा प्राप्त भइसकेको छ । साथै, चालु टकमरी चक्रअन्तर्गतका टकमरी गर्ने कम्पनीसँगको सम्झौताबमोजिम रु.१ दरको सात करोड थान र रु.२ दरको दुई करोड थान सिक्का टकमरी भई बैंकको ढुकुटीमा प्राप्त भएको छ। चालु छपाइ चक्रअन्तर्गत यस वर्ष रु.१०००, रु.५० र रु.२० दरका नयाँ बैंकनोट छपाई गर्नका लागि करार सम्झौता गरिएको छ।

११४. विद्यमान मुद्रा व्यवस्थापन पद्धतिलाई क्रमशः आधुनिकीकरण तथा यान्त्रिकीकरण गर्दै जाने लक्ष्यअनुरूप आठ थान (केन्द्रीय कार्यालयसहित प्रदेशस्थित कार्यालयको लागि) बैंकनोट श्रेडिङ एण्ड ब्रिकेटिङ सिस्टम (Banknote Shredding and Briquetting System-BSBS) खरिद गरी थापाथलीस्थित निर्माणाधीन भवन र प्रदेशस्थित कार्यालयमा जडान गरिएको छ। ४-४ थान गरी दुई चरणमा आयात गरिएको उक्त मेसिनमध्ये पहिलो चरणअन्तर्गतका मेसिन थापाथलीस्थित निर्माणाधीन भवनमा र प्रादेशिक कार्यालयहरू क्रमशः विराटनगर, नेपालगञ्ज र वीरगञ्जमा, दोस्रो चरणअन्तर्गत प्राप्त भएका चार थान मेसिनहरू प्रादेशिक कार्यालयहरू जनकपुर, सिद्धार्थनगर, पोखरा र धनगढीमा जडान भई सफल परीक्षणपश्चात् हाल नियमित सञ्चालनमा रहेका छन्।

११५. मुलुकभर नेपाली बैंकनोटको सहज आपूर्तिको सुनिश्चितताका लागि विभिन्न नोटकोष ढुकुटीको सीमा रकममा पुनरावलोकन गरिएको छ । साथै, नोटकोषसम्बन्धी कारोबारलाई थप प्रभावकारी बनाउन नोटकोषको निरीक्षण तथा अनुगमन गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

११६. नोट राष्ट्रको सम्पत्ति भएको हुँदा यसको हिफाजतसाथ प्रयोग गर्नेसम्बन्धी विभिन्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइएको छ। साथै, बैंकले सफा नोट नीतिको प्रभावकारी कार्यान्वयनका लागि इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको निरीक्षण गरी सुझाव तथा निर्देशन दिने कार्यलाई यसै आर्थिक वर्षदेखि प्रारम्भ गरिएको छ।

११७. बैंकको नगद व्यवस्थापन कार्यलाई यान्त्रिकीकरण गर्ने उद्देश्यअनुरूप एक थान Currency Verification and Processing System (CVPS) मेसिन खरिदका लागि Cash Processing Solutions Limited, United Kingdom सँग सम्झौता गरिएको छ। उक्त मेसिन हाल ढुवानीको क्रममा रहेको छ। सफल परीक्षणपश्चात् उक्त मेसिनको आपूर्ति गरी बैंकको थापाथलीस्थित कार्यालयमा जडान गर्ने योजना छ।

## जनशक्ति व्यवस्थापन

११८. जनशक्ति विकास र व्यवस्थापनका लागि यस बैंकले आवश्यकताअनुसारको दरबन्दी स्वीकृत गराई सोहीअनुरूप कर्मचारी भर्ना, तालिम, विकास, सरुवा, बढुवा, अवकाशलगायतका कार्यहरू नियमित रूपमा सम्पन्न गर्दै आएको छ।

११९. यस बैंकमा २०७९ फागुन मसान्तमा अधिकृतस्तरमा ६१२, सहायकस्तरमा ४३७ र श्रेणीविहीन कार्यालय सहयोगीस्तरमा ७८ गरी जम्मा १,१२७ कर्मचारीहरू कार्यरत रहेका छन् । कार्यरत कर्मचारीमध्येअधिकृतस्तरकाकर्मचारीकोसहायकस्तरका कर्मचारीसँगको अनुपात १:०.७१ तथा अधिकृतस्तरका कर्मचारीको सहायक र कार्यालय सहयोगीस्तरका कर्मचारीसँगको अनुपात १:०.८४ रहेको छ।

१२०. २०७९ असार मसान्तसम्म रिक्त रहेका पदमा कार्यक्षमता मूल्याङ्कनमार्फत प्रशासन सेवातर्फ उप-निर्देशक (अधिकृत द्वितीय) पदमा १४ जना, सहायक निर्देशक (अधिकृत तृतीय) पदमा ६ जना तथा प्रधान सहायक (सहायक प्रथम) पदमा १४ जनाको बढुवा गरिएको छ। त्यसै गरी, प्राविधिक सेवातर्फ निर्देशक (सूचना प्रविधि) पदमा दुई जनालाई बढुवा गरिएको छ। आन्तरिक प्रतियोगितात्मक परीक्षाको माध्यमबाट निर्देशक (अधिकृत प्रथम) पदमा एक जना, उप-निर्देशक (अधिकृत द्वितीय) पदमा ६ जना, सहायक निर्देशक (अधिकृत तृतीय) पदमा ३ जना र प्रधान

सहायक (सहायक प्रथम) पदमा १० जना आन्तरिक प्रतियोगिताद्वारा पूर्ति गरिएको छ।

१२१. २०७८ असार मसान्तसम्म रिक्त रहेको दरबन्दीका आधारमा प्रशासन सेवातर्फको सहायक निर्देशक (अधिकृत तृतीय) पदमा ४५ जना, सहायक निर्देशक (लेखा/लेखापरीक्षण) पदमा पाँच जना, सहायक निर्देशक (वाणिज्य कानुन) पदमा एक जना र सहायक (सहायक द्वितीय) पदमा २५ जना तथा प्राविधिक सेवातर्फको सहायक निर्देशक (सूचना प्रविधि) पदमा पाँच जना खुला प्रतियोगिताद्वारा पूर्ति गरिएको छ।

१२२. यसै अवधिमा सहयोगी सेवाअन्तर्गत रिक्त रहेका पदमा करारमार्फत पिपा १६ जना, हलुका सवारी चालक २४ जना, बस चालक सात जना, अधिकृत (सिक्का मुद्रण/टकमारी) एक जना, अधिकृत (डिजाइनर/कम्पाइलर) पाँच जना जनशक्ति नियुक्त गरिएको छ।

१२३. २०७९ वैशाखदेखि २०७९ फागुन मसान्तसम्मको अवधिमा कुल २३ जना कर्मचारी बैंक सेवाबाट अलग भएका छन्। बैंक सेवाबाट अलग हुनेमध्ये ३ जना ३० वर्ष सेवा अवधिको आधारमा, १६ जना ५८ वर्ष उमेर हदको आधारमा अवकाश भएका छन् भने चार जनाको राजीनामा स्वीकृत भएको छ।

१२४. विद्यमान HRIS मा कर्मचारीको तलब भत्ताको अभिलेख, घरजग्गा सापटीको विवरण तथा आवश्यक दरबन्दीलगायतका विवरणसम्बन्धी प्रतिवेदनहरू समेटिएको Enhancement Development कार्यको परीक्षण २०७९ पुस १२ मा सम्पन्न भई प्रयोगमा ल्याइएको छ।

१२५. बैंकका बहालवाला कर्मचारी तथा पूर्व कर्मचारीको व्यक्तिगत विवरणको विद्युतीय अभिलेख राख्ने कार्य सुचारु रहेको छ । साथै, कर्मचारीको व्यक्तिगत विवरणमा हुने परिवर्तनसँगै विद्युतीय अभिलेख पनि अद्यावधिक गर्ने व्यवस्था गरिएको छ।

१२६. बैंकमा रिक्त रहेका पदहरूको पूर्ति गर्न लिइने प्रतियोगितात्मक परीक्षाको प्रक्रियालाई व्यवस्थित बनाउन नेपाल राष्ट्र बैंक परीक्षासम्बन्धी कार्यविधि, २०७९ तयार गरी कार्यान्वयनमा ल्याइएको छ।

१२७. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारलाई निवारण गर्नेसम्बन्धी कर्मचारी आचारसंहिता, २०७८ को प्रभावकारी कार्यान्वयनका लागि नेपाल राष्ट्र बैंक, आचारसंहिता अनुगमन तथा कार्यान्वयन समितिको कार्य सञ्चालन कार्यविधि, २०७९ तयार गरी कार्यान्वयनमा ल्याइएको छ।

१२८. नेपाल राष्ट्र बैंकले कर्मचारीलाई प्रदान गर्दै आएको आन्तरिक कामकाज, कायममुकायम, अतिरिक्त समय कार्य र दैनिक तथा भ्रमण भत्तालगायतका नीतिगत व्यवस्थालाई एकीकृत गरी नेपाल राष्ट्र बैंक आन्तरिक कामकाजसम्बन्धी कार्यविधि, २०७९ व्यवस्थापन समितिबाट स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ।

१२९. जनशक्ति योजना (२०७६/७७-२०७८/७९) को समीक्षा प्रतिवेदन र आगामी पाँच वर्षका लागि जनशक्ति योजना (२०८०/८१-२०८४/८५) को प्रारम्भिक मस्यौदा तयार गरिएको छ।

## आन्तरिक लेखापरीक्षण

१३०. बैंकको आन्तरिक लेखापरीक्षणलाई थप प्रभावकारी बनाउँदै जोखिममा आधारित लेखापरीक्षण पद्धतिलाई कार्यान्वयनमा ल्याइएको छ । यस सिलसिलामा वित्तीय संस्था सुपरिवेक्षण विभाग, सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग, जनशक्ति व्यवस्थापन विभाग, लघुवित्त संस्था सुपरिवेक्षण विभाग र मौद्रिक व्यवस्थापन विभागमा आर्थिक वर्ष २०७८/७९ को जोखिममा आधारित लेखापरीक्षण कार्य सम्पन्न भएको छ।

१३१. आर्थिक वर्ष २०७९/८० को पहिलो त्रैमासिक अवधिको बैंकिङ विभाग, मुद्रा व्यवस्थापन विभाग, वित्त व्यवस्थापन विभाग र प्रदेशस्थित सबै कार्यालयको

गैरस्थलगत लेखापरीक्षण गरी प्रतिवेदन तयार गरिएको छ।

१३२. आर्थिक वर्ष २०७८/७९ को चौथो त्रयमास तथा आर्थिक वर्ष २०७९/८० को प्रथम र दोस्रो त्रयमासको लेखापरीक्षण समितिका त्रैमासिक प्रतिवेदन तथा आन्तरिक लेखापरीक्षण विभागको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन तयार गरिएको छ।

## वित्त व्यवस्थापन

१३३. नेपाल राष्ट्र बैंक ऐन, २०५८ को व्यवस्थाबमोजिम अन्तर्राष्ट्रिय मुद्रा कोषको Safeguard Assessment प्रतिवेदनको सुझावअनुसार महालेखापरीक्षकको कार्यालयले बङ्गलादेशको लेखापरीक्षक M/s Howladar Yunus & Co., Chartered Accountants तथा स्थानीय साझेदार M/s S.R.Pandey & Co., Chartered Accountants लाई परामर्शदाताको रूपमा नियुक्त गरी आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण भएको छ।

१३४. नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७ ले तोकेबमोजिम संस्थाको चुक्ता पुँजीको १० प्रतिशतको सीमाभन्दा बढी लगानी रहेको संस्था तथा लगानी गर्न नहुने संस्थाको सेयरमध्ये नेपाल स्टक एक्चेञ्ज लिमिटेड, कर्जा सूचना केन्द्र लिमिटेड र नेसनल बैंकिङ इन्स्टिच्युट लिमिटेडको सेयर आंशिक रूपमा तथा ग्रामीण लघुवित्त संस्था लिमिटेडको सेयर पूर्ण रूपमा बिक्री गरिएको छ। सेयर बिक्रीपश्चात् उक्त संस्थामा रहेको लगानी ऐनले तोकेको सीमाभित्र कायम भएको छ।

१३५. बैंकबाट हुने निवृत्तिभरण भुक्तानीलाई विद्युतीय माध्यमबाट भुक्तानी प्रदान गरिने कार्यलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइएको छ। निवृत्तिभरण भुक्तानी कार्यलाई थप व्यवस्थित, पारदर्शी, आधुनिक तथा प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीसहितको नेपाल राष्ट्र बैंक निवृत्तिभरण भुक्तानीसम्बन्धी कार्यविधि, २०७९ जारी गरिएको छ।

१३६. यस बैंकको वार्षिक वित्तीय विवरण तथा मासिक वित्तीय अवस्थाको विवरणको नयाँ ढाँचा तयार गरी लागू गरिएको छ। नयाँ ढाँचाअनुसार केन्द्रीय बैंकसँग रहेको विदेशी विनिमय सञ्चितिलाई छुट्टै प्रस्तुत गर्नेगरी बैंकको कुल सम्पत्तिलाई विदेशी मुद्रा सम्पत्ति तथा स्वदेशी मुद्रा सम्पत्तिमा विभाजन गरी प्रस्तुत गरिएको छ। साथै, दायित्वलाई समेत विदेशी र स्वदेशी मुद्रामा विभाजन गरिएको छ।

## सम्पत्ति शुद्धीकरण निवारण तथा वित्तीय जानकारी

१३७. वित्तीय जानकारी इकाईलाई कार्यगत दृष्टिले स्वायत्त इकाईको रूपमा विकसित गरिएको छ। उक्त इकाईको प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म ३,१७० वटा शङ्कास्पद कारोबार/गतिविधि प्रतिवेदन प्राप्त भएको छ। इकाईले यस अवधिमा ५२९ वटा प्रतिवेदन विश्लेषण गरेकोमा २९९ वटा पछि अन्य कुनै सूचना प्राप्त भएमा पुनः विश्लेषण गर्ने गरी अभिलेखीकरण गरेको छ भने २३० वटा प्रतिवेदनलाई अनुसन्धान र अनुगमनका लागि अनुसन्धानकारी/नियामक निकायमा सम्प्रेषण गरेको छ।

१३८. वित्तीय जानकारी इकाई, नेपाल (FIU-Nepal) र फाइनान्सियल इन्टेलिजेन्स युनिट-माल्दीभ्स (FIU-Maldives) बीच २०७९ पुस १९ गते (January 3, 2023) सूचना आदानप्रदानसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ। वित्तीय जानकारी इकाईले सूचना आदानप्रदानका लागि हालसम्म १७ वटा विदेशी FIU सँग समझदारीपत्रमा हस्ताक्षर गरेको छ।

१३९. Egmont Secure Web मार्फत इकाईले आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म १७ पटक विदेशी समकक्षी निकायसँग सूचना आदानप्रदान गरेको छ। आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म वित्तीय जानकारी इकाईले आठ वटा अनुसन्धानकारी निकाय र आठ वटा नियामक निकायसँग सूचना आदानप्रदान तथा गोपनीयतासम्बन्धी समझदारीपत्र (MoU) मा हस्ताक्षर गरेको छ।

१४०. वित्तीय जानकारी इकाईको goAML (Production Environment) मा 'क' 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्था, जीवन तथा निर्जीवन बीमा कम्पनी, विप्रेषणसम्बन्धी कार्य गर्ने संस्थालाई आबद्ध गरिएको छ भने goAML (Test Environment) मा धितोपत्र व्यवसायी, लघुवित्त कम्पनी, सहकारी संस्था, भुक्तानीसम्बन्धी कार्य गर्ने संस्था, मुद्रा सटहीसम्बन्धी कार्य गर्ने संस्था र क्यासिनो व्यवसायलाई आबद्ध गरिएको छ । त्यसै गरी, सूचना सम्प्रेषणका लागि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल प्रहरी, राजस्व अनुसन्धान विभाग, आन्तरिक राजस्व विभाग, अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका अनुसन्धानकारी निकायलाई समेत goAML System मा आबद्ध गरिएको छ ।

१४१. आयात तथा निर्यात व्यापारको माध्यमबाट हुन सक्ने सम्पत्ति शुद्धीकरण (Trade Based Money Laundering-TBML) सम्बन्धी शङ्कास्पद कारोबार रिपोर्टिङका लागि goAML System df STR-TBML थप गरिएको छ ।

१४२. वित्तीय कारबाही कार्यदल (FATF) को अन्तर्राष्ट्रिय मान्यता र मापदण्डबमोजिम एसिया प्यासिफिक समूह (APG) बाट नेपालको तेस्रो चरणको पारस्परिक मूल्याङ्कन (सन् २०२२-२३) भइरहेको छ। पारस्परिक मूल्याङ्कनको सम्पूर्ण प्रक्रियामा वित्तीय जानकारी इकाईले APG सचिवालय तथा नेपालबीच सम्पर्क बिन्दुका रूपमा निरन्तर कार्य गर्दै आएको छ ।

## बैंकिङ कारोबारको आधुनिकीकरण

१४३. यस वर्ष कुल पाँच वटा वाणिज्य बैंकका विभिन्न आठ वटा शाखालगायत Extension Counter लाई नेपाल सरकार, एक वटा वाणिज्य बैंकका शाखालाई प्रदेश सरकार तथा एक वटा वाणिज्य बैंकका शाखालाई स्थानीय तह गरी कुल १० वटा कार्यालयमार्फत सरकारी कारोबार सञ्चालन गर्ने स्वीकृति प्रदान गरिएको छ । साथै, प्रदेशको दुई तथा स्थानीय तहका सात गरी विभिन्न वाणिज्य बैंकका कुल नौ वटा शाखाअन्तर्गत एक्सटेन्सन काउण्टर तथा स्थानीय तहअन्तर्गतका १५ वटा शाखा स्थानान्तरण गर्न स्वीकृति प्रदान गरिएको छ ।

१४४. समीक्षा अवधिमा सरकारी कारोबार सञ्चालन गर्ने इजाजतपत्रप्राप्त वाणिज्य बैंकका कुल १२ वटा शाखा कार्यालय तथा वाणिज्य बैंकका शाखा कार्यालयमा रहेका पाँच वटा भा.रु. कोषको स्थलगत निरीक्षण कार्य सम्पन्न भएको छ । साथै, सोही अवधिसम्ममा बैंकका छ वटा प्रदेशस्थित कार्यालयहरूको ECC तथा IPS कार्यान्वयनको अवस्था सम्बन्धमा स्थलगत अनुगमन सम्पन्न भएको छ ।

## सम्पत्ति तथा सेवा व्यवस्थापन

१४५. २०७२ वैशाख १५ गतेको भूकम्पका कारण क्षतिग्रस्त भई सहरी विकास तथा भवन निर्माण विभाग, केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास) बाट निर्माण भइरहेको यस बैंकका थापाथलीस्थित भवनको पुनःनिर्माण कार्य २०७९ फागुनसम्म करिब ९२ प्रतिशत र बालुवाटारस्थित भवनको पुनर्निर्माण कार्य करिब ८७ प्रतिशत सम्पन्न भएको छ ।

## संस्थागत योजना तथा जोखिम व्यवस्थापन

१४६. यस बैंकको आर्थिक वर्ष २०७९/८० को वार्षिक कार्ययोजना कार्यान्वयन भइरहेको छ। साथै, आर्थिक वर्ष २०७८/७९ को वार्षिक कार्ययोजनाको वार्षिक मूल्याङ्कन एवम् समीक्षा र आर्थिक वर्ष २०७९/८० को वार्षिक कार्ययोजनाको दोस्रो त्रयमाससम्मको मूल्याङ्कन र समीक्षा कार्य सम्पन्न भएको छ । चालु आर्थिक वर्षको दोस्रो त्रयमाससम्मको लागि तोकिएको लक्ष्यको तुलनामा बैंकको समग्र कार्यसम्पादन ७७.८७ प्रतिशत रहेको छ । साथै, आर्थिक वर्ष २०७८/७९ को तेस्रो त्रयमास तथा चौथो त्रयमास (वार्षिक) तथा आर्थिक वर्ष २०७९/८० को पहिलो र दोस्रो त्रयमासको बजेट समीक्षा प्रतिवेदन तयार गरिएको छ ।

१४७. वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखा (Financial Inclusion and Consumer Protection Division) तथा सम्पत्ति शुद्धीकरण

निवारण सुपरिवेक्षण महाशाखा (Money Laundering Prevention Supervision Division) स्थापनाका लागि O&M Survey सम्पन्न भई महाशाखा स्थापना भएको छ।

## सूचना प्रविधि

१४८. सुपरिवेक्षकीय सूचना प्रणाली (Supervisory Information System-SIS) नेपाल राष्ट्र बैंकलाई हस्तान्तरण भएको छ । त्यस्तै, बैंकमा रहेको सूचना सुरक्षालाई थप मजबुत बनाउन Security Information and Event Management (SIEM) System स्थापना गरी सञ्चालनमा ल्याइएको छ।

१४९. कानुन महाशाखाको लागि तमसुक व्यवस्थापन गर्न Loan Deed Management System विकास गरी सञ्चालनमा ल्याइएको छ भने Foreign Exchange Online (FXOL) System लाई आवश्यकताअनुसार परिमार्जनसहित स्तरोन्नति गरिएको छ । साथै, SWIFT System को Customer Security Program (CSP) Independent Assessment सम्पन्न गरिएको छ।

१५०. यस बैंकमा सञ्चालनमा रहेको कम्प्युटर नेटवर्कलाई थप परिष्कृत गरी नेटवर्क पूर्वाधार अद्यावधिक गरिएको छ भने बैंकको डाटा सेन्टरमा भएका सर्भर उपकरणहरू अद्यावधिक गरी आवश्यकताअनुरूप नयाँ Virtual सर्भर सञ्चालनमा ल्याइएको छ । त्यस्तै, बैंकमा सञ्चालनमा रहेको सर्भर, Database तथा अन्य उपकरणहरूको नियमित Backup गर्ने र आवश्यकताअनुरूप तथ्याङ्क पुनर्स्थापन तथा पुनःप्राप्ति गर्ने गरिएको छ।

## कानुनी कामकारबाही

१५१. यस बैंकको निर्देशन उल्लङ्घन गरेका कारण बैंक तथा वित्तीय संस्था र त्यसमा संलग्न पदाधिकारीलाई यस बैंकले गरेका कारबाहीको निर्णयमा चित्त नबुझाई पुनरावेदन गरेका र यस बैंकलाई समेत विपक्षी बनाई विभिन्न अदालतमा दायर भएका चालु आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्ममा (प्रदेशस्थित कार्यालयसँग सम्बन्धितसमेत गरी) २३२ वटा चालु मुद्दाहरू रहेका छन् । सोही अवधिमा ५० वटा मुद्दाको फैसला भएको छ र तीन वटा मुद्दा दामासाहीसम्बन्धी रहेको छ।

१५२. मुद्दा मामिलासम्बन्धी कागजातलाई Litigation Management Software (LMS) मार्फत डिजिटाइजेसन प्रक्रियामा लगिएको छ । त्यस्तै, कर्मचारी सापटीसम्बन्धी कागजातलाई डिजिटाइजेसन प्रक्रियामा लान Tamsuk Management Software (TMS) परीक्षणको क्रममा रहेको छ।

## अध्ययन/अनुसन्धान/तालिम/सम्मेलन

१५३. A Survey Report on Foreign Direct Investment in Nepal (2020/21) अध्ययन सम्पन्न गरी प्रतिवेदन प्रकाशन गरिएको छ । सुदूरपश्चिम तथा कर्णाली प्रदेशमा प्रादेशिक वित्तीय संस्थाको उपस्थितिसम्बन्धी अध्ययन सम्पन्न भएको छ । नियमित रूपमा प्रादेशिक र एकीकृत आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरी सार्वजनिक गरिएको छ। त्यस्तै, त्रैमासिक रूपमा मुद्रास्फीति अपेक्षा सर्वेक्षण सम्पन्न गरी प्रतिवेदन सावर्जनिक गरिएको छ।

१५४. Currency Demand Forecasting, Study on Informal Economy of Nepal र लघुवित्त वित्तीय संस्थाले वाणिज्य बैंकको वित्तीय प्रतिनिधिको रूपमा कार्य गर्न सक्ने विषयक अध्ययनहरू सम्पन्न भइसकेका छन्।

१५५. Database on Nepalese Economy नेपाल राष्ट्र बैंकको वेबसाइटमार्फत सार्वजनिक गरी नियमित रूपमा तथ्याङ्क अद्यावधिक भइरहेको छ । साथै, कुल गार्हस्थ्य उत्पादन वृद्धिको प्रक्षेपणको लागि GDP Nowcasting Model निर्माण गरी प्रयोग गर्न थालिएको छ। त्यसै गरी, मुद्रास्फीति, विप्रेषण, कर्जा, निक्षेपलगायतका बृहत् अर्थतन्त्रका चरहरूको प्रक्षेपणको लागि univariate तथा multivariate model निर्माण गरिएको छ।

१५६. पहिलो पटक सम्पन्न गरिएको वित्तीय साक्षरताको आधार सर्वेक्षणको प्रतिवेदन सार्वजनिक गरिएको छ । यस प्रतिवेदनबाट नेपालको वित्तीय साक्षरता अवस्थाको जानकारी लिन सजिलो भएको छ ।

१५७. नेपालमा केन्द्रीय बैंक डिजिटल मुद्राको सम्भाव्यता सम्बन्धमा गरिएको प्रारम्भिक अध्ययनको प्रतिवेदन तयार गरी सार्वजनिक प्रतिक्रियाको लागि बैंकको वेबसाइटमा प्रकाशन गरिएको छ ।

१५८. अन्तर्राष्ट्रिय मुद्रा कोषको सहयोगमा नेपालको वित्तीय क्षेत्र स्थायित्व पुनरावलोकन (Financial Sector Stability Review-FSSR) गर्ने कार्य सम्पन्न भई उक्त संस्थाबाट प्रारम्भिक प्रतिवेदन प्राप्त भएको छ ।

१५९. Human Resource Management Practices in NRB विषयक अध्ययन सम्पन्न भएको छ ।

१६०. Cloud Computing Feasibility Study सम्बन्धी अध्ययन सम्पन्न गरिएको छ ।

१६१. २०७९ वैशाखदेखि फागुन मसान्तसम्ममा बैंकर्स प्रशिक्षण केन्द्रले नियमिततर्फ २३ वटा र अतिरिक्त १२ वटा गरी जम्मा ३५ वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ । यी तालिममा १,१८८ जना प्रशिक्षार्थीको सहभागिता रह्यो । त्यस्तै, २०७९ वैशाख १ देखि २०७९ फागुन मसान्तसम्ममा कुल ३५० जना कर्मचारीलाई अनलाइन माध्यमबाट र ३६४ जना भौतिक रूपमा वैदेशिक तालिम, सेमिनार, बैठकलगायतका कार्यक्रममा सहभागी भएका छन् ।

१६२. समीक्षा अवधिमा निरन्तर रूपमा डिजिटल वित्तीय चेतना अभिवृद्धि कार्यक्रम तथा समसामयिक विषयमा ज्ञान आदानप्रदान कार्यक्रम सञ्चालन भएका छन् । आर्थिक अनुसन्धान विभागमा त्रैमासिक रूपमा Research Meet कार्यक्रम हुँदै आएको छ । साथै, मुलुकमा वित्तीय चेतना अभिवृद्धि गर्ने उद्देश्यले तयार गरिएका छ वटा एनिमेटेड श्रव्यदृष्य सामग्रीहरू प्रसारण भइरहेका छन् भने १५ वटा डिजिटल ब्यानरहरू तयार गरिएको छ । त्यस्तै, कोशी प्रदेश, मधेस प्रदेश र सुदुरपश्चिम प्रदेशमा गरी जम्मा तीन वटा प्रदेशमा डिजिटल वित्तीय साक्षरता कार्यक्रम सम्मन्न भएको छ । 'Plan your money, plant your future' भन्ने मूल नाराका साथ २०७९ चैत ६ देखि १२ सम्म 'Global Money Week-2023' भव्यताका साथ देशभर मनाइएको छ ।

१६३. यस बैंकमा कार्यरत कर्मचारीको क्षमता विकासको लागि नेशनल बैंकिङ इन्स्टिच्युट, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, नेपाल चार्टर एकाउन्टेन्ट्स संस्था, नेपाल व्यवस्थापन संघलगायतका विभिन्न संस्थाले प्रदान गरेका तालिममा २०७९ वैशाख १ देखि २०७९ फागुन मसान्तसम्म १६५ जना कर्मचारीहरू सहभागी भएका छन् ।

१६४. २०७९ चैत महिनामा The SEACEN Centre सँगको सहकार्यमा यस बैंकले SEACEN Course on Forecasting of Monetary and Financial Stability विषयक अन्तर्राष्ट्रिय तालिम कार्यक्रम काठमाडौंमा सञ्चालन गरेको छ । कर्मचारीको क्षमता विकास गर्ने उद्देश्यले अनलाइन तालिममा सहभागी गराइएको, अधिकृत कर्मचारीलाई तालिम आवश्यकतासम्बन्धी सर्वेक्षण गरिएको तथा यस बैंकको सुपरिवेक्षकीय क्षमता अभिवृद्धि गर्न Toronto Centre सँगको सहकार्यमा तीन वर्षको लागि लक्षित नौ वटा तालिममध्ये यस वर्ष आयोजना गरिएका दुई कार्यक्रमसमेत गरी हालसम्म सात वटा तालिम सम्पन्न भइसकेका छन् ।

### अन्तर्राष्ट्रिय सम्बन्ध

१६५. सन् २०२२ सेप्टेम्बर ५-८ मा जोर्डनको डेड सी मा आयोजित AFI को 'ग्लोबल पोलिसी फोरम, २०२२' मा अवसरमा South Asia Region Financial Inclusion Initiative (SAFFII) Charter मा नेपाल सहभागी भएको छ । नेपाल राष्ट्र बैंकसहित छ वटा एसियाली मुलुकका केन्द्रीय बैंक र वित्तीय नियमन तथा अनुगमनकारी संस्था गरी सात वटा संस्था आबद्ध रहेको SARFII मा सन् २०२२ देखि २०२४

का लागि नेपाल पहिलो उपाध्यक्ष चयन भएको छ।

१६६. IMF Article IV Conslultation Team तथा Extended Credit Facility (ECF) Mission को First Review २०२३ फेब्रुअरी १५ देखि २८ सम्म काठमाडौंमा सम्पन्न भएको छ।

१६७. यस बैंक तथा Alliance for Financial Inclusion (AFI) को संयुक्त आयोजनामा AFI को दुई वटा विषयगत कार्यसमूह Inclusive Green Finance Working Group (IGFWG) तथा SME Finance Working Group (SMEFWG) को आठौं र बीसौं संस्करणको बैठक २०७९ फागुनमा काठमाडौंमा सम्पन्न भएको छ। बैठकमा ४१ मुलुकका केन्द्रीय बैंक र वित्तीय क्षेत्रका अन्य नियामक निकायका ८० जनाभन्दा बढी प्रतिनिधिहरू सहभागी थिए। उक्त बैठकमा साना तथा मझौला उद्यम/व्यवसायमार्फत जलवायु परिवर्तनबाट सिर्जित चुनौतीलाई सम्बोधन गर्न अवलम्बन गर्न सकिने नीतिगत अभ्यास र भावी कार्यदिशाका सन्दर्भमा छलफल भएको थियो।

## विविध

१६८. Alliance for Financial Inclusion को वित्तीय तथा प्राविधिक सहयोगमा निर्माण तथा संशोधन गरिएको Financial Literacy Framework, 2022 जारी भएको छ।

१६९. विद्यार्थीहरूमाझ वित्तीय साक्षरता प्रवर्द्धन गर्ने उद्देश्यले नुवाकोट, सिन्धुपाल्चोक र उदयपुर जिल्लामा 'विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम' सम्पन्न भएको छ।

१७०. यस बैंकको सञ्चालक समितिको मिति २०७९/०३/१५ को निर्णयानुसार मिति २०७९/०४/०१ देखि गभर्नरको कार्यालयअन्तर्गत 'वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखा (Financial Inclusion and Consumer Protection Division)' स्थापना भई यसअघि बैंक तथा वित्तीय संस्था नियमन विभागअन्तर्गत रहेको वित्तीय ग्राहक संरक्षण इकाई सोही मितिबाट उक्त महाशाखाअन्तर्गत स्थानान्तरण भई सञ्चालनमा आएको छ। वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले अनलाइन पोर्टल, इमेल, लिखित निवेदन तथा टेलिफोन र हेलो सरकारमार्फत २०७९ वैशाखदेखि फागुन मसान्तसम्म २,०८३ वटा गुनासो प्राप्त भएकोमा १,८४६ वटा समाधान भई २६७ वटा समाधानको प्रक्रियामा रहेका छन्।

१७१. वित्तीय ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापन कार्यविधि, २०७७ मिति २०७९ मङ्सिरमा पहिलो संशोधन गरी लागू गरिएको छ।

## अन्त्यमा,

१७२. अर्थतन्त्रको बाह्य क्षेत्रमा सुधारसँगै तरलता व्यवस्थापन सहज भए तापनि अन्तर्राष्ट्रिय कारणले गर्दा मूल्यमा परेको दबाब अझै कायम छ। गत वर्षभन्दा व्यापार घाटामा केही कमी आएको, विप्रेषण प्रवाहमा वृद्धि र पर्यटन क्षेत्रमा आएको सुधारका कारण शोधनान्तर स्थिति पनि बचतमा रहन थालेकोले अघिल्लो वर्षको तुलनामा अर्थतन्त्रको बाह्य क्षेत्रलगायत बैंकिङ क्षेत्रको तरलतामा पनि सुधार आएको देखिन्छ। यद्यपि, विकास खर्च र कर्जा प्रवाहमा कमी आउँदा आर्थिक गतिविधिमा केही शिथिलता आएको छ भने सरकारको राजस्व सङ्कलनमा गिरावट आएको अवस्था छ। बाह्य क्षेत्रको सहजतासँगै बैंकिङ प्रणालीको तरलतामा सुधार भइरहेको र बैंक तथा वित्तीय संस्थाले ब्याजदर घटाउन थालेकाले आन्तरिक आर्थिक गतिविधि सुधार हुँदै जाने देखिन्छ। यसलगायत राजस्व चुहावट नियन्त्रणमा अपनाइएको थप सक्रियताका कारण राजस्व सङ्कलनमा सुधार हुने अपेक्षा छ।

१७३. नेपाली अर्थतन्त्र बढी आयात र विप्रेषणमा निर्भर रहेकोले विश्व अर्थतन्त्रको प्रभाव सामना गर्दै आन्तरिक सन्तुलन कायम राख्ने कार्य चुनौतीपूर्ण छ। तथापि, **वित्तीय स्थायित्व कायम राख्दै समष्टिगत आर्थिक स्थिरता कायम राख्ने कार्यमा राष्ट्र बैंक सदैव प्रतिबद्ध** छ। बैंकिङ क्षेत्रको स्रोत साधनलाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्नुपर्ने आवश्यकता

छ । अर्थतन्त्रको दीर्घकालीन सुधारका लागि समग्र उत्पादन र उत्पादकत्व बढाउनेतर्फ क्रियाशील हुन सम्पूर्ण सरोकारवालालाई अपिल गर्दछु ।

१७४. यस बैंकको उद्देश्य प्राप्तिमा संलग्न सबै कर्मचारीहरू धन्यवादका पात्र हुनुहुन्छ । वार्षिकोत्सवको यस गरिमामय अवसरमा बैंकका सम्पूर्ण कर्मचारी र अन्य सम्बद्ध सबैलाई हार्दिक शुभकामना व्यक्त गर्दै यस बैंकको उद्देश्य प्राप्तिमा आगामी दिनमा अझ क्रियाशील हुँदै बैंकको गरिमा उच्च राख्ने गरी यस बैंकको तर्फबाटसेवा प्रदान गर्न/गराउन सम्पूर्ण कर्मचारीहरूलाई निर्देश गर्दछु ।

१७५. वार्षिकोत्सवको अवसरमा २० वर्षे सेवा उपहारबाट सुशोभित हुनुहुने कर्मचारी मित्रहरूलाई बधाई ज्ञापन गर्दै वहाँहरूको बैंकप्रतिको समर्पणको सम्मान गर्दछु । नेपाल राष्ट्र बैंकले ६८औं वार्षिकोत्सवका अवसरमा पहिलो पटक 'उत्कृष्ट सेवा पुरस्कार' सुरु गरेको छ । यस अवसरमा पुरस्कृत हुने सम्पूर्ण कर्मचारीलाई हार्दिक बधाई ज्ञापन गर्दछु । यसै गरी सबैभन्दा बढी रेमिट्यान्स भित्र्याउने र डिजिटल कारोबार गर्ने संस्थालाई पनि यस अवसरमा सम्मान गर्ने अभ्यासको सुरुआत गरिएको छ । उहाँहरूलाई पनि बधाई ज्ञापन गर्दछु । बैंकको ६८औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित आर्थिक लेख, खेलकुद, बाल चित्रकलालगायतका विभिन्न प्रतियोगिताका विजेतालाई पनि हार्दिक बधाई ज्ञापन गर्दछु ।

१७६. यस बैंकको कामकारबाहीमा निरन्तर सहयोग गर्ने नेपाल सरकारका विभिन्न निकाय, बैंक तथा वित्तीय संस्था, निजी क्षेत्रका संघसंस्था, सञ्चार क्षेत्र, प्रबुद्ध वर्ग, दातृ निकायलगायतका अन्तर्राष्ट्रिय संघ संस्था र सर्वसाधारण सबैमा यस अवसरमा धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा पनि सम्बद्ध सबै पक्षबाट बैंकलाई निरन्तर सहयोग प्राप्त हुनेमा विश्वस्त छु ।

धन्यवाद !

१४ वैशाख २०८०

•••

# नेपाली खण्ड

# नेपालको बैंकिङ क्षेत्रः विद्यमान अवस्था र आगामी कार्यदिशा

■ डा. प्रकाशकुमार श्रेष्ठ*

## १. विषय प्रवेश

अर्थतन्त्रमा बैंकिङ क्षेत्रले मुख्यतया वित्तीय मध्यस्थताको काम गर्दछ। बचतकर्तासँग बचत सङ्कलन गरी लगानीकर्ताको लागि कर्जाको रूपमा वित्तीय साधन उपलब्ध गराउँछ। यसले गर्दा अर्थतन्त्रमा पुँजी निर्माण भई उत्पादन, रोजगारी, आम्दानी बढेर समग्र आर्थिक वृद्धिमा टेवा पुग्छ। तसर्थ, बैंकिङ क्षेत्रको विकासको लागि सबै देशले प्राथमिकता दिने गर्दछन्। हुनत वित्तीय मध्यस्थताको काम बैंकिङ क्षेत्रबाहेक पुँजी बजार र सम्झौतित बचत सङ्कलन गर्ने संस्थाले पनि गर्दछन्। तर यिनीहरूले बैंकिङ क्षेत्रको कार्यलाई प्रतिस्थापन नै गर्न भने सक्दैनन्। बैंकिङ प्रणालीमा बचत र कर्जासँगै भुक्तानी प्रणाली सञ्चालनका साथै निक्षेप र कर्जा सिर्जना गर्ने क्षमता रहेको हुन्छ।

नेपालमा वित्तीय उदारीकरणको नीति अवलम्बन गरेपछि बैंकिङ क्षेत्रको तीव्र विकास हुन गयो। यस क्षेत्रमा निजी क्षेत्रले उत्साहजनक सहभागिता जनायो। बैंकिङ क्षेत्रभित्र रहेका वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी र लघुवित्त वित्तीय संस्थाको संख्यात्मक विस्तार तीव्र रूपमा हुन पुग्यो। बैंकिङ क्षेत्रको विस्तारको रफ्तारअनुसार समग्र अर्थतन्त्र बढ्न नसकेको हुँदा २०६८ सालदेखि नेपाल राष्ट्र बैंकले बैंकिङ संस्थालाई मर्जर गर्ने नीति अख्तियार गरी 'बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिनेसम्बन्धी विनियमावली, २०६८' जारी गरेर बैंकिङ क्षेत्रलाई सुदृढीकरण गर्ने काम सुरु गऱ्यो। यसपछि बैंक तथा वित्तीय संस्थाहरू क्रमशः मर्जरतर्फ जान थाले।

मर्जर प्रक्रियाका कारण कुनै बेला ३२ वटासम्म पुगेका वाणिज्य बैंकहरू अहिले २० वटामा, ९० वटा पुगेका विकास बैंकहरू १७ वटा, ७९ वटा पुगेका वित्त कम्पनीहरू १७ वटा, ९१ पुगेका लघुवित्त वित्तीय संस्थाहरू ६४ वटामा सीमित भएका छन्। मर्जरको प्रक्रिया अझै जारी रहेको छ। यो परिवेशमा बैंकिङ क्षेत्रको अबको कार्यदिशा के हुने र के हुनुपर्दछ भन्ने सन्दर्भमा बहस हुनुपर्दछ। यस क्षेत्रमा देखा परेका कमीकमजोरी र यस क्षेत्रले अर्थतन्त्रको समग्र विकासमा पुऱ्याउनुपर्ने योगदानको सम्बन्धमा छलफल भई निश्चित कार्यदिशा अवलम्बन गर्नुपर्ने आवश्यकता छ। यस क्षेत्रको दिगोपना र समग्र वित्तीय स्थायित्वको लागि सही कार्यदिशा अङ्गीकार गर्न जरुरी देखिएको छ। यो लेख यसै सन्दर्भमा केन्द्रित रहेको छ।

## २. बैंकिङ क्षेत्रको विद्यमान अवस्थाको विवेचना

बैंकिङ क्षेत्रको विद्यमान अवस्थाबारे यहाँ केही चित्रण गर्न खोजिएको छ। अवस्थाको विश्लेषणले नै अब लिनुपर्ने कार्यदिशाबारे मार्गदर्शन गर्न सक्छ।

(क) बैंकिङ क्षेत्रको तीव्र विस्तारपछि हाल सुदृढीकरणको अवस्थामा छ। माथि उल्लेख गरेझैं नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त वित्तीय संस्थाको संख्या घट्दै गएको छ। लघुवित्त वित्तीय संस्थाहरूको थप मर्जर आवश्यक भए पनि अन्य बैंकिङ संस्थामा एकाधिकारसहित ज्यादै ठूलो आकार हुने गरी थप मर्जरलाई पनि राम्रो नठानिएला। तथापि शाखा संख्यामा उल्लेख्य विस्तार भएको छ। २०७९ पुस मसान्तसम्म वाणिज्य बैंकका ५०२९, विकास बैंकका ११२८, वित्त कम्पनीका २८० र लघुवित्तका ५१५१ शाखाहरू देशभरमा सञ्चालित छन्। यसले गर्दा सहरी र अर्धसहरी क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको उपस्थिति बाक्लै रहेको छ।

(ख) शाखा संख्यामा तीव्र विस्तार भए पनि नेपालको पहाडी र हिमाली क्षेत्रमा छरिएर रहेको पातलो बस्तीका कारण सबै ठाउँ अझै बैंकिङ सेवाको उपलब्धता भने सहज हुन सकेको छैन। त्यस्तै, सहरी र तराइका क्षेत्रमा वित्तीय साक्षरताको कमी

* कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक

र विद्यमान बैंकिङ पद्धतिका कारण ठूलो तप्काले औपचारिक बैंकिङ सेवा प्राप्त गर्न सकिरहेको छैन। साहु महाजन, साथीभाइ र मिटर ब्याजीमार्फत वित्तीय आवश्यकता खास गरी कर्जाको आवश्यकता पूरा गर्नुपर्ने अवस्था अझै छ।

(ग) ठूला सहरमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त बैंकिङ संस्थाका अतिरिक्त ठूलै संख्यामा पाइलैपिच्छे जस्तो बचत तथा ऋण सहकारी संस्थाहरू सञ्चालनमा छन्। यिनीहरूले पनि बैंकिङ संस्थाले गर्ने मुख्य र आधारभूत कार्यका रूपमा रहेको बचत परिचालन र कर्जा प्रवाहको कार्य गरिरहेका छन्। यसले के देखाउँछ भने सञ्चालनमा रहेका इजाजतपत्रप्राप्त बैंकिङ संस्थाले सबै तप्काका मानिसहरूको बैंकिङ सेवाको मागलाई पूरा गर्न सकिरहेका छैनन्। घरघर वा पसलपसलमा गएर नियमित सानोतिनो बचत सङ्कलन गर्ने र आवश्यकता पर्दा सहजै कर्जा प्रदान गर्ने हुँदा ठूलो संख्यामा मानिसले सहकारीमा कारोबार गर्दछन्। बचत तथा ऋण सहकारीहरूको कडा नियमन र सुपरिवेक्षण गर्ने संरचना र व्यवस्था नभएको हुँदा गैरकानुनी रूपले कमाएको आय बचत गर्ने स्थानको रूपमा पनि सहकारी रहेको पाइन्छ। यसले गर्दा पनि सहर बजारमा च्याउसरी सहकारी संस्था सञ्चालनमा रहेका छन्। यिनीहरूले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त संस्थाविरुद्ध दरिलो प्रतिस्पर्धा सिर्जना गरेका छन्। तर, कोभिड-१९ पछि अर्थतन्त्रमा तरलतामा कमी आउँदा यी संस्था पनि समस्यामा परेका छन्। परिचालित बचतबाट प्रवाहित कर्जा वा सहकारी संस्था आफैँले घरजग्गामा लगानी गरेका तर अहिले घरजग्गा कारोबारमा शिथिलता आएका कारण धेरैजसो ठूला सहकारीमा समस्या देखापरेका छन्। बैंक तथा वित्तीय संस्था जस्तो नेपाल राष्ट्र बैंकबाट तरलता सुविधा सहकारीहरूले नपाउने हुँदा तरलताको अभावमा बचतकर्ताको बचत भुक्तानी गर्न असमर्थ भएका घटनाहरू देखापरेका छन्।

(घ) बैंकिङ विस्तार तीव्र भए पनि अझै कर्जामा पहुँच पर्याप्त छैन। वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीमा गरेर २०७९ पुस मसान्तसम्म जम्मा १८ लाख ३३ हजार कर्जा खाता संख्या रहेको छ। यो संख्याले सो समयसम्म रु.४८ खर्ब ३८ अर्ब जति कर्जा उपयोग गरेको छ। हालै नेपाल राष्ट्र बैंकले गरेको वित्तीय साक्षरताको आधार सर्वेक्षणले ४६ प्रतिशत वयस्क मानिसहरूले मात्र कुनै न कुनै संस्थाबाट कर्जा उपयोग गरेका छन्। नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त लघुवित्तबाहेकका बैंकिङ संस्थाबाट कर्जा लिने वयस्क जनसंख्या जम्मा १८ प्रतिशत रहेको छ। यसले के देखाउँछ भने उपलब्ध ठूलो मात्राको वित्तीय साधन कर्जाको रूपमा केही सीमित व्यक्तिमा केन्द्रीकृत रहेको छ।

(ङ) नेपालको बैंकिङ क्षेत्रमा पछिल्ला वर्षमा शाखा संख्या मात्र होइन कर्जा र निक्षेप परिचालन पनि व्यापक रूपमा बढेको छ। शाखा विस्तारसँगै नेपाली अर्थतन्त्र तीव्र रूपमा वित्तीयकरण भएको छ। वाणिज्य बैंक, विकास बैक र वित्त कम्पनीहरूको निक्षेप सङ्कलन १० वर्षअगाडि २०६८/६९ मा रु.१० खर्ब १२ अर्ब रहेको थियो, जुन त्यो वर्षको कुल गार्हस्थ्य उत्पादनको ५७ प्रतिशत थियो। २०७९ असारमा आइपुग्दा ती संस्थाको निक्षेप पाँच गुणाले बढेर रु.५० खर्ब ८३ अर्ब पुगेको छ, जुन कुल गार्हस्थ्य उत्पादनको १०५ प्रतिशत हो। त्यस्तै, निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा पनि सो समयअवधिमा छ गुणाले बढ्न गयो र रु.८ खर्ब १० अर्बबाट बढेर रु.४६ खर्ब ८९ अर्ब पुग्यो। कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सो अवधिमा निजी क्षेत्रमा प्रवाहित कर्जा ५० प्रतिशतबाट बढेर ९७ प्रतिशत पुग्यो। सो अवधिमा ऋण खाता संख्या सात लाख ८२ हजारबाट बढेर १८ लाख ३३ हजार पुग्यो जुन २.३ गुणाले बढी हो। यसरी ऋणीहरूको संख्या भन्दा कर्जाको मात्रा बढ्दा कर्जा केन्द्रीकरण हुन र ऋणग्रस्तता बढ्न पुगेको देखिन्छ। कर्जा प्रवाह बढेअनुरूप उत्पादन र रोजगारी बढेर आर्थिक वृद्धिदर बढ्न सकेको छैन।

(च) सन् २०२० को सुरुआतसँगै विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ महामारीले गर्दा अर्थतन्त्र

लामो समयसम्म बन्दाबन्दीको स्थितिमा रह्यो । आर्थिक कारोबारहरू ठप्प भए । सुरुको समयमा कर्जा प्रवाहको वृद्धिदरमा पनि केही कमी आयो । आर्थिक वर्ष २०७६/७७ मा निजी क्षेत्रतर्फ जाने कर्जा प्रवाह अघिल्लो आर्थिक वर्षको १९.१ प्रतिशतको वृद्धिको तुलनामा १२.६ प्रतिशतले मात्र बढ्यो । कर्जाको मागमा आएको कमी, कोभिडको समयमा पनि विप्रेषण आप्रवाह बढेको र कोभिड-१९ बाट प्रभावित व्यवसायलाई राहत दिन भनेर मौद्रिक नीतिमा गरिएको लचकता र ठूलो मात्रामा पुनरकर्जा प्रवाह गरिएकोले अर्थतन्त्रमा ब्याजदर घटेका कारण कोभिड-१९ को संक्रमण कम भई अर्थतन्त्र पुनरुत्थानतर्फ जाँदा कर्जा प्रवाहमा तीव्र विस्तार भयो । आर्थिक वर्ष २०७७/७८ मा निजी क्षेत्रमा प्रवाहित कर्जा २६.३ प्रतिशतले बढ्यो । कोभिड-१९ बाट उद्धार र पुनरुत्थान गर्न भनेर सहज ढङ्गले कर्जा प्रवाह गर्दा अधिकांश ऋणीले उपलब्ध कर्जा घरजग्गा र सेयर बजारमा लगानी गर्न पुगे । कोभिडको समय अधिकांश उद्यम व्यवसायहरू शिथिल भएको बेला घरजग्गा र सेयर बजारमा उछाल आउन पुग्यो । यसबाट कतिपयले मनग्य आम्दानी गर्न पुगे, जसले गर्दा विलासिताका वस्तुको उपभोग बढ्यो । जसका कारण तीव्र कर्जा विस्तारसँगै आयात पनि बढ्न पुग्यो । फलस्वरूप २०७८/७९ मा आएर रु.२५५ अर्बबराबरको शोधनान्तर घाटा हुन पुग्यो र सोअनुरूप विदेशी विनिमय सञ्चिति पनि घट्यो ।

(छ) बाह्य क्षेत्रमा सिर्जना भएको असन्तुलनलाई सम्बोधन गर्न नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिको कार्यदिशामा कडाइ गरेर नीतिगत दरहरू बढायो भने बैंकिङ क्षेत्रमा निक्षेपभन्दा कर्जाको वृद्धिदर उच्च हुँदा तरलता अभाव भई कर्जा तथा निक्षेपका ब्याजदरहरू बढ्न गए । उच्चदरमा ऋण प्रवाह भएको अवस्थामा ब्याजदर वृद्धि हुँदा ऋणीको ब्याजभार बढ्यो । यसै समय शोधनान्तर घाटा कम गर्न लिइएको कडा मौद्रिक नीतिका कारण समष्टिगत मागमा कमी आई व्यापार व्यवसायमा शिथिलता आयो । यसले गर्दा ऋणीले ऋणको साँवा ब्याज भुक्तानी गर्न नसक्दा बैंकिङ क्षेत्रविरुद्ध नारा जुलुस लगाउन थाले । हाल ऋण समयमा भुक्तानी नहुँदा बैंकिङ क्षेत्रको खराब कर्जाको हिस्सा पनि बढ्दै गएको छ । यसले कर्जा जोखिम बढेर गएको देखिन्छ । यसबाट सहज ढङ्गले उच्च ऋण प्रवाहले गर्दा आउन सक्ने समस्याबारे राम्रो पाठ सिकाएको स्थिति छ ।

(ज) लघुवित्त वित्तीय संस्थाबाट कर्जा लिने ऋणीको संख्या २०७९ असारसम्म ३३ लाख ३ हजार पुगेको छ । विगत पाँच वर्ष (२०७४ देखि २०७९ असारसम्ममा) मा लघुवित्तका ऋणी संख्या १७ लाख २७ हजारले बढेका छन् । पाँच वर्षमा ऋणीको संख्या दोब्बरभन्दा बढीले बढेको छ । यो अति नै तीव्र विस्तार हो । यसले नयाँ ऋणी पहिचानभन्दा पनि बहुबैंकिङ तीव्र दरमा विस्तार भएको सङ्केत गर्दछ । ऋणीको संख्या विस्तार भएभैँ उद्यमशीलता र उत्पादन बढेको पाईदैन । बरु, सहज रूपमा ऋण उपलब्धताले गर्दा ऋणग्रस्तता बढेर सामाजिक असन्तोषहरू फैलिएको छ । पछिल्लो समय लघुवितका मूल्य र मान्यताविपरीत नाफा कमाउने नै मुख्य ध्येयका साथ सञ्चालित लघुवित्त संस्थाले सही ढङ्गले ऋणीको छनोट र उनीहरूको उद्यमशील र व्यावसायिक क्षमता वृद्धि नगरी अन्धाधुन्ध ऋण प्रवाह गर्दा हाल लघुवित्त क्षेत्रमा समस्याहरू सिर्जना भएका छन् । अहिलेसम्म करिब शत प्रतिशत ऋण भुक्तानी हुने गरेको थियो । तथापि अब लघुवित्तप्रति बढ्दो नकारात्मक धारणा र ऋणीको ऋण तिर्न सक्ने क्षमता नबढ्दा ऋण नउठ्ने समस्या बढ्दै जाने सम्भावना प्रबल रहेको देखिन्छ ।

(झ) विश्वव्यापी रूपमा भएको सूचना प्रविधिको विकासले बैंकिङ सेवा प्रवाहमा कायापलट ल्याएको छ । नेपालको बैंकिङ क्षेत्रले पनि सूचना प्रविधिलाई व्यापक रूपमा प्रयोग गरेको छ । अहिले धेरै भुक्तानी र बैंकिङ सेवाहरू बैंकका शाखामा भौतिक रूपमा उपस्थित नभइकन पनि गर्न सकिने भएको

छ। तसर्थ, बैंकिङ पहुँच बढाउन भौतिक शाखाहरू आवश्यक नपर्ने स्थिति सिर्जना भएको छ । तर, डिजिटलाइजेसनसँगै साइबर आक्रमणको जोखिम बढ्दो छ, यसबाट ग्राहकहरू ठगिएका घटनाहरू बाहिर आइरहेका छन् । साइबर सुरक्षाको लागि खर्च गर्नुपर्ने अवस्था पनि रहेको छ । अर्कोतर्फ बैंकिङ क्षेत्रको डिजिटलाइजेशनले बैंकिङ सेवा प्रवाह पुऱ्याउन सहज र विस्तारित त भएको छ तर यस्तो सेवा प्रयोग सक्ने क्षमता र जानकारी भने पर्याप्त छैन। युवाहरू अलि बढी डिजिटल बैंकिङमा अभ्यस्त भए पनि प्रौढहरूको ठूलो हिस्सामा यस्तो प्रविधि प्रयोग गर्न सक्ने ज्ञान र जानकारीको अभाव रहेको देखिन्छ । अहिले वित्तीय साक्षरता मात्र होइन डिजिटल वित्तीय साक्षरताको आवश्यकता भइसकेको छ।

(ञ) बैंकिङ क्षेत्र सबैभन्दा बढी नियमन र सुपरिवेक्षणमा रहेको क्षेत्र हो। यो क्षेत्र पारदर्शी पनि छ। यसको आकार बढ्दै गएकाले यस क्षेत्रको नाफाको अङ्कमा अन्य क्षेत्रका उद्योगी/व्यावसायी र सर्वसाधारणको ईर्ष्या लाग्ने गरेको छ। यो क्षेत्रले धेरै नाफा कमाएको आरोप छ। विगतमा यो क्षेत्रको नाफा केही उच्च रहे पनि पछिल्लो समय चुक्ता पुँजीको वृद्धिसँगै नाफाको दरमा कमी आएको छ। वित्तीय स्थायित्वको लागि पनि बैंकिङ क्षेत्रले न्यूनतम नाफा कमाउनु जरुरी हुन्छ। तर, बैंकिङ क्षेत्रको नाफाको स्रोत भनेको वास्तविक क्षेत्रमा हुने आम्दानी हो। उद्योग/व्यवसायले कमाउन सके मात्र बैंकिङ क्षेत्रले ब्याजको रूपमा आम्दानी गर्ने हो। कर्जा प्रदान गरेर उद्योग व्यवसाय सञ्चालन गर्न सहयोग पुऱ्याएबापत उद्योग व्यवसाय क्षेत्रले गर्ने नाफाको केही हिस्सा ब्याजको रूपमा बैंकिङ क्षेत्रले प्राप्त गर्ने हो। तसर्थ, उद्योग व्यवसायहरू नाफामूलक ढङ्गले नफस्टाएसम्म बैंकिङ क्षेत्रको आम्दानी सुनिश्चित हुँदैन।

(ट) बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ अनुसार पाँच प्रकारका बैंकिङ संस्था भए पनि वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीबीच तात्विक भिन्नता छैन। यिनको मुख्य कार्यक्षेत्र समान छन्। खासगरी मुख्य फरक विदेशी मुद्राको कारोबारमा मात्र छ, जुन विकास बैंक र वित्त कम्पनीले गर्न पाउँदैनन् । सबैखाले वाणिज्य बैंकबीच पनि कार्यगत भिन्नता छैन, कुनै विशेष क्षेत्रमा दक्षता रहेको पाईंदैन । कृषि विकास बैंकले आफूलाई कृषि क्षेत्रमा केन्द्रित गरेकोबाहेक वाणिज्य बैंकहरूको पोर्टफोलियो समान नै छ। अर्थतन्त्रमा उत्पादनका विभिन्न क्षेत्रहरू हुन्छन्, जस्तै : कृषि, उद्योग र सेवा। यी क्षेत्रभित्र पनि थुप्रै उपक्षेत्रहरू हुन्छन् । तिनको उत्पादन चक्र र विशेषता फरकफरक हुन्छन् र जोखिमको प्रवृत्ति फरकफरक हुन्छ । अहिले बैंकिङ क्षेत्रले अर्थतन्त्रका क्षेत्रगत विशेषतामा जानकारी र दक्षता हासिल गरेको पाईंदैन। समग्र उत्पादन क्षेत्रलाई एकै ढङ्गले हेर्ने प्रवृत्तिले गर्दा बैंकिङ क्षेत्र तीव्र विस्तार भए पनि अर्थतन्त्रको कुनै पनि उत्पादन क्षेत्र बैंकिङ सेवाबाट पूर्ण सन्तुष्ट छैन। उत्पादन चक्रसँग कर्जा असुलीको तालमेल मिलेको छैन, जसले गर्दा समग्र अर्थतन्त्र उत्पादनशील बन्न सकेको देखिँदैन।

(ठ) उद्योगी/व्यवसायीले बैंक कर्जाको ब्याजदर महँगो भएको गुनासो गरिरहेका हुन्छन् । केही समय ब्याजदर घट्ने गरे पनि सस्तो ब्याजमा प्रवाहित कर्जा उत्पादनमूलक क्षेत्रमा उपयोग भई अर्थतन्त्रमा उत्पादन बढ्न नसक्दा कर्जा प्रवाह बढेसँगै आयात बढ्ने गरेको छ । आयात बढेर शोधनान्तर घाटा भएपछि पुनः बैंकिङ क्षेत्रमा तरलता अभाव भई कर्जाका ब्याजदर बढ्ने गरेका छन् । पक्कै पनि उत्पादनशील गतिविधि बढाउन एकल अङ्कको कर्जाको ब्याजदर आवश्यक हो । तर, वित्तीय साधनको आपूर्ति स्रोतको कमी र उत्पादनशील क्षेत्रमा कर्जा उपयोग गर्ने प्रवृत्तिको कमीले गर्दा बैंकिङ क्षेत्रमा तरलताको उतारचढाव यसरी नै आइरहने हुन्छ। कर्जाको ब्याजदर धेरै बढ्न नदिन बैंकिङ क्षेत्रले आफ्नो कार्यकुशलता बढाएर कम ब्याजदर स्प्रेडमा पनि कर्जा प्रवाह गर्न सक्ने क्षमता विकास गर्नुपर्ने आवश्यकता पनि छ ।

(ड) बैंकिङ क्षेत्रमा तुलनात्मक रूपमा पढेलेखेका कर्मचारीहरू रहेका छन् । खासगरी व्यवस्थापन

शिक्षा हासिल गरेका व्यावसायिक कर्मचारीहरू रहेका छन् । त्यसैले बैंकिङ क्षेत्रले अर्थतन्त्रका अन्य क्षेत्रको लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्छ। पछिल्लो समय मर्जर र प्राप्तिले गर्दा बैंकिङ संस्थाहरूको आकार ठूलो बन्दै गएको छ। यसले जोखिम बहन गर्ने क्षमता बढे तापनि संस्थागत व्यवस्थापनको कुशलता थप विकास गर्नुपर्ने चुनौती थपिएको छ।

## ३. बैंकिङ क्षेत्र : अबको कार्यदिशा

उपर्युक्त विश्लेषणका आधारमा यस क्षेत्रले लिनुपर्ने कार्यदिशालाई प्रस्ट्याउँछ। यथास्थितिमा रहेर बैंकिङ क्षेत्रको दिगोपना कायम हुन कठिन छ । तसर्थ विद्यमान अवस्था र चुनौतीको विश्लेषणसँगै सही कार्यदिशा अपनाउनुपर्ने आवश्यकता छ। त्यसको निम्ति देहायबमोजिमको कार्यदिशा बैंकिङ क्षेत्रले अबलम्बन गर्नुपर्ने देखिन्छ :

(क) अब भौतिक शाखा विस्तारभन्दा पनि डिजिटल प्रविधि प्रयोग गरेर शाखारहित बैंकिङ पहुँच अभिवृद्धिमा जोड दिइनुपर्दछ । लघुवित्त वित्तीय संस्थासँग सहकार्य गरेर पनि सस्तोमा बैंकिङ पहुँच विस्तार गर्न सकिन्छ । कर्जाको अधिकेन्द्रितलाई मध्यनजर राख्दा बैंकिङ क्षेत्रले सर्वसाधारणमा कर्जा पहुँच बढाउन आवश्यक रहेको छ। बैंकिङ क्षेत्रले सञ्चालन लागत घटाएर कम ब्याजदर स्प्रेडमा काम गर्न सक्ने क्षमता विकास गर्नुपर्दछ।

(ख) बैंकिङ संस्थाले अर्थतन्त्रका थुप्रै क्षेत्रहरूमध्ये आफूलाई कुनै एक वा दुई क्षेत्रमा विशिष्टीकृत गराउनुपर्ने आवश्यकता छ। यसले प्रतिस्पर्धात्मक स्थिति कम गर्ने हुन्छ। आफूले केन्द्रीकृत गरेका क्षेत्रको जानकारी प्राविधिक कर्मचारीसमेत राखेर त्यो क्षेत्रको उत्पादन चक्र र अन्तरनिहित फाइदा तथा बेफाइदा केलाएर जोखिम न्यूनीकरण गर्दै सम्बन्धित व्यवसायको विकास हुने गरी कर्जा प्रवाह गर्ने क्षमता र प्रवृत्ति विकास गर्नुपर्दछ।

(ग) वास्तवमा बैंकिङ क्षेत्रको नाफा र दिगोपना वास्तविक क्षेत्रको विकास र विस्तारमा भर पर्दछ। व्यापार र आयातमुखी कर्जाले अल्पकालीन लाभ दिए पनि दीर्घ कालमा अर्थतन्त्र अस्थिर बनाई तरलतामा उतारचढाव ल्याउँछ र बैंकिङ क्षेत्रको स्थायित्वमाथि नै जोखिम सिर्जना गर्दछ। तसर्थ, बैंकिङ क्षेत्रले शुद्ध बचत सङ्कलन कर्जा प्रवाहको परम्परागत काम मात्र गरेर पुग्दैन। अब अर्थतन्त्रमा आर्थिक वृद्धिदर बढाउने गरी नेतृत्वदायी भूमिका निर्वाह गर्न पनि सक्नुपर्छ। यसको लागि अर्थतन्त्रका उत्पादनशील क्षेत्रहरू पहिचान गर्ने, उद्यमशीलता विकासमार्फत ती क्षेत्रमा उद्यमीहरू विकास गर्ने, अर्थतन्त्रका अन्य क्षेत्रमा कार्यरत व्यवसायीको व्यावसायिक र प्राविधिक क्षमता अभिवृद्धिमा सहयोग गर्ने, विभिन्न व्यवसायमा अन्तरनिहित जोखिम न्यूनीकरण गर्न सहयोग पुऱ्याउने र उत्पादनदेखि बजारीकरणसम्मको कार्यमा उद्यमी/व्यवसायीसँग सहकार्य र समन्वय गर्नुपर्ने देखिन्छ।

(घ) मर्जर र प्राप्तिका कारण बैंक तथा वित्तीय संस्थाको आकार ठूलो बन्न पुगेको छ । यस्तो संस्थाको व्यवस्थापन गर्न त्यहीअनुरूपको कर्मचारीको क्षमता विकास गर्नुपर्ने देखिन्छ। आकार ठूलो हुँदै गर्दा केही फाइदा छन् भने केही बेफाइदा पनि छन् । ठूलो संख्यामा रहेका कर्मचारी र शाखा सञ्जालको व्यवस्थापन थप व्यवस्थित हुनुपर्छ। त्यससँगै बढ्दो डिजिटलाइजेशनका कारण सिर्जित जोखिमको व्यवस्थापनमा पनि ध्यान दिनुपर्ने आवश्यकता छ। बैंकिङ पहुँच बढाउन उपयुक्त प्रविधिको प्रयोग र डिजिटल वित्तीय साक्षरताको विस्तारमा पनि बैंकिङ क्षेत्र लाग्नुपर्ने आवश्यकता छ।

(ङ) बाह्य र आन्तरिक अर्थतन्त्रमा आउने उतारचढावले बैंकिङ क्षेत्रलाई लाभ/हानि पुगिरहेको हुन्छ। विश्व र राष्ट्रिय अर्थतन्त्रमा आउने परिवर्तनलाई समयमै विश्लेषण र आँकलन गर्न सकिएमा बेफाइदा र जोखिम कम गर्न सकिने र फाइदा बढी हासिल गर्न सकिने परिवेशमा अर्थतन्त्रको विश्लेषण र अनुमान लगाउन सक्ने अर्थशास्त्रीहरूको समेत व्यवस्था गरी बैंकिङ व्यवसाय सञ्चालन गर्नुपर्ने अबको आवश्यकता रहेको छ।

(च) नाफाको लागि अन्धाधुन्ध कर्जा प्रवाह गर्दा

कर्जा जोखिम बढ्ने हुन्छ । तसर्थ, सही ऋणीको पहिचान गर्ने क्षमता विकास गर्न आवश्यक छ । उच्च नाफाको लक्ष्य किटान गरी उच्च दरमा कर्जा प्रवाह गर्दा अर्थतन्त्रमा जोखिम बढ्ने हुन्छ, जसले गर्दा बैंकिङ क्षेत्रको स्थायित्व नै खतरामा पर्दछ । तसर्थ, कर्जा प्रवाहको प्रवृत्ति र प्रकृतिमा आमूल परिवर्तन ल्याउनुपर्ने आवश्यकता छ । अहिले उच्च मात्रामा घरजग्गाको धितोमा कर्जा प्रवाह हुने प्रवृत्तिका कारण अधिक कर्जा घरजग्गामा प्रयोग भई घरजग्गा मूल्यको अत्यधिक बढ्दा नेपालको अर्थतन्त्र 'उच्च लागत अर्थतन्त्र' मा परिणत भएको छ । यसले गर्दा पनि कर्जाको उत्पादनशील प्रयोग हुन सकेको छैन । तसर्थ, नगद प्रवाह र व्यवसाय प्रकृतिको आधारमा परियोजना कर्जा प्रवाह गर्ने क्षमता वृद्धि गरिनुपर्दछ ।

(छ) ऋणीहरू समस्या परेर कर्जा भुक्तानी हुन नसक्दा बैंकिङ क्षेत्र समस्यामा पर्ने हुँदा प्रवाहित कर्जाको नियमित अनुगमन हुनुपर्ने देखिन्छ । प्रलोभनमा परी कर्मचारीले ऋणीलाई कर्जा प्रवाह गर्ने सम्भावना न्यूनीकरण गर्न कर्मचारीको आचरण र व्यवहार सुधार, न्यायोचित तलब-भताको व्यवस्था, क्षमताको विकास, प्रभावकारी अनुगमन र मूल्याङ्कनको दरिलो व्यवस्था गरिनुपर्दछ ।

(ज) बैंकिङ क्षेत्रले अर्थतन्त्रको विकासमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्नेगरी, बदलिँदो परिवेशअनुरूप सिर्जित जोखिमहरू न्यूनीकरण गर्न सहयोगी हुनेगरी नेपाल राष्ट्र बैंकबाट नियमन र सुपरिवेक्षण व्यवस्थालाई थप सुदृढ र प्रभावकारी बनाउँदै लैजानुपर्दछ । कर्जा सूचना केन्द्रको क्षमता विकास र क्रेडिट स्कोरिङ गर्ने व्यवस्थाको विकासको लागि नेपाल सरकार र नेपाल राष्ट्र बैंकले थप भूमिका खेल्नुपर्ने देखिन्छ । यसले गर्दा धितोमुखी कर्जा प्रवाहको प्रवृत्तिमा कमी आई उत्पादनशील कर्जा प्रवाह बढ्ने अपेक्षा गर्न सकिन्छ ।

(झ) लघुवित्त वित्तीय संस्थाहरूमा लघुवित्तको सिद्धान्त र मान्यताबाट विचलन आएका कारण ती संस्थाहरू समस्यामा पर्न थालेको हुँदा यस क्षेत्रको स्थायित्वका निम्ति पुनः त्यस्ता सिद्धान्त र मान्यतालाई सही ढङ्गले अवलम्बन गरेर अघि बढ्नुपर्दछ । अति विपन्न र मध्यम वर्गमा वित्तीय पहुँच विस्तार गर्ने कार्यशैलीमा परिमार्जन गर्नुपर्ने देखिन्छ ।

(ञ) सहकारीमा देखापरेका समस्याका कारण बैंक तथा वित्तीय संस्था र समग्र अर्थतन्त्र पनि प्रभावित हुन सक्ने भएकाले यस क्षेत्रको पनि नियमन र सुपरिवेक्षण बढाउने र सहकारी संस्थाले सहकारी मूल्य, मान्यता र सिद्धान्त अवलम्बन गर्नुपर्दछ । यो क्षेत्र बढी स्वःनियमनमा बस्नुपर्ने र अर्थतन्त्रलाई समावेशी ढङ्गले उत्पादनशील बनाउनेतर्फ प्रयत्नशील रहनुपर्दछ ।

## ४. उपसंहार

नेपालमा वित्तीय उदारीकरणसँगै तीव्र विकास र विस्तार भएको क्षेत्रमा बैंकिङ क्षेत्र पनि पर्दछ । यसको तीव्र विस्तार र विकासका कारण वित्तीय सेवाको पहुँच उल्लेख्य मात्रामा बढेको छ र अर्थतन्त्रमा विविधीकरण आएको छ । अहिले बैंकिङ क्षेत्रले परिचालन गरेको निक्षेप कुल गार्हस्थ्य उत्पादनभन्दा बढी पुगेको छ भने कर्जा प्रवाह पनि कुल गार्हस्थ्य उत्पादनको हाराहारीमा पुगेको छ । बैंकिङ क्षेत्रको विस्तार भएअनुरूप आर्थिक वृद्धिदर बढ्न नसकेको र अर्थतन्त्रको उत्पादनशील रूपान्तरण हुन नसकेको हुँदा बैंकिङ क्षेत्रको वर्तमान अवस्था र कार्यशैलीमा माथि विवेचना गरेझैं केही कमीकमजोरी रहेका छन् ।

आर्थिक वृद्धिदर दरिलो र अर्थतन्त्रको उत्पादनशील रुपान्तरण नभएसम्म बैंकिङ क्षेत्र पनि दिगो रहन नसक्ने र वित्तीय स्थायित्व नै जोखिम रहने हुँदा बैंकिङ क्षेत्रले अब नयाँ कार्यदिशा अवलम्बन गर्नुपर्दछ । यसको लागि सरोकारवाला र विज्ञहरूबीच बहस तथा छलफल गर्न सकिन्छ । बैंकिङ क्षेत्रले अवलम्बन गर्नुपर्ने अबको केही कार्यदिशामाथि प्रस्तुत गरिएको छ । अल्पकालीन उच्च नाफाभन्दा पनि दिगोपना र अर्थतन्त्रको उत्पादनशील रूपान्तरण गर्न माथिका कार्यदिशा सहयोगी हुन सक्छन् । बढी विस्तारित र तुलनात्मक रूप अग्रस्थानमा रहेकोले बैंकिङ क्षेत्रले अर्थतन्त्रका अन्य क्षेत्रलाई नेतृत्वदायी भूमिका निर्वाह गर्ने गरी क्षमता र कार्य प्रवृत्ति विकास गर्ने खालको कार्यदिशा अवलम्बन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

*(लेखमा व्यक्त विचार लेखकका निजी हुन्)*

# ऋण र आर्थिक वृद्धिबीचको कमजोर सम्बन्ध

■ टुलराज बस्याल*

## १. कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को आकार र वृद्धिदर

देशको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) प्रचलित मूल्यमा आ.व.२०७३/७४ मा रु.३० खर्ब ७७ अर्ब १४ करोड रहेकोमा आ.व.२०७८/७९ मा रु.४८ खर्ब ५१ अर्ब ६२ करोड पुगेको छ (स्रोतः आर्थिक सर्वेक्षण, २०७८/७९, अर्थ मन्त्रालय; वर्तमान समष्टिगत आर्थिक तथा वित्तीय स्थिति, २०७८/७९, नेपाल राष्ट्र बैंक) । यस अवधि (२०७४/७५-२०७८/७९) मा प्रचलित मूल्यमा जीडीपी रु.१७ खर्ब ७४ अर्ब ४८ करोड अर्थात् वार्षिक औसत रु.३ खर्ब ५४ अर्ब ९० करोडले बढेको छ । देशको जनसंख्या २०७४ असार मसान्तमा २,८०,८१,७९८ रहेकोमा वार्षिक औसत ०.९७ प्रतिशतले बढ्न गई २०७९ असार मसान्तमा २,९४,७६,९४८पुगेको अनुमान छ।प्रचलित मूल्यमा प्रतिव्यक्ति जीडीपी २०७४ असार मसान्तमा रु.१,०९,५७८ रहेकोमा २०७९ असार मसान्तमा रु.१,६४,५९० पुगी यस अवधिमा रु.५५,०१२ अर्थात् वार्षिक औसत रु.११,००२ ले बढेको छ। यसरी, पाँच वर्षको अवधि (२०७४/७५-२०७८/७९) मा प्रचलित मूल्यमा समग्र जीडीपीको वार्षिक औसत वृद्धिदर ९.५ प्रतिशत रहेकोमा प्रचलित मूल्यमा प्रतिव्यक्ति जीडीपीको वार्षिक औसत वृद्धिदर ८.५ प्रतिशत रहेको छ। पाँच वर्षे यस अवधिमा जीडीपी मूल्य सूचकाङ्कको वार्षिक औसत वृद्धिदर ४.३ प्रतिशत तथा २०६७/६८ को स्थिर मूल्यमा वार्षिक औसत आर्थिक वृद्धिदर ४.३ प्रतिशत रहेको छ। पाँच वर्षमा जनसंख्याको वार्षिक औसत वृद्धिदर ०.९७ प्रतिशत रहेकोले यस अवधिमा प्रतिव्यक्ति आय वार्षिक औसत ३.३ प्रतिशतले बढ्न गएको अनुमान छ।

यस अवधि (२०७४/७५-२०७८/७९) को तुलना यसअघिको पाँचवर्षे अवधि (२०६९/७०-२०७३/७४) सँग गर्दा सर्वप्रथम आ.व.२०६८/६९ मा प्रचलित मूल्यमा जीडीपी रु.१७ खर्ब ५८ अर्ब ३८ करोड थियो जुन आ.व.२०७३/७४ मा रु.३० खर्ब ७७ अर्ब १४ करोड पुग्यो । त्यस अवधि (२०६९/७०-२०७३/७४) मा प्रचलित मूल्यमा जीडीपी रु.१३ खर्ब १८ अर्ब ७६ करोडले अर्थात् वार्षिक औसत रु.२ खर्ब ६३ अर्ब ७५ करोडले बढेको छ । देशको जनसंख्या २०६९ असार मसान्तमा २,६७,५२,६८१ रहेको र वार्षिक औसत जनसंख्या वृद्धिदर ०.९७ प्रतिशतको आधारमा २०७४ असार मसान्तमा जनसंख्या माथि भनिएझैं २,८०,८१,७९८ रहेको अनुमान थियो । प्रचलित मूल्यमा प्रतिव्यक्ति जीडीपी २०६९ असार मसान्तमा रु.६५,७२७ रहेकोमा २०७४ असार मसान्तमा रु.१,०९,५७८ पुगी त्यस अवधिमा रु.४३,८५१ ले अर्थात् वार्षिक औसत रु.८,७७० ले बढेको थियो । यसरी, पाँच वर्षको अवधि (२०६९/७०-२०७३/७४) मा प्रचलित मूल्यमा समग्र जीडीपीको वार्षिक औसत वृद्धिदर ११.८ प्रतिशत रहेकोमा प्रचलित मूल्यमा प्रतिव्यक्ति जीडीपीको वार्षिक औसत वृद्धिदर १०.८ प्रतिशत रहेको थियो । पाँचवर्षे अवधिमा जीडीपी मूल्य सूचकाङ्कको वार्षिक औसत वृद्धिदर ६.५ प्रतिशत तथा २०६७/६८ को स्थिर मूल्यमा वार्षिक औसत आर्थिक वृद्धिदर ४.५ प्रतिशत रहेको थियो । पाँच वर्षको त्यस अवधिमा जनसंख्याको वार्षिक औसत वृद्धिदर ०.९७ प्रतिशतको आधारमा प्रतिव्यक्ति आय वार्षिक औसत ३.५ प्रतिशतले बढ्न गएको थियो (स्रोतः आर्थिक सर्वेक्षण, २०७८/७९, अर्थ मन्त्रालय र वर्तमान समष्टिगत आर्थिक तथा वित्तीय स्थिति, २०७८/७९, नेपाल राष्ट्र बैंक) । यसरी पछिल्लो पाँच वर्षमा अघिल्लो पाँच वर्षको तुलनामा आर्थिक वृद्धिदर र प्रतिव्यक्ति आय वृद्धिदर दुवै घट्न गएको छ।

## २. सरकारी ऋण दायित्वको आकार र वृद्धिदर

नेपालको तिर्नुपर्ने कुल सरकारी ऋण दायित्व २०७४ असार मसान्तमा रु.७०२.५६ अर्ब रहेकोमा त्यसको पाँच वर्षपछि अर्थात् २०७९ असार मसान्तमा रु.२,०१३.३० अर्ब पुगेको छ। यो पाँच वर्ष (२०७४/७५-२०७८/७९) मा

* पूर्व कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक

कुल सार्वजनिक ऋण दायित्वको वार्षिक औसत वृद्धिदर २३.४ प्रतिशत रहेको छ । ऋण दायित्व/जीडीपी अनुपात २०७४ असार मसान्तको २२.८ प्रतिशतबाट २०७९ असार मसान्तमा ४१.७ प्रतिशत पुगेको छ । यसरी, पाँच वर्षको यस अवधिमा जीडीपीको अनुपातमा १८.९ प्रतिशत बिन्दु (वार्षिक औसत ३.७८ प्रतिशत बिन्दु) ले ऋण दायित्व वृद्धि भएको छ । यसको अर्थ पाँच वर्षको यस अवधिमा ऋण दायित्व रु.१,३१०.७४ अर्ब अर्थात् प्रतिवर्ष औसत रु.२६२.१५ अर्बले बढेको छ । त्यस्तै, प्रतिव्यक्ति सरकारी ऋण दायित्व २०७४ असार मसान्तको रु.२५,०१८ बाट यस अवधिमा रु.४३,२८२ वृद्धि भई २०७९ असार मसान्तमा रु.६८,३०० पुगेको छ । यसरी, सरकारी ऋण दायित्व पाँच वर्षमा १७३.० प्रतिशतले बढी वार्षिक औसत वृद्धिदर २२.२ प्रतिशत कायम भएको छ ।

यसअघिको पाँचवर्षे अवधि (२०६९/७०-२०७३/७४) मा प्रचलित मूल्यमा प्रतिव्यक्ति जीडीपी २०६९ असार-मसान्तमा रु.६५,७२७ रहेकोमा २०७४ असार मसान्तमा रु.१,०९,५७८ पुगी त्यस अवधिमा रु.४३,८५१ ले अर्थात् वार्षिक औसत रु.८,७७० ले बढेको थियो । सरकारी ऋण दायित्व २०६९ असार मसान्तमा रु.५२३.२८ अर्ब रहेकोमा त्यसको पाँच वर्षपछि अर्थात् २०७४ असार मसान्तमा रु.७०२.५६ अर्ब पुगेको उल्लेख भइसकेको छ । त्यो पाँच वर्षमा कुल सरकारी ऋण दायित्वको वार्षिक औसत वृद्धिदर ६.१ प्रतिशत रहेको थियो । ऋण दायित्व/जीडीपी अनुपात २०६९ असार मसान्तको २९.८ प्रतिशतबाट २०७४ असार मसान्तमा २२.८ प्रतिशतमा ओर्लेको छ । यसरी, पाँच वर्षको त्यस अवधिमा जीडीपीको अनुपातमा ७.० प्रतिशत बिन्दु (वार्षिक औसत १.४ प्रतिशत बिन्दु) ले ऋण दायित्व घट्न गएको थियो । पाँच वर्षको त्यस अवधिमा प्रचलित मूल्यमा समग्र जीडीपीको वार्षिक औसत वृद्धिदर ११.८ प्रतिशत रहेको तुलनामा सरकारी ऋण दायित्वको वार्षिक औसत वृद्धिदर ६.१ प्रतिशत रहेका कारण ऋण दायित्व/जीडीपी अनुपात ७.० प्रतिशत बिन्दुले घटेको हो । पाँच वर्षको त्यस अवधिमा ऋण दायित्व रु.१७९.२८ अर्ब अर्थात् प्रतिवर्ष औसत रु.३५.८६ करोडले मात्र बढेको छ । त्यस्तै, प्रतिव्यक्ति सरकारी ऋण दायित्व २०६९ असार मसान्तको रु. १९,५६० बाट २०७४ असार मसान्तमा रु.२५,०१८ पुगी पाँच वर्षमा २७.९ प्रतिशतले बढी वार्षिक औसत वृद्धिदर ५.० प्रतिशत कायम रह्यो ।

## ३. ऋण र आर्थिक वृद्धिबीचको कमजोर सम्बन्ध

अध्ययनको पहिलो पाँच वर्षे अवधि (२०६९/७०-२०७३/७४) मा सरकारी ऋण दायित्वको वार्षिक औसत वृद्धिदर ६.१ प्रतिशत रहेको, सरकारी ऋण दायित्व/जीडीपी अनुपात २०६९ असार मसान्तको २९.८ प्रतिशतबाट २०७४ असार मसान्तमा २२.८ प्रतिशतमा ओर्लेको, पाँच वर्षको त्यस अवधिमा ऋण दायित्व रु.१७९.२८ अर्ब अर्थात् प्रतिवर्ष औसत रु.३५.८६ करोडले मात्र बढेको र प्रतिव्यक्ति सरकारी ऋण दायित्व २०६९ असार मसान्तको रु.१९,५६० बाट २०७४ असार मसान्तमा रु.२५,०१८ पुगी पाँच वर्षमा २७.९ प्रतिशतले बढी वार्षिक औसत वृद्धिदर ५.० प्रतिशत मात्र कायम रहेकोले त्यस अवधिमा वित्तीय अनुशासन, मितव्ययिता, निजी क्षेत्रको लागि लगानीमैत्री वातावरणको जगेर्ना, संयमित सरकारी क्षेत्रबाट निजी क्षेत्रको लागि स्रोत र साधनको पहुँच र उपलब्धतामा सहजता र सरलताको अवस्थामा योगदान आदि कारणले अर्थतन्त्रमा साधन र स्रोतको कुशल परिचालन र उपयोगको लागि उपयुक्त वातावरण बन्न गई त्यस अवधिमा वार्षिक औसत आर्थिक वृद्धिदर ४.६ प्रतिशत कायम भएको थियो ।

अध्ययनको दोस्रो पाँचवर्षे अवधि (२०७४/७५-२०७८/७९) मा प्रचलित मूल्यमा प्रतिव्यक्ति जीडीपी २०७४ असार मसान्तमा रु.१,०९,५७८ रहेकोमा २०७९ असार मसान्तमा रु.१,६४,५९० पुगी यस अवधिमा रु.५५,०१२ ले अर्थात् वार्षिक औसत रु.११,००२ ले प्रतिव्यक्ति जीडीपी बढेको छ । सरकारी ऋण दायित्वको वार्षिक औसत वृद्धिदर २३.६ प्रतिशत रहेको, सरकारी ऋण दायित्व/जीडीपी अनुपात २०७४ असार मसान्तको २२.८ प्रतिशतबाट २०७९ असार मसान्तमा ४१.७ प्रतिशतमा विस्तारित भएको, पाँच वर्षको यस अवधिमा ऋण दायित्व रु.१,३१०.७४ अर्ब अर्थात् प्रतिवर्ष औसत रु.२६२.१५ अर्बले बढेको र प्रतिव्यक्ति सरकारी ऋण दायित्व २०७४ असार मसान्तको रु.२५,०१८ बाट २०७९ असार मसान्तमा रु.६८,३०० पुगी पाँच वर्षमा १७३.० प्रतिशतले बढी वार्षिक औसत वृद्धिदर २२.२ प्रतिशत कायम रहेकोले यस अवधिमा

सरकारी वित्त क्षेत्र अव्यवस्थित, बोझिलो र अनियन्त्रित बनेको, वित्तीय अनुशासन र मितव्ययिताको अभाव रहेको, निजी क्षेत्रको लागि लगानीमैत्री वातावरण बन्न नसकेको, निजी क्षेत्रको लागि स्रोत र साधनको सहज र सरल पहुँच र उपलब्धतामा सरकारी क्षेत्रबाट आवश्यक योगदान नमिलेको आदि कारणले अर्थतन्त्रमा साधन र स्रोतको कुशल परिचालन र उपयोगको लागि उपयुक्त वातावरण बन्न नसकी यस अवधिमा वार्षिक औसत आर्थिक वृद्धिदर ४.३ प्रतिशत मात्र कायम हुन सक्यो ।

## ४. प्रतिव्यक्ति ऋण दायित्व र प्रतिव्यक्ति जीडीपी

अध्ययनको पहिलो पाँचवर्षे अवधि (२०६९/७०-२०७३/७४) र दोस्रो पाँच-वर्षे अवधि (२०७४/७५-२०७८/७९) मा प्रचलित मूल्यमा प्रतिव्यक्ति सरकारी ऋण दायित्व र प्रतिव्यक्ति जीडीपीको तथ्याङ्क निम्न तालिकामा प्रस्तुत गरिएको छ *(तालिका १)* ः

तालिका-१ बाट स्पष्ट भएअनुसार २०६९ असार मसान्तदेखि २०७४ असार मसान्तसम्मको पाँच वर्षको अवधिमा प्रतिव्यक्ति सरकारी ऋण दायित्व रु.५,४५८ बढ्दा अरू कुरा यथावत् रहेमा प्रतिव्यक्ति जीडीपी रु. ४३,८५१ बढेको देखिन्छ भने २०७४ असार मसान्तदेखि २०७९ असार मसान्तसम्मको पाँच वर्षको अवधिमा प्रतिव्यक्ति सरकारी ऋण दायित्व रु.४३,२८२ बढ्दा अरू कुरा यथावत् रहेमा प्रतिव्यक्ति जीडीपी रु.५५,०१२ बढेको देखिन्छ । प्रतिव्यक्ति सरकारी ऋण दायित्व वृद्धि रकम र प्रतिव्यक्ति जीडीपी वृद्धि रकम हेर्दा पहिलो पाँच वर्षमा रु.१ ले प्रतिव्यक्ति सरकारी ऋण दायित्व बढ्दा प्रतिव्यक्ति जीडीपी रु.८.०३ ले बढेको तथा पछिल्लो पाँच वर्षमा रु.१ ले प्रतिव्यक्ति सरकारी ऋण दायित्व बढ्दा प्रतिव्यक्ति जीडीपी रु.१.२७ मात्रले बढ्न गएको अन्तरसम्बन्ध रहेको अनुमान गर्न सकिन्छ । त्यसैले, ऋण र आर्थिक वृद्धिबीच अन्तरसम्बन्ध आँकलन गर्न सहज नभए तापनि पछिल्लो पाँच वर्षको तथ्याङ्क हेर्दा यस अवधिमा सरकारी ऋण व्यवस्थापनमा सक्षमता नभएको पुष्टि हुन्छ ।

## ५. ऋण व्यवस्थापनमा जोखिम र सावधानी

आ.व.२०७४/७५ देखि आ.व.२०७८/७९ सम्म पाँच वर्षको अवधिमा ऋण व्यवस्थापनसँग सम्बन्धित केही परिसूचक यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ । यस अवधिमा सरकारी ऋण दायित्वको वार्षिक औसत वृद्धिदर २३.६ प्रतिशत रह्यो भने प्रचलित मूल्यमा जीडीपी वार्षिक औसत ९.५ प्रतिशतले वृद्धि भयो । ऋण सेवाको लागि आधारशीलाको रूपमा काम गर्ने वस्तु तथा सेवा निर्यात भने नेपालमा विगत लामो कालदेखि नै ऋणात्मक रही पाँच वर्षे यस अवधिमा यस्तो घाटा वार्षिक १३.६ प्रतिशतले फराकिलो बन्दै जाने विडम्बनायुक्त स्थिति बनेको छ । यस अवधिमा सरकारको चालु, पुँजीगत तथा कुल खर्चको वार्षिक औसत वृद्धिदर क्रमशः १३.१ प्रतिशत, ०.७ प्रतिशत र ९.१ प्रतिशत थियो । स्मरणीय छ, चालु खर्चको औसत वृद्धिदर १३.१ प्रतिशत रहँदा पुँजीगत खर्चको औसत वृद्धिदर ०.७ प्रतिशत मात्र रहेको छ । यस अवधिमा चालु खर्च र पुँजीगत खर्चको योगमा यी दुई खर्चको अंश (प्रतिशत) निम्न तालिकाबाट स्पष्ट हुन्छ ः

**तालिका–१**

**प्रतिव्यक्ति सरकारी ऋण दायित्व र प्रतिव्यक्ति जीडीपी** (रु. प्रचलित मूल्यमा)

| असार मसान्त | प्रतिव्यक्ति सरकारी ऋण दायित्व | | प्रतिव्यक्ति जीडीपी | |
|---|---|---|---|---|
| | | पाँच वर्षमा वृद्धि रकम | | पाँच वर्षमा वृद्धि रकम |
| २०६९ | १९,५६० | | ६५,७२७ | |
| २०७४ | २५,०१८ | ५,४५८ | १,०९,५७८ | ४३,८५१ (८.०३:१) |
| २०७९ | ६८,३०० | ४३,२८२ | १,६४,५९० | ५५,०१२ (१.२७:१) |

स्रोतः आर्थिक सर्वेक्षण - २०७८/७९, अर्थ मन्त्रालय र वर्तमान आर्थिक तथा वित्तीय स्थिति - २०७८/७९, नेपाल राष्ट्र बैंक ।

**तालिका-२**
**चालु खर्च र पुँजीगत खर्चको योगमा यी दुई खर्चको अंश (प्रतिशतमा)**

| आर्थिक वर्ष | चालु खर्च | पुँजीगत खर्च | चालु र पुँजीगत खर्चको खर्चको योग |
|---|---|---|---|
| २०७४-७५ | ७२.० | २८.० | १००.० |
| २०७५-७६ | ७४.८ | २५.२ | १००.० |
| २०७६-७७ | ८०.६ | १९.४ | १००.० |
| २०७७-७८ | ७८.७ | २१.३ | १००.० |
| २०७८-७९ | ८१.६ | १८.४ | १००.० |

स्रोतः आर्थिक सर्वेक्षण - २०७८/७९, अर्थ मन्त्रालय र वर्तमान आर्थिक तथा वित्तीय स्थिति-२०७८/७९, नेपाल राष्ट्र बैंक ।

चालु खर्चको अंश बढ्ने प्रवृत्तिमा रहनु र पुँजीगत खर्चको अंश घट्ने प्रवृत्तिमा रहनुले सालबसाली खर्च विस्तार हुँदै जाने तथा पुँजी निर्माण र विकास निर्माणको गतिविधि क्रमिक रूपले सङ्कुचित हुँदै जाने क्रमले देशको भावी विकासको परिदृश्य कमजोर बन्दै जाने देखिन्छ । यसरी, सरकारी वित्त क्षेत्रका अनुत्तरदायी निर्णयले भावी पुस्ताको काँधमा आर्थिक विकासविनाको ऋणको थाम्नै नसक्ने भार थप्ने काम हुनु वर्तमान पुस्ताको विवेकी काम हुन सक्दैन ।

विगत १० वर्षको अवधि (२०६९/७०-२०७८/७९) मा वस्तु तथा सेवा निर्यातको वार्षिक औसत वृद्धिदर ७.६ प्रतिशत रहेको छ भने आयात र व्यापार घाटाको यस्तो वृद्धि प्रतिशत क्रमशः १४.७ प्रतिशत र १६.८ प्रतिशत रही व्यापार असन्तुलन विस्तार हुने क्रम बढ्दै गएको छ (तालिका-३ (क) ।

प्रचलित मूल्यको जीडीपीको अनुपातमा विगत १० वर्षमा निर्यात -२.२ प्रतिशत बिन्दुले घटेको छ भने आयात तथा व्यापार घाटा क्रमशः १२.३ प्रतिशत र १४.५ प्रतिशत बिन्दुले बढेको छ (तालिका-३ (ख) ।

त्यसैले, गार्हस्थ्य उत्पादन, निर्यात र आयातको परिमाण र दिशामा आधारभूत परिवर्तन ल्याई अर्थतन्त्रले दिगो रूपमा धान्न सक्ने गरी देशको विकास र व्यापार नीतिमा रूपान्तरण गर्नु अपरिहार्य छ । यस्तो रूपान्तरणले मात्र सरकारी ऋण व्यवस्थापनमा कुशलता, सक्षमता, सुदृढता, उपादेयता, प्रभावकारिता र नियमितता सुनिश्चित हुन जान्छ ।

सन् २०२१ मा जीडीपीको तुलनामा वस्तु र सेवा आयातमा विश्वका १६० राष्ट्रमा नेपालको स्थान माथिबाट ९१ औं (३८.६ प्रतिशत) रहेको छ । सन् २०२१ मा जीडीपीको तुलनामा वस्तु र सेवा निर्यातमा विश्वका १६० राष्ट्रमा नेपालको स्थान तल वा पुछारबाट तेस्रो (५.२ प्रतिशत) रहेको छ । यसरी, सन् २०२१ मा जीडीपीको तुलनामा

**तालिका-३ (क)**
**वस्तु तथा सेवाको अन्तर्राष्ट्रिय व्यापार र प्रचलित मूल्यको जीडीपी (रकम रु.अर्बमा)**

| आर्थिक वर्ष | निर्यात | आयात | व्यापार घाटा | जीडीपी |
|---|---|---|---|---|
| २०६९-७० | १५३.८६ | ५१२.९५ | ३५९.०९ | १,७५८.३८ |
| २०७३-७४ | २४०.३९ | १,१३३.३२ | ८९२.९३ | ३,०७७.१५ |
| २०७८-७९ | ३२०.७१ | २,०१२.७२ | १,६९२.०१ | ४,८५१.६३ |
| वार्षिक औसत वृद्धिदर (२०६९/७०-२०७३/७४, (%) | ९.३ | १७.२ | २०.० | ११.८ |
| वार्षिक औसत वृद्धिदर (२०७३/७४-२०७८/७९, (%) | ५.९ | १२.२ | १३.६ | ९.५ |
| वार्षिक औसत वृद्धिदर (२०६९/७०-२०७८/७९, (%) | ७.६ | १४.७ | १६.८ | १०.७ |

स्रोत : आर्थिक सर्वेक्षण - २०७८/७९, अर्थ मन्त्रालय र वर्तमान आर्थिक तथा वित्तीय स्थिति - २०७८/७९, नेपाल राष्ट्र बैंक ।

**तालिका–३ (ख)**
**प्रचलित मूल्यको जीडीपीसँग वस्तु तथा सेवा व्यापारको अनुपात**
**(प्रतिशतमा)**

| आर्थिक वर्ष | निर्यात | आयात | व्यापार घाटा |
|---|---|---|---|
| २०६९-७० | ८.८ | २९.२ | २०.४ |
| २०७३-७४ | ७.८ | ३६.८ | २९.० |
| २०७८-७९ | ६.६ | ४१.५ | ३४.९ |
| २०६९/७०-२०७३/७४ अवधिमा प्रतिशत विन्दु परिवर्तन | -१.० | ७.६ | ८.६ |
| २०७३/७४-२०७८/७९ अवधिमा प्रतिशत विन्दु परिवर्तन | -१.२ | ४.७ | ५.९ |
| २०६९/७०-२०७८/७९ अवधिमा प्रतिशत विन्दु परिवर्तन | -२.२ | १२.३ | १४.५ |

स्रोत : आर्थिक सर्वेक्षण - २०७८/७९, अर्थ मन्त्रालय र वर्तमान आर्थिक तथा वित्तीय स्थिति - २०७८/७९, नेपाल राष्ट्र बैंक।

वस्तु र सेवा व्यापार घाटा विश्वका १६० राष्ट्रमा १० औं ठूलो (उच्च) घाटा (३३.४ प्रतिशत) नेपालको रहेको छ। (स्रोतः theglobaleconomy.com/rankings/trade deficit) । यसले, नेपालको निर्यात क्षेत्र विश्वमै अत्यन्त कमजोर रहेको पुष्टि हुन्छ।

## ६. सारांश

अघिल्लो पाँचवर्षे अवधि (२०६९/७०-२०७३/७४) को विश्लेषण गर्दा प्रचलित मूल्यमा प्रतिव्यक्ति औसत जीडीपी २०६९ असार मसान्तमा रु.६५,७२७ रहेकोमा २०७४ असार मसान्तमा रु.१,०९,५७८ पुगी पाँच वर्षको सो अवधिमा औसत रु.४३,८५१ ले अर्थात् वार्षिक औसत रु.८,७७० ले प्रतिव्यक्ति जीडीपी बढेको थियो। प्रतिव्यक्ति सार्वजनिक ऋण दायित्व २०६९ असार मसान्तको रु.१९,५६० बाट २०७४ असार मसान्तमा रु.२५,०१८ पुगी पाँच वर्षको यस अवधिमा प्रतिव्यक्ति ऋण दायित्व रु.५,४५८ ले अर्थात् वार्षिक औसत रु.१,०९२ ले प्रतिव्यक्ति ऋण दायित्व बढेको थियो । त्यसैले, सो अवधिमा प्रतिव्यक्ति ऋण दायित्व वार्षिक औसत रु.१,०९२ ले बढ्दा अरू कुरा यथावत् रहेमा प्रतिव्यक्ति जीडीपी वार्षिक औसत रु.८,७७० ले बढेको अनुमान गर्न सकिन्छ। यसको अर्थ उक्त पाँचवर्षे अवधिमा रु.१ ले प्रतिव्यक्ति सरकारी ऋण दायित्व बढ्दा अरू कुरा यथावत् रहेमा रु.८.०३ ले प्रतिव्यक्ति जीडीपी बढ्ने सम्बन्ध रहेको अनुमान गर्न सकिन्छ।

पछिल्लो पाँचवर्षे अवधि (२०७४/७५-२०७८/७९) को विश्लेषण गर्दा प्रचलित मूल्यमा प्रतिव्यक्ति औसत जीडीपी २०७४ असार मसान्तमा रु.१,०९,५७८ रहेकोमा २०७९ असार मसान्तमा रु.१,६४,५९० पुगी पाँच वर्षको यस अवधिमा औसत रु.५५,०१२ ले अर्थात् वार्षिक औसत रु.११,००२ ले प्रतिव्यक्ति जीडीपी बढेको छ। प्रतिव्यक्ति सार्वजनिक ऋण दायित्व २०७४ असार मसान्तको रु.२५,०१८ बाट २०७९ असार मसान्तमा रु.६८,३०० पुगी पाँच वर्षको यस अवधिमा प्रतिव्यक्ति ऋण दायित्व रु.४३,२८२ ले अर्थात् वार्षिक औसत रु.८,६५६ ले बढेको छ। प्रतिव्यक्ति ऋण दायित्व वार्षिक रु.८,६५६ ले बढ्दा प्रतिव्यक्ति जीडीपी रु.११,००२ ले मात्र बढ्ने सम्बन्ध रहेको अर्थ हो, उक्त अवधिमा प्रतिव्यक्ति ऋण दायित्व वार्षिक औसत रु.८,६५६ ले बढ्दा अरू कुरा यथावत् रहेमा प्रतिव्यक्ति जीडीपी वार्षिक औसत रु. ११,००२ ले बढेको अनुमान गर्न सकिन्छ। त्यसैले, यसको अर्थ यस पाँचवर्षे अवधिमा रु.१ ले प्रतिव्यक्ति सरकारी ऋण दायित्व बढ्दा अरू कुरा यथावत् रहेमा रु.१.२७ ले प्रतिव्यक्ति जीडीपी बढ्ने सम्बन्ध रहेको अनुमान गर्न सकिन्छ। यसबाट पहिलो पाँचवर्षे अवधिको तुलनामा दोस्रो पाँचवर्षे अवधिमा अर्थतन्त्रको उत्पादन, उत्पादकत्व र आय आर्जनमा ऋण रकमको अत्यन्त न्यून प्रभाव परेको तथ्य उपलब्ध तथ्याङ्कबीचको सम्बन्धबाट पुष्टि हुन्छ।

उदाहरणका लागि, सरकारी ऋण दायित्व/जीडीपी अनुपात २०७४ असार मसान्तको २२.८ प्रतिशतबाट २०७९ असार मसान्तमा ४१.७ प्रतिशतमा पुगेको, वस्तु र सेवा निर्यात/जीडीपी अनुपात २०७३/७४ को ७.६

प्रतिशतबाट २०७८/७९ मा ६.६ प्रतिशतमा ओर्लेको, वस्तु र सेवा आयात/जीडीपी अनुपात २०७३/७४ को ३६.८ प्रतिशतबाट २०७८/७९ मा ४१.५ प्रतिशत पुगेको, वस्तु र सेवा व्यापार घाटा/जीडीपी अनुपात २०७३/७४ को २९.० प्रतिशतबाट २०७८/७९ मा ३४.९ प्रतिशत पुगेको र २०७९ असार मसान्तमा कुल ऋणको ५१.० प्रतिशत अंश बाह्य ऋण दायित्वले ओगटेकोले निर्यात क्षेत्र कमजोर रहँदा भविष्यमा ऋण सेवाको लागि दिगो आर्जनको स्रोतको अभाव/अपर्याप्तताको कारण बाह्य क्षेत्र असन्तुलित भई देशको आर्थिक व्यवस्था अस्तव्यस्त हुने र देश आर्थिक सङ्कटको भुमरीमा फस्ने जोखिम रहन्छ जसबाट उम्किन देश र जनताले ठूलो मूल्य चुकाउनुपर्ने हुन्छ । आन्तरिक ऋण दायित्वतर्फ २०७४ असार मसान्तमा कुल ऋणको ४१.१ प्रतिशत अंश रहेकोमा २०७९ असार मसान्तमा यो अंश ४९.० प्रतिशत पुग्नुले आन्तरिक ऋण दायित्वको अंश यसरी बढ्नुको कारण, औचित्य र प्रभावबारे समीक्षा हुनु आवश्यक छ। साथै, यसबाट निजी क्षेत्रलाई उपलब्ध हुने साधन महँगो भई निजी क्षेत्रको लगानी विकर्षण हुने त्रास बढ्न जान्छ । स्मरणीय छ, आन्तरिक र बाह्य ऋण दायित्वको वार्षिक औसत वृद्धिदर अघिल्लो पाँच वर्षमा क्रमशः ६.२ प्रतिशत र ६.० प्रतिशत रहेकोमा पछिल्लो पाँच वर्षमा यस्तो वृद्धि निकै बढ्न गई क्रमशः २७.९ प्रतिशत र १९.९ प्रतिशत पुगेको छ। यस्तो प्रवृत्ति निरन्तर रहेमा अर्थतन्त्रलाई गम्भीर प्रकारको ऋण सङ्कटतर्फ उन्मुख गराउँछ।

## ७. निष्कर्ष

खासगरी विगत पाँच वर्षमा नेपाल सरकारको ऋण दायित्व विस्तार र देशको जीडीपी एवम् निर्यात वृद्धिदरको शिथिलताले ऋण व्यवस्थापनमा सुदृढता ल्याउने र ऋण साधनको उच्चतम उपयोग गर्नेतर्फ असावधानी भएको दर्शाउँछ। यस अवधिमा वार्षिक निर्यात रकमभन्दा तिर्नुपर्ने सार्वजनिक ऋणको वृद्धि प्रतिशत धेरै गुणा बढी भएको परिणामस्वरूप आगामी वर्षमा ऋण सेवामा समस्या आई देश ऋण सङ्कट, वित्तीय सङ्कट, आर्थिक सङ्कट जस्ता भुमरीमा फस्दै जाने जोखिम बढेको छ । त्यसैले, उर्लंदो ऋणभार घटाउन प्रशासनिक, संस्थागत, प्रक्रियागत र वित्तीय पुनर्संरचना आवश्यक छ । निर्यातलाई प्रोत्साहन दिने विद्यमान व्यवस्थाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्दै निर्यात वृद्धिमा छलाङ मार्ने गरी निर्यात क्षेत्रलाई थप प्रोत्साहित गरिनुपर्दछ। चालु खर्चको अनुत्पादक, अकुशल र अनियन्त्रित विस्तारमा रोक लगाइनुपर्दछ। राजस्व बचत पर्याप्त र अनुकूल स्तरमा रहनुपर्दछ। गुणात्मकता, समयबद्धता र उपादेयतासँगै प्रतिफल र उत्पादकत्व सुनिश्चित हुने गरी पुँजीगत खर्चको परिचालन र व्यवस्थापन गरिनु त्यत्तिकै आवश्यक छ। साथै, संघीयता कार्यान्वयनको बोझिलो भार घटाई अर्थतन्त्रले धान्न सक्ने स्तरमा ल्याइनुपर्ने देखिन्छ। आन्तरिक ऋणको उपयोगलाई राजस्वको विकल्पको रूपमा र चालु खर्चको अर्को एउटा स्रोतको रूपमा नलिई वैदेशिक ऋणमा जस्तै नितान्त आयोजनामा आधारित बनाइनुपर्दछ। ऋण लिँदा समग्र पक्षको विवेचना गरी अर्थतन्त्रको लागि लाभदायक र कम बोझिलो हुने तथा भावी पुस्ताको लागि उपयोगी हुने विश्लेषणले पुष्टि गरेमा मात्र लिइनुपर्दछ। ऋणसम्बन्धी सम्झौता र निर्णयहरू गर्दा भविष्यमा ऋण सेवाको लागि सामर्थ्य बढ्नेगरी तथा ऋण सेवाको कार्यमा सहजता र कम बोझिलो हुनेगरी गरिनुपर्दछ। वास्तवमा अध्ययन, अनुसन्धान, अनुभव र उत्तरदायित्वको आधारमा स्थापित गरिने ऋण व्यवस्थापनसम्बन्धी प्रबन्ध र कार्यान्वयनगत निर्णय नै सुझबुझपूर्ण, दिगो र प्रभावकारी बनेका दृष्टान्त देखिएका छन्।

अन्त्यमा, गार्हस्थ्य उत्पादन, निर्यात र आयातको परिमाण र दिशामा आधारभूत परिवर्तन ल्याई अर्थतन्त्रले दिगो रूपमा धान्न सक्नेगरी देशको विकास र व्यापार नीतिमा रुपान्तरण गर्नुपर्ने अपरिहार्यता रहेको छ। यस्तो रूपान्तरणले मात्र सरकारी ऋण व्यवस्थापनमा कुशलता, सक्षमता, सुदृढता, उपादेयता, प्रभावकारिता र नियमितता सुनिश्चित हुन जान्छ। त्यसैले, आर्थिक वृद्धिदर बढाउन, सरकारी राजस्वमा सकारात्मक प्रभाव पार्न, निर्यात वृद्धि र आयात प्रतिस्थापनमार्फत व्यापार घाटा नियन्त्रण गर्न तथा ऋण सेवाको लागि अर्थतन्त्रको क्षमता निरन्तर बढाउन उपयोगी हुनेगरी ऋण साधनको उपयोग गरिनु अपरिहार्य हुन आउँछ।

**सन्दर्भ सामग्री**

आर्थिक सर्वेक्षण - २०७८/७९, अर्थ मन्त्रालय

देशको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति - २०७८/७९, नेपाल राष्ट्र बैंक

theglobaleconomy.com/rankings/trade deficit

# मुद्रास्फीति र ब्याजदरबीचको सम्बन्ध

■ रामेश्वरी पन्त*

## १. विषय प्रवेश

कोभिड-१९ को संक्रमणका कारण सन् २०२० मा विश्व अर्थव्यवस्था मन्दीमा मात्रै गएन, अन्तर्राष्ट्रिय मुद्रा कोषले यसलाई दोस्रो विश्वयुद्धपछिकै सबैभन्दा ठूलो विश्वव्यापी चुनौती र सन् १९३० को महामन्दीपछिको सबैभन्दा ठूलो आर्थिक सङ्कट र अहिलेसम्म नभएको वर्षको रूपमा लिएको थियो। जसका कारण ठूलो संख्यामा मानवीय जीवन खतरामा पर्नुका साथै विश्व बजारमा वस्तु र सेवाको उत्पादन तथा आपूर्ति व्यवस्थामा अवरोध उत्पन्न भइरहेको थियो। कोराना संक्रमण थप फैलिन नदिन लगाइएको बन्दाबन्दी अन्त्य गर्नुका साथै खोपको कारणले गर्दा यसको असर कम भई विश्व अर्थतन्त्र बिस्तारै सहज रूपमा पुनरुत्थान हुन लागेको थियो। यसबाट अर्थतन्त्रमा परेको असरलाई न्यूनीकरण गरी आर्थिक पुनरुत्थानमा सघाउ पुऱ्याउन विभिन्न नीति अवलम्बन गरिएको थियो। अर्थतन्त्र पुनरुत्थानको चरणमा कर्जाको माग बढ्दै गएको र यसको तुलनामा बैंकिङ क्षेत्रसँग तरलता अभाव भएका कारण ब्याजदर बढ्न सुरु भएको थियो। खासगरी अन्तर्राष्ट्रिय सीमाना बन्दको कारणले गर्दा पर्यटन र विप्रेषणको माध्यमबाट आउने रकममा कमी आएका कारण यस्तो अवस्था देखापरेको थियो। यसै परिप्रेक्षमा मौद्रिक सहजीकरण गर्ने उद्देश्यले मौद्रिक नीतिलाई लचिलो बनाई कर्जाको ब्याजदर कम हुने उपायहरू लागू गरिएको थियो। तर विश्व अर्थतन्त्रले गति लिन लागेको समयमा सन् २०२२ को सुरुआतमा रुस-युक्रेनबीचको युद्धका कारण यसमा थप नकारात्मक असर परेको देखिन्छ।

विश्व बजारमा पेट्रोलियम पदार्थको मूल्यमा वृद्धि भएका कारण मुद्रास्फीतिको दर उच्च रहेको छ भने खाद्यान्न मुद्रास्फीतिको दर बढेको छ। अन्तर्राष्ट्रियस्तरमा देखापरेको उच्च मुद्रास्फीति नियन्त्रण गर्न अधिकांश केन्द्रीय बैंकले कसिलो मौद्रिक नीति अवलम्बन गरेका छन्। खासगरी संयुक्त राज्य अमेरिकाको केन्द्रीय बैंक फेडरल रिजर्भले गरेको फेडरल फण्ड रेटको वृद्धिका कारण अमेरिकी डलरसँग उदीयमान र विकासशील देशका मुद्राहरू अवमूल्यन भएका छन्। फलस्वरूप, विश्वभर नै मुद्रास्फीतिको दर उच्च रहेको छ र मुद्रास्फीतिको लक्ष्य तोक्ने गरेका केन्द्रीय बैंकले तोकेको दरभन्दा ती देशको मुद्रास्फीति उच्च रहेको छ।

अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२३ को जनवरीमा प्रकाशित World Economic Outlook मा त 'Inflation Peaking amid low Growth' शीर्षक नै राखेको छ अर्थात् करिब विश्व अर्थव्यवस्थामा गतिरोध देखिने अनुमान गर्न सकिन्छ। कोषले विश्व अर्थव्यवस्था सन् २०२२ मा ३.४ बाट सन् २०२३ मा २.९ प्रतिशतमा रहने र २०२४ मा भने ३.१ प्रतिशतले वृद्धि हुने अनुमान गरेको छ। कोषले मुद्रास्फीतिलाई नियन्त्रण गर्न विश्वभरका केन्द्रीय बैंकले मौद्रिक नीतिमार्फत नीतिगत दर बढाएका कारण र रुस-युक्रेनबीचको युद्धलाई यसको प्रमुख कारण मानेको छ। यसै गरी, विश्व मुद्रास्फीति भने सन् २०२२ को ८.८ प्रतिशतबाट सन् २०२३ मा ६.६ प्रतिशत रहने र सन् २०२४ मा ४.३ प्रतिशत रहने अनुमान गरेको छ। यो दर अझै पनि कोभिड संक्रमण हुनुभन्दा पहिलेको दर ३.५ प्रतिशतभन्दा धेरै रहेको समेत उल्लेख गरेको छ।

## २. मुद्रास्फीति

मूल्यमा स्थायित्व अर्थात् मुद्रास्फीतिको दर २-३ प्रतिशतसम्म हुनुलाई स्वस्थ अर्थव्यवस्थाको प्रमुख आधार (Bedrock) मानिन्छ यसैले विकसित देशका केन्द्रीय बैंकहरूले मौद्रिक नीति निर्माण गर्दा मुद्रास्फीतिको लक्ष्य तोकेका हुन्छन् र त्यसैअनुसार नै मौद्रिक नीति निर्माण गर्दछन्। किनकि उच्च मुद्रास्फीतिले हरेक वर्गका जनताको आशा र हरेक क्षेत्रको नीति निर्माणमा प्रतिकूल असर पार्दछ। घरायसी क्षेत्रले अर्को वर्ष यो वर्षभन्दा उच्चस्तरको जीवनस्तर कायम गर्ने अनुमान गरेका हुन्छन् भने व्यावसायिक क्षेत्रले अर्को

* पूर्व कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक

वर्ष कम मूल्यमा उच्चस्तरीय वस्तु र सेवा उपलब्ध गराउने सोचेका हुन्छन् । राजनीतिक क्षेत्रमा काम गर्नेहरूले चुनावको घोषणापत्रमा बजार भाउ नियन्त्रण गर्ने प्रतिबद्धता जनाएका हुन्छन् । कतिपयले त अझ शिक्षा र स्वास्थ्यजस्ता विषयलाई निःशुल्क बनाउने र विद्युत महसुलमा निश्चित प्रतिशतसम्म छुट दिनेसमेत उल्लेख गरेका हुन्छन् । मूल्यवृद्धि नियन्त्रण गर्न नसक्ने सरकारको विरुद्ध सडकमा प्रदर्शन हुन्छ र कतिपय देशमा सरकारसमेत पतन भएको उदाहरण सुन्न सकिन्छ । यसै गरी, उच्च मुद्रास्फीति भएमा वित्त नीति निर्माण गर्दा सरकारले खर्चको मात्रा बढाउनुपर्दछ । सञ्चालनमा रहेका र सञ्चालनउन्मुख विकास निर्माणका कार्यको लागत बढ्ने भएकाले घाटा बजेट बनाउनुपर्दछ । घाटा बजेट पूरा गर्न आन्तरिक र बाह्य ऋण लिनुपर्ने हुन्छ । यसको साँवा र ब्याज भुक्तानी गर्नुपर्ने हुन्छ जसले गर्दा सरकारी खर्च बढ्छ र यो थप मुद्रास्फीतिको कारण हुन्छ । केन्द्रीय बैंकले मौद्रिक नीति निर्माण गर्दा पनि सरकारी बजेटले निर्धारण गरेको मुद्रास्फीतिको दरलाई लक्षित गरेर मुद्राप्रदाय र ब्याजदरलाई सन्तुलनमा राख्नुपर्ने हुन्छ ।

केन्द्रीय बैंकको त मुख्य उद्देश्य नै आन्तरिक र बाह्य स्थायित्व कायम गर्ने हुन्छ । केन्द्रीय बैंक मुद्रास्फीति बढ्न नदिने (Inflation Hawkish) हुन्छ र मुद्रास्फीति नियन्त्रण गर्नको लागि कसिलो अर्थात् सङ्कुचनकारी मौद्रिक नीति अपनाउँछ। यसैले अर्थव्यवस्थामा आर्थिक विकास, समष्टिगत माग र रोजगारी घट्ने पूर्वानुमान भए तापनि धेरैजसो समयमा नीतिगत दरमा वृद्धि गर्छन्, जसले गर्दा ब्याजदर बढ्छ ।

कुनै निश्चित समयमा वस्तु र सेवाको मूल्यमा भएको वृद्धि अर्थात् मुद्रास्फीतिलाई प्रतिशत परिवर्तनमा हेर्ने गरिन्छ । खासगरी पारिवारिक बजेट सर्वेक्षणवाट छानिएका प्रतिनिधिमूलक घर परिवार (जसले सम्पूर्ण देशको परिवारको प्रतिनिधित्व गर्छन्) ले उपभोग गर्ने छानिएका वस्तु र सेवा (जसले सम्पूर्ण देशको परिवारले उपयोग गर्ने वस्तु र सेवाको प्रतिनिधित्व गर्दछन्) को मूल्यवृद्धिलाई मुद्रास्फीति भनिन्छ । वस्तु भन्नाले खाद्यान्न, कपडा, भाँडाकुँडा जस्ता देख्न सक्नेलाई बुझिन्छ भने सेवा भन्नाले उपभोग गर्न सकिने तर नदेखिने शिक्षा, स्वास्थ, यातायात तथा सञ्चार जस्ता सेवालाई बुझिन्छ । यसलाई विश्वका धेरै देशमा तथ्याङ्कीय प्रविधिबाट तयार गरिएको उपभोक्ता मूल्य सूचकाङ्कको प्रयोगबाट मापन गरिन्छ । सुन्दा सामान्य लागे तापनि यसको असर अर्थव्यवस्थामा अत्यन्त जटिल प्रकारको हुन्छ । सबैभन्दा महत्वपूर्ण तथ्य त यसले मुद्राको क्रयशक्ति घटाउँछ । समान परिमाण र समान गुणस्तरको वस्तु र सेवा उपभोग गर्नको लागि पहिलेको तुलनामा बढी मुद्रा खर्च गर्नुपर्दछ । मुद्रास्फीतिको तुलनामा तलब अर्थात् ज्यालादरमा वृद्धि नभएमा सर्वसाधारणले पहिलेको तुलनामा कम परिमाणमा वस्तु र सेवा उपभोग गर्दछन् वा कम गुणस्तरको वस्तु र सेवा उपभोग गर्नुपर्दछ । उच्च आय भएका व्यक्तिले पहिलेको बचतबाट उपभोग गर्न सक्ने भए तापनि न्यून आय वर्गले भने उपभोग नै कटाउनुपर्ने हुन्छ । धेरै व्यक्ति गरिबीको रेखाभित्र पर्दछन् । यसले गर्दा बजारमा उत्पादित वस्तु र सेवाको उपभोग नहुने हुनाले व्यवसायीले उत्पादन घटाउनुपर्दछ र बेरोजगारी देखापर्दछ । धेरैजसो समयमा उच्च मुद्रास्फीति नै मुद्रा सङ्कुचन वा मन्दीको कारण बनेको छ । उच्च मुद्रास्फीतिले मुद्रास्फीतिकारी अपेक्षा (Inflationary Expectation) बढाउँछ, जसलाई समाधान गर्न नसकेमा थप मुद्रास्फीति बढ्छ । मुद्रास्फीतिकारी अपेक्षाको मुद्रास्फीति बढाउन महत्वपूर्ण भूमिका हुन्छ । घरायसी क्षेत्र र व्यावसायिक क्षेत्रले मुद्रास्फीति थप बढ्ने अनुमान गरेमा ज्यालादर बढाउने र घरभाडा बढाउने जस्ता कार्य गर्दछन्, जसबाट मुद्रास्फीतिमा थप दबाब बढ्छ । यसैले केन्द्रीय बैंकहरूले यसलाई सर्वसाधारणले कसरी लिएका छन् र आगामी दिनमा उनीहरूको के अपेक्षा छ भन्ने जानकारी लिन समयसमयमा यसको सर्वेक्षण गर्ने गर्दछन् । नेपाल राष्ट्र बैंकले पनि त्रैमासिक रूपमा मुद्रास्फीतिकारी अपेक्षाको सर्वेक्षण गर्ने गरेको छ । यसै क्रममा २०७९ पुस २४ देखि ३० गतेसम्म ६० वटा बजार क्षेत्रका २,०१० जना व्यक्तिबाट अन्तर्वार्ताको माध्यमबाट उनीहरूको अपेक्षाबारे जानकारी लिइएको थियो ।

सन् १९७३ र सन् १९७९ मा विश्वभर नै देखापरेको उच्च मुद्रास्फीति मुद्रास्फीतिकारी अपेक्षालाई समाधान गर्न नसकेको कारणले देखिएको थियो । त्यस अवधिमा विश्वव्यापी रूपमा खाद्यान्नको आपूर्ति व्यवस्था अहिले जस्तो थिएन । यस समयमा पेट्रोलियम पदार्थको मूल्य मात्र बढेको कारणले मात्र भएकोमा यस पटक भने खाद्यान्न, रासायनिक मलको समेत मूल्यवृद्धि भएको थियो । मुद्रास्फीतिको सबैभन्दा

नराम्रो प्रभाव त त्यतिबेला पर्दछ जब मानिसहरूले आफ्नो देशको मूद्राप्रति नै विश्वास नलागेर विदेशी मुद्रा सङ्कलन गर्न थाल्छन् । त्यसैले यसलाई अर्थव्यवस्थाको सबैभन्दा ठूलो शत्रु मानिन्छ ।

## ३. ब्याजदर

सामान्यतया ब्याजदर भन्नाले ऋणीले ऋणदातालाई ऋण लिएबापत तिर्नुपर्ने रकमलाई जनाउँछ र यसलाई वार्षिक प्रतिशतको रूपमा गणना गर्ने गरिन्छ । अनौपचारिक क्षेत्रमा कारोबार गर्दा हुने ब्याजदरबाहेक ब्याजदर भन्नाले बैंक तथा वित्तीय संस्थामा बचत जम्मा गरेबापत प्राप्त हुने ब्याजदर र ऋण लिँदा तिर्नुपर्ने ब्याजदरलाई लिइन्छ । सिद्धान्ततः ब्याजदर कर्जाको माग र आपूर्तिको आधारमा निर्धारण गरिन्छ । कर्जाको माग व्यावसायिक समूह र सरकारबाट समेत हुन्छ भने आपूर्तिकर्ताको रूपमा अर्थात् बचतकर्ताको रूपमा सर्वसाधारण र व्यावसायिक क्षेत्र हुन्छन् ब्याजदरले बचत र लगानी गर्न निरुत्साहित गर्ने वा प्रोत्साहित गरी समस्त आर्थिक गतिविधिमा प्रभावित पार्ने हुनाले केन्द्रीय बैंकहरूले यसलाई मौद्रिक नीतिको औजारको रूपमा प्रयोग गर्दछन् र केन्द्रीय बैंकले लिएको नीतिले ब्याजदर बढ्ने वा घटने सङ्केत गर्दछ । विस्तारकारी मौद्रिक नीति अपनाउनुपर्ने अवस्थामा बैंक तथा वित्तीय संस्थाले केन्द्रीय बैंकमा राख्नुपर्ने अनिवार्य तरलता अनुपात, वैधानिक तरलता अनुपातलगायत अन्य दरहरू घटाउँछ, जसले गर्दा ब्याजदर घटाउन मद्दत पुग्दछ भने सङ्कुचनकारी मौद्रिक नीति अपनाउनपर्ने अवस्थामा भने यी दरलाई बढाउँछ ।

## ४. मुद्रास्फीति र ब्याजदर

मुद्रास्फीतिले ब्याजदरलाई निर्देशित गर्दछ भने ब्याजदरले पनि मुद्रास्फीतिको दरलाई निर्देशित गर्दछ । तर पनि बचतमा प्रोत्साहन गर्नको निम्ति वास्तविक ब्याजदर भने मुद्रास्फीतिको दरभन्दा बढी हुनुपर्दछ । Hawkish अर्थात् सङ्कुचनकारी मौद्रिक नीतिले मूल्यमा स्थायित्व ल्याउन महत्वपूर्ण भए तापनि धेरै लामो समयसम्म ब्याजदर उच्च रहेमा यसले रोजगारीमा प्रतिकूल असर पार्ने हुन्छ र जसले गर्दा आर्थिक वृद्धिदर कम हुन जान्छ । सङ्कुचनकारी मौद्रिक नीति अपनाएको समयमा केन्द्रीय बैंकले नीतिगत दरलगायत बैंक तथा वित्तीय संस्थाले अनिवार्य रूपमा कायम गर्नुपर्ने तरलताका दरलाइ बढाउँछ, जसले गर्दा अरू ब्याजदर बढ्छ र ऋण लिँदा बढी ब्याजदर तिर्नुपर्छ । यसका कारण उत्पादन र साथै खर्च गर्न निरुत्साहित हुने भएकाले वस्तु र सेवाको माग घट्न थाल्छ । यसबाट अर्थव्यवस्थाको समष्टिगत माग घट्न जान्छ, जसले गर्दा मूल्य घट्न थाल्छ । व्यापारिक क्षेत्रले उत्पादन घटाउन थाल्छन् । यसले गर्दा कम कामदारले मात्र रोजगारी पाउने हुनाले बेरोजगारी बढ्छ । उपभोक्ता र व्यावसायिक दुवै क्षेत्रलाई उच्च मुद्रास्फीतिले अनिश्चितता पैदा गर्ने भएकाले कुनै पनि अवस्थामा यसलाई नियन्त्रण गर्न आवश्यक हुन्छ । उच्च मुद्रास्फीतिको समयमा मूल्य यति छिटो बढ्छ कि वस्तु र सेवा कहिले खरिद गर्ने भन्ने विषयमा अनिश्चितता पैदा हुन्छ ।

सन् २०२१ देखि नै विश्वभर मुद्रास्फीति बढ्ने क्रम देखिएकोले मुद्रास्फीतिको दर कम गर्न सन् २०२२ को सुरुदेखि नै विश्वका धेरै केन्द्रीय बैंकले नीतिगत दरहरू बढाउँदै लगेका छन् । विश्वभरकै अर्थव्यवस्थामा असर पार्ने संयुक्त राज्य अमेरिकाको केन्द्रीय बैंक फेडरल रिजर्वले पनि सन् २०२२ को सुरुदेखि नै नीतिगत दर बढाउँदै लगेको थियो । संयुक्त राज्य अमेरिकाको मुद्रास्फीति दर सन् २०२२ को जुनमा ९.१ र वार्षिक दर ८.० प्रतिशत पगेको थियो । यो ४० वर्षपछिकै सबैभन्दा बढी रहेको थियो ।

फेडरल रिजर्भले फेडरल फण्ड रेट सन् २०२२ मार्चमा ०.२५-०.५० प्रतिशत रहेकोमा यसमा सात पटक वृद्धि गरी सन् २०२३ फेब्रुअरीमा ४.५०-४.७५ प्रतिशत पुऱ्याएको छ । फेडरल फण्ड रेट भन्नाले निक्षेप सङ्कलन गर्ने संस्थाले केन्द्रीय बैंकमा रहेको आफ्नो बढी रकमलाई अन्य बचत सङ्कलन गर्ने संस्थालाई ओभरनाइट ऋणमा लिने ब्याज भन्ने बुझिन्छ । यसै गरी, बैंक अफ इङ्गल्याण्डले पनि सन् २०२२ फेब्रुअरीमा ०.५० प्रतिशतमा रहेको बैंकदरलाई आठ पटक वृद्धि गरी सन् २०२३ फेब्रुअरीमा ४.० प्रतिशत पुऱ्याएको छ । बैंक अफ इङ्गल्याण्डले मुद्रास्फीतिलाई दुई प्रतिशतमा सीमित राख्ने लक्ष्य लिएको भए तापनि मुद्रास्फीतिको दर दश प्रतिशत पुगेको कारण मुद्रास्फीतिलाई न्यून गर्न ब्याजदर बढाउनुपरेको उल्लेख गरेको छ । यसै गरी, युरोपेली युनियनमा आबद्ध मुलुकमा पनि २०२१ डिसेम्बरमा वार्षिक मुद्रास्फीति ५.३ रहेकोमा २०२२ डिसेम्बरमा १०.४ प्रतिशत पुगेको

थियो । सबैभन्दा धेरै हङ्गेरीको २५.० प्रतिशत थियो भने स्पेनको ५.५ प्रतिशत थियो। यसैले युरोपियन केन्द्रीय बैंकले पनि ब्याजदरमा वृद्धि गरेका छन् । भारतको मुद्रास्फीतिको लक्ष्य चार प्रतिशत र अधिकतम सीमा छ प्रतिशत रहे तापनि उपभोक्ता मुद्रास्फीति सन् २०२२ अप्रिलसम्म बढ्ने क्रममा रह्यो अर्थात् ७.८ प्रतिशत रह्यो र अगस्टमा सात प्रतिशत रह्यो भने २०२२ डिसेम्बरमा ५.७ प्रतिशत रही लक्ष्यभित्रै रहेको छ। भारतको केन्द्रीय बैंक रिजर्व बैंक अफ इण्डियाले सन् २०२२ अप्रिलमा चार प्रतिशत रहेको रिपो दर अर्थात् नीतिगत दरलाई छ पटक वृद्धि गरी सन् २०२३ फेब्रुअरी ८ मा ६.५ प्रतिशत पुऱ्याएको छ । यसै गरी, बैंकदरलाई पनि ४.२५ बाट वृद्धि गरी ६.७५ प्रतिशत पुऱ्याइएको छ । यस अवधिमा अमेरिकी डलरको तुलनामा भारतीय रुपैयाँ करिब ७.५ प्रतिशतले अवमूल्यन भएको छ र यसको असर नेपाली रुपैयाँको अमेरिकी डलरसँगको विनिमय दरमा पनि परेको छ। यसबाट नेपाली रुपैयाँको पनि अवमूल्यन भएको छ। कुनै देशमा मुद्रास्फीतिलाई न्यून गर्न कति प्रयास भएको छ भन्ने तथ्य त्यस देशले कति छिटो नीतिगत दर बढाएको छ, कति प्रतिशतले बढाएको छ र कति समयसम्म त्यो दर स्थिर राखेको छ भन्नेमा भर पर्दछ। नेपालमा भने आ.व. २०७८/७९ मा औसत मुद्रास्फीति बजेटले लक्षित गरेको सीमाभित्रै रहेको भए तापनि २०७८ फागुनदेखि मुद्रास्फीतिको दर क्रमशः बढ्दै गएको छ । २०७९ भदौ महिनामा मुद्रास्फीतिको दर ८.६४ प्रतिशत पुगेको थियो भने मङ्सिर महिनाबाट घट्ने क्रम सुरु भएको छ।

अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थसहित खाद्यान्न, खाने तेल, औषधि, धातु र रसायनिक मललगायतका वस्तुको मूल्यमा अत्यधिक वृद्धि भई मुद्रास्फीति दर बढ्दै गएकोले नेपाल राष्ट्र बैंकले पनि मौद्रिक उपकरणअन्तर्गतका दरमा वृद्धि गरेको छ । बैंकदरलाई २०७८/७९ को ५.० प्रतिशतबाट बढाएर ८.५ प्रतिशत निक्षेप सङ्कलन दर २.० प्रतिशतबाट ५.५ प्रतिशत अनिवार्य नगद अनुपात ३.० प्रतिशतबाट ४.० प्रतिशत कायम गरिएको छ। यस्तै, वैधानिक तरलता अनुपात वाणिज्य बैंकहरूको लागि १० प्रतिशतबाट १२.० प्रतिशत तथा विकास बैंक र वित्त कम्पनीको लागि ८.० र ७.० प्रतिशतबाट १० प्रतिशत कायम गरिएको छ । आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाबाट ८.५ प्रतिशतको बैंक दरमा उपलब्ध गराउँदै आइएको दैनिक तरलता सुविधाअन्तर्गतको ओभरनाइट तरलता सुविधा सात प्रतिशतको नीतिगत दरमा उपलब्ध हुने व्यवस्था गराइएकोले ब्याजदर केही घट्ने देखिएको छ। यसलाई नेपाली अर्थव्यवस्थामा सुधार आएको सङ्केतको रूपमा लिन सकिन्छ।

## ५. उपसंहार

मूल्य अर्थात् मुद्रास्फीति बढ्दै जाने अवस्था नीति निर्माताको लागि चिन्ताको विषय बन्छ किनकि यसको नराम्रो प्रभाव न्यून आय भएका सर्वसाधारणमा पर्दछ । यसबाहेक पनि विकासशील देशको उपभोक्ता बास्केटमा अत्यावश्यक उपभोग्य वस्तुहरू रहने भएकाले विकसित मुलुकको तुलनामा विकासशील देशमा यसको अत्यन्त नराम्रो प्रभाव पर्दछ।

मुद्रास्फीति अर्थव्यवस्थाको सबैभन्दा ठूलो शत्रु मानिए तापनि स्वस्थ अर्थव्यवस्थाको लागि न्यून मुद्रास्फीति र आर्थिक विकासको सन्तुलन हुनुपर्दछ। मुद्रास्फीतिलाई नियन्त्रण गर्ने उपायको अवलम्बन गर्नुभन्दा पहिले मुद्रास्फीतिको कारण पत्ता लगाउनुपर्दछ र त्यसैअनुरूप मौद्रिक र वित्त नीतिमार्फत नीतिगत हस्तक्षेप गर्नुपर्दछ। यदि अर्थव्यवस्था Overheated छ अर्थात् ब्याजदर अत्यन्त न्यून भएका कारण वस्तु र सेवाको समष्टिगत माग बढेर मुद्रास्फीतिको दर बढेको छ भने केन्द्रीय बैंकले ब्याजदर बढाउने जस्ता माग घटाउने मुद्रास्फीति विरोधी नीतिहरू अवलम्बन गर्नुपर्दछ। कतिपय केन्द्रीय बैंकहरूले मुद्रास्फीति घटाउन विदेशी विनिमयदरमा उतारचढाव ल्याउने गरे तापनि अन्तर्राष्ट्रिय कारणले बढेको मुद्रास्फीति नियन्त्रण गर्न सफलता पाएको देखिँदैन।

नेपालको सन्दर्भमा त झन् भारतीय मुद्रासँग स्थिर विनिमयदर कायम गरिएकोले विदेशी विनिमयदरमा उतारचढाव ल्याउन असम्भव छ। यसैले ब्याजदरमा नियन्त्रण ल्याउनु नै एक मात्र विकल्प हुन्छ । उच्च मुद्रास्फीतिले अर्थव्यवस्थामा अत्यन्तै नराम्रो असर गरेजस्तै अत्यधिक मूल्य घट्नुलाई पनि राम्रो मानिँदैन। मुद्रास्फीतिको दर अत्यन्त कम भएको समयमा पनि उपभोक्ताले थप मूल्य घट्ने आशा राख्ने हुनाले वस्तु तथा सेवा खरिद गर्दैनन् भने व्यावसायिक क्षेत्रले पनि लगानी गर्न हिचकिचाउँछन्। यसको उदाहरणको रूपमा जापानलाई लिन सकिन्छ। जापानमा मुद्रा सङ्कुचनको

कारण केही वर्षसम्म आर्थिक वृद्धिदर बढ्न सकेको थिएन। उच्च मुद्रास्फीति नै मुद्रा सङ्कुचनको एक प्रमुख कारण हो। यस्तो समयमा उपभोक्ताले वस्तु र सेवाको उपभोग गर्न नसक्ने हुनाले व्यावसायिक क्षेत्रले उत्पादन घटाउनुपर्दछ जसले गर्दा बेरोजगारी बढ्ने र क्रयशक्ति घट्ने भएकाले थप उत्पादन हुन सक्दैन र मुद्रा सङ्कुचनको अवस्था आउँछ। यसैले यसलाई छिटो नियन्त्रण गर्नुपर्दछ।

यसै गरी, मुद्रास्फीति नियन्त्रण गर्न सरकारले आयातित वस्तुमा लाग्ने आयात कर घटाउनेलगायत कतिपय वस्तुको आयात घटाउने र मूल्य घटाउन निर्यात रोक्ने कदम चाले तापनि यसलाई दीर्घकालसम्म निरन्तरता दिन सकिँदैन। सरकारले खाद्यान्न र इन्धनको मूल्य घटाउन सरकारी तवरबाट मूल्य तोकिदिएर घटाउन प्रयास गरे तापनि यसले अनुदान अर्थात् सरकारी खर्च बढाउँछ र यो अल्पकालीन उपाय मात्र हुन सक्छ। दीर्घकालीन रूपमा भने केन्द्रीय बैंकले मौद्रिक नीतिको उपकरणमार्फत गर्न सक्छन्। यसैले मुद्रास्फीतिको दर उच्च भएको समयमा मौद्रिक नीति बढी उपयोगी हुन्छ भन्ने सैद्धान्तिक अवधारणा रहेको छ।

**सन्दर्भ सामग्री**

मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा आ. व. २०७९/८०, नेपाल राष्ट्र बैंक

Economic Survey 2022-23, Government ff India, Ministry of Finance, January 2023

•••

# वित्तीय जानकारी इकाई: के हो ? के होइन ?

■ दीर्घबहादुर रावल*

## पृष्ठभूमि

वित्तीय जानकारी इकाई सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी क्रियाकलाप वा आम विनाशकारी गतिविधिमा वित्तीय लगानी नियन्त्रण प्रणालीको केन्द्रबिन्दुका रूपमा कार्य गर्ने महत्वपूर्ण संयन्त्र हो । वित्तीय जानकारी इकाईका काम, कर्तव्य र अधिकार अन्तर्राष्ट्रिय मान्यता र मापदण्डद्वारा परिभाषित गरिएको छ ।

संसारका सबैजसो मुलुकले वित्तीय अपराधसँग सम्बन्धित सूचनाको केन्द्रीय भण्डारको रूपमा इकाईको स्थापना, सञ्चालन र व्यवस्थापन गरेका छन् । विश्वमै नयाँ संस्थागत संरचनाको रूपमा विकास गरिएको यो निकाय आफैँले प्रत्यक्ष ढङ्गले कोही कसैको नियमन र अनुसन्धान गर्ने नभई मूलतः सूचक संस्थाबाट प्राप्त वित्तीय सूचनालाई 'फाइनान्सियल इन्टिलिजेन्स' मा रूपान्तरण गर्ने, अनुसन्धानकारी निकायलाई आवश्यक निष्कर्ष प्रवाह गरी अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन सहयोग गर्ने र सूचक संस्था, नियमनकारी एवम् अनुसन्धानकारी निकायबीच मध्यस्थ संयन्त्रको रूपमा कार्य गर्ने जिम्मेवारी इकाईको रहेको छ ।

यद्यपि, नेपालमा वित्तीय जानकारी इकाईको स्थापना भएको झण्डै डेढ दशक पुग्नै लाग्दासमेत यसप्रति विभिन्न सरोकारवाला र सम्बद्ध अधिकारीहरूबीच नै बुझाई भिन्नभिन्न रहेको देखिन्छ । यस लेखमा नेपालमा वित्तीय जानकारी इकाईको भूमिका, काम, कर्तव्य, अधिकार, कानुनी व्यवस्था र यससम्बन्धी अन्तर्राष्ट्रिय मान्यता, मापदण्ड र अभ्यासबारे जानकारी प्रस्तुत गरिएको छ ।

## राष्ट्रिय कानुनी व्यवस्था र अभ्यास

नेपालमा वित्तीय जानकारी इकाईको स्थापना २०६५ वैशाख ९ गते भएको हो । सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा ९ बमोजिम स्वायत्त र स्वतन्त्र इकाईको रूपमा उक्त संस्थाको स्थापना भएको हो । ऐनको दफा १० ले इकाईका काम, कर्तव्य र अधिकारलाई निर्धारण गरेको छ । अन्तर्राष्ट्रिय मान्यता र मापदण्डको पालना हुने गरी नेपालले वित्तीय जानकारी इकाईलाई आवश्यक पर्ने कानुनी अधिकार, स्रोत साधनको सुनिश्चितता, स्वायत्तता, स्वतन्त्रता र जवाफदेहितालगायतका व्यवस्था गरेको छ ।

वित्तीय जानकारी इकाईले सीमा र शङ्कास्पद कारोबार विवरण प्राप्त गर्ने, विश्लेषण गर्ने र विश्लेषणको निष्कर्षलाई अनुसन्धान गर्ने निकायमा प्रवाह गर्ने, तालिमको व्यवस्था गर्ने, आफ्ना कामकारवाहीसम्बन्धी वार्षिक प्रतिवेदन राष्ट्र बैंकमार्फत नेपाल सरकारसमक्ष पेस गर्ने, विदेशी निकायसँग सहयोग आदानप्रदानसम्बन्धी समझदारी कायम गर्ने, एग्मण्ट (Egmont) समूहको सदस्यका रूपमा कार्य गर्ने, सम्पर्क बिन्दुको रूपमा इकाईले आवश्यक कार्य गर्दै आएको छ । यसै गरी, सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी क्रियाकलाप वा आम विनाशकारी गतिविधिमा वित्तीय लगानी नियन्त्रणसँग सम्बन्धित राष्ट्रिय समन्वय समितिको सचिवालयका रूपमा समेत इकाईले कार्य गर्दै आएको छ । साथै, राष्ट्रिय समन्वयका लागि गठित विभिन्न संयन्त्रहरूमा समेत इकाईले प्रतिनिधित्व गर्दै आएको छ ।

विद्यमान कानुनी प्रावधानअनुसार विभिन्न सूचक संस्था, नियमनकारी निकाय, अनुसन्धानकारी निकाय, अभियोजन गर्ने निकाय र मन्त्रालयसँग समन्वय गरी इकाईले आफ्नो कार्यसम्पादन गर्दछ । आफ्ना प्रमुख कार्यलाई आधुनिकीकरण गर्ने क्रममा इकाईले गोएएमएल सफटवेयर प्रणाली प्रयोगमा ल्याएको छ । देहायको चार्टले इकाईका मुख्य कार्यलाई सरल रूपमा बुझ्न मद्दत पुऱ्याउँछ ।

---

* निर्देशक, वित्तीय जानकारी इकाई

**चार्ट : शङ्कास्पद कारोबार विवरण (इन्टेलिजेन्सका रूपमा)**




सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी क्रियाकलाप वा आम विनाशकारी हातहतियारमा वित्तीय लगानी नियन्त्रणका लागि सूचना तथा जानकारीको आदानप्रदान गरी सबै सम्बन्धित सरोकारवालाबीच समन्वयको कार्य गर्न वित्तीय जानकारी इकाईको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ। सम्पत्ति शुद्धीकरण निवारण प्रणालीका विभिन्न अङ्गका रूपमा सूचक संस्था, नियमनकारी निकाय, वित्तीय जानकारी इकाई, अनुसन्धानकारी निकाय, अभियोजन र न्यायिक निरूपण गर्ने निकायले सिंगो प्रणालीको प्रभावकारिताका लागि आफ्ना कार्य स्वतन्त्र ढङ्गले सम्पादन गर्ने गर्दछन्।

इकाईले आफैँले कुनै शङ्कास्पद कारोबारसम्बन्धी विवरणको सिर्जना गर्दैन, यस्तो विवरणको सिर्जना सूचक संस्थाहरूले गर्ने हो। वित्तीय जानकारी इकाई नियमनकारी निकाय होइन। यसले सूचक संस्थाहरूको सुपरिवेक्षण र वित्तीय अपराधको अनुसन्धान वा अभियोजन गर्दैन। न त अनुसन्धान वा अभियोजन गर्नका लागि सिफारिस नै गर्दछ। साथै, इकाईले कुनै पनि शङ्कास्पद कारोबार वा गतिविधिमा संलग्न व्यक्तिसँग कुनै पनि तरिकाले सम्पर्क पनि गर्दैन। इकाईमा प्राप्त हुने वित्तीय कारोबारसम्बन्धी विवरणको गोप्य तरिकाले विश्लेषण गरी सम्बन्धित अनुसन्धानकारी वा नियमनकारी निकायमा पठाउँछ। यस्तो सम्प्रेषण कुनै जाहेरी वा उजुरी नभई कसूर भएको वा कानुन उल्लङ्घन भएको हुन सक्ने आशङ्काको जानकारी मात्र हो। यसर्थ इकाईबाट सम्प्रेषित सूचनालाई प्रमाणको रूपमा लिन नहुने कानुनी व्यवस्था छ। बरु, इकाईबाट प्राप्त सूचनाका आधारमा सम्बद्ध अनुसन्धानकारी वा नियमनकारी निकायले प्रमाण सङ्कलन गर्नुपर्ने हुन्छ। उदाहरणका लागि कुनै अनुसन्धान गर्ने निकायले वित्तीय जानकारी इकाईबाट बैंक स्टेटमेन्टमा भएको जानकारी प्राप्त गर्दछ भने यस्तो सूचना वा जानकारी (इन्टेलिजेन्स) मात्र हो, यस्तो सूचनाले अनुसन्धान कार्यका लागि आवश्यक प्रमाण सङ्कलन गर्न मद्दत पुऱ्याउँछ। यस्तो सूचनाका आधारमा अनुसन्धानकर्ताले आवश्यक प्रमाण जुटाउने हो। इकाईका सम्बन्धमा तलको तालिकाले थप स्पष्ट हुन मद्दत पुऱ्याउँछ।

## सञ्चालन स्वायत्ततासम्बन्धी

ऐनको दफा ९ ले कार्यात्मक रूपले स्वायत्त तथा स्वतन्त्र इकाईको रूपमा स्थापना गरेको छ। यस्तो कानुनी व्यवस्था हुनुपर्ने अन्तर्राष्ट्रिय मान्यता नै रहेको छ। उक्त व्यवस्थाको कार्यान्वयनका लागि नेपाल राष्ट्र बैंक वित्तीय जानकारी इकाईसम्बन्धी विनियमावलीले इकाईका काम, कर्तव्य र अधिकारहरूलाई स्वायत्त र स्वतन्त्र ढङ्गले सम्पादनका लागि आवश्यक, स्रोत, साधन र आवश्यक जनशक्ति सुनिश्चित गरेको छ।

## गोपनीयतासम्बन्धी

सबै इकाईहरूले गोपनीयता सम्बन्धमा उच्चतम सावधानी अपनाउनु पर्ने अन्तर्राष्ट्रिय मान्यता रही आएको छ। ऐनबमोजिम इकाईबाट सम्प्रेषित सूचना तथा जानकारीलाई इन्टेलिजेन्सका रूपमा मात्र प्रयोग गरी गोप्य राख्नुपर्ने मात्र नभई गोपनीयता भङ्ग गर्दा दण्डनीय हुने गरी सजायको व्यवस्थासमेत गरेको छ। गोपनीयतासम्बन्धी प्रावधानको पर्याप्त रूपमा पालना गर्न सकेमा मात्र इकाईमा सही सूचना तथा जानकारी प्राप्त हुन सक्छ र जसको फलस्वरुप इकाईबाट सम्प्रेषण हुने निष्कर्षको गुणस्तर अभिवृद्धि हुन्छ। इकाईबाट

**तालिका : वित्तीय जानकारी इकाई, नेपाल**

| के हो ? | | के होइन ? |
|---|---|---|
| ■ सीमा कारोबार तथा शङ्कास्पद कारोबार विवरणको भण्डारण गर्ने राष्ट्रिय केन्द्र हो,<br>■ सूचक संस्था, नियमनकारी तथा अपराध अनुसन्धान गर्ने निकायबीच पुलको रूपमा रहेको सूचनाको विश्लेषक हो,<br>■ सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी भएको हुनसक्ने आशङ्काको जानकारी (इन्टेलिजेन्स) प्रवाह गर्ने निकाय हो,<br>■ राष्ट्रिय समन्वय समितिको सचिवालय हो,<br>■ सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी नेपालको सम्पर्क बिन्दु हो,<br>■ आन्तरिक तथा अन्तर्राष्ट्रिय समन्वय गर्ने निकाय हो,<br>■ एग्मण्ट समूहको सदस्य हो । | | ■ सूचना वा विवरणको प्राथमिक स्रोत होइन,<br>■ नियमनकारी वा अनुसन्धानकारी निकाय होइन,<br>■ कसैको सम्पत्ति (वा खाता) रोक्का, फुकुवा गर्ने वा सोको सिफारिस गर्ने निकाय होइन,<br>■ सूचना वा जानकारी (इन्टेलिजेन्स)को आदानप्रदान गरे तापनि कानुनी कारवाहीका लागि आवश्यक प्रमाणको सङ्कलन तथा आदान प्रदान गर्ने निकाय होइन,<br>■ इकाईले प्रवाह गरेका सूचना वा कागजात प्रमाणको लागि योग्य हुँदैन, इन्टेलिजेन्स मात्र हो,<br>■ सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी भए नभएको निर्क्योल (अन्तिमीकरण) गर्ने निकाय होइन,<br>■ शङ्कास्पद कारोबारसम्बन्धी व्यक्तिगत विवरणमा अनधिकृत पहुँच दिने वा सार्वजनिक गर्ने निकाय होइन । |
| **के गर्छ ?** | **वित्तीय जानकारी इकाई** | **के गर्दैन ?** |
| ■ शङ्कास्पद कारोबार तथा गतिविधिको विवरण प्राप्त गर्दछ,<br>■ प्राप्त विवरणहरूको विश्लेषण गर्दछ,<br>■ विश्लेषणका लागि कुनै पनि निकाय वा संस्थाबाट सूचना, कागजात, विवरण लिन सक्छ,<br>■ विश्लेषणपश्चात् अनुसन्धान गर्ने निकाय वा नियमनकारी निकायमा सम्प्रेषण गर्दछ,<br>■ स्वतन्त्र रूपले गोप्य इन्टेलिजेन्सको आदानप्रदान गर्दछ,<br>■ सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी तालिम, अन्तरक्रिया तथा सचेतनासम्बन्धी कार्य गर्दछ,<br>■ सम्पत्ति शुद्धीकरण, सम्बद्ध कसुर तथा वित्तीय अपराधसम्बन्धी जानकारी विभिन्न प्रतिवेदन र वेबसाइटमार्फत सार्वजनिक गर्दछ । | | ■ आफैंले कुनै पनि सूचना तथा विवरणको सिर्जना वा उत्पादन गर्दैन,<br>■ सूचक संस्थाका व्यावसायिक गतिविधिको नियमन, निरीक्षण वा सुपरिवेक्षण गर्ने कार्य गर्दैन,<br>■ अपराधको अनुसन्धान वा अभियोजन गर्ने कार्य गर्दैन,<br>■ कसैको सम्पत्ति (वा खाता) रोक्का राख्ने वा फुकुवा गर्ने कार्य गर्दैन (यस्तो कार्यका लागि सिफारिससमेत गर्दैन),<br>■ नियमनकारी वा अनुसन्धानकारी निकायबाहेक अन्य निकायसँग शङ्कास्पद कारोबार तथा गतिविधिको सूचना आदानप्रदान गर्दैन,<br>■ प्रमाण उपलब्ध गराउने वा आदानप्रदान गर्ने कार्य गर्दैन । |

सम्प्रेषण भएको सूचनालाई अनुसन्धानकारी निकाय र अन्य सम्बद्ध निकायहरूले इन्टेलिजेन्सको रूपमा मात्र प्रयोग गरी सम्प्रेषित सूचनालाई गोप्य राख्दै यसको प्रयोग प्रमाण सङ्कलनका लागि गर्नुपर्ने मान्यता हो । सोही आधारमा इन्टेलिजेन्स र यसको स्रोतलाई गोप्य राखी यसको प्रयोगमा उच्च सावधानी अपनाउनुपर्ने मर्म ऐनको रहेको छ।

## सूचनाको हकसम्बन्धी

इकाईमा प्राप्त हुने, इकाईले विश्लेषण गरी सम्प्रेषण गर्ने विवरण तथा प्रतिवेदनहरू शङ्कास्पद कारोबार वा गतिविधि सम्बन्धित हुने भएकोले यस्तो शङ्काहरू आफैँमा प्रमाण हुन सक्दैनन् । इकाईको अन्तर्राष्ट्रिय सञ्जालमार्फत आदानप्रदान गरिने सूचना तथा जानकारीहरूसमेत प्रमाण नभई इन्टेलिजेन्स मात्र हुने भएकोले यस्ता सूचना तथा जानकारीहरू गोप्य राख्नुपर्दछ । यस्ता सूचना तथा जानकारी व्यक्तिगत प्रकृतिका शङ्कास्पद कारोबार/गतिविधि सम्बन्धित हुने भएकोले ऐनबमोजिम गोप्य राख्नुपर्ने प्रावधान रहेको हो ।

## न्यायिक कारवाहीको प्रमाणसम्बन्धी

वित्तीय जानकारी इकाईले प्राप्त गर्ने, विश्लेषण गर्ने र सम्प्रेषण गर्ने सूचना तथा जानकारी अपराध वा आतङ्कवादका वास्तविक कारोबार नभई हुन सक्ने सम्भावित शङ्कास्पद कारोबार/गतिविधिका विवरण मात्र भएको हुँदा यसलाई इन्टेलिजेन्सको रूपमा गोप्य राख्नुपर्ने हुन्छ । शङ्कासम्बन्धी इन्टेलिजेन्स सत्य हुन पनि सक्छन् । इकाईले नियमनकारी वा अनुसन्धानकारी निकायमा आफ्नो इन्टेलिजेन्स सम्प्रेषण गरिसकेपछि ती निकायले इन्टेलिजेन्स (सोको स्रोतसमेत) लाई गोप्य राखी प्रमाण सङ्कलन गर्नुपर्ने हुन्छ।

वैज्ञानिक रूपले गरिएको अनुसन्धान र सङ्कलित प्रमाणले मात्र सत्यताको परीक्षण गर्न सकिन्छ। इन्टेलिजेन्स आफैँमा प्रमाण होइनन्, प्रमाण जुटाउने आधार मात्र हुन् । अनुसन्धानकारी निकायले सङ्कलन गरेको प्रमाणका आधारमा मात्र अनुसन्धान र अभियोजन गर्नुपर्दछ।

ऐनको दफा ४४क को उपदफा ३ ले शङ्कास्पद कारोबारसम्बन्धी विवरण र सो कार्यमा संलग्न कर्मचारीको विवरणसमेत न्यायिक कारवाहीमा उल्लेख नगरिने व्यवस्था गरेको छ।

## मुद्दाको पक्ष विपक्षसम्बन्धी

प्रश्न उठ्छन्, के वित्तीय जानकारी इकाई अपराध वा आतङ्कवादसम्बन्धी मुद्दाको पक्ष वा विपक्ष बन्न सक्छ ? के शङ्कास्पद कारोबार/गतिविधिसम्बन्धी विवरण पेस गर्दैमा मुद्दाको पक्ष विपक्ष बन्नुपर्ने हुन्छ ?

शङ्कास्पद कारोबार/गतिविधिसम्बन्धी विवरण आशङ्कामा आधारित हुन्छन् । यस्तो आशङ्का सत्य वा असत्य दुवै हुनसक्छ। अनुसन्धान पश्चात् मात्रै भन्न सकिन्छ कि कारोबार आपराधिक/आतङ्कवाद हो वा होइन । अनुसन्धानपश्चात् मात्र अभियोजन गर्ने वा नगर्ने विषयको निर्क्योल हुने भएकोले सूचक संस्था वा वित्तीय जानकारी इकाईले शङ्कास्पद कारोबार विवरण पठाएकै आधारमा इकाई मुद्दाको पक्ष वा विपक्षी बन्दैन। उदाहरणको लागि; नेपाल सरकारको राष्ट्रिय अनुसन्धान विभागले सङ्कलन गरेको इन्टेलिजेन्सबाट धेरै अनुसन्धान, अभियोजन र न्याय निरोपण भएका हुन सक्छन्। तर उक्त विभागले त्यस्तो सूचना दिएका कारण मुद्दा चलेको भनी कहीँ कतै सार्वजनिक गरिँदैन र विभाग सोही कारणले जाहेरवाला वा सूचक भएको मानिँदैन। वित्तीय अपराधको विश्लेषण, अनुसन्धान र अभियोजनका हकमा इकाईलाई त्यही रूपमा लिनुपर्ने हुन्छ।

अन्तर्राष्ट्रिय मान्यता र मापदण्डले नै वित्तीय जानकारी इकाईसँग सम्बन्धित सूचना तथा जानकारी सम्प्रेषण गरेकै आधारमा कोही दण्डित हुन नपर्ने गरी संरक्षण गरेको छ । वित्तीय कारवाही कार्यदल (एफएटीफ) को सिफारिस नं. २१ ले सम्बन्धित मुलुकले यस्तो संरक्षणका लागि कानुनी व्यवस्था गर्नुपर्ने आवश्यकता औँल्याएको छ। ऐनको दफा ३७ अनुसार कसैले वित्तीय जानकारी इकाईमा जानकारी दिएकै कारण सजाय नहुने व्यवस्था गरेको छ । कसैले वित्तीय जानकारी इकाईलाई सूचना वा जानकारी उपलब्ध गराएकोमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई देवानी, फौजदारी, प्रशासकीय वा अनुशासनसम्बन्धी कुनै कारबाही वा सजाय नहुने व्यवस्था रहेको छ।

व्यावहारिक रूपले नेपालमा कहिलेकाहीँ शङ्कास्पद कारोबार विवरणको प्रतिवेदन गरेकै आधारमा मुद्दाको पक्ष विपक्षमा बयान दिनुपर्ने अवस्था सिर्जना भएको देखिन्छ। यस्तो कार्य यस प्रणालीसँग सम्बन्धित स्थापित मूल्य मान्यताविपरीत

हुन् र यस्तो कार्य बढ्दै गएमा विश्वव्यापी चासोमा नेपालप्रति नकारात्मक धारणा बन्न सक्छ। साथै, यसो गर्दा इन्टेलिजेन्सको प्रयोगमा लापरवाहीको अवस्था मात्र नभई वित्तीय जानकारी इकाईमा हुने शङ्कास्पद कारोबार विवरणको प्रवाह र गुणस्तरीय सूचना प्राप्तिमा कमी आउने जोखिम बढ्छ। विवरणको स्रोत नै गोप्य राख्नुपर्ने विद्यमान कानुनी व्यवस्थाको उल्लङ्घन भई शङ्कास्पद कारोबारको रिपोर्टिङ प्रणाली नै प्रभावित हुन पुग्छ। यसले सम्पत्ति शुद्धीकरण निवारण प्रणालीको प्रभावकारिता तथा विश्वसनीयतामा कमी ल्याउँछ।

## वित्तीय सूचना, जानकारी वा प्रमाण (फाइनान्सियल इन्फर्मेसन, इन्टेलिजेन्स र एभिडेन्स)

वित्तीय अपराध, आतङ्ककारी क्रियाकलाप वा आम विनाशकारी हातहतियारमा वित्तीय लगानी निवारण गर्ने कार्यमा वित्तीय जानकारी (फाइनान्सियल इन्टेलिजेन्स) को महत्व अन्तर्राष्ट्रियस्तरमै महसुस गरिएको छ। इन्टेलिजेन्सको प्रयोगले एउटा अनुसन्धानकर्तालाई शङ्कास्पद कारोबारमा वास्तविक अपराध वा आतङ्ककारी क्रियाकलाप भए/नभएको निर्क्योल गर्न मद्दत पुऱ्याँउछ। इन्टेलिजेन्स आफैँमा प्रमाण होइनन्, तर यसले प्रमाण सङ्कलनमा भने सहयोग पुऱ्याउँछ।

सूचना वा जानकारीको तहगत विश्लेषण गर्ने हो भने सामान्य अप्रशोधित जानकारीलाई इन्फरमेसनको रूपमा लिन सकिन्छ। यसै गरी, कच्चा पदार्थका रूपमा रहेको अप्रशोधित जानकारीलाई प्रशोधन वा विश्लेषण गरेर अर्थपूर्ण इन्टेलिजेन्स तयार गरिन्छ। यस्तो सूचनाको प्रयोग अनुसन्धान कार्यमा हुने गर्दछ। अनुसन्धानकर्ताले इन्टेलिजेन्सको प्रयोग प्रमाण सङ्कलनका लागि गर्नुपर्दछ। यहाँ इन्टेलिजेन्स र एभिडेन्सको फरक छुट्याउन सान्दर्भिक हुन आउँछ। इन्टेलिजेन्सहरू सूचना वा जानकारी मात्र हुन्, तसर्थ ती गोप्य हुनुपर्दछ। इन्टेलिजेन्सहरू एभिडेन्स (प्रमाण) भने होइनन्। अनुसन्धानकर्ताले इन्टेलिजेन्सको मद्दतले एभिडेन्स (प्रमाण) सङ्कलन गर्ने र त्यस्तो एभिडेन्स (प्रमाण) का आधारमा मात्र न्यायिक कारवाही अगाडि बढाउनुपर्ने हुन्छ। इन्टेलिजेन्सका सम्बन्धमा सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा ४४क ले "सूचना वा जानकारी प्रकट गर्न नहुने" भन्दै सोही दफाको उपदफा ३ ले "यस दफाबमोजिम जानकारी दिन नहुने विवरण वा ब्यहोरा न्यायिक कारवाहीमा समेत उल्लेख गरिने छैन" भन्ने व्यवस्था गरेको छ। यसका साथै, इन्टेलिजेन्सको गोपनीयताका सम्बन्धमा ऐनको दफा १०ख ले सूचनाको गोपनीयता कायम गर्नुपर्ने व्यवस्था गरेको छ। यसै गरी, ऐनको दफा २६ ले गोप्यता भङ्ग गर्न नहुने व्यवस्थासमेत गरेको छ भने दफा ३१ ले गोप्यता भङ्ग गर्ने व्यक्तिलाई एक महिनादेखि तीन महिनासम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ।

## अन्तर्राष्ट्रिय मान्यता र मापदण्ड

वित्तीय जानकारी इकाईहरू सम्पत्ति शुद्धीकरण निवारणका लागि शङ्कास्पद कारोबार/गतिविधिसम्बन्धी विवरण सूचक संस्थाबाट प्राप्त गर्ने, तिनको विश्लेषण गरी कानुन कार्यान्वयन गर्ने निकाय र अन्तर्राष्ट्रिय वित्तीय जानकारी इकाईसमक्ष सम्प्रेषण गर्ने निकाय हुन् (आईएमएफ, २००४)। वित्तीय अपराध नियन्त्रणका लागि वित्तीय जानकारी इकाईको स्थापनालाई महत्वपूर्ण आधारका रूपमा लिने गरिन्छ।

विभिन्न मुलुकमा वित्तीय जानकारी इकाईसम्बन्धी अभ्यासलाई हेर्दा संसारभर चार प्रकारका इकाईहरू रहेको पाइन्छः पहिलो प्रशासकीय प्रकार, दोस्रो अनुसन्धानकारी प्रकार, तेस्रो न्यायिक वा अभियोजनकारी प्रकार र चौथो मिश्रित प्रकार। नेपालको वित्तीय जानकारी इकाई प्रशासकीय प्रकारको इकाई हो र संसारभरमा सबैभन्दा बढी यस्तै प्रकारका इकाईहरू क्रियाशील छन्।

संयुक्त राष्ट्र संघका अन्तर्राष्ट्रिय अभिसन्धिले समेत वित्तीय जानकारी इकाईको आवश्यकता उल्लेख गरेका छन्। आतङ्कवादमा वित्तीय लगानीको दमनसम्बन्धी अभिसन्धि (१९९९), सङ्गठित अपराधसम्बन्धी अभिसन्धि (२००१) र भ्रष्टाचारविरुद्धको अभिसन्धि (२००३) ले सम्पत्ति शुद्धीकरण विरुद्धको आधुनिक प्रणालीमा वित्तीय जानकारी इकाईको अपरिहार्यता र आवश्यकता प्रस्तुत गरेका छन्।

वित्तीय कारवाही कार्यदल (एफएटीएफ) ले इकाईलाई शङ्कास्पद कारोबारको सूचना प्राप्त गर्ने र प्रशोधन गर्ने सक्षम अधिकारीका रूपमा परिभाषित गरेको छ। साथै कार्यदलका सिफारिसमध्ये सिफारिस नं. २ ले 'राष्ट्रिय समन्वय र सहकार्य' अन्तर्गत सबै मुलुकले आफ्नो मुलुकका जोखिमअनुसार

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलाप वा आमविनाशकारी हातहतियारमा वित्तीय लगानी निवारणका लागि नीति निर्माण गरी सोको कार्यान्वयनका लागि इकाई, कानुन कार्यान्वयन गर्ने निकाय, नीति निर्माता र अन्य सक्षम अधिकारीहरूबीच निरन्तर समन्वय हुने संयन्त्रको विकास गर्नुपर्ने आवश्यकता औँल्याएको छ।

सिफारिस नं. २० ले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापसँग सम्बन्धित शङ्कास्पद कारोबार तथा गतिविधिसम्बन्धी विवरण वित्तीय जानकारी इकाईमा पठाउनुपर्ने कानुनी व्यवस्था मुलुकहरूले गर्नुपर्ने आवश्यकता औंल्याएको छ। यसै गरी, सिफारिस नं. २१ ले शङ्कास्पद कारोबारको गोपनीयता सम्बन्धमा कानुनले नै संरक्षित गर्नुपर्ने प्रावधान गरेको छ, जसअनुसार शङ्कास्पद कारोबार विवरण गोप्य रहनुपर्दछ। यस्ता विवरणहरू वित्तीय जानकारी इकाईलाई प्रवाह गर्दा गोप्यता भङ्ग भएको नमानिने मान्यता रहेको छ। साथै, यस्तो विवरणहरू सम्प्रेषण गरेकै आधारमा कसैलाई कारवाही तथा सजाय नहुने प्रावधान रहेको छ।

**वित्तीय जानकारी इकाईसँग सम्बन्धित अन्तर्राष्ट्रिय अभ्यास**

| असल अभ्यास | गलत अभ्यास (कमी कमजोरी) |
|---|---|
| ● शङ्कास्पद कारोबार गतिविधि/विवरण प्राप्त गर्ने राष्ट्रिय केन्द्रको रूपमा इकाईले कार्य गर्ने,<br>● वित्तीय, प्रशासकीय र कानुन कार्यान्वयनलगायत विविध प्रकारका स्रोतबाट इकाईले सूचना सङ्कलन गर्न सक्ने,<br>● सम्बन्धित सक्षम अधिकारीबाट माग भई आएमा वा स्वस्फुर्त रूपमा इकाईले सूचना तथा जानकारी सम्प्रेषण गर्न सक्ने,<br>● इकाईसँग रहेका सूचना तथा जानकारीको गोपनीयता संरक्षण गर्नुपर्ने,<br>● स्वायत्त र स्वतन्त्र रूपमा सञ्चालन हुनुपर्ने,<br>● आफ्ना कार्य स्वतन्त्र र स्वायत्त ढङ्गले गर्न सक्ने क्षमता तथा अधिकार हुनुपर्ने,<br>● स्वदेशी र विदेशी समकक्षीहरूसँग स्वतन्त्र ढङ्गले सूचना आदानप्रदान गर्नसक्ने क्षमता हुनुपर्ने,<br>● कुनै संस्थाभित्र स्थापित भएको भए इकाईको मुख्य कार्य त्यस्तो संस्थाबाट स्पष्ट रूपमा छुट्टिएको हुनुपर्ने,<br>● कार्य सञ्चालनका लागि आवश्यक स्रोत साधन सुनिश्चित हुनुपर्ने,<br>● कुनै पनि प्रकारको अनुचित राजनीतिक, सरकारी वा औद्योगिक प्रभाव (जसले इकाईको स्वायत्त सञ्चालनमा अवरोध पुर्‍याउँछ) बाट मुक्त रहनुपर्ने,<br>● एग्मण्ट समूहको सदस्य हुनुपर्ने।<br>● (FATF Recommendations no. 29) | ● सूचना तथा जानकारीको सिर्जना (सूचक संस्थाबाट)<br>● ग्राहक तथा वास्तविक धनीको पर्याप्त रूपले पहिचान नगरिकनै आशङ्का गर्न थाल्नु,<br>● सम्बद्ध कसुरको सम्बन्ध विश्लेषण नगरी शङ्कास्पद कारोबार विवरण पठाउनु,<br>● शङ्का गर्नुपर्ने पर्याप्त आधार नभई विवरण पठाउनु<br>● सूचना तथा जानकारीको रिपोर्टिङ (सूचक संस्थाबाट)<br>● तटस्थ र निष्पक्ष ढङ्गले रिपोर्टिङ गर्न नसक्नु,<br>● इकाईको गोएएमएल प्रणालीसँग सबै सूचक संस्थाहरू जोडिइनसक्नु,<br>● इन्टेलिजेन्समा अनधिकृत व्यक्तिको चासो रहनु<br>● सूचना तथा जानकारीको विश्लेषण (इकाईबाट)<br>● विश्लेषणका लागि आवश्यक पर्ने सूचनाका स्रोतको विविधीकरण हुन नसक्नु,<br>● बैंक स्टेटमेन्ट र सुचक संस्थामा भएको सूचनामा मात्र निर्भर रहनु,<br>● समयानुकूल विश्लेषण क्षमताको विकास हुन नसक्नु<br>● सूचना तथा जानकारीको प्रयोग (कानुन कार्यान्वयन गर्ने निकायबाट)<br>● प्रयोगकर्ताले गोपनीयता कायम गर्न नसक्नु,<br>● इन्टेलिजेन्सको रूपमा मात्र प्रयोग नहुनु,<br>● प्रयोगमा संवेदनशीलताको अभाव देखिनु<br>● सूचना तथा जानकारीको पृष्ठपोषण (कानुन कार्यान्वयन गर्ने निकायबाट)<br>● सम्प्रेषणपश्चात् सोको पृष्ठपोषण प्रदान गर्ने प्रचलनको विकास हुन नसक्नु। |

सिफारिस नं. २९ मा सबै मुलुकले वित्तीय जानकारी इकाई स्थापना गर्नुपर्ने सुझाव दिइएको छ। जसअनुसार शङ्कास्पद कारोबारका विवरणलगायत सम्पत्ति शुद्धीकरण र सम्बद्ध कसुरसँग सम्बन्धित सूचना वा जानकारी प्राप्त गरी विश्लेषण गर्ने र यस्ता विश्लेषणको परिणाम सम्प्रेषण गर्नका लागि राष्ट्रिय केन्द्र (National Centre) का रूपमा इकाईको स्थापना गर्नुपर्ने प्रावधान रहेको छ। इकाईको सञ्चालन स्वायत्तता र स्वतन्त्रताको आवश्यकता उल्लेख गर्दै राजनीतिक, सरकारी वा औद्योगिक हस्तक्षेप वा अनुचित प्रभावबाट इकाईलाई मुक्त राख्नुपर्ने आवश्यकता यसअन्तर्गत रहेको छ। इकाईको स्थापना गरेर मात्र पुग्दैन स्थापनापश्चात् एग्मण्ट समूहको सदस्य हुनुपर्ने प्रावधानसमेत यसअन्तर्गत रहेको छ।

सिफारिस नं. ४० अनुसार इकाईसँग सम्पत्ति शुद्धीकरण, सम्बद्ध कसुर र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीसँग सम्बन्धित सूचना वा जानकारी अन्तर्राष्ट्रिय रूपमा आदानप्रदान गर्नसक्ने अधिकार हुनुपर्ने आवश्यकता देखाएको छ। यसै गरी, कार्यदलले जारी गरेका विभिन्न अन्तर्राष्ट्रिय मापदण्डमा इकाईका महत्वपूर्ण भूमिकाबारे उल्लेख गरिएका छन्।

## अन्तर्राष्ट्रिय समन्वय र एग्मण्ट समूह

अन्तर्राष्ट्रिय स्तरमा वित्तीय जानकारी इकाईहरूबीच सहकार्य गर्न 'एग्मण्ट ग्रुप अफ एफआईयू' रहेको छ। हाल यस समूहमा विभिन्न देशका १६६ वटा इकाईहरू सदस्यका रूपमा रहेका आबद्ध छन्। पारस्परिकताका आधारमा एकआपसमा सूचना आदानप्रदान गर्नका लागि एग्मण्ट सिद्धान्तहरू प्रतिपादन भई कार्यान्वयनमा रहेका छन्। एग्मण्टको सुरक्षित सञ्जालमार्फत सबै इकाईले आपसमा सूचना आदानप्रदान गर्दछन्। इकाईहरूले सूचना तथा जानकारीहरू प्राप्त गर्न एकअर्कालाई अनुरोध गर्दछन्। कतिपय अवस्थामा अर्को देशको इकाईसँग सम्बन्धित सूचना रहेको भए त्यस्तो सूचना माग नगरिएकोमा समेत स्वस्फुर्त (Sponteneous) रूपमा पठाउने कार्य पनि नियमित रूपमा भइरहेको हुन्छ। अन्तर्राष्ट्रिय मापदण्डअनुसार एकआपसमा सूचनाको माग भई आएमा प्राप्त अनुरोधअनुसार इकाईले तत्कालै सहयोग गर्नुपर्दछ। यसरी प्राप्त सूचनालाई जुन प्रयोजनका लागि माग भएको हो सोही प्रयोजनमा मात्रै उपयोग गर्नुपर्दछ। सूचना प्रदान गर्ने इकाईले स्वीकृति दिएमा मात्र सूचना प्राप्त गर्ने इकाईले अन्य सम्बन्धित निकायलाई सूचना प्रदान गर्न सक्छ। यसरी इकाईहरूबीच आदानप्रदान हुने सूचना केवल इन्टेलिजेन्स मात्रै हुन्। त्यसैले यसलाई अदालती प्रमाणका रूपमा भने प्रयोग गर्न सकिँदैन। अदालती प्रमाण सङ्कलनका लागि भने पारस्परिक कानुनी सहायताको माध्यम प्रयोग गर्नुपर्ने हुन्छ वा कानुनले दिएको अवस्थामा इकाईले स्वीकृति दिएको हुनुपर्दछ (आईएमएफ, २००४)।

अन्त्यमा, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापसँग सम्बन्धित शङ्कास्पद कारोबार वा गतिविधिसम्बन्धी विवरण प्राप्त गर्ने, विश्लेषण गर्ने र सोको निष्कर्ष सम्बन्धित कानुन कार्यान्वयन गर्ने निकायमा सम्प्रेषण गर्नु नै वित्तीय जानकारी इकाईको मुख्य कार्य हो। इकाईले वित्तीय सूचना तथा जानकारीलाई इन्टेलिजेन्सका रूपमा आदानप्रदान गर्दछ। इन्टेलिजेन्स यथार्थमा प्रमाण नभई प्रमाण सङ्कलनका लागि आवश्यक पर्ने सूचना तथा जानकारी मात्र भएकोले गोप्य राख्नुपर्ने अन्तर्राष्ट्रिय मान्यता, मापदण्ड र राष्ट्रिय कानुनी व्यवस्थासमेत रहेको छ। इकाईबाट सम्प्रेषण गरिने सूचना तथा जानकारीको सही बुझाइ र उपयोग हुन सकेन भने सम्पत्ति शुद्धीकरण निवारण प्रणालीप्रतिको विश्वसनीयता र प्रभावकारिताको अभिवृद्धि हुन सक्दैन। इकाईको सूचना तथा जानकारीको गोपनीयता, संवेदनशीलता र व्यावसायिकताले मात्र गुणस्तरीय इन्टेलिजेन्सको प्रवाह हुन सक्छ। यस्तो गुणस्तरीय इन्टेलिजेन्सको प्रवाहले मुलुकमा वित्तीय अपराध र आतङ्कवाद निवारण गर्ने अभियानलाई प्रभावकारी बनाउने कुरामा विश्वस्त हुन सकिन्छ।

### सन्दर्भ सामग्री

Financial Intelligence Units: An Overview, IMF,2004

Best Practices for the Improvement of Exchange of Information Between Financial Intelligence Units, 2004, Egmont Group

International Standards On Combating Money Laundering and The Financing Of Terrorism & Proliferation, The FATF Recommendations, FATF (Updated March 2022)

Methodology For Assessing Technical Compliance With The Fatf Recommendations And The Effectiveness Of AML/CFT Systems, FATF (Updated October 2021)

Criminal Intelligence Manual for Analysts, 2011, United Nations Office On Drugs And Crime Vienna

सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) निवारण ऐन, २०६४

सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) नियमावली, २०७३

# बैंकिङ क्षेत्रमा सुशासनको मापन तथा कार्यान्वयनका चुनौती

■ राजनविक्रम थापा*

## विषय प्रवेश

सुशासनको विषयलाई सबै प्रकारका संस्थामा प्राथमिकतामा राख्ने गरिएको छ । कुनै पनि संस्थाको दीर्घकालीन अस्तित्व र पृथक पहिचानका लागि सबल संस्थागत सुशासनको संरचना र कार्यान्वयनलाई अपरिहार्य मानिन्छ। संस्थागत सुशासनको सैद्धान्तिक धरातल व्यवस्थापनको पूर्ण पारदर्शिता, इमानदारिता, जवाफदेहितामा निर्भर रहेको हुन्छ। यसका अतिरिक्त लगानीकर्ताको हित र सार्वजनिक सरोकारका विषय पनि उत्तिकै महत्वपूर्ण छ । बैंकिङ क्षेत्रजस्तो संवेदनशील र एक अर्काप्रतिको परस्पर विश्वास र सद्भावमा आधारित संस्थाको सफलता र प्रभावकारिताका लागि व्यावसायिक इमान्दारिता, नैतिकता र सुशासनको विषयलाई निकै प्राथमिकतामा राखिएको हुन्छ । यस क्षेत्रमा ठूलो संख्यामा सरोकारवाला रहने तर निर्णय अधिकार र चालनको अख्तियारी भने सीमित व्यक्ति वा समूहमा केन्द्रित रहने भएको हुँदा अल्पसंख्यकको हित कायम गर्न र प्रभावग्राही पक्षबाट असीमित लाभ लिन सक्ने अवस्थालाई लगाम लगाउन संस्थागत सुशासन कायम गराउने विषय सम्बन्धित निकायका लागि चुनौतिपूर्ण समेत मानिन्छ । सुशासनको विषय सुन्दा सरल र सामान्य लागे तापनि यसलाई सीमित घेरामा परिभाषित गर्न कठिन छ। यस सम्बन्धमा सबैजसो मुलुकमा आफ्नै किसिमका अध्ययन, अनुसन्धान हुनुका साथै नीति नियममा समेटेर कार्यान्वयन प्रयास पनि निरन्तर रूपमा भइरहेको हुन्छ।

सुशासनका सम्बन्धमा विभिन्न अन्तर्राष्ट्रिय निकाय तथा विद्वानले आफ्ना विचार र परिभाषा दिएका छन् । ब्यारेट (२००२) का अनुसार 'एउटा सङ्गठनको संस्थागत र अन्य संरचना, संस्कृति, नीति, रणनीति तथा कार्यदिशालाई विभिन्न सरोकारवालाबीच कसरी व्यवस्थित गर्न सकिन्छ भनी निर्धारण गरेको प्रक्रिया नै संस्थागत सुशासन हो ।[१] यस विषयमा Organization for Economic Co-operation and Development-OECD) ले समयसमयमा विभिन्न मुलुकको स्थितिलाई समेटेर अध्ययन/अनुसन्धान गर्नुका साथै सुशासनका सिद्धान्तसमेत प्रस्तुत गरेको देखिन्छ । उक्त संस्थाका अनुसार सुशासनको अभ्यासले दीर्घकालीन लगानी, वित्तीय स्थिरता र व्यावसायिक अखण्डता अभिवृद्धि गर्न आवश्यक विश्वास, पारदर्शिता र उत्तरदायित्वको वातावरण सिर्जना गर्न मद्दत गर्दछ। यसबाट सुदृढ र समावेशी समाज निर्माणमा समेत सहयोग पुग्ने देखिन्छ। बैंकिङ क्षेत्रमा दीर्घकालीन असर पार्ने प्रतिष्ठा जोखिम (Reputational Risk) को मूल स्रोत नै संस्थामा संलग्न मानिस र तिनका गलत प्रवृत्ति र आचारणलाई मानिन्छ । जुन विषयको प्रत्यक्ष सरोकार संस्थाका जिम्मेवार पदाधिकारीको आचरण, आचारसंहिता र सुशासनसँग गाँसिएको हुन्छ। कुनै कानुन वा नीति निर्देशनमार्फत गरिएका बाध्यकारी व्यवस्थाले मात्र बैंकिङ क्षेत्रमा सुशासन स्थापित गर्न सकिँदैन । सुशासन आफैँमा वस्तुपरक र सापेक्षित अवधारणा हो । सन्दर्भ र परिस्थितिअनुसार सुशासनको व्याख्या फरक हुनसक्ने भएको हुँदा यसलाई ठोस रूपमा मापन गरी अनुगमन गर्ने कार्य तुलनात्मक रूपमा जटिल नै मानिन्छ। ऐन/कानुन र नीति/नियम आदिबाट मापदण्ड तय गरी लागू गर्ने प्रयत्न गरिए तापनि मानिसको आचरण र प्रवृत्तिसँग सम्बन्धित हुने भएकोले कार्यान्वयन गरी प्रभावकारी परिणाम हासिल हुने सवालमा भने यो विषय चुनौतीपूर्ण मानिन्छ । अतः यस लेखमा नेपालको बैंकिङ क्षेत्रमा सुशासनको मापन गर्न प्रयोग हुने केही आधार एवम् पछिल्लो समयमा देखिएका चुनौतीका बारेमा सङ्क्षेपमा प्रकाश पार्ने प्रयत्न गरिएको छ।

---

* निर्देशक, नेपाल राष्ट्र बैंक

१ Corporate governance as process to encompass how an organization is managed, its corporate and other structures, its culture, its policies and strategies and ways in which it deals with its various stakeholders. (Barrett, 2002)

## बैंकिङ क्षेत्रमा संस्थागत सुशासनको अवस्था

नेपालको बैंकिङ क्षेत्रमा संस्थागत सुशासनको पालना गराउनका लागि बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, कम्पनी ऐनलगायतका कानुनी व्यवस्था गरिएको भए तापनि मूलतः केन्द्रीय बैंकले जारी गर्ने निर्देशन र परिपत्रलाई नै यसको प्रमुख आधारको रूपमा लिने गरिएको छ। नेपाल राष्ट्र बैंकले पहिलो पटक २०५८ साउन १ गतेदेखि लागू हुनेगरी 'वाणिज्य बैंकले पालना गर्नुपर्ने संस्थागत सुशासनसम्बन्धी व्यवस्था (निर्देशन नं. ६) जारी गरेको थियो । तत्पश्चात वित्तीय प्रणालीमा देखिएका गलत अभ्यास र समस्यालाई समेत सम्बोधन गर्दै बैंकले उक्त निर्देशनमा समयसापेक्ष परिमार्जन गर्दै आएको छ।

उक्त निर्देशनमा वित्तीय संस्था सञ्चालन र सुशासन कायम गर्ने विषयसँग सम्बन्धित न्यूनतम स्वीकारयोग्य आचरण, सञ्चालकहरूको क्षेत्राधिकार, कामकारवाहीप्रति सञ्चालकको जवाफदेहिता, वित्तीय स्वार्थ, कर्जा लिन बन्देज, अन्य संस्थामा सञ्चालक, सल्लाहकार वा कार्यकारी अधिकार प्रयोग गर्न बन्देज, विभिन्न कार्यमा पदीय बन्देज, अभिलेख व्यवस्थापनमा गोपनीयता कायम राख्नुपर्ने, समितिको बैठकमा नियमितता, उमेरको हदसम्बन्धी व्यवस्था, विभिन्न कार्यगत समितिका जिम्मेवारी, लेखापरीक्षण समितिको व्यवस्थालगायतका प्रमुख व्यवस्थाहरू समेटिएको देखिन्छ।

नेपालमा बैंकिङ कसुर ऐन आउनुपूर्व संस्थागत सुशासन पालनाको विषय नैतिक विषय मानिने गरेको भए तापनि अधिकारको दुरुपयोग र कतिपय आर्थिक अनियमितताका विषयसमेत बैंकिङ कसुरका परिभाषित भई कारवाहीको दायरामा आएपछि सुशासनप्रतिको बुझाइ र सोको उल्लङ्घनपछि हुने कारवाहीको स्वरूपमा पनि बदलाव आएको देखिन्छ। काम गर्ने क्रममा आवश्यक ज्ञान र अनुभवको कमी भई गलत नियतविना नै गरिएका गल्ती, कमजोरीलाई सामान्य निर्देशनबाट सुधार हुने क्रमको थालनी भएको देखिन्छ। साथै, कसुरजन्य र नियतवश नै गरिएका कमजोरीलाई कानुनी कारवाहीको दायरामा ल्याउने अभ्यास बढिरहेको देखिन्छ । गम्भीर प्रकृतिका घटनाहरूसमेत अदालती प्रक्रियामा जाँदा न्यायिक निरूपणमा लाग्ने अनिश्चित समय र त्यसबाट हुने सम्भावित नोक्सानीका बारेमा बैंकिङ क्षेत्रलाई सधैँ अन्योलको अवस्था सिर्जना हुने देखिन्छ । विगतमा सञ्चालक समिति वा संस्था सञ्चालनमा प्रमुख भूमिकामा रहने पदाधिकारी नै संस्थाको दैनिक कारोबारमा प्रत्यक्ष जोडिन खोज्ने, कर्मचारी नियुक्त खरिद प्रक्रियालगायत सञ्चालन प्रकृतिका निर्णयमा बोर्डको हस्तक्षेप हुने, एकाघरका सदस्यहरू एकै संस्थाको सञ्चालक समितिमा रहन उत्सुक हुने, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कर्जा प्रवाह र उपयोगमा संलग्न हुने, आर्थिक सुविधा निर्धारण र उपयोगमा बढी चासो लिने, निर्णयाधिकार सीमित व्यक्ति वा समूहमा केन्द्रित गर्नेलगायतका प्रवृत्ति बैंकिङ क्षेत्रमा विद्यमान थियो ।

पछिल्लो समयमा केन्द्रीय बैंकको संस्थागत सुशासनसम्बन्धी निर्देशनमार्फत प्रत्यक्ष रोक लगाइएका विषयलाई सिधै उल्लङ्घन गर्ने परिपाटीमा कमी देखिए पनि कानुनी तिकडम अपनाउने र कानुनको आसय वा निर्देशनको उद्देश्यभन्दा विपरीत आफूअनुकूल व्याख्या/विश्लेषण गरी सीमित व्यक्ति वा समूहको हितमा काम गर्ने पद्धति स्थापित हुँदै गएको देखिन्छ । प्रमुख कार्यकारी अधिकृतको छनोट गर्दा व्यावसायिक र पेसागत क्षमता भएका व्यक्तिलाई प्रतिस्पर्धाबाट छनोट गर्नुभन्दा पनि आफू वा आफ्ना स्वार्थअनुकूल छनोट गर्ने प्रवृत्ति देखिन्छ । निर्देशनले रोक लगाएको अवस्थालाई छलछाम गरी एकै समूह वा नजिकका व्यक्तिलाई सञ्चालक समितिमा प्रतिनिधित्व गराउने प्रवृत्ति पनि बढ्दो छ। बैंकिङ क्षेत्रमा अनुभव नरहेका र विषयवस्तु नबुझेका सञ्चालकहरू नियुक्त गर्ने, व्यावसायिक वा स्वतन्त्र सञ्चालकलाई मर्मअनुसार नियुक्ति नगर्ने, गरे पनि काम गर्ने अवसर प्रदान नगर्ने, लामो पदावधि र बढी उमेरसम्म एकै व्यक्तिको नियन्त्रण र प्रभावमा संस्था सञ्चालन गर्ने, संस्थाको नियमित प्रकृतिका काममा हस्तक्षेप गर्ने, गुट/उपगुट सिर्जना गरी आन्तरिक द्वन्द्व र असमझदारी सिर्जना गर्नेलगायतका कमजोर सुशासनका रोग यस क्षेत्रमा विद्यमान छन् । यस्ता प्रवृत्तिबाट उत्पन्न हुन सक्ने जोखिम न्यूनीकरण गर्न राष्ट्र बैंकले प्रमुख कार्यकारी अधिकृतको पदावधि, उमेर र सञ्चालकको उमेरहद तोकिदिएको भए तापनि कानुनी उपचारको नाममा संस्थालाई कमजोर बनाउने घटनाहरू पनि सतहमा आएकै छन् । संस्थागत सुशासनको आधारभूत सिद्धान्त भन्नु नै सञ्चालक समितिमा बैंकिङ क्षेत्र बुझेका र

बैंकिङ व्यवसायलाई मर्यादित ढङ्गले सञ्चालन गर्न मार्गनिर्देश गर्न सक्ने व्यक्तिको चयन हो, जुन नेपालको बैंकिङ क्षेत्रमा सधैं 'आकाशको तारा' जस्तै भएको देखिन्छ।

## सुशासनको अवस्थालाई मापन गर्ने आधार

सुशासनलाई परिमाणात्मक रूपले मापन गर्न सहज हुँदैन। नेपालको बैंकिङ क्षेत्रको सुशासनलाई मापन गर्न के कस्ता विषयवस्तु र परिसूचकहरू समेटिनुपर्छ भन्ने सवाल पनि एउटा अध्ययनकै विषय हो। यस OECD र वासेल कमिटीले समयसमयमा विभिन्न मुलुकको अवस्थालाई समेटेर अध्ययन अनुसन्धान गर्नुका साथै सुशासनका सिद्धान्तसमेत प्रस्तुत गरेको देखिन्छ। उक्त संस्थाका अनुसार प्रभावकारी संरचनाको सुनिश्चितता, सेयरधनीका आधारभूत अधिकार, सेयरधनीको उचित व्यवहार, सरोकारवालाको भूमिका, खुलासा र पारदर्शिता (Disclosure and transparency) सञ्चालक समितिका जिम्मेवारीलाई मुख्य पक्षको रूपमा औंल्याएको छ। यसका अतिरिक्त विभिन्न मुलुकमा भएका फरकफरक अध्ययनले सुशासनलाई प्रभाव पार्ने विभिन्न तत्वको पहिचान, विश्लेषण र व्याख्या गरेका छन्। तर ती सबै तत्वमा सबै मुलुक र वातावरणमा समान रूपले कार्यान्वयन गर्न सकिँदैन। मुलुक मात्र हैन, स्थापित कम्पनीको बीचमा पनि आफ्नै प्रकारका विशेषता, संस्कार र पद्धति हुने गर्दछ, जसले सुशासनका विषयको पालना र त्यसबाट प्राप्त हुने नतिजालाई प्रभावित पार्दछ। बैंकिङ क्षेत्रलाई देशको अर्थतन्त्रको मेरुदण्ड मानिने भएकोले पारदर्शिता र जवाफदेहितासँग सम्बन्धित विषय बैंकिङ क्षेत्रमा अझै बढी आवश्यक र महत्वपूर्ण हुने विषयमा सबैजसो अनुसन्धानकर्ताले जोड दिएका छन्। हालसम्म प्रयोगमा आएका सिद्धान्त एवम् नेपालमा विद्यमान अभ्याससमेतका आधारमा बैंकिङ क्षेत्रको सुशासनलाई मापन गर्ने सवालमा देहायका तत्वको प्रमुख भूमिका रहन सक्ने देखिएको छ।

### १. स्वामित्वको संरचना

संस्थाको स्वामित्व संरचनाले संस्थागत सुशासनलाई मुख्य रूपमा प्रभाव पार्ने कुरामा धेरैजसो अध्ययनले जोड दिएका छन्। संस्थाको सञ्चालक समिति नै सेयर संरचनाको अनुपातमा छनोट हुने भएकाले लगानीकर्ताको समग्र क्षमता र अवस्थाले सुशासनको अवस्थालाई प्रतिनिधित्व

**Organization for Economic Cooperative and Development (OECD) द्वारा प्रतिपादित सिद्धान्त**

- संस्थागत सुशासनको प्रभावकारी संरचना तयार गर्न आधार सुनिश्चित गर्नु
- सेयरधनी तथा प्रमुख स्वामित्व कार्यमा समान अधिकार र व्यवहार
- संस्थागत लगानीकर्ता, सेयर बजार र अन्य मध्यस्थकर्ता
- संस्थागत सुशासनमा सरोकारवालाको भूमिका
- खुलासा तथा पारदर्शिता
- सञ्चालक समितिको जिम्मेवारी

गर्दछ। विगतमा एकै व्यक्ति वा समूहले ठूलो हिस्सा लगानी गरी बैंक तथा वित्तीय संस्था स्थापना गर्न, सीमित व्यक्ति वा समूहको लगानीमा संस्था खोल्न, सञ्चालक समितिमा एकाघर परिवारका सदस्य रहन, आफू आबद्ध बैंकबाट कर्जा सुविधालगायतका हितअनुकूल सुविधा उपयोग गर्न र घरानिया र महाजनले बैंकिङ व्यवसायलाई समेत आफ्ना अन्य निजी व्यवसायको रूपमा सञ्चालन गर्नसमेत नीतिगत रूपमा बन्देज नलगाइएका कारण कारण विस्तारै सुशासनका समस्या देखिन थालेका छन्। तर पछिल्लो समयमा केन्द्रीय बैंकले एक समूहबाट लगानी गर्न पाउने सीमा घटाउँदै लैजानुका साथै बैंक तथा वित्तीय संस्थाको चुक्ता पुँजीमा वृद्धि गरी गाभ्ने/गाभिने नीतिलाई प्राथमिकता दिन थालेकोले एकै व्यक्ति वा समूहको संस्थामा प्रभाव घटदै गएको छ।

अझै पनि ठूला व्यावसायिक घरानाका बैंकको रूपमा बैंकलाई चिनाउने र उनीहरूले निर्माण गरेको सोचअनुसार संस्था सञ्चालन हुने अवस्था भने देखिएकै छ। सरकारी स्वामित्वमा रहेका बैंक र विदेशी संस्थाको लगानी रहेका बैंकको सुशासनको अवस्था पनि निजी क्षेत्रका बैंकहरूको तुलनामा पृथक रहेको दृष्टान्त छ।

### २. लेखापरीक्षण समितिको भूमिका

संस्थागत सुशासनको अवस्थालाई प्रतिविम्बित गर्ने तत्व लेखापरीक्षण समिति र उक्त समितिको कार्यसम्पादन पनि हो। बैंक तथा वित्तीय संस्थाको हरहिसाबलाई स्पष्ट र

पारदर्शी बनाउन तथा सोको प्रतिवेदन सेयरधनीलाई प्रदान गर्ने जिम्मेवारी बाह्य लेखापरीक्षकको हो । साथै, संस्थाको लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न र ऐन, कानुन तथा नीति/नियमको पालना गर्न गराउन गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा लेखापरीक्षण समितिको व्यवस्था गरिएको छ । उक्त समितिको काम कारवाही र भूमिकाले संस्थाको संस्थागत सुशासनमा प्रत्यक्ष र परोक्ष प्रभाव पारिरहेको हुन्छ । बैंक तथा वित्तीय संस्थामा विद्यमान लेखापरीक्षण समितिमा तोकिने सञ्चालकका योग्यता, क्षमता र कार्यसम्पादनको अवस्थालाई दृष्टिगत गर्दा उक्त समितिले आवश्यकता र उद्देश्यअनुरूप प्रभावकारी भूमिका खेल्न सकेको भने देखिँदैन । यस्ता समितिहरू खासगरी नीतिगत व्यवस्थाको पालना गराउने उद्देश्यले मात्र कार्यसम्पादन गर्ने गरेकोले संस्थामा भएका अनियमितता र जोखिमका घटनालाई उजागार गर्न सकेको देखिँदैन ।

### ३. स्वतन्त्र सञ्चालकको भूमिका

बैंक तथा वित्तीय संस्थाका कुनै व्यक्ति वा समूहलाई प्रभाव पार्ने उद्देश्यले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ मा सेयरधनीबाहेकबाट स्वतन्त्र सञ्चालक नियुक्त गर्नुपर्ने प्रावधान राखिएको छ । यस्ता सञ्चालकको भूमिका र कार्यसम्पादनले संस्थागत सुशासनलाई प्रभाव पार्न सक्छ । तर नेपालको विद्यमान अवस्थालाई दृष्टिगत गर्दा कानुन पालनाका दृष्टिले स्वतन्त्र र व्यावसायिक सञ्चालक नियुक्त गरिने गरिएको भए तापनि कमै संस्थाले मात्रै उनीहरूलाई स्वतन्त्र रूपमा सल्लाह प्रदान गर्ने र नीतिगत पृष्ठपोषणमा उपयुक्त तवरबाट उपयोग गर्ने गरेको पाइन्छ । सञ्चालकको समूहगत भागबण्डामा सकेसम्म स्वार्थ समूहबाटै नियुक्त गर्ने प्रचलनका कारण उद्देश्यअनुरूपको प्रतिफल हासिल हुन सकेको भने देखिदैंन ।

### ४. जोखिम संस्कृति

संस्थाको जोखिम बहन गर्न सक्ने क्षमता र संस्थाले अवलम्बन गरेको जोखिम संस्कृतिले पनि संस्थागत सुशासनको अवस्थामा प्रभाव पार्न सक्छ । नेपालको सन्दर्भमा संस्थाहरूले अल्पकालीन लाभका लागि पालना गर्नुपर्ने नीति निर्देशनलाई पनि नजरअन्दाज गर्ने र जुनसुकै परिस्थितिमा पनि प्रतिफल बढाउने रणनीति अख्तियारी गर्दा संस्थागत सुशासन कमजोर हुन सक्ने अवस्था रहन्छ । विद्यमान ऐन, कानुन, नीति निर्देशनको मर्मअनुरूप संस्थामा निहित जोखिमको न्यूनीकरण नगरी अनुपालना र कानुनी तिकडमका भरमा संस्थामा दीर्घकालिन दायित्व र सम्भावित जोखिम सृजना हुने अवस्था हुन सक्छ । नीति, नियम र जोखिम व्यवस्थापनका असल अभ्यास कार्यान्वयनमा ल्याउनभन्दा पनि नियामकले जारी गरेका निर्देशनलाई मात्र मापदण्ड मानेर अघि बढ्ने प्रचलन नेपालको बैंकिङ क्षेत्रमा विद्यमान रहेको देखिन्छ ।

### ५. खुलासा र पारदर्शिता

अन्य क्षेत्रको तुलनामा नेपालको बैंकिङ क्षेत्रमा पारदर्शिताको अवस्था सुदृढ मानिन्छ । सरोकारवालालाई प्रदान गर्नुपर्ने सूचना र जानकारी विभिन्न माध्यमबाट प्रदान गर्ने विषयमा यो क्षेत्र सुदृढ मानिन्छ । वासेल कमिटीले तोकेको मापदण्डका सूचनादेखि लिएर नियमनकारी निकायले समयसमयमा तोकेका सबै सूचना र जानकारी प्रदान गर्ने विषय यसअन्तर्गत समावेश भएका हुन्छन् । बैंक तथा वित्तीय संस्थाका सरोकारवाला फरक प्रकृतिका हुने भएकोले सबैलाई एकै प्रकारको भाषा वा माध्यमबाट केही असहज हुने अवस्था भने विद्यमान छ । बैंक तथा वित्तीय संस्थाका ग्राहक तथा ऋणीसँग गरिने कतिपय सम्झौताहरू अङ्ग्रेजी भाषामा हुने, स्पष्ट खुलाएर नलेखिने, फरक अर्थ लाग्ने किसिमको हुनेलगायतका समस्या र गुनासोहरू यस क्षेत्रमा आउने गरेको देखिन्छ । खासगरी संस्थाको सेयरको मूल्यलाई प्रभाव पार्न सक्ने सूचना तथा जानकारी सीमित व्यक्ति वा समुहले फरक समयममा प्राप्त गरी लाभ लिनसक्ने अवस्था भने विद्यमान रहेको देखिन्छ ।

### ६. जिम्मेवारी र उत्तरदायित्व

बैंक तथा वित्तीय संस्थामा सञ्चालक समिति र व्यवस्थापनले गर्नुपर्ने काम, कर्तव्य र अधिकार स्पष्ट तोकिएको हुन्छ । तर व्यवहारमा सम्बन्धित पक्षले त्यसको जिम्मेवारी लिने वा आफ्नो निर्णय र कामकारवाहीप्रति उत्तरदायी हुने सवालमा विभिन्न समस्या देखिने गरेको छ । सुशासनको सर्वमान्य सिद्धान्तविपरीत एकअर्काको अधिकार वा कार्यक्षेत्रमा हस्तक्षेप गर्ने, आपसी विवाद सिर्जना गर्ने,

गुट-उपगुट हावी हुने अवस्था भएमा संस्थामा सुशासनको पक्ष कमजोर हुन जान्छ। एउटै व्यक्ति लामो समयावधिसम्म पदमा बहाल रहने, जिम्मेवारी पन्छाउने वा आवश्यक मात्रामा अख्तियारी प्रत्योजन नगर्ने र नीतिगत असफलताका कारण सृजित परिणामको जिम्मेवारी नलिने प्रवृतिले संस्थागत सुशानमा प्रभाव पारिरहेको हुन्छ।

**७. नियमनको अवस्था**

नेपालको बैंकिङ क्षेत्र नियमकीय निकायबाट नै अधिक नियन्त्रित र निर्देशित प्रकृतिको हुने भएकोले केन्द्रीय बैंकबाट जारी गरिएका नीति निर्देशनको प्रभाव नै समग्र वित्तीय प्रणालीको सुशासन प्रभावकारितामा जोडिएको देखिन्छ । सर्वसाधारणको पूर्ण विश्वासमा चल्नुपर्ने क्षेत्र भएकाले बैंकिङ क्षेत्रको सुशासनलाई चुस्त राख्न पारदर्शिता, जवाफदेहितालगायतका विषयमा केन्द्रीय बैंकले बढी नै चासो दिने गरेको देखिन्छ। नेपालका बैंक तथा वित्तीय संस्थाको सुशासनको न्यूनतम आधार भनेको केन्द्रीय बैंकबाट जारी गरिने निर्देशन र त्यसको कार्यान्वयन पक्ष नै हो।

## सुशासन कायम गर्ने सवालमा देखिएका प्रमुख चुनौती

संस्थागत सुशासनका उल्लिखित अवधारणा एवम् प्रभाव पार्ने तत्वसमेतका आधारमा नेपालको बैंकिङ क्षेत्रमा सुशासन कायम गर्न र यसको कार्यान्वयनबाट प्रभावकारी परिणाम हासिल गर्नका लागि निम्न प्रमुख चुनौती रहेको देखिन्छः

नेपालका अधिकांश बैंक तथा वित्तीय संस्थामा अझै पनि सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकको योग्यता र क्षमताले सम्बन्धित संस्थाको नीति निर्माण तथा प्रभावकारी नियन्त्रणमा सहयोग पुर्‍याउन सकेको देखिँदैन । नीतिगत रूपमा तोकिएको न्यूनतम शैक्षिक योग्यता पूरा गरे तापनि बैंकिङ व्यवसायको बारेमा राम्रो ज्ञान र संस्था सञ्चालनमा आफ्नो पदीय दायित्व र जिम्मेवारीको बारेमा अनभिज्ञ रहेका सञ्चालकहरूबाट संस्थागत सुशासनको प्रभावकारी कार्यान्वयन गरी संस्थालाई सफल तुल्याउने कार्य चुनौतीपूर्ण रहेको देखिन्छ।

नेपालका बैंक तथ वित्तीय क्षेत्रमा स्वामित्वको संरचनाअनुसार अझै पनि ठूला व्यावसायिक घरानाको नामले चिनिने संस्थाहरू छन् । यस्ता संस्थामा सीमित व्यक्ति वा समूहको विशेष प्रभाव रहने भएकाले स्थापित मान्यताबमोजिम सरोकारवालासँगको सहकार्य र समन्वय, पारदर्शिता, समान व्यवहार कायम हुन नसक्ने अवस्था रहेकोले सुशासनका व्यवस्थाहरू कार्यान्वयनको विषय जटिल र पेचिलो बन्दै गइरहेको छ। निर्णयमा एकाधिकार, सीमित पक्षको हित र लाभमा स्रोतसाधनको अविवेकपूर्ण उपयोगलगायतका कारणले ठूला संस्थामा समेत सुशासनका समस्या रहेको देखिन्छ।

संस्थाको सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतलगायतका पदाधिकारी नियुक्ति गर्दा स्वच्छ प्रतिस्पर्धाको माध्यमबाट योग्य र दक्ष व्यक्ति चयन गर्नुभन्दा सीमित पक्ष वा समूहको स्वार्थमा लिने प्रवृत्तिले बैंकिङ क्षेत्रमा जोखिम मात्र बढाएको छैन, त्यस्ता संस्थाको साख र सार्वजनिक छविसमेत अवमूल्यन हुन थालेको देखिन्छ। एउटै व्यक्ति संस्थामा लामो अवधिसम्म रहन लालायित हुने, पेसागत रूपमा दक्ष र व्यावसायिक व्यक्ति चयनमा चासो नलिने र संस्था समस्यामा परेपछि राजनीतिक संरक्षणमा दौडादौड गर्ने प्रवृत्ति यस क्षेत्रको सुशासन कायम गर्ने विषयमा चुनौती बनेर उभिएको छ।

सेयरधनी एवम् सञ्चालकमा वित्तीय संस्था सर्वसाधरणको निक्षेपबाट चलेको हो र यस्तो दायित्वको भुक्तानी जुनसुकै बखत गर्नु संस्थाको दायित्व हो भन्ने विषयलाई नजरअन्दाज गरी आफूले लगानी गरेको संस्था भएकोले सबै अधिकार आफूमै निहित रहेको भन्ने गलत सोचलाई सावित गर्नु पनि अर्को चुनौतीको रूपमा देखिएको छ।

बैंकिङ क्षेत्रमा, ऐन, कानुन, नीतिगत व्यवस्था, कारोबारको प्रकार, प्रविधिलगायतका पक्षमा निरन्तर भइरहने परिवर्तनलाई संस्थाको सञ्चालक समितिले समयमा अध्ययन गर्न सक्ने अवस्था नहुँदा आवश्यक नीति नियमको तर्जुमा र कार्यान्वयन पक्ष निकै चुनौतीपूर्ण देखिन्छ । संस्थाका सञ्चालकको संयोजकत्वमा गठित जोखिम व्यवस्थापन समिति, लेखापरीक्षण समिति, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी गतिविधि नियन्त्रण कार्यको अनुगमन समितिलगायतका महत्वपूर्ण समितिको प्रभावकारिता निकै फितलो देखिएको छ। कानुनमा भएका न्यूनतम व्यवस्थालाई पालनाका रूपमा

मात्र लिने र त्यसको उद्देश्यअनुरूपको योगदान हुन सकेको देखिँदैन । यस्ता समितिको काम कारबाहीलाई प्रभावकारी तुल्याउन सक्ने सञ्चालकको चयन हुन सक्ने अवस्था छैन भने बैठक भत्ताको भरमा नीति निर्माण तहमा समय र विशेष योगदान दिनसक्ने अवस्था नरहेका कारण सबै व्यवस्थाको कार्यान्वयन पनि चुनौतीपूर्ण देखिन्छ ।

नेपालको वित्तीय संस्थामा अझै पनि संस्थागत संस्कृतिको विकास हुन सकेको छैन । व्यवस्थापन र सञ्चालकको काम, कर्तव्य र अधिकार ऐन तथा निर्देशनमा स्पष्ट लेखिए तापनि व्यवहारमा एकअर्काको अधिकारप्रति हस्तक्षेप गर्ने प्रवृत्ति रहेको देखिन्छ । जसलाई प्रत्यक्ष रूपमा अनुगमन र नियन्त्रण गर्न नियमनकारी निकायलाई समेत चुनौतीपूर्ण देखिएको छ ।

सुशासनका कारणले समस्या देखिएका संस्थामा सम्बन्धित व्यक्ति वा पदाधिकारीलाई कारबाही गर्ने कार्य पनि निकै चुनौतीपूर्ण देखिन्छ । संस्थाका प्रमुख पक्षहरू नै अनियमित र गैरकानुनी कार्यमा संलग्न रहेको अवस्थामा आवश्यक प्रमाण लुकाउने, अवाञ्छित हस्तक्षेप र दबाब सृजना गर्ने र अन्त्यमा नियामकीय निकायबाट भइसकेको कारबाहीसमेत अदालत वा अन्य निकायबाट सफाइ लिई संस्था र अन्य सरोकारवालालाई प्रभावित गर्ने गरिएका दृष्टान्तले संस्थागत सुशासन कायम गर्ने विषय चुनौतीपूर्ण देखिएको छ ।

बैंक तथा वित्तीय संस्थामा योग्य, अनुभवी, इमान्दार, नैतिक आचरणमा रहेका कर्मचारीको अभाव हुँदै गएको देखिन्छ । कर्मचारी संस्थाप्रति इमान हुनुभन्दा पनि अल्पकालीन लाभमा केन्द्रित हुने प्रवृत्तिले तोकिएको अनुशासनको समेत पालना नगर्दा वित्तीय अपराधमा कर्मचारी तथा संस्थामा आबद्ध जिम्मेवार पदाधिकारीको संलग्नता बढ्ने गरेको देखिन्छ । सुशासनको विषय कानुनी पालनाको मात्र विषय नभई नैतिकता र जिम्मेवारीका हिसाबले पनि उत्तिकै संवदेनशील भएकोले मानवीय कमजोरीलाई समयमै पहिचान गरी नियन्त्रण गर्नु चुनौतीपूर्ण देखिन्छ ।

**अन्त्यमा**

सुशासनको विषय सैद्धान्तिकभन्दा पनि बढी व्यावहारिक र आचारणगत विषय मानिन्छ । संस्थामा कमजोर सुशासनको असर दीर्घ कालसम्म रहन सक्छ । वर्तमानमा गरिएका कतिपय निर्णयको असर लामो समयपछि प्रतिविम्बित हुनसक्छ । जस्तै; दीर्घकालिन दायित्व सिर्जना हुने प्रकृतिका निर्णय, व्यवसाय विस्तार तथा सङ्कुचनको निर्णय, कर्मचारीको आवश्यकता पहिचान र सुविधा निर्धारण न्यायसङ्गत रूपमा नगरी कुनै समूह वा पक्षको निहित स्वार्थमा गरियो भने भविष्यमा संस्थाको अस्तित्वसमेत मेटिन सक्छ । वित्तीय क्षेत्र अन्य व्यावसायिक क्षेत्रभन्दा संवेदनशील र एक अर्काप्रतिको आपसी विश्वास र सदभावमा आधारित क्षेत्र भएकोले यसमा व्यावसायिक इमानदारिता, नैतिकता र सुशासनको विषयलाई प्राथमिकतामा राखिएको हुन्छ । कुनै कानुन वा नीति निर्देशनमार्फत गरिएका बाध्यकारी व्यवस्थाले मात्र बैंकिङ क्षेत्रमा सुशासन स्थापित गर्न सकिँदैन । सुशासनको विषयलाई समयमै सम्बोधन गर्न नसक्दा संस्थाभित्र गलत संस्कृति र गतिविधि बढ्न गई वित्तीय अपराधमा समेत परिणत हुनसक्ने भएकोले यसको पूर्ण पालनामा सबै पक्ष संवेदनशील हुनुपर्छ । अतः बैंक तथा वित्तीय संस्थाको सञ्चालनमा सीमित समूह वा गुटको भूमिकालाई न्यूनीकरण गर्दै पेसागत र व्यावसायिक पक्षको संलग्नता सुनिश्चित गर्ने नीतिगत संरचनाले सुशासनको अवस्था सुदृढ गर्न मद्दत पुग्दछ । संस्थागत सुशासनलाई परिमाणात्मक रूपमा मापन गर्न सहज नहुने भएकाले नेपालको बैंकिङ क्षेत्रको संरचनागत विशेषतासमेतका आधारमा यसलाई प्रभाव पार्ने तत्वको पहिचान गरी सुशासनको खाका तयारीको निम्ति प्रयत्न हुनु आवश्यक हुन्छ । प्रत्येक व्यक्ति इमान्दार र आत्मानुशासनमा नबसेसम्म संस्थामा सुशासन कायम गर्ने कार्य चुनौतीपूर्ण हुन्छ । वित्तीय संस्थामा सुशासन पालना गर्ने गराउने प्राथमिक जिम्मेवारी सम्बन्धित संस्थाको नै हुने भए तापनि कानुनी रूपमा अधिकार प्राप्त निकायबीच आपसी समन्वय कायम हुन नसक्दा हरेक समस्याको समाधान कानुनी उपचारमै निर्भर हुनपर्ने बाध्यात्मक अवस्था छ । संस्थामा निर्णय गर्ने हरेक पक्षले आफ्नो काम, कर्तव्य र जिम्मेवारीलाई बुझेर उत्तरदायित्व बहन गर्ने नैतिक आधार निर्माण नगर्दासम्म सुशासनका समस्याहरू आइरहन्छ । संस्थागत सुशासन कुनै एक पक्षको प्रयास र इमान्दारिताबाट मात्रै कायम गर्न नसकिने विषय भएकोले सबै सरोकारवालाको इमान्दार प्रयास र प्रतिबद्धताको खाँचो सदैव आवश्यक हुन्छ । ●

# नेपालमा प्रत्यक्ष वैदेशिक लगानीको स्थिति, बाधक तत्व र समाधानका उपाय

■ डा. रेवतबहादुर कार्की*

## १. परिभाषा

लगानी त्यस्तो तत्त्व हो, जसले उत्पादन र पुनर्उत्पादन गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ। त्यसैले लगानीले अर्थतन्त्रमा विशेष महत्त्व राख्छ। सामान्यतया लगानी (Investment) लाई विभिन्न किसिमले परिभाषा दिने वा बुझ्ने गरिन्छ। लगानीलाई नाफाका लागि पैसा वा रकम लगानी गर्ने प्रक्रिया पनि भन्ने गरिन्छ। वित्तविज्ञले यसलाई संकीर्ण रूपमा यस्तो परिभाषा दिएका छन्, 'Investments are generally bucketed into three major categories: stocks, bonds and cash equivalents'. तर अर्थशास्त्रीय दृष्टिकोणबाट यसरी परिभाषा दिइन्छ 'Investment is defined as commitment of current financial resources in order to achieve higher gains in the future'. अझ खास अर्थशास्त्रले यसको परिभाषा यसरी स्पष्टसँग दिएको छ 'Money that is spent to buy assets such as land, building, machines and other equipment is called investment'. लगानीलाई सामान्यतया देशभित्रको स्वामित्वको हिसाबले सरकारी र निजी क्षेत्रको लगानी भनी विभाजन एक किसिमले गरिएको छ भने देशभित्रको र देशबाहिरको लगानी अर्थात् स्वदेशी र विदेशी लगानी भनी अर्को किसिमले वर्गीकरण गरिएको छ।

यहाँ विशेष रूपमा विदेशी लगानीबारेमा विश्लेषण गर्ने जमर्को गरिएको छ। सामान्यतया कुनै विदेशीले नेपालमा माथि उल्लेख गरेअनुसार लगानी गरेमा त्यो नेपालमा विदेशी लगानी हुन्छ भने कुनै नेपालीले अर्को देशमा उक्त लगानी गरेमा अन्य देशमा त्यसलाई विदेशी लगानीको रूपमा लिइन्छ। अङ्ग्रेजीमा विदेशी लगानीलाई यसरी परिभाषित गरिएको छ 'Foreign investment occurs when domestic companies invest in foreign companies to gain stakes, and seek active participation in their day-to-day operations and key strategic expansion'.

### विदेशी लगानीका प्रकार

विदेशी लगानी मुख्यतः चार किसिमका हुन्छन्ः

**(क) प्रत्यक्ष विदेशी लगानी**

**(Foreign Direct Investment-FDI)**

एफडीआई नेपालजस्ता धेरै विकासोन्मुख देशको बाह्य वित्तीय स्रोतको महत्वपूर्ण माध्यम मानिन्छ। एउटा देशको व्यक्ति वा कम्पनीले अर्को देशको व्यवसाय वा कम्पनीमा नाफाको लागि सेयरमा गरेको लगानीलाई एफडीआई मानिन्छ र यसलाई प्राइभेट फरेन इन्भेष्टमेन्ट पनि भन्ने गरिन्छ। तर यस्तो सेयरमा लगानी कम्तीमा १० प्रतिशत नगरी यस्तो लगानी मानिँदैन। एफडीआईलाई अर्को किसिमले यसरी परिभाषा गरिएको छ 'A foreign direct investment refers to a purchase of a particular organisation's interest by another foreign organisation. Such an organisation or investor is located in a different country than the organisation whose interest is purchased. It involves a business decision whereby a significant stake is acquired in a foreign business. Generally, organisations undertake FDI to expand operations to a foreign location'. एफडीआईको क्षेत्र व्यापक छ। पुँजी लगानीभन्दा पनि यसको क्षेत्र व्यापक र बृहत् छ - 'The scope of foreign direct investment is wider and bigger than capital investment. It includes the following: Provision of management, provision of technology, provision of equipment, establishment of a substantial level of control over foreign business &ability to impact the decision-making of the foreign business'.

* पूर्व अध्यक्ष, नेपाल धितोपत्र बोर्ड

**(ख) विदेशी पोर्टफलियो लगानी**

**(Foreign Portfolio Investment-FPI)**

यस्तो लगानी एक देशका व्यक्ति वा फमले अर्को देशको खासगरी म्युचुअल फण्डमा लगानी र कम्पनीको सेयरमा ट्रेडिङ गर्ने उद्देश्यले गरिन्छ । त्यसैले यसलाई विदेशी पोर्टफलियो लगानी भनिन्छ । क्रस बोर्डर ट्रेडिङ खुला भएका देशका व्यक्ति वा फर्मले मात्र अर्को देशको यस्तो ट्रेडिङमा लगानी गर्न पाइन्छ । नेपालमा यस्तो लगानी खुला भएको छैन ।

**(ग) औपचारिक पुँजी प्रवाह (Official Capital Flow)**

यसमा खासगरी विकसित देश र बहुपक्षीय संस्थाले कम विकसित देशहरूलाई उपलब्ध गराउने वैदेशिक ऋण र अनुदान सहयोग पर्दछ । यसैलाई प्रायः सरकार र अन्तर्राष्ट्रिय संस्थाले उपलन्ध गराउने हुँदा यसलाई औपचारिक पुँजी प्रवाह भनिन्छ ।

**(घ) वाणिज्य ऋण (Commercial Loan)**

त्यस्तै गरेर विदेशी संस्था खासगरी बैंकले अन्य देशका कम्पनी वा संस्थालाई दिइने ब्याजदरसहितको ऋण हो र यसैलाई वाणिज्य कर्जा भनिन्छ ।

त्यस्तै विदेशी लगानीलाई अर्को हिसाबले प्रत्यक्ष विदेशी लगानी (FDI) र अप्रत्यक्ष विदेशी लगानी (Foreign Indirect Investment-FII) गरी दुई भागमा पनि विभाजन गर्ने गरिन्छ । यो एफआइआई माथिको विदेशी पोर्टफोलियो लगानीसँग केही मात्रामा मिल्छ । तर वास्तवमा यसलाई यसरी व्याख्या गरिन्छ 'Foreign indirect investment involves corporations, financial institutions, and private investors that purchase shares in foreign companies that trade on a foreign stock exchange'.

## विदेशी लगानीको महत्त्व

विकासोन्मुख वा विकसित जुनसुकै अर्थतन्त्रमा पनि विदेशी लगानी त्यसमा पनि प्रत्यक्ष विदेशी लगानीले विशेष महत्व राख्छ । त्यसमा पनि न्यून विकासको अवस्थाका कारण विकासोन्मुख देशमा यसको महत्व अझ बढी हुने गर्दछ । नेपालमा आर्थिक वृद्धि र विकासको लागि हालको पन्ध्रौं योजना (आ.व. २०७६।७७ देखि २०८०।८१) अनुसार आ.व. २०७५।७६ को स्थिर मूल्यमा वर्षको करिब रु.साढे अठार खर्बको लगानीको आवश्यकता देखिएको छ । यति धेरै लगानी स्वदेशी लगानीबाट मात्र सम्भव देखिँदैन । हुन त नेपालमा हालसम्म २८ वर्षमा करिब रु.१९८ अर्ब मात्र विदेशी लगानी भित्रिएको छ, जुन नगन्य हो ।

यसको महत्त्वलाई विस्तृतमा देहायबमोजिम उल्लेख गर्न सकिन्छ ः

- देशको आर्थिक वृद्धि र विकासको लागि पुँजीको अभावलाई विदेशी लगानीले आपूर्ति गर्छ । विकासोन्मुख देश मात्र होइन, विकसित देशले पनि विदेशी लगानी भित्र्याइरहेका छन् । विश्वमा एफडीआई धेरै भित्र्याउने देशमा विश्वको सबभन्दा धनी देश अमेरिका नै रहेको छ र साथै यस्तो ठूलो लगानी धेरै भित्र्याउने अन्य देश पनि प्रायजसो विकसित देश नै छन् ।
- एफडीआईमा पुँजी मात्र भित्रिने होइन, देशको आवश्यकतानुसार प्रविधि हस्तान्तरण पनि गरिन्छ, जुन धेरै महत्त्वपूर्ण छ । कतिपय अतिकम विकसित र विकासोन्मुख देशमा विदेशी प्रविधिले विभिन्न क्षेत्रमा कायापलट गरेका कैयौं उदाहरण छन् ।
- एफडीआईको क्षेत्र व्यापक र बृहत् छ । जस्तोः 'FDI includes the provision of management, Provision of technology, provision of equipment, establishment of a substantial level of control over foreign business & ability to impact the decision-making of the foreign business'. यसले व्यवस्थापन, प्रविधि, सामग्री, विदेशी व्यवसायमा नियन्त्रणसहित व्यवस्था समेट्ने हुँदा अर्थतन्त्रमा यसको महत्व अझ बढी भएको झल्कन्छ ।
- एफडीआई कम आय भएका र विकासोन्मुख देशका लागि महत्त्वपूर्ण फरेन फाइनान्सिङको स्रोत भएको छ । साथै, कुनै पनि अर्थतन्त्रको बाह्य क्षेत्रको स्थितिलाई सुधार्न तथा सुदृढ गर्नको लागि पनि एफडीआईको प्रयोग गरिन्छ ।
- देशमा उत्पादन र रोजगारी गतिविधि बढाउन पनि विदेशी

लगानी र प्रविधि भित्र्याउने गरिन्छ ।

- व्यवस्थापनको सुधारको लागि पनि विदेशी लगानीलाई व्यवस्थापनमा पनि प्रयोग गरिन्छ ।
- विकासोन्मुख देशहरूमा सङ्गठनात्मक सुधारको लागि पनि यस लगानीलाई प्रयोग गरिन्छ ।

## २. नेपालमा विदेशी लगानी (Foreign Investment in Nepal )

विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ ले विदेशी लगानीलाई बृहत् अर्थमा लिएको देखिन्छ । यसअनुसार विदेशी लगानी भन्नाले विदेशी लगानीकर्ताले उद्योग वा कम्पनीमा गरेको देहायअनुसारको लगानीलाई मानेको छ :

(क) विदेशी मुद्रामा गरिने सेयर लगानी,

(ख) उद्योगमा विदेशी मुद्रा वा सेयरवाट प्राप्त लाभांश रकमको पुनःलगानी,

(ग) विदेशी लगानीकर्ताले गरेको लिज लगानी,

(घ) संस्थागत विदेशी लगानीकर्ताले पुँजी लगानी कोषमा गरेको लगानी,

(ङ) संस्थागत विदेशी लगानीकर्ताले सूचीकृत धितोपत्रमा गरेको लगानी,

(च) नेपालमा स्थापित कम्पनीको सेयर वा सम्पत्ति भएको लगानी,

(छ) प्रविधि हस्तान्तरणद्वारा भएको लगानी,

(ज) नेपालमा उद्योग स्थापना र विस्तारमा भएको लगानी आदि ।

यससम्बन्धी पछिल्ला ऐनले विदेशी लगानीमा धेरै किसिमका लगानीलाई समावेश गरेको पाइन्छ ।

माथि उल्लिखित विदेशी लगानीका प्रकारमा उल्लिखित विदेशी लगानीमध्ये विदेशी पोर्टफोलियो लगानी नेपालमा हालसम्म प्रतिबन्ध नै रहेको अवस्था छ भने नेपालका वाणिज्य बैंकलाई विगत केही वर्षदेखि विदेशबाट वाणिज्य ऋण लिन अनुमति र प्रोत्साहन गरेको छ तर नेपालको क्रेडिट रेटिङ हालसम्म पनि भइनसकेको हुँदा अन्य देश वा संस्थाले यस्तो खालको ऋण प्रवाह गर्न सामान्यतया इन्कार गर्दछन् । तथापि केही वाणिज्य बैंकहरूले आफ्नो सम्बन्धको आधारमा केही यस्तो ऋण ल्याएका छन् तर यो नगन्य नै छ । त्यस्तै औपचारिक पुँजी प्रवाहमा चाहिँ विकसित तथा बहुपक्षीय संस्थाहरूले ऋण तथा अनुदान सहयोग गरिरहेका छन् जसको इतिहास लामो छ । तर यस अध्यायमा प्रत्यक्ष विदेशी लगानी (जो मुख्यतः २०४९ सालबाट सुरु भएको हो) बाहेक अन्य तीन प्रकारका लगानीबारेमा खासै विचेचना गरिने छैन ।

## ३. नेपालमा प्रत्यक्ष विदेशी लगानी (Foreign Direct Investment-FDI) को स्थिति

नेपालले २०४१ मा अन्तर्राष्ट्रिय मुद्रा कोषको आर्थिक समायोजन कार्यक्रम लागू भएपश्चात् आंशिक आर्थिक उदारीकरण नीति लागू गरियो जसअनुसार प्रत्यक्ष विदेशी लगानीसमेत भित्र्याउन सुरु गरियो । यसअनुसार विदेशी बैंकहरूको ५० प्रतिशत स्वामित्वमा २०४१ सालमा नेपाल अरब बैंक (हाल नबिल बैंक) र २०४३ सालतिर नेपाल ग्रिण्डलेज बैंक (हाल स्टाण्डर्ड चार्टर बैंक) र इण्डोस्वेज बैंक (हाल नेपाल इन्भेष्टमेन्ट बैंक) स्थापित भए । यसपछि नीतिगत हिसाबले विदेशी लगानीको केही बाटो खुली अन्य क्षेत्रमा पनि केही लगानी सुरुआत गरियो ।

वास्तवमा प्रजातन्त्रको पुनर्स्थापनापश्चात् गठित नेपाली कांग्रेस नेतृत्वको सरकारले आईएमएफको Enhanced SAF-ESAF कार्यक्रम लागू गर्दै त्यहीअनुसार विदेशी लगानी तथा प्रविधि ऐन, २०४९ ल्यायो जसअनुसार प्रत्यक्ष विदेशी लगानी भित्राउन धेरै किसिमका सुविधासहित आकर्षण गरियो । यस ऐनअनुरूप सुरुका केही वर्षमा उत्साहवर्द्धक रूपमा प्रत्यक्ष विदेशी लगानी बढेको थियो तर २०५१ सालमा संसद तीन वर्षमै विघटन भई राजनीतिक अस्थिरता सुरु हुनुका साथै २०५२ सालबाट माओवादीको सशस्त्र द्वन्द सुरु भयो । तर पनि २०५० सालदेखि २०६२ सालसम्म १२ वर्षमा औसतमा करिब रु.साढे बाह्र अर्ब र कुलमा रु.१६३ अर्ब भित्रिएको थियो भने त्यसपछिका १६ वर्षमा औसत करिब साढे दुई अर्ब अर्थात् २०७८/७९ आ.व.सम्म रु.३५ अर्ब थप भई कुल लगानी रु.१९८ अर्ब पुगेको छ । आ.व. २०७८/७९ मा केही अर्ब विदेशी

लगानी थपिएको छ। वास्तवमा पछिल्लो विगत तीन वर्षमा विदेशी लगानी प्रवाह स्थिति उत्साहजनक देखिँदैन। आ.व. २०७९/८०को प्रथम छ महिनामा गत वर्ष सोही अवधिको तुलनामा ७८ प्रतिशतको उच्च गिरावट आएको छ। अझ खुद विदेशी लगानी प्रवाहको आधारमा हेर्ने हो नकारात्मक स्थिति देखिएको छ। आउनेभन्दा विगतको लगानी गरेको लाभांश तथा अन्य रकम बढी विदेश जाने भइरहेको छ।

२०७५ सालमा नयाँ विदेशी लगानी तथा प्रविधि ऐन लागू गरेपश्चात् केही लगानीको क्षेत्र खुला गरी सरकारले विश्व लगानी सम्मेलन पनि गऱ्यो। उक्त सम्मेलनमा ठूलो रकम लगानीको निम्ति मौखिक प्रतिबद्धता आए पनि खास लगानी भने ज्यादै न्यून मात्रामा भएको छ। विगत २५ वर्षमा उद्योग विभागमा विदेशी लगानीको दर्ता गरी प्रतिबद्धता गरेकोमा समेत एक तिहाईभन्दा बढी लगानी भएको छैन। यसमा मुख्यतः अस्थिर सरकारी नीति र तुलनात्मक रूपमा लगानीको वतावरण नबन्नुसहितका धेरै कारण रहेका छन् जसलाई क्रमशः विश्लेषण गरिनेछ।

नेपालमा हालसम्म भएको प्रत्यक्ष विदेशी लगानी कुनकुन क्षेत्रमा भएको छ भन्ने बारेमा तलको तालिकाले प्रष्ट पार्दछ। सबैभन्दा धेरै लगानी उत्पादनशील तथा खानी उत्खनन र वित्तीय मध्यस्थता क्षेत्रमा क्रमशः २८ प्रतिशत र २७ प्रतिशत रहेको छ भने त्यसपछि विद्युत्, ग्यास र पानीमा २१ प्रतिशत र यातायात भण्डारण र सञ्चार १४ प्रतिशत रहेको छ।

**नेपालमा भएको कुल लगानीमा**
**उद्योगगत लगानीको अंश**

| उद्योगको किसिम | अंश प्रतिशतमा |
|---|---|
| १. उत्पादनशील तथा खानी उत्खनन | २८ प्रतिशत |
| २. वित्तीय मध्यस्थता | २७ प्रतिशत |
| ३. विद्युत्, ग्यास र पानी | २१ प्रतिशत |
| ४. यातायात भण्डारण र सञ्चार | १४ प्रतिशत |
| ५. अन्य क्षेत्र | १० प्रतिशत |
| **कुल** | **१०० प्रतिशत** |

त्यस्तै, अर्को किसिमको वर्गीकरणअनुसार उक्त कुल लगानीको सेवा उद्योगमा झण्डै दुई तिहाइ (६३ प्रतिशत), उद्योगमा एक तिहाई (३६ प्रतिशत र अन्य क्षेत्रमा करिब एक प्रतिशत रहेको देखिन्छ।

*स्रोतः A Survey Report on Foreign Direct Investment in Nepal (2018/19), Nepal Rastra Bank Economic Research Department April, 2021 .*

सन् २०१९ मा विश्वको एफडीआई आप्रवाहमा दक्षिण एसियाका अन्य देशको तुलनामा नेपालको प्रत्यक्ष वैदेशिक लगानीको प्रवाह कस्तो छ ? तलको तालिकाबाट हेरौँ। दक्षिण एसियाका आठ देशमा छैटौं अर्थात् तलबाट भुटान र अफगानिस्थानपछि नेपालको तेस्रो स्थान रहनुले हाम्रो देश विदेशी लगानीमा कति पछाडि रहेछ भन्ने देखाउँछ। दक्षिण एसियाको एफडीआईमा भुटान र अफगानिस्थानबाहेक दक्षिण एसियाका सबै देशहरू नेपालभन्दा माथि रहेका देखिन्छन्।

**विश्व एफडीआई लगानी प्रवाहको आधारमा दक्षिण एसियाका देशहरूको स्थान (सन २०१९मा)**

| देश | रकम (Us $ bil) | स्थान |
|---|---|---|
| भारत | ५०.५५ | प्रथम |
| पाकिस्थान | २.२२ | दोस्रो |
| बङ्गलादेश | १.६० | तेस्रो |
| श्रीलङ्का | ०.७ | चौथो |
| माल्दीभ्स | ०.५६ | पाँचौं |
| नेपाल | ०.१८ | छैठौं |
| अफगानिस्तान | ०.०२ | सातौं |
| भुटान | ०.०१ | आठौं |

*स्रोत : A Survey Report on Foreign Direct Investment in Nepal (2018/19). Nepal Rastra Bank Economic Research Department April, 2021.*

वास्तवमै नेपालमा प्रत्यक्ष विदेशी लगानीको स्थिति ज्यादै नै कमजोर रहेको छ जुन माथि दक्षिण एसियामा विदेशी लगानीको प्रवाहमा देखाइएअनुसार यो नेपालको नाजुक अर्थात् टिठलाग्दो स्थिति रहेको छ।

## ४. नेपालमा प्रत्यक्ष विदेशी लगानीका मुख्य बाधक तत्व तथा समस्या

नेपालले प्रत्यक्ष विदेशी लगानी भित्र्याउन यससम्बन्धी

ऐन, नियमावली तथा अन्य कानुनी र अन्य व्यवस्था गर्ने प्रयास गरे तापनि एक त यो पर्याप्त छैन भने अर्कोतर्फ भइरहेको व्यवस्थाको पनि कार्यान्वयन हुन सकिरहेको छैन । त्यसैले गर्दा पनि विदेशी लगानीको स्तर धेरै पछाडि परेको अवस्था उल्लिखित आँकडाले देखाउँछ ।

विदेशी लगानीको कसरी यस्तो निराशाजनक स्थिति आइरहेको छ ? नेपालमा लगानी गरी उद्योगधन्दा खोल्नेभन्दा व्यापार गर्न सहज र सजिलो स्थिति रहेको छ । यसका खास कारक तत्व तथा समस्या एउटा मात्र नभएर धेरै कारक तत्व तथा समस्या रहेका छन् । ती कारक तत्व तथा समस्या के-के हुन् त ?

**(क) आर्थिक नीतिगत विचलन, अन्योलता र अस्थिरता**

प्रजातन्त्र पुनर्स्थापनापश्चात् गठित नेपाली कांग्रेस नेतृत्वको सरकारले आईएमएफको कार्यक्रम लागू गर्दै त्यहीअनुसार विदेशी लगानी तथा प्रविधि ऐन, २०४९ ल्यायो जसअनुसार विदेशी लगानीलाई भित्र्याउन धेरै किसिमका सुविधासहित आकर्षण गरियो । यस ऐनअनुरूप सुरुका वर्षमा उत्साहवर्द्धक रूपमा विदेशी लगानी बढेको थियो तर २०५१ सालमा संसद तीन वर्षमै विघटन भई राजनीतिक अस्थिरता सुरु भयो ।

यसरी विकास तथा विदेशी लगानीको गति लिँदै गरेको अवस्थामा २०५१ सालको निर्वाचनबाट अल्पमतको एमाले सरकारले उदार अर्थ नीति पूरा नउल्टाए पनि निजीकरण नै बेठिक भनी राष्ट्रियकरण गर्न खोजेको तथा केही अनुदार नीतिगत अवरोध ल्यायो । जब कि भारतमा सन् १९९२/९३ तिर तत्कालीन कांग्रेस आई. सरकारमा अर्थमन्त्री मनमोहन सिंह हुँदा आर्थिक उदारीकरण नीति सुरु गरे तापनि तत्कालीन प्रतिपक्ष भारतीय जनता पार्टी विरोधमा उत्रे पनि पछि विजेपी सरकारले कांग्रेस आई. सरकारले ल्याएको उदार विदेशी लगानी नीतिमा कुनै बाधा व्यवधान गर्नुको सट्टा मुलुकको आवश्यकतालाई बोध गरी जिम्मेवारीपूर्वक सो नीति थप अगाडि बढाएको थियो । सरकार परिवर्तन भए पनि आधारभूत आर्थिक र विदेशी लगानी नीतिमा स्थिर रहेको उदाहरण भारतमा देखिन्छ, जसबाट भारत आज उच्च विदेशी लगानी भित्र्याई उच्च आर्थिक वृद्धि हासिल गर्ने मुलुक बनेको छ । तर नेपालको यस्तो अस्थिर नीतिबाट स्वदेशी तथा विदेशी लगानीकर्ता निराश हुन थाले । परिणामतः समष्टिगत लगानीको वातावरण बिग्रन थाल्यो । यसै क्रममा कार्यान्वयन भइरहेको 'इसाफ कार्यक्रम' नै आईएमएफद्वारा खारेज गरियो । त्यसको साथै आर्थिक/वित्तीय सुधारको कार्यक्रम पनि अन्योलमा पर्न गयो ।

यसका साथै २०५२ सालबाट माओवादीको सशस्त्र द्वन्द्व पनि सुरु भयो र त्यसपछि पनि स्वदेशी तथा विदेशी लगानीको वातावरण बिग्रियो । त्यसपश्चात् २०६२।६३ को दोस्रो आन्दोलन र त्यसपछिका अस्थिर र स्थिर सरकार हुँदासमेत उदारीकरण नीति र व्यवहारमा स्पष्ट प्रतिबद्धता आउन सकेन । जसले गर्दा विदेशी मात्र होइन स्वदेशी लगानीको वातावरण पनि सहज बन्न सकेन । उदारीकरण नीति अवलम्बनपश्चात् फस्टाएको सहकारीलाई क्षेत्रगत रूपमा विशेष महत्व दिनुपर्नेमा सरकारले निजी क्षेत्रको प्रतिस्पर्धीजस्तो रूपमा सहकारीलाई प्रोत्साहनको नाममा निजी क्षेत्रको भूमिकालाई गौण बनाइनु, अवाञ्छित क्षेत्रमा सरकारी संलग्नता बढाउँदै जाने नीति लिनु आदिले स्वदेशी र विदेशी दुवै लगानी खासै बढ्न सकेको छैन र अझै वातावरण उस्तै नै छ । यस्तो नीतिगत विचलन, अन्योल र अस्थिरता नै नेपालमा विदेशी लगानीको मुख्य वाधक तथा समस्याको रूपमा रहेको छ ।

**(ख) विदेशी लगानीप्रति आम जनतामा नकारात्मक धारणा**

माओवादीको दशक लामो सशस्त्र द्वन्द्वकालमा विदेशी लगानीप्रतिको धारणाले नकारात्मक सञ्चार हुन पुग्यो । सो अवधिमा विदेशी लगानीप्रति भ्रामक धारणाहरू आमजनमानसमा स्थापित हुन पुग्यो । अहिले पनि नेपालका कतिपय वामपन्थी समूहले वैदेशिक लगानीलाई नकारात्मक रूपमा लिने गरेको पाइन्छ । जबकि विदेशी लगानीले मुख्यतः दूरसञ्चार, बैंकिङ क्षेत्र आदिमा उल्लेख्य उपलब्धि हासिल भएकै छन् ।

**(ग) विदेशी लगानी एक द्वार नीति भने पनि व्यवहारमा अनेक व्यवस्था**

अन्य देशमा भएजस्तो एक द्वार नीति भने पनि विदेशी लगानी प्रवेशको लागि यहाँ अन्योल कायमै छ । विदेशी लगानीलाई सजिलो बनाउन २०६८ सालमा नयाँ लगानी

बोर्ड ऐन ल्याइयो, जसबाट विदेशी लगानीमा झन् अप्ठ्यारो र भ्रम सिर्जना भयो । तत्पश्चात् लगानी बोर्ड र लगानी प्रवर्द्धन बोर्ड गरी दुई वटा बोर्ड भए, जसबाट मुख्य लगानी प्रवर्द्धन बोर्डको भूमिकालाई न्यूनीकरण गरियो । पहिले यही लगानी बोर्डले मात्र विदेशी लगानीसम्बन्धी सबै काम गर्नेमा अब रु.छ अर्बसम्म लगानी बोर्ड अर्थात् उद्योग मन्त्रालय र रु.छ अर्बभन्दामाथिको लगानी कमजोर सङ्गठनात्मक क्षमता भएको नयाँ सिर्जित लगानी बोर्डले हेर्ने कानुनी व्यवस्था राखियो । यसबाट मूल धारमा रहेको साथै ठूलो सङ्गठनात्मक क्षमताको उद्योग मन्त्रालयको भूमिका गौण बन्न पुग्यो । यसबाट विदेशी लगानीकर्ता झन् अलमलमा परे । एकातिर यस्तो कानुनी व्यवस्था र अर्कोतिर एकद्वार भने पनि व्यवहारमा भने अनेक द्वार धाउनु पर्ने हुँदा यसले पनि निकै बाधा गरेको देखिन्छ ।

**(घ) कडा श्रम कानुन र दलीय प्रभाव**

एफडीआईको लागि हायर एण्ड फायरसहितको लचिलो श्रम कानुनको आवश्यकता भए तापनि हालसम्म नेपालमा कडा श्रम ऐन र दलीय प्रभावशाली ट्रेड युनियनको वर्चस्वले विदेशी लगानीलाई नकारात्मक प्रभाव पारिरहेको छ । साथै चुनावमा उद्योगी/व्यवसायीले चन्दा दिनुपर्ने अघोषित व्यवस्थाले त विदेशी लगानीकर्ता निकै भड्किएका छन् ।

**(ङ) लगानीमैत्री वातावरणको अभाव**

उद्योगमा भन्दा व्यापारमा लगानी गर्न कम जोखिम, नाफामूलक र सहज वातावरण छ । निजी क्षेत्र बारम्बार औद्योगिक लगानीमैत्री वातावरण भएन भनी सरकारमा बारम्बार गुनासोका साथै सुधारको लागि दबाब दिइरहँदा पनि सुधार हुन सकेको छैन भने विदेशी लगानीकर्ता कसरी आउछन् यहाँ ?

**(च) कमजोर पूर्वाधारका साथै निर्यात प्रवर्द्धन क्षेत्रको अभाव**

उद्योगको लागि विद्युत्, यातायातजस्ता पूर्वाधार पनि उद्योगमैत्री छैनन् । साथै उक्त उचित सुविधा र व्यवस्थासहितको निर्यात प्रवर्द्धन क्षेत्र (Zone)को व्यवस्था पनि छैन । यी कारण पनि विदेशी लगानीको वाधक तत्त्व हुन् ।

**(छ) विदेशी लगानीलाई दिइने सुविधाको कानुनी व्यवस्था गर्दा एकाङ्गी बनाइने अभ्यास**

नेपालमा सामान्यतया आफ्नो विगतको नीति तथा कानुनलाई हेरी संशोधन गरिन्छ जुन गलत अभ्यास हो । संसारका जुन देशमा बढी सुविधा र लगानीमैत्री छ त्यही देशमा यस्तो लगानी जान्छ । एक त भूपरिवेष्टितको कारणले उच्च लागत भएको सानो देशमा लगानी आकर्षण गर्न तुलनात्मक रूपमा अझ बढी सुविधा दिनुपर्नेमा यसरी तुलनात्मक विश्लेषण नगरी सुविधा तोकिन्छ । फलतः नेपालको सुविधा आकर्षक छैन ।

**(ज) विदेशी लगानी सम्बन्धमा वामपन्थी दलको प्रष्ट धारणा नहुनु**

२०६२/६३ को दोस्रो जनआन्दोलनपश्चात् कुनै दलको एकल बहुमतको सरकार बन्न सकेको छैन । त्यसमा पनि अधिकांश समय वामपन्थी दलको बाहुल्य भएको सरकार बन्नु र यी दल नेतृत्वका सरकारले विदेशी लगानीप्रति नकारात्मक धारणा राख्ने हुँदा विदेशी लगानीकर्ता यस्तो अवस्थामा आउन डराउँछन् । यसले पनि विदेशी लगानीलाई विकर्षण गरिरहेको छ ।

**(ञ) जग्गा अधिग्रहणमा स्थानीय जनताका असहयोग**

जग्गा अधिग्रहण नभएर वर्षौं काम हुन नसकेपछि लगानीकर्ता निरुत्साहित भएका देखिन्छन् ।

## ५. समस्या समाधानका उपाय

प्रत्यक्ष विदेशी लगानीलाई भित्र्याउन उपर्युक्त बाधा र समस्याको यथाशीघ्र समाधान गरी देहायका कार्यहरू छिटोभन्दा छिटो समाधान गर्नु अपरिहार्य छ ।

**(क) नीतिगत स्थिरता, उदार आर्थिक नीति र विदेशी लगानीमा सर्वदलीय सहमति**

आर्थिक नीतिगत विचलन, अन्योलता र अस्थिरता नेपालको विशेषताजस्तै भएको छ । दललाई प्रतिकूल लागेमा संविधान नै रातारात संशोधन भएका छन् । तर आर्थिक एजेण्डालाई चाहिँ सधैं ओझेलमा पारिएको छ । परिणामतः मुलुकको अर्थतन्त्र सङ्कटोन्मुख अवस्थातिर उन्मुख

हुँदै गइरहेको छ । यस्तै अवस्था रहिरहे भोलि श्रीलङ्काको जस्तै स्थिति नआउला भन्न सकिँदैन । तसर्थ उदार आर्थिक नीति र विदेशी लगानीमा सर्वदलीय सहमति गरी नीतिगत स्थिरता दिनु अति आवश्यक छ ।

**(ख) संविधानलाई पनि विदेशी लगानीमैत्री बनाई संशोधन गर्ने**

संविधान मूल कानुन भएको हुँदा सबैभन्दा पहिले यो संविधानमा वैदेशिक लगानीलाई उल्लिखित विकर्षणकारी प्रावधान हटाई लगानीकर्तालाई आकर्षित गर्ने प्रावधान राख्न सर्वदलीय सहमति कायम गरिनुपर्दछ ।

**(ग) विदेशी लगानीप्रति सकारात्मक वातावरण बनाउने**

विदेशी लगानीप्रति वामपन्थी दलसहित आम जनतामा रहेको नकारात्मक धारणाका कारण विदेशी लगानीकर्ता तर्सिरहेको अवस्था छ । यसैले वामपन्थी दल र आम जनतामा सकारात्मक भावना जागृत गराउनु पूर्व तथा अत्यावश्यक सर्त हो ।

**(घ) व्यावहारिक र कानुनी दुवै रूपमा एकद्वार नीतिको व्यवस्था**

सिद्धान्तमा एकद्वार नीति तर व्यवहारमा कहिले पनि एकद्वार नीति लागू नभएको अवस्थालाई दृष्टिगत गरी सबै क्षेत्रमा साम, दाम, दण्ड, भेदको प्रयोग गरी एकद्वार नीतिलाई कार्यान्वयनमा लैजानु अनिवार्य छ ।

**(ङ) कडा श्रम कानुनलाई हायरफायरको अधिकारसहित लचिलो बनाउने**

नेपालको श्रम कानुन हायर एण्ड फायर गर्न नसक्ने अवस्थामा रहेको हुँदा पनि विदेशी लगानीकर्ता आकर्षित हुन सकिरहेका छैनन् । एफडीआई धेरै आएका अन्य देशसरह श्रम कानुनलाई लचिलो बनाई हायरफायरको अधिकारसहितको व्यवस्था लागू आवश्यक छ ।

**(च) स्वदेशी तथा विदेशी लगानीमैत्री वातावरण बनाउनु**

यहाँको उचित लगानी वातावरण नभएकोले स्वदेशी लगानीकर्ता नै भड्किएर व्यापारतर्फ केन्द्रित हुन थालेका छन् भने कसरी विदेशी लगानीकर्ता आउछन् ? अनुकूल वतावरण बनाएमा स्वतः विदेशी लगानीकर्ता आउँछन् । भूपरिवेष्ठित देश नेपालमा अन्य देशको तुलनामा केही बढी आकर्षक सुविधा दिएर भए पनि वातावरण बनाउनु अति आवश्यक छ ।

**(छ) सुविधासम्बन्धी कानुनी व्यवस्था तुलनात्मक रूपमा आकर्षक बनाउने**

विदेशी लगानीलाई दिइने सुविधाका सम्बन्धमा कानुनी व्यवस्था गर्दा एकाङ्गी रूपमा विगतसँग तुलना गरी बनाउने गरिन्छ, जसबाट विदेशी लगानी आकर्षित हुँदैन । संसारका जुन देशमा बढी सुविधा र लगानीमैत्री छ त्यही देशमा यस्तो लगानी जाने हुदा भूपरिवेष्टितसहित अन्य कारणले उच्च लागत भएको सानो देशमा लगानी आकर्षित गर्न तुलनात्मक रूपमा बढी सुविधा दिने व्यवस्था लागू गर्नु अपरिहार्य छ ।

**(ज) नेपालको सार्मभौम क्रेडिट रेटिङ यथाशीघ्र गनुपर्ने**

वैदेशिक लगानीको लागि सार्मभौम क्रेडिट रेटिङ अनिवार्य सर्त हो । यो नहुँदा लगानीकर्ता अन्योलमा हुन्छन् । तसर्थ, यसलाई प्राथमिकता दिई शीघ्र रेटिङ गरी विदेशी लगानीकर्तामा सकारात्मक सन्देश प्रवाह गर्नु जरुरी छ ।

**(झ) सुशासनलाई बलियो बनाउने**

नेपालमा हालैका वर्षमा भ्रष्टाचार बढ्दै जानुको साथै सम्पति शुद्धीकरण निवारणमा पनि कमजोर भई समष्टिगत सुशासन झन् कमजोर बन्दै गएको छ । तसर्थ, यी दुवै विषयमा सरकारले विशेष पहल गरी यसलाई सुधार्ने र बलियो सुशासन कायम गर्नु आवश्यक छ, नत्र विदेशी लगानीकर्ता तर्सिन्छन् ।

उपर्युक्त व्यवस्थाका अतिरिक्त बलियो पूर्वाधारको निर्माण, बङ्गलादेशमा जस्तै उचित प्रबन्धसहितको निर्यात प्रवर्द्धन क्षेत्रको व्यवस्था, जग्गा अधिग्रहणका लागि एकदमै सहज स्थिति निर्माण गर्ने, दलीय प्रभाव निष्क्रिय बनाउनेलगायतका व्यवस्था गरेमा मात्र नेपालमा प्रत्यक्ष विदेशी लगानी आकर्षित हुनेछ । धैरै देशले यस्तो लगानी भित्र्याएर आर्थिक विकास गरेका कैयौं उदाहरण छन् । नेपाल पनि यस विषयमा संवेदनशील र साँच्चिकै प्रतिबद्ध भएमा यो लगानी व्यापक भित्रिएर यसले निश्चय नै आर्थिक विकास मात्र होइन, आर्थिक वृद्धि, जीवनस्तर र रोजगारीमा समेत सुधार गर्नेछ । •

# नेपालमा सार्वजनिक ऋण परिचालनको अवस्था र चुनौती

■ रमेश अर्याल*

## १. पृष्ठभूमि

सार्वजनिक ऋण सरकारको न्यून वित्त परिपूर्ति गर्ने प्रमुख औजार हो । सरकारको बढ्दो खर्च र सीमित आम्दानीको बीचमा तादम्य मिलाउन सार्वजनिक ऋण परिचालनको महत्वपूर्ण स्थान रहँदै आएको छ। विश्वका प्रायः सबै राष्ट्रले आन्तरिक तथा बाह्य दुवै रूपमा ऋण लिने गरेको पाइन्छ। देशको समग्र विकासका लागि राजस्वको स्रोत अपुग भएमा सार्वजनिक ऋणलाई घाटा बजेट पूर्ति गर्ने माध्यमका रूपमा लिइन्छ।

शास्त्रीय अर्थशास्त्रीहरूले सरकारले अति आवश्यक काम गर्न सानो आकारको बजेट बनाउनुपर्ने कुरामा जोड दिँदै सार्वजनिक ऋणको विपक्षमा तर्क गरेका थिए । उनीहरूले अर्थतन्त्र स्वयम् पूर्ण रोजगारीको अवस्थामा सन्तुलित हुने तर्क दिएका थिए।

सन् १९३० को आर्थिक मन्दीपछि जे.एम. किन्सले अर्थतन्त्रको समग्र पक्षमा मन्दी आउन नदिन सरकारी हस्तक्षेप हुनुपर्ने कुरालाई जोड दिँदै घाटा बजेटको पक्षमा वकालत गरेका थिए। किन्स र उनका समर्थक अर्थशास्त्रीले बजेटको पुँजीगत भागलाई ऋण लिएर भए पनि पूरा गर्नुपर्ने र यसले आर्थिक विकासमा सकारात्मक प्रभाव पार्न सक्ने कुरामा प्रकाश पारेका थिए।

समकालीन अर्थशास्त्रीहरूले पनि सार्वजनिक ऋणलाई सरकारको न्यून वित्त परिपूर्ति गर्ने प्रमुख औजारको रूपमा लिई सार्वजनिक ऋणको व्यवस्थापनमा जोड दिएको पाइन्छ। सार्वजनिक ऋण आफैँमा खराब नभए तापनि व्यवस्थापनमा ध्यान नदिए यसले मुलुकलाई अधिक ऋणमा फसाउन सक्ने भएकोले उच्च प्राथमिकताका उत्पादनशील क्षेत्रमा मात्र ऋणको लगानी गर्नुपर्दछ र व्यवस्थापन पनि प्रभावकारी हुनुपर्छ भन्ने मान्यता रहेको छ।

## २. अर्थ

सरकारले राजस्व र अनुदानबाट अपुग सार्वजनिक खर्च पूर्ति गर्न लेनदेनको सर्तबमोजिम पछि फिर्ता गर्नेगरी लिइने रकमलाई सार्वजनिक ऋण भनिन्छ । निश्चित अवधिमा तोकिएको सर्तअनुसार राज्यले साँवा र ब्याजसहित फिर्ता गर्नेगरी कानुनबमोजिम स्वदेश वा विदेशबाट लिएको ऋण नै सार्वजनिक ऋण हो । बजेट घाटा पूरा गर्न सरकारले आन्तरिक र बाह्य स्रोतबाट ऋण लिने गर्दछ।

सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ मा सार्वजनिक ऋणलाई 'आन्तरिक वा वैदेशिक ऋण र त्यस्तो ऋण परिचालन गर्दा सिर्जना भएको वित्तीय दायित्व सम्झनुपर्छ' भनी परिभाषित गरिएको छ । उक्त ऐनले वैदेशिक ऋण भन्नाले विदेशी सरकार, विदेशी सरकारी बैंक वा वित्तीय संस्था वा एजेन्सीसँग विदेशी मुद्रामा लिइएको ऋणबापत तिर्नुपर्ने बाँकी रकमको योग सम्झनुपर्छ भनी उल्लेख गरेको छ भने आन्तरिक ऋण भन्नाले नेपाली नागरिक, सङ्गठित संस्था, बैंक वा वित्तीय संस्थाबाट लिइने ऋण सम्झनुपर्छ भनी परिभाषित गरेको छ।

## ३. अर्थतन्त्रमा सार्वजनिक ऋणको भूमिका

सरकारले वित्त नीतिमार्फत अर्थतन्त्रको वृद्धि, रोजगारी सिर्जना, आर्थिक स्थायित्व र समानता कायम गर्न खोजेको हुन्छ । वित्त नीतिका उपकरणहरू सरकारी खर्च, राजस्व र सार्वजनिक ऋणमध्ये सार्वजनिक ऋण एक महत्वपूर्ण उपकरण हो । अर्थतन्त्रमा यसको भूमिका देहायअनुसार रहेको देखिन्छ :

- विकास कार्यका लागि अपुग सार्वजनिक खर्चको परिपूर्ति गर्न,
- घाटा बजेट पूर्ति गरी सरकारका नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन गर्न,

---

* उप-महानिर्देशक, भन्सार विभाग

- प्राथमिकताप्राप्त क्षेत्रमा स्रोत परिचालन गरी विकासका राष्ट्रिय लक्ष्य हासिल गर्न,
- देशको सन्तुलित विकासका लागि सबै क्षेत्रमा लगानी गर्न,
- निजी क्षेत्रले उत्पादनशील क्षेत्रमा खर्च नगरेमा आन्तरिक ऋण उठाएर सरकारले अर्थतन्त्रको क्षमता बढाउने काममा खर्च गरेर विकासका काम गर्न,
- कल्याणकारी राज्यको अवधारणालाई मूर्त रूप दिन,
- निजी क्षेत्रको लगानी एवम् निर्यात अभिवृद्धिका लागि पर्याप्त अवसर सुनिश्चित गर्न,
- गरिब, सीमान्तीकृत र पछाडि परेको वर्ग, क्षेत्र र समुदायको विकासका लागि आवश्यक लगानी जुटाउन,
- आकस्मिक रूपमा झेल्नुपर्ने प्राकृतिक बिपद्, युद्ध, महामारीजस्ता समस्या पश्चात् पुनर्निर्माण र पुनर्स्थापनाका कार्यहरू गर्न,
- नागरिकको हक अधिकार र विकासका अवसरलाई विस्तृत तुल्याई कल्याणकारी राज्यको प्रवर्द्धन गर्न,
- विकासलाई तीव्रतर तुल्याई आय आर्जन र रोजगारीका अवसरको सिर्जना गर्न,
- विभिन्न उपकरणबाट आन्तरिक ऋण उठाई मुद्रा र पुँजीबजारको विकास गर्न,
- सरकारी ऋणपत्रको प्रयोगबाट अर्थतन्त्रमा तरलता तथा मौद्रिक व्यवस्थापन गर्न,
- मुद्रास्फीतिको समयमा सरकारले जनतासँग ऋण लिएर उनीहरूको खर्चयोग्य आम्दानी घटाउन र खर्च गर्नका लागि रकम कम भई मागमा कमी आउँदा मुद्रास्फीति नियन्त्रण गर्न,
- आर्थिक मन्दीको समयमा जनताबाट थप कर तथा सेवाशुल्क उठाउन कठिन हुने भएकाले सार्वजनिक व्यय बढाउन,
- वैदेशिक ऋणमार्फत विदेशी विनियम सञ्चितिमा सहयोग गर्न ।

## ४. सार्वजनिक ऋणका बेफाइदा

सार्वजनिक ऋणको परिचालन प्रभावकारी हुन नसकेमा देहायका नकारात्मक पक्ष देखा पर्न सक्छन् :

- बाह्य ऋण अधिक हुँदा ऋण तिर्न ऋण लिनुपर्ने अवस्था अर्थात् Debt Trap मा देश फस्ने खतरा हुन सक्छ ।
- आन्तरिक ऋण बढी लिँदा व्यक्तिगत तथा निजी लगानीकर्तालाई वित्तीय स्रोतको अभाव भई लगानीमा सङ्कुचन आउन सक्ने अवस्था अर्थात् Crowed out Effect हुन सक्छ ।
- वैदेशिक ऋणले मुद्रास्फीति बढ्न सक्छ ।
- मुलुकमा परनिर्भरता र बाह्य प्रभाव बढ्न सक्छ ।
- भावी पुस्तामाथि आर्थिक भार थपिन्छ ।
- मुलुकको वित्तीय दायित्व र आर्थिक भारमा वृद्धि हुन्छ ।
- स्रोतको दुरुपयोग भई भ्रष्टाचार बढ्न सक्छ ।
- देशको आवश्यकता विपरीत विकास साझेदारका सर्त मान्नुपर्ने हुन सक्छ ।

## ५. सार्वजनिक ऋण परिचालनको वर्तमान अवस्था

वि.सं. २००८ मा पहिलो पटक बजेट प्रणालीको सुरुआत भए तापनि राष्ट्र ऋण उठाउने ऐन, २०१७ जारी गरेपछि आर्थिक वर्ष २०१८/१९ को बजेटमा पहिलो पटक आन्तरिक ऋण बजेटको अंश बन्न पुगेको थियो । पहिलो बजेटदेखि नै वैदेशिक सहयोग लिन थाले पनि बाह्य ऋण भने आर्थिक वर्ष २०२०/२१ बाट लिन थालेको पाइन्छ । त्यतिबेलादेखि नै निरन्तर रूपमा घाटा बजेटको परिपूर्तिका लागि आन्तरिक र बाह्य ऋण उठाइएको अवस्था छ । यसरी, आधा शताब्दीभन्दा पुरानो ऋण व्यवस्थापनको इतिहास बोकेको हाम्रो मुलुकमा ऋण व्यवस्थापनका विविध आयाम र त्यसको साथमा जोखिमका क्षेत्र पनि विस्तार हुँदै गएको छ । पछिल्लो पाँच वर्षमा देहायबमोजिम सार्वजनिक ऋणको परिचालन भएको देखिन्छ ।

कुल गार्हस्थ्य उत्पादनसँग सार्वजनिक ऋणको अनुपात आर्थिक वर्ष २०३१/३२ मा ४.९५ प्रतिशत थियो भने आर्थिक वर्ष २०५१/५२ मा ६५ प्रतिशत पुगेको थियो ।

**तालिका-१ : सार्वजनिक ऋणको स्थिति**

| शीर्षक | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| तिर्न बाँकी आन्तरिक ऋण (रु.करोड) | ३९,११६ | ४५,३२३ | ६१,३७३ | ८०,२९४ | ९८,७४५ |
| तिर्न बाँकी बाह्य ऋण (रु.करोड) | ५२,६१५ | ५९,४९३ | ८१,९६७ | ९३,४७० | १,०२,५८५ |
| तिर्न बाँकी कुल ऋण (रु.करोड) | ९१,६३१ | १,०४,८१६ | १,४३,३४० | १,७३,७६४ | २,०१,३३० |
| कुल गार्हस्थ्य उत्पादनसँग तिर्न बाँकी आन्तरिक ऋणको अनुपात (प्रतिशत) | ११.३२ | ११.७४ | १५.७८ | १८.७७ | २०.३५ |
| कुल गार्हस्थ्य उत्पादनसँग तिर्न बाँकी बाह्य ऋणको अनुपात (प्रतिशत) | १५.२२ | १५.४२ | २१.०८ | २१.८५ | २१.१४ |
| कुल गार्हस्थ्य उत्पादनसँग तिर्न बाँकी कुल ऋणको अनुपात (प्रतिशत) | २६.५४ | २७.१६ | ३६.८६ | ४०.६२ | ४१.४९ |

स्रोत : अर्थ मन्त्रालय र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

आर्थिक वर्ष २०६३/६४ मा ४४ प्रतिशत हुँदै आर्थिक वर्ष २०७१/७२ मा २२.४८ प्रतिशतमा झरेको थियो । २०७२ सालको भूकम्पपश्चात् गर्नुपरेको पुनर्निर्माणका साथै संघीय संरचनाअनुसार प्रदेश र स्थानीय तहमा विकास निर्माणमा लगानी बढ्न थालेकोले आर्थिक वर्ष २०७२/७३ देखि भने सरकारी ऋण पुनः बढ्न थाल्यो । २०७५/७६ मा सरकारी ऋण कुल गार्हस्थ्य उत्पादनको २७.२ प्रतिशत पुग्यो । आर्थिक वर्ष २०७६/७७ को अन्त्यतिर कोभिड-१९ महामारीको संक्रमण सुरु भएकोले खोप तथा स्वास्थ्य पूर्वाधारमा खर्च गर्न सार्वजनिक ऋण बढ्न गई आर्थिक वर्ष २०७८/७९ सम्म कुल तिर्न बाँकी सार्वजनिक ऋणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ४१.५ प्रतिशत रहेको छ । यसमध्ये आन्तरिक ऋणको अनुपात २०.४ प्रतिशत र बाह्य ऋणको अनुपात २१.१ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७८/७९ सम्म रु.२० खर्ब १३ अर्ब ३० करोड कुल तिर्न बाँकी सार्वजनिक ऋण रहेको छ । यसमध्ये आन्तरिक ऋण रु.९ खर्ब ८७ अर्ब ४५ करोड  र बाह्य ऋण रु. १० खर्ब २५ अर्ब ८४ करोड रहेको छ ।

सामान्यतया कुनै पनि मुलुकमा रहेको Fiscal Space आँकलन गर्नका लागि कुल गार्हस्थ्य उत्पादनसँग सार्वजनिक ऋणको अनुपात हेर्ने गरिन्छ । अर्थतन्त्रलाई कति सार्वजनिक ऋण उपयुक्त हुन्छ भन्ने सन्दर्भमा एकरूपता नभए पनि अर्थतन्त्रको आकार, यसको वृद्धि दर, निर्यात तथा विदेशी मुद्रा आम्दानीको स्रोत, ऋणको उत्पादनशील प्रयोग र यसको व्यवस्थापनको क्षमता आदिले सार्वजनिक ऋणको सीमा निर्धारण गर्दछ । विकसित देशमा सार्वजनिक ऋण र कुल गार्हस्थ्य उत्पादनको ९० प्रतिशतसम्म र विकासशील देशमा ५० प्रतिशतसम्मलाई उपयुक्त नै मान्ने गरिएको छ ।

अन्तर्राष्ट्रिय मुद्रा कोषको तथ्याङ्कअनुसार सन् २०२१ मा सार्वजनिक ऋण र कुल गार्हस्थ्य उत्पादनको अनुपात धेरै हुने पाँच मुलुकमा जापानको २२१ प्रतिशत, ग्रीसको २१२ प्रतिशत, सुडानको १८१ प्रतिशत, इरिट्रियाको १७६ प्रतिशत, सिङ्गापुरको १६४ प्रतिशत रहेको छ। संयुक्त राज्य अमेरिकाको ११५ प्रतिशत छ भने बेलायतमा १०३ रहेको छ । दक्षिण एसियाली मुलुकमध्ये कुल गार्हस्थ उत्पादनसँग सार्वजनिक ऋणको अनुपात नेपालको भन्दा बङ्गलादेशको सबैभन्दा कम रहेको छ । सन् २०२१ मा यस्तो अनुपात बङ्गलादेशको ३६ प्रतिशत, भारतको ५४ प्रतिशत, पाकिस्तानको ७५ प्रतिशत, श्रीलङ्काको १०३ प्रतिशत, माल्दीभ्सको १२५ प्रतिशत र भुटानको १३२ प्रतिशत रहेको पाइन्छ ।

## ६.सार्वजनिक ऋण परिचालनका लागि भएका व्यवस्था

सार्वजनिक ऋण परिचालनका लागि भएका संवैधानिक, कानुनी र संस्थागत व्यवस्था निम्नानुसार छ :

**(क) संवैधानिक व्यवस्था**

नेपालको संविधानको धारा ११५(२) मा संघीय

कानुनबमोजिम बाहेक नेपाल सरकारले कुनै ऋण लिने र जमानत दिने छैन, धारा २०३(२) मा संघीय कानुनबमोजिम बाहेक प्रदेश सरकारले कुनै ऋण लिने र जमानत दिने छैन, धारा २२८(२) मा कानुनबमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र ऋण लिन पाइने छैन भन्ने उल्लेख छ। धारा २५१ (१च) मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी संघ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने उल्लेख छ। नेपालको संविधानको धारा ५१ मा राज्यका नीति अन्तर्गत अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीतिमा वैदेशिक सहायता लिँदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउने र वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्ने उल्लेख छ।

संविधानको धारा ५९(६) ले देशको आर्थिक विकासका लागि वैदेशिक सहायता लिने र परिचालन गर्ने पूर्ण अधिकार संघीय सरकारलाई दिएको छ । यसै गरी, अनुसूची-५ ले संघीय सरकारलाई सबै प्रकारका वैदेशिक सहायता परिचालन गर्ने अधिकार दिएको छ भने अनुसूची-६ ले प्रदेश सरकारलाई संघीय सरकारको सहमतिमा वैदेशिक अनुदान र सहयोग परिचालन गर्न सक्ने अधिकार दिएको छ। त्यस्तै अनुसूची-५ मा वैदेशिक ऋणलाई संघको अधिकार सूचीमा समावेश गरिएको छ।

(ख) **कानुनी व्यवस्था**

- आन्तरिक र बाह्य ऋणको व्यवस्थापन गर्न, राष्ट्र ऋण ऐन, २०५९ र ऋण तथा जमानत ऐन, २०२५ लाई संशोधन र एकीकरण गरी समयानुकूल बनाउन सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ कार्यान्वयनमा ल्याइएको छ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा वैदेशिक ऋण लिने अधिकार नेपाल सरकारको हुने, नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने, तर प्रदेश तथा स्थानीय तहले आन्तरिक ऋण लिनुअघि नेपाल सरकारको सहमति लिनुपर्ने, यस्तो सहमति माग्दा ऋण लिन खोजिएको योजना, योजनाबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि, ऋण भुक्तानी योजना, ऋण दिने संस्थाको विवरणसहितको प्रस्ताव पेस गर्नुपर्ने, प्रस्ताव उपयुक्त देखिएमा नेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई आन्तरिक ऋण लिन सहमति दिन सक्ने, नेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई सम्झौता गरी ऋण दिन सक्ने उल्लेख छ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गाउँपालिका तथा नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमाभित्र रही सम्बन्धित सभाबाट स्वीकृत गराई उत्पादनशील, रोजगारमूलक, आन्तरिक आय वृद्धि तथा पुँजीगत कार्यको लागि आन्तरिक ऋण लिन सक्ने, नेपाल सरकारबाट वा नेपाल सरकार जमानी भई लिएको यस्तो ऋण सम्बन्धित स्थानीय तहले चुक्ता नगरेमा अनुदानबाट कट्टा गरी रकम प्राप्ति वा भुक्तानी गरिने, २५ वर्षभन्दा बढी अवधिको लागि ऋण लिन नपाइने व्यवस्था छ।
- अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६ मा भौतिक पूर्वाधार, आर्थिक वृद्धि, रोजगारी सिर्जना र निर्यात क्षमता अभिवृद्धि गर्ने क्षेत्रहरूमा सहुलियतपूर्ण ऋणको उपयोग गरिने नीति अवलम्बन गरिएको छ । राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा आयोजना सञ्चालन गर्न सहुलियतपूर्ण ऋण सहायताका साथै अन्य प्रकृतिका ऋणको पनि उपयोग गर्न सकिने तथा ऋण सहायताको न्यूनतम सीमा र उपयोग गरिने क्षेत्र तोकिएको छ।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, २०७४
- राष्ट्र ऋण उठाउने ऐन, २०७७ (सालबसाली रूपमा आउने)
- प्रदेश तथा स्थानीय तहमा वैदेशिक सहायता परिचालन सम्बन्धी मापदण्ड, २०७६
- पन्ध्रौं योजनामा अन्तर्राष्ट्रिय विकास सहायता शीर्षकमा अन्तर्राष्ट्रिय विकास सहायताको प्रभावकारी परिचालनमार्फत विकास र समृद्ध अर्थतन्त्र निर्माण भन्ने सोच उल्लेख छ। पन्ध्रौं योजनाले सार्वजनिक ऋणलाई योजना अवधिमा कुल गार्हस्थ्य उत्पादनको ४.३ प्रतिशतभित्र सीमित गर्ने लक्ष्य राखेको छ।

- हरेक वर्ष आउने सरकारको नीति कार्यक्रम र बजेटमा सार्वजनिक ऋण परिचालनको व्यवस्था हुने गरेको । आर्थिक वर्ष २०७९/८० को संघीय बजेटमा वैदेशिक ऋण रु.दुई खर्ब ४२ अर्ब र आन्तरिक ऋण रु.दुई खर्ब ५६ अर्ब परिचालन गर्ने उल्लेख ।

(ग) **संस्थागत व्यवस्था**

- अर्थ मन्त्रालय,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग,
- राष्ट्रिय योजना आयोग,
- नेपाल राष्ट्र बैंक,
- महालेखा नियन्त्रकको कार्यालय,
- सार्वजनिक ऋण व्यवस्थापन कार्यालय,
- संघ वा प्रदेशका सम्बन्धित मन्त्रालय र स्थानीय तहहरू,
- प्रदेश तहका आर्थिक मामिला तथा योजना मन्त्रालयहरू,
- सहायता व्यवस्थापन सूचना प्रणाली (Aid Management Information System),
- ऋण सञ्चालन तथा व्यवस्थापन प्रणाली (Debt Operation and Management System),

## ७. वैदेशिक ऋण र आन्तरिक ऋण परिचालनका आधार

वैदेशिक ऋण लिने अधिकार नेपाल सरकारसँग मात्र छ । नेपाल सरकारले वैदेशिक ऋण लिँदा देशको समष्टिगत आर्थिक स्थायित्व हुनेगरी लिनुपर्छ । नेपाल सरकारले प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन हुने योजना वा कार्यक्रमको लागि वैदेशिक सहयोग लिनसक्छ । प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको पूर्व स्वीकृतिविना कुनै पनि किसिमको वैदेशिक सहयोग लिन वा वैदेशिक सहयोगमा कुनै योजना वा कार्यक्रम कार्यान्वयन गर्न, गराउन सक्दैनन् । वैदेशिक सहायताको परिचालन गर्दा नेपाल सरकारले राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रहरू (क) भौतिक पूर्वाधारको निर्माण, मर्मत र जिर्णोद्धार (ख) शिक्षा, स्वास्थ्य र मानव विकास (ग) स्वेदशी उत्पादन र उत्पादकत्व वृद्धि (घ) स्वेदशमा रोजगारी सिर्जना र क्षमता विकास (ङ) विपद् व्यवस्थापन (च) विज्ञान तथा प्रविधिको विकास र हस्तान्तरण (छ) वातावरण संरक्षण र जलवायु परिवर्तन (ज) सार्वजनिक निजी साझेदारीमा गरिने लगानी (झ) सार्वजनिक निजी, सहकारी र सामुदायिक क्षेत्रको क्षमता नपुगेको क्षेत्रमध्ये नेपाल सरकारले वैदेशिक सहायता लिन उपयुक्त हुने भनी निर्धारण गरेका क्षेत्रमा गर्नुपर्छ ।

सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ अनुसार नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको योजना तथा कार्यक्रम वा नेपाल सरकारद्वारा स्वीकृत परियोजना कार्यान्वयनको लागि नेपाल सरकारले कुनै विदेशी सरकार, विदेशी सरकारी बैंक वा वित्तीय संस्था वा एजेन्सीबाट आवश्यकताअनुसार जम्मा ऋणको कुल अंक अघिल्लो आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनको प्रचलित मूल्यमा कायम गर्दा हुने रकमको एकतिहाइमा नबढ्ने गरी त्यतिसम्म अङ्कको प्रचलित विनिमय दरले हुने विदेशी मुद्रा एकै पटक वा पटक-पटक गरी ऋण लिनसक्छ । यसरी लिएको वैदेशिक ऋणको व्ययभार संघीय सञ्चित कोषमाथि हुने तर नेपाल सरकारले प्रदेश सरकार वा स्थानीय तहको लागि कुनै विदेशी सरकार, विदेशी सरकारी बैंक वा वित्तीय संस्था वा एजेन्सीसँगबाट ऋण लिएकोमा त्यस्तो ऋण रकमको व्ययभार सम्बन्धित प्रदेश सञ्चित कोष वा स्थानीय सञ्चित कोषमाथि हुने व्यवस्था छ । वैदेशिक ऋणको साँवा ब्याज भुक्तान गर्ने अवधि ऋण उपलब्ध गराउने विदेशी सरकार, विदेशी सरकारी बैंक वा वित्तीय संस्था वा एजेन्सीसँग भएको सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ ।

नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्छन् । तर प्रदेश तथा स्थानीय तहले आन्तरिक ऋण लिनुअघि नेपाल सरकारको सहमति लिनुपर्ने व्यवस्था छ । नेपाल सरकार तथा प्रदेशले प्रचलित कानुनको अधीनमा रही ऋणपत्र जारी गरी आन्तरिक ऋण उठाउन सक्छन् । प्रदेश तथा स्थानीय तहले आन्तरिक ऋण लिन नेपाल सरकारको सहमति माग गर्दा आन्तरिक ऋण लिन खोजिएको योजना, योजनाबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि, ऋण भुक्तानी योजना, ऋण दिने संस्थाको

विवरणसहितको प्रस्ताव अर्थ मन्त्रालयसमक्ष पेस गर्नुपर्छ। पेस भएको प्रस्ताव कार्यान्वयनयोग्य देखिएमा नेपाल सरकारले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई आन्तरिक ऋण लिन सहमति दिन सक्छ।

नेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई ऋण दिन सक्छ। प्रदेश वा स्थानीय तहले ऋण रकमको उपयोग, भुक्तानीको तरिका तथा समय सीमासमेत उल्लेख गरी ऋणको लागि अर्थ मन्त्रालयसमक्ष अनुरोध गर्नुपर्छ। अनुरोध मनासिब देखिएमा नेपाल सरकारले ऋण प्रदान गर्ने स्वीकृति दिन सक्छ। नेपाल सरकारबाट ऋण प्रदान गर्ने स्वीकृति भएमा अर्थ मन्त्रालयले सम्बन्धित प्रदेश वा स्थानीय तहसँग सम्झौता गर्छ। नेपाल सरकारबाट प्राप्त ऋण प्रदेश वा स्थानीय तहले सम्झौतामा उल्लिखित अवधिभित्र चुक्ता नगरेमा नेपाल सरकारले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई उपलब्ध गराउने अनुदानबाट त्यस्तो ऋण रकम असुली गर्न सक्ने व्यवस्था छ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रत्येक वर्ष संघ, प्रदेश र स्थानीय तहको लागि आन्तरिक ऋण उठाउन मापदण्ड सिफारिस गर्दछ। पछिल्लो सिफारिसअनुसार नेपाल सरकारले तत्कालको समष्टिगत आर्थिक स्थायित्व, प्रदेश तथा स्थानीय तहले परिचालन गर्न सक्ने आन्तरिक ऋणको अवस्था र बजारको अवस्थासमेत विश्लेषण गरी प्रक्षेपित कुल गार्हस्थ्य उत्पादनको ५.५ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्नेछ। प्रदेश सरकारले नेपाल सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्नेछ। त्यस्तै, स्थानीय तहले नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट (सवारी साधन करको बाँडफाँटको रकमसमेत) र स्थानीय तहको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १२ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउन सक्ने सिफारिस गरेको छ।

सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९ अनुसार नेपाल सरकार वा नेपाल सरकारको सहमतिमा प्रदेश सरकार वा स्थानीय तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आवश्यक परिमाणमा एकै पटक वा पटकपटक गरी कुनै एक वा बढी प्रकारको ऋणपत्र निष्कासन गरी प्रचलित कानुनको अधीनमा रही आन्तरिक ऋण उठाउन सक्छन्। ऋणपत्र निष्कासन गरी आन्तरिक ऋण उठाउने जिम्मेवारी सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको हुन्छ। नेपाल सरकारले आन्तरिक ऋण उठाउन प्रदेश वा स्थानीय तहलाई सहमति दिएकोमा पनि सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले ऋण व्यवस्थापनसम्बन्धी सम्पूर्ण काम गर्नुपर्ने व्यवस्था छ।

नेपालमा आन्तरिक ऋण परिचालनको काम नेपाल सरकारको तर्फबाट नेपाल राष्ट्र बैंकले गर्ने गरेकोमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको स्थापना भई ऐनसमेत आएकोले र सार्वजनिक ऋण व्यवस्थापन ऐनमा उक्त ऐन प्रारम्भ भएको मितिले बढीमा दुई वर्षसम्म सार्वजनिक ऋणको काम गरिरहेका निकायले त्यस्तो काम गर्न बाधा नपर्ने व्यवस्था गरेकोले केही समय नेपाल सरकारको तर्फबाट आन्तरिक ऋण उठाउने काम नेपाल राष्ट्र बैंकले गर्ने देखिन्छ।

## ८. सार्वजनिक ऋण व्यवस्थापनको क्षेत्रमा रहेका समस्या

सार्वजनिक ऋण परिचालनमा देखिएका समस्याहरू देहायअनुसार छन् :

- सार्वजनिक ऋण व्यवस्थापनसम्बन्धी स्पष्ट रणनीति नहुनु,
- सार्वजनिक ऋण व्यवस्थापन नियमावली तर्जुमा हुन नसक्नु,
- सार्वजनिक ऋणको लगानीका लागि पहिचान गरिएका प्राथमिकताका क्षेत्रभन्दा अन्य क्षेत्रमा ऋण परिचालन हुनु,
- ऋणको आकार र तिर्नुपर्ने वार्षिक दायित्वमा निरन्तर वृद्धि भइरहनुः देशको कुल बजेटको १०-१२ प्रतिशत रकम वित्तीय व्यवस्था (साँवा ब्याज भुक्तानी) मा खर्च गर्नुपर्ने अवस्था हुनु,
- ऋणको उपयोगमा दक्षता र प्रभावकारिताको कमी देखिनु, जस्तैः आयोजना समयमै सम्पन्न नहुने र लागत बढ्ने गरेको,

- प्रतिबद्धताअनुसार द्विपक्षीय/बहुपक्षीय सहुलियत ऋण प्राप्त नहुनु,
- सार्वजनिक ऋणमा बाह्य ऋणको हिस्सा अधिक हुँदा विदेशी विनिमयमा जोखिम बढेर जानु,
- वैदेशिक ऋणसँगै सर्त पनि जोडिएर आउँदा ऋणलाई प्राथमिकताका क्षेत्रमा लगानी गर्न नसकिनु,
- संघीय संरचनाअनुसार प्रदेश र स्थानीय तहले आन्तरिक ऋण परिचालन गर्न नसक्नु,
- आन्तरिक ऋण परिचालनका लागि उपकरणसम्बन्धी जनचेतनाको कमी हुनु,
- सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको क्षमता विकासका लागि स्रोत साधनको कमी हुनु,
- आन्तरिक तथा बाह्य ऋणको एकीकृत उपलब्धि विश्लेषण नहुनु ।

## ९. सार्वजनिक ऋण व्यवस्थापनका चुनौती

नेपालमा सार्वजनिक ऋण व्यवस्थापनका चुनौतीहरू निम्नानुसार छन् ः

- सार्वजनिक ऋणसम्बन्धी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीतिको तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने ।
- सार्वजनिक ऋण व्यवस्थापन ऐनको कार्यान्वयनका लागि सार्वजनिक ऋण व्यवस्थापन नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने ।
- सार्वजनिक ऋणको लगानीका लागि उच्च प्रतिफल हुने प्राथमिकताका क्षेत्रको पहिचान गरी ती क्षेत्रमा मात्र ऋण परिचालन गर्नुपर्ने ।
- संघीय संरचनाअनुसार प्रदेश र स्थानीय तहले आन्तरिक ऋण परिचालन गनुपर्ने ।
- आन्तरिक ऋण परिचालनका उपकरणको जनचेतना बढाउनुपर्ने जस्तैः वैदेशिक रोजगार बचतपत्र ।
- सार्वजनिक ऋण लगानीको सीमा तोक्ने र यसको दिगोपनाको अध्ययन र प्रक्षेपण गर्नुपर्ने ।
- सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको क्षमता विकास गर्नुपर्ने ।
- ऋण परिचालन र उपयोग क्षमता बढाउनुपर्ने ।
- वैदेशिक ऋणसम्बन्धी वार्ता र सम्झौता गर्दा खर्च गर्न सक्ने क्षमतालाई मध्यनजर राखी सम्झौता र तत्सम्बन्धी सर्त निर्धारण गर्नुपर्ने ।
- प्रतिबद्धताप्राप्त द्विपक्षीय/बहुपक्षीय ऋण प्राप्ति र सोधभर्ना समयमै लिनुपर्ने ।
- आन्तरिक तथा बाह्य ऋणको एकीकृत उपलब्धि विश्लेषण गर्नुपर्ने गरी ऋण परिचालनमा सुधार गर्नुपर्ने ।
- नेपाल सरकार र प्रदेश सरकारले लिने ऋण सफ्टवेयर क्रियाकलापमा भन्दा जलविद्युत, सडक, पुल, रेलमार्ग, सिँचाइ, हवाई मैदान, सुख्खा बन्दरगाह जस्ता पुँजीगत खर्च हुने क्षेत्रमा उपयोग गर्नुपर्ने ।
- स्थानीय सरकारले लिने ऋण सहरी तथा ग्रामीण पूर्वाधार विकास, कृषि र पर्यटन जस्ता उच्च आर्थिक वृद्धिमा सघाउ पुऱ्याउने र रोजगारी सिर्जना गर्ने क्षेत्रमा उपयोग गर्नुपर्ने ।
- सार्वजनिक ऋणलाई उत्पादन तथा पूर्वाधार निर्माणको क्षेत्रमा परिचालन गरी दिगो र उच्च प्रतिफलमुखी बनाउनुपर्ने ।
- सार्वजनिक ऋणको प्रभावकारी रूपमा जोखिम व्यवस्थापन गर्नुपर्ने (आन्तरिकमा ब्याजदर र बाह्यमा विदेशी विनिमय दर) ।
- निजी क्षेत्रको लगानी निरुत्साहित नहुने गरी आन्तरिक ऋण परिचालन गर्नुपर्ने ।
- आन्तरिक पुँजी परिचालन क्षमता बढाई विदेशी ऋणको भार कम गर्नुपर्ने ।
- आन्तरिक ऋण परिचालनका अल्पकालीन तथा दीर्घकालीन उपकरणप्रति लगानीकर्ताको आकर्षण बढाउनुपर्ने ।
- नेपाल अतिकम विकसित मुलुकबाट विकासशील राष्ट्रको स्तरोन्नति हुन लागेकोले गैरसहुलियतपूर्ण र बजारमा आधारित ऋणको सम्भाव्यताको खोजी गर्नुपर्ने ।

## १०. निष्कर्ष

अर्थतन्त्रलाई चलायमान बनाउन र बजेट घाटा पूर्ति गर्नको लागि सार्वजनिक ऋणको परिचालन गर्ने गरिन्छ। सार्वजनिक ऋणले अर्थतन्त्रको उत्पादन क्षमता बढाई आपूर्ति बढाउन र समष्टिगत माग बढाई आन्तरिक उत्पादनलाई प्रोत्साहित गर्दछ।

सार्वजनिक ऋणको उत्पादनमूलक क्षेत्रमा परिचालन गरेर पूर्वाधारको विकास र विस्तार गर्दै विकासशील राष्ट्रमा स्तरोन्नति गर्न र सन् २०३० भित्र मध्यम आय भएका मुलुकको स्तरमा पुग्न सार्वजनिक ऋणको प्रभावकारी व्यवस्थापन गर्नुपर्छ।

सार्वजनिक ऋणको विवेकशील ढङ्गले परिचालन नगरी उत्पादन र उत्पादन क्षमता बढ्न नसकेमा ऋणको पासोमा पर्न सक्ने भएकोले सार्वजनिक ऋण विवेकपूर्ण ढङ्गले मात्र लिनुपर्ने र व्यवस्थापनमा सुशासन, दक्षता एवम् प्रभावकारिता सुदृढ गर्दै सार्वजनिक ऋण व्यवस्थापनमा देखिएका समस्यालाई समयमै समाधान गर्न सम्बद्ध पक्ष क्रियाशील हुनुपर्ने देखिन्छ।

## सन्दर्भ सामग्री


नेपालको संविधान, २०७२, कानुन किताव व्यवस्था समिति, काठमाडौं।

आ.व. २०७९/८० को बजेट वक्तव्य, २०७९, अर्थ मन्त्रालय, काठमाडौं।

पन्ध्रौं योजना (२०७६/७७–२०८०/८१), राष्ट्रिय योजना आयोग, काठमाडौं।

अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६, अर्थ मन्त्रालय, काठमाडौं।

आर्थिक सर्वेक्षण आ.व.२०७८/७९, अर्थ मन्त्रालय, काठमाडौं।

सार्वजनिक ऋण व्यवस्थापन ऐन, २०७९, कानुन किताव व्यवस्था समिति, काठमाडौं।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको तेस्रो वार्षिक प्रतिवेदन २०७८, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, काठमाडौं।

डा. प्रकाश कुमार श्रेष्ठ, सार्वजनिक ऋण चिन्ता होइन, दुरुपयोग चिन्ता हो, नेपाल प्रेस डटकम, २०७८ असार ३

रमेश अर्याल (२०७४), नेपालमा सार्वजनिक ऋणको परिचालन, नेगो अर्थ सन्देश, नेपाल निजामती कर्मचारी सङ्गठन, अर्थ मन्त्रालय विभागीय समिति, काठमाडौं।

https://www.imf.org/external/datamapper/CG_DEBT_GDP@GDD/CHN/FRA/DEU/ITA/JPN/GBR/USA?year=202

# अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध : उद्देश्य, चुनौती र सम्भावना

■ रामबाबु नेपाल*

## विषय प्रवेश

मुलुकको अर्थतन्त्रले सबै क्षेत्रमा गम्भीर प्रभाव पारेको हुन्छ। त्यसैले अर्थतन्त्रको अवस्था र यसको व्यवस्थापनका लागि अपनाइएको पद्धति र यसको कार्यान्वयन सक्षमताप्रति आम चासो देखिनु स्वाभाविक छ। राष्ट्रिय परिप्रेक्ष्यमा विचार गर्दा एक कमजोर अर्थतन्त्र भएको मुलुकले स्रोतको अपर्याप्तता र व्यवस्थापकीय क्षमताको अभावले गर्दा नागरिकका आवश्यकता र अपेक्षा पूरा गर्न नसकेमा निराशा देखिन्छ। अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा एक विकसित र सबल अर्थतन्त्र भएका तथा कमजोर अर्थतन्त्र भएका मुलुकका नागरिकलाई गरिने व्यवहार र हेर्ने दृष्टिकोणले अर्थतन्त्रको अवस्थाले पार्ने प्रभाव देखाउँछ। विकासमा लगानी गर्ने क्षमताको अभावले जनताको जीवनस्तरमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ। आर्थिक गतिविधि (उत्पादन, वितरण, विनिमय र उपभोग) लाई अगाडि बढाउन, सार्वजनिक सेवा निरन्तर प्रवाह गर्न, जनकल्याणका कार्यहरू सञ्चालन गर्न, प्रगतिका लागि आर्थिक सामाजिक पूर्वाधारको निर्माण, सञ्चालन र सम्भार गर्न, शान्ति सुव्यवस्था कायम गर्न र मुलुकको अन्तर्राष्ट्रिय छवि उठाउन अर्थतन्त्र सबल र सुदृढ हुनु जरुरी छ। अर्थतन्त्रको महत्व दर्शाउँदै बेलायतका पूर्व प्रधानमन्त्री डेभिड क्यामरन भन्छन्, 'अर्थतन्त्र सबै कुराको प्रारम्भ र अन्त्य हो। सुदृढ अर्थतन्त्रको अभावमा तिमीले शिक्षामा सुधारलाई सफल बनाउन र त्यस्तै अरू कुनै पनि सुधार गर्न सक्दैनौं।' सरकारको कार्यक्षमताको मूल्याङ्कनका प्रमुख आधारमा आर्थिक कार्यसम्पादन र त्यसले जनजीवनमा र अर्थतन्त्रको सुदृढीकरणमा गरेको योगदान र प्रभावलाई लिइन्छ। त्यस्तै राज्य असफल हुनुको प्रमुख कारण अर्थतन्त्रको कमजोर व्यवस्थापन र यसको कारण सिर्जित आर्थिक अस्थिरता रहने गरेको छ।

हामी सबै आफ्नो देश आर्थिक दृष्टिबाट सबल, सक्षम र आत्मनिर्भर होस् भन्ने चाहन्छौं। यो सदिच्छालाई साकार रूप दिन अर्थतन्त्र व्यवस्थापनाका अन्तर्सम्बन्धित कार्यलाई विवेकपूर्ण ढङ्गबाट सञ्चालन गर्नुपर्ने हुन्छ। देशको अर्थतन्त्रले सबै वर्गको अवस्था र यसको व्यवस्थापन गर्ने सीपले प्रत्यक्ष प्रभाव पार्ने र उनीहरूको सरोकार रहने हुँदा यो कार्य चुनौतीपूर्ण छ। स्रोत साधनका लागि प्रतिस्पर्धात्मक माग हुने र कतिपय अवस्थामा यसले गर्दा सरकार टिक्ने/नटिक्ने जस्तो जटिल अवस्था आइपर्ने हुँदा यो कार्य राजनीतिक विषयसमेत बन्न जान्छ।

आजको माग अन्तर्निर्भरता (Interdependence) द्वारा आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नु हो। अन्तर्निर्भरताको उच्चतम उपयोग गरेर मात्र आत्मनिर्भरता हासिल गर्न सकिन्छ भन्ने तथ्यलाई बिर्सनु हुँदैन। कच्चा पदार्थ, विशिष्ट सीपयुक्त जनशक्तिको उपलब्धता, तुलनात्मक उत्पादन लागत र त्यसको आधारमा आर्जन गर्न सकिने सम्भावनालाई विचार गर्दा सबै किसिमका वस्तु एउटै मुलुकमा उत्पादन गर्नु लाभप्रद नहुन सक्छ। यस्तो स्थितिमा अरू देशमा बनेका वस्तुको उपयोग गरेर आफ्नो आवश्यकता पूरा गर्न सकिन्छ। तर यस्तो निर्भरताले राष्ट्रिय अस्मिता र स्वतन्त्रतामा प्रतिकूल प्रभाव पर्न नदिनु नीति निर्माता, योजनाकार र सरकारको जिम्मेवारी हुन्छ।

अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध एक बहुआयामिक, संवेदनशील, गतिशील र चुनौतीपूर्ण विषय हो। यसको व्यवस्थापन बुद्धिमत्तापूर्वक गर्नुपर्ने हुन्छ। यस लेखको मुख्य उद्देश्य अन्तर्राष्ट्रिय आर्थिक सम्बन्धको सैद्धान्तिक र व्यावहारिक पक्षका साथै यसको प्रमुख चुनौती, वर्तमान स्थिति र सुधार गर्नुपर्ने विषयमा सङ्क्षेपमा चर्चा गर्नु हो।

## औचित्य र उद्देश्य

अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध राष्ट्रिय अर्थतन्त्र व्यवस्थापनको एक महत्वपूर्ण र संवेदनशील पक्ष हो। यो मुख्यतः मित्र राष्ट्रहरू, द्विपक्षीय र बहुपक्षीय संस्थासँगको

* पूर्व नायब महालेखा परीक्षक

सम्बन्धलाई राष्ट्रको बृहत् आर्थिक हितअनुकूल बनाउने, राष्ट्रिय गरिमा र स्वाभिमानमा आँच आउन नदिई र सदृढ तथा सबल अर्थतन्त्रको निर्माण गर्ने कुरासँग सम्बन्धित छ । सूचना प्रविधिको क्षेत्रमा भएका अभूतपूर्व विकासले विश्वलाई पहुँचको दृष्टिबाट विश्व सानो भएको छ । तर अन्तर्राष्ट्रिय सम्बन्धको दायरा फराकिलो बनेको छ। जनतामा अपेक्षा बढेकोले अल्पविकसित र विकासशील राष्ट्रलाई विकासको गति तीव्र बनाउने दबाब छ। यसको लागि राष्ट्रिय क्षमता बढाउनु र अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध विस्तार गरेर आर्थिक गतिविधिको लागि स्रोत जुटाउन जरुरी छ। विकास निर्माण प्रयासलाई अगाडि बढाउन आन्तरिक स्रोत साधन मात्र पर्याप्त नहुने भएकाले मित्र राष्ट्र, विकास साझेदार तथा नेपाल सदस्य रहेका बहुपक्षीय वित्तीय संस्थाहरूसँगको सम्बन्धको व्यवस्थापनलाई राष्ट्रिय स्वाभिमान र जनताको हितमा प्रतिकूल असर नपार्ने गरी विस्तार गर्नुपर्ने हुन्छ।

नेपालको संविधानमा उल्लेख भएका निम्न ब्यहोरा अन्तर्राष्ट्रिय सम्बन्ध कसरी अगाडि बढाउने भन्ने सम्बन्धमा निम्न ब्यहोरा उल्लेखनीय छन् : नेपालको संविधान, २०७२ धारा ५०(४) राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वमा भनिएको छ :

'नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै सार्वभौमिक समानताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्नेतर्फ राज्यको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित हुनेछ।'

नेपालको संविधान, २०७२ को धारा ५१(ङ) अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी नीतिमा भनिएको छ।

- नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्न क्रियाशील रहँदै संयुक्त राष्ट्र संघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्वशान्तिको मान्यताका आधारमा राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखी स्वतन्त्र परराष्ट्र नीति सञ्चालन गर्ने,
- विगतमा भएका सन्धिहरूको पुनरावलोकन गर्दै समानता र पारस्परिक हितको आधारमा सन्धि सम्झौताहरू गर्ने।

त्यस्तै धारा ५१(घ) अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीतिको (११) मा भनिएको छ, 'वैदेशिक सहायता लिँदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउने र वैदेशिक सहायताबाट प्राप्त रकम राष्ट्रिय बजेटमा समाहित गर्ने'

नेपालले विकास सहायतालाई उद्देश्यमूलक बनाउन सन् २०१९ (२०७६) मा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति जारी गरेको छ। यस्तो नीतिको उद्देश्य 'समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्न अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्ने' भनिएको छ। त्यस्तै यसको लक्ष्य निम्नानुसार हुने उल्लेख छ।

- मुलुकलाई आगामी तीन वर्षभित्र अति कम विकसित राष्ट्रको सूचीबाट स्तरोन्नति गर्न आवश्यक स्रोत परिचालन गर्ने,
- अन्तर्राष्ट्रिय विकास सहायतासमेत उपयोग गरी सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै नेपाललाई मध्यम आय भएको राष्ट्रको रूपमा स्तरोन्नति गर्ने,
- राष्ट्रिय विकास नीति अनुरूपका आवश्यकता र प्राथमिकताका क्षेत्रमा बाह्य स्रोत परिचालन गर्ने,
- अन्तर्राष्ट्रिय विकास सहायताको पारदर्शी र नतिजामूखी उपयोगमार्फत राष्ट्रिय क्षमता वृद्धि गर्दै सहायताप्रतिको निर्भरता क्रमशः घटाउँदै लैजाने।

अन्तराष्ट्रिय आर्थिक सम्बन्धका आयामहरूमा अन्तर्राष्ट्रिय व्यापार, वित्त, मुद्रा र अर्थ राजनीति पर्छन्। आफ्नो मुलुकको उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा पुऱ्याई त्यसबाट लाभान्वित हुन एकातिर उत्पादनलाई मुल्य र गुणस्तरको दृष्टिबाट प्रतिस्पर्धी बनाउनु र प्रवर्द्धनात्मक कार्यक्रमको माध्यमबाट त्यसबारे सचेतता बढाउनुपर्ने हुन्छ। अन्तर्राष्ट्रिय वित्त मुख्य रूपमा पुँजीबजारको माध्यमबाट पुँजीको आदानप्रदान लगानी गर्ने र त्यसले विदेशी विनिमयमा पार्ने प्रभावलाई राष्ट्रिय हितअनुकूल बनाउनुसँग सम्बन्धित हुन्छ। अन्तर्राष्ट्रिय मुद्रा मुख्य रूपमा देशमा हुने मुद्राको ओसार-

पसारलाई व्यवस्थित गरी त्यसको प्रतिकूल प्रभावलाई न्यून गराउने कुरासँग सम्बन्धित हुन्छ । अन्तर्राष्ट्रिय अर्थ राजनीति मुख्य रूपमा राजनीतिलाई आफ्नो देशको आर्थिक हितको लागि उपयोग गर्ने रणनीतिको रूपमा लिइन्छ । समग्रमा यस्तो सम्बन्धका मुख्य उद्देश्य निम्नलिखित छन् ।

**१. विकासका लागि स्रोत जुटाउनु**

अल्पविकसित तथा विकासोन्मुख मुलुकको लागि अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध कायम गर्नुको प्रमुख उद्देश्य हो । यी मुलुकले आर्थिक सामाजिक विकासलाई अपेक्षित गति दिन आवश्यक पुँजी आन्तरिक स्रोतबाट मात्र जुट्न नसक्ने भएकाले बहुपक्षीय र द्विपक्षीय दातृ संस्थाहरूसँग निर्भर रहनुपर्ने हुन्छ । विकासका लागि पुँजीको खाँचो टार्न विश्वव्यापी कार्यक्षेत्र भएको विश्व वैंक र क्षेत्रीय स्तरको कार्यक्षेत्र भएको एसियाली विकास बैंकजस्ता बहुपक्षीय वित्तीय संस्थाको स्थापना गरिएको छ । युरोपियन युनियनजस्ता क्षेत्रीय सङ्गठनले पनि बहुराष्ट्रिय संस्थाको रूपमा विकास सहयोग प्रदान गर्छन् ।

त्यस्तै विकसित तथा औद्योगिक राष्ट्रहरूले विशेष संस्थाहरू स्थापना गरी तिनका माध्ययमबाट सहयोग गर्दै आइरहेका छन् । यी संस्थाहरूले आफ्नो उद्देश्य र रणनीतिअनुसार सहयोग गर्दछन् । सहायता दिनका लागि यी बहुपक्षीय र द्विपक्षीय संस्थाहरूले निर्धारण गर्ने सर्त, उनीहरूको प्राथमिकता र विकाससम्बन्धी दृष्टिकोण सहायता लिने मुलुकका लागि उपयुक्त हुन्छ वा हुँदैन र उपयुक्त नभएको अवस्थामा केही गर्न सकिन्छ सकिँदैन छलफलको विषय हुनसक्छ ।

**२. प्राविधिक सीप र क्षमता बढाउनु**

विकास र प्रगतिका आधारलाई दिगो राख्न र परनिर्भरतालाई क्रमिक रूपमा घटाउँदै लैजान देशमा आधुनिक प्रविधिको विकास र उपयोग गर्ने क्षमता हुनुपर्छ । तर अल्पविकसित राष्ट्रले अनुसन्धान र विकासमा ठूलो धनराशि लगानी गर्न नसक्ने यथार्थलाई विचार गरी विकसित राष्ट्रले प्रवर्द्धन गरेका प्रविधिको उपयोग गर्न प्रविधि हस्तान्तरणलाई सहज बनाउने नीति तथा ऐन कानुनको तर्जुमा गर्नुपर्ने हुन्छ । त्यस अतिरिक्त देशभित्रै प्राविधिक क्षमता विकास गर्न बाह्य सहयोग जुटाउन ध्यान दिनुपर्ने हुन्छ ।

**३. वैदेशिक व्यापार विस्तार र विविधीकरण गर्नु**

राष्ट्रिय अर्थतन्त्रलाई सबल बनाउन उत्पादन, विनिमय र वितरणजस्ता आर्थिक क्रियाकलापबीच सन्तुलन कायम गर्नुपर्ने हुन्छ । आर्थिक विकासको पहिलो सर्त उत्पादनमा सुधार हो । उत्पादित वस्तु व्यापारको माध्यमबाट उपभोक्तामाझ पुऱ्याउन नसक्दासम्म त्यसले आर्थिक प्रतिफल दिन सक्दैन । उत्पादन बढाएर एकातिर आयात प्रतिस्थापन गरी देशको पुँजी बाहिरिनबाट रोक्न सकिन्छ भने अर्कोतिर निर्यात गरेर विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । विदेशी मुद्राको अभावमा आफ्नो लागि आवश्यक पर्ने वस्तु जुटाउन नसकिने भएकाले वैदेशिक व्यापार बढाउन ध्यान दिनुपर्ने हुन्छ । व्यापार साझेदारको खोजी गर्नु, उनीहरूको आवश्यकता पहिल्याउनु, सुरक्षित बजार प्रदान गर्नु र व्यापारको विविधीकरण गरेर कुनै एक दुई देशमाथिको निर्भरता घटाउने कोसिस गर्नु आर्थिक सम्बन्ध व्यवस्थापनको महत्वपूर्ण पक्ष हो ।

**४. अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो उपस्थितिलाई मजबूत बनाउनु**

विकासोन्मुख र अल्पविकसित राष्ट्रलाई बहुपक्षीय संस्थाहरूमा सदस्य राष्ट्रको हैसियतमा बहुपक्षीय संस्थाको नीति निर्देशक निकायहरूमा रहेर, संस्थाले गठन गर्ने समिति, उपसमिति वा कार्यदलमा रहेर आफ्नो विज्ञता दर्शाउने र आफ्नो उपस्थितिलाई अर्थपूर्ण बनाउने अवसर प्राप्त हुन्छ । यस्तो अवसरलाई यी देशका प्रतिनिधिहरूले सुविधा पाएको मात्र नठानेर दायित्वबोध गरी देशको इज्जत उचो राख्नेतर्फ प्रतिबद्ध हुन सके मात्र प्रतिनिधित्व अर्थपूर्ण बन्न सक्छ ।

**५. आर्थिक एकीकरण गर्नु**

यो निश्चित भौगोलिक क्षेत्रमा रहेका दुई वा सोभन्दा बढी राष्ट्रले आर्थिक लक्ष्य हासिल गर्न व्यापारमा रहेको व्यबधान हटाउने, वस्तु, पुँजी र प्रविधिको आवागमनलाई सहज बनाउने प्रक्रिया हो । यसको मुख्य उद्देश्य निश्चित सम्झौताका आधारमा व्यापारलाई सहज र कम खर्चिलो बनाई तुलनात्मक उत्पादन लागत लाभ आर्जन गर्नु हो । विभिन्न भौगोलिक क्षेत्रका मुलुकले क्षेत्रीय र उपक्षेत्रीयस्तरका सङ्गठनको स्थापना गरी पारस्परिक हित प्रवर्द्धन गरेका छन् । अहिले विश्वमा आर्थिक एकीकरणका लागि निम्न चार किसिमका अभ्यास भएको

पाइन्छ ।

- **स्वतन्त्र व्यापार क्षेत्र (Free Trade Area)** : यो न्यूनतम प्रतिबन्ध भएको सरल प्रकृतिको एकीकरण हो । यसमा सदस्य राष्ट्रले आफ्नो बजारमा सदस्य राष्ट्रहरूबाट प्रवेश गर्ने वस्तुमा कुनै महसुल लगाइँदैन । तर गैरसदस्य मुलुकबाट आयात हुने वस्तुमा सदस्य राष्ट्रहरूले आफ्नो निर्णयअनुसार महसुल लगाउन सक्छन् ।
- **भन्सार सङ्गठन (Custom Union)** : यो खुला बजार क्षेत्रजस्तै भए पनि गैरसदस्य हो । त्यस अतिरिक्त यसमा सदस्य राष्ट्रहरूले गैरसदस्यसँग हुने व्यापारको सम्बन्धमा साझा वाणिज्य नीति अपनाउँछन् । यसरी एकै किसिमको महसुल लगाउँछन् ।
- **साझा बजार (Common Market)** : यसमा उत्पादनका साधनहरू श्रम, पुँजी र प्रविधि सदस्य राष्ट्रहरू विनामहसुल आवागमन हुने गर्दछ । साथै आप्रवास र लगानी पनि हटाइएको हुन्छ । यो भन्सार संघ जस्तै भए पनि उत्पादनका साधनहरू श्रम, पुँजी र प्रविधिको परिचालनलाई सहज बनाउनुका साथै आप्रवास र अन्तरदेशीय लगानीलाई खुला गर्नु यसका थप विशेषता हुन् ।
- **आर्थिक संघ (Economic Union)** : यसलाई आर्थिक एकीकरणको पूर्ण स्वरूप मानिन्छ । यसमा वस्तुको स्वतन्त्र आवागमन, सेवा तथा उत्पादनका साधनको, मौद्रिक तथा वित्तीय नीतिसमेत एकीकरण गरिन्छ । आर्थिक संघमा सदस्य राष्ट्रले मौद्रिक नीति, कर प्रणाली र सरकारी खर्चमा समानताजस्ता कुराहरूमा सामन्जस्यता कायम गरिन्छ । यिनीहरूले एउटै मुद्रा प्रचलनमा ल्याई स्थिर विनिमय दर लागू गरेर आर्थिक स्थितिलाई सुदृढ गराउन सक्छन् ।

## आर्थिक कुटनीति

आर्थिक कुटनीतिको अवधारणा अहिले क्रमिक रूपमा विस्तार हुँदैछ । यसको मुख्य उद्देश्य कुटनीतिको माध्यमबाट निकासी, पैठारी, लगानी, आर्थिक लेनदेन तथा व्यापारिक सम्झौतालाई राज्यको हितअनुकूल बनाउन पहल गर्नु हो । 'परम्परागत कुटनीतिको उद्देश्य शान्ति स्थापना मानिन्थ्यो भने अहिलेको उद्देश्य समृद्धि भएको छ र कुटनीतिमा आर्थिक विषयले महत्त्व पाउँदै जान थालेको छ'[१] । त्यसैले कुटनीतिक सीप र सम्बन्धलाई मुलुकको आर्थिक हितको लागि उच्चतम उपयोग गर्नु हो । यो आर्थिक सरोकारका विषयमा बाह्य पक्षसँग राष्ट्रको हितमा पैरवी गर्नु हो । आर्थिक कुटनीतिले आफ्नो राष्ट्रको आर्थिक आवश्यकताको विश्लेशण गरी अन्य राष्ट्रसँग प्रस्तुत हुने सीप हो । यसको कार्य क्षेत्रमा मुख्य रूपमा दुई विषय पर्दछन् ।

- राष्ट्रिय हित र बाह्य हितबीच सामञ्जस्य कायम गर्नु र
- राज्य र गैरराज्य संयन्त्रको भूमिकाअनुसार सम्बन्ध बढाउनु ।

नेपालको परराष्ट्र नीतिका उद्देश्यमध्ये 'आर्थिक कुटनीति सञ्चालनद्वारा मुलुकको आर्थिक सामाजिक रूपान्तरणमा सहयोग गर्नु' भन्ने उल्लेख भएको छ । आर्थिक कुटनीतिको प्रभावकारी कार्यान्वयनबाट राष्ट्रिय आवश्यकताअनुरूप नेपालको आर्थिक सामाजिक विकासका लागि वैदेशिक लगानी परिचालन गर्नेलाई परराष्ट्र नीतिको चुनौतीको रूपमा औँल्याइएको छ । त्यस्तै अवसरमा आर्थिक कुटनीतिको लागि नीतिगत र संरचनात्मक आधार तयार भई पूर्वाधारको विकास, निर्यात व्यापार, वैदेशिक लगानी, प्रविधि हस्तान्तरण, पर्यटन र वैदेशिक रोजगारीजस्ता प्राथमिकताका क्षेत्रमा कुटनीतिक संयन्त्रलाई थप सक्रिय बनाउने वातावरण सिर्जना हुनुलाई अवसरको रूपमा उल्लेख गरिएको छ ।

## प्रमुख मुद्दा र चुनौती

मुलुकको आर्थिक सामाजिक विकासको गतिलाई तीव्र बनाउन आन्तरिक स्रोत पर्याप्त नहुने र त्यसको लागि बहुपक्षीय र द्विपक्षीय दातृ निकायमा निर्भर रहनुपर्ने हाम्रो जस्तो मुलुकका लागि अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध व्यवस्थापन थप जटिल बन्न पुगेको छ । त्यसमध्ये द्विपक्षीय आर्थिक सम्बन्ध निकै पेचिलो र विवादास्पद हुनसक्ने कुरा केही समयपहिले एमसीसीसम्बन्धी सम्झौतालाई लिएर देशमा सिर्जना भएको स्थितिबाट प्रष्ट हुन्छ ।

[१] www.dfat.gov.au

आर्थिक सामाजिक प्रगति कुनै मुलुकको आन्तरिक चाहना वा रुचिको विषय मात्र रहेन । भूमण्डलीकरणको अवधारणा प्रबल हुँदै गएको र त्यसको प्रयोगलाई होसियारीपूर्वक अगाडि बढाउँदै लैजानुपर्ने दबाब सरकारमाथि छ । कुनै एक देशको गरिबी र त्यसको कारण सिर्जना हुने द्वन्द्वले अरू देशलाई असुरक्षित बनाउन सक्ने सम्भावनालाई विचार गरेर विकसित राष्ट्रहरू र अन्तर्राष्ट्रिय समुदाय सहयोगको माध्यमबाट आर्थिक सामाजिक विकासको दृष्टिबाट पछाडि परेका मुलुकको स्थितिमा सुधार गर्ने प्रयासमा छन् ।

आजका जनता पहिलेभन्दा धेरै सचेत र माग र प्रश्न गर्न सक्ने भएका छन् । यसले एकातिर सरकारलाई दक्ष, प्रभावकारी र जवाफदेही हुनुपर्ने दबाब दिइरहेको छ भने अर्कोतिर अनेक अवसरको सिर्जना गरिदिएको छ । अवसर र चुनौतीबीच सन्तुलन कायम गर्न सक्ने क्षमताले सरकारको उपस्थितिमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । अन्तर ाष्ट्रिय सम्बन्धलाई हामीले जति विवेकशील ढङ्गले अगाडि बढाउँछौँ त्यति नै मात्रामा हाम्रो राष्ट्रिय स्वाभिमान जोगिन र प्रगति फराकिलो हुन सक्छ । विदेशी सहायताले अर्थतन्त्र, राष्ट्रिय नीति र सामाजिक जीवनमा पार्ने असरको बारेमा हामीले गम्भीरतापूर्वक विवेचना गरेका छैनौं । जनमानसमा सरकारले भविष्यमा बहन गर्नुपर्ने आर्थिक भारको पूर्ण रूपमा विचार नगरी ऋण सहायता लिने गरेको, सहायताको राम्रो उपयोग हुन नसकेको, मितव्ययितातर्फ ध्यान नदिइएको अवस्था छ ।

विकासोन्मुख मुलुकमा आवश्यकताको तुलनामा तिनीहरूको पूर्ति गर्ने साधन सीमित हुने भएकाले बाह्य सहयोगमा निर्भर रहनुपर्ने हुन्छ । ऋण तथा अनुदानको रूपमा प्राप्त हुने बाह्य सहयोग आवश्यक भए पनि यसबाट पर्न सक्ने प्रभाव निम्न छन्ः

- दाता फेला परेको अवस्थामा वास्तविक आवश्यकता र उपयोग क्षमताको विचार नगरी सहयोग स्वीकार गर्नु,
- सहायता लिँदा के कस्ता सर्त स्वीकार गर्ने हो भन्ने विषयमा स्पष्ट नीति नहुनु,
- सहयोग रकम पूर्ण रूपमा सार्वजनिक नगरिनु,
- सहायता रकमको परिचालन दक्षतापूर्वक (समयमा, मितव्ययिता, उच्चतम प्रतिफल हासिल गर्ने किसिमबाट) नगरिनु,
- सहायता रकमको उपयोगबाट हासिल गरिएको उद्देश्य र त्यसबाट परेको प्रभावको मूल्याङ्कन गरी सार्वजनिक नगरिनु ।
- अन्तर्राष्ट्रिय मञ्चहरूमा राष्ट्रको प्रतिनिधित्व गर्न पाउने अधिकारीहरूले त्यसलाई राष्ट्रको गरिमा उठाउने दृष्टिबाट अवसरको उच्चतम उपयोग गर्न नसक्नु र यस्तो अवसरलाई सुविधाको रूपमा लिनु ।

## उपसंहार

सबै सरकारहरू अन्तर्राष्ट्रिय सम्बन्धलाई उद्देश्यमूलक, सुमधुर र सम्मानजनक बनाउनुपर्ने जिम्मेवारीमा छन् । ठूला, आर्थिक तथा सामरिक महत्वका दृष्टिबाट शक्तिशाली मुलुकहरूले साना तथा आर्थिक र सामरिक दृष्टिले कमजोर राष्ट्रहरूलाई अनुचित प्रभाव पार्नु र दबाब दिनुहुँदैन । यस्तो स्थिति सिर्जना भएमा अन्तर्राष्ट्रिय समुदायले प्रतिवाद र आलोचना गर्न सक्छन् । हाम्रो देशले सानो र भूपरिवेष्ठित हुनुको पीडा समयसमयमा भोग्नुपरेको अनुभव गरेका छौँ । आफ्नो मुलुकको गरिमा, मौलिक गुणहरू र भौगोलिक अखण्डतामा प्रतिकूल असर पर्न नदिनु र मित्र राष्ट्रका साथै बहुपक्षीय र द्विपक्षीय संस्थासँगको सम्बन्धलाई राष्ट्रको सर्वोत्तम हितमा उपयोग गर्नु सरकारको प्रमुख दायित्व हो ।

अन्तर्राष्ट्रिय सम्बन्धको व्यवस्थापन प्रभावकारी रूपमा गर्नु सरकारको प्रमुख जिम्मेवारी हो । यसमा संलग्न निकायबीच उचित समन्वय भई कुनै खास विषयमा राष्ट्रको दृष्टिकोण के हो भन्ने प्रष्ट गर्न नसकेमा सरकारप्रति बाह्य जगतको बुझाइ र विश्वसनीयतामा प्रश्न चिन्ह खडा हुन्छ । त्यसैले पर्याप्त गृहकार्य नगरी र सम्बन्धित निकायको जिम्मेवारीबारे प्रस्ट धारणा नबनाई अरू देशसँग वार्ता गर्नु हितकर हुँदैन । अन्तर्राष्ट्रिय आर्थिक सम्बन्धलाई राष्ट्रिय हितमा लगाउन आर्थिक कुटनीतिलाई प्रभावकारी रूपमा अगाडि बढाउनु जरुरी छ ।

अन्तर्राष्ट्रिय सम्बन्ध कायम गर्दा त्यसका मूल्य मान्यताको आदर गर्नु जरुरी छ । आन्तरिक व्यवस्थामा सुधार

गर्न नसकेमा त्यसको प्रभाव अन्तर्राष्ट्रिय सम्बन्धमा पनि पर्न जान्छ । हाम्रो देशमा बेलाबखतमा यस्तै देखिएको छ । यो कुरामा सुधार गर्नमा हामी चुकेका छौँ वा त्यसतर्फ ध्यानै दिएका छैनौँ । के र कुन कुरामा हाम्रो हित हुन्छ, नेपालको अन्तर्राष्ट्रिय प्रतिष्ठाको लागि हामीले के भन्नु र गर्नुपर्छ भन्ने विषयमा गम्भीर विमर्श गरी सहमति जुटाउने परिपाटी नबस्दा आलोचनाको क्रम चलिरहेछ । हामीले अन्तर्राष्ट्रिय सम्बन्ध केको लागि कायम गर्ने, कसरी गर्ने र यसमा संलग्न हुने निकाय र अधिकारीको  जिम्मेवारी र जवाफदेही के हुने सो स्पष्ट हुनु अति आवश्यक छ । आजको अन्तर्राष्ट्रिय परिस्थिति र राष्ट्रको वास्तविक आवश्यकता र कार्यसम्पादन क्षमतालाई विचार गरेर अन्तराष्ट्रिय आर्थिक सम्बन्धलाई परिचालन गरे मात्र राष्ट्र लाभान्वित हुन सक्छ ।

**सन्दर्भ सामग्री**


१. नेपालको संविधान, २०७२

२. विकास सहायता नीति, २०७१

३. परराष्ट्र नीति, २०७७

४. An Introduction to International Economic Relations, Edited by: Yuriy Kozak and Temur Shengelia, Tbilisi Publishing House, 2014

# वित्तीय स्रोतको असन्तुलन, तरलता व्यवस्थापन र नीतिगत व्यवस्था

■ डा. गुणराज भट्ट*

## १. विषय प्रवेश

विश्व अर्थतन्त्र सन् २००८ को वित्तीय सङ्कटपछिको सबैभन्दा अप्ठ्यारो परिस्थितिबाट गुज्रिरहेको छ । विश्वका अधिकांश मुलुकहरू उच्च मुद्रास्फीतिका कारण कसिलो मौद्रिक नीतिलाई निरन्तरता दिँदै जाँदा उत्कर्षमै पुग्न लागेका देखिन्छन् । यसैबीच १० मार्च, २०२३ मा अमेरिकी फेडेरल डिपोजिट इन्स्युरेन्स कर्पोरेसनले संयुक्त राज्य अमेरिकाको दसौं ठूलो सिलिकन भ्याली बैंकले तरलता व्यवस्थापन गर्न नसकेको भन्दै बैंक बन्द गरायो भने अन्य बैंकहरूमा पनि निक्षेप झिक्ने लाइन लागेपश्चात् केन्द्रीय बैंक तथा सरकारले हस्तक्षेप गरेको छ र निक्षेपकर्ताको पूरै रकम सुरक्षित रहेको सन्देश दिएको छ । यस्ता समस्या अरू अमेरिकी बैंक एवम् विश्वका अन्य मुलुकमा समेत नकार्न नसकिने अमेरिकी फेडेरल रिजर्भ बैंकले जनाएको छ। दक्षिण एसियाली मुलुकहरू श्रीलङ्का र पाकिस्तान घट्दो विनिमय सञ्चिति र बिग्रँदो आन्तरिक अर्थतन्त्रको व्यवस्थापन गर्न अन्तर्राष्ट्रिय मुद्रा कोषलगायतसँग आर्थिक र प्राविधिक सहयोग लिइरहेका छन् भने अन्य दक्षिण एसियाली मुलुकमा समेत यस्ता समस्या आउन सक्ने आँकलन गरिएको छ ।

नेपालमा पनि घट्दै गएको विदेशी विनिमय सञ्चिति, तरलता अभाव र बढ्दो ब्याजदर, ठप्प ऋण प्रवाह, सुस्ताएको बजार एवम् सहकारी संस्थामा देखिएको असफल तरलता व्यवस्थापन लगायतका विविध सवाल २०७८ सालदेखि नै बढ्दै गएकोमा प्रत्यक्ष र अप्रत्यक्ष आयात नियन्त्रण, विप्रेषणमा सुधारले विदेशी विनिमय सञ्चितिमा अल्पकालीन भए पनि सुधार देखिएको छ । यद्यपि, सन् २००८ को विश्व वित्तीय सङ्कटबाट त्यति प्रभावित नदेखिएको नेपालको अर्थतन्त्र खासगरी वित्तीय क्षेत्रमा हाल स्रोतको उपलब्धतामा अत्याधिक चाप पर्दै गएर बढ्दो ब्याजदर र नयाँ कर्जा नै नपाउने अवस्थामा अझै सुधार भएको छैन । एकखाले उद्योगी व्यवसायीहरू बैंक तथा वित्तीय संस्थाविरुद्ध आन्दोलन नै घोषणा गर्नेसम्मका क्रियाकलापमा उत्रेका देखिन्छन् । नेपाल राष्ट्र बैंकको नीतिगत प्रावधानमै कमजोरी औंल्याउने जमातसमेत ठूलै छ । यसै परिप्रेक्ष्यमा वित्तीय स्रोतमाथि पर्दै गएको विद्यमान चाप र केन्द्रीय बैंकको विद्यमान तरलता व्यवस्थापनमा अपनाइएको नीति तथा रणनीतिको सेरोफेरोलाई यस लेखमा प्रस्तुत गरिएको छ ।

## २. तरलता व्यवस्थापनमा नेपाल राष्ट्र बैंकले अपनाएको नीति

नेपाल राष्ट्र बैंकले तरलता व्यवस्थापनमा मुलतः चार वटा तरिका अपनाएको छः स्वविवेकी खुला बजार कारोबार, अल्पकालीन बजार ब्याजदरका आधारमा ब्याजदर करिडोर, दैनिक तरलता सुविधा र पुनरकर्जा । बैंकको आर्थिक अनुसन्धान विभागले तयार पारेको तरलता व्यवस्थापन र प्रक्षेपण संरचना प्रतिवेदन र दैनिक तरलता अनुगमन तथ्याङ्कका आधारमा सरकारी ऋणपत्रहरूको रिपो, सोझै खरिद, रिभर्स रिपो, सोझै बिक्रीजस्ता विधि अपनाएर मौद्रिक व्यवस्थापन विभागले खुला बजार कारोबार गर्ने गरेको छ । यसका साथै वाणिज्य बैंकहरूको भारित औसत अन्तरबैंक ब्याजदर नेपाल राष्ट्र बैंकको नीतिगत दर (हाल सात प्रतिशत) भन्दा निश्चित प्रतिशतले बढी (हाल दुई प्रतिशत) भएमा ब्याजदर करिडोरअन्तर्गतको रिपो र भारित औसत अन्तरबैंक ब्याजदर नीतिगत दरभन्दा निश्चित प्रतिशतले कम (हाल तीन प्रतिशत) भएमा ब्याजदर करिडोरअन्तर्गतको निक्षेप सङ्कलन सुविधा गर्ने नीति अख्तियार गरिएको छ । साथै, दैनिक भुक्तानीमा तरलता अभाव हुन नदिन २०७९ पुसबाट दैनिक तरलता सुविधा (Intraday Liquidity Facility, ILF) कार्यान्वयनमा ल्याइएको छ । ब्याजदर करिडोरको प्रयोगमा सुधार हुँदै गइरहेको र यसको कार्यान्वयनमा अनेक सवाल रहेकाले यसको थप चर्चा यस लेखमा गरिएको छ ।

* उपनिर्देशक, नेपाल राष्ट्र बैंक

विश्वका केन्द्रीय बैंकले कानुनी रूपमै सञ्चालन स्वयत्तता प्राप्त गरेपश्चात् मौद्रिक नीति तर्जुमा र यसको कार्यान्वनमा नवीनतम र नियममा आधारित प्रणालीहरू विकास भए । अलग मौद्रिक नीति तर्जुमा समिति बनाउने र अल्पकालीन ब्याजदरलाई केन्द्रीय बैंकले एक निश्चित करिडोरबाट हिँडाउने प्रचलन भने बैंक अफ क्यानडाले सन् १९९४ मा सुरु गरेको हो र यसलाई सन् २००१ मा पूर्ण स्वचालित ब्याजदर करिडोरको रूपमा लागू गरियो (Bindseil and Jabłecki, 2011) । तरलता व्यवस्थापनलाई नै मौद्रिक नीतिको प्रमुख चुनौती मान्दै निक्षेप तथा पुनः खरिद दुवैलाई स्वचालित तरलता सुविधा (Standing Liquidity Facility) को व्यवस्था गर्न थालियो । निश्चित ब्याजदर सूचकका आधारमा खुला बजार कारोबारलाई स्वचालित बनाई अल्पकालीन ब्याजदरमा हुने उतारचढाव कम गर्ने, तरलता व्यवस्थापनमा केन्द्रीय बैंकले बैंक तथा वित्तीय संस्थालाई आश्वस्त पार्ने तथा करिडोरका दरमा परिवर्तन गरी बजारलाई मौद्रिक अडान र अग्रगामी मार्गदर्शन (Forward Guidance) गर्ने गरी प्रमुख तीन उद्देश्य ब्याजदर करिडोर प्रणालीको रहेको छ । यसका साथै ब्याजदर करिडोरले कर्जाको ब्याजदर एवम् ब्याजदर अन्तर निर्धारणमा समेत भूमिका खेल्ने हुनाले यसलाई एक समष्टिगत विवेकशील नियमनको औजारका हरूमा समेत लिने गरिएको छ (Binici et.al. 2013) ।

नेपालमा आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीतिले "अल्पकालीन ब्याजदरमा आउने उतारचढावलाई न्यूनीकरण गर्दै ब्याजदर स्थायित्व कायम गर्ने र मौद्रिक व्यवस्थापनलाई आधुनिकीकरण गर्ने उद्देश्यले ब्याजदर करिडोरलाई क्रमशः लागू गर्ने" उल्लेख गरी ब्याजदर करिडोर प्रणालीको सुरुआत गरिएको थियो । तत्पश्चात् प्रत्येक वर्षजसो सुधार गरिँदै लगिएको छ । हाल ब्याजदर करिडोरमा वाणिज्य बैंकहरूको भारित औसत अन्तरबैंक ब्याजदरलाई एक निश्चित करिडोरमा राख्न तल्लो बिन्दु (Floor) र माथिल्लो बिन्दु (Ceiling) तोकिएको छ र यसैअनुरूप ब्याजदर करिडोरको सञ्चालन गरिनुपर्ने प्रावधान छ (चार्ट-१) । नेपाल राष्ट्र बैंकले भारित औसत अन्तरबैंक ब्याजदरलाई रिपो दर, जसलाई नीतिगत दरसमेत भनिएको छ र निक्षेप सङ्कलन दरको बीचमा हिँडाउने प्रयास गर्दछ । यसका लागि अन्तरबैंक ब्याजदर बढेमा रिपोमार्फत तरलता प्रवाह र घटेमा निक्षेप सङ्कलनमार्फत तरलता प्रशोचन गर्ने गरिएको छ ।

## ३. कोभिड-१९ को बहानासँगै बिग्रेको प्रवृत्ति

पछिल्लो १० वर्षको तरलताको अवस्था हेर्दा २०७६ चैतसम्म तरलताको चक्रीय र परम्परागत उतारचढाव देखिए पनि कोभिड-१९ को आगमनसँगै प्रवृत्ति बिग्रेको देखिन्छ । २०७७ साल भर उच्च मात्रामा अधिक तरलताको अवस्था कायम रह्यो भने २०७८ सालयता तरलता लगातार दबाबमा रहँदै आएको छ । त्यसअघि भने आर्थिक वर्षको अन्त्यतिर

चार्ट १: नेपालको ब्याजदर करिडोर प्रवृत्ति



चार्ट २: वाणिज्य बैंकहरुको पछिल्लो १० वर्षको तरलता स्थिति




तरलता अधिक हुने र आर्थिक वर्षको मध्यतिर न्यून हुने खालको चक्रीय प्रवृत्ति देखिएको छ। २०७२ साउन, २०७४ साउन र २०७५ साउनमा अधिक तरलता रु.१०० अर्बको हाराहारी रह्यो भने अन्य महिनामा सामान्य उतारचढाव कायम रह्यो। २०७६ साउन र २०७६ चैतमा अधिक तरलता रु.९० अर्बको हाराहारी थियो । २०७६ चैतबाट नेपालमा कोभिड-१९ को लकडाउन सुरु भयो । यसैबीच २०७७ वैशाखमा रु.२८ अर्बमा झरेको अधिक तरलता लगातार बढेर २०७७ असोजमा हालसम्मकै उच्च बिन्दु अर्थात् रु.२०० अर्ब नाघ्यो (चार्ट २) । यो समय नेपालमा कोभिड-१९ को पहिलो लहरको असर उत्कर्षमा पुगेको र लकडाउनका कारण व्यापार व्यवसाय नभएका कारण नयाँ कर्जाको माग नहुनुलगायत नै अधिक तरलताको कारण थियो । २०७७ असोजसम्म एवम् कोभिड-१९ को पहिलो लहरसम्म निक्षेप तथा कर्जाको वृद्धिदर पनि औसतमै भएको देखिन्छ भने नेपाल राष्ट्र बैंकले दिएको सहुलियत, पुनरकर्जालगायतका सुविधा लागू गरिएको थिएन।

कोभिड-१९ को पहिलो लहर मत्थर भएसँगै नेपालको वित्तीय क्षेत्रको तीव्र दोहन र असन्तुलित व्यवहार २०७७ पुसदेखि २०७८ पुससम्मको एक वर्षमा भएको देखिन्छ। आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिमार्फत लागू गरिएको 'आर्थिक पुनरुत्थानलक्षित विशेष कार्यक्रम' मार्फत दिइएको विविध सहुलियत रकम दुरुपयोग भएको आँकलन गर्न सकिन्छ भने कोभिड-१९ को विश्वव्यापी असरको प्रभावसमेत पर्दै गएको हुनुपर्दछ। २०७८ को प्रारम्भदेखि नै कोभिड-१९ को दोस्रो लहरका कारण जनजीवन ठप्प मात्र नभई ठूलो जनधनको क्षतिसमेत भएको थियो। तर यसै अवधिमा कर्जाको वृद्धिदरले निक्षेपको वृद्धिदरलाई तीव्र गतिमा उछिन्यो । २०७७ पुसमा ६५.८ प्रतिशतले बढेको सेयर धितो (मार्जिन लेन्डिङ) कर्जा क्रमशः आक्रामक रूपमा बढेर २०७८ वैशाखमा ९९.२ प्रतिशत र २०७८ असारमा ११०.८ प्रतिशतले बढेको छ (चार्ट ३ र तालिका १) । २०७८ वैशाखदेखि निक्षेपभन्दा कर्जाको वृद्धिदर बढी हुन गएकोमा यो प्रवृत्ति झण्डै डेढ वर्ष रहेको थियो।

सेयर धितो कर्जासँगै नेप्से परिसूचकमा उछाल आउने प्रवृत्तिसँग सोझो सम्बन्ध रहेको पाइएको छ। कोभिड-१९ को प्रभाव उत्कर्षमा पुगी दैनिक दुई सयभन्दा बढीको मृत्यु भएको २०७८ जेठ मसान्तमा नेप्से परिसूचक ३०२५.८ र असार मसान्तमा २८८३.४ बिन्दुमा रहेको थियो । यो क्रम जारी रहेर २०७८ साउनमा नेप्से परिसूचक ३,१६०.१ बिन्दु रहेकोमा २०७८ भदौ २ गते हालसम्मकै उच्च बिन्दु (३,१९९) को रेकर्ड कायम गरेको थियो। यसै अवधिमा सेयर

चार्ट ३: उच्च तरलता उतारचढाव भएका महिनामा निक्षेप र क्षेत्रगत कर्जाको वृद्धिदर




धितो कर्जा ७० देखि ११५ प्रतिशतसम्म बढेकोले सेयर धितो राखेर अन्य गर्जो टार्नेभन्दा अरू सेयर किन्नैका लागि ऋण लिएको प्रष्ट छ । यति मात्र नभई १६-१७ प्रतिशतका दरले बढिरहेको चालु पुँजी कर्जासमेत २०७७ फागुनदेखि झण्डै एक वर्षसम्म २० प्रतिशतभन्दा बढीले वृद्धि भएको छ भने २०७८ असारमा २५.४ प्रतिशतले वृद्धि भएको छ (चार्ट ३ र तालिका १) । लकडाउनका कारण व्यापार व्यवसाय ठप्प भएका बेला चालु पुँजी कर्जाको वृद्धिदर अझै फराकिलो हुनुले बैंक तथा वित्तीय संस्थाको कर्जाको गुणस्तर एवम् सम्बन्धित व्यवसायीको कर्जा सदुपयोगमा गहिरै शङ्का गर्न सकिने ठाउँहरू छन् । रियल स्टेट कर्जासमेत यो अवधिमा औसतभन्दा बढीले वृद्धि भएको छ ।

बजारमा तरलता अभाव हुनुको प्रमुख कारण निक्षेप र कर्जामा हुने वृद्धिदरको तादात्म्य प्रमुख रहेको छ । २०७६ चैतबाट कोरोना भाइरसका कारण लकडाउन सुरु भएपश्चात् हेर्दा निक्षेप र कर्जाको वृद्धिदर २०७८ को सुरुदेखि बिग्रन पुगेको छ । उदाहरणको लागि २०७७ पुससम्म निक्षेप र कर्जाको वृद्धिमा सात प्रतिशतको धनात्मक अन्तर र कर्जा/निक्षेपको अनुपात ८६.७ प्रतिशत रहेको थियो । यो अनुपात बिग्रँदै गएर २०७८ वैशाखदेखि कर्जाको वृद्धिदरले निक्षेपलाई उछिन्दै गयो र यसै अवधिमा नेपाल राष्ट्र बैंकले समेत महिनाको रु.१०० अर्बभन्दा बढी नयाँ पुनरकर्जा दिँदै गयो । यसबाट दीर्घकालीन लगानीको स्रोतविना नै दीर्घकालीन लगानीका लागि बैंक तथा वित्तीय संस्थाहरू प्रेरित भई भुक्तानीको बेमेल (Maturity Mismatch) को अवस्था सृजना भएको देखिन्छ (तालिका १) ।

यसरी आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीतिको व्यवस्थाबमोजिम नेपाल राष्ट्र बैंकले पुनरकर्जा सुविधा दिन सुरु गरेपश्चात् कर्जाको औसत वृद्धिदर बढ्नु एवम् बैंक तथा वित्तीय संस्थाहरूले निक्षेप सङ्कलनलाई बेवास्ता गरी लगानीमा मात्र ध्यान दिएबाट २०७७ पुसमा ८७ प्रतिशत रहेको कर्जा-निक्षेप अनुपात (नियामकीय परिभाषाबाहेक कुल कर्जा र कुल निक्षेपको अनुपात मात्र) २०७८ पुससम्म आइपुग्दा ९६ प्रतिशत पुगेको देखिन्छ । २०७८ वैशाखदेखि २०७८ असोजसम्म नेपाल राष्ट्र बैंकले प्रत्येक महिना रु.१०० अर्बभन्दा बढी पुनरकर्जा प्रदान गरेको छ र यसै अवधिमा

**तालिका-१: उच्च तरलता उतारचढाव भएका महिनामा निक्षेप र क्षेत्रगत कर्जाको वृद्धिदर एवम् पुनरकर्जा**

| महिना | निक्षेपको वृद्धिदर | कर्जाको वृद्धिदर | कर्जा/निक्षेप अनुपात | चालु पुँजी कर्जा | रियल स्टेट कर्जा | शेयर धितो कर्जा | थप नयाँ पुनरकर्जा (रु. अर्बमा) |
|---|---|---|---|---|---|---|---|
| २०७६ चैत | १६.९ | १५.४ | ९२.४ | १३.६ | ८.६ | १२.९ | -४.७ |
| २०७७ जेठ | १८.१ | १३ | ८९.८ | १०.६ | ६.६ | १०.४ | -१०.६ |
| २०७७ असोज | २०.९ | १२.४ | ८४.७ | १७.६ | २० | ३१.१ | -१०.८ |
| २०७७ पुस | २२ | १५ | ८६.७ | १७.७ | ४.७ | ६५.८ | ५०.२ |
| २०७७ फागुन | २१ | १८.९ | ९०.३ | २१.१ | ९.२ | ७५.५ | ७०.५ |
| २०७८ वैशाख | २२.२ | २३.१ | ९२.१ | २३.५ | १४.७ | ९९.२ | १११.८ |
| २०७८ असार | २१.४ | २६.४ | ८८.७ | २५.४ | १२.३ | ११०.८ | ११५ |
| २०७८ असोज | १७.२ | ३०.८ | ९४.५ | २१.४ | २४.७ | ७४.९ | ११५.५ |
| २०७८ पुस | १५.५ | २७.४ | ९५.६ | २२.४ | २४.७ | ३१.७ | ८८ |
| २०७८ चैत | १२.२ | १७.९ | ९५.९ | २२.४ | ६.२ | २.९ | -६.२ |
| २०७९ असार | ९ | १३.२ | ९२.१ | १५.२ | २४.३ | -२४.३ | -१०.७ |
| २०७९ असोज | ८.२ | ६.७ | ९३.२ | ११.८ | १८.७ | २६.५ | -१३.८ |
| २०७९ पुस | ९.४ | ४.५ | ९१.३ | ८.० | ७.२ | २४.९ | -१४६.६ |

*निजी क्षेत्रतर्फ प्रवाहित कुल कर्जा र कुल निक्षेप परिचालनको अनुपात।

स्रोत : विभिन्न मितिका 'देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति', नेपाल राष्ट्र बैंक।

नेप्से परिसूचकले रेकर्ड कायम गर्ने, सेयर धितो कर्जा १०० प्रतिशतभन्दा बढीले वृद्धि हुने, कुल कर्जा ३१ प्रतिशतसम्मले बढ्ने तर निक्षेप १७ प्रतिशतले मात्र बढ्ने जस्ता विविध सवालहरू देखिएका छन् (चार्ट ३ र तालिका १)। यसरी हेर्दा २०७८ वैशाखदेखि २०७९ असारसम्म वित्तीय क्षेत्रमा विभिन्न छिद्र र गैरव्यावसायिक प्रवृत्ति हावी भएको अनुमान गर्न सकिन्छ (तालिका १ मा छायाँ पारिएको भाग)।

## ४. तरलतामा परेको दबाब र नेपाल राष्ट्र बैंकको खुला बजार कारोबार सञ्चालन

माथि भाग ३ मा प्रस्तुत गरिएको विश्लेषण तरलता व्यवस्थापनमा समेत देखिएको छ। आर्थिक वर्ष २०७७/७८ सम्म तरलता प्रशोचन र प्रवाह दुवै गतिविधि औसत देखिए तापनि विगत अढाई वर्षदेखि भने विभिन्न उपकरणमार्फ तरलता प्रवाह मात्र भएको छ (चार्ट-४)। आर्थिक वर्ष २०७८/७९ मा पुनरकर्जाबाहेक नै रु.९७ खर्ब २ अर्ब तरलता प्रवाह गरिएको छ, जसमा ९६ प्रतिशत अंश स्थायी तरलता सुविधा (Standing Liquidity Facility, SLF) को रहेको छ। अघिल्लो आर्थिक वर्षको छ महिनामा रु.३३ खर्ब ६७ अर्ब तरलता प्रवाह गरिएकोमा यस आर्थिक वर्ष २०७९/८० को छ महिनामा रु.३० खर्ब ९५ अर्ब तरलता प्रवाह भएको छ।

Crosignani et. al. (2020) को अध्ययनबाट केन्द्रीय बैंकले पुनरकर्जालगायतबाट उच्च मात्रामा तरलता प्रवाह गर्दा बैंक तथा वित्तीय संस्थाले उच्च प्रतिफल दिने अल्पकालीन धितोपत्रहरू किन्ने र उक्त धितोपत्रहरू प्रयोग गरेर केन्द्रीय बैंकबाट थप तरलता लिन उत्प्रेरित गर्ने सन् २०१२ देखि सन् २०१५ सम्ममा पोर्चुगिज बैंकहरूको अनुभवका आधारमा निष्कर्ष निकालेका छन्।

उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह ठप्प भएको बेलामा नेपाल राष्ट्र बैंकले पुनरकर्जा तथा स्थायी तरलता सुविधामार्फत तरलता दिइरहँदा बैंक तथा वित्तीय संस्थालाई बढी ब्याजदर प्राप्त हुने ऋणपत्र किन्न र उक्त ऋणपत्रमार्फत पुनः केन्द्रीय बैंकबाट तरलता सुविधा लिन सक्ने प्रवृत्ति नेपालको परिप्रेक्ष्यमा नकार्न सकिँदैन र अन्तरबैंक ब्याजदरभन्दा ट्रेजरी बिल्सको ब्याजदर बढी हुनु यसैको उपजसमेत हुन सक्छ।




## ५. विद्यमान ब्याजदर करिडोर र नीतिगत एवम् बजारदरबीच तादात्म्य

विगत पाँच वर्षको ब्याजदर करिडोर, नीतिगत दर र बजारका ब्याजदरको तुलना गर्दा ब्याजदर करिडोरले दीर्घकालीन ब्याजदरलाई निर्देश गर्न सक्ने तर ब्याजदर घटेको बेलाभन्दा बढेको बेला केन्द्रीय बैंक बढी सक्रिय भएको (Upward Bias) देखिएको छ। २०७५ असोजदेखि हालसम्म २०७६ जेठबाहेक भारित औसत अन्तरबैंक ब्याजदरले ब्याजदर करिडोरको माथिल्लो सीमा नाघेको देखिएन । तर तल्लो सीमा भने पटकपटक धेरै तलसम्म पुगेको छ। उदाहरणका लागि २०७५ मङ्सिरमा ३.५ प्रतिशत हुँदा अन्तरबैंक दर दुई प्रतिशतभन्दा तल झरेको थियो। तर २०७७ असारदेखि झण्डै आठ महिना अन्तरबैंक ब्याजदर निक्षेप सङ्कलन दरभन्दा धेरै तल रहन गयो र वित्तीय बजारमा अधिक तरलताको स्थिति रहिरह्यो (चार्ट २ र चार्ट ५)। नीतिगत दरहरू घटाउँदा बैंक तथा वित्तीय संस्थाको आधार दरसमेत घट्दै गएको र बढाउँदा बढ्दै गएको चार्ट-५ मा प्रष्ट देखिएको छ। तसर्थ, ब्याजदर करिडोरको प्रभावकारी कार्यान्वयनले बजार ब्याजदरलाई प्रभाव पार्न सक्ने देखिएको छ।

अन्तरबैंक ब्याजदर र ९१-दिने ट्रेजरी बिल्सदर नजिक रहने परम्परा विपरीत पछिल्लो समय उच्च भिन्नता हुँदै गएको छ। २०७८ चैतबाट ९१-दिने ट्रेजरी विल्सको भारित औसत ब्याजदर लगातार बढेर वाणिज्य बैंकहरूको आधारदरभन्दा माथि पुगेको छ र अझै पनि उच्च रहँदै आएको छ। नेपाल राष्ट्र बैंकको बैंकदर/स्थायी तरलता सुविधाको दरभन्दा ट्रेजरी बिल्सको ब्याजदर बढी भएकोले बैंक तथा वित्तीय संस्थाले स्थायी तरलता सुविधाको प्रयोग गरी ट्रेजरी बिल्समा लगानी गरेर केन्द्रीय बैंकबाट थप तरलता व्यवस्थापन गरेको हुन सक्नेतर्फ Crosignani et. al. (2020) को अध्ययन नतिजाका आधारमा समेत निष्कर्ष निकाल्न सकिन्छ।

## ६. तरलता व्यवस्थापनमा उठेका सवाल

नेपालको वित्तीय प्रणालीमा तरलताको समस्या बारम्बार देखिएका कारण यो सवाललाई विविध कोणबाट हेर्न सकिन्छ। केही महिनामै तरलता अधिक हुने र फेरि अभाव हुने देखिएबाट तरलता संरचनागत, चक्रीय वा नीतिगत के हो, सुरुकै समयमा पहिल्याई सोहीबमोजिमका वित्तीय औजारहरू प्रयोग गर्न नसकिएको महसुस हुन थालेको छ। यसै गरी, ब्याजदर करिडोरको सञ्चालन स्वचालित गर्ने वा बजार हस्तक्षेप/विवेकका आधारमा भन्ने सवालमा केन्द्रीय बैंक स्पष्ट हुनुपर्ने र सोहीअनुरूप बजार तथा मौद्रिक नीतिका प्रत्यक्ष सरोकारवालालाई निर्देश गर्नुपर्ने हुन्छ। यससँगै जोडिने अर्को महत्वपूर्ण विषय कस्ता ब्याजदर तथा कति हदसम्म

चार्ट ५: ब्याजदर करिडोर र बजार ब्याजदर




केन्द्रीय बैंकले हस्तक्षेप गर्ने भन्ने विषयमा पनि नीतिगत अन्योल रहेको र अल्पकालीन रणनीति अपनाएको जस्तो देखिएको छ। बजार अर्थतन्त्रमा बजारले तोक्ने ब्याजदरमा हुनुपर्ने निष्पक्षता र नेपालको बजार प्रतिस्पर्धाको स्थिति हेरी एक दीर्घकालीन रणनीति अख्तियार गरी बजारलाई डोऱ्याउन आवश्यक छ। साथै, ब्याजदर करिडोरको विद्यमान अन्तर र तल्लो/माथिल्लो सीमा, तरलता प्रवाह गर्ने प्रमुख औजार, बैंक तथा वित्तीय संस्थाको स्थायी तरलता सुविधा उपयोग र तरलता व्यवस्थापनबीचको अन्तरसम्बन्ध विश्लेषण, पुनरकर्जामार्फत तरलता प्रवाहका सीमा र यसका असरहरू आदि गहन अध्ययनका विषय हुन सक्छन्। गहन अध्ययन र अनुसन्धानमार्फत तरलता व्यवस्थापनको कुशल र प्रभावकारी उपायका आधारमा नीतिगत संशोधन गर्ने र परिवर्तनीय नीतिगत दरबाहेकका दरहरू सामान्यतया परिवर्तन नहुने गरी अनुमानयोग्य नीतिगत स्थायित्व स्थापित गर्दै लग्नु अर्को महत्वपूर्ण सवाल हो।

## ७. निष्कर्ष

नेपालको वित्तीय क्षेत्रमा संरचनागत, नीतिगत र संस्थागत समस्याहरू छन्, जुन क्रमशः सम्बोधन हुँदै जाने र कतिपय नेपाल राष्ट्र बैंकको नियामकीय अधिकारभन्दा बाहिरका छन्। पुँजी बजार र मुद्रा बजारको सन्तुलित विकास नहुँदा बैंक तथा वित्तीय संस्थाप्रति बचत तथा लगानी दुवैका हिसाबले दबाब परेको देखिन्छ। पुँजी बजारबाट लगानी हुनुपर्ने क्षेत्रमा समेत मौद्रिक बजारले थेग्दै आएको छ। नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, बीमा तथा सामाजिक सुरक्षा कोष जस्ता संस्थाले समेत बैंकमा निक्षेप राखेर ब्याज खानु र बैंक तथा वाणिज्य बैंकले जलविद्युत् कम्पनीमा लगानी हुनु यसको ज्वलन्त उदाहरण हो। लामो समयदेखि अल्पकालीन र चक्रीय प्रवृत्तिमा रहेको नेपालको वित्तीय प्रणालीको तरलता पछिल्लो समय दीर्घकालीन जस्तो देखिएको छ। विशेषतः कोभिड-१९ महामारीका बीच बैंक तथा वित्तीय संस्थाको लगानीको क्षमता, गुणस्तर, तथा व्यावसायिक मर्म एवम् नैतिकताभन्दा बाहिर गएर लगानी भएका र कोभिड-१९ ले निम्त्याएको लकडाउन तथा ठप्प व्यावसायिक गतिविधिलाई चलायमान बनाउन उदार रूपमा दिइएका सहुलियतले समेत वित्तीय बजारमा केही विचलन आएको देखिन्छ। नेपाल राष्ट्र बैंकको पनि बृहत् अध्ययन अनुसन्धान र दीर्घकालीन बजार नियमन गर्नेभन्दा बजारमा विकृत्ति आइसकेपछि नियमन गर्ने

रियाक्टिभ नीति र सेयर बजार, घरजग्गाजस्ता संवेदनशील क्षेत्रमा नीतिगत स्थिरता ल्याउन नसक्नाले स्वार्थ समूहहरू दबाबमार्फत नीतिगत फेरबदलका लागि आन्दोलनलगायतका अवाञ्छित क्रियाकलापमार्फत सक्रिय हुन थालेका देखिएका छन् । तरलता व्यवस्थापनसँगै जोडिएको ब्याजदर करिडोरको प्रभावकारी कार्यान्वयन वित्तीय क्षेत्रको विकाससँग समेत जोडिएकाले मौद्रिक नीतिको आधुनिकीकरणका लागि तरलताको प्रवृत्तिअनुसारका व्यवस्थापकीय उपकरण, नीतिगत स्थिरता र प्रभावकारी सञ्चारमार्फत अनुमानयोग्य नीति बनाउनेतर्फ हाम्रा मौद्रिक औजारमा सुधार गर्नु जरुरी छ ।

### सन्दर्भ सामग्री

Bindseil, U., & Jablecki, J. (2011). The optimal width of the central bank standing facilities corridor and banks' day-to-day liquidity management. *ECB Working Paper No. 1350*, European Central Bank.

Binici, M., Erol, Hakan, H., Pınar, K. and Ünalmıs, Ö. D (2013) . Interest Rate Corridor: A New Macro-prudential Tool?. *CBT Research Notes in Economics. 2013-20/July*, Central Bank of Turkey.

Crosignani, M., Faria-e-Castro, M., & Fonseca, L. (2020). The (unintended?) consequences of the largest liquidity injection ever. Journal of Monetary Economics, 112, 97-112.

●●●

# मूल्यवृद्धि तथ्याङ्कको वास्तविकता र उपभोक्ताको फरक अनुभूति

■ सिद्धराज भट्ट*

## १. विषय प्रवेश

अङ्ग्रेजीमा एउटा भनाइ छ 'There are lies, damn lies and then statistics.' अर्थात् 'दुनियाँमा झुट हुन्छन्, खराब झुट हुन्छन् तर तथ्याङ्क भनेको महाझुट हुन् ।' यो भनाइले विभिन्न निकायले प्रकाशन गर्ने अन्य तथ्याङ्कभन्दा पनि सरकारी निकायले प्रकाशन गर्ने मूल्यवृद्धिसम्बन्धी तथ्याङ्कमा बढी स्थान पाएको देखिन्छ । उपभोक्ताले अनुभूति गर्ने मूल्यवृद्धि सबैजसो ठाउँमा सरकारी निकायले प्रकाशन गर्ने आँकडाभन्दा बढी नै हुन्छ र सबै ठाँउमा आम उपभोक्ताले मूल्यवृद्धिको तथ्याङ्कलाई सरकार वा केन्द्रीय बैंकले घटाएर प्रकाशन गरेको महसुस गर्दछन् । यस्तो अनुभव नेपालजस्तो मुलुकमा मात्र नभएर अमेरिका, क्यानाडा, जापानलगायतका विकसित मुलुकमा समेत हुने गर्दछ । प्रख्यात अर्थशास्त्री तथा नीति निर्माताले समेत सरकारी निकायले आफू अनुकूल हुनेगरी मूल्यवृद्धिको तथ्याङ्क घटाएर प्रकाशन गर्ने गरेको आरोप लगाउने गरेका छन् । कतिपय ठाउँमा राजनीतिक लक्ष्यबाट प्रेरित भई मूल्यवृद्धिको तथ्याङ्क कम देखाउने गरेको आरोप पनि लाग्ने गरेको छ भने कति ठाउँमा सरकारी निकायले मूल्यवृद्धि नियन्त्रण कार्य प्रभावकारी भएको देखाउन र तलब, ज्याला, सामाजिक सुरक्षालगायतका खर्चमा धेरै वृद्धि हुनबाट रोक्नका लागि मूल्यवृद्धिको तथ्याङ्क तोडमोड गर्ने आरोप लाग्ने गरेको छ ।

नेपालमा समेत मूल्यवृद्धिको तथ्याङ्कका सन्दर्भमा बेलाबखतमा सर्वसाधारणबाट प्रश्न उठ्ने गरेको छ । यसरी सरकारी तथ्याङ्क र सर्वसाधारणको मूल्यवृद्धि भोगाइबीच फरक पर्नुका पछाडि केही अवधारणागत कारण तथा उपभोक्ताको मनोवृत्ति जिम्मेवार रहेका हुन्छन् भने केही कारणहरू नितान्त प्राविधिक पनि हुन्छन् । प्रस्तुत लेखमा मूल्यवृद्धिको प्रकाशित तथ्याङ्कभन्दा उपभोक्ताको मूल्यवृद्धि अनुभूति किन फरक हुन्छ भन्ने बारेमा चर्चा गर्ने प्रयास गरिएको छ ।

## २. मुद्रास्फीति

मुद्रास्फीति अर्थतन्त्रको वास्तविक क्षेत्रको अवस्था मापन गर्नका लागि उपयोग हुने एक महत्वपूर्ण परिसूचक हो । यसलाई अर्थतन्त्रको समग्र आर्थिक प्रगति मापनका लागि समेत उपयोग गर्ने गरिन्छ । मुद्रास्फीति भन्नाले वस्तु तथा सेवाको औसत मूल्यमा भएको लगातार तथा उल्लेख्य वृद्धिलाई बुझाउँछ । कुनै समयमा उपभोक्ताले प्रयोग गर्ने केही वस्तु तथा सेवाको मूल्य बढिरहेको भए तापनि अन्य वस्तु तथा सेवाको मूल्य घटिरहेका कारण औसतमा मूल्यवृद्धि थौरै हुन सक्छ । त्यसै गरी, कुनै अवस्थामा मूल्यवृद्धि छोटो समयका लागि मात्रै देखा पर्न सक्छ । यी दुवै अवस्थामा मूल्यवृद्धिलाई ठूलो चिन्ताको रूपमा लिइँदैन । तथापि यदि वस्तु तथा सेवाको औसत मूल्यमा उल्लेख्य तथा लगातारको वृद्धि छ भने मूल्यवृद्धि चिन्ताको विषय बन्छ किनकि यसरी वस्तु तथा सेवाको मूल्यमा लगातार वृद्धि हुँदा मुद्राको क्रयशक्ति घटेर जान्छ भने बचत, लगानी उत्पादन, रोजगारीजस्ता बृहत् आर्थिक चरहरूमा नकारात्मक असर पर्न जाने हुन्छ । तसर्थ नीति निर्माणकर्ताहरूले मूल्यवृद्धिलाई एउटा वाञ्छित सीमाभित्र राख्ने लक्ष्य राखेका हुन्छन् ।

## ३. नेपालमा मुद्रास्फीतिको मापन

कुनै पनि मुलुकमा सामान्य मूल्यस्तरमा भएको परिवर्तन अर्थात् मुद्रास्फीतिलाई उपभोक्ता मूल्य सूचकाङ्क, थोक मूल्य सूचकाङ्क, उत्पादक मूल्य सूचकाङ्क, GDP Deflator आदिका आधारमा मापन गर्न सकिन्छ । नेपालमा माथिका सबै सूचकाङ्कको गणना हुने भए तापनि उपभोक्ता मूल्य सूचकाङ्कका आधारमा गणना गरिएको मूल्यवृद्धिलाई मुद्रास्फीतिको आधिकारिक मापनको रूपमा लिने गरिएको छ ।

### उपभोक्ता मूल्य सूचकाङ्कको गणना

उपभोक्ता मूल्य सूचकाङ्क गणना गर्दा सर्वप्रथम कुनकुन

* उप-निर्देशक, नेपाल राष्ट्र बैंक

वस्तु तथा सेवाको मूल्य सङ्कलन गर्ने भन्ने निधो गर्नुपर्ने हुन्छ। यसलाई वस्तु तथा सेवाको बास्केट छनोट गर्ने पनि भनिन्छ। यसका लागि नेपाल राष्ट्र बैंकले समयसमयमा पारिवारिक बजेट सर्वेक्षण गरी घरपरिवारले किन्ने वस्तु तथा सेवाको छनोट गर्ने काम गर्दछ । यसरी वस्तु तथा सेवा छनोट गर्दा घरपरिवारको बजेटको अधिकांश हिस्सा ओगट्ने तथा घरपरिवारले प्राय किनिराख्ने वस्तु तथा सेवाहरू छनोट गर्ने गरिन्छ । नेपालमा हाल उपभोक्ता मूल्य सूचकाङ्कमा समावेश वस्तु तथा सेवाहरू पाँचौं पारिवारिक बजेट सर्वेक्षण २०७०/७१ का आधारमा छनोट गरिएको हो। जसअनुसार ४०२ वस्तु तथा ९४ सेवा गरी ४९६ वस्तु तथा सेवाको मूल्य सङ्कलन गर्ने गरिएको छ। यी वस्तु तथा सेवाले घर परिवारको खर्चको ९७ प्रतिशतभन्दा बढी हिस्सा ओगट्ने भएकाले उपभोक्ता मूल्य सूचकाङ्कका लागि उक्त वस्तु तथा सेवामा गरिने खर्चले घरपरिवारको खर्च संरचनाको यथार्थपरक प्रतिनिधित्व गर्दछ। उक्त सर्वेक्षणका आधारमा खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत पर्ने वस्तुको खर्च भार ४३.९१ प्रतिशत तथा गैरखाद्य तथा सेवा समूहअन्तर्गत पर्ने वस्तु तथा सेवाको खर्च भार ५६.०९ प्रतिशत कायम गरिएको छ।

वस्तु तथा सेवाको छनोटपश्चात् मूल्य सङ्कलन कहाँबाट गर्ने तथा कति अन्तरालमा गर्ने भन्ने पक्ष महत्वपूर्ण हुन्छ। नेपालमा उपभोक्ता मूल्य सूचकाङ्क गणनाका लागि २९ वटा ग्रामीण तथा ३१ वटा सहरी गरी ६० बजार केन्द्रहरू तोकिएको छ। बजार केन्द्रको छनोट गर्दा आर्थिक गतिविधिको अवस्था, घरपरिवारको खर्चको आकार, भौगोलिक प्रतिनिधित्व आदि जस्ता पक्षहरूलाई आधारको रूपमा लिइएको छ।

यसरी छानिएका बजार केन्द्रबाट साप्ताहिक, मासिक तथा त्रैमासिक रूपमा वस्तु तथा सेवाको मूल्य सङ्कलन गर्ने गरिएको छ। मूल्य सङ्कलन गरिसकेपछि प्रत्येक वस्तु तथा सेवाको relative price index तयार पारिन्छ र त्यस्ता index को औसतका आधारमा उपभोक्ता मूल्य सूचकाङ्कको निर्माण गरिन्छ। यसरी गणना गरिएका price index हरूलाई aggregate गरी उपभोक्ता मूल्य सूचकाङ्क गणना गर्नका लागि Weighted Geometric Average विधिको प्रयोग गरिएको छ।

उपभोक्ता मूल्य सूचकाङ्कको गणना गरिसकेपछि उक्त सूचकाङ्कमा भएको प्रतिशत परिवर्तनलाई नै उपभोक्ता मुद्रास्फीति भनिन्छ। जस्तै; उपभोक्ता मूल्य सूचकाङ्क आधार वर्ष २०७०/७१ को १०० बाट आर्थिक वर्ष २०७१/७२ मा १०९.९ पुगेको थियो, जसका कारण आर्थिक वर्ष २०७१/७२ मा उपभोक्ता मुद्रास्फीति ९.९ प्रतिशत रहन गएको थियो।




Source: Eurostat, EU Commission,Commerzbank Research

## ४. मूल्यवृद्धिको प्रकाशित तथ्याङ्क तथा उपभोक्ताको भोगाइबीचको अन्तर

मूल्यवृद्धिको प्रकाशित तथ्याङ्क तथा उपभोक्ताको भोगाइबीच सधै फरक पर्ने गरेको हुन्छ। यही कारण सरकारी निकायले प्रकाशन गर्ने तथ्याङ्कमध्ये मूल्यवृद्धिसम्बन्धी तथ्याङ्क सबैभन्दा बढी आलोचनाको विषय बन्दै आएको छ। यस्ता आलोचनाको पछाडि विभिन्न राजनीतिक तथा आर्थिक ध्येय रहने आरोपसमेत लाग्ने गरेको छ। विभिन्न मुलुकमा उपभोक्ताको यस्तो भोगाइ थाहा पाउनका लागि अपेक्षित मूल्यवृद्धि, 'पर्सिभ्ड' मूल्यवृद्धि जस्ता सूचकसमेत गणना गर्न सुरु गरिएको छ। उदाहरणका लागि युरो क्षेत्रका उपभोक्ताले चित्रमा देखाएझैं वास्तविक मूल्यवृद्धि प्रकाशित मूल्यवृद्धिभन्दा धेरै बढी भएको अनुभव गर्ने गरेका छन्।

सरकारी निकायले प्रकाशन गरेको मूल्यवृद्धि तथा उपभोक्ताको अनुभूति फरक पर्नुका पछाडि केही सामान्य अवधारणागत तथा उपभोक्ताको मनोवृत्तिसँग सम्बन्धित पक्षहरू रहेका हुन्छन् भने केही विल्कुलै प्राविधिक कारण रहेका हुन्छन्। तीमध्ये केही कारण निम्नप्रकार छन् :

(क) प्रकाशित मूल्यवृद्धि सैयौं वस्तुको मूल्यवृद्धिको औसतबाट निकालिन्छ। उदाहरणका लागि नेपालमा औसत मूल्यवृद्धि ४९६ वस्तु तथा सेवाको मूल्यवृद्धिको औसतबाट निकालिन्छ। यी वस्तुमध्ये केही वस्तु तथा सेवाको मूल्य घटिरहेको हुन सक्छ भने केही वस्तु तथा सेवाको मूल्य स्थिर हुन सक्छ। उदाहरणका लागि विगत केही समययता नेपालमा मोबाइल सेट, टेलिफोन कललगायतका वस्तुहरूको मूल्य घट्दै गएको छ। अर्कोतिर तेल, सागसब्जी, पेय पदार्थ, शिक्षा शुल्क आदिको मूल्य बढिरहेको छ। तर औसत गणना गर्दा घटिरहेको मूल्यले केही मात्रामा बढिरहेको मूल्यलाई अफसेट गर्ने भएकाले समग्रमा मूल्यवृद्धि कमै देखिने गर्दछ। उपभोक्ताको ध्यान बढिरहेको मूल्यमा जाने र घटिरहेको तथा स्थिर रहेको मूल्यमा कम जाने भएकाले प्रकाशित तथ्याङ्कभन्दा मूल्यवृद्धिको अनुभूति बढी नै हुन्छ।

औसत मूल्यवृद्धि गणनाको अर्को पाटो के हो भने कुनै एउटा मात्र वस्तुको मूल्यवृद्धि हुँदा समग्र मूल्यवृद्धिमा पर्ने त्यसको असर थौरै मात्र हुन्छ। उदाहरणका लागि नेपालमा कुल उपभोग खर्चको एक प्रतिशत खर्च हुने कुनै वस्तुको मूल्य दोब्बर हुँदासमेत मूल्यवृद्धि गणनामा ४९६ वस्तु तथा सेवा समावेश भएका कारण औसत मूल्यवृद्धिमा त्यसको असर करिब ०.७५ प्रतिशत बिन्दुको मात्र पर्दछ।

(ख) मूल्यवृद्धि गणनामा समावेश भएका सबै वस्तुहरूको मूल्यवृद्धि उत्तिकै महत्वपूर्ण हुँदैन। जुन वस्तुमा घरपरिवारको बजेटको बढी हिस्सा खर्च हुन्छ उक्त वस्तुको मूल्य थोरैले वृद्धि हुँदा पनि बढी बजेट रकम खर्च हुने भएकाले मूल्यवृद्धि गणना गर्दा त्यस्ता वस्तुलाई बढी महत्व वा बढी खर्च भार दिइन्छ। कम भार हुने वस्तुको मूल्यवृद्धि धेरै हुँदासमेत त्यसले समग्र मूल्यवृद्धिलाई कम मात्रै वृद्धि गर्न सक्दछ। यसलाई तलको उदाहरणबाट प्रस्ट पार्न सकिन्छ :

| वस्तु | मूल्यवृद्धि | खर्च भार (प्रतिशतमा) |
|---|---|---|
| घरभाडा | ५ | ३५ |
| शिक्षा | ५ | १० |
| अन्न | ५ | ५० |
| दुग्ध पदार्थ | १०० | २ |
| अन्य | १० | ३ |

$$\text{औसत मूल्यवृद्धि} = \frac{5*.35+5*.10+5*.5+100*.02+10*.03}{1.00} = 7.05$$

माथिको उदाहरणमा कम खर्च भार भएको दुग्ध पदार्थको मूल्य दोब्बर हुँदासमेत औसत मूल्यवृद्धि सात प्रतिशत मात्र रहेको छ जबकि दुध उपभोग गर्ने उपभोक्ताले बजारमा महँगी दोब्बर भइसकेको महसुस गर्दछ। नेपालको सन्दर्भमा घरभाडा, चामल, मासु, दुध, आलु, खानेतेल, चिनीजस्ता वस्तुको खर्च भार बढिरहेको छ। तसर्थ यी वस्तुहरूमा भएको मूल्यवृद्धिले समग्र मूल्यवृद्धिलाई सजिलै बढाउन सक्ने हुन्छ भने पाउरोटी, लसुन, हरियो खुर्सानी, मेडिकल शुल्क, नुन, चकलेट, पत्रपत्रिका, कफीजस्ता पारिवारिक खर्चमा कम हिस्सा ओगट्ने वस्तुको मूल्यवृद्धि बढी हुँदासमेत मूल्यवृद्धिमा धेरै प्रभाव नपर्ने हुन्छ।

यसको एउटा समाधानका रूपमा मूल्यवृद्धि आँकडामा वस्तु वा वस्तु समूहस्तरको मूल्यवृद्धि हेर्न सकिन्छ। नेपालमा प्रत्येक वस्तुको मूल्यवृद्धि आँकडा प्रकाशन गर्ने गरिएको छैन तथापि वस्तु समूहस्तरको मूल्यवृद्धि प्रकाशन गर्ने गरिएको छ।

उक्त तथ्याङ्कअनुसार २०७९ माघमा समग्र मूल्यवृद्धि ७.८८ प्रतिशत भए तापनि यातायात शुल्कको १५.५८ प्रतिशत, होटेल समूहको १५.२४ प्रतिशत र स्वास्थ्य सेवाको १०.३९ प्रतिशत मूल्यवृद्धि रहेको देखिएको छ।

(ग) मूल्यवृद्धि तथ्याङ्क गणनाका लागि वस्तु तथा सेवा खरिदबिक्री हुने स्थान वा बजार केन्द्रसमेत महत्वपूर्ण हुने गर्दछ । अर्थतन्त्रको समग्र प्रतिनिधित्व गर्नुपर्ने भएकाले मूल्यवृद्धि गणना गर्दा ठूला बजार केन्द्रलाई बढी भार दिने गरिन्छ भने साना बजार केन्द्रलाई कम भार दिने गरिन्छ। यसै गरी, एकदमै कम खरिद बिक्री हुने ग्रामीण बजार केन्द्रहरू सामान्यतया मूल्य सूचकाङ्क प्रक्रियालाई कम खर्चिलो बनाउने उद्देश्यले छनोट गरिँदैन । कतिपय मुलुकमा त सहरी तथ्याङ्कमा मात्र आधारित भएर मूल्य सूचकाङ्क गणना गर्ने गरिएको हुन्छ। यसले गर्दा कहिलेकाहीँ ग्रामीण क्षेत्रमा रहेका साना बजार केन्द्रमा भएको उच्च मूल्यवृद्धि अर्थतन्त्रको समग्र मूल्यवृद्धिमा प्रतिविम्बित हुन पाउँदैन। यसलाई तलको उदाहरणबाट प्रस्ट पार्न सकिन्छ।

| वस्तु | मूल्यवृद्धि | खर्च भार (प्रतिशतमा) |
|---|---|---|
| बजार केन्द्र ‘क’ | ५ | ३५ |
| बजार केन्द्र ‘ख’ | ५ | १० |
| बजार केन्द्र ‘ग’ | ५ | ५० |
| बजार केन्द्र ‘घ’ | १०० | २ |
| बजार केन्द्र ‘ङ’ | १० | ३ |

$$\text{औसत मूल्यवृद्धि} = \frac{5*.35+5*.10+5*.5+100*.02+10*.03}{1.00} = 7.05$$

माथिको उदाहरणमा कम खर्च भार भएको बजार केन्द्र ‘घ’ मा मूल्य दोब्बर हुँदासमेत औसत मूल्यवृद्धि सात प्रतिशत मात्र रहेको छ । जबकि अन्य बजार केन्द्रमा तालिकामा देखाए जस्तै मूल्यवृद्धि भएको अवस्थामा बजार केन्द्र ‘ग’ मा मूल्यवृद्धि १०० प्रतिशत भएमा समग्र मूल्यवृद्धि नै करिब ५५ प्रतिशत पुग्ने हुन्छ। नेपालमा गणना गरिने मूल्यवृद्धिका लागि मूल्य सङ्कलन गरिने ६० वटा बजार केन्द्रमध्ये काठमाडौं, पोखरा, सुनवल, विराटनगर, बिर्तामोड, ललितपुर, सिमरा, भरतपुर तथा उर्लाबारीमा रहेका दसवटा बजार केन्द्रको कुल भार करिब ५५ प्रतिशत रहेको छ । तसर्थ यी बजार केन्द्रमा हुने मूल्यवृद्धिले समग्र मूल्यवृद्धिमा बढी प्रभाव पार्ने हुन्छ । अर्कोतिर दिपायल-सिलगढी, नारायण नगरपालिका, अमरगढी, कपिलवस्तु तथा मङ्गलसेन बजार केन्द्रको भार तुलनात्मक रूपमा कम रहेको छ । यी पाँच बजार केन्द्रको कुल भार जम्मा एक प्रतिशत मात्र रहेको छ। यसको अर्थ के हो भने दिपायल-सिलगढी बजार केन्द्रमा मात्र केही कारणवश मूल्यवृद्धि बढी रहेको छ भने पनि समग्र मूल्यवृद्धिमा त्यसको असर थौरै मात्र रहन्छ। उदाहरणका लागि दिपायल-सिलगढी नगरपालिकामा मूल्यवृद्धि १०० प्रतिशत हुँदा समेत समग्र मूल्यवृद्धिमा त्यसको योगदान करिब ०.२ प्रतिशत बिन्दु मात्र रहन्छ जबकि काठमाडौंमा १०० प्रतिशत मूल्यवृद्धि हुँदा समग्र मूल्यवृद्धिमा करिब १८ प्रतिशत बिन्दुले बढोत्तरी ल्याउने हुन्छ।

(घ) मूल्यवृद्धि गणना गर्नका लागि उपयोग हुने विधिले समेत वास्तविक मूल्यवृद्धि तथा मूल्यवृद्धिको भोगाइमा अन्तर ल्याउने काम गर्दछ। यो विषय नितान्त प्राविधिक विषय भए तापनि उल्लिखित अन्तरमा भने ठूलो भूमिका खेल्न सक्छ। धेरैजसो अवस्थामा वस्तु तथा सेवाको तथ्याङ्कबाट समग्र मूल्यवृद्धि निकाल्ने क्रममा ज्यामितीय औसतको उपयोग गरिन्छ । अन्तर्राष्ट्रिय मुद्रा कोषलगायतका संस्थाले समेत मूल्य सूचकाङ्कको गणनामा ज्यामितीय मध्यक उपयोग गर्नुपर्ने वकालत गर्दछन् । यद्यपि यो विधिको एउटा विशेषता के हो भने यसले अत्याधिक मूल्यवृद्धि भएका वस्तुको मूल्यले समग्र मूल्यवृद्धिमा पार्ने प्रभावलाई कम गर्ने गर्दछ अर्थात् यसले तथ्याङ्कमा हुने विभिन्न ‘आउटलायर’ हरूले समग्र सूचकमा पार्ने प्रभावलाई नियन्त्रण गर्ने काम गर्दछ। यसलाई तलको उदाहरणबाट प्रस्ट पार्न सकिन्छ :

| वस्तु/सेवा | आधार सूचकांक | हालको सूचकांक | खर्च भार (प्रतिशतमा) |
|---|---|---|---|
| घरभाडा | १०० | ११० | ३५ |
| शिक्षा | १०० | १५० | १० |
| अन्न | १०० | १०२ | ५० |
| दुग्ध पदार्थ | १०० | २०० | २ |
| अन्य | १०० | ३०० | ३ |
| भारित अङ्कगणितीय औसत | १०० | ११७.५ | |
| भारित ज्यामितीय औसत | १०० | ११३.९५ | |

माथिको उदाहरणमा प्रस्तुत गरिएजस्तै अङ्कगणितीय

मध्यक प्रयोग गर्दा मूल्यवृद्धि १७.५ प्रतिशत आउँछ भने ज्यामितीय मध्यक प्रयोग गर्दा १३.९५ प्रतिशत मात्र आउँछ। यी दुई विधिबाट गणना गरिएको मूल्यवृद्धिको बीचमा करिब ३.५५ प्रतिशत बिन्दुको फरक छ अर्थात् ज्यामितीय विधिबाट मूल्यवृद्धि निकाल्दा मूल्यवृद्धि करिब ३.५५ प्रतिशत बिन्दुले कम आएको छ। यस्तो फरक पर्नुको मुख्य कारण दुग्ध पदार्थ तथा अन्य वस्तुहरूको मूल्य बाँकी वस्तुको मूल्यको तुलनामा अत्याधिक वृद्धि हुनु हो । सबै वस्तुको मूल्य उस्तै हिसाबमा बढ्ने हो भने यी दुई विधिबाट प्राप्त हुने मूल्यवृद्धिमा खासै अन्तर हुँदैन ।

धेरैजसो अवस्थामा मूल्य सूचकाङ्कको औसत निकाल्दा ज्यामितीय औसत उपयोग हुने भएको तथा उपभोक्ताको दिमागमा ज्यामितीय मध्यकजस्तो जटिल गणना नआउने भएकाले समेत प्रकाशित मूल्यवृद्धि वास्तविक अवस्थाभन्दा केही कम भएजस्तो अनुभव हुने गर्दछ।

(ङ) उपभोक्ताले बारम्बार खरिद गर्ने वस्तु तथा सेवाको मूल्य बढी सम्भिmने भएकाले यदि त्यस्ता वस्तुको मूल्य औसतभन्दा बढी दरमा वृद्धि भएको छ भने उपभोक्ताले गर्ने मूल्यवृद्धिको अनुभूतिले वास्तविक मूल्यवृद्धिलाई अधिमूल्याङ्कन गर्दछ।

(च) कतिपय अवस्थामा व्यक्तिको उपभोग औसत उपभोग प्रवृत्तिभन्दा फरक हुन जान्छ । उदाहरणका लागि कुनै व्यक्तिले औसत उपभोक्ताभन्दा बढी पेट्रोलियम पदार्थको उपभोग गर्दछ भने पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धि उक्त उपभोक्तालाई बढी भएको अनुभव हुन्छ । व्यक्तिगत उपभोक्ताको उपभोग प्रवृति औसत उपभोक्ताभन्दा जति फरक हुन्छ, उक्त उपभोक्ताले अनुभूति गरेको मूल्यवृद्धि प्रकाशित मूल्यवृद्धिभन्दा त्यति नै फरक पर्ने हुन्छ। उदाहरणका लागि नेपालमा मूल्यवृद्धिलाई सबैभन्दा बढी घरभाडामा भएको वृद्धिले प्रभाव पार्ने गर्दछ। यदि कुनै उपभोक्ताको आफ्नै घर छ वा घर भाडा प्रत्यक्ष रूपमा तिर्दैन भने उसको अनुभूति पक्कै पनि घरभाडा तिर्ने उपभोक्ताको भन्दा फरक पर्न जान्छ।

(छ) उपभोक्ताले हालको मूल्यलाई तुलना गर्दा केही वर्षअघिको मूल्यसँग तुलना गर्ने गर्दछन्, जबकि मूल्यवृद्धि जहिले पनि एक वर्षअगाडिको अवधिसँग मात्र तुलना गरेर प्रकाशन गरिन्छ। उदाहरणका लागि उपभोक्ताले हाल बजारमा भएको मूल्यलाई कोभिड भएको वर्ष, भूकम्प गएको वर्ष, जागिर सुरु गरेको वर्ष, आफू गाँउबाट सहर आएको वर्ष वा आफू कलेज पढ्दाखेरिको मूल्यसँग तुलना गरिरहेका हुन्छन्। यस्तो अवस्थामा सरकारी निकायले प्रकाशन गर्ने एक वर्षको अवधिको मात्र मूल्यवृद्धि उपभोक्तालाई थौरै मात्र लाग्दछ। उपभोक्ताको यस्तो प्रवृत्तिलाई 'मेमोरी बायस' भनिन्छ। जस्तै, प्रत्येक वर्ष पाँच प्रतिशतको मूल्यवृद्धिले मात्रै पाँच वर्षमा वस्तु तथा सेवाको औसत मूल्यमा करिब २८ प्रतिशत वृद्धि भइसक्छ जबकि सरकारी निकायको वार्षिक मूल्यवृद्धि पाँच प्रतिशत मात्रै रिपोर्ट हुन्छ। नेपाल राष्ट्र बैंकले प्रकाशन गरेको तथ्याङ्कका अनुसार २०७० सालदेखि यताको समयमा औसत मूल्यवृद्धि करिब ४६ प्रतिशत रहेको भए तापनि एक वर्षको मात्र मूल्यवृद्धि भने थोरै नै रहने गरेको छ।

मूल्य घटेर पुनः वृद्धि भएको अवस्थामा पनि मेमोरी बायसले काम गर्दछ। जस्तो कि; पेट्रोलियम पदार्थको मूल्य कोरोनाकालमा घटेको थियो। त्यसपछि विस्तारै बढ्दै गयो। यस्तो अवस्थामा उपभोक्ताले पेट्रोलियम पदार्थको मूल्यलाई एक हप्ताअघि वा एक महिना अघिसँग तुलना गरेर महँगी बढ्दै गएको महसुस गर्दछ, जबकि एक वर्षअघिको तुलनामा भने उक्त वस्तुको मूल्यमा खासै वृद्धि भएको हुँदैन।

(ज) कहिलेकाहीँ वस्तु तथा सेवाको गुणस्तरमा हुने सुधारका कारण पनि वस्तु तथा सेवाको मूल्यमा भएको वृद्धि उपभोक्तालाई बढी महसुस हुने हुन्छ । उदाहरणका लागि टेलिभिजनहरू सबै स्मार्ट वा एन्ड्रोइड भर्सनमा आउँदा पक्कै पनि परम्परागत प्रविधिको टेलिभिजनभन्दा महँगो भएर आउँछन् । यसलाई उपभोक्ताले टीभीको मूल्य मँहगो भएको रूपमा बुझ्ने हुन्छ तर मुद्रास्फीति गणना हुँदा गुणस्तरमा भएको परिवर्तन समायोजन गरिने भएकाले प्रकाशित मूल्यवृद्धिलाई भने यसले खासै फरक पार्दैन।

(झ) कहिलेकाहीँ वस्तु तथा सेवाको मूल्य अघिल्लो वर्ष एकदमै बढी भएको वा एकदमै कम भएका कारण पछिल्लो वर्षको मूल्यवृद्धि उपभोक्ताको भोगाइभन्दा फरक हुने हुन्छ । उदाहरणका लागि, कोभिडको समयमा घरभाडा र शिक्षा शुल्कमा दिएको छुटका कारण उक्त समूहको मूल्य घट्न गएको थियो । तर कोभिडपश्चात् मूल्य पुरानै ठाउँमा पुगेर थोरै मात्र वृद्धि हुँदा पनि मूल्यवृद्धि धेरै भएको महसुस

हुन गयो । यस्तो अनुभुतिलाई मूल्यवृद्धिको आधार प्रभावको नामले समेत चिनिन्छ ।

(ञ) उपभोक्ताको ध्यान मूल्य वृद्धिदरभन्दा पनि मूल्यस्तरमा रहने गर्दछ । मूल्यवृद्धि हुँदै जाँदा मूल्यस्तर समान रकमले वृद्धि हुँदा पनि वृद्धिदर भने कम हुँदै जान्छ । उदाहरणका लागि कुनै वस्तुको मूल्य रु.पाँच भएको बेला मूल्यमा रु.पाँचले नै वृद्धि भयो भने मूल्यवृद्धि १०० प्रतिशत हुन जान्छ भने उक्त वस्तुको मूल्य वृद्धि भई रु.५० पुगिसकेको बेलामा रु.पाँचले वृद्धि हुँदा मूल्यवृद्धि जम्मा १० प्रतिशत मात्र हुन्छ । यो कारणले गर्दा समेत महँगी बढ्दै गइरहेको बेलामा मूल्यवृद्धि कम देखिने तर उपभोक्ताको भोगाइ बढी हुने हुन्छ ।

यसरी विभिन्न प्राविधिक तथा व्यावहारिक सोचाइमा हुने फरकका कारण प्रकाशित मूल्यवृद्धि तथा भोगाइ फरक पर्न जाने हुन्छ । विभिन्न विकसित मुलुकमा उपभोक्ताको भोगाइ मापन गर्नका लागि नयाँ खालका परिसूचकको मापन सुरु गरिएको छ । साथै, यस्तो फरक कम गर्नका लागि वस्तु तथा सेवास्तरको मूल्यवृद्धि प्रकाशन गर्ने, प्रत्येक बजार केन्द्रको अलग अलग मूल्यवृद्धि आँकडा प्रकाशन गर्ने तथा सर्वसाधारणलाई मूल्यवृद्धि तथ्याङ्कसम्बन्धी साक्षरता प्रदान गर्ने कार्य सुरु गरिएको छ ।

## ५. निष्कर्ष

मुद्रास्फीतिलाई अर्थतन्त्रको अवस्था मापन गर्ने एक प्रमुख परिसूचकका रूपमा हेर्ने गरिन्छ । तथापि धेरैजसो अवस्थामा सरकारी निकायले प्रकाशन गर्ने मूल्यवृद्धिलाई शङ्का गर्ने गरिन्छ र आम उपभोक्ताले अनुभूति गर्ने मूल्यवृद्धि सरकारी आँकडाको भन्दा धेरै बढी रहने गर्दछ । यसको एउटा सूचकको रूपमा अपेक्षित मूल्यवृद्धि वा 'पर्सिभ्ड' मूल्यवृद्धिलाई लिन सकिन्छ । यसरी सरकारी आँकडा तथा उपभोक्ताको भोगाइबीच फरक पर्नुका पछाडि विभिन्न अवधारणागत, मनोगत तथा प्राविधिक कारण रहेका हुन्छन् । यसअन्तर्गत मूल्यवृद्धि भारित औसतको रूपमा व्यक्त गरिनु, मूल्यवृद्धिको आँकडामा एउटा उपभोक्ताले उपभोग गर्ने वस्तु तथा सेवाको तुलनामा धेरै वस्तु तथा सेवाहरू समावेश हुनु, मूल्यवृद्धि गणनामा समावेश भएका केही वस्तुको मूल्य स्थिर हुनु र केहीको घटेर जानु, सरकारी तथ्याङ्क तथा आम उपभोक्ताको मूल्य तुलना गर्ने रिफरेन्स अवधि फरक हुनु जस्ता कारणहरू प्रमुख रहेका हुन्छन् । यस्तो फरक अनुभूति मापन गर्नका लागि विभिन्न मुलुकमा अपेक्षित मूल्यवृद्धि, 'पर्सिभ्ड' मूल्यवृद्धिलगायतका सूचकहरू निकाल्ने गरिएको छ । यद्यपि यी सूचकसमेत पूर्ण भने छैनन् । मूल्यवृद्धि तथ्याङ्कलाई बढी उपयोगी बनाउन विभिन्न बजार केन्द्रहरूको छुट्टै मूल्यवृद्धि तथ्याङ्क निकाल्नुका साथै वस्तु तथा सेवाको व्यक्तिगत तहको तथ्याङ्कसमेत सार्वजनिक गरेर तथा मूल्यवृद्धि तथ्याङ्कसम्बन्धी जनचेतना अभिवृद्धि गरेर यो फरक भोगाइलाई केही हदसम्म कम गर्न सकिन्छ ।

**सन्दर्भ सामग्री**

https://www.bis.org/review/r200921g.pdf

https://www.bnm.gov.my/documents/20124/770502/p3_ba1.pdf

https://www.euro-area-statistics.org/digital-publication/statistics-insights-inflation/bloc-3a.html

https://www.nrb.org.np/contents/uploads/2019/12/Study_Reports-A_Powerpoint_Presentation_on_the_Fifth_Household_Budget_Survey_Results_Nepali.pdf

# आयात-निर्यात व्यापार : कोभिड-१९ पछिको अवस्था

■ सुमनकुमार नेपाल*

**विगतमा** भएको सशस्त्र आन्दोलनको प्रभाव, २०७२ सालको विनाशकारी भूकम्प, सोही वर्ष दक्षिणी सीमामा भएको नाकाबन्दी/अवरोधका कारण उत्पादन र निर्यात व्यापारमा आएको कमी र आयात व्यापारमा भएको अत्यधिक वृद्धिले सो घाटा उच्च देखियो। साथै समयसमयमा मुलुकको व्यापार घाटा घटबढ हुँदै गएको भए तापनि समग्रमा क्रमशः बढ्दै गएको देखिन्छ। नियमित रूपमा व्यापार घाटा बढ्दै जानु कुनै पनि मुलुकको लागि चिन्ताको विषय हुन पुग्छ। व्यापार घाटा निरन्तर हुनु र बढ्दै जानु अथवा आयात-निर्यातबीचको खाडल फराकिलो हुँदै जानु कुनै पनि मुलुकको लागि राम्रो मानिँदैन। हामी लगभग यही अवस्थाबाट गुज्रिरहेका छौँ।

सन् २०१९ को अन्त्यतिर देखापरेको कोभिड-१९ को महामारीपछि विभिन्न कारणले हाम्रो वैदेशिक मुद्राको सञ्चितिमा आएको ह्रासका कारण गत वर्ष हामी असजिलो अवस्थामा पुग्यौँ। मुलुकलाई श्रीलङ्काको असजिलो अवस्थासँग तुलनासमेत गरियो। यदि हाम्रो निर्यात व्यापार राम्रो भइदिएको भए सामान्यतया हामीले यो अवस्थाको सामना गर्नुपर्ने थिएन। अर्कोतिर शोधनान्तर अवस्था केही अनुकूल रहेको समयमा भने मुलुकको अवस्था नराम्रो भएको मानिँदैन।

यस्तो अवस्था मुलुकभित्रको उत्पादन र निर्यात व्यापारबाट हुन गएको भए त्यो दिगो अवस्था हुने थियो र अर्थतन्त्रमा त्यसको प्रभाव सकारात्मक पर्ने थियो किनकि निर्यात व्यापार राम्रो हुन उत्पादन राम्रो हुनुपर्दछ। जुन अवस्थाले उत्पादनशील क्षेत्रमा लगानी, उत्पादन, रोजगारी, आम्दानी, बचत र मुलुकको राजस्वमा समेत सकारात्मक प्रभाव पार्दछ। मुलुकको विप्रेषण आप्रवाह र वैदेशिक सहायताको आम्दानीको अवस्था दिगोपनमा भर पर्छ। हालका दिनमा हामीकहाँ विप्रेषण आप्रवाह सन्तोषजनक रहनुको एउटा प्रमुख कारण वैदेशिक रोजगारीलाई मानिन्छ। यसलाई दिगो आम्दानीको रूपमा हेर्न सकिँदैन। अतः यस प्रकारको आम्दानीले जुनसुकै बेला पनि मुलुकलाई असजिलो पार्न सक्ने अनुमान गरिन्छ।

## आयात–निर्यात

आ.व. २०७९/८० को छ महिनामा भएको आयात-निर्यातलाई हेर्दा यस अवधिमा कुल वस्तु निर्यात रु.८० अर्ब ८१ करोड भएको देखिन्छ। यो अघिल्लो वर्षको तुलनामा ३२ प्रतिशतले कम हो। त्यस्तै, कुल वस्तु आयात २०.७ प्रतिशतले कमी भई रु.७९२ अर्ब ६७ करोड हुन गयो भने कुल वस्तु व्यापार घाटा रु.७११ अर्ब ८६ करोड हुन गयो। यसमा १९.२ प्रतिशतले कमी भएको देखिन्छ। यसलाई हेर्दा चालु आर्थिक वर्षमा निर्यात, आयात र व्यापार घाटामा कमी आएको देखिन्छ। यद्यपि आयात र निर्यातको दूरी भने धेरै फराकिलो देखिन्छ। मुलुकको व्यापार घाटा ज्यादै अधिक हुनु भनेको आयात र निर्यात व्यापारबीच सन्तुलन कायम गर्न नसक्नु पनि हो वा मुलुकको परनिर्भरतातर्फ बढ्नु हो। यस्तो अवस्थाको सिर्जना उत्पादन र लगानी नहुँदा, उद्योग व्यापार बन्द हुँदा, सरकारी खर्च अनुदानमा निर्भर रहनुपर्ने जस्ता अवस्थाले आयात अधिक बढ्दै जान्छ। यस्तो अवस्थालाई न्यूनीकरण गर्न उत्पादनशील क्षेत्रमा लगानी बढाउनको लागि बैंक तथा वित्तीय संस्थाले तोकिएको क्षेत्रमा कर्जा लगानी गर्नुपर्ने गरी आवश्यक नीतिगत व्यवस्था नेपाल राष्ट्र बैंकले गरेको छ। परनिर्भरताका कारण मुलुकमा विभिन्न नकारात्मक असर देखिने कुरा विद्वान्‌ले भन्ने गरेको पाइन्छ। यसकारण मुलुकमा यस्तो अवस्था देखिनुलाई राम्रो सङ्केतको रूपमा हेरिँदैन। देशको पछिल्लो वर्तमान आर्थिक तथा वित्तीय स्थितिका अनुसार विगत दुई वर्षमा भएको हाम्रो निर्यात, आयात र व्यापार घाटा निम्नानुसार रहेको देखिन्छ :

* उप-निर्देशक, नेपाल राष्ट्र बैंक

| आ.व. | निर्यात | आयात | व्यापार घाटा |
|---|---|---|---|
| २०७७/७८ | १४१ अर्ब १२ करोड | १,५३९ अर्ब ८४ करोड | १,३९८ अर्ब ७१ करोड |
| २०७८/७९ | २०० अर्ब ३ करोड | १,९२० अर्ब ४५ करोड | १,७२० अर्ब ४२ करोड |
| २०७९/८० (छ महिना) | ८० अर्ब ८१ करोड | ७९२ अर्ब ६७ करोड | ७११ अर्ब ८६ करोड |

स्रोतः देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति/नेपाल राष्ट्र बैंक

## समस्या

मुलुकको व्यापार घाटा दिनप्रतिदिन बढ्दै जानुका पछाडि अनेक कारण छन् । नेपालको आर्थिक विकासमा महत्वपूर्ण योगदान गर्ने कृषि क्षेत्रको अवस्था राम्रो नहुनु, कृषिजन्य वस्तुहरूको आयातसमेत अत्याधिक मात्रामा हुनु, कृषियोग्य जमिन टुक्रिँदै र बाँझो हुँदै जानु, निर्यातजन्य वस्तु उत्पादनमा लगानी र उत्पादन कम हुनु, छिमेकी तथा औद्योगिक राष्ट्रबाट उत्पादित वस्तु तथा सेवासँग प्रतिस्पर्धा गर्न नसक्नु, तुलनात्मक लाभका वस्तु तथा सेवाको सम्बन्धमा अध्ययन अनुसन्धान नहुनु, त्यस्ता वस्तुको उत्पादन कम हुनु, वैदेशिक लगानी भित्रिन नसक्नुका साथै समग्र मुलुकको उत्पादन, निर्यात न्यून रहनु र औद्योगिक वस्तु उत्पादनको लागि आवश्यक पूर्वाधार विकासमा कम हुनु, युवा श्रमशक्ति विदेशिनु, कुनै पनि काम र योजनाहरू समयमै सम्पन्न नहुनु, भ्रष्टाचार व्याप्त देखिनु जस्ता कारणलाई अगाडि सार्न सकिन्छ ।

| भारतबाट आयात भएका प्रमुख वस्तु | चीनबाट आयात भएका प्रमुख वस्तु | अन्य मुलुकबाट आयात भएका प्रमुख वस्तु |
|---|---|---|
| Agri.Equip. and Parts/ Aluminium bars, Rods, profiles, foil ect/ Baby food and Milk products/ Bitumen/ books and magazines/Cement/ Chemical Ferttilizer/ Chemical/ Coal/coldrolled sheet in coil/ cooking stoves/ cosmetic goods/ cuminseeds and peppers/dry cell battery/ electrical Equipment/enamel & other paints/ Ferrous products obtained by direct reduction of iron(sponge Iron) Fruits/ Glass sheet and G.wares / hotrolled sheet in coil/Incense sticks/Insecticides/Live animals/, M.s.billet/M.S. wire rod, Bars, coils/medicine//molasses Sugar/ Other machinery and parts/ other stationery goods/ paper/ petroleum products/ pipe and pipe fittings/ plastic utensils/ polypropylene granuals/ Radio, TV, Deck and parts/ Raw cotton/ Readymade Garments/ Rice/paddy/ salt/sanitaryware/ shoes and sndals/steel sheet/Tea/telecommunication equipments and parts/textiles/Thread/ Tobacco/tyre, tubes and flaps/vegetables/ vehicles and spare parts/wire products, notbolt, handles, lock/ | Aluminium scrap, flake, foil, bars and rods/Apple/Bags/ camera/ Ceramic products/Chemical/ chemical fertilizer/Computers and parts/ Cosmetic Goods/ Dry cell Battery/ electrical goods/ Fastener/ Garlic/ Glasswares/ Medical Equipment& Tools/ medicine/Metal & wooden Furniture/ Office equipment/ & stationery/ other Mechinery and parts/ Other Stationaries/P.V.C. comound/parafin wax/pipe and pipe fittings/ plywood and partical board/ raw silk/Raw wool/Readymade garments/ shoes and sndals/silver/smart cards/ solar panel/ steel rod and sheet/ Telecommunication Equipments & parts/,Textiles / Threads/ Toys/ Transport Equipment and parts/Tyre, tubes, and flapes/welding rod/ wheat products/writing and printing paper/Others. | Petroleum products/other machinery and parts/ Transport equip, vehicle, and other vehicle spare parts/Gold/ medicine/ crude soyabean oil/ ferrous products obtained by direct reduction of iron (SpongeIron)/rice/paddy/ Telecommunication Equipments and parts/ hot rolled sheet in coil/ chemical fertilizer/ crude palm oil/electrical equipment /textiles/coal/ readymade germents/ thread/vegetables/ electrical goods/ M.S.Billet/Others |

## आयात निर्यातका वस्तु

वस्तु तथा सेवाको आयात निर्यात गरिने विभिन्न मुलुकमध्ये सीमा जोडिएका छिमेकी मुलुक भारत, चीन र अन्य मुलुक गरी तीन समूहमा विभाजन गर्न सकिन्छ । विभिन्न मुलुकबाट हामीकहाँ मानिस, देश र जीवजन्तुलाई समेत चाहिने सम्पूर्ण सामान, दाना र खाना आयात भएको देखिन्छ । आयात निर्यात गरिने केही मुख्य वस्तुहरूलाई उदाहरणको रूपमा उल्लेख गर्न सकिन्छ ।

उल्लिखित वस्तुको आधारमा नेपालमा चीन, भारत र अन्य मुलुकबाट आयात गरिने वस्तुको सूची लामो बन्न सक्छ । धेरै वस्तुको आयातले मुलुकमा परनिर्भरता बढ्दै गएको बुझ्न गाह्रो छैन । नेपालबाट विभिन्न वस्तु निर्यात पनि भएको देखिन्छ । केही वस्तु नियमित रूपमा निर्यात हुने गर्दछ भने केही वस्तु उत्पादनको समयमा निर्यात हुने र पछि सोही वस्तु आयातसमेत हुने गर्दछ ।

अयात र निर्यातका वस्तुको सूची हेर्दा ठूला अर्थतन्त्र भएका चीन, भारत र अन्य मुलुकमा विभिन्न वस्तुहरू निर्यात भएको देखिन्छ । तर, जति मात्रामा निर्यात गर्छौं त्योभन्दा धेरै गुणा बढी परिमाणमा आयात गर्नुपरेको बाध्यता हामीसँग छ । मुलुकभित्र वस्तु उत्पादनका साथै आयात निर्यात र वितरणजस्ता कार्यको लागि विभिन्न मन्त्रालय, विभाग र औद्योगिक क्षेत्रको व्यवस्था गरिएको छ । यद्यपि उपलब्धि सन्तोषजनक रूपमा हुन नसकेको देखिन्छ । यस्तै जिम्मेवारी पाएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग एक हो । आयात र निर्यातका सम्बन्धमा गरिएका विभागको प्रमुख उद्देश्यलाई देहायअनुसार उल्लेख गर्न सकिन्छ ।

- वाणिज्य क्षेत्रको वैदेशिक व्यापार, अन्तरप्रदेश व्यापारलगायत आन्तरिक व्यापार/व्यवसाय व्यवस्थित, स्वच्छ एवम् प्रवर्द्धन गर्ने र व्यापार घाटा कम हुनेगरी नियमन तथा सहजीकरण गर्ने ।
- बजारमा व्यावसायिक क्रियाकलापलाई स्वच्छ, पारदर्शी एवम् प्रतिस्पर्धी बनाउँदै गुणस्तरीय वस्तु तथा सेवामा उपाभोक्ताको पहुँच पुऱ्याई उपभोक्ताको अधिकार संरक्षण गर्ने ।
- आन्तरिक तथा वैदेशिक व्यापार/व्यवसाय र अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थाको साङ्ख्यिक आधार (Data Base) तयार गरी वाणिज्य नीति र आपूर्ति व्यवस्था तथा उपभोक्ताको अधिकार संरक्षणसम्बन्धी नीति निर्धारणमा पृष्ठपोषण गर्ने ।

यसप्रकार वाणिज्य विभागका उद्देश्यलाई अध्ययन गर्दा वर्तमान समयमा आयात-निर्यात सम्बन्धमा मुलुकले जेजस्तो असजिलो अवस्थालाई झेल्दै आएको छ, ती सम्पूर्ण समस्याहरू विभागको काम एवम् सोको उद्देश्यबाट समाधान हुने देखिन्छ । तर हामीकहाँ यस क्षेत्रका समस्याहरू लामो समयदेखि जस्ताको तस्तै रहेको देखिन्छ । समस्या समाधानका लागि विभागको उद्देश्य र काम तोकिएबमोजिम नियमित रूपमा भएको वा नभएको सम्बन्धमा नियमित अनुगमन, जवाफदेही र कारबाही जस्ता कार्यहरूको कार्यान्वयन आवश्यक देखिन्छ ।

**भारत, चीन र अन्य मुलुकमा निर्यात हुने केही महत्त्वपूर्ण वस्तु**

| भारतमा निर्यात हुने वस्तु | चीनमा निर्यात हुने वस्तु | अन्य मुलुकमा निर्यात हुने वस्तु |
|---|---|---|
| Brans/ cardamom/ cattlefeed/ cinnamom/ copper wire rod/fruits/ GI pipe/ ginger/ handucraft goods/ Herbs/ Juice/ Jute goods/ marble slabe/ medicine (ayurvedic)/musterd and linseed/noodles/oil cakes/palm oil/ paper/praticle Board/pashimina/plastic utensils/ polyester yarn/readymade garments/Rosin/shoes and sandals/skin/ soyabean oil/Tea/ thread/Toothpest/ Turpentine/Others | Agabatti/ handicraft (metal and wooden) Noodles/ other handicraft goods/ pashminas/Readymade Garments/Readymade Leather goods/Rudrakshya/ Tanned skin/Tea/woolen Carpet/ Others/ | Palm oil/ soyabean oil/ wooled carpet / polyster yarn and Thread/carddmom/Jute goods/ zinc sheet/ Juice/ Readmade garents/ Tea/ particle Board/ pashmina/textiles/oil cakes/ noodles/Medicine (Ayirvedic) herbs/Rosin/handicraft goods and other handicrafts /shoes and sandales/ Others |

राज्यले गर्ने प्रत्येक कार्यमा कुनै न कुनै तरिकाबाट राज्यको लगानी भएको हुन्छ । राजस्व, वैदेशिक सहायता, ऋण, अनुदानमध्ये कुनैबाट राज्यले लगानी गरेको हुन्छ । यीमध्ये राजस्वबाट लगानी गर्दा अरूको भर र सर्त मान्नु पर्दैन । राज्यले जति बढी राजस्व प्राप्त गर्न सक्छ, उसले त्यति नै बढी काम गर्न सक्छ । आ.व. २०७७/७८ मा रु. नौ खर्ब ५९ अर्ब ६८ करोड राजस्व सङ्कलन भएको संशोधित अनुमान छ भने आ.व. २०७८/७९ मा १० खर्ब २४ अर्ब ९० करोड राजस्व (बजेट वक्तव्य २०७८/७९) असुली गर्ने लक्ष्य रहेको छ । सम्पूर्ण आयातलाई आधार मानेर १३ प्रतिशत मूल्य अभिवृद्धि दर रहेको अवस्थामा मुलुकको सम्पूर्ण क्षेत्रबाट असुल भएको र हुने वार्षिक राजस्व मनासिब हो वा होइन भनी प्रश्न उठाउनुलाई अन्यथा मान्न सकिँदैन तर हामीकहाँ भएको राजस्वको लक्ष्य र असुली आयात मूल्य अभिवृद्धि करको दर विगतमा भएको नक्कली भ्याट बिलको बिगबिगीको प्रसङ्ग आदिबीच जेलिएको राजस्वको गाँठो फुकाउन भने सजिलो छैन । राज्यको लागि तिरिएको कर रकम चुहावट भएर अन्यत्र नजाओस् र करको दायरामा आउन पर्ने दायराभन्दा बाहिर नपरुन् भन्ने सोचाइ र कामले राज्यको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ ।

राजस्वको सम्बन्धमा हामीकहाँ थुप्रै समाचारहरू आउने गरेको पाइन्छ । विशेषगरी यस्ता समाचारहरू नकारात्मक हुने गरेका छन् । के भन्न सकिन्छ भने नेपालको अधिकांश आयात भारतबाट हुने गर्दछ र भारतसँग खुला सीमाना रहेका कारण चोरी आयात निर्यातको कार्यबाट राज्यले थुप्रै राजस्व गुमाउने गर्दछ। अतः राज्यको लागि अहम भूमिका निर्वाह गर्ने राजस्वको यस्तो अवस्थालाई के भन्ने ? स्रोतको अभावमा राज्यले थुप्रै जनताको लागि गर्नुपर्ने कार्यहरू गर्न सकेको छैन । फलतः जनताका न्यूनतम आवश्यकताहरू एकातिर पूरा भएको छैन भने अर्कोतिर राजस्व चुहावट अधिक भएको छ। लगानीको अभावमा उत्पादन नहुँदा वा न्यून उत्पादन हुँदा हाम्रो आयातमा जोड पर्न गएको छ। रोजगारीको अभावमा मुलुकका युवा शक्ति वैदेशिक रोजगारीको खोजीमा भौंतारिन बाध्य भएका छन् । हालका दिनमा दैनिक लगभग १५०० जना मानिस वैदेशिक रोजगारीमा जाने गरेको जानकारी पाइन्छ। वैदेशिक रोजगारीमा जाने शतप्रतिशत व्यक्ति युवा नै छन् । मुलुकको युवा शक्ति वैदेशिक रोजगारीमा जाँदा मुलुकभित्र गरिने कामको लागि आवश्यक श्रमको अभाव हुन गएको छ। फलतः देशभित्रको वस्तु वा सेवाको उत्पादनमा कमी आएको छ। बाहिरबाट विशेष गरी भारतबाट आएको श्रमले उनीहरूको स्थानमा काम गरेको पाइन्छ । वैदेशिक रोजगारमा जाने र वैदेशिक रोजगारीबाट फर्केका अधिकांश व्यक्तिले आफै देशमा रोजगारी प्राप्त नभएका कारण बाध्य भएर वैदेशिक रोजगारीमा गएको विचार व्यक्त गरेका पाइन्छ। वैदेशिक रोजगारीमा जानुको प्रमुख कारण रोजगारीको अभाव हो । तसर्थ, यस्तो अवस्थाको न्यूनीकरण गर्न आवश्यक छ। यसबाहेक २०७२ सालको भूकम्पका कारण क्षतिग्रस्त संरचनाको पुनर्स्थापना, पुनःनिर्माण र नवनिर्माणमा ध्यान गयो । यसका लागि हामीलाई अधिकभन्दा अधिक निर्माण समाग्री आवश्यक हुनाले माग नियमितभन्दा अधिक भई यस्ता सामग्रीको आयात बढ्न गयो ।

नेपालको संविधान २०७२ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वअन्तर्गत धारा ५१ (३) अर्थ उद्योग वाणिज्यसम्बन्धी नीतिको उपधारा (६) तुलनात्मक लाभको क्षेत्र पहिचान गरी उद्योगको विकास र विस्तारद्वारा निर्यात प्रवर्द्धन गर्दै वस्तु तथा सेवाको बजार विविधीकरण र विस्तार गर्ने भनिएको छ। संविधानमा तुलनात्मक लाभको क्षेत्र पहिचान भनिएबाट देशको लागि विकसित र ठूला देशको प्रविधिबाट बच्दै बढीभन्दा बढी फइदा लिन सक्ने क्षेत्र नै तुलनात्मक लाभको क्षेत्र मान्न सकिन्छ । निर्यात वस्तुको आधारमा भन्नुपर्दा हाल नेपालबाट निर्यात हुँदै आएका काठ तथा हस्तकला सामग्री, तयारी पोसाक, अलैंची, अदुवा, पश्मिना, उलन कार्पेट, नेपाली कागज र कागजका सामान, तयारी छालाका सामान, तरकारी, फलफूल, दाल, चिया, सुनचाँदीका गरगहाना जस्ता वस्तुलाई तुलनात्मक लाभका वस्तुअन्तर्गत राख्न सकिन्छ।

## उत्पादन विशेष कार्य

यस्तो अवस्थाको न्यून गर्न नेपाल राष्ट्र बैकले उत्पादन क्षेत्रमा लगानी बढाउनको लागि तोकिएको सीमासम्म कर्जा लगानी गर्नुपर्ने निर्देशन बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरेको छ । जसअनुसार वाणिज्य बैंकहरूले वि सं २०८० साल असार मसान्तसम्ममा कुल कर्जा लगानीको न्यूनतम ११ प्रतिशत कृषिमा, ६ प्रतिशत ऊर्जा क्षेत्रमा र ११ प्रतिशत लघु,

घरेलु साना एवम् मझौला उद्योगको क्षेत्रमा (रु १ करोडभन्दा कम रकममा कर्जा तथा प्रत्यक्ष रूपमा प्रवाह भएका विपन्न वर्ग कर्जासमेत) प्रवाह गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै विकास बैंकहरूले २०८० असार मसान्तसम्ममा कुल कर्जा लगानीको १६ प्रतिशत कृषि लघु, घरेलु तथा साना उद्यम व्यवसाय, ऊर्जा र पर्यटन क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी वित्त कम्पनीहरूले २०८० असार मसान्तसम्ममा कुल कर्जा लगानीको ११ प्रतिशत कृषि, लघु, घरेलु तथा साना उद्यम, व्यवसाय ऊर्जा र पर्यटन क्षेत्रमा कर्जाप्रवाह गर्नुपर्ने व्यवस्था गरेको छ (मौद्रिक नीति अर्धवार्षिक समीक्षा २०७९) यस्तो व्यवस्थाले उत्पादन बढ्न गई आयात कमी हुने देखिन्छ। फलतः परनिर्भरताबाट देखिने नकारात्मक असर न्यून हुँदै जान सक्छ।

लगानी र उत्पादन बढाउँदै निर्यात बढाउने र आयात घटाउने उद्देश्यले हामीले विभिन्न कार्य गर्दै आएका छौं। यस क्रममा हामीले मुलुकका विभिन्न स्थानको अलावा भैरहवामा विशेष आर्थिक क्षेत्र (special economic zone/SEZ) स्थापना गर्ने कार्य भएको छ । यस्तो क्षेत्रमा उपलब्ध सुविधाले थप उत्पादन हुने देखिन्छ। त्यस्तै, रूग्ण उद्योगलाई थप सुविधाको व्यवस्था गरिएको छ । यद्यपि यी सबैबाट उद्देश्यअनुरूप प्रतिफल प्राप्त हुन सकेको छैन । औद्योगिक विकास र विस्तारको लागि मुलुकमा भएका थुप्रै प्रयासको बाबजुद पनि राजनैतिक अस्थिर, औद्योगिक सुरक्षा, असहज श्रम सम्बन्ध, ऊर्जाको न्यून आपूर्ति, कमजोर औद्योगिक पूर्वाधार, प्राविधिक एवम् दक्ष जनशक्तिको अभावजस्ता समस्या कायमै रहेका छन्। आशा गरौं अबका दिनमा यस्ता समस्या हराउँदै जानेछन् र यस क्षेत्रको प्रतिफलले व्यापार घाटा न्यूनीकरणमा सहयोग पुग्ने छ। त्यस्तै हामीले मेड इन नेपाल र मेक इन नेपाल अभियान चलाएका छौं यद्यपि यस्तो अभियानले मूर्त रूप लिन सकेको छैन । यस्तो अभियान सफल नहुनुका कारण खोजी गर्नु परेको छ। यस्तो कार्यका लागि विशेष सहुलियत प्रदान गर्न गरी अभियानलाई सफल पार्नु सबैको दायित्व देखिन्छ।

**अन्त्यमा,**

पहिले भूकम्प र पछि कोभिडसँग जोडिएको विशेष परिस्थितिको कारण आयातको थप आवश्यकता पर्ने र कम उत्पादनको अवस्था सिर्जना हुँदा हालका दिनमा देखिएको हाम्रो निर्यात व्यापारको अवस्थाले आगामी दिनमा हुने अधिक व्यापार घाटालाई न्यून गर्ने अवस्था देखिँदैन । यसकारण अवका दिनमा हुने उत्पादनमा आयात व्यापार कम गर्ने रणनीति नै आवश्यक पर्दछ । कृषि क्षेत्रमा हुने लगानीले कमजोर कृषिको अवस्था समाप्त पार्दै कृषि उत्पादनको आयातमा कमी, उत्पादन र उत्पादकत्वमा वृद्धि गर्नुपर्दछ। तुलनात्मक लाभका वस्तुको खोजी, पहिचान, लगानी, उत्पादन, उपभोग र त्यसको निर्यातमा जोड दिँदै पूर्वाधार र ऊर्जाको विकास र विस्तार गरी स्तरीय औद्योगिक वस्तुको उत्पादन गर्दै छिमेकी राष्ट्रको बृहत् औद्योगिक उत्पादनसँग कुनै न कुनै आधारमा प्रतिस्पर्धा गर्ने रणनीति बनाउँदै हामी अगाडि पुग्नैपर्छ।

यस्तो कार्य गर्न राज्यले उत्पादकलाई अधिक र विशेष सहयोग गर्नुपर्दछ, जसबाट हाम्रो उत्पादन लागत घट्न र उत्पादकत्व बढ्न सकोस्। त्यस्तै आयात प्रतिस्थापन उत्पादन र निर्यात प्रवर्द्धनमा जोड दिने पुरानो कार्यलाई यथावत् राख्नुपर्दछ। तर यी सबैको लागि ऐन नियम, सरकारी लगानी र सहुलियत आवश्यक पर्दछ । अर्थात् उत्पादनको लागि आवश्यक पर्ने सबै काम कुरालाई राज्यले विशेष सहुलियत दिन बिर्सनु हुँदैन।

वि.सं. २०४६ सालको आन्दोलनपछि सुरु भएको अस्थिर राजनैतिक अवस्था संविधान निर्माण र कार्यान्वयनपश्चात् पनि कायम रहेको छ । यस आधारमा यो अस्थिर अवधि झण्डै दुई दशक नजिक पुगेको देखिन्छ। अस्थिर अवस्थाले औद्योगिक क्षेत्रको अवस्था बिग्रँदै गएर लगानी तथा उत्पादनमा प्रतिकुल असर पर्नाले आयात निर्यातबीच सन्तुलन कायम गर्न सकिएन । फलतः हाम्रो व्यापार घाटा दिनानुदिन बढ्दै गएको छ। जुन अवस्था हाम्रा लागि एक चुनौतीको विषय भएको छ । यसकारण हामीले हाम्रो वैदेशिक व्यापारलाई आफ्नो पक्षमा ल्याउने चुनौतीमा कमी आएको छैन । यसको लागि हामीले उत्पादन तथा औद्योगिक क्षेत्रमा देखा परेका र रहेका समस्याहरू विशेष गरी राजनैतिक अस्थिरता, औद्योगिक सुरक्षा, वैदेशिक लगानीमा कमी, असहज श्रम सम्बन्ध, ऊर्जाको न्यून आपूर्ति, कमजोर औद्योगिक पूर्वाधार, प्राविधिक एवम् दक्ष जनशक्तिको अपर्याप्तता, कमजोर आपूर्ति व्यवस्था, न्यून वैदेशिक लगानीजस्ता समस्याहरूको

समाधान गर्दै उत्पादन गर्नुको साथै हाम्रो आयातमा बाहुल्य रहेका वस्तुलाई प्रतिस्थापन गर्ने वस्तुको उत्पादन वृद्धि गरी आयात न्यून गर्नुपर्ने देखिन्छ ।

ठूला राष्ट्रको बृहत् उत्पादनका कारण हाम्रा घरेलु तथा साना उद्योगको अवस्थासमेत दयनीय हुँदै गएको छ। आयातीत वस्तु सस्तो पर्न जाँदा र हाम्रो उत्पादन लागत बढ्नाले कतिपय घरेलु तथा साना उद्योगबाट उत्पादित वस्तुले समेत औद्योगिक राष्ट्रका उत्पादनसँग प्रतिस्पर्धा गर्नुपरेको छ। यस्तो अवस्थामा तुलनात्मक लाभका वस्तुहरूको खोजी, लगानी, विकास, विस्तार उत्पादन गर्ने हो भने हामीकहाँ रहेको सस्तो श्रमको कारण हामीले स्तरीय वस्तुको उत्पादन कम खर्चबाट गर्न सक्यौं भने अवश्य पनि हामीले औद्योगिक राष्ट्रबाट उत्पादित वस्तुसँग प्रतिसपर्धा गर्न सकिने देखिन्छ । यसका साथै हामी आफै सक्षम नभएको क्षेत्रमा विशेष नीतिका साथ वैदेशिक लगानी भित्र्याउँदै यहीँका व्यक्तिहरूलाई रोजगारी प्रदान गर्ने रणनीति तयार गरी रोजगारी, आम्दानी, उत्पादन, निर्यात वृद्धि जस्ता कार्य गर्न सकियो भने हालका दिनमा देखिएको तीव्र व्यापार घाटालाई कम गर्न सकिने देखिन्छ । लगानी, उत्पादन, आयात, निर्यातका क्षेत्रमा पछिल्लो समय जेजस्ता असजिला अवस्थाहरू देखिएका छन् सबै अस्थिर राजनैतिक अवस्थाका कारण सिर्जना भएका हुँदा मुलुकको अस्थिर अवस्थाको अन्त्यसँगै हाम्रा धेरै समस्या स्वतः हट्दै जानेछन् र व्यापार घाटा तथा मुलुकको आर्थिक अवस्थामा सुधार हुने देखिन्छ ।

●●●

# मौद्रिक नीतिमा सहकारीसम्बन्धी व्यवस्था

■ डा. रमेशप्रसाद चौलागाईं*

## परिचय

वि.सं. २०५० सालको दशकदेखि आएको संख्यात्मक व्यापकता र बढ्दै गएको जनचासोका कारण नेपालको अन्तरिम संविधान, २०६३ ले सहकारी क्षेत्रलाई अर्थतन्त्रका तीनमध्ये एक आधार स्तम्भका रूपमा स्थापित गऱ्यो। यसैको निरन्तरतास्वरूप नेपालको संविधानको धारा ५१ (घ१) मा 'राज्यको अर्थनीति सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने' भनी उल्लेख गरियो। अर्थ मन्त्रालयको तथ्याङ्कअनुसार, २०७८ फागुनसम्म नेपालभर झण्डै १४ हजार बचत तथा ऋण सहकारीसमेत जम्मा ३०,८७९ सहकारी संस्था क्रियाशील रहेको, जसले समग्रमा करीब ७३.३७ लाख सदस्यको सेयरपुँजी र बचत गरी करिब रु.५७२ अर्बको आर्थिक स्रोत सङ्कलन गरी रु.४२६ अर्ब ऋण परिचालन गरेको देखिन्छ। यस आधारमा यो क्षेत्रलाई थप सबल, विश्वसनीय र दिगो बनाउनुपर्ने चुनौती थपिएको छ।

बचत तथा ऋण सहकारीको वर्गमा झण्डै १४ हजार सहकारी संस्था सञ्चालनमा रहेको देखिए तापनि बाँकी सहकारीमध्ये अधिकांशले बचत तथा ऋणसमेत वा कतिपयले बचत तथा ऋणको मात्र कारोबार गर्दै आएका छन्। यस आधारमा नेपालका अधिकांश सहकारी संस्थाको व्यवसाय र कारोबार बचत तथा ऋणमा केन्द्रित रहेको देखिन्छ।

समग्रमा सहकारी क्षेत्रले करिब ९१ हजारलाई प्रत्यक्ष रोजगारी दिएको आँकडा छ। सहकारीका सदस्य संख्या देशभरको कुल जनसंख्याको करिब २५ प्रतिशत र उल्लिखित बचत परिचालनको अनुपात देशका सम्पूर्ण बैंक, वित्तीय संस्था र सहकारी क्षेत्रको कुल बचत परिचालनको कम्तीमा १० प्रतिशत हुन आउँछ। यसले, देशको वित्तीय स्रोत र साधनको परिचालनमा सहकारी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको देखिन्छ। साथै, सहभागिता र कारोबारका आधारमा सहकारी क्षेत्रले सदस्यहरूको वित्तीय चेतना अभिवृद्धिका साथै वित्तीय पहुँच वृद्धि गर्दै वित्तीय समावेशिता बढाउन उल्लेख्य भूमिका खेलेको देखिन्छ।

विगत लामो समयदेखि सदस्यद्वारा स्थापित, सञ्चालित र नियन्त्रित हुने विश्वव्यापी मान्यताका आधारमा सहकारी क्षेत्रलाई स्वनियमनमा रहने संस्थाका रूपमा लिने गरिएको थियो। सोही कुरालाई आधार मानी सहकारी ऐन, २०४८ र सहकारी नियमावली, २०४९ तर्जुमा गरिएको थियो। यसै आधारमा सहकारीलाई बाह्य सुपरिवेक्षणको आवश्यकता नपर्ने विश्वास पनि गरिएको थियो। त्यसले गर्दा पनि सहकारीलाई अलग्गै नियमन तथा सुपरिवेक्षण गर्ने कानुनी र संस्थागत संयन्त्रको परिकल्पना नगरिएको देखिन्छ। तथापि, नेपालका सहकारी क्षेत्रमा पचासको दशकदेखि केही विकृति भित्रिन थाले। समग्र वित्तीय क्षेत्रमा करिब एक दसांश हिस्सा रहेको सहकारी क्षेत्रलाई मौद्रिक अधिकारीका हैसियतमा नेपाल राष्ट्र बैंकले सुरुदेखि नै आंशिक रूपमा ध्यान दिएको र सहकारी क्षेत्रमा सुशासनलगायतका वित्तीय सङ्कट बढ्दै गएपश्चात् यस क्षेत्रको व्यवस्थापनमा केही थप कार्य गर्न थालेको छ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ जारी भएपश्चात् बैंकले हरेक आर्थिक वर्षका लागि तयार पार्ने मौद्रिक नीतिमा सहकारी सम्बन्धी विभिन्न नीतिगत कार्यक्रम घोषणा गरेको देखिन्छ। बैंकले मूलतः मौद्रिक नीति र विवेकशील नियमनका माध्यमले वित्तीय पहुँच वृद्धि, वित्तीय साक्षरता प्रवर्द्धन र वित्तीय ग्राहक संरक्षणका माध्यमबाट वित्तीय समावेशिताको दिशा तय गर्ने र यसको घनत्व बढाउने प्रयास गरिरहेको हुन्छ। पछिल्लो दशकमा वित्तीय समावेशिता, वित्तीय पहुँच अभिवृद्धि, वित्तीय साक्षरता, डिजिटलाइजेसन र वित्तीय ग्राहक संरक्षणसम्बन्धी विषयहरू मौद्रिक नीतिको केन्द्रीय विषयवस्तु बनेको छ। यस सन्दर्भमा, यस लेखमा मौद्रिक नीतिमा व्यवस्था भएका सहकारीसम्बन्धी नीतिगत व्यवस्थाबारे चर्चा गरिएको छ।

* उप-निर्देशक, नेपाल राष्ट्र बैंक

**पहिलो चरण** (आर्थिक वर्ष २०५९/६०–२०६३/६४)

नेपाल राष्ट्र बैंक ऐन, २०५८ जारी हुनपूर्व करिब ४३ वटा सहकारीलाई बैंकले सीमित बैंकिङ कारोबार गर्ने स्वीकृति दिएको थियो भने समयसमयमा ती सहकारी संस्थाको अनुगमन पनि गर्दै आएको थियो। आर्थिक वर्ष २०५९/६० को मौद्रिक नीतिमा पहिलो पटक बचत तथा ऋण सहकारी संस्थाको नियमन, निरीक्षण र सुपरिवेक्षण गर्ने एक छुट्टै निकायको व्यवस्था हुनु जरुरी रहेको उल्लेख थियो। आर्थिक वर्ष २०६१/६२ को मौद्रिक नीतिमा यस बैंकबाट स्वीकृतिप्राप्त सहकारी संस्था र वित्तीय मध्यस्थतासम्बन्धी कार्य गर्न स्वीकृतिप्राप्त गैरसरकारी संस्थाको निरीक्षण र सुपरिवेक्षणसम्बन्धी कार्य हाल नेपाल राष्ट्र बैंकबाट भइरहेकोमा ती संस्थाको सुपरिवेक्षकीय निकायको रूपमा एउटा छुट्टै Second-Tier Institution (STI) स्थापना गर्नेतर्फ आवश्यक व्यवस्था गरिने व्यवस्था उल्लेख गरिएको थियो।

साथै, सहकारी ऐन, २०४८ अन्तर्गत स्थापना भई सञ्चालनमा रहेका वित्तीय सहकारी संस्थाको नियमन, निरीक्षण तथा सुपरिवेक्षण कार्य गर्न संस्थागत व्यवस्था गरिने उल्लेख गरिएको थियो। यसबाट जनताको वित्तीय पहुँच बढाउँदै वित्तीय समावेशिता अभिवृद्धि गर्ने काममा सहकारीको भूमिका महत्वपूर्ण रहेको बिषय समेट्दै सबै सहकारीलाई वित्तीय अनुशासनको वाञ्छित सीमामा राख्न आवश्यक रहेको सन्दर्भमा सहकारीको नियमन, निरीक्षण र सुपरिवेक्षण गर्न आवश्यक ठानिएको देख्न सकिन्छ।

आर्थिक वर्ष २०६२/६३ को मौद्रिक नीतिमा लघुवित्त वित्तीय संस्था र समुदायमा आधारित लघुबचत तथा लघुकर्जा कार्यक्रम सञ्चालन गर्दै आएका विभिन्न सहकारी र समुदायमा आधारित संस्थालाई एउटै कानुनी दायराभित्र ल्याउने उद्देश्यले भइरहेका ऐनलाई समायोजन गरेर एक लघुवित्त ऐन तर्जुमा गरी लागू गरिने उल्लेख थियो। लघुवित्त तथा ग्रामीण कर्जा देशको अर्थतन्त्रको लागि अति आवश्यक रहेको परिप्रेक्ष्यमा 'राष्ट्रिय लघुवित्त नीति' तर्जुमापश्चात् सोको कार्यान्वयनका लागि छुट्टै लघुवित्त ऐनको तर्जुमा गरी सो ऐनअन्तर्गत प्रभावकारी नियमन, निरीक्षण तथा सुपरिवेक्षणका लागि STI खडा गर्ने कार्यलाई अगाडि बढाइने पुनः उल्लेख गरिएको थियो। आर्थिक वर्ष २०६३/६४ को मौद्रिक नीतिमा लघुवित्तसम्बन्धी कारोबार गर्ने विकास बैंक, बचत तथा ऋण सहकारी संस्था तथा गैरसरकारी संस्थाको लागि लघुवित्तसम्बन्धी छाता ऐन जारी भएपछि सो ऐनअन्तर्गत क्त्क्ष् को स्थापना गरी सो संस्थाबाट त्यस्ता लघुवित्तसम्बन्धी कारोबारमा संलग्न संस्थाको नियमन, निरीक्षण र सुपरिवेक्षण गर्ने व्यवस्था मिलाइने उल्लेख गरिएको थियो। यी व्यवस्थाले वित्तीय पहुँचमार्फत वित्तीय समावेशिता अभिवृद्धि गर्न सहकारीका साथै लघुवित्त संस्थाको स्थापना र सुपरिवेक्षणमा जोड दिइएको देखिन्छ। यद्यपि, आर्थिक वर्ष २०६३/६४ मै राष्ट्रिय लघुवित्त नीति तर्जुमा गर्ने उल्लेख भए तापनि लघुवित्त ऐनको तर्जुमा भने हालसम्म भएको देखिँदैन।

**दोस्रो चरण** (आर्थिक वर्ष २०६४/६५–२०६८/६९)

आर्थिक वर्ष २०६४/६५ को मौद्रिक नीतिमा राष्ट्रिय लघुवित्त नीति, २०६४ मा उल्लिखित लघुवित्त विकास बैंक, वित्तीय सहकारी र वित्तीय गैरसरकारी संस्थाको निरीक्षण तथा सुपरिवेक्षण गर्न एक छुट्टै दोस्रो तहको निकाय STI गठन गरिने कुरा पुनः दोहोऱ्याइएको थियो। प्रस्तावित दोस्रो तहको निकायको नियमन तथा सुपरिवेक्षण यस बैंकले गर्ने उल्लेख गरिएको थियो। आर्थिक वर्ष २०६६/६७ को मौद्रिक नीतिमा लघुवित्त विकास बैंक तथा अन्य वित्तीय सहकारी/गैरसरकारी संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरिवेक्षणसम्बन्धी कार्यको लागि एक छुट्टै दोस्रो तहको निकाय STI को गठनको कुरा पुनः दोहोऱ्याउँदै र राष्ट्रिय लघुवित्त नीति, २०६४ मा व्यवस्था भएबमोजिमको लघुवित्त विकास कोषको रकम परिचालन गर्ने सम्बन्धमा लघुवित्त ऐनको मस्यौदा तयार गरी नेपाल सरकारसमक्ष पेस गरिने उल्लेख गरियो।

आर्थिक वर्ष २०६७/६८ को मौद्रिक नीतिमा लघुवित्त संस्थाको नियमन, निरीक्षण तथा सुपरिवेक्षणका लागि दोस्रो तहको नियामक निकाय STI को रूपमा लघुवित्त प्राधिकरणको स्थापना गर्ने कार्यलाई अघि बढाइने पुनः उल्लेख गरिएको थियो। आर्थिक वर्ष २०६८/६९ को मौद्रिक नीतिमा बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाबाट ठूलो मात्रामा बचत परिचालन तथा कर्जा प्रवाह भएकोले वित्तीय मध्यस्थताको सेवामा प्रतिस्पर्धा र वित्तीय पहुँच अभिवृद्धिमा पनि सहयोग पुगेको ब्यहोरा उल्लेख थियो। यस्तै, STI

को रूपमा लघुवित्त प्राधिकरण गठन गर्ने कार्यको लागि आवश्यक ऐनको मस्यौदा नेपाल सरकारसमक्ष पठाइएको र सहकारी तथा लघुवित्त संस्थाको नियमन, निरीक्षण तथा सुपरिवेक्षणका लागि नियामक निकायको रूपमा लघुवित्त प्राधिकरण स्थापना गर्ने कार्यलाई शीघ्र अगाडि बढाइने पुनः उल्लेख गरिएको थियो ।

## तेस्रो चरण (आर्थिक वर्ष २०६९/७०–२०७३/७४)

आर्थिक वर्ष २०७०/७१ को मौद्रिक नीतिमा पहिलो पटक वार्षिक रु.५० करोडभन्दा बढीको कारोबार गर्ने बचत तथा ऋण सहकारी संस्थाको अनुगमनमा सहकारी विभागलाई यस बैंकबाट विशेषज्ञ सेवा उपलब्ध गराइने उल्लेख थियो । यद्यपि, बैंकको तर्फबाट केही सहकारीको स्थलगत अनुगमन गर्दै सहकारी विभागका जनशक्तिलाई सहकारीको अनुगमन गर्न सशक्तीकरण गर्ने उद्देश्यले २०६६ फागुनदेखि कर्मचारी खटाइएको थियो । यसरी अनुगमन गर्दा सहकारी सदस्यलगायत सरोकारवालाको आशा जागेको थियो । सहकारी क्षेत्रका विभिन्न समस्या, चुनौती र कमजोरीलाई उजागर गरेको यो अनुगमन कार्य निरन्तर रूपमा अघि बढ्न भने सकेन । यद्यपि, सहकारी क्षेत्रमा बढ्दो कारोबारका कारणले विभिन्न चुनौती देखापरेको सन्दर्भमा नेपाल राष्ट्र बैंकले विशेषज्ञ सेवा उपलब्ध गराई केही सहकारीको अनुगमन निरीक्षण सम्पन्न गरेपश्चात् आर्थिक वर्ष २०७०/७१ को मौद्रिक नीतिमा वार्षिक रु.५० करोडभन्दा बढीको कारोबार गर्ने बचत तथा ऋण सहकारी संस्थाको अनुगमनमा सहकारी विभागलाई राष्ट्र बैंकबाट विशेषज्ञ सेवा उपलब्ध गराइने उल्लेख भएको हो । आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीतिमा बचत तथा ऋण सहकारी संस्थाका साथै लघुवित्त कारोबार गर्ने संस्थाको संख्यामा उल्लेख्य वृद्धि भइरहेको र यी संस्थाको प्रभावकारी नियमन तथा सुपरिवेक्षण गर्न एउटा छुट्टै सबल निकायको आवश्यकता रहेको कुरा पुनः उल्लेख गरिएको थियो ।

## चौथो चरण (आर्थिक वर्ष २०७४/७५–२०७९/८०)

आर्थिक वर्ष २०७४/७५ को मौद्रिक नीतिमा बचत तथा ऋण सहकारी संस्थाहरूको संख्या र साधन परिचालनमा भएको वृद्धिले वित्तीय पहुँच विस्तारमा थप सहयोग पुगे तापनि सहकारीहरूको नियमन र सुपरिवेक्षण प्रभावकारी बनाई समग्र वित्तीय क्षेत्रको स्थायित्व कायम गर्ने चुनौती भने बढ्दै गएको उल्लेख गरिएको थियो । आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिमा बचत तथा ऋणसम्बन्धी कारोबार गर्ने सहकारी संस्थाबाहेकका अन्य विषयगत सहकारी संस्थाका समूह सदस्यमार्फत सामूहिक खेती तथा पशुपन्छी पालन गर्ने प्रयोजनको लागि प्रतिसदस्य रु. पाँच लाख ननाघ्नेगरी त्यस्ता सहकारी संस्थालाई वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीले कर्जा उपलब्ध गराउन सक्ने व्यवस्था मिलाइने उल्लेख गरियो । आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा व्यवस्था भएबमोजिम बचत तथा ऋण सहकारी र गैरसरकारी संस्थाको प्रभावकारी नियमन, निरीक्षण तथा सुपरिवेक्षणको निम्ति STI स्थापना गर्ने उल्लेख भएकोमा आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिमा बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, निरीक्षण तथा सुपरिवेक्षण व्यवस्थालाई प्रभावकारी बनाउन राष्ट्र बैंकले आवश्यक सहयोग पुर्‍याउने उल्लेख गरिएको छ ।

## समीक्षा

नेपालमा ३० हजारभन्दा बढी सहकारी संस्थाहरू सञ्चालित रहेकोमा बचत तथा ऋण वर्गमा मात्रै झण्डै १४ हजार संस्था छन् । तथापि, तीबाहेकका अन्य सहकारीमध्ये पनि अधिकांशले बचत तथा ऋणसमेत वा बचत तथा ऋणको मात्रै कारोबार गर्दै आएको पाइन्छ । यस आधारमा नेपालका अधिकांश सहकारीको व्यवसाय र कारोबार बचत तथा ऋणमा केन्द्रित रहेको भन्न सकिन्छ । तसर्थ, बचत तथा ऋणको कारोबारलाई वित्तीय कारोबारका रूपमा ग्रहण गर्ने हो भने नेपालका धेरैजसो सहकारीलाई मूलतः वित्तीय सहकारीका रूपमा पनि लिन सकिन्छ । वित्तीय सहकारीको बढ्दो कारोबारले वित्तीय क्षेत्रको स्थायित्वमा प्रत्यक्ष रूपले प्रभाव पार्ने देखिन्छ । सहकारीमा यस प्रकारले बढ्दै गएको वित्तीय कारोबार मौद्रिक अधिकारीको सुपरिवेक्षकीय दायराबाट अलग रहँदा वित्तीय क्षेत्र स्थायित्वमा चुनौती आउनसक्ने देखिन्छ । वित्तीय क्षेत्रको स्थायित्व कायम गर्नु नेपाल राष्ट्र बैंकको प्राथमिक जिम्मेवारी हो । सहकारी क्षेत्रमा पारदर्शिता, सुशासन र स्वनियमनको अवस्था नाजुक देखिँदा यी संस्थाका वित्तीय कारोबारको सही आँकडा मौद्रिक व्यवस्थापनमा अङ्कित हुन सक्ने अवस्था कमजोर रहेको छ । मुलुकमा वित्तीय क्षेत्र स्थायित्व कायम राख्ने सन्दर्भमा

राष्ट्रिय तथ्याङ्कमा जोडिन आवश्यक देखिएको सहकारीको कारोबारले मौद्रिक व्यवस्थापनलाई यथार्थपरक बनाउन थप मद्दत गर्दछ ।

नेपाल राष्ट्र बैंकले मौद्रिक नीति घोषणाको सुरुआतदेखि नै सहकारी क्षेत्रको विकासमा नीतिगत व्यवस्था गर्दै आएको देखिए तापनि कतिपय व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुन बाँकी छ । मुख्यतया बचत तथा ऋण सहकारी संस्थाहरूको नियमन, निरीक्षण र सुपरिवेक्षण गर्ने अलग्गै निकायका रूपमा STI स्थापना गर्नेसम्बन्धी व्यवस्था कार्यान्वयन हुन अझै बाँकी देखिन्छ । सहकारी क्षेत्रमा विकृति मौलाउँदै गएको सन्दर्भमा राष्ट्र बैंकले सहकारी क्षेत्रलाई यथोचित नियमन, निरीक्षण र सुपरिवेक्षणका माध्यमले प्रभावकारी बनाउन लामो समयदेखि प्रस्ताव गरेको उक्त संस्थाको महत्व अझ बढ्दै गएको छ । त्यस्तै, विगतका मौद्रिक नीतिमा धेरै पटक उल्लेख भएको लघुवित्त ऐन तयार हुन पनि बाँकी नै देखिन्छ । मुलुकमा समग्र वित्तीय स्थायित्व कायम गर्ने सन्दर्भमा सहकारी क्षेत्रलाई थप पारदर्शी र सदस्यमुखी बनाई सहकारी क्षेत्रले वित्तीय क्षेत्रमा पुऱ्याउँदै आएको योगदानलाई वित्तीय मूल प्रवाहमा समेट्न आवश्यक छ ।

## नेपाल राष्ट्र बैंक र सहकारी क्षेत्रको सम्बन्ध

२०६५/६६ तिर नेपालको वित्तीय बजारमा अल्पकालीन बैंकिङ तरलता सङ्कट सिर्जना भएको र यसो हुनुमा नेपालका सहकारीको जिम्मेवारी कति हो ? भन्नेसमेतको विषयलाई लिएर नेपाल सरकारको अनुरोधमा नेपाल राष्ट्र बैंकले २०६६ देखि २०६९ सालसम्म सहकारी विभागमा रही केही ठूला सहकारीहरूलाई सुपरिवेक्षणमा सघाउने र सहकारीले नेपालको वित्तीय क्षेत्रमा खेलेको भूमिकालाई वस्तुपरक ढङ्गले मूल्याङ्कनसमेत गर्ने उद्देश्यका साथ केही ठूला सहकारी संस्थाको स्थलगत निरीक्षण कार्य सम्पन्न गरेको थियो । यो कार्यले सहकारी क्षेत्रमा रहेका विभिन्न चुनौतीलाई समेटेर सोको सामाधानका लागि आधारभूत खाका बनाउन महत्वपूर्ण भूमिका खेलेको थियो । यसले सहकारी क्षेत्रमा सदस्य र आम मानिसको विश्वास पनि जगाएको थियो । तथापि सहरी र सहरोन्मुख क्षेत्रका केही संस्थामा गरिएको यो निरीक्षण कार्यलाई कतिपय सहकारीकर्मीले त्यति रुचाएनन् । फलतः यो कार्यले निरन्तरता पाउन पनि सकेन । सहकारी क्षेत्रका विभिन्न विषयवस्तुलाई उजागर गरेको उक्त अनुगमन कार्य सम्पन्न भएको केही वर्षपश्चात् नयाँ सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ तर्जुमा भएको थियो ।

यसरी बनेको सहकारी ऐन, २०७४ र नियमावली, २०७५ मा रु. पचास करोडभन्दा बढी कारोबार गर्ने सहकारी संस्थाको निरीक्षण र सुपरिवेक्षण नेपाल राष्ट्र बैंकले गर्न/गराउन सक्ने व्यवस्था गरेको छ । यद्यपि, सहकारी ऐन, २०७४ पारित भएपश्चात् आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीतिमार्फत त्यसअघि सीमित बैंकिङ कारोबार गर्न यस बैंकबाट इजाजतपत्र प्राप्त गरेका बाँकी १५ वटा सहकारीलाई २०७५ साउन १ देखि बैंकको सुपरिवेक्षकीय दायराबाट अलग गरिएको थियो । १५ वटाबाहेकका सहकारी संस्थालाई पटकपटक गरी यसपूर्व नै राष्ट्र बैंकको सुपरिवेक्षकीय दायराबाट अलग गरिएको थियो ।

सन् २०१९ मा, करिब नौ करोड जनताको साँढे पाँच लाख करोड भारतीय रुपैयाँको निक्षेप कारोबार गरिरहेका १,५४० वटा सहकारी बैंकहरूमा सदस्यहरूको निक्षेपको असुरक्षा बढ्दै गएपछि भारत सरकारले ती सहकारीको व्यावसायिकता अभिवृद्धि गर्ने उद्देश्यले एउटा कानुन बनाएरै केन्द्रीय बैंकले तिनको अनुगमन गर्ने ब्यवस्था गरेको थियो । नेपालको संविधानमा सहकारी क्षेत्रलाई अर्थतन्त्रका तीनमध्ये एक आधार स्तम्भका रूपमा ग्रहण गरिएको, संविधानमा सहकारीलाई संघीय सरकारसमेतको कार्य क्षेत्रमा राखिएको, समग्र सहकारीमा करिब ७४ लाख सदस्य रहेको, करिब छ अर्ब निक्षेप सेयर पुँजी परिचालन गरिरहेको, बैंक समूहपछिको सबैभन्दा ठूलो वित्तीय कारोबार गरिरहेको सहकारी समूहको समग्र वित्तीय प्रणालीमा महत्वपूर्ण भूमिका रहेको सन्दर्भमा यस क्षेत्रको स्थायित्वमा नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्नु पर्नेछ ।

सहकारी ऐन, २०७४ को दफा ९५(२) र सहकारी नियमावली, २०७५ को नियम ७१(१) मा ५० करोडभन्दा बढी कारोबार गर्ने सहकारीलाई नेपाल राष्ट्र बैंकले अनुगमन गर्ने व्यवस्था रहेको, भारतमा समेत सहकारीलाई केन्द्रीय बैंकले कानुनबमोजिम सुपरिवेक्षण गर्ने व्यवस्था रहेको र वित्तीय क्षेत्रमा कम्तीमा १० प्रतिशत हिस्सा रहेको सहकारी क्षेत्रले वित्तीय पहुँच, वित्तीय सेवा विस्तार, वित्तीय समावेशिता

आदिका माध्यमले समग्र आर्थिक तथा वित्तीय स्थायित्व हासिल गर्ने कार्यमा प्रभाव पार्ने गरेको आधारमा सहकारी क्षेत्रलाई बलियो नियमन र सुपरिवेक्षणको दायरामा समेट्नुपर्ने आवश्यकता छ।

सरोकारवालाबीच उच्चस्तरको समन्वय कायम गर्दै सहकारीलाई प्रचलित कानुनबमोजिम प्रभावकारी अनुगमन गर्ने व्यवस्था कार्यान्वयनका माध्यमले सहकारीमार्फत वित्तीय साक्षरता अभिवृद्धि र वित्तीय पहुँच विस्तार गर्दै वित्तीय समावेशिताको गति तीव्र बनाउँदै लैजान आवश्यक रहेकोले सहकारी क्षेत्रको थप विकासमा केन्द्रीय बैंकको भूमिका विस्तारको आवश्यकता देखिएको छ। यस प्रकारको भूमिका चरणबद्ध रूपमा अघि बढाउनु सान्दर्भिक हुन्छ । साथै, सहकारी क्षेत्रको वित्तीय कारोबार व्यक्तिगत र संस्थागत दुवै रूपले बैंक तथा वित्तीय संस्थाहरू जोडिने भएकाले सहकारी क्षेत्रको स्वस्थ विकासमा नेपाल राष्ट्र बैंकले समेत प्रभावकारी भूमिका खेल्न आवश्यक छ।

## निष्कर्ष

देशको वित्तीय प्रणालीमा करिब १० प्रतिशत हिस्सा ओगटेको साथै निक्षेप र कर्जाका हिसाबले सहकारी क्षेत्र नेपालको 'क' वर्गका बैंकपछिको सबैभन्दा ठूलो क्षेत्र हो । स्वनियमनको दार्शनिक आधारमा स्थापित सहकारी क्षेत्रमा पछिल्लो समयमा विभिन्न विकृतिहरू देखिएको कारणले सहकारी क्षेत्र प्रभावकारी नियमनको दायरामा समेटिन नसक्दा यो क्षेत्रलाई 'छाया बैंकिङ' क्षेत्रका रूपमा व्याख्या गर्नेहरूको संख्या बढ्दैछ भने यो क्षेत्र सम्पत्ति शुद्धीकरणको सम्भावनायुक्त क्षेत्रका रूपमा पनि विकास हुनसक्ने देखिन्छ। सहकारी क्षेत्रमा बढ्दै गएको अपारदर्शिता र कमजोर सुशासनका कारणले वित्तीय क्षेत्र विकास रणनीतिको सफल कार्यान्वयन र मौद्रिक व्यवस्थापनमा पनि यसले चुनौती थपेको छ। यस आधारमा सहकारी क्षेत्रलाई प्रभावकारी नियमन र सुपरिवेक्षणको दायरामा समेट्न आवश्यक छ।

नेपाल राष्ट्र बैंकको लामो प्रयासका बाबजुद विगत लामो समयदेखि नै सहकारीको प्रभावकारी सुपरिवेक्षण कार्यलाई धेरै पटक मौद्रिक नीतिमार्फत व्यवस्था गर्नुका साथै नयाँ सहकारी ऐन, २०७४ र नियमावली, २०७५ मा नेपाल राष्ट्र बैंकले समेत रु.५० करोडभन्दा बढी कारोबार गर्ने सहकारीको सुपरिवेक्षण गर्नसक्ने व्यवस्था पनि कार्यान्वयन हुन बाँकी छ। मौद्रिक नीतिमा धेरै पटक सहकारी र लघुवित्त संस्थालाई प्रभावकारी सुपरिवेक्षण गर्न Second Tier Institutions का रूपमा अलग प्राधिकरणको स्थापना गर्ने सन्दर्भ उठाए तापनि सोको कार्यान्वयन पनि हालसम्म हुन सकेको देखिँदैन। त्यस्तै, धेरैपटक नीतिगत व्यवस्था भएको लघुवित्त ऐनको तर्जुमा हुन पनि बाँकी नै रहेको देखिन्छ। धेरै पटक नीतिगत व्यवस्था भएको लघुवित्त प्राधिकरणको स्थापना पनि हुनसकेको छैन।

संविधानले देशको प्रमुख तीन आर्थिक खम्बामध्येको एक खम्बा भनी सहकारी क्षेत्रलाई स्थापित गर्न खोजेअनुसार सरकारको प्रमुख आर्थिक/वित्त नीतिमा सहकारी सम्बन्धमा ल्याइएका उल्लिखित नीतिगत व्यवस्थालाई अझ विस्तार गर्न आवश्यक छ। सहकारीलाई अझ प्रभावकारी बनाउन बजेट र मौद्रिक नीतिमा उल्लेख गरिएका कार्यक्रमको प्रभावकारी कार्यान्वयन र सोको वस्तुपरक मूल्याङ्कन गर्न आवश्यक छ। सहकारीलाई गरिबी निवारण, असमानता न्यूनीकरण, वित्तीय पहुँच अभिवृद्धि, वित्तीय साक्षरता र समावेशिता प्रवर्द्धनको प्रभावकारी माध्यमका रूपमा विकास गर्न बजेटमा संविधानले परिकल्पना गरेझैँ थप महत्वसाथ अघि बढाउन आवश्यक छ। यसका लागि सहकारी, निजी क्षेत्र र सार्वजनिक क्षेत्रले सम्पन्न गर्ने, यीमध्येका द्विपक्षीय र त्रिपक्षीय साझेदारीमा सम्पन्न गर्ने कार्यक्रमलाई अलगअलग व्यवस्था गरी कार्यान्वयनमा जोड दिन सकेमा समाजवादतर्फको आर्थिक यात्रामा सहकारी क्षेत्रको योगदानलाई अझ बढी प्रभावकारी बनाउन सकिने सम्भावना छ।

आगामी दिनमा सहकारीमार्फत आर्थिक समृद्धि र रूपान्तरण हासिल गर्न वित्तीय प्रविधिको अत्यधिक प्रयोग, सहकारी क्षेत्रको व्यावसायिक सुपरिवेक्षण, सम्पत्ति शुद्धीकरण निवारण, सहकारी एकीकरण, सहकारी साक्षरता, सहकारी मूल्यमान्यता र सिद्धान्तको पूर्ण पालनामा जोड दिन आवश्यक छ। नेपाल राष्ट्र बैंकले सहकारीको निरीक्षण तथा अनुगमन गर्ने सम्बन्धमा मौद्रिक नीति, सहकारी ऐन र नियमावलीका व्यवस्थालाई कार्यान्वयन गर्ने गराउने कार्यमा संघीय, प्रादेशिक र स्थानीय सरकार, नेपाल राष्ट्र बैंक, सहकारी विभाग, सहकारी संस्थाका छाता सङ्गठनलगायतका सरोकारवाला समन्वयात्मक ढङ्गले अघि बढ्न आवश्यक छ। ●

# लघुवित्तका विविध सवाल

■ टीकाराम तिमिल्सिना*

## १. पृष्ठभूमि

आर्थिक रूपले विपन्न तथा अन्य वित्तीय संस्थामा सहज पहुँच नभएका व्यक्ति तथा समुदायमा वित्तीय सेवा विस्तार गर्दै गरिबी न्यूनीकरण गर्ने अभिप्रायले लघुवित्तसम्बन्धी अवधारणाको सुरुआत भएको थियो । यसमा सामान्यतया गरिबीको रेखामुनि रहेका मानिसको समूह निर्माण गरी सामूहिक जमानीमा विनाधितो साना प्रकृतिका कर्जा प्रदान गरिन्छ ।

यस अवधारणाको महत्वलाई उच्च सम्मान गर्दै संयुक्त राष्ट्र संघले सन् २००५ लाई लघुकर्जा वर्षको रूपमा मनाएको थियो भने सन् २००६ मा प्राध्यापक मोहम्मद युनुस र बङ्गलादेशको ग्रामीण बैंकलाई नोबेल विश्व शान्ति पुरस्कार प्रदान गरिएको थियो । यसैको प्रभावस्वरूप लघुवित्त सम्बद्ध संस्थाले सो समयमा विकसित देशहरूबाट गरिबी न्यूनीकरणका लागि ठूलो मात्रामा अन्तर्राष्ट्रिय आर्थिक सहायता पाउने गरेका थिए । लघुवित्त कार्यक्रमले विपन्न वर्गमा लघुकर्जामार्फत स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धन गरी गरिबी निवारणमा सहयोग पुग्ने विश्वास गरिएको थियो । लघुवित्तका परिकल्पनाकार प्रा. युनुसले कर्जाको पहुँचले गरिबीलाई म्युजियममा सीमित गर्ने भएकाले गरिबी निवारणलाई मानवअधिकारका रूपमा स्वीकार गर्नुपर्ने बताएका थिए । फलस्वरूप गरिबी न्यूनीकरणको औजारका रूपमा लघुवित्त कार्यक्रम अल्पविकसित देशमा निकै द्रुत गतिमा विस्तार भएको थियो ।

सन् २००७ पछि लघुवित्तलाई आर्थिक नैतिकतासँग जोडेर आलोचनासमेत गर्ने गरिएको छ । खासगरी दोहनकारी कर्जाप्रवाह विधि अवलम्वन गरेको, बलपूर्वक कर्जा असुल गर्ने तथा ऋणीलाई कर्जाको दुष्चक्रमा पार्ने गरेको जस्ता आरोप लाग्ने गरेका छन् । यससँगै कतिपय अध्येताले लघुवित्तलाई गरिबी निवारणको प्रभावकारी औजारका रूपमा गरिँदै आएको विश्वासमाथि पनि प्रश्न गर्ने गरेको अथवा यसको वास्तविक प्रभावका सम्बन्धमा थप प्रयोगात्मक प्रमाणहरू माग गर्ने गरेका छन् ।

कतिपय मुलुकमा लघुवित्त राजनीतिक मुद्दासमेत बन्ने गरेको पाइन्छ । यसैका कारण भारत, इक्वेडर र निकारागुवाका स्थानीय तथा प्रादेशिक निकायले ठुला लघुवित्तका शाखाहरू बन्दसमेत गराएका थिए । यसै गरी, भारत र बङ्गलादेशसँगै ४० भन्दा बढी विकासशील देशले लघुवित्तको चर्को ब्याज नियन्त्रणका लागि ऋणीसँग असुल गर्ने ब्याजदरको उच्चतम सीमा तोकेका छन् । नेपालमा समेत हालैका दिनमा सीमित लघुवित्तका गलत क्रियाकलापलाई सामान्यीकरण गरी समग्र क्षेत्रमाथि नै विभिन्न आरोप लगाउने गरिएको छ । यसै सन्दर्भमा, प्रस्तुत लेखमा लघुवित्तका सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा भएका केही महत्वपूर्ण अध्ययनका आधारमा लघुवित्त संस्थाको प्रभाव, यसअन्तर्गत भइरहेका क्रियाकलाप तथा आदर्श लघुवित्तको अवधारणा सम्बन्धमा चर्चा गर्दै आगामी दिनमा नेपालमा लघुवित्तको विकासमा राष्ट्र बैंकको थप भूमिका विषयमा विमर्श गरिएको छ ।

## २. गरिबी निवारणमा लघुवित्त

लघुवित्त कार्यक्रमलाई गरिबी निवारणको महत्वपूर्ण औजारका रूपमा स्वीकार गरिएको छ । प्राध्यापक युनुस (२००७) ले मानिसको क्षमता उजार गर्ने अन्य कार्यक्रमसँगै, गरिबीमुक्त विश्वका लागि लघुकर्जा महत्वपूर्ण औजारका रूपमा रहेको उल्लेख गरेका छन् । यद्यपि, गरिबीको परिभाषामा विकास अर्थशास्त्रीबीच मतैक्य रहेको पाइँदैन । केहीले मानिसको लागि आवश्यक आधारभूत आवश्यकताको अभावलाई नै गरिबीको रूपमा व्याख्या गरेका छन् भने नोबेल अर्थशास्त्री Amartya Sen लगायतले आधारभूत मानवीय क्षमताको अभावका रूपमा हेरेका छन् । अझ समाजशास्त्रीहरूले गरिबीलाई विभेद,

* उप-निर्देशक, नेपाल राष्ट्र बैंक

शक्तिहीन र आवाजविहीन अवस्थाका रूपमा समेत प्रष्ट गरेको पाइन्छ। गरिबी परिभाषाको व्यापकताका बाबजुद यस लेखमा लघुवित्तको आर्थिक पक्षसँग सम्बन्धित प्रभावका सम्बन्धमा भएका केही महत्वपूर्ण अध्ययनको निष्कर्षलाई समावेश गरिएको छ।

Benergee etal.,(2015), ले लघुवित्तलाई परम्परागत भाष्यका आधारमै सहयोग गरिएको तथा कार्यक्रमको प्रभावकारिता सम्बन्धमा केही मात्र सघन अध्ययन भएको बताएका छन्। सन् २०१० को अन्त्यतिर बङ्गलादेशका प्रधानमन्त्री शेख हसिनाले लघुवित्तले गरिबी निवारणका बहानामा गरिबहरूको रगत चुसेको आरोप लगाएपछि यस कार्यक्रमको वास्तविक प्रभावकारिता मापन गर्नुपर्ने विषयले झनै चर्चा पाएको थियो। यद्यपि, प्रा. युनुसले यस्तो आरोप राजनीतिप्रेरित र आधारहीन भएको भन्दै खण्डन गरेका थिए (BBC, March 2011)। लघुवित्तको जननी देश बङ्गलादेशमै पनि कार्यक्रममाथि प्रश्न उठ्न थालेपछि भने लघुवित्त र गरिबी निवारणका सम्बन्धका बारेमा प्रश्न गर्न थालिएको र यससम्बन्धी आधिकारिक प्रमाणहरू माग गर्न थालिएको थियो।

लघुवित्तले सदस्यहरूमा पारेको आर्थिक प्रभाव मापनका लागि सदस्यहरूको सम्पत्ति तथा खर्चलाई मध्यनजर गरी अध्ययन गरेको पाइन्छ। सन् १९९६ मा Pitt र Khandker ले गरेको अध्ययनअनुसार बङ्गलादेशी महिलाहरूमा गरिएको प्रति १०० टाकाको लगानीले उनीहरूको घर खर्चमा थप १८ टाका थपिएको दाबी गरिएको थियो। Khandker ले ९९८ मा गरेको अध्ययनमा कार्यक्रममा आबद्ध करिब पाँच प्रतिशत ऋणीहरू गरिबीबाट माथि उठेको निष्कर्ष रहेको थियो। यद्यपि, अन्य अध्ययेता भने प्रभाव मूल्याङ्कनको विधिमा Endogeneity र Selection Bias जस्ता समस्या हुन सक्ने भन्दै निष्कर्षमा आलोचनासमेत रहेका थिए।

उल्लिखित अध्ययन विधि सम्बन्धित समस्या निराकरण गरी कार्यक्रमको वास्तविक प्रभावकारिता मापनका लागि अध्ययेताले चिकित्सा क्षेत्रको अनुसन्धानमा व्यापक रूपमा प्रयोग गरिने विधि Randomized Control Trail (RCT) अवलम्बन गरेका छन्। अर्थशास्त्रमा यस विधिको प्रयोगलाई प्रोत्साहन गरी गरिबी निवारणमा खेलेको भूमिकाको मूल्याङ्कन गर्दै सन् २०१९ मा अर्थशास्त्री अभिजित वेनर्जी, इस्थर डुप्लो तथा माइकल क्रेमरलाई अर्थशास्त्रतर्फको नोबेल पुरस्कार प्रदान गरिएको थियो।

RCT विधि अवलम्बन गरी गरिबी निवारणमा लघुवित्तको प्रभावकारिताका सम्बन्धमा गरिएका विस्तृत अध्ययनमा Karlan र Zinman (2010) तथा Banerjee et al., (2015) रहेका छन्। यद्यपि, दुवै अध्ययनले लघुवित्तको गरिबी निवारणका सम्बन्धमा कम आशावादी नतिजा देखाएका छन्। बेनर्जीको अध्ययनमा Treatment क्षेत्रमा टिकाउ सामानमा हुने खर्च बढेको तथा सो क्षेत्रमा नयाँ व्यवसाय एक तिहाइले बढेको भए तापनि लघुकर्जाका कारण प्रतिव्यक्ति मासिक खर्चमा प्रभाव नपरेको निष्कर्ष रहेको छ।

लघुकर्जाका सम्बन्धमा अन्य धेरै अध्ययन भए तापनि सन् २०१० मा बेलायतको अन्तर्राष्ट्रिय विकास नियोग (डीएफआईडी) ले ५४ वटा विभिन्न अध्ययनको विश्लेषण गरेको थियो। नियोगले RCT प्रयोग गरिएका धेरै अध्ययनमा समेत उचित Randomization तथा Double Blinding जस्ता समस्या रहेको तथ्य फेला पारेको थियो। त्यसपश्चात् सार्वजनिक प्रतिवेदनमा कसका लागि र कुन अवस्थामा लघुवित्त लाभदायी छन् वा हुन सक्छन् भन्ने सम्बन्धमा अझै अस्पष्टता रहेको उल्लेख गरिएको छ। यसको तात्पर्य लघुवित्तले ऋणीको आर्थिक अवस्थामा पर्ने प्रभावका सम्बन्धमा थप अध्ययनको आवश्यकता रहेको भन्ने रहेको छ। यससँगै, प्रा. युनसले गरिबी निवारणमा लघुकर्जाको भूमिकाका सम्बन्धमा गरेको दावीलाई हालको अवस्थामा अस्वीकार गर्ने अवस्था रहेन।

केही अध्ययताले लघुबचतका विषयमा गरेको अध्ययनको नतिजा भने सकारात्मक रहेको छ। Brune et al., (2011) ले मलावी देशको ग्रामीण समुदायमा लघुबचत खाताको उपलब्धताका सम्बन्धमा अध्ययन गरेका थिए। अध्ययनअनुसार लघुबचत र घरपरिवारको खर्चबीचमा सकारात्मक प्रभाव रहेको निष्कर्ष छ। त्यसैगरी, Abraham et al., (2011) अनुसार लघुबचतले ग्राहकलाई वित्तीय झड्का (Economic Shock) बाट जोगाउने मुलुक चिलीमा गरिएको अध्ययनको निष्कर्ष छ। Prina (2013) ले नेपालमा

गरेको अध्ययनले लघुबचतको पहुँचले लघुवित्तका ग्राहकको मौद्रिक सम्पत्तिमा वृद्धि भएको देखाएको छ । लघुकर्जाका सकारात्मक र नकारात्मक पक्षका विषयमा व्यापक चर्चा भइरहँदा, लघुबचतको महत्वले भने न्यून स्थान पाउने गरेको छ। लघुवित्त संस्थाले समेत लघुबचतका विभिन्न विकल्पको विकास गरी सदस्यलाई बचत प्रोत्साहनमा भूमिका खेल्नुपर्ने देखिन्छ।

Angelucci et al., (2013) ले RCT विधि प्रयोग गरी २० वटा उप-समूहमा गरेको अध्ययनमा लघुवित्त कार्यक्रमले कसैलाई पनि गम्भीर रूपमा हानि नगरेको तथापि शिक्षित तथा अग्रिम व्यापारको अनुभव भएका ऋणीहरू अन्यभन्दा बढी लाभान्वित भएको बताएका छन् । त्यसैले लघुवित्त कार्यक्रमअन्तर्गत वित्तीय साक्षरता र क्षमता विकासलाई पहिलो प्राथमिकता, लघुबचत दोस्रो र लघुकर्जालाई तेस्रो गन्तव्यका रूपमा अवलम्बन गरेमा यस कार्यक्रम दिगो भई त्यसबाट प्राप्त आर्थिक लाभलाई विपन्न ग्रामीण समुदायमा वितरण गर्न सकिन्छ।

## ३. सशक्तीकरणका सवालमा लघुवित्त

लघुवित्तलाई आर्थिक प्रभावसँग मात्रै जोडेर मूल्याङ्कन गरिएमा त्यो अपूर्ण हुन्छ । गरिबी निवारणसँगै जोडिएर आउने अन्य पक्षहरू जस्तैः महिला सशक्तीकरण, भेदभाव र बहिष्करणको अन्त्य तथा आर्थिक रूपले विपन्नहरूको जीवनस्तर सुधारमा समेत लघुवित्तको भूमिका रहने विश्वास गरिन्छ । यद्यपि, सामाजिक तत्वहरूको गुणात्मक मापन आर्थिक तत्वहरूको मापनजस्तो सजिलो भने हुँदैन । लघुवित्तका परिकल्पनाकार प्रा. युनुसले यस कार्यक्रमको लक्षित वर्गका रूपमा आर्थिक तथा सामाजिक हिसाबले पछाडि पारिएका महिलाहरू हुने र यसले सम्पूर्ण घरको सम्पत्तिमा नै प्रभाव पर्ने बताएका थिए। फलस्वरूप, अहिले पनि बङ्गलादेशको ग्रामीण विकास बैंकका ९८ प्रतिशत सदस्य महिलाहरू छन् । संसारभर सञ्चालित लघुकर्जा कार्यक्रममा करिब ७५ प्रतिशत ऋणीहरू महिला नै रहेको तथ्याङ्कले देखाउछ। Garikipati (2008) को विश्लेषणमा, महिलाहरूलाई प्रदान गरिने लघुकर्जाले विशेष गरी घरको सम्पत्ति तथा आम्दानीमा परिवर्तन हुने तथा सो सम्पत्ति पुन पुरुषकै नियन्त्रणमा पुग्ने हुनाले महिलाले कुन प्रयोजनका लागि यस प्रकारको कर्जा प्रयोग गर्छन् भन्ने कुराले उनीहरूको सशक्तीकरणलाई निर्धारण गर्ने उल्लेख गरेका छन् ।

लघुवित्त र सशक्तीकरणसँग सम्बन्धित धेरै अध्ययन लघुकर्जासँग मात्रै जोडेर गरिएको पाइन्छ। तथापि, Ashraf et al., (2010) को अध्ययनअनुसार व्यक्तिगत लघुबचतले महिलाको घरायसी निर्णय गर्ने क्षमता बढ्ने उल्लेख छ। यस अध्ययनले पनि आर्थिक क्षमता अभिवृद्धिमा लघुबचतको भूमिका जस्तै सशक्तीकरणका सवालमा पनि लघुबचतको थप सम्भावनालाई उजागर गरेको छ । यद्यपि, हालसम्मका महत्वपूर्ण अध्ययनले समग्र लघुवित्त र सशक्तीकरणबीच प्रत्यक्ष सम्बन्ध स्थापित गरेको पाइँदैन । तर, केही विशेष अवस्था तथा निश्चित लघुवित्तका सवालमा भने सम्बन्ध स्थापित भएको भेटिन्छ।

## ४. लघुवित्त र वित्तीय समावेशीकरण

Commitment to development Index का परिकल्पनाकार तथा व्यवस्थापक रहिसकेका अर्थशास्त्री David Roodman को सन २०१२ मा Due Diligence: An Impertinent Inquiry Into Microfinance नामक चर्चित पुस्तक प्रकाशन भएको थियो । पैसाको अत्याधिक प्रवाह तथा ऋणीले लघुवित्तको कर्जा तिर्नका लागि अन्य प्रतिस्पर्धीमार्फत कर्जा लिने (Situation of over indebtedness) अवस्थामा लघुवित्तले ऋणीलाई फाइदा भन्दा बेफाइदा गर्ने उनको पुस्तकको महत्वपूर्ण सार रहेको छ । पुस्तकमा लेखकले लघुवित्तको अस्तित्वलाई वित्तीय समावेशीकरणसँग जोडेका छन्। लघुवित्तले मूल धारका बैंक तथा वित्तीय संस्थाहरूको प्राथमिकतामा नपरेका तथा बैंक खातासमेत नभएका विपन्न वर्गका ग्राहकलाई वित्तीय सेवा प्रदान गर्ने, वित्तीय योजनाका सम्बन्धमा राय सुझाव प्रदान गर्ने र आवश्यकताका आधारमा लघुकर्जा प्रवाह गरी वित्तीय समावेशीकरण प्रवर्द्धन गर्न सक्ने महत्वपूर्ण साधनका रूपमा व्याख्या गरेका छन्।

David Roodman का अलावा अन्य धेरै शोधकर्ताले वित्तीय समावेशीकरणमा लघुवित्तको विस्तारित भूमिकाका सम्बन्धमा चर्चा गरेका छन्। Servet(२०११) ले लघुवित्तको लक्ष्यअन्तर्गत गरिबी निवारणलाई वित्तीय समावेशीकरणले विस्थापित गर्नुपर्ने उल्लेख गरेका छन् । यद्यपि, सामाजिक

वहिस्करण तथा भेदभावको अन्त्यपश्चात् मात्रै गरिबी निवारण सम्भव हुने भएकाले Servet को तर्कलाई अस्वीकार गर्नुपर्ने देखिँदैन । Collins et al., (2009) ले बाङ्लादेश, भारत र दक्षिण अफ्रिकाका गरिब परिवारको वित्तीय डायरी अध्ययन गरेका थिए । उनीहरूको वित्तीय कारोबारको मात्रा सानो रहेको भए तापनि उनीहरू विभिन्न प्रकारका कर्जा सम्झौतामा सहभागी भएको पाइएको थियो । उनीहरूले परिवार, आफन्त तथा साहु महाजनजस्ता अनौपचारिक माध्यमबाट मात्र नभई औपचारिक रूपमै स्थापित सहकारीमार्फत पनि कर्जा उपभोग गरेको तथ्य उजागर भएको थियो । लघुवित्त यस्ता व्यक्तिहरूका लागि पूरक संस्थामात्रै रहेको दावी गरिएको थियो । त्यसैले, लघुवित्तको लागि आर्थिक रूपले विपन्न वर्गलाई औपचारिक वित्तीय माध्यमबाट उच्च गुणस्तरको वित्तीय सेवा प्रवाह गर्नु मुख्य चुनौतीका रूपमा रहेको छ ।

## ५. लघुवित्तको दिगो विकास

नेपालका सन्दर्भमा लघुवित्त कार्यक्रमअन्तर्गत हाल कायम रहेको 'घ' वर्गका लघुवित्त संस्थाका अलावा सहकारी संस्था, बैंक तथा वित्तीय संस्थाको विपन्न वर्ग कर्जा कार्यक्रमका साथै गैरसरकारी संस्थामार्फत सञ्चालित लघुकर्जा कार्यक्रम समेतलाई बुझ्नुपर्ने हुन्छ । लेखको यस खण्डमा आदर्श लघुवित्त प्रदायक संस्था कस्तो हुनुपर्छ भन्ने सम्बन्धमा छोटो चर्चा गरिएको छ ।

सुरुआती चरणमा लघुवित्त संस्थाहरू गैर नाफामूलक रूपमा सञ्चालनमा आएका थिए । विस्तारै यो क्षेत्रसमेत नाफा कमाउने उद्देश्य राखी व्यापारिक प्रयोजनमा सञ्चालन हुँदै गएपछि प्रा. युनुसले सन् २०११ मा न्यूयोर्क टाइम्स पत्रिकामा गैरनाफामूलक संस्थाको रूपमा सञ्चालन हुनुपर्ने लघुवित्त व्यापारिक प्रयोजनसहित सञ्चालन गरिनु डरलाग्दो गल्तीका रूपमा व्याख्या गर्दै यस्तो प्रयासले लघुवित्त कार्यक्रम प्रमुख उद्देश्यबाट विमुख भएको टिप्पणी गर्दै लेख प्रकाशन गरेका थिए । उनको आशय आदर्श लघुवित्तहरू सामाजिक बैंकिङ अवधारणाअन्तर्गत सञ्चालन हुनुपर्छ भन्ने थियो ।

लघुवित्तहरू व्यापारिक प्रयोजनमा सञ्चालन हुनुको पछाडि लघुवित्त व्यवस्थापनले बजार सिद्धान्तभित्र रही सफल व्यापारिक सङ्गठनको असल अभ्यासलाई अवलम्बन गर्न खोजेको देखिन्छ । व्यावसायीकरण भन्नाले, व्यापारिक पुँजी परिचालन गरी संस्थाको गैरनाफामूलक संरचनालाई व्यावसायिक कानुनी संरचनाअन्तर्गत परिवर्तन गरी नाफा वितरण गर्न सक्ने अवस्थाको रूपमा बुझ्न सकिन्छ । लघुवित्त सिद्धान्ततः आर्थिक रूपले विपन्न वर्गलाई सेवा प्रदान गर्ने प्रयोजनमा स्थापना भएकाले नाफा वितरण गर्ने संस्थाको रूपमा कार्य गर्नु प्रा. युनुसले भनेझैँ उद्देश्यबाट विमुख भए जस्तो देखिन्छ ।

लघुकर्जाका सम्बन्धमा भएका केही अध्ययनले लघुवित्तको सामाजिक र आर्थिक क्रियाकलापबीच Trade off हुने देखाएका छन् । Ghos & Van (2008) को अध्ययनले ठूला कर्जा लगानी गर्ने लघुवित्तले लगानीकर्ताको नाफा आर्जन गर्ने उद्देश्य प्राप्त गर्न सघाउने तर सामाजिक उद्देश्य हासिल नहुने बताएका छन् । अध्ययनमा ठूलो कर्जा सापेक्षित रूपमा विपन्न वर्गभित्रकै पनि उपल्लो वर्गलाई प्रवाह हुने भएकाले वास्तविक विपन्नको जीवनस्तरलाई त्यसले नछुने तर्क गरिएको छ । केही अध्येताले लघुवित्तले कर्जाको आकार बढाएर उनीहरूका अति विपन्न ग्राहकलाई लघुकर्जाको सेवाबाटै वञ्चित गरेकोसमेत उल्लेख गरेका छन् Mersland & Strom (2010) । यसअनुसार विपन्न वर्ग तथा गरिबलाई वित्तीय सेवा प्रवाह गर्नका लागि आर्थिक उद्देश्यभन्दा बलियो सामाजिक लक्ष्य भएको कार्यक्रमलाई नै आर्दश लघुवित्तको रूपमा लिनुपर्दछ । यद्यपि, व्यावसायीकरणको सट्टा आर्थिक रूपले दिगो सामाजिक लघुवित्त मोडेलका सम्बन्धमा विस्तृत अध्ययनको आवश्यकता रहेको देखिन्छ ।

## ६. नेपालको सन्दर्भमा लघुवित्त

गरिबी निवारण र ग्रामीण विपन्न समुदायमा वित्तीय पहुँच विस्तारका लागि नेपालमा सन् १९९० पश्चात् लघुवित्त कार्यक्रमको सुरुआत भएको थियो (Sixty Years of Nepal Rastra Bank, 2018) । सुरुआती समयमा लघुवित्त कार्यक्रम क्षेत्रीय ग्रामीण विकास बैंक, लघुकर्जा विकास बैंक, वित्तीय मध्यस्थकर्ता गैरसरकारी संस्था र वित्तीय सहकारी संस्थामार्फत सञ्चालन गरिएको थियो (Micro financing towards Empowerment of Disadvantaged Groups in Nepal ; Innovations and Practices; NRB & CECI 2008) । अधिकांश लघुवित्तहरू वित्तीय मध्यस्थकर्ताहरू गैरसरकारी संस्था र




वित्तीय सहकारी संस्थाअन्तर्गतका थिए ।

नेपालमा लघुवित्त कार्यक्रम विभिन्न मोडालिटीमा सञ्चालनमा रहेका छन्, जस्तैः ग्रामीण बैंकिङ मोडेल, विपन्न वर्ग कर्जा कार्यक्रम, ग्रामीण स्वावलम्बन कोष, साना किसान सहकारी, वित्तीय गैरसरकारी संस्था, परियोजनामा आधारित लघुकर्जा कार्यक्रम, बचत तथा ऋण सहकारी संस्था, थोक कर्जा कार्यक्रम (Some Glimpses of Microfinance in Nepal, NRB 2013) । तत्कालीन समयमा नेपालका पाँच विकास क्षेत्रमा स्थापना गरी सञ्चालन गरिएको ग्रामीण विकास बैंकहरूको कार्यसम्पादन सन्तोषजनक नभएको तथा आर्थिक रूपमा समेत दिगो नभएकाले राष्ट्रिय वाणिज्य बैंकसँगको मर्जरपश्चात् अस्तित्व नै समाप्त भएको छ । वित्तीय गैरसरकारी संस्था कम्पनी ऐनअन्तर्गत सञ्चालन हुने गरी लघुवित्त वित्तीय संस्थामा परिवर्तन भएका छन् । त्यसबाहेक, उल्लिखित विभिन्न मोडेलका अधिकांश कार्यक्रमहरू विभिन्न निकायअन्तर्गत रहेर हालसम्म पनि सञ्चालनमा रहेका छन् । नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाको सङ्ख्या २०२२ जुलाईसम्म ६५

| विवरण | असार मसान्त | | | | |
|---|---|---|---|---|---|
| | २०७५ | २०७६ | २०७७ | २०७८ | २०७९ |
| कर्मचारी सङ्ख्या | ११,५५२ | १७,३६१ | १९,०१७ | २०,८७२ | २३,३०३ |
| शाखा सङ्ख्या | २,४४८ | ३,६२९ | ४,०५७ | ४,६८५ | ५,१३४ |
| जम्मा सेन्टर | १७२,७८८ | २७४,१८६ | ३१०,८९५ | ३६२,९८२ | ४२८,७८३ |
| समूह सङ्ख्या | ५६२,४२५ | ९२६,६२५ | १,०३९,६९६ | १,१८३,३६४ | १,३५१,७२९ |
| निष्क्रिय समूह सङ्ख्या | ५,७६२ | ९,५६५ | ९,३९८ | ३४,१६३ | १६,१५९ |
| सदस्य सङ्ख्या | २,८५६,३८० | ४,३२७,९९१ | ४,६८६,६५९ | ५,१९१,३६३ | ५,८५९,५३० |
| निष्क्रीय सदस्य सङ्ख्या | ५१,५१६ | ११८,०४४ | १९५,३११ | ३२९,८९५ | ४३८,०४० |
| ऋणीको सङ्ख्या | १,८५३,४१७ | २,६७९,०१६ | २,७८३,२२२ | २,९९२,०६८ | ३,३०३,१०० |
| भाखा नाघेका ऋणीको सङ्ख्या | ५६,८२४ | १६५,९८४ | १,००१,४०७ | ७६४,६६३ | ३८२,३५३ |
| निक्षेप सदस्य सङ्ख्या | ३,०१०,१६६ | ४,३२३,९५७ | ४,६७९,९८७ | ५,१९३,५८२ | ५,८८८,०७७ |
| निक्षेप (रु.दस लाखमा) | ४९,५४८.६ | १०१,९१०.१ | १०६,१५०.२ | १३०,४७१.७ | १५९,०२२.८ |

वटा रहेकोमा २०१९ अप्रिलमा अधिकतम ९१ सम्म पुगेको थियो ।

नेपाल राष्ट्र बैंकको आँकडाअनुसार २०७९ असारसम्ममा लघुवित्त वित्तीय संस्थाका करिब पाँच हजारभन्दा बढी शाखा सञ्चालनमा छन् भने सदस्य सङ्ख्या ५८ लाख भन्दा बढी पुगेका छन् । सबै संस्थाबाट करिब ३३ लाखभन्दा बढी ऋणीले कर्जा उपभोग गरी व्यवसाय सञ्चालन गरेका छन् । कोभिड-१९ महामारीका कारण २०७७ मा भाखा नाघेका ऋणीको सङ्ख्या उल्लेख्य बढेको थियो, जुन पछिल्लो समयमा क्रमशः सुधारोन्मुख अवस्थामा छ । हाल कायम रहेका संस्थामा २३ हजारभन्दा बढी कर्मचारी कार्यरत भने करिब ५९ लाख निक्षेप सदस्यको रु.१५९ अर्ब निक्षेप रहेको छ ।

हालैका दिनमा लघुवित्तमाथि केही समूहले संस्थाविरोधी क्रियाकलाप सञ्चालन गरेको देखिन्छ । यद्यपि, लघुवित्तका क्रियाकलाप तथा यस क्षेत्रमा देखिएका समस्या समाधानका लागि संघीय संसदमा केही बहसहरू भएको पनि छ । नेपाल राष्ट्र बैंकले पनि समस्याको समाधानका लागि निर्देशनहरू जारी गरी कार्यान्वयन गर्दै आएको छ । लघुवित्तको दीर्घकालीन विकास गर्दै वित्तीय समावेशितामार्फत विपन्न वर्गको जीवनस्तर उकास्ने कार्यमा यी संस्थाको प्रभावकारिता थप प्रवर्द्धन गर्नका लागि नेपाल सरकारका अतिरिक्त सबैभन्दा चिन्तित रहनुपर्ने निकाय नेपाल राष्ट्र बैंक नै हो । यसै सन्दर्भमा लेखमा गरिएका केही महत्वपूर्ण कृति समीक्षा र वर्तमान अवस्थाको विश्लेषणका आधारमा यस क्षेत्रको दीर्घकालीन विकासका लागि देहायका सुझाव प्रस्तुत गरिएको छ :

- सिद्धान्ततः लघुवित्तलाई गरिबी निवारणको महत्वपूर्ण औजारका रूपमा अङ्गीकार गरिएको छ । नेपालको सन्दर्भमा समेत उचित विधिको प्रयोग गरी गरिबी न्यूनीकरणमा समग्र लघुवित्तको भूमिकाका सम्बन्धमा विस्तृत अध्ययनको आवश्यकता छ ।
- लघुवित्त सञ्चालन मोडेलका सम्बन्धमा स्पष्ट हुनु आवश्यक छ । एकातर्फको सिद्धान्त र भिन्न कार्यशैलीका कारण सरोकारवालाबीच भ्रम उत्पन्न भई असामान्य स्थिति सिर्जना हुनेतर्फ सजग हुनु आवश्यक छ ।
- घ' वर्गका लघुवित्त संस्थाहरू कम्पनी ऐनअन्तर्गत दर्ता भई नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त गरी सञ्चालनमा छन् । विपन्न वर्गमा कर्जा प्रवाह गरी उच्च मुनाफा वितरण गर्ने प्रवृत्तिले यी संस्थाहरूमाथि नैतिकताको प्रश्न उठेको छ । यस सम्बन्धमा नेपाल राष्ट्र बैंकले लघुवित्तको मूल लक्ष्य किटान गरी सञ्चालन सहजता कायम गर्न थप पहल गर्नु पर्दछ ।
- विभिन्न अध्ययनअनुसार वित्तीय समावेशीकरणमा लघुवित्तको उल्लेख्य भूमिका रहने भएकाले लघुवित्तको मुख्य लक्ष्यअन्तर्गत विपन्न ग्रामीण क्षेत्रमा वित्तीय समावेशीकरणलाई प्रवर्द्धन गरी उच्च गुणस्तरको वित्तीय सेवा प्रवाह किटान गरी नीति निर्देश गर्ने ।
- लघुवित्तको प्रभावकारिताका लागि आवश्यक क्रियाकलापको प्राथमिकता निर्धारण गर्ने । वित्तीय साक्षरता तथा क्षमता विकासलाई पहिलो प्राथमिकता, लघुबचत प्रोत्साहनलाई दोस्रो तथा लघुकर्जा प्रवाहलाई तेस्रो प्राथमिकताअनुसार सञ्चालन गर्ने । निर्धारित प्राथमिकतालाई संस्थागत सुशासनकै अङ्ग निर्धारण गर्ने ।
- वित्तीय पहुँच कम भई आर्थिक विपन्नता उच्च भएका क्षेत्रको पहिचान गरी वित्तीय समावेशिता प्रवर्द्धनका लागि लघुवित्त संस्थाको आवश्यक भूमिकाका लागि नीति तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- लघुबचत प्रोत्साहनमा लघुवित्तको भूमिका अभिवृद्धिका लागि प्रभावकारी कार्ययोजना तयार गरी कार्यान्वयन गर्न उपयुक्त हुने । यसका लागि संस्थामा कार्यरत कर्मचारीको क्षमता विकासका लागि स्तरीय पाठ्यक्रम तर्जुमा गरी एकीकृत रूपमा कार्यान्वयन गर्ने ।
- लघुवित्तलाई सामाजिक बैंकिङ अवधारणाअन्तर्गत सञ्चालन गर्ने सम्बन्धमा नेपाल सरकार, राष्ट्रिय योजना आयोग र नेपाल राष्ट्र बैंकका नीतिमा उल्लेख गरिएको सन्दर्भमा विगतको क्षेत्रीय ग्रामीण विकास बैंकको अनुभव समेतलाई आत्मसात् गरी कार्यान्वयनको रूपरेखाका सम्बन्धमा अविलम्ब निर्णय गर्ने । यसमा स्रोतको आत्मनिर्भरता तथा स्रोतको सदुपयोगिता सम्बन्धमा

मिहीन ढङ्गले विश्लेषण गरी नीति कार्यान्वयन गर्ने ।

- लघुवित्त संस्थाको सञ्चालन खर्च न्यूनीकरण गर्नका लागि प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने । देशका अधिकांश स्थानमा इन्टरनेट र स्मार्ट फोनको पहुँच व्यापक विस्तार भइरहेको सन्दर्भमा सम्पूर्ण लघुवित्त क्रियाकलापलाई नै प्रविधिसँग जोड्नका लागि सम्भाव्यता अध्ययन गर्ने ।
- नेपाल राष्ट्र बैंकले गरेको अध्ययनले पनि नेपालमा वित्तीय साक्षरताको स्तर कमजोर देखाएकाले बैंकका प्रदेशस्थित कार्यालय र स्थानीय सरकारको समन्वयमा वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम व्यापक रूपमा सञ्चालन गर्ने । यस्ता कार्यक्रमको वास्तविक र निष्पक्ष प्रभावकारिता मापनका लागि स्वतन्त्र निकायबाट प्राविधिक सहयोग लिने ।
- नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त लघुवित्त संस्थाको सङ्ख्या २०७९ असार मसान्तमा करिब ६५ वटा रहेको सन्दर्भमा आर्थिक/सामाजिक अवस्थालाई मध्यनजर गर्दै आवश्यक लघुवित्त सङ्ख्या यकिन गरी कमजोर अवस्थामा रहेका संस्थालाई मर्जरका लागि थप नीतिगत पहल गर्ने ।
- लघुवित्त संस्थाको सुपरिवेक्षणलाई थप प्रभावकारी बनाउने । सुपरिवेक्षणमा बहुबैंकिङ, कर्जा सदुपयोग निरीक्षण, सदस्य शिक्षा, कर्मचारीलाई दिइने लक्ष्यजस्ता कार्यको सूक्ष्म निरीक्षण गर्ने । बहुबैंकिङको अवस्था पहिचानका लागि आवश्यक अध्ययन गर्ने ।
- वित्तीय पहुँच विस्तार र लघुवित्त संस्थालगायत ठूला सहकारी संस्थाको नियमनका लागि छुट्टै निकायको स्थापनाका सम्बन्धमा विभिन्न प्रतिवेदनमा प्रस्तुत सुझावका सन्दर्भमा तुरुन्तै निर्क्योल गर्ने ।

## ७. निष्कर्ष

लघुवित्त कार्यक्रम नेपालजस्ता विकासशील देशका लागि वित्तीय समावेशिता प्रवर्द्धन गर्दै उद्यमशीलताको विकासमार्फत गरिबी न्यूनीकरणमा भूमिका खेल्न सक्ने महत्वपूर्ण औजारको रूपमा रहेको छ । अति विपन्न जनसङ्ख्या तथा वित्तीय पहुँचमा पछि परेका स्थानको पहिचानपश्चात् उपयुक्त र समय सान्दर्भिक मोडेलको लघुवित्त कार्यक्रममार्फत उच्च गुणस्तरको सेवा विस्तार गर्न सकिए मात्रै यसले निर्धारण गरेको मूलभूत लक्ष्य प्राप्त गर्न सम्भव हुन्छ। सहर केन्द्रित भई उच्च नाफा आर्जन गरी वितरण गर्ने दौडमा सीमित ऋणीलाई आवश्यक वित्तीय चेतनाविना गरिने लघुकर्जा विस्तारले दीर्घ कालमा समग्र वित्तीय प्रणालीको विश्वसनीयतामै नकारात्मक असर गर्दछ । तत्कालका लागि नेपाल सरकार र नियामक निकायका रूपमा नेपाल राष्ट्र बैंकले कोभिड महामारीपश्चात् यस क्षेत्रमा देखिएका वास्तविक समस्याको समयमै पहिचान गरी समाधानका लागि आवश्यक उपायसमेत अवलम्बन गर्न आवश्यक छ। साथै, लघुवित्तको दीर्घकालीन विकासका लागि नेपालको आर्थिक सामाजिक परिवेशको वास्तविकतालाई मध्यनजर गर्दै यस्ता कार्यक्रमको विद्यमान सान्दर्भिकताको मिहीन मूल्याङ्कनपश्चात् अबको आवश्यकता पहिचान गरी उपयुक्त नीति तर्जुमा र कार्यान्वयन गर्न आवश्यक छ ।

### सन्दर्भ सामग्री

Angelucci, M., Karlan, D., & Zinman, J. (2013). Win some lose some? Evidence from a randomized microcredit program placement experiment by Compartamos Banco (No. w19119). National Bureau of Economic Research.

Banerjee, A., Duflo, E., Glennerster, R., & Kinnan, C. (2015). The miracle of microfinance? Evidence from a randomized evaluation. American economic journal: Applied economics, 7(1), 22-53.

Brune, L., Giné, X., Goldberg, J., & Yang, D. (2011). Commitments to save: A field experiment in rural Malawi. World Bank Policy Research Working Paper, (5748).

Garikipati, S. (2008). The impact of lending to women on household vulnerability and women's empowerment: evidence from India.

Ghosh, S., & Van Tassel, E. (2008). A model of mission drift in microfinance institutions. Department of Economics, Florida Atlantic University, December.

Karlan, D., & Zinman, J. (2010). Expanding credit access: Using randomized supply decisions to estimate the impacts. The Review of Financial Studies, 23(1), 433-464.

Khadker, S. (1998). Fighting poverty with microcredit. Experience in.

Mersland, R., & Strøm, R. Ø. (2010). Microfinance mission drift?. World development, 38(1), 28-36.

Pitt, M. M., Khandker, S. R., & World Bank. (1996). Household and intrahousehold impact of the Grameen Bank and similar targeted credit programs in Bangladesh. The World Bank.

Prina, S. (2012). Banking the Poor Via Savings Accounts: Evidence from a Field Experiment in Nepal.

Roodman, D. (2012). Due diligence: An impertinent inquiry into microfinance. CGD Books.

Vincent, K., & Cull, T. (2011). Collins, D., Morduch, J., Rutherford, S. and Ruthven, O., 2009: Portfolios of the Poor: How the World's Poor Live on $2 a Day. Cape Town: Cape Town University Press.

Yunus, M. (1998). Banker to the Poor. Penguin Books India.

Websites

https://www.nrb.org.np/contents/uploads/2020/11/Special_Publications-Sixty_Years_Of_Nepal_Rastra_Bank-new.pdf

https://www.nrb.org.np/contents/uploads/2020/03/Micro-financing-towards-Empowerment-of-Disadvantaged-Groups-in-Nepal.pdf

https://www.nrb.org.np/contents/uploads/2020/03/MFD_Activities_Brocher_20700219.pdf

https://www.bbc.com/news/world-south-asia-12631784

https://www.nrb.org.np/contents/uploads/2022/12/Baseline-Survey-on-Financial-Literacy-in-Nepal-including-Financial-Inclusion-Indicators.pdf

# लघुवित्तमा बहुबैंकिङ : विद्यमान अवस्था र सुधारका उपाय

■ उमा जोशी बोहरा*

## १. पृष्ठभूमि

बैंक तथा वित्तीय संस्थाले ऋणीको कर्जा तिर्न सक्ने क्षमता, भावी नगद प्रवाह, आम्दानीको स्रोतजस्ता कर्जाप्रवाहका न्यूनतम आधारहरूको विश्लेषणपश्चात् कर्जाको सदुपयोगिता सुनिश्चित हुनेगरी कर्जा प्रवाह गर्दछन् । यसरी कर्जा प्रदान गर्दा कर्जाको लागि सुरक्षण राखिने धितोको सही मूल्याङ्कन गरी धितोले खामेसम्मको कर्जा प्रदान गरिन्छ । 'घ' वर्गका लघुवित्त वित्तीय संस्थाबाहेकका बैंक तथा वित्तीय संस्थाका लागि सामान्यतया प्राथमिक पुँजीको २५ प्रतिशतसम्म कर्जा प्रवाह गर्न सक्ने गरी एकल ग्राहक सीमा तोकिएको छ भने लघुवित्त वित्तीय संस्थाका लागि यस्तो एकल ग्राहक कर्जा सीमा रकममा तोकिएको छ । अर्थात् लघुवित्त वित्तीय संस्थाले एक जना ऋणीलाई बढीमा रु.सात लाखसम्म मात्र कर्जा प्रवाह गर्नसक्ने व्यवस्था छ ।

एउटा ग्राहकलाई एकभन्दा बढी बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्रवाह गरिएको अवस्थालाई बहुबैंकिङ भनिन्छ । सामान्यतया एक जना ऋणीलाई एउटा बैंकबाट मात्र कर्जा प्रवाह गर्नु उपयुक्त हुन्छ । तर, एकल ग्राहक कर्जा सीमा, पुँजी पर्याप्तता अनुपात, तरलता अनुपातजस्ता विभिन्न नियामकीय प्रावधान एवम् बैंक तथा वित्तीय संस्थाको जोखिम बहन गर्नसक्ने क्षमताको कारण एउटा ग्राहकको वास्तविक कर्जा आवश्यकता एउटै बैंकले पूरा गर्न नसकेमा उक्त ग्राहकलाई एकभन्दा बढी बैंक तथा वित्तीय संस्थाबाट समेत कर्जा प्रवाह गर्ने गरिन्छ । यस्तो अवस्थालाई सम्बोधन गर्न नियामक निकायबाट सहवित्तीयकरण कर्जाको अवधारणासम्बन्धी निर्देशन जारी गरिएको छ । सहवित्तीयकरणमा नजानेका लागि Paripasu वा No Objection Letter सम्बन्धी व्यवस्था गरिएको हुन्छ । तर, एउटै परियोजनाको लागि विभिन्न बैंक तथा वित्तीय संस्थाबाट आवश्यकताभन्दा बढी कर्जा लिई सदुपयोग नगर्ने प्रवृत्ति रहेको छ । जुन पछिल्लो समय लघुवित्त वित्तीय संस्थामा बढी रहेको देखिएको छ ।

लघुवित्त वित्तीय संस्थाले आर्थिक रूपमा पिछडिएका वर्गलाई वित्तीय पहुँचको माध्यमबाट स्वरोजगारका अवसरको विकास गरी तिनको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले तोकिएको सीमासम्मको कर्जा उनीहरूको घरदैलोमा नै उपलब्ध गराउँछन् । यसरी प्रदान गरिने कर्जामा सीमा नतोक्ने हो भने एउटै सदस्यलाई धेरै संस्थाले ठूलो मात्रामा कर्जा प्रदान गर्ने र सो कर्जाको सदुपयोग हुन नसक्दा सदस्यहरू ऋणग्रस्त भई लघुवित्तको उद्देश्यमा नकारात्मक असर पर्न सक्छ । केही समय अघिसम्म एक जना ऋणी सदस्यले एक वा सोभन्दा बढी लघुवित्त वित्तीय संस्थाबाट तोकिएको सीमासम्मको कर्जा लिन पाउने व्यवस्था रहेको भए पनि हालै राष्ट्र बैंकले निर्देशन जारी गर्दै एक जना ऋणी सदस्यले एउटा मात्र लघुवित्त वित्तीय संस्थाबाट तोकिको सीमासम्मको कर्जा लिन पाउने व्यवस्था गरेको छ । निर्देशन जारी गर्नुभन्दा अघि यस क्षेत्रमा बहुबैंकिङको कारोबार (तोकिएको सीमाभन्दा बढी कर्जा लिने) उल्लेख्य मात्रामा भएको पाइन्छ । प्रस्तुत लेखमा लघुवित्त क्षेत्रमा बहुबैंकिङको अवस्था र यसबाट यस क्षेत्रलाई मुक्त पार्नुपर्ने विषयमा चर्चा गर्ने प्रयास गरिएको छ ।

## २. नीतिगत व्यवस्था

नेपाल राष्ट्र बैंकले विगतमा लघुवित्त वित्तीय संस्थाले सामूहिक जमानी र स्वीकारयोग्य धितो लिई सदस्यलाई प्रदान गर्ने कर्जाको छुट्टाछुट्टै एकल ग्राहक कर्जा सीमासम्बन्धी नीतिगत व्यवस्था गरेकोमा हालै दुवै कर्जाको सीमा एउटै कायम गरेको छ । यसै गरी, ऋणी सदस्यलाई एकै अवधिमा एउटै संस्थाबाट समूह जमानी कर्जा र धितोकर्जामध्ये कुनै एउटा मात्र कर्जा प्रदान गर्नुपर्ने व्यवस्था छ । एकल ग्राहक कर्जा सीमा नाघ्नेगरी प्रदान गरिएको कर्जामा अधिकेन्द्रित जोखिम हुने भएकाले सीमाभन्दा बढी कर्जा प्रदान गर्ने पछिल्लो संस्थाले शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने व्यवस्था छ । यस्तो कर्जा प्रदान गर्नुअघि सदस्यले

*पूर्व उप-निर्देशक, नेपाल राष्ट्र बैंक

अन्य लघुवित्त वित्तीय संस्थाबाट कर्जा लिए/नलिएको सम्बन्धमा ऋणीको स्वघोषणा गराउनुका साथै कर्जा सूचना केन्द्रबाट कर्जा सूचना लिई बहुबैंकिङ गरे/नगरेको यकिन गरी एकल ग्राहक कर्जा सीमा ननाघ्नेगरी कर्जा प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ। हालै नेपाल राष्ट्र बैंकले 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएका ऋणीसमेत लघुवित्त वित्तीय संस्थाबाट कर्जा लिन योग्य नहुने भन्दै ती संस्थाबाट कर्जा लिए/नलिएको यकिन गर्नुपर्ने व्यवस्था थप गरेको छ।

नेपाल राष्ट्र बैंकले वि.सं. २०७५ मा संघीय संरचनामा लघुवित्त सेवाको पहुँच तथा संरचनासम्बन्धी विषयमा अध्ययन गरेको थियो । यसभन्दा अघि एक जना ऋणी सदस्यले एकभन्दा बढी लघुवित्त वित्तीय संस्थाबाट कर्जा लिन नपाउने व्यवस्था रहेको भए तापनि बहुबैंकिङ गर्ने ऋणीको संख्या दुई तिहाईभन्दा बढी रहेको निष्कर्ष सो अध्ययनले निकालेको थियो । लघुवित्त वित्तीय संस्थाले ऋणीलाई प्रदान गर्ने कर्जाको सीमा न्यून रहेको र एउटा संस्थाबाट मात्र तोकिएको सीमासम्मको कर्जाले आयमूलक व्यवसाय सञ्चालन गर्न पुँजी अपुग भई सदस्यहरू अन्य लघुवित्त वित्तीय संस्थाबाट कर्जा लिन बाध्य भएको निष्कर्ष सो अध्ययनले निकालेपश्चात् राष्ट्र बैंकले एकल ग्राहक कर्जा सीमासम्बन्धी तत्कालीन व्यवस्थालाई परिमार्जन गऱ्यो। सोहीअनुरूप आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीतिले एउटा ऋणी सदस्यले एक वा एकभन्दा बढी लघुवित्त वित्तीय संस्थाबाट एकल ग्राहक कर्जा सीमासम्मको कर्जा लिन पाउने र सीमाभन्दा बढी कर्जा प्रदान गर्ने पछिल्लो संस्थाले शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्यायो। त्यसै गरी, २०७८ सालदेखि राष्ट्र बैंकले विनाधितो र धितो कर्जाको सीमालाई वृद्धि गर्दै क्रमशः रु.सात लाख र रु.१५ लाख कायम गऱ्यो । यद्यपि लघुवित्त वित्तीय संस्थाले आन्तरिक प्रयोजनको लागि कार्यान्वयनमा ल्याएको कर्जा नीतिमा यस्तो सीमा सामान्यतः नियामकले तोकेको भन्दा कम हुने गरेको पाइन्छ। हालै राष्ट्र बैंकले संस्थाले प्रवाह गर्ने धितो र विनाधितो कर्जाको सीमा रु.सात लाख कायम गरेको छ । लघुवित्त वित्तीय संस्थाले यही व्यवस्थाअनुरूप आफ्ना ऋणी सदस्यलाई कर्जा प्रदान गर्नुपर्ने हुन्छ।

## ३. विद्यमान अवस्था

तराई, राजमार्ग वरपर, सहरोन्मुख ग्रामीण क्षेत्रमा लघुवित्त वित्तीय संस्थाको शाखा विस्तार उल्लेख्य र पहाडी तथा हिमाली क्षेत्रमा तुलनात्मक रूपमा कम विस्तार भएको देखिन्छ। सञ्चालनमा रहेका ६४ लघुवित्त वित्तीय संस्थाका कुल शाखा संख्या ५,१३४ रहेको र यी शाखाको प्रदेशगत उपस्थिति हेर्दा कोशी प्रदेश, मधेश प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशमा क्रमशः ८६८ (१६.९ प्रतिशत), १,०५१ (२०.५ प्रतिशत), ७६९ (१४.९८ प्रतिशत), ५९१ (११.५१ प्रतिशत), १,१७० शाखा (२२.७९ प्रतिशत-सबैभन्दा धेरै) २३२ शाखा (४.५२ प्रतिशत-सबैभन्दा थोरै) र ४५३ (८.८ प्रतिशत) वटा लघुवित्त वित्तीय संस्थाका शाखाहरू सञ्चालनमा रहेका छन्। राष्ट्रिय योजना आयोगका अनुसार बहुआयामिक गरिबीको संख्या यी प्रदेशहरूमा क्रमशः १५.९ प्रतिशत, २४.२ प्रतिशत, सात प्रतिशत, ९.६ प्रतिशत, १८.२ प्रतिशत, ३९.५ प्रतिशत र २५.३ प्रतिशत रहेको देखिन्छ। यसरी प्रदेशगत रूपमा गरीबीको गहनताअनुसार लघुवित्तीय सेवाको पहुँच र विस्तार हुन सकेको छैन। यसले प्रदेशगत रूपमा लक्षित वर्ग र लघुवित्त वित्तीय संस्थाको उपस्थितिबीच सन्तुलन नभएको देखाउँछ।

लघुवित्त क्षेत्रले कुल जनसंख्याको २० प्रतिशत सर्वसाधारणलाई समेटेको र आबद्ध भएकामध्ये ५६ प्रतिशत (कुल जनसंख्याको ११ प्रतिशत) लाई लघुकर्जा प्रदान गरेको देखिन्छ । त्यसै गरी, तराई क्षेत्रमा रहेका कतिपय लक्षित वर्ग मिटरब्याजीबाट पिडित रहँदै आएकाले उनीहरूलाई लघुवित्तीय सेवाले समेट्न नसकेको अनुमान गर्न सकिन्छ। यसरी एकातिर सीमित क्षेत्रका सीमित सदस्यले बहुबैंकिङ कारोबार गरी एकल ग्राहक कर्जा सीमाभन्दा बढी कर्जा लिइरहेका छन् भने बाँकी क्षेत्रका लक्षित वर्गले लघुवित्तीय सेवाबाट वञ्चित रहनुपर्ने अवस्था देखिन्छ। त्यसैले तथ्याङ्कमा लघुकर्जाको कारोबार उल्लेख्य भएको देखिए तापनि वास्तविक रूपमा मुलुकभरका लक्षित वर्गलाई लघुवित्त क्षेत्रले समेट्न नसकेको देखिन्छ।

एकल ग्राहक कर्जा सीमासम्बन्धी व्यवस्थाको अनुपालना नगरी कर्जा प्रवाह गरेका कारण लघुवित्त क्षेत्रमा बहुबैंकिङ

कारोबार बढेको र ऋणी सदस्यमा कर्जाको अधिक भार पर्न गई पछिल्लो समय कर्जा असुलीमा कठिनाइ भएको देखिन्छ । कर्जा असुलीका लागि कर्जा हरितीकरण गर्ने गलत अभ्यासको प्रचलन बढ्दै गएको पाइन्छ । जसले गर्दा दीर्घकालसम्म ऋणी सदस्य ऋणमुक्त हुन नसक्ने र संस्थामा असल कर्जाको अंश उल्लेख्य देखिए पनि वास्तविक रूपमा कर्जाको साँवा/ब्याज असुली हुने सम्भावना न्यून हुँदै जाने अवस्था बन्छ । अर्कोतिर ऋणी सदस्यले एउटा संस्थाबाट कर्जा लिई अर्को संस्थाको कर्जा तिर्ने गरेकोमा यस क्षेत्रलाई कर्जा सूचना केन्द्रको सञ्जालसँग आबद्ध गरेपश्चात् सीमाभन्दा बढी कर्जा लिएका ऋणी सदस्यले थप कर्जा नपाउँदा कर्जाको असुली हुन नसकी खराब कर्जाको अंश एक्कासि बढ्न गएको देखिन्छ ।

## ४. कसरी बढ्यो बहुबैंकिङ कारोबार ?

लघुवित्त वित्तीय संस्थाले कर्जा दिनुअघि विस्तृत रूपमा कर्जा विश्लेषण गरी सदस्यको व्यावसायिक क्षमता र आवश्यकताबमोजिम सदुपयोग हुनेगरी कर्जा प्रदान गर्नुपर्दछ । यसो गर्न सकेमा ऋणी सदस्यको फजुल खर्च गर्ने बानीमा नियन्त्रण भई निर्धारित समयमा कर्जाको साँवा ब्याज चुक्ता हुने भएकाले ऋणी सदस्यहरू ऋणको पासोमा नपर्ने र संस्थामा निष्क्रिय कर्जालाई नियन्त्रणमा राख्न सकिन्छ । तर पछिल्लो केही समयदेखि लघुवित्त वित्तीय संस्थाहरू सेवामुलकभन्दा नाफामूलक भएका र क्रेडिट प्लसका कार्यक्रम नै नगरी बाणिज्य बैंक जसरी कर्जा प्रदान गर्न थालेकाले यस क्षेत्रमा बहुबैंकिङ कारोबार बढ्दै गएको देखिन्छ ।

नेपाल राष्ट्र बैंकले २०७५ सालमा गरेको अध्ययनपश्चात् लघुवित्त क्षेत्रमा बहुबैंकिङको अवस्थाको बारेमा कुनै आधिकारिक तहबाट अध्ययन भएको पाइँदैन । लघुवित्त वित्तीय संस्थामा खराब ऋणीको संख्या र खराब कर्जा वृद्धि हुनु, कर्जा सूचनासम्बन्धी अनिवार्य व्यवस्थाले कर्जा नलिएका सदस्य पाउन कठिन भई कर्जा लगानी बढ्न नसक्नु, सार्वजनिक सञ्चार माध्यममा दैनिक प्रकाशित/पसारित बहुबैंकिङसम्बन्धी समाचार आदिले यस क्षेत्रमा बहुबैंकिङको अवस्था उल्लेख्य रहेको पुष्टि गर्दछन् । यसरी विगतमा लघुवित्त क्षेत्रमा बहुबैंकिङ कारोबारमा वृद्धि हुनाका मुख्य कारणलाई देहायबमोजिम उल्लेख गरिएको छः

### (क) लघुवित्त वित्तीय संस्थाको उदार इजाजत नीति

नेपाल राष्ट्र बैंकले लिएको उदार इजाजत नीतिका कारण छोटो समयमा सयभन्दा बढी लघुवित्त वित्तीय संस्थाले इजाजतपत्र प्राप्त गरे । त्यसै गरी, गरिबीको अवस्थाअनुसार शाखा विस्तार गर्ने नीति समयमै लागू हुन नसक्दा लघुवित्त वित्तीय संस्थाले तराई, राजमार्ग वरपर र सहरोन्मुख ग्रामीण क्षेत्रमा सुविधाजनक तवरले आक्रामक रूपमा शाखा विस्तार गर्दा एउटै भौगोलिक क्षेत्रमा धेरै लघुवित्त वित्तीय संस्थाको उपस्थिति रहन पुग्यो । यसरी धेरै संस्थाले एउटै क्षेत्रका सीमित संख्यामा रहेका लक्षित वर्गलाई आबद्ध गरी सीमाभन्दा बढी कर्जा प्रदान गर्दा बहुबैंकिङ कारोबार बढ्दै गएको हो ।

### (ख) लघुवित्त क्षेत्रमा बढ्दो नाफामूलक प्रवृत्ति

पब्लिक कम्पनी लिमिटेडको रूपमा स्थापना भएका लघुवित्त वित्तीय संस्थाहरू नाफामा केन्द्रित हुँदा व्यवसाय विस्तारका लागि कर्मचारीलाई कर्जाको लक्ष्य तोक्ने प्रवृत्ति बढ्दै गयो । विनाझन्झट सहज तबरले विनाधितो कर्जा प्राप्त गर्न सकिने भएकाले सदस्यहरूमा आफ्नो ऋण बहन क्षमता र आवश्यकताभन्दा बढी कर्जा लिने प्रवृत्ति बढ्दै गयो र लक्ष्य प्राप्तिका लागि कर्मचारीले नीतिगत व्यवस्थाको बेवास्ता गर्दै अधिक कर्जा प्रवाह गर्दा धेरै लघुवित्त वित्तीय संस्थाले एउटै सदस्यलाई तोकिएको सीमाभन्दा बढी कर्जा प्रदान गरेकाले बहुबैंकिङ कारोबार बढेको देखिन्छ ।

### (ग) नेपाल राष्ट्र बैंकको नीतिगत व्यवस्था

मुलुकका लागि आवश्यक लघुवित्त वित्तीय संस्थाको संख्या किटान गर्न नसकिए तापनि राष्ट्र बैंकले छोटो समयमा सयभन्दा बढी लघुवित्त वित्तीय संस्थालाई इजाजतपत्र प्रदान गर्नु, लक्षित वर्गको उपस्थितिअनुसार शाखा विस्तार गर्ने नीति बेलैमा अवलम्बन गर्न नसक्नु, एकल ग्राहक कर्जा सीमा वृद्धि गर्नु, एउटा ऋणी सदस्यले धेरै वटा लघुवित्त वित्तीय संस्थाबाट तोकिएको सीमासम्मको कर्जा लिन पाउने गरी नीतिगत व्यवस्थाको संशोधन गर्नु, बैंक तथा वित्तीय संस्थाको पुँजी वृद्धि हुँदा लघुवित्त वित्तीय संस्थाको वित्तीय स्रोत वृद्धि हुनुलगायतका नीतिगत व्यवस्थाले बहुबैंकिङ कारोबार वृद्धि भएको देखिन्छ ।

अर्कोतर्फ लघुवित्त शाखा संख्यामा उल्लेख विस्तार भएसँगै राष्ट्र बैंकको स्थलगत सुपरिवेक्षण प्रभावकारी हुन नसकेको गुनासो पनि सुनिन थालेको छ।

**(घ) लघुवित्त क्षेत्रलाई कर्जा सूचना केन्द्रको सञ्जालमा समयमा आबद्ध गर्न नसक्नु**

मुलुकमा संस्थागत लघुवित्त अभियानले तीन दशक पूरा गर्नै लाग्दा (आर्थिक वर्ष २०७५/७६ देखि) यस क्षेत्रलाई कर्जा सूचना केन्द्रको सञ्जालमा आबद्ध गरियो। समयमा कर्जा सूचना केन्द्रको सञ्जालमा आबद्ध गर्न नसकेका कारण आफ्ना ऋणीको कर्जा कारोबारबारे लघुवित्त वित्तीय संस्थाहरू अनभिज्ञ रहनुपर्ने अवस्था रह्यो। केन्द्रसँग आबद्ध हुनुभन्दा पहिले एउटै भौगोलिक क्षेत्रमा रहेका लघुवित्त वित्तीय संस्थाहरूबीच साख सूचना लिने/दिने प्रक्रियाबाट सम्बन्धित ऋणीको कर्जा कारोबारको विवरण लिने व्यवस्था भए पनि संस्थाहरूबीच समन्वय हुन नसक्दा यो कार्य त्यति प्रभावकारी हुन सकेन र ऋणीलाई कर्जा प्रदान गर्ने कार्यले निरन्तरता पायो।

**(ङ) लघुवित्त वित्तीय संस्थाको कमजोर संस्थागत सुशासन र स्वनियमन**

बैंक तथा वित्तीय संस्थाहरू विश्वास र इमान्दारितामा चल्ने संस्था भएकाले यी संस्थामा स्वनियमनको महत्वपूर्ण भूमिका रहने गर्दछ। लघुवित्त वित्तीय संस्थाहरू प्रचलित ऐन, नियम, राष्ट्र बैंकले जारी गरेको निर्देशन र संस्था आफैँले निर्माण गरेको नीति, नियम तथा कार्यविधिको अधीनमा रही सञ्चालन भएका हुन्छन्।

तर पछिल्लो समय लघुवित्त वित्तीय संस्थाहरू नाफाकेन्द्रित हुँदै गएकाले नीतिगत व्यवस्थाको अनुपालना पक्ष कमजोर हुँदै जाँदा संस्थागत सुशासन र स्वनियमन कमजोर हुँदै गएको पाइन्छ। यसै गरी, फिल्ड तहका कतिपय कर्मचारीमा व्यावसायिकता, संस्थागत संस्कृति र कार्यालयगत प्रक्रियासम्बन्धी ज्ञान कमजोर रहेको, राष्ट्र बैंकले स्थलगत निरीक्षणको क्रममा नमूना छनोट गरी सीमित कर्जा फाइल जाँच गर्ने र संस्थाको आन्तरिक लेखापरीक्षणसमेत सबल हुन नसक्दा सबै कर्जाका फाइलहरूको जाँच हुन नसकेका गुनासा पनि यस क्षेत्रमा सुनिन थालेका छन्।

**(च) आवश्यकता र क्षमताभन्दा बढी कर्जा लिने प्रवृत्ति**

पछिल्लो समय अधिकांश ऋणी सदस्यले धेरै लघुवित्त वित्तीय संस्थाबाट सीमाभन्दा धेरै कर्जा लिने, अनुत्पादक क्षेत्रमा कर्जाको प्रयोग गर्ने, धेरै सदस्यको नामबाट कर्जा लिई 'मिटर ब्याज'मा लगानी गर्ने, धेरै संस्थामा आबद्ध भई कर्जा लिने र एउटा संस्थाबाट लिएको कर्जा अर्को संस्थाको कर्जा तिर्न प्रयोग गर्नेलगायतका कार्यले उनीहरू ऋणग्रस्त बन्दै गएको देखिन्छ। यसरी पछिल्लो समय सदस्यमा कर्जा लिने र नतिर्ने प्रवृत्तिको विकास हुँदा खराब ऋणीको संख्या बढ्दै गएको पाइन्छ।

**(छ) कमजोर वित्तीय साक्षरता र तालिमको कमी**

आवश्यक तालिम र पुनर्ताजगी कार्यक्रमको अभावका कारण लघुवित्त वित्तीय संस्थाका फिल्ड तहमा कार्यरत कतिपय कर्मचारी र सदस्यहरूमा वित्तीय ज्ञान कमजोर रहेको पाइन्छ। सञ्चालन भएका केही तालिम पनि कर्मकाण्डी हुने गरेको सुनिन्छ। वित्तीय साक्षरताको कमीले वित्तीय कारोबार र यसको फाइदा, कर्जाको सदुपयोगबाट हुने फाइदा र सदुपयोग हुन नसक्दा हुने बेफाइदा, खराब ऋणीमा परिणत हुने अवस्था, कालो सूचीसम्बन्धी व्यवस्था, कालो सूचीमा परेकै कारण विभिन्न सेवाबाट वञ्चित रहनुपर्नेलगायतका विषयमा जानकारी हुन सक्दैन। यसरी उल्लिखित ज्ञानको कमीले गर्दा कर्मचारीहरू तोकिएको लक्ष्य पूरा गर्नेतर्फ केन्द्रित हुने र ऋणी सदस्यले कर्जा लिँदा सजगता नअपनाउने गरेकाले बहुबैंकिङ कारोबारमा वृद्धि भएको देखिन्छ।

**५. लघुवित्त क्षेत्रलाई बहुबैंकिङमुक्त कसरी बनाउने ?**

सदस्यमा उद्यमशीलताको विकास र वित्तीय साक्षरताविना प्रदान गरिएको सीमाभन्दा बढी कर्जाको सदुपयोग हुन नसक्दा धेरै ऋणी सदस्यले समयमै कर्जाको साँवा ब्याज भुक्तानी गर्न नसकी खराब ऋणीमा परिणत भएका छन्। कतिपय कर्मचारीमा कमजोर संस्थागत संस्कृति र काम गर्ने दक्षताको अभाव (वित्तीय साक्षरताको कमीसमेत ) का कारण कर्जाको विश्लेषण, कर्जा प्रवाह र असुलीका पक्षहरू सन्तोषजनक हुन सकेका छैनन्। सदस्यहरूमा कर्जा लिने र नतिर्ने प्रवृत्ति बढ्दै गएको पाइन्छ। लघुवित्त क्षेत्रप्रति असन्तुष्टि बढ्दै जाँदा स्वघोषित संघर्ष समितिको निर्माण भई लघुवित्त

वित्तीय संस्थाहरू खारेज गर्नुपर्ने र कर्जा मिनाहा गर्नुपर्ने जस्ता गैरकानुनी माग राखी राष्ट्रिय स्तरमा संघर्षका विभिन्न कार्यक्रम सञ्चालन भइरहेका छन् । कर्जा तिर्न नसकेका खराब ऋणीहरू सहभागी भएर समितिलाई नै सघाइरहेका समाचार समेत सार्वजनिक हुनुले ऋणी सदस्यहरूमा अनुशासन र इमान्दारिताको कमी भएको देखिन्छ । यसका साथै लघुवित्त संस्थामा संस्थागत सुशासन, स्वनियमन र क्षमता अभिवृद्धिमा भन्दा जतिसक्दो कारोबार विस्तारमा ध्यान दिने प्रवृत्ति बढ्दै जाँदा बहुबैंकिङ कारोबारले थप झाँगिने अवसर पाएको देखिन्छ ।

लघुवित्त क्षेत्रमा देखिएको पछिल्लो अवस्थालाई सम्बोधन गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकले मिति २०७९/११/१० मा आठ बुँदे निर्देशन जारी गरेको छ । उक्त निर्देशनमा एक जना सदस्यले एउटा लघुवित्त वित्तीय संस्थाबाट मात्र तोकिएको सीमासम्मको कर्जा लिन पाउने, 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएका ऋणी सदस्यले लघुवित्त वित्तीय संस्थाबाट कर्जा लिन नपाउने, धितो र विनाधितो कर्जाको अधिकतम सीमा सात लाखसम्म मात्र हुने र सीमाभन्दा बढी कर्जा प्रदान गरेको भए सीमाभन्दा बढी कर्जा प्रदान गर्ने संस्थाले शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने, १५ प्रतिशतभन्दा बढी लाभांश प्रदान गर्ने संस्थाले सोभन्दा बढी प्रदान गर्ने लाभांशको ५० प्रतिशत साधारण जगेडा कोष, ३५ प्रतिशत ग्राहक संरक्षण कोष र १० प्रतिशत सामाजिक उत्तरदायित्व कोषमा रकम छुट्याउनुपर्ने, कर्जाको अधिकतम ब्याजदरको कम्तीमा ५० प्रतिशत हुनेगरी बचतको न्यूनतम ब्याजदर प्रदान गर्नुपर्ने, सेवा प्रवेश गर्ने नयाँ कर्मचारीलाई पूर्व सेवाकालीन दुई हप्ताको तालिम र अन्यलाई प्रत्येक दुई वर्षमा कम्तीमा एक पटक लघुवित्त कारोबारसँग सम्बन्धित तालिम प्रदान गर्नुपर्नेलगायतका व्यवस्थाहरू समेटिएका छन् ।

उल्लिखित निर्देशनहरू नेपाल राष्ट्र बैंकले जारी गरेको मितिदेखि कार्यान्वयनमा आउने भएकाले आगामी दिनमा लघुवित्त वित्तीय संस्थाले प्रदान गर्ने वित्तीय सेवालाई लघुवित्तको मर्म र उद्देश्यअनुरूप व्यवस्थित बनाउन सकिन्छ तर सो मितिभन्दा अघि यस क्षेत्रमा रहेको बहुबैंकिङ कारोबारलाई शून्य नबनाएसम्म पछिल्लो समय लघुवित्त क्षेत्रमा देखिएको समस्यालाई निर्मूल पार्न सकिँदैन । लघुवित्त क्षेत्रमा बहुबैंकिङले ल्याएको समस्या नियमक, लघुवित्त वित्तीय संस्था, ऋणी सदस्य र अन्य सरोकारवाला सबैले विगतमा आफ्नो जिम्मेवारी इमान्दारीताका साथ निर्वाह गर्न नसकेकाले समस्या भएको हो । त्यसैले सरोकारवालाको जिम्मेवारीको मात्रा मापन गरी सोही अनुरूप विगतको गल्तीलाई सच्याउँदै अघि बढ्न नेपाल राष्ट्र बैंकको समन्वयमा विज्ञसहितको अध्ययन समितिको गठन गर्नुपर्दछ ।

बहु बैंकिङका कारण लघुवित्त क्षेत्रमा देखिएका समस्यालाई समाधान गर्न यहाँ केही सुझाव प्रस्तुत गरिएको छ :

**(क) ऋणीको वर्गीकरण**

दुई वा सोभन्दा बढी संस्थाबाट सीमाभन्दा बढी कर्जा लिई कर्जाको साँवा ब्याज भुक्तानी नगरेका कारण खराब ऋणीमा परिणत भएका सबै ऋणीलाई एउटै डालोमा हालेर व्यवहार गर्ने कार्य विवेकपूर्ण हुन सक्दैन । यस क्षेत्रमा भएका खराब ऋणीको बारेमा विस्तृत अध्ययन गरी नियतवश कर्जा भुक्तानी नगरेका र परिस्थितिजन्य कारणले कर्जा भुक्तानी गर्न नसकेका गरी ऋणीलाई दुई वर्गमा वर्गीकरण गर्नुपर्दछ । यी दुई वर्गका ऋणीमध्ये परिस्थितिजन्य कारणले कर्जा तिर्न नसकेका ऋणीको संख्या हेरी संस्थामा रहेका कोषहरू (ग्राहक सुरक्षण कोष, सामाजिक उत्तरदायित्व कोष आदि) बाट एकपटकको लागि सहुलियत प्रदान गर्न सकिन्छ । तर नियतवश कर्जा भुक्तानी नगरेका ऋणीलाई यस्ता सहुलियत दिने विषय भने न्यायोचित नहुने भएकाले त्यस्ता ऋणीबाट अनिवार्य रूपले कर्जा असुली गर्नुपर्दछ ।

**(ख) कर्जाको पुनर्तालिकीकरण/पुनःसंरचना**

बहुबैंकिङका कारण ऋणीले लिएको ऋण रकम आफ्नो क्षमता र आवश्यकताभन्दा धेरै भएकाले विगतकै भुक्तानी तालिकाबमोजिम कर्जा असुल गर्न किस्ता ठूलो भई कठिनाइ हुनसक्ने भएकाले कर्जाको पुनर्तालिकीकरण/पुनर्संरचना गर्न सकिन्छ । कर्जा असुलीसम्बन्धी उपर्युक्त व्यवस्था एक पटकका लागि नियामकीय तहबाट नीतिगत रूपमा व्यवस्था गर्नुपर्दछ । यसरी कर्जाको साँवा ब्याज भुक्तानी गर्दा किस्ताको आकार घटाउने र समयावधि थप गर्ने कार्यले ऋणी सदस्यलाई

किस्ता तिर्न सहज हुनुको साथै संस्थाको कर्जा असुली गर्ने उपयुक्त वातावरणको निर्माण हुन्छ।

**(ग) वित्तीय साक्षरता**

पैसाको सही व्यवस्थापन गर्न सिकाउने भएकाले वित्तीय कारोबारबाट तुलनात्मक रूपमा बढी लाभ लिनका लागि धनी, गरिब, शिक्षित, अशिक्षित सबैलाई वित्तीय साक्षरताको आवश्यकता पर्दछ। वित्तीय साक्षरताले बचत गर्न अभिप्रेरित गर्ने, ऋणी सदस्यले आवश्यकता र क्षमताअनुसारको कर्जा लिने, कर्जाको सदुपयोग गर्ने, तोकिएको समयमा कर्जाको भुक्तानी गर्ने, गर्न नसकेमा कालो सूचीमा परिने र ऋणीले विभिन्न सामाजिक सेवा सुविधाबाट वञ्चित हुनुपर्ने, बैंकमा खाता खोली वित्तीय कारोबार गर्न नपाइने र कर्जा भुक्तानी गर्नुपर्ने दायित्वबाट आजीवन छुटकारा नपाइनेलगायतका विषयमा ज्ञान दिने भएकाले ऋणीलाई वित्तीय अनुशासनमा बस्न सहयोग गर्दछ। यसरी विगतमा ठूलो आकारको कर्जा लिई वित्तीय चेतनाको कमीले समयमै कर्जाको भुक्तानी गर्न नसकेका/नगरेका ऋणी सदस्यलाई वित्तीय रूपले साक्षर बनाई कर्जा असुली गर्ने वातावरण निर्माण गर्न वित्तीय साक्षरताले सकारात्मक भूमिका खेल्दछ।

**(घ) लघुवित्त वित्तीय संस्थाबीच समन्वय र पारदर्शिता**

लघुवित्त क्षेत्रमा बहुबैंकिङको कारोबारलाई नियन्त्रण गर्ने उद्देश्यले हालै नेपाल राष्ट्र बैंकले एक सदस्यले एउटा मात्र लघुवित्त वित्तीय संस्थाबाट तोकिएको सीमासम्मको कर्जा लिन पाउने व्यवस्था गरेको छ। विगतमा दुईभन्दा बढी संस्थासँग आबद्ध भई ऋण लिएर बहुबैंकिङ कारोबार गरेका सदस्यलाई प्रत्येक संस्थाले एक जना सदस्य आफूसँग रहनेगरी लिने/दिने गर्दा बहुबैंकिङ घटाउन सहयोग पुग्छ। यसरी आफूसँग आबद्ध भएका सदस्यलाई संस्थाहरूबीच बाँडेर लिँदा बचत, कर्जा, सदस्यको आबद्धताको समयावधि, बस्ने क्षेत्र आदिलाई आधार बनाउन सकिन्छ। यसका लागि लघुवित्त वित्तीय संस्थाहरूबीच समन्वय र पारदर्शिता हुनुपर्ने र नियामकले निश्चित समयावधि उपलब्ध गराउनुपर्ने हुन्छ।

**(ङ) लघुवित्त वित्तीय संस्थाहरूबीच मर्जर/प्राप्ति**

लघुवित्त वित्तीय संस्थाहरूबीच हुने मर्जर/प्राप्तिले एउटै भौगोलिक क्षेत्रमा उपस्थित भएका संस्थाको संख्या घट्ने भएकाले दुई वा सोभन्दा बढी संस्था मिलेर एउटा संस्था बन्ने र धेरै संस्था (मर्जर हुनुअघि) मा आबद्ध भएका सदस्य स्वतः एउटा संस्थामा आबद्ध हुने अवस्था सिर्जना गर्न सकिन्छ। यसका साथै पुँजीको आकार बढ्ने, सञ्चालन खर्च घट्ने र संस्थाको संख्यामा कमी आई अस्वस्थ प्रतिस्पर्धा नियन्त्रण हुने भएकाले आगामी दिनमा लघुवित्त वित्तीय संस्थाबीच मर्जर/प्राप्ति गर्न उपयुक्त हुने देखिन्छ।

**(च) कर्जा सूचना केन्द्रसँगको आबद्धता**

ऋणी सदस्यले लघुवित्त वित्तीय संस्थाबाट लिएको कर्जाको विस्तृत विवरण कर्जा सूचना केन्द्रबाट प्राप्त गर्ने भएकाले यस क्षेत्रको बहुबैंकिङ कारोबारलाई नियन्त्रण गर्ने सबैभन्दा प्रभावकारी उपाय कर्जा सूचना केन्द्रसँगको आबद्धता नै हो। लघुवित्त क्षेत्रलाई समयमै केन्द्रसँग आबद्ध गर्न नसक्दा र एउटै भौगोलिक अवस्थितिमा रहेका संस्थाहरूबीच समन्वय हुन नसक्दा बहुबैंकिङ कारोबार उल्लेख्य रूपमा बढेको देखिन्छ। त्यसैले आगामी दिनमा बहुबैंकिङ कारोबार मुक्त लघुवित्त क्षेत्रको निर्माण गर्नका लागि केन्द्र र संस्थाको काम कारबाहीलाई थप सुधार गरी प्रभावकारी बनाउनुपर्ने देखिन्छ। यसका साथै नियामक निकायको प्रभावकारी नियमन र संस्थाको नियमित र सबल आन्तरिक लेखापरीक्षण नै संस्थागत सुशासन कायम राख्ने प्रमुख आधार भएकाले यसतर्फ सम्बन्धित निकायले प्राथमिकता दिनुपर्ने देखिन्छ।

## ६. निचोड

उद्यमशीलताको विकास र वित्तीय साक्षरताले वित्तीय सेवाको उपयोग तुलनात्मक रूपमा बढी प्रभावकारी बनाउने गर्दछ। साथै, लघुवित्त वित्तीय संस्थाले कर्जा प्रदान गर्ने क्रममा क्रेडिट प्लसका कार्यक्रमलाई सँगसँगै लैजान सकेमा ऋणी सदस्यलाई कर्जाको व्यवस्थापन गर्न सहज हुन्छ। उल्लिखित व्यवस्थाको ख्याल नगरी प्रदान गरिएको सीमाभन्दा धेरै कर्जाको सही तवरले सदुपयोग हुन नसक्दा यस क्षेत्रमा खराब कर्जा बढ्दै गएको छ। यस्ता विषयलाई मध्यनजर राख्दै लघुवित्त क्षेत्रको स्थायित्व र विकासका लागि नेपाल राष्ट्र बैंकले नियमित रूपमा आवश्यकतानुसार निर्देशन जारी गर्दै आएको छ। हालसालै राष्ट्र बैंकले जारी गरेको निर्देशनले

पनि बहुबैंकिङ कारोबारलाई निरुत्साहित गर्न प्रभावकारी हुने देखिन्छ ।

लघुवित्त वित्तीय संस्थाले नाफाकेन्द्रित भई नियामकीय प्रावधानको अनुपालना नगर्दा बहुबैंकिङको उल्लेख्य वृद्धि भई समस्या देखिएको छ । यिनै समस्यालाई लिएर सामाजिक सञ्जाल र सञ्चार माध्यममा लघुवित्तसम्बन्धी नकारात्मक समाचार आउने क्रम बढेको देखिएको छ। त्यसै गरी, जिम्मेवार तहमा रहेका व्यक्तित्वले समेत सम्बन्धित निकायसँग आवश्यक जानकारी नै नलिई लघुवित्त वित्तीय संस्थाले तोकिएको सीमाभन्दा बढी ब्याज र सेवाशुल्क लिएर ऋणीलाई ऋणपासोमा पारेको जस्ता गम्भीर आरोप लगाउने कार्यले यस क्षेत्रको नकारात्मक प्रचार गर्ने पक्षलाई थप मलजल पुगेको छ।

लघुवित्त वित्तीय संस्थाले घरभित्र सीमित महिलालाई वित्तीय पहुँचको माध्यमबाट उनीहरूको आर्थिक, सामाजिकलगायतका पक्षको विकास गरी आफ्नो परिवारको आर्थिक मामिलामा निर्णायक भूमिका निभाउन सक्ने बनाएको छ।

समाजको तल्लो तहमा रहेका महिलाको चेतनास्तरमा उल्लेख्य परिवर्तन ल्याई नेतृत्व तहसम्म पुऱ्याएर महिला सशक्तीकरणको क्षेत्रमा महत्वपूर्ण योगदान दिएको छ । पछिल्लो समय धेरै लघुवित्त वित्तीय संस्थाले एउटै ऋणी सदस्यमा सीमाभन्दा धेरै कर्जा प्रदान गर्दा कर्जाको गुणस्तर कमजोर भई कर्जा असुलीमा समस्या देखिएको छ। त्यसैले विगतमा लघुवित्त क्षेत्रमा देखिएको बहुबैंकिङ कारोबारको समस्यालाई निरुत्साहित गरिनु आवश्यक छ।

# नेपालका सार्वजनिक संस्थान : वर्तमान अवस्था र सुधारका उपाय

■ इन्द्रबहादुर देवकोटा*

## १. पृष्ठभूमि

सार्वजनिक संस्थानको पृष्ठभूमि राज्यको भूमिकासँग जोडिएको हन्छ। विकासको अवस्था, निजी क्षेत्रको सबलता र अर्थतन्त्रमा सहभागिताको तत्परताले पनि सार्वजनिक संस्थानको औचित्य र आवश्यकतालाई निर्देशित गर्दछ । नागरिकलाई सेवा प्रवाह गर्ने मूल उद्देश्यका साथ सार्वजनिक संस्थान स्थापना भएका हुन् । सार्वजनिक संस्थान स्थापनाको भित्री मर्मलाई विश्लेषण गर्ने हो भने सरकारी प्रशासनिक पद्धतिबाट टाढा राखी कार्यसम्पादन र निर्णय प्रक्रियालाई चुस्त, छिटोछरितो र नतिजामूलक बनाउने, कार्यसम्पादनमा व्यावसायिकता र दक्षता अभिवृद्धि गर्ने, सेवाप्रवाहमा विशिष्टता कायम गरी गुणस्तर र प्रभावकारिता अभिवृद्धि गर्ने रहेको पाइन्छ । आमनागरिकको दैनिक जीवनयापनसँग प्रत्यक्ष सम्बन्ध रहेका अत्यावश्यक वस्तु तथा सेवा सर्वसुलभ एवम् सुपथ मूल्यमा उपलब्ध गराउने, रोजगारी सिर्जना गर्ने, विकासका लागि भौतिक पूर्वाधारको आधार तयार गर्ने, आत्मनिर्भर र स्वाधीन अर्थतन्त्रको आधार तयार गर्ने, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने, निजी क्षेत्रको विकासका लागि वातावरण तयार गर्ने र समतामूलक राज्यको स्थापना गरी सामाजिक न्यायको प्रवर्द्धन गर्नेलगायतका विविध उद्देश्यकासाथ सार्वजनिक संस्थानको स्थापना गरिएको हो ।

सन् १९३० पछि विश्वमा सार्वजनिक संस्थान स्थापना गर्ने लहर चलेको पाइन्छ । विशेष गरी सन् १९३० को विश्व आर्थिक मन्दीको घटनाले बजार संयन्त्रले सफलतापूर्वक काम नगरेको, निजी क्षेत्र सबल र सक्षम भइनसकेको, लोककल्याणकारी राज्यको अवधारणा र पूर्वाधार विकासको कमजोर अवस्थाका कारण सरकारले नै नागरिकका दैनिक जीवनयापनका वस्तु तथा सेवाको व्यवस्थापनमा अग्रसर हुनुपर्ने अवस्था एकातिर सिर्जना भयो भने अर्कोतिर द्वितीय विश्वयुद्धबाट प्रभावित विश्वमा पुनःनिर्माण र नागरिक जीवन एवम् विकास व्यवस्थापन गर्ने सरकारको भूमिका सशक्त हुनुपर्ने परिस्थिति सिर्जना भयो । यिनै दुई धारका कारण विशेष गरी द्वितीय विश्वयुद्धपश्चात् लोककल्याणकारी राज्य व्यवस्थाको अभ्याससँगै आमजनमानसका लागि अत्यावश्यक, सार्वजनिक र एकाधिकार रहेका वस्तु तथा सेवाको उत्पादन, वितरण र व्यवस्थापन गरी राज्यप्रति नागरिक भरोसा सिर्जना गर्ने उद्देश्यका साथ सार्वजनिक संस्थानको स्थापना गरिएको पाइन्छ । निजी क्षेत्रको सबलीकरण नभएका कारण विकास गतिविधिमा न्यून उपस्थिति, राष्ट्रिय उद्योगधन्दाको विकास तथा संरक्षण गर्नुपर्ने अवस्था, रणनीतिक क्षेत्रमा राज्यको उपस्थिति सशक्त र सुदृढ तुल्याउने अवस्था जस्ता कारणले पनि सार्वजनिक संस्थानको स्थापनाको आधार खडा गरेको पाइन्छ । नेपालमा पनि यसै परिवेशबाट सार्वजनिक संस्थानहरू स्थापना भई सञ्चालनमा आएका हुन् । राज्यबाट विभिन्न क्षेत्रमा सेवा प्रवाहलगायत मूल मार्गदर्शकको भूमिका खेल्नुपर्ने कारणले औद्योगिक विकास, व्यापारिक गतिविधि सञ्चालन सामाजिक सेवा, जनउपयोगी क्षेत्र र वित्तीय क्षेत्रलगायतका विविध क्षेत्रमा विशिष्टीकरण र व्यावसायिकता प्रवर्द्धन गर्ने उद्देश्यका साथ नेपालमा उपर्युक्त क्षेत्रगत सार्वजनिक संस्थान स्थापना भएका हुन् । विश्वव्यापी नवीन लहरका साथ आएका शासकीय व्यवस्थापनका शैली, लोकतान्त्रिक प्रणालीको अभ्यास तथा अवलम्बन र उदार आर्थिक कार्य प्रणालीका कारण राज्यको भूमिकामा परिवर्तन भए पनि नागरिक सन्तुष्टि हासिल गर्नु राज्यको मूल उद्देश्य रहेकाले अझै पनि सार्वजनिक संस्थानको भूमिका महत्वपूर्ण मानिँदै आइएको छ ।

## २. नेपालमा सार्वजनिक संस्थानको प्रादुर्भाव

द्वितीय विश्वयुद्धपछि सरकारको भूमिका लोककल्याणकारी राज्य स्थापनामा केन्द्रित भएको सन्दर्भमा उत्पादन, वितरण र अर्थ व्यवस्था सञ्चालनका अधिकांश गतिविधि सरकारका तर्फबाट सञ्चालन भए । सरकार एक

* उपसचिव, अर्थ मन्त्रालय

किसिमले सम्पूर्ण आर्थिक गतिविधिको एकल सञ्चालक रह्यो । यसै परिवेशमा अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति सुनिश्चित गर्ने, ठूला पूर्वाधार लगानीको आवश्यकता पूर्ति गर्ने, बजार सन्तुलन ल्याउने, मूल्यस्थिरता कायम राख्ने र सरकारका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यले सरकारको स्वामित्व रहेका सार्वजनिक संस्थानको स्थापना र सञ्चालन गर्ने प्रचलन विश्वभर नै चल्यो ।

नेपाल पनि विश्वमा चलेको यस प्रकारको लहरबाट अछुतो रहन सकेन। नेपाल पनि विश्वमा चलेको राजनीतिक, सामाजिक, आर्थिक एवम् पर्यावरणीय प्रणालीबाट अलग रहेर बस्न सक्ने अवस्था भएन । माग-पूर्तिको समग्र पद्धतिबाट बजार सञ्चालन नभएको, बजारमा प्रतिस्पर्धा नभएको, उपभोक्ता सचेत र सक्षम नभएको, पूर्वाधारको विकास नभएको र आम नागरिकलाई वस्तु तथा सेवाको सहज आपूर्ति नभएको अवस्थामा सरकार व्यावसायिक क्रियाकलापमा सहभागी हुनु पर्‍यो । नेपालको विकास पूर्वाधारको अवस्था, आन्तरिक सक्षमता, स्रोत साधनको उपलब्धतालगायतका विविध कारणबाट विश्व समुदायसँग सहकार्य, समन्वय र पारस्परिक सहयोगसाथ अघि बढिरहेको अवस्थामा सार्वजनिक संस्थानमार्फत सेवा प्रवाह सञ्चालन गरी नागरिकलाई राज्यप्रति विश्वास तथा भरोसा दिलाउने कार्यमा मुलुक अग्रसर भयो।

नेपालमा आमनागरिकको दैनिक जीवनयापनसँग प्रत्यक्ष सम्बन्ध रहेका अत्यावश्यक वस्तु तथा सेवा सर्वसुलभ र सुपथ मूल्यमा उपलब्ध गराउने, रोजगारी सिर्जना गर्ने, विकासका लागि भौतिक पूर्वाधारको आधार तयार गर्ने, आत्मनिर्भर र स्वाधीन अर्थतन्त्रको आधार तयार गर्ने, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने, निजी क्षेत्रको विकासका लागि वातावरण तयार गर्ने र समतामूलक राज्यको स्थापना गरी सामाजिक न्यायको प्रवर्द्धन गर्नेलगायतका विविध उद्देश्यका साथ १९९३ सालदेखि सार्वजनिक संस्थान स्थापना र सञ्चालन गर्ने क्रम सुरु भएको पाइन्छ।

## ३. सार्वजनिक संस्थानको वित्तीय कार्यकुशलता

देशको आर्थिक विकासका लागि आन्तरिक स्रोतको परिचालन गर्ने, नागरिकका आधारभूत आवश्यकता पूर्ति गर्ने, विकास योजनाका उद्देश्यहरू हासिल गर्न सघाउ पुर्‍याउने, पूर्वाधार विकास गर्ने, मुलुकमा लगानीको वातावरण सिर्जना गर्ने, नयाँ प्रविधि भित्र्याउने, रोजगारी सिर्जना गर्ने, सरकारको सेवा प्रवाहको संवाहक (Delivery Wings of Government) को रूपमा कार्य गर्ने मूल उद्देश्यसाथ स्थापना भएका सार्वजनिक संस्थानको कार्यसम्पादन स्तर, कार्यशैली र गुणस्तरको अवस्था मिश्रित रहेको पाइन्छ। विश्व शासन प्रणालीमा आएको नवीन लहर, सरकारको कार्यक्षेत्र र भूमिकामा आएको फेरबदल, विज्ञान र सूचना प्रविधिको क्षेत्रमा भएको अद्‌भूत परिवर्तन, आर्थिक उदारीकरण र विश्वव्यापीकरणका कारण सिर्जित प्रतिस्पर्धात्मक वातावरण जस्ता विविध कारणले सार्वजनिक संस्थानका गतिविधिमा पनि केही चुनौती र अवसर खडा भए।

विविध समस्या र चुनौतीका बाबजुद हाल सञ्चालनमा रहेका सार्वजनिक संस्थानको वित्तीय कार्यकुशलतालाई विश्लेषण गर्दा पछिल्लो अवधिमा सकारात्मक नै देखिन्छ। आर्थिक वर्ष २०७७/७८ मा अस्तित्वमा रहेका संस्थानमध्ये २२ वटा संस्थान नाफामा सञ्चालन भएका छन् । त्यस्तै, १९ वटा संस्थान घाटामा छन् भने बाँकी संस्थानको कारोबार शून्य रहेको छ । सार्वजनिक संस्थानका यस अवधिको कार्यकुशलतालाई संक्षेपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- सार्वजनिक संस्थानको कुल सञ्चालन आय रु.४ खर्ब ३५ अर्ब १७ करोड ३९ लाख पुगेको छ।
- सार्वजनिक संस्थानको सञ्चित नाफा रु.१ खर्ब १३ अर्ब ५६ करोड ५९ लाख पुगेको छ । सञ्चित नोक्सानी रु.२१ अर्ब ७८ करोड ६६ लाख कायम भएको छ। सबै संस्थानको सञ्चित नाफा (सञ्चित नोक्सान कटाएर) रु.९१ अर्ब ७७ करोड ९३ लाख पुगेको छ।
- सार्वजनिक संस्थानमा रु.५ खर्ब ६७ अर्ब २८ करोड ८६ लाख कुल लगानी भएको अवस्था छ। यसमध्ये सेयर लगानी रु.३ खर्ब १४ अर्ब ६५ करोड ७ लाख र ऋण लगानी रु.२ खर्ब ५२ अर्ब ६३ करोड ७९ लाख रहेको छ। समग्र लगानीमा सेयरको हिस्सा ५५.४७ प्रतिशत छ भने ऋणको हिस्सा ४४.५३ प्रतिशत रहेको छ।
- सार्वजनिक संस्थानमा चुक्ता पुँजी रु.३ खर्ब ४७ अर्ब ९४

करोड ३९ लाख रहेको अवस्था छ। यसमा सरकारको स्वामित्व ९१.४७ प्रतिशत र सार्वजनिक संस्थान र निजी क्षेत्रको स्वामित्व ८.५३ प्रतिशत रहेको छ।

- सार्वजनिक संस्थानको सेयरधनी कोष/नेटवर्थ रु.७ खर्ब ५५ अर्ब ७२ करोड ९१ लाख पुगेको छ।

- यस अवधिमा सार्वजनिक संस्थानमा २८,००२ जनाले रोजगारी पाएका छन्। यो सन् २०१७/१८ को नेपाल लेवर फोर्स सर्भेअनुसारको ७० लाख ८६ हजार रोजगारीमा ०.३९ प्रतिशत हिस्सा हुन आउँछ।

- नाफामा सञ्चालित २२ वटा सार्वजनिक संस्थानले यस अवधिमा रु.३२ अर्ब १९ करोड ३६ लाख नाफा आर्जन गरेका छन भने नोक्सानमा सञ्चालित १९ वटा सार्वजनिक संस्थानको नोक्सानी रु.५ अर्ब ८३ करोड ४८ लाख रहेको छ। यसरी सार्वजनिक संस्थानबाट यस अवधिमा रु.२६ अर्ब ३५ करोड ८८ लाख खुद नाफा भएको छ। कुल नाफामा ८७.७९ प्रतिशत ५ वटा संस्थानको योगदान रहेको छ। सरकारलाई यस अवधिमा सार्वजनिक संस्थानबाट रु.६ अर्ब ७२ करोड १४ लाख लाभांश प्राप्त भएको छ।

- सार्वजनिक संस्थानको कोषमा व्यवस्था नगरिएको दायित्वमा वर्सेनि वृद्धि भएको छ। यस अवधिमा संस्थानको कोषमा व्यवस्था नगरिएको दायित्व रकम रु.५९ अर्ब ३९ करोड १९ लाख पुगेको छ। त्यस्तै, संस्थानको सम्भावित दायित्वसमेत वृद्धि भएको अवस्था छ। यस अवधिसम्म सम्भावित दायित्व रू.१० खर्ब ६९ अर्ब ९७ करोड ८४ लाख रहेको छ।

- २०७८ असारसम्म छ वटा सार्वजनिक संस्थान नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकृत भएका छन्। यी संस्थानको बजार पुँजीकरण अघिल्लो आर्थिक वर्षको तुलनामा १३७.९९ प्रतिशतले वृद्धि भई रु.५ खर्ब ७६ अर्ब २५ करोड १७ लाख पुगेको छ। यो कुल बजार पुँजीकरणको १४.३७ प्रतिशत हो।

सार्वजनिक संस्थानको सेयर लगानी, ऋण लगानी, लाभांश प्राप्ति, सञ्चालन आय, प्रशासकीय खर्च, खुद नाफा/नोक्सान स्थिति, सञ्चित नाफा/नोक्सान, सेयरधनी कोष/नेटवर्थ, कोषमा व्यवस्था नगरिएको दायित्व र कार्यरत जनशक्तिको अवस्थाको यस अवधिसम्मको (आर्थिक वर्ष २०७७/७८ सम्मको) स्थिति क्षेत्रगत स्थिति तालिका-२ मा उल्लेख गरिएको छ।

**तालिका २ : सार्वजनिक संस्थानको कार्यकुशलता (रु.लाखमा)**

| विवरण | सार्वजनिक संस्थानका क्षेत्र | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|
| | औद्योगिक | जनउपयोगी | व्यापारिक | वित्तीय | सामाजिक | सेवा | |
| जीडीपीमा सञ्चालन आयको योगदान (प्रतिशत) | ०.१५ | २.६५ | ५.६२ | १.८९ | ०.०६ | ०.५८ | १०.९५ |
| रोजगारी (हजार जना) | २ | १३ | १ | ७ | १ | ३ | २८ |
| आयकरमा योगदान (रु.अर्बमा) | ०.१८ | ६.९२ | ४.४५ | ६.२२ | ०.०३ | १.५६ | १९.३७ |
| सेयर लगानी (रु.अर्बमा) | ६.१५ | १५३.६७ | १३.०० | ४५.५२ | ३.९४ | ६६.३९ | २८८.६ |
| ऋण लगानी (रु.अर्बमा) | ८.०९ | २०१.२ | ०.३३ | ०.०९ | १.७४ | १९.४४ | २३०.९ |
| लाभांश प्राप्ति (रु.अर्बमा) | - | ६.१८ | ५.१५ | २.५१ | - | ०.२६ | १४.१० |
| सञ्चालन आय (रु.अर्बमा) | ६.०५ | १०३.६ | २१९.८ | ७३.९१ | २.५१ | २२.७४ | ४२८.७ |
| प्रशासकीय (रु.अर्बमा) | ०.९१ | १३.२६ | २.५७ | १२.९७ | १.३१ | ५.१८ | ३५.६१ |
| खुद नाफा/नोक्सान (रु.अर्बमा) | -०.९१ | २०.६३ | १२.९९ | १६.७७ | -०.३० | -०.८८ | ४८.३० |
| सञ्चित नाफा/ नोक्सान (रु.अर्बमा) | -१७.५ | ५०.३५ | २१.४८ | १५.६१ | -३.५६ | ९.११ | ७५.५१ |
| सेयरधनी कोष तथा नेटवर्क (रु.अर्बमा) | -८.७३ | २५५.२५ | ३७.०८ | १६३.६ | ८.१८ | २४८.४ | ७०३.९ |
| कोषमा व्यवस्था नगरिएको दायित्व (रु.अर्बमा) | २.४१ | ४६.६८ | ०.६७ | ३.६१ | १.२० | ३.१४ | ५७.७१ |

स्रोत : सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०७९

## ४. सार्वजनिक संस्थान सुधारका लागि विगतमा भएका प्रयास

सार्वजनिक संस्थानलाई व्यवस्थापकीय रूपले सक्षम, प्रभावकारी र प्रतिस्पर्धी बनाई आर्थिक गतिविधि र सेवा प्रवाहका सशक्त संयन्त्रको विकास गर्न निरन्तर रूपमा सुधार भइरहेका छन् । संस्थानको क्षमता अभिवृद्धि गर्ने, नवीन प्रविधि अवलम्बन गर्ने, व्यवस्थापनमा सक्षमता बढाउने, संस्थागत सुशासन प्रवर्द्धन गर्ने, संस्थानका गतिविधिलाई पारदर्शी बनाउने, संस्थागत उत्तरदायित्व प्रवर्द्धन गर्ने, वित्तीय सुशासन कायम गर्नेलगायतका विविध पक्षमा सुधार गरी सार्वजनिक संस्थानलाई सक्षम र उपायोगी संस्थाको रूपमा विकास गर्न नीतिगत, संस्थागत र कार्यप्रणालीगत सुधार भइरहेका छन् । संस्थान सुधारका लागि भइरहेका सुधारलाई संक्षेपमा देहायबमोजिम उल्लेख गर्न सकिन्छ ।

- सार्वजनिक संस्थानको सुधारका लागि विभिन्न नीतिगत र संस्थागत सुधार भएका छन् । आवधिक योजना, प्रशासन सुधार आयोगका प्रतिवेदनमा समावेश गरिएका नीतिगत र संस्थागत सुधार तथा सार्वजनिक खर्च पुनरावलोकन आयोगले गरेका नीतिगत र संरचनागत सुझावअनुसार विभिन्न सुधार गरिएको छ ।

- सार्वजनिक संस्थानको आर्थिक कारोबारमा पारदर्शिता र उत्तरदायित्व प्रवर्द्धनका लागि सार्वजनिक खरिद ऐन/नियमावली, सुशासन ऐन/नियमावली, सूचनाको हकसम्बन्धी ऐन/नियमावली, नेपाल लेखामान र लेखापरीक्षणमान मापदण्डका व्यवस्थालाई पूर्ण रूपले अवलम्बन गर्ने व्यवस्था गरिएको छ ।

- सार्वजनिक संस्थानको जनशक्तिलाई सक्षम, प्रतिस्पर्धी र दक्ष बनाई संस्थानको उत्पादकत्व अभिवृद्धि गर्न, दरबन्दी पुनरावलोकन गर्ने, खुला प्रतिस्पर्धाबाट प्रतिभाशाली जनशक्ति भित्र्याउने, कार्यकारी प्रमुख/महाप्रबन्धकको नियुक्ति खुला प्रतिस्पर्धाबाट गर्ने, कार्यसम्पादन सम्झौता गर्ने र कर्मचारीका हकहितको संरक्षण गर्ने नीतिगत तथा कार्यगत व्यवस्था मिलाइएको छ ।

- आर्थिक उदारीकरणको नीतिअनुसार वस्तु तथा सेवा उत्पादन, मूल्य निर्धारण र बजार प्रवर्द्धन, नवीन प्रविधिको प्रयोग, बजार विस्तार, सेवा प्रवाहमा सरलीकरण, लगानी, ब्याज निर्धारण जस्ता विविध विषयमा स्वायत्तता दिइएको छ ।

- सार्वजनिक संस्थानको आर्थिक स्थिति सुदृढ गरी व्यावसायिक क्षमता बढाउन ऋण, सेयरको माध्यमबाट सरकारले पुँजी परिचालनमा सहयोग पुऱ्याउने, संस्थानको सम्पति संस्थाको हित अभिवृद्धि गर्न परिचालन गर्ने, व्यवसायलाई विविधीकरण गर्ने, सेवा विस्तार गर्ने, संस्थानलाई विशेष छुट सुविधा प्रदान गर्नेलगायतका नीतिगत र कार्यगत व्यवस्थाको कार्यान्वयन गरिएको छ ।

- सार्वजनिक संस्थानको प्रभावकारिता अभिवृद्धि गर्न र अर्थतन्त्रमा निजी क्षेत्रको सहभागिता बढाई आर्थिक संवाहकको रूपमा परिचालन गराउन निजी क्षेत्र इच्छुक र सक्षम भएका क्षेत्रका सार्वजनिक संस्थानलाई विनिवेश, निजीकरण गर्ने तथा एकै प्रकृतिका संस्थानलाई एकआपसमा गाभ्ने र औचित्यहीन संस्थानलाई खारेजी गर्ने कार्यलाई अवलम्बन गरिएको छ ।

- सार्वजनिक संस्थानको सुधारका लागि वर्सेनि कार्यान्वयन गरिने नेपाल सरकारको बजेटमा विभिन्न नीतिगत र संरचनागत व्यवस्था गरेको पाइन्छ । यसबाट सार्वजनिक संस्थानको सुधार र व्यवस्थापनलाई सरकारले प्राथमिकतामा राखेको स्पष्ट हुन्छ ।

## ५. सार्वजनिक संस्थानका समस्या तथा चुनौती

सार्वजनिक संस्थानको पकृति, कार्यक्षेत्र र उद्देश्यका आधारमा विश्लेषण गर्दा संस्थानपिच्छे पृथकपृथक समस्या र चुनौती रहेका छन् । समग्रमा विश्लेषण गर्दा हाल सञ्चालनमा रहेका सार्वजनिक संस्थानका मूलभूत समस्याका रूपमा व्यावसायिकता र प्रतिस्पर्धात्मक क्षमता कमजोर रहनु, सञ्चालन र व्यवस्थापनमा एकरूपता नहुनु, कतिपय संस्थानले नियामक र वस्तु/सेवा प्रदायकको दोहोरो भूमिका निर्वाह गर्नु, संस्थानको नियमन, समन्वय र सुपरिवेक्षण फरकफरक निकायबाट हुनु, बन्द भएका संस्थानको सम्पत्तिको उचित संरक्षण तथा उपयोग नहुनु, स्रोत व्यवस्था नभएको दायित्व उच्च रहनु, विश्व परिवेशमा आएका कोभिड-१९ जस्ता

समस्याको प्रभावबाट कार्यप्रणालीमा उत्पन्न हुने समस्याजस्ता विविध समस्या रहेका छन् । यी समस्या सबै प्रकृतिका सार्वजनिक संस्थानका प्रतिनिधि समस्या हुन् ।

सार्वजनिक संस्थानले विविध प्रकृतिका चुनौतीको पनि सामना गरिरहेका छन् । सञ्चालन कार्यकुशलता अभिवृद्धि गरी सार्वजनिक विश्वास (Public Trust) आर्जन गर्ने वस्तु तथा सेवाको गुणस्तर अभिवृद्धि र विविधीकरणमार्फत बजार विस्तार गर्ने, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने, व्यवस्थापन सुधार गरी व्यवसायिक दक्षता बढाउने, कार्यरत जनशक्तिलाई प्रतिस्पर्धी र सक्षम बनाउने, संस्थान सञ्चालनमा संस्थागत सुशासन प्रवर्द्धन गर्ने, आत्मनिर्भर बन्ने, संस्थानको वित्तीय दायित्व घटाउने, वित्तीय जोखिम न्यूनीकरण गर्ने, अभिलेख व्यवस्थापन वैज्ञानिक र यथार्थपरक बनाउने, स्रोत साधनको प्रभावकारी र विवेकशील परिचालन गर्ने, आधुनिक प्रविधि एवं कार्य संस्कृति र व्यवहार अवलम्बन गर्ने तथा समग्रमा सार्वजनिक संस्थानको औचित्य पुष्टि गर्ने जस्ता चुनौती संस्थानले व्यहोरिरहेका छन् ।

## ६. सार्वजनिक संस्थान व्यवस्थापन सुधारका लागि सुझाव

सार्वजनिक संस्थानको सुधारका गर्नका सरकारले लिएका विभिन्न नीति तथा कार्यक्रमको फलस्वरूप नवीन प्रविधिको प्रयोग, कार्य सरलीकरण, सेवा प्रवाहमा सुधार, बजार विविधीकरण, जनशक्तिमा सुधार, व्यवहारगत सुधार, वित्तीय अनुशासन कायम गर्ने प्रयास जस्ता केही सुधार भए तापनि अपेक्षाकृत रूपले सार्वजनिक संस्थानमा सुधार हुन नसकेको जनगुनासो व्यापक रहेको अवस्था छ । केही सार्वजनिक संस्थानले बजारको एकाधिकार अन्त्य गर्ने र वस्तु तथा सेवाको मूल्य निर्धारण र गुणस्तरका लागि मापदण्डको निर्धारकको कार्य गरिरहेको अवस्था पनि छ । दुग्ध विकास संस्थानको दुग्धजन्य उत्पादन नागरिकले खोजीखोजी किन्छन् भने उदयपुर सिमेन्टको उत्पादनलाई निर्माण कार्यमा उपभोक्ताले पहिलो प्राथमिकतामा राख्छन् । बजारमा वस्तुको मूल्य र गुणस्तर निर्धारणमा सार्वजनिक संस्थानको महत्वपूर्ण भूमिका रहेकोले यी संस्थानप्रति जनविश्वास रहेको पुष्टि हुन्छ ।

सार्वजनिक संस्थानको प्रभावकारी व्यवस्थापन र सञ्चालनका लागि देहायबमोजिम सुधारका कार्य गर्नुपर्ने देखिन्छ ।

**(क) सार्वजनिक संस्थान सञ्चालन र व्यवस्थापन सम्बन्धमा सरकार स्पष्ट हुने**

*१. संवैधानिक मर्म, शासकीय संरचनाबमोजिम देशको अर्थतन्त्र सञ्चालन तथा व्यवस्थापनका लागि सार्वजनिक संस्थानको औचित्य, आवश्यकता र भूमिकालाई विश्लेषण गरी देहायका विषयमा स्पष्ट हुने -*

- समाजवादउन्मुख आर्थिक नीतिअनुरूप सार्वजनिक संस्थान सञ्चालन तथा व्यवस्थापन कसरी गर्ने, कुन प्रकृतिका संस्थानलाई सञ्चालन गर्ने र कस्तालाई बन्द गर्ने, निजी क्षेत्रसँग कसरी सहकार्य गर्ने भन्ने विषय स्पष्ट गर्ने ।
- सरकारले सञ्चालन नगरी नहुने, सरकारले सञ्चालन गरे पनि हुने, सार्वजनिक-निजी साझेदारीमा सञ्चालन गर्दा लागत र कार्यकुशलता प्रभावकारी हुने र विनिवेश गर्नुपर्ने संस्थानको वर्गीकरण गर्ने ।
- संस्थान सञ्चालनको उद्देश्य के हुने (नाफामुखी कि सेवामुखी प्रष्ट गर्ने र सोहीबमोजिम संस्थानको कार्यसम्पादन मूल्याङ्कन गर्ने ।
- संस्थानको सञ्चालन मोडालिटी (संघ, प्रदेश र स्थानीय तहको स्वामित्व कसरी गराउने भन्ने विषयमा स्पष्ट नीतिगत व्यवस्था गर्ने ।
- संस्थानको वित्तीय प्रबन्धलाई कसरी चुस्त बनाउने भन्ने विषयमा मापदण्ड बनाउने ।
- उपरोक्त विषयका आधारमा सार्वजनिक संस्थानको समग्र पक्षलाई केलाई सार्वजनिक संस्थान श्वेतपत्र जारी गर्ने ।

*२. सार्वजनिक संस्थान सञ्चालनको स्पष्ट नीति र धारणापछि देहायका पक्षलाई समेटेर सार्वजनिक संस्थान सञ्चालन र व्यवस्थापन नीति बनाउने -*

- संस्थान सञ्चालन विधि र प्रक्रिया,
- संस्थानको कार्य विविधीकरण,

- नवीन प्रविधिको प्रयोग,
- सञ्चालन व्यवस्थापनमा पृथक प्रक्रिया (खरिद प्रक्रिया, निर्णय प्रक्रिया),
- सार्वजनिक निजी साझेदारी,
- संस्थान सञ्चालनमा ब्लेन्डिङ फाइनान्सिङको परिचालन

(ख) **सार्वजनिक संस्थानको समग्र पक्षमा विस्तृत रूपमा अध्ययन/विश्लेषण गरी सञ्चालन तथा व्यवस्थापनका लागि स्पष्ट खाका बनाउने**

संस्थान सञ्चालनका विषयमा स्पष्ट भएपछि सार्वजनिक संस्थानको व्यवस्थापनको लागि देहायका पक्ष समेटेर अध्ययन गरी स्पष्ट खाका तयार गर्ने;

- हाल सञ्चालनमा रहेका सार्वजनिक संस्थानको संस्थागत सुशासन, वित्तीय क्षमता सबलीकरणको उपायका सम्बन्धमा अध्ययन गरी तिनको आवश्यकता र औचित्यका साथै आर्थिक तथा वित्तीय पक्षको विस्तृत विश्लेषण गरी विद्यमान ढाँचामा सञ्चालन गर्ने, पुनर्संरचना गर्ने, सरकारी स्वामित्वबाट विनिवेश गर्ने र बन्द गर्ने संस्थानको पहिचान र व्यवस्थापनको उपयुक्त रणनीति।
- निजीकरण भई निरन्तर घाटामा सञ्चालित संस्थानको संस्थागत सुशासन र वित्तीय कार्यकुशलता अभिवृद्धि गरी नाफामा ल्याउन अवलम्बन गर्नुपर्ने आवश्यक रणनीति।
- रुग्ण र बन्दप्रायः अवस्थामा रहेका सार्वजनिक संस्थानलाई पुनः सञ्चालनमा ल्याउने सम्बन्धमा उपयुक्त सञ्चालन ढाँचा र प्रक्रिया।
- बन्द तथा खारेजीमा रहेका संस्थानलाई कानुनी रूपमा खारेज गर्ने प्रक्रियाका सम्बन्धमा ठोस योजना।
- संस्थानमा नेपाल सरकारबाट ऋण तथा सेयर लगानी गरेको रकम सार्वजनिक ऋण व्यावस्थापन कार्यालय र सम्बन्धित संस्थाको अभिलेखमा फरक रहँदै आएकोले यस विषयमा विस्तृत अध्ययन गरी फरकफारक र हिसाब यकिन गर्ने ढाँचा।
- सार्वजनिक संस्थानको भौतिक वित्तीय सम्पत्तिको सूचना प्रविधिमा आधारित एकीकृत अभिलेख राख्ने उपयुक्त खाका।
- सञ्चालनमा रहेका र निजीकरण भएका सार्वजनिक संस्थानको जग्गा विवाद समाधान गर्ने विषयमा उपयुक्त प्रक्रिया र कार्ययोजना।
- विभिन्न संस्थानमा साविकमा नेपाल सरकारबाट भएको ऋण लगानी रकमबापतको साँवा ब्याजसहितको वास्तविक बक्यौताको यकिन तथा सङ्कलन गर्ने मार्गचित्र।
- केही संस्थानमा नेपाल सरकारले ऋण लगानी गरेको रकमलाई सेयरमा परिणत गर्ने उपयुक्त विधि।
- निजीकरण भई हाल सञ्चालनमा रहेका सार्वजनिक संस्थानहरू निजीकरणका सर्तमुताविक सञ्चालनमा रहे नरहेको अनुगमन गरी विवरण/प्रतिवेदन।
- अस्तित्वमा नरहेका सार्वजनिक संस्थानमा नेपाल सरकारबाट भएको ऋण लगानी रकमको यकिन तथा अद्यावधिक विवरण र सोको राफसाफ गरी वित्तीय स्वच्छता कायम गर्ने कार्ययोजना।
- घाटामा सञ्चालन भएका संस्थानलाई नाफामा लैजाने एकीकृत रणनितिक योजना।
- नाफामा सञ्चालनमा भएका संस्थानको मुनाफामा वृद्धि गरी दिगो बनाउन अवलम्बन गर्नुपर्ने दीर्घकालीन कार्ययोजना र रणनीति।
- सार्वजनिक संस्थान सञ्चालनको विद्यमान कानुनमा गर्नुपर्ने थप व्यवस्थाको अवधारणा।

(ग) **सार्वजनिक संस्थानको आन्तरिक व्यवस्थापन सुधार गर्ने**

हाल सञ्चालनमा रहेका सार्वजनिक संस्थानलाई आन्तरिक रूपमा सबलीकरण गर्ने, क्षमता विस्तार गर्ने, कार्यविधि व्यवहार/संस्कारमा परिवर्तन गर्ने र देखिएका समस्यालाई विवेकशील तवरले समाधान गर्नुपर्दछ। त्यसका

लागि संस्थानले आन्तरिक रूपमा देहायका सुधार अघि बढाउनुपर्छ ।

- व्यावसायिक र प्रतिस्पर्धात्मक क्षमतामा सुधार गर्न सेवाको गुणात्मकता सुधार गर्ने, विविधीकरण गर्ने, नवीन प्रविधि र ढाँचा अवलम्बन गर्ने र सोहीअनुसार आर्थिक, वित्तीय र मानवीय सक्षमता अभिवृद्धि गर्ने कार्यलाई प्राथमिकतासाथ अगाडि बढाउने ।
- सञ्चालन र व्यवस्थापनमा एकरूपता ल्याउन ऐन, नियमावली, विनियमावली र कार्यविधिमा बृहत् सहभागिता अभिवृद्धि गरी सम्बद्ध मन्त्रालयमार्फत सहजीकरण गर्न पैरवी गर्ने ।
- आन्तरिक रूपमा नियमन, सुपरिवेक्षण, अनुगमन प्रणालीलाई सबल बनाइ कार्यगत गुणस्तरमा बढोत्तरी गर्ने प्रणालीलाई स्थापित गर्ने ।
- संस्थानको स्वामित्वमा रहेका सम्पत्तिलाई वैज्ञानिक र विवेकशील तवरले उच्चतम प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्ने ।
- उपलब्ध स्रोत साधनको अधिकतम प्रतिफल हासिल गर्ने र संस्थाको नाफा अभिवृद्धि हुने क्षेत्रमा परिचालन गर्ने ।
- संस्थानमा कार्यरत जनशक्तिलाई सक्षम, प्रतिस्पर्धी र दक्ष बनाउन जनशक्ति क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने र संस्थामा टिकाइराख्न उनीहरूको उत्प्रेरणा र मनोबल उच्च राख्ने ।
- नेपाल सरकारबाट समयसमयमा भएका नीतिगत व्यवस्था, परिपत्र, निर्देशनको प्रभावकारी कार्यान्वयन र परिपालना गर्ने ।

**(घ) बाह्य क्षेत्रगत सुधार**

सार्वजनिक संस्थानको सुधारका लागि नीतिगत र कार्यगत रूपमा बाह्य क्षेत्रगत सुधार पनि अपरिहार्य छन् । संस्थानको सुधार र सुदृढीकरण गर्न संस्थान बाहिरबाट देहायका सुधार तथा प्रयास गरिनुपर्छ ।

- सार्वजनिक संस्थानलाई व्यवसायिक रूपमा सक्षम, पारदर्शी, व्यवस्थित तवरले सञ्चालन र व्यवस्थापन गर्नका लागि आवश्यक नीति निर्धारण, निर्देशन, समन्वय र सुपरिवेक्षण गर्ने निकायका रूपमा 'सार्वजनिक संस्थान सञ्चालन व्यवस्थापन प्राधिकरण' स्थापना गर्ने ।
- प्रत्येक सार्वजनिक संस्थानले दीर्घकालीन सोच र उद्देश्यबमोजिम व्यवसायिक सक्षमता र प्रतिस्पर्धात्मक कार्यसम्पादनका लागि आवश्यक नीति र व्यवसायिक योजना निर्माण गरी सो सम्बन्धमा नीतिगत/कानुनी व्यवस्था गर्ने ।
- सार्वजनिक संस्थानले जिम्मेवार व्यावसायिक संस्थाको रूपमा कार्य गर्ने विधि, प्रक्रिया र संस्कार अवलम्बन गर्न कार्यविधि बनाई प्रभावकारी रूपले कार्यान्वयन गर्ने ।
- सार्वजनिक संस्थानलाई व्यावसायिक, प्रतिस्पर्धी र प्रभावकारी बनाउन स्वायतता सुनिश्चित गर्ने । यसका लागि संस्थानका योजना, लगानी, बजेट, वस्तु तथा सेवाको मूल्य निर्धारण, मानव स्रोत व्यवस्थापन, खरिद प्रणाली आदिमा बढीभन्दा बढी स्वायतता प्रदान गर्ने । सम्पादित कार्यलाई कार्यसम्पादनमा आबद्ध गरी सोहीअनुसार मूल्याङ्कन गर्ने पद्धतिलाई अवलम्वन गर्ने ।
- सार्वजनिक संस्थानको सञ्चालक समितिलाई व्यवस्थित र प्रभावकारी बनाउनुका साथै सबै संस्थानमा बढीमा सात जना सञ्चालक सदस्य रहने र उनीहरू विषयविज्ञ, अनुभवी र अर्थशास्त्र, व्यवस्थापन, कानुन र प्राविधिक विषयमध्ये कुनै एक विषयमा स्नातकोत्तर गरी अध्यक्षको १५ वर्ष उच्च व्यवस्थापनमा कार्य गरेको र अन्य सदस्यहरू स्नातक गरी उच्च व्यवस्थापनमा कम्तीमा १० वर्ष कार्यानुभव गरेको हुनुपर्ने अनिवार्य व्यवस्था गर्ने ।
- सञ्चालक समितिका सदस्यको जवाफदेहिता, उत्तरदायित्व, काम, कर्तव्य र अधिकारको स्पष्ट व्यवस्था गरी प्रत्येक वर्ष सामाजिक परीक्षण र कार्यसम्पादन मूल्याङ्ककन गर्ने प्रभावकारी कानुनी व्यवस्था गर्ने ।
- संस्थानको प्रभावकारिता, व्यावसायिकता र उद्यमशीलता अभिवृद्धि गर्ने एवम् जोखिम न्यूनीकरण गर्ने सम्वन्धमा अध्ययन/अनुसन्धान गरी सल्लाह सुभाव दिन क्षेत्रगत

उपसमितिको व्यवस्था गर्ने र ती समितिमा उपर्युक्त विषयका विषय विज्ञलाई नियुक्त गर्ने ।

- सार्वजनिक संस्थानको वित्तीय प्रभावकारिता, कार्यकुशलता, आर्थिक अनुशासन र वित्तीय उत्तरदायित्वलाई प्रभावकारी बनाई वित्तीय सुशासन कायम गर्न प्रत्येक वर्षको लेखापरीक्षण समयमै सम्पन्न गर्नुपर्ने व्यवस्था कडाइका साथ लागू गर्ने ।
- सार्वजनिक संस्थानले गुणस्तरीय र प्रतिस्पर्धात्मक रूपमा कार्यसम्पादन गर्नका लागि संस्थानमा कार्यसम्पादन व्यवस्थापन प्रणाली अवलम्बन गर्ने ।
- सार्वजनिक संस्थानमा सार्वजनिक स्रोत पनि परिचालन/उपयोग हुने भएकोले संस्थानले सम्पादन गरेका कामकारबाही, वित्तीय साधनको प्राप्ति तथा परिचालन र सोको प्रतिफलसमेतका विवरण नियमित रूपमा प्रकाशन गर्ने व्यवस्था गरी कामकारबाहीमा पारदर्शिता कायम गर्ने प्रणालीको विकास गर्ने ।
- सार्वजनिक संस्थानले सम्पादन गरेका कामकारवाही/गतिविधि, व्यवस्थापकीय प्रणाली र अवलम्बन गरिएका संस्थागत कार्यप्रणालीका विविध पक्षमा वर्षमा कम्तीमा दुई पटक निरीक्षण र सुपरिवेक्षण गर्ने नीतिगत/कानुनी व्यवस्था गर्ने ।
- सार्वजनिक संस्थानमा दिइने सेवा सुविधालाई व्यवस्थित र न्यायोचित बनाउन संस्थानको वर्गीकरण, कार्यक्षेत्र आदिलाई विश्लेषण गरी संस्थानको सक्षमताका आधारमा दिने गरी मापदण्ड तयार गर्ने ।
- सार्वजनिक संस्थानले लगानी गर्ने व्यवस्था तथा प्रक्रिया, प्रणाली, आधार तोकी लगानी नीति तथा मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- समान प्रकृतिका कार्यक्षेत्र, उद्देश्य र प्रकृति भएका सार्वजनिक संस्थानलाई एक अर्कामा गाभ्ने वा प्राप्ति गर्ने नीतिलाई प्रभावकारी बनाई संस्थानको सञ्चालन लागत कटौती गर्ने, व्यवस्थापन चुस्त र सक्षम बनाउनुका साथै संस्थानको क्षमता अभिवृद्धि गर्ने ।
- संघीय शासन प्रणालीको अवलम्बनपछि सोहीबमोजिम सार्वजनिक संस्थानको संस्थागत संरचना, कार्यक्षेत्र र भूमिकासमेत पुनरावलोकन गरी सहज र प्रभावकारी बनाउने ।
- सार्वजनिक संस्थानको नियमन, अनुगमन, सुपरिवेक्षण गर्ने र सबै संस्थानको सेवा सुविधा, वृत्ति विकास र अन्य सर्वाङ्गीण पक्षमा एकरूपता कायम गर्न छाता ऐन वा नीति तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- सार्वजनिक संस्थानलाई छरितो, सक्षम र प्रभावकारी बनाउन सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी संस्थानको उत्पादन र उत्पादकत्व बढोत्तरी गर्न आवश्यक योग्य, प्रतिभावान र सक्षम जनशक्तिको व्यवस्था गर्ने ।
- संस्थानमा उच्च तहका पदाधिकारीसँग कार्यसम्पादन सम्झौता गरी नियुक्ति गर्ने र हरेक वर्षको कार्यसम्पादनस्तर बमोजिम नियुक्तिलाई निरन्तरता दिने कानुनी तथा नीतिगत व्यवस्था गर्ने ।
- विश्वव्यापीकरण, आर्थिक उदारीकरण र प्रतिस्पर्धात्मक विश्व परिवेशका सन्दर्भमा संस्थानका निर्णय प्रक्रियालाई सरलीकृत गर्ने र उत्तरदायित्व एवम् जिम्मेवारी बहन प्रणालीलाई सशक्त बनाउने ।
- वित्तीय सुदृढीकरणका लागि लेखा प्रणालीको प्रभावकारिता अभिवृद्धि गर्ने, सरकारको लगानी व्यावसायिक योजनामा आबद्ध गर्ने, संस्थानमा रणनीतिक साझेदार संलग्न गराउने जस्ता पक्षमा सहजीकरण र समन्वय गर्ने ।

(ङ) **निजीकरण भएका संस्थानको व्यवस्थापन गर्ने**

आर्थिक उदारीकरणको नीतिबमोजिम अर्थतन्त्रको सञ्चालन र व्यवस्थापनमा निजी क्षेत्रको सहभागिता अभिवृद्धि गराउने प्रक्रियाअनुरूप निजीकरण गरिएका संस्थानको व्यवस्थापन र सञ्चालनमा सरकार र खरिद गर्ने, भाडामा लिने/करार गर्ने दुवै पक्षबाट सम्झौताका सर्तहरू इमान्दारीपूर्वक पालना नभएका कारण जग्गा विवाद, भाडा विवाद, बक्यौता असुली हुन नसकेको अवस्था, सम्झौताको कार्यान्वयनको विवाद जस्ता विभिन्न समस्या रहेका छन् । यी विविध समस्याका कारण निजीकरण प्रक्रियाले सार्थक उद्देश्य

हासिल गर्न नसकेको अवस्था छ । निजीकृत सार्वजनिक संस्थानका समस्यालाई समाधान गर्न देहायका सुधार प्रक्रिया अघि बढाउनुपर्ने देखिन्छ ।

- विभिन्न संस्थानहरू निजीकरण हुँदाका बखत गरिएका सम्झौतापत्रमा उल्लेख भएका सर्तहरू पालना भए, नभएको अध्ययन विश्लेषण गरी स्पष्टता कायम गर्ने ।
- निजीकृत संस्थानले सम्झौतानुसार सरकारलाई बुझाउनुपर्ने भाडा, बक्यौता तथा बेरुजुलगायत अन्य असुलीको अवस्था/विवरण यकिन गरी सम्बद्ध पक्षसँगको समन्वयमा असुली तथा सङ्कलन प्रक्रियालाई प्रभावकारी बनाउने ।
- केही निजीकृत सार्वजनिक संस्थानले सम्झौतामा उल्लेख भएका सर्त पूरा नगरेको (व्यवसाय सञ्चालन नगरेका, सम्पत्तिको व्यवस्थापन तथा सुरक्षा नगरेका, निजीकरणको उद्देश्यविपरीत जग्गा बिक्री (वितरण गरेका, मेसिन औजार बिक्री वितरण गरेका लगायत) अवस्थाको अध्ययन विश्लेषण तथा छानबिन गरी आवश्यक कानुनी प्रक्रिया अवलम्बन गर्ने ।
- निजीकरण भई बन्द भएका संस्थानको व्यवस्थापन गर्ने र सञ्चालनमा रहेका संस्थानको नियमित रूपमा अनुगमन तथा नियमन गर्ने प्रणाली (Dedicated Team/Unit) स्थापना गर्ने ।

### बन्द अवस्थामा रहेका र रूग्ण सार्वजनिक संस्थानको व्यवस्थापन

सार्वजनिक संस्थानको व्यवस्थापन क्षमता प्रभावकारी हुन नसकेकोले केही संस्थान बन्द र केही रुग्ण अवस्थामा छन् । सार्वजनिक संस्थानको सञ्चालनमा सरकारको स्पष्ट नीति तथा योजना नहुनु, व्यावसायिक क्षमताको कमी, नवीन प्रविधिको अवलम्बन हुन नसक्नु, बदलिँदो परिवेशअनुसार बजारको मागलाई सम्बोधन गर्न नसक्नु, संस्थानको समग्र व्यवस्थापनमा दूरदृष्टियुक्त र सबल नेतृत्व नहुनु, राजनीतीकरणको प्रभाव बढ्नु र प्रभावकारी अनुगमन तथा नियमनको कमीका कारण बन्द अवस्थामा रहेका छन् । जनकपुर चुरोट कारखाना, वीरगञ्ज चिनी कारखाना, नेपाल इञ्जिनियरिङ कन्सलटेन्सी, हिमाल सिमेण्टलगायतका संस्थान बन्द अवस्थामा छन्, जसमा बर्सेनि सरकारको वित्तीय दायित्व बढिरहेको छ । यस्ता संस्थानको व्यवस्थापनका लागि देहायका नीति तथा सुधार हुन आवश्यक छ ।

- बन्द भएका सार्वजनिक संस्थानको वर्तमान अवस्था, फरफारक गर्नुपर्ने दायित्व, सम्पत्तिको अवस्थालगायतका विविध पक्षको विश्लेषण गर्ने ।
- बन्द भएका सार्वजनिक संस्थानको बजार माग, आवश्यकता र औचित्य हेरी सञ्चालन सम्भावना भएका संस्थानलाई सरकार आफैं वा निजीकरण वा सार्वजनिक-निजी साझेदारीको ढाँचामा सञ्चालनमा ल्याउनेतर्फ अविलम्ब पहल गर्ने ।
- सञ्चालनको सम्भावना नभएका संस्थानको दायित्व फरकफारक गरी कानुनी प्रक्रिया पूरा गरेर बन्द गर्ने र सरकारको वित्तीय भारलाई कम गर्ने ।

### ९. निष्कर्ष

सार्वजनिक संस्थानमा रहेका समस्यालाई समाधान गरी चुनौतीलाई अवसरमा बदल्ने र अवसरको पूर्ण उपयोग गरी यसबाट अत्यधिक लाभ लिने कार्य प्रभावकारी हुन नसक्दा सार्वजनिक संस्थानप्रति जनमानसको नकारात्मक धारणा रहेको पाइन्छ । समयानुसार यस्ता निकायको आवश्यकता र औचित्यका आधारमा उल्लिखित सुधार र व्यवस्थापन गरी सेवा प्रवाहको संवाहक र आर्थिक वृद्धिको इञ्जिन बनाउन सकेमा राज्यले यसको लाभ लिनसक्ने देखिन्छ ।

# दिगो विकास र वित्तीय क्षेत्रको उत्तरदायित्व

■ बीएन घर्ती*

### बैंकिङ विज्ञ

इन्टरगभर्नमेन्टल प्यानल अन क्लाइमेट चेन्ज (आईपीसीसी) को मार्च २०२३ को प्रतिवेदनले भन्छ - औद्योगिक क्रान्ति सुरु हुनुभन्दा अघिको समयको तुलनामा अहिले विश्वको औसत तापक्रम १.१ डिग्री सेल्सियसले बढेको छ। सन् २०३० सम्ममा यस्तो तापक्रम औसत १.५ डिग्री सेल्सियसभन्दा बढीले तापक्रम बढ्न नदिने लक्ष्य चुनौतीपूर्ण बन्दै गएको छ।

आईपीसीसी संयुक्त राष्ट्र संघले गठन गरेको जलवायु वैज्ञानिक/विज्ञहरूको समूह हो। यसले जलवायु परिवर्तनका बारेमा उपयुक्त निर्णय लिनका लागि नीति निमार्तालाई वैज्ञानिक तथ्यमा आधारित प्रतिवेदन दिने गर्दछ। औद्योगिक क्रान्तिपछि विश्वले आर्थिक विकासमा ठूलो फड्को मार्‍यो। तथापि यसको परिणामस्वरूप पृथ्वीको प्राकृतिक स्रोतको दोहन पनि बढ्दै गयो। प्रकृतिलाई नास गर्दै लग्यो। मानव र अन्य जीवजन्तुको जीवन खतरामा पर्दै गयो।

परिणामस्वरूप पानी पर्ने समयमा पानी पर्दैन। नपर्नुपर्ने समयमा पर्छ। जाडो हुने समयमा तुलनात्मक रूपमा कम जाडो हुन्छ। हिउँ पर्ने समयमा हिउँ पर्दैन। हिउँले सेताम्मे हुने हिमाल काला डाँडामा परिवर्तन हुन थालिसकेका छन्। गर्मी अचाक्ली बढ्न थालिसक्यो। प्राणीहरू लोप हुँदै जान थालेका छन्। बोट विरुवाहरू नासिँदो क्रम बढ्दो छ।

यसरी भएको जलवायु परिवर्तनले विश्वका जनता र प्राणीको जीवन थप कष्टकर हुँदै जान थालेको छ। वायु प्रदुषण स्वीकारयोग्य तहभन्दा माथि पुगिसकेको छ। विकसित देशले गरेका यस्ता गल्ती र विकास र सुविधाका लागि प्रयोग गरिने वस्तु तथा सेवाका कारण साना र अल्पविकसित देशले पनि त्यसको परिणाम भोग्दै जानुपर्ने भएको छ।

कुल क्षेत्रफलको ४० प्रतिशत भूभाग बनजङ्गलले ओगटेको हाम्रो देश पनि जलवायु परिवर्तनको चपेटमा परिसकेको छ। बर्षेनि आउने बाढी पहिरोका कारण धनजनको ठूलो क्षति हुन थालेको छ। विनाअध्ययन गाउँगाउँमा बाटो पुऱ्याउने चक्कर र अव्यवस्थित घरजग्गा टुक्र्याउने क्रियाकलापका कारण बाढी पहिरोको जोखिम हामीले नै निम्त्याएका छौँ। खानेपानीका मूल मासेका छौं। र, भावी सन्ततिलाई समस्या मात्र हस्तान्तरण गर्ने क्रियाकलापमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा हामी सबै संलग्न हुन पुगेका छौँ।

विश्वले अहिले पुनः जलवायु परिवर्तनका लागि पहल गरेको छ। जलवायु परिवर्तनबाट आउने जोखिम न्यूनीकरण गर्ने क्रियाकलापमा बैंक तथा वित्तीय संस्थाको पनि ठूलो भूमिका हुने गर्दछ। त्यसैले विश्वका विभिन्न बैंकले दिगो बैंकिङ योजना बनाएर लागू गर्न थालिसकेका छन्। तर, हाम्रो देशका एक दुई बैंकले सामान्य रूपमा गरेका केही प्रयासबाहेक खास यस क्षेत्रमा पहल भएको छैन।

### दिगो बैंकिङः एउटा उदाहरण

ग्राहक सेवाका लागि कुनै शाखा छैन। कारोबार गर्दा कागजको प्रयोग हुँदैन। कार्यालयमा शतप्रतिशत नवीकरणीय ऊर्जाको मात्र प्रयोग हुन्छ। बैंकको लक्ष्य छ- शून्य कार्बन उत्सर्जन गर्ने! बैंकसँग कारोबार गर्न एक जना ग्राहक सिफारिस गरियो भने 'धन्यवाद' दिनका लागि उक्त बैंकले सिफारिस गर्नेको नामबाट एउटा विरुवा रोपिदिन्छ। के परम्परागत बैंकिङ कारोबारको शैलीलाई भत्काउँदै यस्तै दिगो बैंकिङ गर्ने बैंकको कल्पना गर्न सकिएला ?

हो, यस्ता बैंकहरू विभिन्न देशमा सञ्चालनमा आइसकेका छन्। त्यसको उदाहरणका लागि बेलायतमा सञ्चालित 'स्टर्लिङ बैंक'लाई लिन सकिन्छ। दिगो बैंकिङका लागि उक्त बैंकले गरेको अभ्यास र प्रयोगमा ल्याएको अन्वेषणात्मक प्रडक्ट र सेवा प्रशंसनीय छ।

---

* बैंकिङ विज्ञ

## नेपाली बैंक अल्पकालीन समस्यामा रुमलिँदै र दिगो विकास लक्ष्यलाई चुनौती दिँदै

नेपाली बैंकले पनि दिगो बैंकिङको अभ्यास पनि गर्दै गएको भए पटकपटक एउटै प्रकृतिको समस्याले सताउँदैन थियो कि !

२०६० सालतिर बैंकिङ उद्योगमा करिब ३० प्रतिशत निष्क्रिय कर्जा थियो । करिब सात अर्ब रुपैयाँ खर्च गरेर वित्तीय क्षेत्र सुधार कार्यक्रम लागू गरियो, त्यसबाट उक्त समस्याको समाधान पनि भयो । केही वर्षयता भने नेपालको बैंकिङ प्रणालीले पटकपटक तरलता अभावको समस्या झेल्दै आएको छ । अहिले विश्वव्यापी रूपमा देखिएको ब्याजदर वृद्धिलाई अपवाद मान्न सकिन्छ । तथापि, किन पटकपटक नेपालमा ब्याजदर बढ्ने र घट्ने भइरहेको छ ? खुला बजारको अवधारणाअनुसार ब्याजदर निर्धारण बजार आफैंले गर्नुपर्ने हो । तर सुक्ष्म व्यवस्थापनको झल्को दिनेगरी नियमनकारी निकायले निर्देशन जारी गर्नुपर्ने अवस्था किन सिर्जना भइरहेको छ ?

सरकार दिगो विकास लक्ष्य हासिल गर्नका लागि पूर्णतया गम्भीर भएको देखिँदैन । लक्ष्य अवश्य तय गरेको छ । तर, लक्ष्य हासिल गर्नका लागि गरेको कार्यान्वयन पक्ष भने पर्याप्त देखिँदैन । नियामक निकायमध्ये नेपाल राष्ट्र बैंकले पर्यावरण, सामाजिक र सुशासनका लागि मार्गनिर्देशन जारी गरेको छ । तर, हरित लगानीको परिभाषा अझै दिइसकेको छैन ।

नेपाल राष्ट्र बैंकले इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत खर्च गर्नुपर्ने रकम दिगो विकास लक्ष्यसँग सम्बन्धित क्षेत्रमा खर्च गर्न सक्नेगरी आवश्यक निर्देशन दिइसकेको छ । तर, दिगो विकासका प्रडक्ट र सेवामा लगानी केन्द्रित गर्न बैंक तथा वित्तीय संस्थालाई उत्साहित गराउने किसिमको निर्देशन/मार्गदर्शन जारी हुन भने बाँकी नै छ ।

केही अपवादलाई छाडेर हेर्ने हो भने अधिकांश बैंक तथा वित्तीय संस्थाले समग्रमा स्वस्फूर्त रूपमा दिगो विकासमा योगदान दिने किसिमका प्रडक्ट र सेवा विकास गरेका छैनन् । त्यससम्बन्धी रणनीति बनाएको झल्को पनि पाईंदैन । बरु पर्यावरणलाई खल्बल्याउने र आयातलाई प्रवर्द्धन गर्ने किसिमका प्रडक्ट र सेवामा लगानी केन्द्रित गरेको सङ्केत तथ्याङ्कले प्रष्ट रूपमा दिन्छ । उदाहरणका लागि असङ्गठित र अव्यवस्थित रियलस्टेट क्षेत्रमा कर्जा लगानी बढाउँदा यसले थुप्रै ‘साइड इफेक्ट’ ल्याएको छ । त्यस्ता ‘साइड इफेक्ट’का केही उदाहरण हुन्, जग्गाको अस्वाभाविक मूल्यवृद्धि, पर्यावरणमा असर, अनुत्पादक क्षेत्रमा कर्जा वृद्धि, तरलता व्यवस्थापनमा दबाब, कर्जाको ब्याजदरमा अस्थिरता इत्यादि । रियलस्टेट कर्जालाई पनि दिगो विकाससँग जोडेर हेर्न सकिन्थ्यो । तर, त्यस्तो गरिएको देखिएको छैन । त्यसैले, बैंकले प्रवाह गरेको अधिकांश कर्जा दिगो विकासलाई टेवा पुऱ्याउने दृष्टिकोणबाट उत्तरदायी देखिँदैन । २०७९ माघ मसान्तसम्मको तथ्याङ्कले त्यसैलाई सङ्केत गर्दछ ।

निर्माण, थोक तथा खुद्रा व्यापार, रियलस्टेट, उपभोग, अन्य सेवा र अन्य कर्जासमेत गरेर करिब २६ खर्ब रुपैयाँ कर्जा प्रवाह भएको छ । यसरी करिब ६० प्रतिशत कर्जा अनुत्पादक क्षेत्रमा प्रवाह भएपछि दिगो विकासमा अपेक्षाकृत योगदान पुग्ने कुरै भएन ! बरु, बैंकको कर्जा प्रवाहले दिगो विकास लक्ष्य हासिल गर्ने कार्यमा चुनौती चाहिँ थपिएको छ ।

### बढ्दो आयात र जलवायु परिवर्तन

नेपालले आर्थिक वर्ष २०७८/७९ मा ३३४ अर्ब रुपैयाँ बराबरको पेट्रोलियम पदार्थ आयात गऱ्यो । यातायातको साधन, तिनको पाटपुर्जा, कोइला, प्लाष्टिकजन्य तयारी वस्तु र कच्चा पदार्थसमेत गरी थप १८८ अर्ब रुपैयाँको आयात भयो । जम्मा आयातमा यी वस्तुको अंश २७ प्रतिशत हुन्छ, जुन अत्यधिक मात्रामा हो ।

यसरी नेपालले आयात गर्ने वस्तु तथा सेवाले हरित अर्थ-व्यवस्थालाई प्रवर्द्धन गर्दैन । यसले त झन् वातावरणीय असर पुऱ्याउने कार्य मात्रै गर्दछ । अझ स्पष्ट शब्दमा भन्ने हो भने नेपालले आफ्नो विदेशी मुद्राको ठूलो हिस्सा कार्बन उत्सर्जन गर्ने वस्तु तथा सेवा आयात गर्नका लागि खर्च गर्ने गरेको छ । त्यसैले, नेपालको आयातले जलवायु परिवर्तनलाई नियन्त्रण होइन, मलजल गर्दै आएको छ ।

### के हो हरित लगानी ?

दिगो विकास लक्ष्य हासिल गर्नका लागि प्राथमिकतामा

राखिएका क्षेत्रमा लगानी गर्ने कार्यलाई हरित लगानी (ग्रीन फाइनान्सिङ) भनिन्छ । यसलाई दिगो विकास लगानी (सस्टेन्यवल डेभलपमेन्ट फाइनान्सिङ वा क्लाइमेट फाइनान्सिङ) पनि भनिन्छ ।

कुनै एउटा पक्षको प्रयासले दिगो विकास लक्ष्य हासिल गर्न सम्भव छैन । त्यसैले, हरित लगानी प्रवर्द्धन गर्नका लागि सरकार, नियमनकारी निकाय, बैंकिङ तथा बीमा क्षेत्र, निजी फर्म/कम्पनी तथा गैरनाफामूलक संस्था सबैको संयुक्त प्रयासको आवश्यकता पर्दछ ।

निजी फर्म/कम्पनी कर्जा लिनका लागि बैंक तथा वित्तीय संस्थामा पुग्छन् । नेपालका बैंक तथा वित्तीय संस्थाले देशको कुल गार्हस्थ्य उत्पादन बराबरको कर्जा प्रवाह गरिसकेका छन् । यो अनुपात दक्षिण एसियामै सबैभन्दा बढी हो । तर, कर्जा लगानीअनुसार रोजगारी सिर्जना हुन सकेको छैन । र, आर्थिक विकासमा पनि योगदान पुगेको छैन ।

बैंकहरूले आफ्नो लगानीलाई दिगो विकासको प्राथमिकतातर्फ केन्द्रित गर्ने हो भने दिगो विकासको लक्ष्य हासिल गर्न ठूलो योगदान पुग्न सक्छ । तर, बैंक तथा वित्तीय संस्थाको हरित लगानी पोर्टफोलियो कति छ भनेर थाहा पाउन आजको मितिसम्म कुनै तथ्याङ्क उपलब्ध छैन । यसतर्फ आवश्यक कदम चाल्न नेपाल राष्ट्र बैंकले पनि ढिला गरेको देखिन्छ ।

## दिगो विकास लक्ष्य र हरित लगानी

सन् २०१५ को सेप्टेम्बरमा संयुक्त राष्ट्र संघका १९३ सदस्य राष्ट्रहरू फ्रान्सको पेरिसमा राष्ट्रसंघीय साधारण सभामा भाग लिन जम्मा भए । उक्त शिखर सम्मेलनले सन् २०१६ को जनवरी १ देखि लागू हुनेगरी दिगो विकासका १७ लक्ष्य र १६९ सहायक लक्ष्यहरू पारित गऱ्यो ।

दिगो विकास लक्ष्य एक विश्वव्यापी सम्झौता हो । यसले सन् २०३० सम्ममा सबै प्रकारका गरिबीको उन्मूलन गर्ने तथा मानव, पृथ्वी र समृद्धिका लागि समान, न्यायपूर्ण र सुरक्षित विश्व निर्माण गर्ने परिकल्पना गरेको छ । यसलाई 'पेरिसमा सम्झौता'को रूपमा समेत चिनिन्छ ।

नेपालले पनि उक्त सम्झौतामा हस्ताक्षर गरेको छ । दिगो विकास लक्ष्य हासिल गर्नका लागि पाँच वटा स्तम्भलाई बलियो बनाउने कल्पना गरिएको छ । ती स्तम्भ हुन्ः

- पृथ्वीमा रहेका प्राकृतिक स्रोत साधन र वातावरण भावी पुस्ताका लागि संरक्षण गर्ने,
- सबै प्रकारका गरिबी र भोकमरीको अन्त्य गर्ने र मर्यादा एवम् समानता कायम गर्ने,
- प्रकृतिसँग सामन्जस्यता कायम गर्दै समृद्ध र समुन्नत जीवन सुनिश्चित गर्ने,
- शान्तिपूर्ण, न्यायसङ्गत र समावेशी समाजको निर्माण गर्ने,
- सशक्त विश्वव्यापी साझेदारीद्वारा दिगो विकासका लक्ष्यको कार्यान्वयन गर्ने ।

## नेपालले राखेको दिगो विकास लक्ष्य

मुख्यतया बैंक तथा वित्तीय संस्थासँग सम्बन्धित भएर यस लेखमा विश्लेषण गर्न खोजिएको छ । त्यस अर्थबाट हेर्दा उल्लिखित दिगो विकास लक्ष्यसँग सम्बन्धित स्तम्भमध्ये पहिलो र तेस्रो स्तम्भ तुलनात्मक रूपमा बैंक तथा वित्तीय संस्थाका लागि बढी सान्दर्भिक देखिन्छन् । तर, यो वा त्यो जुनसुकै दृष्टिकोणबाट हेरिए पनि पाँच वटै स्तम्भ सबै पक्षका लागि उत्तिकै महत्वपूर्ण छन् ।

यसै गरी, १७ वटै दिगो विकास लक्ष्य हासिल गर्नका लागि बैंक तथा वित्तीय संस्थाको प्रत्यक्ष वा अप्रत्यक्ष भूमिका रहन्छ । तथापि, कर्जा प्रवाहका दृष्टिकोणबाट तल उल्लेख गरिएका सात वटा लक्ष्यहरू बढी सान्दर्भिक देखिन्छन् । त्यसैले, सन् २०३० सम्ममा देहायबमोजिमका सात वटा लक्ष्य हासिल गर्नका लागि नेपालले बनाएको योजनामा केन्द्रित भएर विश्लेषण गर्ने प्रयास यहाँ गरिएको छ ः

दिगो विकास बैंकिङ भन्नाले पर्यावरणको संरक्षण र सम्वर्द्धन मात्र केन्द्रित हुनु होइन । यसले वित्तीय क्षेत्रको स्थिरता र सबलतासँग पनि सरोकार राख्छ । तर, यी कार्य गर्ने सन्दर्भमा हाम्रो बैंकिङ क्षेत्र कहीँ कतै चुकेको छ । यसका लागि नियमनकारी निकाय र बैंक तथा वित्तीय संस्थाले अविलम्ब केही कदम चाल्नुपर्ने देखिन्छ ।

| लक्ष्य नं. | दिगो विकास लक्ष्य | नेपालले राखेको लक्ष्उ | बैंकहरूले प्रवाह गरेको कर्जाले पु¥याएको योगदान |
|---|---|---|---|
| २ भोकमरीको अन्त्य | भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने | न्यून पोषण भएकाको उपस्थिति तीन प्रतिशतमा झार्ने,<br>पाँच वर्ष मुनिका वालवालिकाको तौलमा हुने कमीलाई पाँच प्रतिशतमा झार्ने<br>सन् २०१५ मा ३६.१ प्रतिशत रहेको अपर्याप्त खानाको उपभोग गर्ने घरपरिवारको संख्यालाई ३ प्रतिशत झार्ने,<br>महिला र बालबालिकामा रहेको रक्तअल्पताको अवस्थालाई १० प्रतिशत झार्ने । | आर्थिक वर्ष २०७४।७५ मा कृषि क्षेत्रमा जम्मा १५ अर्ब रुपैयाँ कर्जा प्रवाह भएको थियो । उक्त कर्जा ४४७ प्रतिशतले बढेर आ.व. २०७८।७९ मा ८२ अर्ब रुपैयाँ पुगेको छ ।<br>तर, यसरी कृषि कर्जामा उच्च वृद्धि हुँदा समेत कृषिजन्य वस्तुको आयात झन् बढ्दै गएको छ ।<br>सरकारले 'कृषि कर्जामा ब्याज अनुदान नीति, २०७५' मा ल्याएपछि यो कर्जा ह्वात्तै बढेको हो ।<br>बढ्दो कृषिजन्य वस्तुको आयातले कृषि कर्जा लिए पनि घुमाउरो तरिकाले रियल स्टेट क्षेत्रमै लगानी हुन पुग्यो कि भन्ने सङ्केत यस तथ्यले दिएको छ । |
| ७ किफायती र स्वच्छ ऊर्जा | सबैका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने | ९९ प्रतिशत घरपरिवारलाई विद्युत्को सुनिश्चितता गर्ने,<br>खाना पकाउनका लागि ठोस इन्धनको सहारा लिने संख्यालाई ३० प्रतिशतमा झार्ने,<br>तरल पेट्रोलियम ग्यासको उपयोग ४० प्रतिशतभन्दा कम घरपरिवारमा सीमित गर्ने ।<br>जलविद्युत्को जडित क्षमता १५,००० मेगावाट पु¥याउने,<br>प्रतिव्यक्ति विद्युत् १,५०० किलोवाट वृद्धि गर्ने । | आ.व. २०७४।७५ मा जलविद्युत्मा जम्मा ८० अर्ब रुपैयाँ कर्जा प्रवाह भएको थियो । उक्त कर्जा १९८ प्रतिशतले बढेर आ.व. २०७८।७९ मा २३८ अर्ब रुपैयाँ पुगेको छ ।<br>धेरै जलविद्युत् आयोजना निर्माणकै क्रममा रहेकाले त्यसबाट आउने उल्लेख्य लाभ देखिइसकेको छैन ।<br>तथापि, हिउँदका केही महिनाका लागि आयात गर्नुपरे तापनि वर्षा याममा जलविद्युत्बाट उत्पादित ऊर्जा निर्यात हुन थालिसकेको छ । तर, अन्य नवीकरणीय ऊर्जामा भने उल्लेख्य प्रगति भइसकेको छैन ।<br>खाना पकाउनका लागि दाउराको प्रयोग गर्ने घरधुरीको संख्या अझै पनि ५० प्रतिशतभन्दा बढी रहेको छ ।<br>बैंकहरूको लगानीले प्रकाशको प्रयोजनले प्रयोग गरिने ऊर्जाका लागि योगदान दिए पनि परम्परागत चुह्लो विस्थापित गर्न उल्लेख्य सहयोग गरिसकेको छैन । |
| ८ मर्यादित काम र आर्थिक वृद्धि | भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने | वार्षिक सात प्रतिशत कुल गार्हस्थ्य उत्पादन वृद्धि हासिल गर्ने ।<br>कृषिको वृद्धि लगभग पाँच प्रतिशत प्रतिवर्ष कायम गर्ने,<br>निर्माणको वृद्धि १५ प्रतिशत प्रतिवर्ष पु¥याउने,<br>उद्योगमा साधनको सघनता ६० प्रतिशतमा झार्ने,<br>अर्धबेरोजगारी १० प्रतिशतभन्दा कम गर्ने,<br>निकृष्ट स्वरूपको बालश्रमको अन्त्य गर्ने,<br>पर्यटन उद्योगमा रोजगारको सङ्ख्या करिब दश गुणाले बढाउने,<br>पर्यटनबाट कुल गार्हस्थ्य उत्पादनमा प्रत्यक्ष योगदान चार गुणाले वृद्धि गर्ने । | अति कम विकसित देशमा वार्षिक सात प्रतिशतका दरले कुल ग्रार्हस्थ्य उत्पादन वृद्धि गर्ने लक्ष्य राखिए पनि हासिल हुन सकेको छैन ।<br>प्रतिव्यक्ति आम्दानी अपेक्षाकृत रूपमा बढ्न सकेको छैन ।<br>यसअन्तर्गत कार्यान्वयन गर्ने लक्ष्य राखिएका कार्यमध्ये एउटा कार्य हो - बैंकिङ, बीमा तथा वित्तीय सेवामा सबैको पहुँच विस्तार र प्रोत्साहन गर्न स्थानीय वित्तीय संस्थाको क्षमता अभिवृद्धि गर्ने । नेपालमा बैंकिङ पहुँचका लागि उल्लेख्य प्रयास भएका छन् । 'खोलौँ बैंक खाता' अभियान कार्यान्वयनमा ल्याइएको छ । लघुवित्त सेवालाई प्रवर्द्धन गरिएको छ । तथापि अझै करिब २५ प्रतिशत नेपालीको बैंक खाता नभएको अनुमान गरिएको छ । |

| | | | |
|---|---|---|---|
| ९ उद्योग, नवीन खोज र पूर्वाधार | उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगिकीकरणको प्रवर्द्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने | सडक घनत्व १.३ कि.मि./वर्ग कि.मि. र प्रशोधित सडक घनत्व ०.२५ कि.मि./वर्ग कि.मि. बढाउने, सबै जिल्ला र गाउँलाई सडक सञ्जालमा जोड्ने<br>कम्तीमा ५० प्रतिशत सडक सुरक्षित हुने,<br>सबै जनसङ्ख्यालाई मोबाइलको सेवा सुनिश्चित गर्ने,<br>श्रम-सघन गतिविधिलाई बढावा दिने, कुल रोजगारीको १३ प्रतिशत रोजगारी उद्योगमा बढाउनका लागि कुल राष्ट्रिय उत्पादनमा उद्योगको अंश वृद्धि गरी २५ प्रतिशत पुऱ्याउने । | आर्थिक सर्वेक्षण २०७८।७९ भन्छ - कुल गार्हस्थ्य उत्पादनमा उत्पादनशील उद्योगको योगदान मात्र ५.६५ प्रतिशत छ । यसबाट प्रस्ट हुन्छ, नेपालको अर्थव्यवस्था व्यापारमुखी छ ।<br>कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान छिमेकी देश भारतमा करिब २६ प्रतिशत, बङ्गलादेशमा करिब २३ प्रतिशत, श्रीलङ्कामा करिब २७ प्रतिशत र पाकिस्तानमा १८ प्रतिशत छ ।<br>तर सरकारले पनि औद्योगिकीकरणलाई प्राथमिकतामा राखेको देखिँदैन । आयात गर्दा प्राप्त भएको राजस्वमा निर्भर अर्थतन्त्रलाई पुनर्संरचना गर्न ध्यान दिएको देखिँदैन ।<br>बैंक तथा वित्तीय संस्थाले पनि आफ्नो लगानीलाई औद्योगिक कर्जातर्फ डोहोऱ्याउनुको सट्टा करिब ६० प्रतिशत कर्जा कम उत्पादनशील प्रवाह गरेर दिगो व्यवसायभन्दा पनि अल्पकालीन सफलतामा सन्तुष्ट भएको देखिन्छ । |
| ११<br>दिगो सहर र समुदाय | शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने | पाँचभन्दा बढी व्यक्ति भएको घरपरिवारको संख्या ४७ प्रतिशतबाट २० प्रतिशतमा झार्ने,<br>सडक सुरक्षा मानक लगभग नभएको अवस्थाबाट विश्व मानकअनुसार कम्तीमा ५० प्रतिशत सडक सुरक्षित बनाउने,<br>सुरक्षित घरमा बसोबास गर्ने घरपरिवारको अंश दोब्बर गरी ६० प्रतिशत पुऱ्याउने,<br>वायु प्रदुषण र विपद्को कारणबाट हुने मृत्यु र चोटपटकलाई उल्लेखनीय रूपमा घटाउने,<br>भूकम्पबाट क्षति भएका सबै सांस्कृतिक सम्पदालाई सन् २०२० सम्ममा मर्मत र पुनर्निर्माण गर्ने । | बैंकहरूले विकास गरेका घर कर्जा, रियलस्टेट कर्जा आदिले केही सहयोग गरे तापनि पूर्णतया दिगो विकासलाई योगदान दिने प्रकृतिका वा हरितमैत्री छैनन्, परम्परागत तरिका र मापदण्डअनुसार प्रवाह हुँदै आएका यस्ता कर्जाले अन्ततः भूक्षय गराउन, अव्यवस्थित र असुरक्षित बस्ती बसाल्न वा विस्तार गर्न र घरजग्गाको मूल्य अत्यधिक मात्रामा बढाउन मात्र भूमिका खेलेको देखिन्छ । |
| १३<br>जलवायुमा पहल | जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने | यातायात, औद्योगिक र व्यावसायिक क्षेत्रबाट भइरहेको विद्यमान कार्बन डाइअक्साइड ($CO_2$) उत्सर्जनको स्तरलाई आधा पार्ने,<br>ओजोन घटाउने पदार्थको उपभोगलाई विद्यमान स्तरबाट एक तिहाइ घटाउने,<br>१२० गाउँ परिषद् र ७५० समुदायको लागि जलवायु परिवर्तन अनुकूलन योजना प्रस्तावित गर्ने र लागू गर्ने,<br>जलवायु स्मार्ट गाउँको संख्या २०१५ मा शून्य रहेकोमा सन् २०३० मा १७० पुऱ्याउने । | बैंक तथा वित्तीय संस्थाले कृषि कर्जा, नवीकरणीय ऊर्जासम्बन्धी कर्जा प्रवाह गरेर यस लक्ष्य हासिल गर्न केही योगदान अवस्य दिएका छन् ।<br>तर, बैंक तथा वित्तीय संस्थाका आफ्नै कार्यालय, सवारी साधन र यसले गर्ने व्यावसायिक क्रियाकलाप पूर्णतया दिगो विकास लक्ष्य हासिल गर्नेतर्फ केन्द्रित भइसकेका छैनन् ।<br>'नेट जिरो' गराउने पहलका लागि कार्बन उत्सर्जन गर्ने उद्योग व्यवसायमा लगानी नगर्ने वा बढी कर्जा ब्याजदर लागू गर्ने जस्ता नीति पनि बनाएका छैनन् ।<br>नेपाल राष्ट्र बैंकले पनि कार्बन उत्सर्जन गर्ने उद्योग व्यवसाय निरुत्साहित गर्नका लागि बढी कर्जा जोखिम भार दिनुपर्ने जस्तो नियामकीय औजार प्रयोग गरिसकेको छैन । |

| | | | |
|---|---|---|---|
| १५ | स्थलीय पर्यावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने | कुल जमिन क्षेत्रको २३.३ प्रतिशत संरक्षित क्षेत्र कायम राख्ने, सामुदायिक व्यवस्थापन अन्तर्गत वन क्षेत्र ३९ प्रतिशतबाट वृद्धि गरी ४२ प्रतिशत पुऱ्याउने, वनको विनाश र क्षयीकरण रोक्ने, सन् २०१५ मा संरक्षित क्षेत्रबाट ढाकिएको पर्वतीय पारिस्थितिकीय प्रणाली ६८ प्रतिशत भएकोमा सोलाई वृद्धि गरी सन् २०३० मा ७९ प्रतिशत पुऱ्याउने, प्रतिवर्ष ५,००० हेक्टर जमिनमा थप वृक्षारोपण कार्य गर्ने । | स्थलीय पर्यावरणको संरक्षण गर्ने किसिमले मापदण्ड बनाएर रियलस्टेट कारोबार गर्ने गरिएको छैन, बैंकहरूले पनि त्यस्तै प्रकृतिका प्रडक्टको विकास गरेर कर्जा प्रवाह गरेका पनि छैनन् । यसै गरी, वनको दिगो विकास गर्ने प्रडक्टको अभ्यास बैंकहरूले गरेकै छैनन् । त्यसैले, भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने खालका प्रडक्ट तथा सेवाको विकास गर्ने, संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत गरिने खर्च गरिने रकम दिगो विकास लक्ष्य हासिल गर्नेतर्फ डोऱ्याउने व्यावहारिक योजना बनाउने कार्यतर्फ बैंकहरू उन्मुख भइसकेका छैनन् । |

## नियमनकारी निकायले गर्नुपर्ने कार्य

नेपाल राष्ट्र बैंकले दिगो विकास लक्ष्यलाई योगदान पुग्ने गरी 'ईएसआरएम गाइडलाइन्स -२०१८' जारी गरेको छ। तर, उक्त गाइडलाइन्सले दिगो विकास लक्ष्यसँग सम्बन्धित केही लक्ष्यलाई समेटे तापनि हरित लगानीलाई पूर्णतया सम्बोधन गर्दैन र त्यस्ता लगानी बढाउन प्रोत्साहन पनि गर्दैन ।

ईएसआरएम गाइडलाइन्स मुख्यतया पर्यावरणीय र सामाजिक जोखिम न्यूनीकरणका लागि हो । त्यसैले, हरित लगानीलाई प्रवर्द्धन गर्नका लागि नेपाल राष्ट्र बैंकले छुट्टै निर्देशन वा मार्गदर्शन जारी गर्नुपर्ने प्रष्ट आवश्यकता छ।

उक्त निर्देशन वा मार्गदर्शनमा हरित लगानीको परिभाषा र हरित लगानीअन्तर्गत पर्ने प्रडक्टहरू उल्लेख गरिनुपर्दछ। प्रडक्ट उल्लेख नगर्ने हो भने बैंक तथा वित्तीय संस्थाले विकास गर्ने प्रडक्टमा एकरूपता हुँदैन । एकरूपता नभएको प्रडक्टहरूमा भएको लगानीका आधारमा एकीकृत रूपमा तयार गरिने तथ्याङ्कले नीतिगत निर्णय लिनका लागि सही सूचना पनि दिँदैन।

प्रडक्टको बारेमा उल्लेख गर्दा सम्पत्ति र दायित्व (कर्जा र निक्षेप) दुवैलाई समेट्नुपर्दछ । उक्त निक्षेप तथा कर्जामा प्राप्त हुने बढी ब्याजदर वा तिर्नुपर्ने कम ब्याजदर तथा अन्य सुविधाका बारेमा पनि उल्लेख गर्ने व्यवस्था मिलाइनुपर्दछ। कर्जा जोखिम भार पनि अन्य कर्जाका तुलनामा जोखिमका आधारमा कम गर्न मिल्ने प्रडक्टमा कम गरिएमा उक्त नीतिगत व्यवस्थाले बैंक तथा वित्तीय संस्थालाई त्यस्ता कर्जामा लगानी बढाउन उत्प्रेरित गर्न सक्छ।

उदाहरणका लागि सामान्य कमर्सियल रियल स्टेट कर्जामा १०० कर्जा जोखिम भारको व्यवस्था छ भने दिगो विकासलाई योगदान दिने मापदण्डअनुसार विकास गरिएको कमर्सियल रियल स्टेटमा कर्जामा ९० प्रतिशत जोखिम भार प्रदान गर्न सकिन्छ। किनकि, सामान्य रियलस्टेटभन्दा यस्ता रियलस्टेटको माग बढी हुन सक्छ।

हरित लगानीअन्तर्गत प्रवाह भएको जानकारी प्राप्त गर्नका लागि मासिक रूपमा प्रतिवेदन पेस गर्ने व्यवस्था मिलाइनुपर्दछ । हरित लगानीअन्तर्गत प्रडक्टअनुसार प्रवाह भएको कर्जा मासिक रूपमा प्रकाशन गरिने 'बैंकिङ तथा वित्तीय तथ्याङ्क' प्रतिवेदनमा प्रकाशन गर्ने व्यवस्था पनि मिलाइनुपर्दछ । त्यसका अतिरिक्त, यसअन्तर्गत उल्लेख्य रूपमा कर्जा प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थालाई प्रोत्साहन गर्नका लागि निश्चित मापदण्ड बनाइ पुरस्कृत गर्ने औजारको समेत प्रयोग गर्नुपर्दछ।

## बैंक तथा वित्तीय संस्थाले गर्नुपर्ने कार्य

सार्क मुलुकहरूको उत्पादनशील उद्योगको कुल गार्हस्थ्य उत्पादनमा करिब २५ प्रतिशत हाराहारी लगानी हुँदा नेपालको करिब पाँच प्रतिशत मात्र भएको र कम उत्पादनशील क्षेत्रमा करिब ६० प्रतिशत लगानी रहेको तथ्यलाई माथि नै उल्लेख गरिएको छ। यी दुई तथ्याङ्क मात्रले पनि नेपालका बैंक तथा

वित्तीय संस्थाले दिगो विकासका दृष्टिकोणबाट जिम्मेवारीपूर्ण बैंकिङ नगरेको र आफ्नो अल्पकालीन उद्देश्यबाट प्रेरित भएर व्यवसाय विस्तार गरेको देखाउँछ।

तसर्थ, अहिले गरिरहेको व्यवसाय विस्तारको शैलीलाई पूर्णतया पुनर्संरचना गर्नुपर्दछ । अब हरेक बैंक तथा वित्तीय संस्थाले दीर्घकालीन दिगो बैंकिङ रणनीति बनाएर कार्यान्वयन गर्नुपर्दछ । हरित लगानीका लागि छुट्टै विभाग गठन गरिनुपर्दछ।

हरित लगानीको विकास र प्रवर्द्धनका लागि छुट्टै र ग्राहकलाई आकर्षित गर्ने निक्षेप तथा कर्जा प्रडक्टको विकास गर्नुपर्दछ । निक्षेपमा तुलनात्मक बढी ब्याज र कर्जामा तुलनात्मक रूपमा कम ब्याजदर कायम गर्ने वा यस्तै प्रकृतिको सेवा सुविधा थप गरिनुपर्दछ। सहज रूपमा आन्तरिक र बाह्य प्रतिवेदन तयार गर्ने व्यवस्था मिलाउनुपर्दछ। कर्मचारीहरूलाई हरित लगानीसँग सम्बन्धित प्रडक्टको विकास गर्न, बजारीकरण गर्न र व्यवस्थापन गर्नका लागि नियमित रूपमा तालिम प्रदान गर्नुपर्दछ । संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गतका कोषको व्यवस्थापनका लागि यथार्थपरक योजना बनाइनुपर्दछ । धेरै ठाउँमा छर्ने किसिमको भन्दा पनि ठोस रूपमा समाजलाई योगदान पुग्ने र दिगो विकासमा योगदान दिने परियोजनाको छनोट गरिनु आवश्यक छ।

## निक्षेपकर्ताले गर्नुपर्ने कार्य

निक्षेपकर्ताले अब ब्याजदरलाई मात्र हेर्ने होइन, आफूले जम्मा गरेको रकम कतै बैंकले आफैँलाई हानि गर्ने क्षेत्रमा त लगानी गरेको छैन ? यसप्रति सजग हुनुपर्ने बेला आएको छ। त्यसैले, म कस्तो बैंकमा निक्षेप राख्दैछु ? भनेर ग्राहक आफैँ पनि सचेत रहन आवश्यक छ। आफूले जम्मा गरेको निक्षेप दिगो बैंकिङका लागि लगानी गर्ने बैंक तथा वित्तीय संस्थाको छनोट गर्न निक्षेपकर्ता स्वयम् जागरुक रहनुपर्दछ।

## सञ्चार क्षेत्रले गर्नुपर्ने कार्य

सञ्चार क्षेत्रले बैंकले यति नाफा गरे, उति नाफा गरे भनेर बढी नै प्राथमिकता दिएर समाचार प्रकाशन/प्रसारण गरेको देखिन्छ। समाचार नाफामा मात्रै केन्द्रित रहन भएन। अब कुन बैंकले दिगो बैंकिङका लागि कति योगदान दिए ? कुन बैंकले अनुत्पादक क्षेत्रमा लगानी गरे ? कुन बैंकले प्रकृति, पर्यावरण र समाजलाई असर गर्ने क्षेत्रमा लगानी केन्द्रित गरे ? भनेर सचेत गराउने गरी समाचार प्रकाशन/प्रसारण गर्नुपर्ने आवश्यकता देखिएको छ। यसो गर्न सकेको खण्डमा समाज, देश र विश्वको आवश्यकता रहेको क्षेत्रतर्फ लगानी केन्द्रित हुँदै जानेछ।

उल्लिखित केही काम गर्न सकेमा बैंक तथा वित्तीय संस्था आफ्नो नाफा र ग्राहकको हितमा मात्र होइन, सम्पूर्ण समाज र देशको हित हुने प्रडक्ट विकास गर्न र प्रवर्द्धन गर्नमा केन्द्रित हुनेछन् भन्ने विश्वास गर्न सकिन्छ। हाम्रो निक्षेपको सही क्षेत्रमा लगानी हुनेछ आशा गर्न सकिन्छ । यसका अतिरिक्त पर्यावरणको संरक्षण हुनेछ । समाजको विकास हुनेछ। पटकपटक बैंकिङ क्षेत्रमा देखिने अस्थिरता क्रमिक रूपमा न्यूनीकरण भएर जानेछ। समग्रमा देश दिगो विकासमा केन्द्रित हुँदै जानेछ। अन्ततः 'जिम्मेवारीपूर्ण दिगो बैंकिङ, दिगो विकासका लागि' हुनेछ।

# एसएमई प्लेटफर्मको प्रस्थान बिन्दु

■ मुराहरि पराजुली*

**एक** लघुवित्त संस्थालाई पुँजी बजारबाट ९० लाख रुपैयाँ सङ्कलन गर्नु थियो। यो २०७१ सालको कुरा हो। अहिलेजस्तो अनलाइनबाट सेयर भर्न सकिने गरी 'सि-आस्बा' लागू भएको थिएन। सेयर निष्कासन गर्ने कम्पनी र सर्वसाधारण लगानीकर्ता दुवैलाई धेरै झन्झट थियो।

तापनि उक्त कम्पनीले आह्वान गरेकोभन्दा ३२७ गुणा बढी रकमको सेयर माग गर्दै लाइन लागेर सर्वसाधारणले फारम भरे। सरसर्ती हेर्दा यो समाचार उत्साह जगाउने किसिमको देखिन्छ। तर, होइन। त्यो प्रणालीमा दुवैलाई हानी भएको थियो। सेयर नपाएर सर्वसाधारण निराश थिए भने सङ्कलन गर्न खोजेको पुँजीभन्दा धितोपत्र निष्कासन प्रक्रियामा कम्पनीको खर्च धेरै भएको थियो।

साना कम्पनीले यस्ता किसिमका समस्या धेरै व्यहोरेका छन्। पहिलेभन्दा अहिले खर्च थोरै हुन्छ तर त्यति धेरै कम पनि भइसकेको छैन। यो सार्वजनिक नीति निर्माणले निम्त्याउने अवाञ्छित नतिजाको (unintended consequence) एउटा उदाहरण हो। यस्तो समस्या सबैतिर हुन्छ, हाम्रोमा बढी नै छ। किनभने हामी पर्याप्त छलफल गर्दैनौँ, नाम मात्रको छलफल गर्छौं, सरोकारवालाको भनाइलाई महत्व दिँदैनौं। जब नीति नियम बनेर कार्यान्वयनमा जान्छ त्यसपछि समस्या देखा पर्न थाल्छन्। त्यसलाई सच्च्याउन शक्तिशालीहरूको स्वार्थ र हठले दिँदैन।

नेपाल राष्ट्र बैंकले निक्षेपकर्ताको हित रक्षालाई ध्यान दिएर संस्थापकहरू अल्पकालीन लाभ लिएर नभागुन्, साना सेयरधनीहरू नठगिउन् भनेर बैंक तथा वित्तीय संस्था पब्लिक कम्पनी नै हुनुपर्ने, सेयर बजारमा सूचीकृत बन्नैपर्ने ऐन बनायो। त्यसलाई संसदले पनि पास गर्‍यो। यसले नेपालको पुँजी बजार विकासमा सघाउ पुर्‍यायो। तर लघुवित्त संस्थालगायतका साना कम्पनीहरू माथि भनिएको समस्याबाट पीडित भए। उद्योग व्यवसाय स्थापना, सञ्चालन वा विस्तारका लागि आवश्यक पर्ने पुँजीका लागि बैंक तथा वित्तीय संस्थाको सट्टा धितोपत्र बजारको उपयोग गर्ने भन्ने मूल मान्यतालाई यसले निरर्थक बनाइदियो। सम्बद्ध क्षेत्रको नियमले अनिवार्य गरेकोले मात्र कम्पनीले सेयर जारी गर्छन्।

पछिल्लो समय मिडियामा 'एसएमई प्लेटफर्म'को चर्चा छ। अङ्ग्रेजी नाम भएर होला धेरैलाई यो धेरै ठूलो चीज हो भन्ने लागेको छ। अझ कतिपयलाई यसले हाम्रो पुँजीबजारका यावत् समस्या समाधान गर्छ भन्ने लागेको छ। के साँच्चिकै यस्तै हो ? एसएमई प्लेटफर्मसम्बन्धी अहिलेसम्मको हाम्रो बुझाइ त्यति फराकिलो छैन। यसलाई साना कम्पनीको सेयर कारोबार गर्ने प्लेटफर्मको रूपमा मात्र बुझिएको छ।

## 'एसएमई प्लेटफर्म' विकासका पूर्व सर्त

एसएमई प्लेटफर्म कसलाई चाहिएको हो, किन चाहिएको हो, भन्ने प्रश्नबाट विषयको उठान गर्नुपर्छ। कम्पनी रजिस्ट्रारको कार्यालयका अनुसार हाल २ लाख ९४ हजार ६ सय ९८ प्राइभेट कम्पनी र एक हजार ८ सय ५९ पब्लिक कम्पनी दर्ता छन्। कम्पनी रजिस्ट्रारको तथ्याङ्कबाट ती कम्पनीहरू सञ्चालनमा रहे-नरहेको थाहा हुँदैन। आर्थिक सर्वेक्षण, २०७९ मा १ हजार ९ सय ८३ मझौला र ५ हजार ४ सय एक साना कम्पनी दर्ता भएको तथ्याङ्क प्रस्तुत गरिएको छ। यस सन्दर्भमा एसएमई प्लेटफर्मले तत्काललाई लक्ष्य गर्ने भनेको बढीमा १५ सय कम्पनी हो।

एसएमई प्लेटफर्म यिनै साना र मझौला कम्पनीको सेयर कारोबार गर्नका लागि चाहिने हो। तर एसएमई एकाङ्की रूपमा अगाडि बढ्न सक्दैन। साना र मझौला कम्पनीलाई पुँजी बजार उपलब्ध गराउने समग्र प्रणालीको एउटा हिस्सा हो, 'एसएमई प्लेटफर्म'। उदीयमान र उच्च वृद्धिको सम्भावना भएका व्यावसायिक संस्थालाई पुँजी सङ्कलन गर्ने सार्वजनिक बजार उपलब्ध गराउने समग्र प्रणालीको अन्तिममा एसएमई प्लेटफर्म (सूचना प्रविधि) को पालो आउँछ भन्दा फरक पर्दैन।

*प्रवक्ता, नेपाल स्टक एक्सचेन्ज लिमिटेड

अहिले चर्चामा भने समग्र प्रणालीका अन्य अवयवहरूलाई छोडेर दोस्रो बजार कारोबार गर्ने प्लेटफर्म सबैभन्दा पहिला आएको छ।

## बजारको संरचना

सर्वप्रथम नियामकीय र संस्थागत आधारमा साना तथा मझौला कम्पनीहरू पुँजी सङ्कलनका लागि प्रवेश गर्ने बजारको संरचना कस्तो हुनुपर्छ भन्नेमा प्रष्ट हुनुपर्छ। प्राथमिक र दोस्रो बजार कस्तो हुन्छ ? सबै साना कम्पनीहरूलाई सर्वसाधारणबाट पैसा उठाउन दिने हो कि होइन ? उनीहरूले पूरा गर्नुपर्ने न्यूनतम सर्तहरू के हुन् ? यकिन गरिनुपर्छ। बजार सञ्चालक, प्राथमिक तथा दोस्रो बजारका मध्यस्थकर्ताको भूमिका पनि किटान हुनुपर्छ।

हाम्रोमा यी विषयमा पर्याप्त छलफल भएको छैन। हाल नेपाल स्टक एक्सचेञ्जमा भएका चुक्ता पुँजी वा बजार पुँजीकरणका आधारमा साना कम्पनीलाई लिएर एसएमई प्लेटफर्म सुरु गर्ने र अरू साना कम्पनी थप्दै जाने भन्ने चर्चा छ। यसो गरियो भने प्रत्युत्पादक हुन्छ।

विद्यालय शिक्षाको बिम्ब प्रयोग गर्दा एसएमई प्लेटफर्म भनेको शिशु कक्षाजस्तो हो। शिशु कक्षामा बालबालिकालाई खेलाएर पढ्ने बानी लगाइन्छ। अर्थात् उनीहरूलाई माथिल्लो कक्षामा पढ्नका लागि तयार पारिन्छ। हाल नेप्सेको मुख्य कारोबार प्रणालीमा कारोबार भइरहेका पुँजीका आधारमा साना कम्पनीलाई एसएमई प्लेटफर्ममा लैजानु भनेको उपल्लो (४-५ कक्षा) तहमा पढिरहेको विद्यार्थीलाई उसको उचाइका आधारमा 'तिमी सानो छौ, शिशु कक्षामा गएर पढ' भने जस्तै हो।

ती कम्पनीहरू साना भए पनि धितोपत्र दर्ता तथा निष्कासन, दोस्रो बजारमा सूचीकरण, धितोपत्र अभौतिकीकरण लगायतका सबै नियामकीय सर्त पूरा गरेर, नियमानुसार लाग्ने शुल्क तिरेर, लगानीकर्ताको विश्वास जितेर पुँजी बजारमा स्थापित भएका हुन्। बजारले प्रदान गरेको यो पहिचान लगानीकर्ताको ठूलो सम्पत्ति हो। यसमा अतिक्रमण गर्नु हुँदैन। सेयरधनीको हित रक्षा गर्छु भन्ने संस्थापनले उनीहरूको सम्पत्तिमा दखल दिनुहुँदैन। मेन बोर्डले प्रदान गर्ने पहिचान र एसएमई प्लेटफर्मले दिने पहिचान समान हुँदैन। वित्त संसारमा पहिचानले ठूलो अर्थ राख्छ।

दोस्रो बजारको सन्दर्भमा एसएमई प्लेटफर्मको स्वरूप विस्तारित ओटिसी मार्केटजस्तो हुन सक्छ वा स्टक एक्सचेञ्जजस्तै कारोबार हुनेगरी पनि विकास गर्न सकिन्छ। यस किसिमको बजार स्थापना वा सञ्चालनको निर्णय गर्नुअघि यीमध्ये कुन हाम्रा लागि उपयुक्त ढाँचा हो भन्ने लागत-लाभ विश्लेषण गर्नु उपयुक्त हुन्छ।

## बजार सहभागी

धितोपत्र दर्ता, निष्कासन तथा सूचीकरणलाई मार्गनिर्देश गर्न लचिलो प्रावधान राखिने भएकाले मेन बोर्डमा जत्तिकै विश्वसनीयता एसएमई प्लेटफर्मले हासिल गरेका हुँदैनन्। यहाँ तुलनात्मक रूपमा साना कम्पनीको सेयर कारोबार हुने भएकाले तरलता पनि मेन बोर्डमा जस्तै नहुन सक्छ। त्यसैले एसएमई प्लेटफर्मको कारोबार तुलनात्मक रूपमा बढी जोखिमयुक्त हुनसक्छ। बढी जोखिमयुक्त कारोबार सबै लगानीकर्ताका लागि उपयुक्त हुँदैन। त्यसैले एसएमई प्लेटफर्ममा बजार सहभागीको संख्या कम हुन सक्छ।

धितोपत्र उपलब्धताको हिसाबले यो बजार गहिरो हुँदैन। पुँजीका आधारमा साना कम्पनी यो बजारमा आउँछन् र थोरै अंश मात्र सार्वजनिक निष्कासन गर्छन्। यस कारण बजारमा पर्याप्त तरलता हुँदैन। बजार तरल नहुनु अर्को एउटा जोखिम हो।

सूचनाको उपलब्धता यो बजारका सहभागीले सामना गर्नुपर्ने अर्को चुनौती हो। आजको दिनमा म कुनै कम्पनीको सेयर किन्दैछु वा बेच्दैछु भने त्यस कम्पनीको आजको वित्तीय अवस्था, त्यसका सञ्चालक, त्यसको व्यवस्थापन, त्यसको व्यवसायको परिमाण तथा गति, आम्दानी नाफा नोक्सानको अवस्थाको बारेमा मलाई राम्रोसँग जानकारी हुनुपर्छ। यस्ता सूचनाको अभावमा गरिने कारोबार सट्टेबाजी हुन जान्छ।

आफ्नो जोखिम वहन क्षमतालाई नबुझी यो बजारमा सट्टेबाजी गर्न ठूलो संख्यामा लगानीकर्ता आए भने यसले अर्को समस्या निम्त्याउँछ। तसर्थ सम्भावित बजार सहभागीको पहिचान गरी उनीहरूको मनोभाव, व्यवहारलाई सही दिशा प्रदान गर्न उपयुक्त प्रेरणा सञ्चार हुने किसिमले नीतिगत तथा

संस्थागत संरचना निर्माण गरिनुपर्छ । संस्थागत लगानीकर्ता वा व्यक्तिगत लगानीकर्तालाई कहिले र कुन चरण प्रवेश दिने/नदिने तय गरिनुपर्छ ।

## सरल नियम

साना कम्पनी लक्षित धितोपत्र बजार निश्चित नियमन तथा संस्थागत संरचनाको दायराभित्र सञ्चालित हुन्छन् । जटिल र खर्चिला प्रावधानहरू भएका नियम र संस्थागत संरचना बनायौं भने लक्षित कम्पनीहरू यो बजारमा प्रवेश नै गर्दैनन् । वास्तवमा जटिल र खर्चिलो प्रावधानका कारण मेन बोर्डमा प्रवेश गर्न नसक्ने कम्पनीका लागि नै एसएमई प्लेटफर्मको अवधारणा आएको हो ।

यसो भन्दैमा अत्यन्तै लचिलो नियम बनाउने, संस्थागत सुशासनलाई अवलम्बन गर्नै नपर्ने, पारदर्शिता तथा खुलासाका विषयलाई बेवास्ता गर्न हुँदैन । यसो गरियो भने सम्भावित लगानीकर्ता जोखिममा पर्छन् । उनीहरू लुटिने, ठगिने सम्भावना उच्च हुन्छ । त्यसैले प्राथमिक बजारमा धितोपत्र निष्कासन, दोस्रो बजारमा सूचीकरण, कारोबार, राफसाफ तथा फछ्र्यौटसम्मका नियम बनाउँदा सावधानी अपनाउनुपर्छ । निष्कासनकर्तालाई निरुत्साहित नगर्ने र लगानीकर्ता पनि नठगिने गरी सन्तुलन खोजिनुपर्छ ।

विगतमा धेरै साना कम्पनीहरू पुँजी बजारमा प्रवेश गरेको, सर्वसाधारणबाट पैसा सङ्कलन गरेको र पछि व्यवसाय नै सञ्चालन गर्न नसकेर अस्तित्वमा नरहेका लगभग ६० वटा कम्पनीलाई नेप्सेले सूचीकरणबाट हटाउनु परेको तितो यथार्थलाई पनि यहाँ सम्झिनुपर्छ ।

## नियमन तथा शुल्क

माथि नै भनियो एसएमई प्लेटफर्मले लक्ष्य गरेका कम्पनी र लगानीकर्तालाई निरुत्साहित नगर्ने गरी यसको ढाँचा निर्माण गर्नुपर्छ । हाल विश्वमा जहाँजहाँ एसएमई प्लेटफर्म सञ्चालित छन् त्यहाँ मेन बोर्डको भन्दा लचिलो नियमन हुन्छ र दर्ता तथा कारोबार शुल्क आधा वा एकतिहाई हुने गरेको पाइएको छ । यसले खडा गर्ने मुख्य दुई चुनौती भनेको आर्थिक रूपमा एसएमई प्लेटफर्म सम्भाव्य हुन्छ कि हुँदैन र सम्भावित बजार सहभागीको हित रक्षा गर्छ कि गर्दैन भन्ने हो ।

बजारमा आउने कम्पनी थोरै हुने, उल्लेख्य आकारमा कारोबार नहुने तर बजार सञ्चालनको लागत भने लगभग मेन बोर्ड जत्तिकै हुने अवस्थामा अलग्गै एसएमई प्लेटफर्म सञ्चालन आर्थिक रूपमा सम्भाव्य हुँदैन । कारोबार सञ्चालन मात्रै होइन बजार सहभागीको हित रक्षा हुने गरी सञ्चालन गर्नुपर्छ । यसमा पनि ठूलो खर्च हुन्छ । सुदृढ अनुगमन र सुपरिवेक्षणका लागि विस्तृत नियामकीय, संस्थागत र प्राविधिक औजार हुनुपर्छ । कार्यान्वयनमा सम्झौता गर्न नसकिने/गर्न नहुने यी विषय दिनप्रतिदिन महँगा हुँदै गएका छन् ।

शुल्कका सन्दर्भमा अर्को विचारणीय पक्ष कारोबार तथा तरलता पनि हो । कारोबारको आकार ठूलो भयो भने प्रति कारोबार शुल्क कम हुन्छ । यसले निष्कासनकर्ता र लगानीकर्ता दुवै पक्षलाई फाइदा हुन्छ । उच्च तरलता भएका धितोपत्रमा लगानीकर्ताको आकर्षण हुन्छ, उनीहरूले निरन्तर कारोबार गर्छन् र न्यूनतम कारोबार शुल्कमा पनि बजार सञ्चालन सम्भव हुन्छ । अर्कोतर्फ उच्च तरलतायुक्त बजारमा कारोबार गर्दा लगानीकर्ता पनि ढुक्क हुन्छन् । उनीहरूलाई बजार प्रवेश र बहिर्गमनमा बाधा हुँदैन ।

## खुलासा तथा पारदर्शिता

पुँजी बजारमा वित्तीय सम्पत्तिको मूल्य निर्धारण नियमनबाट गर्ने कि बजार सहभागीको माग र आपूर्तिबाट भन्ने बहस कायमै छ । बजारमा समस्या आयो भने व्यापक नियमन चाहिन्छ भनिन्छ भने सामान्य अवस्थामा वा लगानीकर्ताले कमाइरहेको अवस्थामा बजार शक्तिलाई छोडिदिनुपर्छ भनिन्छ । आफ्नो हितका बारेमा लगानीकर्ता आफैं जानकार हुन्छन् भन्ने दाबी गरिन्छ । मात्र लगानीकर्तालाई पर्याप्त सूचना दिनुपर्छ, शुद्ध सूचना दिनुपर्छ र समयमै सूचना दिनुपर्छ भनिन्छ । त्यसैले पुँजी बजार नियामकले लगानीकर्तालाई निष्कासनकर्ताले दिनुपर्ने न्यूनतम सूचनाको विवरण तोकेका हुन्छन् ।

कम्पनीले सुरुमा लगानीकर्ताबाट पैसा उठाउने बेलामा कस्तो सूचना तथा विवरण दिने, त्यस्ता कम्पनीको धितोपत्र दोस्रो बजारमा कारोबार सुरु भइसकेपछि नियमित रूपमा कस्तो सूचना तथा विवरण दिने भन्ने ढाँचा नियामकले तय गरेका

हुन्छन् । सुसूचित लगानीकर्ता पुँजी बजारका बलिया स्तम्भ हुन्, यिनले बजार स्थायित्व कायम गर्नमा मद्दत पुऱ्याउँछन् र आफ्नो हितको रक्षा पनि गर्छन् भन्ने मान्यता छ ।

एसएमई प्लेटफर्मका सन्दर्भमा, लक्षित कम्पनीलाई खुलासा र पारदर्शिताका सवालमा सम्झौता गर्न दिनुहुँदैन । खर्च कटौती गर्ने नाममा लगानीकर्तालाई अल्प सूचना दिनुहुँदैन । बरु कति पटक सूचना दिने भन्ने कुरालाई कम गर्न सकिन्छ । हाल नेपाल स्टक एक्सचेञ्जको मेन बोर्डमा भएका कम्पनीले प्रत्येक त्रैमासमा नेपाल धितोपत्र बोर्डले जारी गरेको दर्ता तथा निष्कासन नियमावलीमा तोकिएको ढाँचामा लगानीकर्तालाई सूचना दिनुपर्छ ।

यसै गरी, धितोपत्रको बजार मूल्यमा प्रभाव पार्ने सूचना भए तत्काल उपलब्ध गराउनुपर्छ । यसको सट्टा साना कम्पनीले लगानीकर्तालाई उपलब्ध गराउनुपर्ने सूचना तथा विवरण नघटाई त्रैमासमा दिनुपर्ने विवरण अर्धवार्षिक रूपमा दिन सक्ने नियम बनाउन सकिन्छ । पत्रपत्रिकामा विवरण प्रकाशन गर्नुको सट्टा आफ्नै वेबसाइटमा राख्न सकिन्छ । स्टक एक्सचेञ्जहरूको छाता सङ्गठन वर्ल्ड फेडेरेसन अफ एक्सचेञ्जेज (डब्लुएफई) ले आफ्ना रिपोर्टहरूमा यस्तै सुझाव दिने गरेको छ ।

## लगानीकर्ताको हित संरक्षण

साना कम्पनीहरू स्वभावैले तुलनात्मक रूपमा बढी प्रतिफल दिने र त्यस्ता कम्पनीको सेयर मूल्य बढी अस्थिर हुने विभिन्न अध्ययनले देखाएका छन् । यस्ता कम्पनीको व्यवसाय तथा वित्तीय अवस्थाको दिगोपना तुलनात्मक रूपमा कमजोर हुन्छ । त्यसैले यस्ता कम्पनीलाई औपचारिक र सङ्गठित बजार प्रदान गर्ने भनेको लगानीकर्तालाई अप्रत्यक्ष रूपमा लगानी गर्न प्रोत्साहित गरेको भन्ने अर्थ लाग्छ । यसले संस्थापन पक्षलाई दायित्व सिर्जना गर्छ ।

विभिन्न वित्तीय सङ्कट, लुटिएको, ठगिएको, कम्पनीहरू धराशयी भएको घटनापछि सर्वसाधारणले संस्थापन पक्षलाई प्रश्न गरेको पाइन्छ, 'खोई त हाम्रो लगानी सुरक्षाको प्रत्याभूति ?' 'खोई हाम्रो दुःख गरेर बचाएको पैसा कहाँ गयो ?'

यस सन्दर्भमा संस्थापन पक्ष पहिल्यै प्रस्ट हुनुपर्छ । उनीहरूको दायित्व लगानीकर्ताको नाफा सुनिश्चित गर्ने होइन। कारोबारबाट सिर्जित दायित्व अर्को पक्षले पूरा गर्छ भन्ने सुनिश्चित गर्ने मात्र हो । कसैले सेयर किनेको छ भने सेयर उपलब्ध गराउने, बेचेको छ भने पैसा उपलब्ध गराउने संयन्त्र बजार सञ्चालकले उपलब्ध गराउने हो ।

प्राथमिक होस् वा दोस्रो बजारमा कारोबार गर्नुअघि प्रत्येक लगानीकर्ताले यो कुरा थाहा पाउनुपर्छ । यसका लागि वित्तीय साक्षरताको विशेष महत्व हुन्छ । लगानीकर्तालाई बजारको आधारभूत ज्ञान दिन सकियो भने संस्थापन पक्षको भूमिकालाई लिएर भविष्यमा उत्पन्न हुन सक्ने अप्रिय अवस्थाको रोकथाम गर्न सकिन्छ । यसबाहेक खुलासा तथा पारदर्शिताका प्रावधानलाई कडाइका साथ पालन गर्न लगाउने, राफसाफ फछ्र्यौटको सुनिश्चितताका लागि संयन्त्र निर्माण गर्ने, बजार अनुगमन र सुपरिवेक्षणलाई सुदृढ बनाउने काम पनि संस्थापन पक्षको हो ।

## निष्कासनकर्ताको लाभ

एसएमई प्लेटफर्मको खास आवश्यकता साना तथा मझौला कम्पनी (निष्कासनकर्ता) लाई पर्छ भन्ने माथि सामान्य चर्चा भइसकेको छ । विश्व अर्थतन्त्रमा विभिन्न समयमा आएका अप्ठ्याराहरू पछि उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा आर्थिक स्थायित्वका लागि साना कम्पनीलाई जोड दिनुपर्छ भन्ने निष्कर्ष निकालियो । विश्व व्यापार सङ्गठन, २०१६ को एक अध्ययन अनुसार साना तथा मझौला उद्यमले श्रम बजारमा प्रवेश गर्ने ९५ प्रतिशतलाई रोजगार प्रदान गर्छन् । आविष्कार तथा उद्यमशीलतालाई प्रोत्साहन गर्ने यस्ता कम्पनीलाई कसरी प्रवर्द्धन गर्ने, उनीहरूलाई आवश्यक पर्ने पुँजी कसरी उपलब्ध गराउने भन्ने प्रश्न अगाडि आयो ।

व्यवसाय विस्तारका लागि बैंक तथा वित्तीय संस्थाबाट लिइने कर्जाको विकल्प के हुन सक्छ ? उपायका रूपमा यस्ता कम्पनीलाई पुँजी सङ्कलन गर्न फराकिलो बजार उपलब्ध गराउने भन्ने थियो । फराकिलो समुदायबाट पुँजी सङ्कलन गर्न सकियो भने व्यवसाय विस्तारका लागि वित्तीय स्रोतको जोहो हुन्छ नै, त्यसबाट प्राप्त हुने लाभ र सम्भावित जोखिमको वितरण पनि हुन्छ ।

यसै मूल मर्मलाई ध्यानमा राखेर एसएमई प्लेटफर्मको प्रारूप तयार गर्नुपर्छ । मनोगत आधारमा होइन, अरुको ठाडो

नक्कल गरेर पनि होइन । हाम्रो आवश्यकता के हो ? हाम्रा कम्पनीको आवश्यकता के हो ? हाम्रा लगानीकर्ता यसका लागि तयार छन् कि छैनन् ? हाम्रा प्रचलित नियम कानुन, हाम्रा संस्थाहरू र हाम्रो कारोबार व्यवहार यसका लागि तयार छन् कि छैनन् विचार गरिनुपर्छ । निष्कासनकर्ताको लाभ सुनिश्चित गर्दा लगानीकर्ता पो जोखिममा पर्ने हुन् कि भनेर ख्याल गर्नुपर्छ । फेरि साना लगानीकर्ताको सुरक्षाका नाममा धेरै कडा र खर्चिलो नियम बनाउँदा एसएमई बजारमा कम्पनी नै नआउने हुन् कि भन्ने हुन्छ ।

कस्ता कम्पनीलाई साना वा मझौला भन्ने सम्बन्धमा संसारभर एकरूपता पाइँदैन । विभिन्न मुलुकले रोजगार संख्या, लगानी भएको पुँजी, स्थिर सम्पत्ति तथा कारोबारको आकारलाई आधार मानेर कम्पनीको वर्गीकरण गर्ने गरेका छन् । हाम्रोमा औद्योगिक व्यवसाय ऐन, २०७६ ले १५ करोड रुपैयाँसम्म स्थिर पुँजी भएकालाई साना र १५ करोडभन्दा बढी ५० करोड स्थिर पुँजी भएकालाई मझौला उद्यम भनेर वर्गीकरण गरेको छ ।

तत्कालका लागि कम्पनी रजिस्ट्रारको कार्यालयमा पब्लिक कम्पनीका रूपमा दर्ता भएका तर सर्वसाधारणलाई सेयर जारी नगरेका लगभग १५ सय कम्पनीको स्थितिका बारेमा जानकारी लिनुपर्ने हुन्छ । ती कम्पनी सञ्चालनको अवस्था, व्यवसायको प्रकृति, व्यावसायिक सम्भाव्यता तथा वृद्धिको सम्भावनाका बारेमा थाहा पाउनुपर्छ । कम्पनी वृद्धिउन्मुख छन तर तिनीहरूले वित्तीय पहुँच पाएका छैनन् भने उनीहरूका लागि आवश्यक पुँजी बजार संरचना कस्तो हो पहिल्याउनुपर्छ ।

सम्भावित वृद्धि दर उच्च भएका साना कम्पनीमा जोड दिइनुपर्छ । किनकि तिनीहरूलाई नै पुँजीको खाँचो हुन्छ र त्यो खाँचो टार्नलाई कम्पनी एक्सचेञ्जमा आउन खोज्छन् । त्यस्ता कम्पनीलाई बजारमा पहिचान चाहिएको हुन्छ । उनीहरूलाई ऋणदाता, लगानीकर्ता, ग्राहक, कामदार, समुदाय तथा सरकारको विश्वास जित्नुपर्ने हुन्छ ।

## अन्य सुविधा

एसएमई प्लेटफर्ममा आउने कम्पनीहरू छुट, सहायता तथा अनुदान माग गर्छन् । नेपाल जस्तो अर्थ राजनीतिक पृष्ठभूमि भएको मुलुकमा नाफामुखी व्यावसायिक कम्पनीहरू साँच्चिकै प्राथमिकतामा पर्नु पर्छ कि पर्दैन भन्ने अप्ठेरो प्रश्न अगाडि आउँछ । वास्तवमा राज्यले शिक्षा, स्वास्थ्य तथा भौतिक पूर्वाधार जस्ता विषयलाई पन्छाएर नाफामुखी कम्पनीको जगेर्ना गर्ने विषयलाई प्राथमिकता दिनुपर्ने हो ? यो प्रश्नको उत्तर सजिलो छैन ।

## उपसंहार

संसारमा एसएमई प्लेटफर्मले सफलता हात पारेको उदाहरण थोरै छ । सन् १९९० को दशकमा अमेरिकाको नास्दाक र बेलायतको लन्डन स्टक एक्सचेञ्जअन्तर्गत अल्टरनेटिभ इन्भेस्टमेन्ट मार्केट (एआइएम) ढाँचाको नक्कल गर्दै विभिन्न देशमा स्थापना भएका एसएमईज एक्सचेञ्ज / प्लेटफर्मले साना कम्पनीहरूलाई लक्षित गरेका छन् । लन्डनकै एआईएमको कुरा गर्ने हो भने उसले लक्ष्य गरेका कम्पनी साना भनिए पनि हाम्रा लागि साना होइनन् । उनीहरूले साना भनेका मध्येमा बहुराष्ट्रिय कम्पनी पनि छन् ।

लन्डनको एआईएमसँगै तुलना गर्ने हो भने हाम्रो मेन बोर्डभन्दा उनीहरूको एआईएम धेरै ठूलो, उच्च प्रविधि, विस्तृत नियमन तथा संस्थागत व्यवस्थायुक्त छ । यसले उनीहरूको सन्दर्भमा साना कम्पनीको पुँजी परिचालन, विकास तथा विस्तारमा उल्लेख्य योगदान गरेको देखिन्छ । तर, सबै एसएमई प्लेटफर्मको कथा सुखद भने छैन ।

नियमन तथा शुल्कका प्रावधानलाई लचिलो बनाएर पुँजी बजार पहुँचलाई सहज बनाउँदा पनि कम्पनी बजारमा प्रवेश नगरेको अनुभव विकसित मुलुकहरूमा छ । हाम्रा छिमेकी मुलुक बङ्गलादेश, पाकिस्तान तथा श्रीलङ्कामा साना कम्पनी लक्षित प्लेटफर्म छन् तर पनि ती बजारमा कारोबार गतिविधि उल्लेख्य छैन ।

यीलगायतका प्रावधानको सम्बन्धमा गहिरो अध्ययन नगरी ठाडो नक्कल गर्ने र सञ्चालन तथा व्यवस्थापनमा उचित ध्यान नदिँदा धेरै एसएमई प्लेटफर्मले अपेक्षित उद्देश्य हासिल गर्न सकेका छैनन् । मागप्रेरित हुनुपर्नेमा एसएमई प्लेटफर्म आपूर्तिप्रेरित भएकाले असफल भएका हुन कि भन्ने पनि देखिन्छ ।

खुलासा तथा पारदर्शिताका प्रावधानमा विषयवस्तु कम गर्नुहुँदैन, विवरणहरू प्रकाशन गर्ने माध्यम र पटक घटाउन सकिन्छ । साना कम्पनीहरूसँग वित्त सङ्कलनका विविध विकल्पमध्ये उपयुक्त विकल्प कुन हो भन्ने जानकारी नहुन सक्छ । त्यसैले उनीहरूलाई जानकारी उपलब्ध गराउने निकाय आवश्यक हुन्छ। नियामक निकाय, बजार सञ्चालक, प्राथमिक बजारका मध्यस्थकर्ताले यसमा महत्वपूर्ण भूमिका खेल्न सक्छन् । कुन निकायले अग्रणी भूमिका खेल्ने भन्ने विषयमा सम्भावित एसएमई प्लेटफर्मको ढाँचा निर्भर हुन्छ।

एसएमई प्लेटफर्ममा लगानी गरेबापतको निश्चित रकमलाई करयोग्य आम्दानी नमानिने नियम बनाउन सकिन्छ। सरकारले साना तथा मझौला उद्योगलाई प्रवर्द्धन गर्ने बृहत् वित्त अभियानको एक भागको रूपमा एसएमई प्लेटफर्मलाई लैजानुपर्छ।

(यहाँ व्यक्त विचारले लेखक आबद्ध संस्थाको प्रतिनिधित्व गर्दैन।)

●●●

# नेपालमा वित्तीय बजार आचरण सुपरिवेक्षण

■ धनञ्जय पराजुली*

## १. पृष्ठभूमि

वित्तीय प्रणालीको निरन्तर विकाससँगै वित्तीय सेवाको विविधता र उपलब्धताको वृद्धि हुँदै गएको छ । यससँगै वित्तीय प्रणाली दिनानुदिन जटिल र जोखिमयुक्त बन्दै गएको छ । साथसाथै, वित्तीय उपभोक्ताका समस्या र गुनासाहरू दिन प्रतिदिन बढ्दै गएको देखिन्छ । उपभोक्ताका समस्या र गुनासाहरू नियामक निकायले समयमै समाधान गर्न नसक्दा प्रणालीप्रतिको विश्वासमै असर पर्ने भएको हुनाले यो निकै पेचिलो विषयको रूपमा रहेको छ । उपभोक्ताको गुनासो र समस्या समाधानका लागि विश्वका धेरैजसो केन्द्रीय बैंक वा नियमनकारी निकायले वित्तीय बजार आचरण सुपरिवेक्षणलाई उच्च महत्व दिने गरेका छन् । वित्तीय बजार आचरण सुपरिवेक्षणको महत्वपूर्ण अङ्गको रूपमा वित्तीय ग्राहकको हित संरक्षण रहेको छ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ४ उपदफा १(ख) मा अन्य उद्देश्यका अतिरिक्त 'वित्तीय सेवाको पहुँच अभिवृद्धि र वित्तीय क्षेत्रको स्थायित्व कायम गरी बैंकिङ तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने' उल्लेख छ । यस उद्देश्य प्राप्तिका लागि नेपाल राष्ट्र बैंकले इजाजतपत्र तथा अनुमतिपत्रप्राप्त संस्थाको निरन्तर नियमन तथा सुपरिवेक्षण गर्दै आएको छ । यद्यपि, विद्यमान सुपरिवेक्षकीय अभ्यासमा वित्तीय ग्राहक संरक्षणको पक्षले खासै महत्व पाएको छैन । वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वास कायम राख्न वित्तीय स्थायित्वसँगै सेवाग्राहीको हितको संरक्षणमा पनि उत्तिकै ध्यान दिनुपर्ने हुन्छ । यसको लागि नेपाल राष्ट्र बैंकले Prudential Regulation को अतिरिक्त Financial Consumer Protection / Financial Market Conduct Supervision को कार्यसमेत गर्नुपर्ने हुन्छ । हाल यस बैंकबाट जारी हुने निर्देशन र सुपरिवेक्षण विभागबाट हुने स्थलगत तथा गैरस्थलगत सुपरिवेक्षण र निरीक्षण कार्यले वित्तीय स्थायित्वलाई प्रथमिकतामा राख्ने गरेको पाइन्छ । बैंकले वित्तीय ग्राहक संरक्षणको उद्देश्य राखी समयसमयमा निर्देशन जारी गरेको भए तापनि यस्ता निर्देशनहरू छरिएर रहेका छन् र जारी भएका निर्देशनको लक्षित अनुगमन र सुपरिवेक्षण (Targeted Inspection and Supervision) भएको पाईंदैन ।[1]

यस अवस्थालाई दृष्टिगत गरी नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्था नियमन विभागमा इकाई गठन गरी वित्तीय ग्राहकको गुनासो सुनुवाई गर्दै आएकोमा यस कार्यलाई थप महत्वका साथ कार्यान्वयन गर्न गभर्नरको कार्यालयअन्तर्गत ' वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखा' स्थापना भएको छ । वित्तीय ग्राहकले सेवा प्रदायकबाट निष्पक्ष, पारदर्शी, विश्वसनीय सेवा प्राप्त गर्नुका साथै प्रचलित कानुन, नियामकीय नीति, निर्देशनअनुरूपको वित्तीय सेवा प्राप्तिको सुनिश्चितताको साथै ग्राहकको गुनासोको उचित व्यवस्थापनमार्फत ग्राहक हित संरक्षण गर्नु महाशाखाको उद्देश्य रहेको छ । वित्तीय समावेशीकरणको अभिवृद्धि गर्दै आर्थिक स्थायित्व, समावेशी आर्थिक वृद्धि हासिल गर्दै वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न वित्तीय ग्राहक हित संरक्षण रणनीतिको प्रभावकारी कार्यान्वयन आवश्यक छ । वित्तीय ग्राहक संरक्षणका लागि अन्तर ाष्ट्रिय अभ्यासअनुरूप वित्तीय बजार आचरण सुपरिवेक्षण (Financial Market Conduct Supervision) सम्बन्धी कार्यलाई वस्तुनिष्ठ ढङ्गले कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

## २. वित्तीय ग्राहक हित संरक्षणमा अन्तर्राष्ट्रिय अभ्यास

### i. Bank For International Settlement (BIS)

बैंकले वित्तीय समावेशिताको सन्दर्भमा प्रभावकारी वित्तीय

---

* सहायक निर्देशक, नेपाल राष्ट्र बैंक

[1] अप्रकाशित अध्ययन प्रतिवेदन, परियोजना सारांश, वित्तीय बजार आचरण सुपरिवेक्षण

ग्राहक संरक्षणको लागि देहायबमोजिमका सुपरिवेक्षकीय मार्गदर्शन (Guidance for Supervisors) प्रतिपादन गरेको छ[२]:

- कानुनी, नियामक र सुपरिवेक्षकीय ढाँचा (Legal, Regulatory and Supervisory Framework),
- अनुगमन गर्ने निकायको भूमिका (Role of Oversight Bodies),
- ग्राहकलाई समान, न्यायोचित र निष्पक्ष व्यवहार (Equitable and Fair Treatment of Consumers),
- खुलासा र पारदर्शिता (Disclosure and Transparency),
- वित्तीय साक्षारता र चेतना (Financial Education and Awareness),
- वित्तीय सेवा प्रदायक र अधिकृत एजेन्टहरूको व्यावसायिक आचरणगत जिम्मेवारी (Responsible Business Conduct of Financial Services Providers and AuthorizedAgents),
- वित्तीय ग्राहकको सम्पत्ति दुरुपयोग निवारण (Protection of Consumer Assets Against Fraud and Misuse),
- ग्राहकको तथ्याङ्क र गोपनीयता संरक्षण (Protection of Consumer Data and Privacy),
- गुनासो व्यवस्थापन र समाधान (Complaints Handling and Redress),
- प्रतिस्पर्धा (Competition)।

**ii. विश्व बैंक (World Bank)**

वित्तीय ग्राहक संरक्षणको लागि नियामकीय र संस्थागत संरचना देहायबमोजिम सिफारिस गरेको छ।[३]

**(क) कानुनी र सुपरिवेक्षकीय ढाँचा (Legal and Supervisory Framework)**

- कानुनी ढाँचा (Legal Framework),
- संस्थागत व्यवस्था र म्यान्डेटहरू (Institutional Arrangement and Mandates),
- नियामकीय ढाँचा (Regulatory Framework),
- सुपरिवेक्षकीय गतिविधि (Supervisory Activities),
- अनुपालन/कार्यान्वयन (Enforcement),
- आचारसंहिता र अन्य स्व-नियमन (Codes of Conduct and Other Self-regulation),
- निकायबाट सूचनाको प्रसार (Dissemination of Information by the Authority)।

**(ख) खुलासा र पारदर्शिता**
**(Disclosure and Transparency)**

- खुलासाको ढाँचा र तरिका (Format and Manner of Disclosure),
- विज्ञापन र बिक्री सामग्री (Advertising and Sales Material),
- नियम र सर्तहरूको खुलासा (Disclosure of Terms and Conditions),
- मुख्य तथ्यको विवरण (Key Facts Statement),
- अन्य विवरण (Statements),
- दर र सर्तमा भएको परिवर्तनको जानकारी (Notification of Changes in Rates, Terms and Conditions),

**(ग) निष्पक्ष व्यवहार र व्यावसायिक आचरण**
**(Fair Treatment and Business Conduct)**

२ Basel Committee on Banking Supervision: Consultative Document "*Guidance on the application of the Core principles for effective banking supervision to the regulation and supervision of institutions relevant to financial inclusion*" (December 2015), Annex A

३ "*Good Practices for Financial Consumer Protection: DEPOSIT AND CREDIT PRODUCTS AND SERVICES PROVIDER*" Published by, International Bank for Reconstruction and Development / The World Bank Group 2017 Edition

- अनुचित नियम र सर्तहरू (Unfair Terms and Conditions),
- अनुचित अभ्यास (Unfair Practices),
- बिक्री अभ्यास (Sales Practices),
- वस्तु तथा सेवा उपयुक्तता (Product and Service Suitability),
- ग्राहक गतिशीलता (Customer Mobility),
- व्यावसायिक योग्यता (Professional Competence),
- एजेन्ट (Agents),
- कर्मचारी र एजेन्टलाई क्षतिपूर्ति (Compensation of Staff and Agents),
- धोखाधडी र ग्राहक सम्पत्तिको दुरुपयोग (Fraud and Misuse of Customer Assets),
- ऋण असुली (Debt Collection)

(घ) **तथ्याङ्क संरक्षण र गोपनीयता**
**(Data Protection and Privacy)**

- ग्राहकसम्बन्धी तथ्याङ्कको वैधानिक सङ्कलन र उपयोग (Lawful Collection and Usage of Customer Data),
- ग्राहकको जानकारीको गोपनीयता र सुरक्षा (Confidentiality and Security of Customers' Information),
- ग्राहकको विवरण उपलब्ध गराउने (Sharing Customer Information),

(ङ) **विवाद समाधान संयन्त्र**
**(Dispute Resolation Mechanism)**

- आन्तरिक गुनासो सुनुवाई (Internal Complaints Handling),
- अदालतबाहिर औपचारिक विवाद समाधान संयन्त्र (Out-of-Court Formal Dispute Resolution Mechanisms),

(च) **ग्यारेन्टी योजना र टाट पल्टिने (Guarantee Schemes and Insolvency)**

- निक्षेपकर्ता संरक्षण (Depositor Protection),
- व्यक्तिहरू टाट पल्टिने (Bankruptcy of Individuals),
- वित्तीय संस्थाहरू टाट पल्टिने (Insolvency of Financial Institutions).

**iii. lliance for Financial Inclusion (AFI)**

वित्तीय सेवा प्रदायकको लागि जोखिममा आधारित बजार आचरण सुपरिवेक्षणको ढाँचा/मार्गदर्शन[४]ले जोखिम मूल्याङ्कन, प्रभाव मूल्याङ्कन र सुपरिवेक्षकीय रणनीतिलाई प्रमुख आधारको रूपमा प्रस्तुत गरेको छ।

- Risk Assessment: SignificantActivities, Inherent Risks, Internal Controls, Net Risk and Overall Risk,
- Impact Asssesment: Systemically Important Financial Service Providers,
- Supervisory Strategy: Areas of Supervision, Resources to be allocated, Internal processes, Supervision tools, Action plans, Progress Monitoring, Reporting and Other aspects.

**iv भारत**

भारतीय रिजर्भ बैंकले ग्राहक संरक्षण र शिक्षाको लागि ग्राहक अधिकारसम्बन्धी बडापत्र जारी गरेको छ। ग्राहकलाई समान, न्यायोचित र निष्पक्ष व्यवहार, खुलासा र पारदर्शिता, ग्राहकको तथ्याङ्क र गोपनीयता संरक्षण, गुनासो व्यवस्थापन र समाधानलगायतका विषय उक्त बडापत्रका प्रमुख विषेशता

[४] "*MARKET CONDUCT SUPERVISION OF FINANCIAL SERVICES PROVIDERS*" (A Risk Based Supervision Framework), Published By, Alliance for Financial Inclusion (Guideline NoteNo.21, August 2016

हुन् । गुनासो सुनुवाईको लागि रिजर्भ बैंकले बैंक तथा वित्तीय संस्थाभित्र Internal Ombudsman Scheme लागू गर्न निर्देशन गरेको र केन्द्रीय बैंक स्वयम्ले वित्तीय ग्राहक संरक्षणको लागि Complaint Management System (CMS) लागू गरेको छ ।

सन् २०२१ मा बैंक तथा वित्तीय संस्थाको गुनासो सुनुवाईलाई प्रभावकारी बनाउन A Comprehensive Framework for Strengthening of the Internal Grievance Redress Mechanism in Banks जारी गरेको छ । जसका विशेषता देहायबमोजिम छन् :

- गुनासोमा थप खुलासा (Enhanced Disclosures on Complaints),
- बैंकहरूको गुनासो निवारण संयन्त्रको गहन समीक्षा (Intensive Review of Grievance Redress Mechanism of Banks),
- आवश्यक सुपरिवेक्षकीय र नियामकीय कार्यको सुरुआत (Initiation of Required Supervisory and Regulatory Actions)

**ग्राहक संरक्षणका लागि गरेका अन्य व्यवस्था**

- निष्क्रिय खातामा न्यूनतम मौज्दात कायम नहुँदाको शुल्क उन्मूलन,
- बचत बैंक खातामा न्यूनतम मौज्दात नराखेमा लगाइने शुल्कलाई व्यवस्थित गर्ने,
- उही बैंकका अन्य शाखाबाट सेवा प्राप्त गर्दा लाग्ने शुल्कमा एकरूपता (Uniformity in intersol charges),
- अनधिकृत इलेक्ट्रोनिक बैंकिङ लेनदेनमा ग्राहकहरूको दायित्व सीमित गर्ने,
- प्राप्त उजुरीका आधारमा आचरणको मूल कारण विश्लेषण गरी आवश्यक उपचारात्मक उपाय सुरु गर्ने,
- ग्राहक संरक्षणको दृष्टिकोणबाट (Perspective) वित्तीय शिक्षाको लागि रूपरेखा (Framework) तयार गरेको छ,

(i) Target Group, (ii) Content, (iii) Delivery Channels, (iv) Coordination Aspects, and Impact Analysis.

- आधिकारिक भुक्तानी प्रणालीको प्रयोग गरी असफल कारोबारको लागि कारोबार रकम फिर्ता गर्ने समय (Turn Around Time-TAT) को आधारमा ग्राहक क्षतिपूर्तिसम्बन्धी व्यवस्था,
- डिजिटल भुक्तानीका लागि अनलाइन विवाद समाधान प्रणाली,
- वित्तीय ग्राहक संरक्षण र साक्षरताको लागि प्रवर्द्धनात्मक भिडियो सामग्री तयार गरी समाजिक सञ्जाल, टेलिभिजन र युट्युबमा प्रचारप्रसार गरेको,

**v. बङ्गलादेश**

बङ्गलादेशको केन्द्रीय बैंकमा ग्राहक संरक्षणको Banking Regulation and Policy Department n] lgod agfpg] / Financial Integrity and Customer Services Department (FICSD) अन्तर्गतका महाशाखाबाट कार्यान्वयन हुने गरेको ।

- Vigilance and Anti-Fraud Division : जटिल प्रकृतिका र स्थलगत निरीक्षणविना समाधान गर्न नसकिने गुनासाको समस्या समाधान गर्नका लागि स्थलगत निरीक्षण गर्ने,
- Customer Services Division,
- ग्राहक सेवा र संरक्षणको क्षेत्रमा सञ्चालक समितिको भूमिकाको लागि आवश्यक संरचना र
- गतिविधि निर्धारण गर्न दिशानिर्देशहरू तर्जुमा गर्ने,
- गुनासोको वर्गीकरण गरी, उजुरीका सम्बन्धमा सम्बन्धित बैंकहरूको राय/टिप्पणी/स्पष्टीकरण माग गर्ने ।
- सम्बन्धित बैंकहरूले पठाएको राय/टिप्पणी/स्पष्टीकरणको विश्लेषण गरी मुद्दाहरू सिफारिससहित प्रस्तुति र निर्णयको कार्यान्वयन गर्ने ।

**३. नेपालमा वित्तीय ग्राहक हित संरक्षणमा भएका अभ्यास**

नेपाल राष्ट्र बैंकले वित्तीय ग्राहक संरक्षण तथा वित्तीय

साक्षरतासम्बन्धी व्यवस्थाको लागि गरेका प्रमुख कार्य

(क) **नियामकीय प्रावधान**[५]

- वित्तीय ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापन कार्यविधि (प्रथम संशोधन, २०७९), २०७७ जारी ।
- वित्तीय साक्षरता सम्बन्धमा Finanical Literacy Framwork 2022 र वित्तीय साक्षरता मार्गदर्शन २०७९ जारी ।
- वित्तीय ग्राहक संरक्षण र वित्तीय साक्षरतासम्बन्धी व्यवस्था/निर्देशन
- पारदर्शितासम्बन्धी व्यवस्था,
- सरल भाषाको प्रयोगसम्बन्धी व्यवस्था,
- सूचनासम्बन्धी व्यवस्था,
- सरल बैंकिङसम्बन्धी व्यवस्था,
- वित्तीय सेवाको शुल्कलगायत सर्त परिवर्तनसम्बन्धी व्यवस्था,
- खाता सञ्चालन र बन्द गर्दा लाग्ने शुल्कसम्बन्धी व्यवस्था,
- चेक भुक्तानीसम्बन्धी व्यवस्था,
- सेवा शुल्कसम्बन्धी व्यवस्था,
- गुनासो सुनवाइसम्बन्धी व्यवस्था,
- गोपनीयता र तथ्याङ्क संरक्षणसम्बन्धी व्यवस्था ।

**४. वित्तीय ग्राहक संरक्षणका लागि निक्षेप तथा कर्जाको ब्याजदरलगायत अन्य प्रमुख निर्देशन**

- बचत खातामा दिइने ब्याजदरको अन्तर दुई प्रतिशत बिन्दुभन्दा बढीले फरक पार्न नपाइने,
- कल निक्षेपबाहेकका ब्याज प्रदान गरिने सबै प्रकारका स्वदेशी मुद्राका निक्षेप खातामा दिइने,
- अधिकतम र न्यूनतम ब्याजदरबीचको अन्तर पाँच प्रतिशत बिन्दुभन्दा बढीले फरक पार्न नपाइने,
- बचत निक्षेपमा पनि तीनतीन महिनामा सम्बन्धित खातामा ब्याज जम्मा गरिदिने व्यवस्था । निक्षेपकर्तालाई दिने ब्याज दैनिक मौज्दातमा प्रदान गर्नुपर्ने,
- ऋणीलाई दिइने कर्जा प्रस्तावपत्र (Offer Letter) मा आधार दरमा थप गर्ने प्रिमियम दर स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने । त्रयमासिक रूपमा औसत आधारदरमा परिवर्तन हुँदा ब्याजदरमा परिवर्तन हुने/नहुने सम्बन्धमा ऋणीलाई offer letter मा स्पष्ट रूपमा उल्लेख गरी अनिवार्य जानकारी दिने व्यवस्था गर्नुपर्नेछ ।
- कर्जा प्रस्तावपत्रमा उल्लेख गरी कर्जा प्रवाह गरेपश्चात् प्रिमियम दर वृद्धि गर्न वा कुनै किसिमको डिस्काउन्ट प्रदान गरी पुनः स्वतः वृद्धि हुने जस्ता योजना लागू गर्न पाइने छैन ।
- परिवर्तनीय ब्याजदरलाई आधार दरसँग आबद्ध गर्दा इजाजतपत्रप्राप्त संस्थाको Core Banking System मार्फत त्रयमासिक औसत आधार दरमा भएको परिवर्तनअनुसार स्वतः ब्याजदर परिवर्तन हुने प्रणालीको व्यवस्था ।
- कर्जा प्रवाह गर्दा ऋणीसँग गरिने सम्झौतामा वार्षिक पेनाल ब्याजदर दुई प्रतिशत बिन्दुभन्दा बढी नहुने व्यवस्था ।
- मुद्दती निक्षेप रसिदको धितो कर्जामा लाग्ने ब्याजदर मुद्दती निक्षेप खाता खोल्दाकै वखत जानकारी दिई ग्राहकसँग लिखित सहमति लिनुपर्ने ।
- लघुवित्त वित्तीय संस्थाले प्रवाह गरेको कर्जाको अधिकतम ब्याजदरको कम्तीमा ५० प्रतिशत हुने गरी निक्षेप/बचतको न्यूनतम ब्याजदर तय गर्नुपर्नेछ ।[६]

**५. वित्तीय ग्राहक संरक्षणका लागि सेवा शुल्कसम्बन्धी प्रमुख निर्देशन**

- कर्जा प्रवाह गर्दा लिने सेवा शुल्क, अग्रिम भुक्तानी शुल्क

[५] नेपाल राष्ट्र बैंकबाट “क”, “ख” र “ग” वर्गका इजाजतपत्रप्राप्त संस्थालाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ निर्देशन नं. १५,१६,२०

[६] नेपाल राष्ट्र बैंकबाट ‘घ’ वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको ‘एकीकृत निर्देशन - २०७९’ को निर्देशन नं. १५

र प्रतिबद्धता शुल्कबाहेक अन्य कुनै पनि शुल्क लिन पाइने छैन। कर्जासँग सम्बन्धित सम्पूर्ण लागत ब्याजदरमै प्रतिविम्बित हुनुपर्नेछ,

- निर्देशनमा उल्लेख भएकाबाहेक अन्य जुनसुकै शीर्षकमा शुल्क लिएको वा तोकिएको सीमाभन्दा बढी शुल्क लिएको पाइएमा सो शुल्कमा १० प्रतिशत थप गरी ग्राहकको खातामा जम्मा गर्नुपर्नेछ,
- 'क', 'ख' र 'ग', वर्गका बैंक तथा वित्तीय संस्थाले कर्जा स्वीकृति गर्दा सेवा शुल्कबापत क्रमशः अधिकतम ०.७५ प्रतिशत, १.०० प्रतिशत, १.२५ प्रतिशतसम्म,
- कर्जाको सीमा वृद्धि गरिएमा वृद्धि भएको रकममा मात्र तोकिएको सीमाभित्र रही सेवा शुल्क लिन सकिनेछ,
- किस्तामा भुक्तानी हुने मध्यम तथा दीर्घकालीन कर्जामा कर्जाको अवधिभर Review Charge लगायत अन्य कुनै पनि शीर्षकमा शुल्क लिन पाइने छैन,
- ग्राहकको अनुमतिविना कुनै पनि प्रकारको वित्तीय सेवा उपलब्ध गराउन पाइने छैन । ग्राहकको अनुमतिविना उपलव्ध गराइएका त्यस्ता सेवाबापत कुनै सेवा शुल्क लिएमा १० प्रतिशत थप गरी ग्राहकको खातामा जम्मा गर्नुपर्नेछ,
- एकै प्रकारका कर्जा प्रवाह गर्दा विभिन्न ग्राहकसँग लिने प्रशासनिक सेवा शुल्क, अग्रिम भुक्तानी शुल्क र प्रतिबद्धता शुल्कमा ०.२५ प्रतिशत बिन्दुभन्दा बढीले फरक पार्न पाइने छैन,
- आफ्ना ग्राहकलाई अन्य संस्था/निकायमार्फत सेवा लिने सन्दर्भमा सो सेवाबापत त्यस्ता संस्था/निकायलाई भुक्तानी गर्नुपर्ने लागतभन्दा बढी हुनेगरी सेवा शुल्क असुल गर्न पाइने छैन,
- रु. ५० लाखसम्मको सीमा कायम भएको जुनसुकै प्रकारको कर्जा भुक्तानी गर्दा अग्रिम भुक्तानी शुल्क लाग्ने छैन,
- लघुवित्त संस्थाले बचत/निक्षेप खाता सञ्चालन गरेबापत ग्राहकबाट कुनै पनि किसिमको सेवा शुल्क लिन पाइने छैन।[७]
- लघुवित्त संस्थाले कर्जा प्रवाह गर्दा स्वीकृत कर्जामा संस्थाले १.५० प्रतिशतसम्म सेवा शुल्क लिन सक्नेछन् । एक वर्षभन्दा कम अवधिको लागि कर्जा प्रवाह गरेको अवस्थामा यस्तो कर्जाको लागि वार्षिक १.५० प्रतिशतमा नबढ्ने गरी कर्जा अवधिको आधारमा सो दरको दामासाही हिसाबले मात्र सेवा शुल्क लिन सक्नेछन्,
- लघुवित्त संस्थाले कर्जाको सीमा वृद्धि/थप गर्दा थप भएको रकममा मात्र २० प्रतिशतसम्म सेवा शुल्क लिन सकिनेछ।

**६. वित्तीय ग्राहक संरक्षणका लागि वित्तीय सेवाको सूचनासम्बन्धी प्रमुख निर्देशन**

- निक्षेपमा दिने र कर्जा तथा सापटमा लिने ब्याजदर मासिक रूपले राष्ट्रियस्तरको पत्रपत्रिका र बैंक तथा वित्तीय संस्थाको वेबसाइटमा प्रकाशन गरी सर्वसाधारण निक्षेपकर्तालाई सूचित गर्नुपर्नेछ,
- बैंक तथा वित्तीय संस्थाले निक्षेप र कर्जाको ब्याजदर परिवर्तनसम्बन्धी जानकारी सम्बन्धित ग्राहकलाई एसएमएस/इमेलमार्फत तत्काल उपलब्ध गराउनुपर्नेछ,
- बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने सम्पूर्ण आवधिक प्रकृतिका कर्जाको परिवर्तनीय ब्याजदर (Adjustable Interst Rate) को साथै स्थिर ब्याजदर (Fixed Interest Rate) समेत प्रकाशन गर्नुपर्नेछ,
- ब्याजदर प्रकाशित गर्दा वार्षिक प्रतिशत दर उल्लेख गर्नुपर्नेछ।

**७. वित्तीय ग्राहक संरक्षणका लागि अन्य व्यवस्था/निर्देशन**

- निक्षेपकर्ताको निक्षेप सुरक्षणका लागि तीन लाखसम्मको निक्षेपबराबरको बीमा अनिवार्य गनुपर्नेछ,
- निक्षेप सङ्कलन तथा व्यवसाय विस्तार गर्ने उद्देश्यले वित्तीय ग्राहकलाई उपहार, चिठ्ठालगायतका कार्यक्रम सञ्चालन गर्न नपाइने व्यवस्था,

[७] नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको 'एकीकृत निर्देशन - २०७९' को निर्देशन नं. १९

- जेष्ठ नागरिक, दलित, मुक्त कमैया, वादी, हलिया, द्वन्द्व पीडित, एकल महिला तथा फरक ढङ्गले सक्षम व्यक्तिलाई प्रवाह गर्ने विपन्न वर्ग कर्जाको ब्याज दरमा कम्तीमा एक प्रतिशत बिन्दुले सहुलियत दिने व्यवस्था मिलाउनुपर्नेछ,
- ग्राहक संरक्षण कोष (Client Protection Fund) सम्बन्धी व्यवस्था[८] देहायबमोजिमको रकम ऋणीहरूको हितमा खर्च गर्नेगरी अलग्गै ग्राहक संरक्षण कोष (Client Protection Fund) मा जम्मा गरी राख्नुपर्नेछः

(क) खुद मुनाफाको एक प्रतिशत रकम,

(ख) वार्षिक १५ प्रतिशतभन्दा बढी लाभांश (नगद वा बोनस) वितरणको प्रस्ताव गरेमा १५ प्रतिशतभन्दा माथिको प्रस्तावित लाभांशको ३५ प्रतिशतले हुने रकम।

**८. भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थाहरूले पालना गर्नुपर्ने ग्राहक हित संरक्षणसम्बन्धी प्रमुख व्यवस्था[९]**

१. **पारदर्शितासम्बन्धी व्यवस्था**

- संस्थाले आफ्ना ग्राहकलाई उपलब्ध गराउने सेवासँग सम्बन्धित आवश्यक विवरण तथा जानकारी सबैले बुझ्ने गरी संस्थाको एप्लिकेसन (App) तथा वेबसाइट (Website) को अग्रभागमा प्रकाशन गर्नुपर्नेछ । विवरणहरू स्पष्ट, सरल र यथासम्भव नेपाली भाषामा समेत हुनुपर्नेछ,
- संस्थाले स्पष्ट र सरल भाषामा कारोबारको लागि सेवाग्राहीले गर्नुपर्ने Activation, पिन परिवर्तन, सेवामा अन्तर्निहित सर्त तथा बन्देज, सेवाका विशेषता, कारोबार सञ्चालन प्रक्रियालगायतका विषयमा सेवाग्राहीलाई अद्यावधिक सूचना प्रवाह गर्नुपर्नेछ,
- सेवाग्राहीको वालेटको सञ्चालन अवस्था (सक्रिय वा निष्क्रिय) बारेमा सेवाग्राहीले स्पष्ट रूपमा हेर्नसक्ने व्यवस्था गर्नुपर्नेछ,
- विद्युतीय भुक्तानी प्राप्त गर्ने व्यक्तिले त्यस्तो भुक्तानीको विवरण हेर्न चाहेमा कम्तीमा पठाउने व्यक्तिको नाम, खाता नं., सेवा प्रदायकको नाम तथा कारोबारको प्रयोजन हेर्नसक्ने व्यवस्था गर्नुपर्नेछ।

२. **कारोबार तथा शुल्कसम्बन्धी व्यवस्था**

- संस्थाले दोहोरो अर्थ नलाग्ने गरी स्पष्ट र सरल भाषामा आफ्नो सेवा शुल्कका बारेमा सेवाग्राहीलाई अद्यावधिक जानकारी दिनुपर्नेछ,
- विद्युतीय कारोबार गर्दा लिइने सेवा शुल्कसम्बन्धी विवरण संस्थाको वेबसाइटमा प्रष्ट देखिने गरी सार्वजनिक गर्नुपर्नेछ । साथै, शुल्क परिवर्तन भएको अवस्थामा तत्काल अद्यावधिक गर्नुपर्नेछ,
- ग्राहकले छनोट गरेका उपकरणको सेवा शुल्क, ब्याज तथा हर्जानासम्बन्धी व्यवस्था संस्था र सेवाग्राहीबीच हुने सम्झौतामा स्पष्ट रूपमा उल्लेख गर्नुका साथै, शुल्कसम्बन्धी विवरण सेवा सञ्चालनपूर्व नै सम्बन्धित ग्राहकलाई विद्युतीय वा भौतिक रूपमै उपलब्ध गराउनुपर्नेछ,
- ग्राहकसँग कारोबारमा अतिरिक्त सेवा शुल्क लिने उद्देश्यले दोहोरो अर्थ लाग्नेगरी कारोबारको सूचना सम्प्रेषण गर्नुहुँदैन,
- कुनै पनि सेवा प्रदान गर्दा अतिरिक्त शुल्क लाग्ने भएमा त्यस्तो सेवामा Default Option राख्नु हुँदैन,
- भुक्तानी कारोबार गर्दा कुनै निश्चित सेवा प्रदायकको मात्र सेवा प्राप्त हुनेगरी Priority दिने किसिमको कार्य गर्नु हुँदैन,
- कुनै पनि कारोबारपश्चात् उक्त कारोबार सम्पन्न भए नभएको स्पष्ट जानकारी तत्कालै विद्युतीय माध्यमबाट दिने व्यवस्था गर्नुपर्नेछ।

३. **गुनासो सुनुवाइ सम्बन्धमा**

- सेवाग्राहीको गुनासो सुनुवाई गर्न संस्थाले कम्तीमा १६ घण्टा (बिहान ६ बजेदेखि बेलुका १० बजेसम्म)

[८] नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको 'एकीकृत निर्देशन - २०७९' को निर्देशन नं. ४

[९] नेपाल राष्ट्र बैंकबाट भुक्तानीसम्बन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त संस्थाहरूलाई जारी गरिएको 'भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन - २०७९' निर्देशन नं. १३

छुट्टै डेस्क सञ्चालन हुने व्यवस्था मिलाई गुनासो सुन्ने अधिकारीसमेत तोक्नुपर्नेछ,

- कार्ड हराएमा वा चोरी भएमा वा कारोबारको क्रममा अन्य समस्या देखिएमा ग्राहकलाई तत्काल सहयोग गर्न चौबिसै घण्टा सञ्चालन हुनेगरी सम्बन्धित संस्थाले Helpdesk को व्यवस्था गर्नुपर्नेछ,
- संस्थाले सेवाग्राहीको गुनासो सुनुवाइका लागि हटलाइनका साथै आफ्नो वेबसाइटमा अनलाईन पोर्टलसमेतको व्यवस्था गर्नुपर्नेछ। साथै, मोबाइल एपबाट समेत गुनासो दर्ता गर्न मिल्ने व्यवस्था गर्नुपर्नेछ,
- ग्राहकलाई कुनै गुनासो भएमा सोको सम्बोधन गर्ने प्रयोजनको लागि निर्माण गरिएको गुनासो व्यवस्थापन पोर्टल
- https://gunaso.nrb.org.np को लिङ्क ग्राहकले प्रस्ट देख्नेगरी आफ्नो वेबसाइटमा राख्नुपर्नेछ।

**४. विद्युतीय भुक्तानी साक्षरता सम्बन्धमा**

- विद्युतीय कारोबार गर्दा हुनसक्ने जोखिम, ठगी तथा अपराधबारे ग्राहकलाई सचेत गराउन leaflet, brochure, frequently asked questions (FAQs०, knowledge kit जानकारीमूलक videos जस्ता सचेतनाका सामग्री सम्प्रेषण गर्नुपर्नेछ।
- संस्थाले आफ्ना वार्षिक कार्यक्रममा विद्युतीय भुक्तानीसम्बन्धी साक्षरता कार्यक्रम समावेश गर्नुपर्नेछ।

**५. गोपनीयता एवम् अभिलेख सुरक्षित राख्ने सम्बन्धमा**

- संस्थाले कारोबार सम्पन्न भएको मितिले कम्तीमा पाँच वर्षसम्म विद्युतीय रूपमा कारोबारको अभिलेख सुरक्षित राख्नुपर्नेछ।
- संस्थाले सेवाग्राहीसँग गरिएको विद्युतीय कारोबारको सूचना/विवरणको गोपनीयता कायम गर्नुपर्नेछ।

**६. विद्युतीय कारोबार गर्दा संस्थाको असावधानी/लापरवाहीले गर्दा सेवाग्राहीलाई कुनै क्षति हुन गएमा संस्थाले सम्बन्धित ग्राहकलाई उचित क्षतिपूर्ति दिनुपर्नेछ।**

**९. विदेशी विनिमय कारोबार गर्ने सम्बन्धमा 'नेपाल राष्ट्र बैंकबाट जारी गरिएको एकीकृत परिपत्र-२०७८' मा भएका प्रमुख व्यवस्था[१०]**

- परिवर्त्य विदेशी मुद्रा सटहीसम्बन्धी व्यवस्था,
- इलेक्ट्रोनिक कार्डमार्फत हुने कारोबारसम्बन्धी व्यवस्था,
- विदेशी मुद्राको खरिद बिक्री कारोबार, कमिसन र विनिमय दर प्रकाशनसम्बन्धी व्यवस्था,
- वाणिज्य बैंकहरूले प्रवाह गर्नसक्ने परिवर्त्य विदेशी मुद्राको ऋणसम्बन्धी व्यवस्था,
- तेस्रो मुलुकबाट लिएको सेवाको भुक्तानीको लागि सटही सुविधा प्रदान गर्नेसम्बन्धी व्यवस्था,
- नेपाली नागरिकले नगदै राख्न र सटही गर्नसक्ने नगद परिवर्त्य विदेशी मुद्रासम्बन्धी व्यवस्था,
- विदेशी शैक्षिक संस्थामा उच्च शिक्षा अध्ययनको लागि जान चाहने तथा अध्ययनरत नेपाली विद्यार्थीका लागि विदेशी मुद्रा सटहीसम्बन्धी व्यवस्था।
- आयात, निर्यात र निर्यातमा अनुदान प्रदान गर्नेसम्बन्धी व्यवस्था गरिएको तर ग्राहक हित संरक्षणको लागि गुनासो सुनुवाई सम्बन्धमा कुनै प्रष्ट व्यवस्था र संयन्त्र भएको नदेखिएको।

**ख. नेपाल राष्ट्र बैंकका विभिन्न सुपरिवेक्षण तथा सम्बन्धित विभागबाट स्थलगत तथा गैरस्थलगत निरीक्षण तथा अनुगमन गर्दा सुपरिवेक्षकीय व्यवस्था/निर्देशनको पालना भए, नभएको अनुगमन र सुपरिवेक्षण गर्ने गरिएको,**

**ग. वित्तीय र डिजिटल वित्तीय साक्षरता सम्बन्धमा विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्दै आएको।**

**४. राष्ट्रिय र अन्तर्राष्ट्रिय अभ्यासको सारांश**

- Bank for International Settlement र World

[१०] विदेशी विनिमय कारोबार गर्ने सम्बन्धमा 'नेपाल राष्ट्र बैंकबाट जारी गरिएको एकीकृत परिपत्र-२०७८'

Bank ले प्रमुख रूपमा ग्राहक हित संरक्षणसँग सम्बन्धित सिद्धान्त, नियामकीय र सुपरिवेक्षकीय मार्गदर्शन, संरचना र कानुनी व्यवस्थासँग सम्बन्धित विषय उठान गरेका छन् ।

- Alliance for Financial Inclusion (AFI) ले ग्राहक संरक्षणका लागि आवश्यक पर्ने जोखिममा आधारित बजार आचरण सुपरिवेक्षणसँग सम्बन्धित प्राविधिक पक्षहरूको वकालत गरेको छ,
- केही मुलुकमा वित्तीय ग्राहक संरक्षणको लागि आवश्यक कानुनको तर्जुमा गरिएको छ,
- अधिकांश मुलुकमा वित्तीय ग्राहक संरक्षण र साक्षरतासम्बन्धी नीतिगत व्यवस्था रहेको छ,
- वित्तीय ग्राहक संरक्षणको लागि छुट्टै नियमन र सुपरीवेक्षण संरचना रहेको छ,
- वित्तीय ग्राहक संरक्षणको लागि वित्तीय साक्षरता प्रवर्द्धनमा जोड दिइएको छ,
- वित्तीय ग्राहक संरक्षण र वित्तीय साक्षरता परिपूरकका रूपमा रहेका र सोसम्बन्धी कार्यहरू प्रमुख रूपमा केन्द्रीय बैंकले तथा केन्द्रीय बैंकसँग सहकार्य गरी अन्य नियामकयि निकायमार्फत हुँदै आएको छ,
- वित्तीय समावेशिता, ग्राहक संरक्षण, वित्तीय साक्षरतासँग सम्बन्धित संरचनाबाट सम्पादन हुने कार्यमा एकरूपता नरहेको तर यससम्बन्धी कार्यसम्पादन सबै मुलुकमा हुने गरेको पाइन्छ ।

## ५.सुझाव

वित्तीय बजार आचरण सुपरिवेक्षण गर्न आवश्यक नियामकीय र संस्थागत संरचनाको लागि देहायबमोजिमका सुझाव प्रस्तुत गरिएको छः

- नियामकीय रूपरेखा (Regulatory Framework)
- नेपाल राष्ट्र बैंक ऐन, २०५८ को संशोधनमार्फत वित्तीय स्थायित्व कोष स्थापना गर्ने,
- वित्तीय ग्राहक संरक्षण ऐन तर्जुमा गर्ने,
- छरिएर रहेको विभिन्न (बैंक तथा वित्तीय संस्था नियमन विभाग, भुक्तानी प्रणाली विभाग, विदेशी विनिमय व्यवस्थापन विभाग) विभागबाट जारी वित्तीय समावेशिता, साक्षरता र ग्राहक संरक्षणसँग सम्बन्धित निर्देशन र परिपत्रलाई एकीकृत तथा थप परिमार्जन गरी छुट्टै वित्तीय ग्राहक संरक्षण मार्गदर्शन वा ग्राहक अधिकारको बडापत्र जारी गर्ने,
- वित्तीय ग्राहक साक्षरता र वित्तीय ग्राहक संरक्षणसँग सम्बन्धित नीति निर्देशनको पालना नभएमा हुने कारबाही तथा सजायका सम्बन्धमा एकीकृत कार्यविधि बनाई लागू गर्ने ।

### ख. संस्थागत संरचना (Institutional Structure)

- वित्तीय समावेशिता, साक्षरता र वित्तीय ग्राहक संरक्षणका साथै वित्तीय बजार आचरण सुपरिवेक्षणका लागि अलग्गै विशिष्टीकृत विभाग गठन गर्ने । विभागले वित्तीय बजार आचरण सुपरिवेक्षणलाई प्रभावकारी रूपमा अगाडि बढाउन देहायबमोजिमका क्रियाकलाप गर्नुपर्ने ।
- स्थलगत र गैरस्थलगत सुपरिवेक्षण, Mystrery Shopping,
- अनुपालना/कार्यान्वयन (Enforcement),
- ग्राहक सेवा/गुनासो व्यवस्थापन,
- उपभोक्ता अनुसन्धान/उपभोक्ता सन्तुष्टि सर्वेक्षण
- सुपरिवेक्षणका लागि आवश्यक Standard Operating Procedure, Toolkit / Manual तयार गनुपर्ने,
- एकीकृत तथा थप परिमार्जन गरी छुट्टै वित्तीय ग्राहक संरक्षण मार्गदर्शन वा ग्राहक अधिकारको बडापत्र, नियमन, निर्देशन र परिपत्र जारी गर्न विद्यमान बैंक तथा वित्तीय संस्था नियमन विभागमा Dedicated संयन्त्र (बैंक तथा वित्तीय संस्था नियमन विभाग, भुक्तानी प्रणाली विभाग, विदेशी विनिमय व्यवस्थापन विभाग, सुपरिवेक्षण विभागहरू र वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाको प्रतिनिधि रहनेगरी) बनाउने,
- वित्तीय ग्राहक साक्षरता र वित्तीय ग्राहक संरक्षणको प्रभावकारी कार्यान्वयनका लागि, वित्तीय साक्षरता मार्गदर्शनबमोजिम इजाजतपत्र तथा अनुमतिपत्रप्राप्त

संस्थाको केन्द्रीय कार्यालयमा वित्तीय साक्षरता इकाई (Financial Literacy Unit) र 'एकीकृत निर्देशन, २०७९' को निर्देशन नं. २० बमोजिम गुनासो सुनवाइसम्बन्धी व्यवस्थाको 'सूचना तथा गुनासो सुनुवाइ डेस्क'लाई एकीकृत रूपमा गठन गरी उक्त संयन्त्रको लागि आवश्यक Terms of Reference तोक्नुपर्ने,

- बैंकको उद्देश्य, नीति, रणनीति र योजनाबमोजिम वित्तीय समावेशिता अभिवृद्धि, वित्तीय ग्राहक संरक्षण, वित्तीय साक्षरता प्रवर्द्धन, विद्युतीय भुक्तानी प्रवर्द्धन, हरित वित्तीयकरणका असल अभ्यासको आन्तरिकीकरण गर्न Alliance for Financial Inclusion, World Bank लगायत अन्य स्वदेशी तथा विदेशी नियमनकारी निकायसँगको सहकार्यलाई निरन्तरता दिने,
- वित्तीय तथा डिजिटल वित्तीय साक्षरतासम्बन्धी विषयलाई विद्यालय र कलेजस्तरको पाठ्यक्रममा समावेश गर्न नेपाल सरकार, शिक्षा मन्त्रालय तथा विश्वविद्यालयको पाठ्यक्रम विकास केन्द्रसँग समन्वय गर्न आवश्यक संयन्त्रको विकास गर्ने,
- वित्तीय साक्षरता ढाँचा, २०७९ (Financial Literacy Framework, 2022) र वित्तीय साक्षरता मार्गदर्शन, (Financial Literacy Guideline) को आधारमा लक्षित ग्राहकको लागि वित्तीय साक्षरता सामग्रीको निर्माण गरी योजनाबद्ध ढङ्गले कार्यान्वयन गर्न इजाजतपत्र तथा अनुमतिपत्रप्राप्त संस्थासँगको सहकार्यमा प्रभावकारी वित्तीय साक्षरता प्रवर्द्धन अभियान सञ्चालन गर्ने ।

# वित्तीय अपराध : परिमार्जित स्वरूप र बढ्दो चुनौती

■ द्वैपायन रेग्मी*

वित्तीय क्षेत्रमा हुने नगद, पुँजी वा अन्य कुनै प्रकारको अपराधलाई 'वित्तीय अपराध' भनेर बुझ्न सकिन्छ। व्यक्तिगत लाभको उपयोगमा वित्तीय स्रोत वा वित्तीय साधनको अवैध उपयोग गर्ने कार्य हो । गैरकानुनी धनवृद्धि, बीमा अपराध, पुँजी योजनादेखि बैंकभित्र हुने कसुरजन्य कार्य वित्तीय अपराधलगायत पर्दछ । वित्तीय अपराधको मूलतः एउटा प्रमुख उद्देश्य हुने गर्दछ - अन्यलाई धोखा दिएर, झुठो भ्रम छरेर वित्तीय स्रोतको लाभ लिनु। मूलतः, वित्तीय अपराधभित्र सम्पत्तिको हिनामिना, भ्रष्टाचार वा घुस लिने, दिने कार्य र वित्तीय विवरण परिमार्जन गर्ने कार्य वित्तीय अपराधअन्तर्गत हुने कार्यका रूपमा बुझ्न सकिन्छ । वित्तीय अपराधको छाताभित्र पर्ने एउटा अपराध हो - बैंकिङ अपराध, जुन आजभोलि सञ्चारमाध्यममा देख्न र पढ्न सकिन्छ।

बैंकभित्र रहेको रकम, सम्पत्ति वा स्रोतको गलत प्रयोग कुनै प्रकारको व्यक्तिगत लाभको निम्ति गरिन्छ भने त्यसलाई बैंकिङ अपराध भनेर बुझ्न सकिन्छ । ग्राहकलाई झुक्याएर, नियम कानुनलाई तोडेर, मर्यादाभन्दा बाहिर रहेर ग्राहकलाई ठगेर होस् वा ग्राहकलाई मर्का नपर्ने गरी गरिने बैंकभित्रको अपराधलाई बैंकिङ अपराध भनेर बुझ्न सकिन्छ । बैंकिङ अपराध ग्राहक, एक सामान्य बैंकसँग आबद्ध नभएको व्यक्ति वा बैंककै कर्मचारी- जो कसैले पनि गर्न सक्छन् । हिजोका दिनमा डकैती र बैंक लुटपाटको घटना हुने गर्थ्यो । समयअनुसार उक्त कार्य र घटनाको प्रवृत्ति र स्वरूपमा बदलाव देखिन थालेको छ । आज हुने चेक बाउन्स, धितोमा हुने हिनामिनादेखि अनलाइन माध्यमबाट बैंकमा हुने आपराधिक कार्य सबै बैंकिङ अपराधअन्तर्गत पर्दछ। वित्तीय अपराधका केही प्रतिनिधिमूलक उदाहरण यहाँ प्रस्तुत गरिएका छन् ।

- सन् २०२० मा बाहिर आएको जर्मन संस्था वायर कार्ड घोटालामा उक्त संस्थाले आफ्नो लेखा प्रणालीमा घोटाला गरेर आफ्नो आम्दानी र नाफा उच्च देखाएको तथ्य पुष्टि भयो, जसले गर्दा संस्थाले १.९ अर्ब युरो बराबरको रकम आफ्नो प्रणालीबाट गायब भएको तथ्य बाहिर आयो र अन्ततः संस्था नै बन्द हुनुपर्ने अवस्था आइपऱ्यो ।
- वेल्स फार्गोमा ठगी प्रयोजनको निम्ति ठूलो परिमाणमा ग्राहकको जानकारी र अनुमतिविना बचत खाता खोलेर विभिन्न कर्जा सुविधा प्रयोग गरिएको थियो। सन् २०१६ मा चर्चामा आएको यस अपराधमा बैंककै कर्मचारीको प्रयोग भएको थियो, जसले आफ्नो टार्गेट प्राप्तिको निम्ति नक्कली खाता सिर्जना गरेका थिए।
- सन् २०१७ मा नेपालमै एनआइसी एसिया बैंकको स्विफ्ट ह्याक गरेर एक गिरोहले रकम चोरी गरेको थियो। सोही प्रकृतिको साइबर आक्रमण सन् २०१६ मा बङ्गलादेशमा समेत भयो, जसबाट ह्याकरले करिब आठ करोड अमेरिकी डलरबराबरको रकम चोरी गरेका थिए।
- सन् २०१९ मा नेपाल प्रहरीले पाँच जना चिनियाँ नागरिकलाई बैंकको तथ्याङ्क चोरी गरेको र लाखौं रुपैयाँ एटीएमबाट चोरेको भनी नियन्त्रणमा लिएको थियो।
- सन २०२२ मा 'नेपाली गर्ल' नामक मोबाइल एपबाट कैयौंको खाता रित्याएको घटना सार्वजनिक भएको थियो।
- '.......चिठ्ठा पऱ्यो' भन्दै ठगी गर्ने गिरोहलाई हरेक वर्ष जस्तो पक्रिएको घटना सार्वजनिक भइरहेको पाइन्छ।
- नेपालको बैंकिङ क्षेत्रमा पनि विभिन्न प्रकारका बैंकिङ अपराध हुने गरेका घटना सार्वजनिक हुने गरेका छन्। नगद प्रवाहका क्रममा मात्र नभएर बैंक तथा वित्तीय संस्थाको नियन्त्रणमा रहेका रकमको सुरक्षामा समेत चुनौती देखिन थालेको छ। जस्तो कि; केही समयअघि भएको एटीएम चोरी, स्विफ्ट ह्याक वा 'नेपाली गर्ल' नामक एप्लिकेसनबाट यस्तै घटना भएको थियो।

* उप-प्रबन्धक, राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

## वित्तीय अपराधका कारक

वित्तीय क्षेत्रमा हुने अपराधिक गतिविधि विगत लामो समयदेखि नै हुँदै आएको भनेर बुझ्दा फरक पर्दैन - हिजो मन्दिर तथा धार्मिक स्थान जहाँ सम्पत्ति लुकाएर राखिन्थ्यो, आपराधिक गिरोहबाट त्यसको चोरी हुने गर्दथ्यो । विस्तारै बैंक लुटपाटको घटना सतहमा आउन थाल्यो । समयक्रमसँगै आज अन्य माध्यमबाट यस्ता प्रकृतिका घटना प्रशस्त देखिन थालेका छन् । वित्तीय अपराधका कारणलाई देहायका बुँदामा उल्लेख गर्न सकिन्छ ।

**सूचना प्रविधिमा विकासको फड्को** : सूचना प्रविधिको विकाससँगै यसबाट सबै क्षेत्रमा उल्लेख्य परिवर्तन भएको छ । वित्तीय क्षेत्र पनि उक्त प्रणालीबाट अछुतो रहन सकेको छैन बरु यसको प्रयोगबाट वित्तीय क्षेत्रमा समेत क्रान्तिकारी परिवर्तन आएको र प्रयोगमा सजिलो, सस्तो, शीघ्र, सुविधाजनक एवम् मितव्ययी बनेको छ । वित्तीय क्षेत्रमा अहिले सूचना प्रविधि (फिन्टेक) को प्रयोग अनिवार्य सर्त नै बनिसकेको छ । हिजो ढड्डा प्रणालीमा सीमित रहेको बैंकिङ प्रणाली आज फिन्टेकको प्रयोगसँगै 'कोर बैंकिङ प्रणाली'मा रूपान्तरण भइसकेको छ । आज इन्टरनेटको प्रयोगबाट नै बैंकिङ प्रणाली सञ्चालन हुने बनाइएको छ । वित्तीय अपराधको एउटा कारक भनेको यही प्राविधिक विकास पनि हो, जहाँ विकासको लहरसँगै अपराधिक लहरसमेत आउन थाल्यो । ह्याकिङ, अनलाइन चोरी तथा ठगीजस्ता अपराधहरू यही वातावरणअन्तर्गत रहेर हुने गरेको पाइन्छ ।

**कमजोर प्रणाली** : अपराध हुनुको एउटा कारण भनेको प्रणालीमै कमजोरी रहनु हो । जब प्रणाली कमजोर हुन्छ, त्यहाँ विभिन्न ठाउँ हुन्छ, जहाँबाट आपराधिक गतिविधि सञ्चालन गर्न सकिने हुन्छ । प्रणालीमा सुधार नहुँदा, त्यस प्रकारको आपराधिक गतिविधि नियमित रूपमा गर्न सकिने अवसरसमेत रहने हुन्छ । त्यसबाहेक पनि आपराधिक कार्यपश्चात् हुने सजाय र दण्डले ठूलो अर्थ राख्ने हुन्छ । यदि त्यसरी हुने सजाय वा दण्डमा कुनै प्रकारको डर वा त्रास हुँदैन भने त्यसले समेत समग्र प्रक्रियालाई प्रभावित पार्छ । साथै, नीतिभित्र रही गर्न सकिने अपराधिक कार्यलाई समेत बढ्याइँ गरेको भेटिन्छ । प्रणाली फितलो हुँदा रही आउने अपराध, वित्तीय अपराधको अर्को कारक हो ।

**बढ्दो दबाब** : प्रतिस्पर्धी बजारमा आज वित्तीय सूचक प्राप्तिको निम्ति विभिन्न प्रकारको दबाब दिने गरिएको पाइन्छ । संस्थागत उद्देश्य, पारिवारिक अवस्था, व्यक्तिगत उपलब्धि, सामाजिक प्रतिष्ठालगायतका कारक तत्वका कारण व्यक्ति र संस्था दुवै दबाबमा रहन्छन् । जसले गर्दा वित्तीय अपराध गर्नुपर्ने एउटा बाध्यता रहने देखिन्छ । क्षणिक समाधानको लागि, क्षणिक तनाव न्यूनीकरणको लागि जब मान्छे दबाब खेप्नुको साटो छोटो विकल्पतर्फ लाग्छ, जानेर वा नाजानेर ऊ त्यस प्रकारको वित्तीय अपराध गर्न विवश हुने गर्दछ र त्यहाँ वित्तीय अपराध आइपर्छ ।

## वित्तीय अपराधका प्रकार

वित्तीय क्षेत्रमा हुने समस्त आपराधिक कार्यलाई वित्तीय अपराध भनेर बुझ्न सकिन्छ । यद्यपि यसका विभिन्न प्रकारहरू रहिआएका छन् । वित्तीय अपराधका प्रकारलाई यस प्रकार उल्लेख गर्न सकिन्छः

- **लेखासम्बन्धी अपराध** : आम्दानी र खर्च खाता वा वासलात खातामा तथ्याङ्क परिमार्जन गर्ने, तथ्याङ्क लुकाउनेलगायतका कार्य गरेर लेखासम्बन्धी अपराध उच्च सङ्ख्यामा भएको भेटिन्छ । आफ्नो धितोको मूल्याङ्कनलाई उच्च राख्न होस्, आफ्नो आय बढी देखाएर होस् वा नाफा/नोक्सानमा हेरफेर गरेर होस् - वित्तीय प्रणालीमा लेखासम्बन्धी अपराध प्राय हुने गरेको भेटिन्छ । यस प्रकारको अपराधमा बैंककै कर्मचारी होस् वा ग्राहक वा अर्को तेस्रो पक्ष आबद्ध रहिआएको हुन्छ ।
- **खाता हिनामिना** : बेलाबखत हुने बैंकिङ क्षेत्रभित्र खाताभित्रको रकम, कुनै आधारविना रकमान्तर गरिने प्रक्रिया खाता हिनामिनासम्बन्धी अपराध हो भनेर बुझ्न सकिन्छ । यसमा प्राय बैंकका कर्मचारी मात्र संग्लन भएको हुन्छ, जसले अनुमतिविना कुनै पनि खाताको रकम आफ्नो स्वार्थको निमित्त अर्कै खातामा रकमान्तर गरेर लाभ लिने गर्छन् । तत्काल थाहा नभए पनि विस्तारै पत्ता लाग्ने यस प्रकारको अपराध कतिपय अवस्थामा लुकेरै सकिने हुन्छ । वास्तविक तथ्यभन्दा अलग प्रस्तुत गरेर निश्चित वर्गलाई झुक्याउने वा ठग्ने अपराध यस अपराधअन्तर्गत पर्दछ ।

- **सूचनाको दुरुपयोग** : वित्तीय क्षेत्रमा हुने सूचनाको दुरुपयोग यस क्षेत्रमा हुने अर्को महत्वपूर्ण अपराध हो । यस क्षेत्रमा आबद्ध हुनको निमित्त एक आम ग्राहकले आफ्नो विभिन्न घरायसी, व्यावहारिक, पारिवारिकदेखि आर्थिक पक्ष खुलेर वर्णन गर्नुपर्ने हुन्छ। सोही सूचना वा जानकारी वित्तीय क्षेत्रमा आबद्ध कर्मचारीद्वारा बेलाबखत दुरुपयोग हुने गरेको भेटिन्छ । चाहे कुनै ग्राहकको खाताको बारेमा अनधिकृत व्यक्तिलाई सूचना दिएर होस् या वित्तीय क्षेत्रबाट प्रवाह हुने सेवा सुविधाबारे स्पष्ट जानकारी नदिएर होस् - यस प्रकारको अपराध मूलतः कर्मचारीद्वारा हुने गरेको भेटिन्छ ।

- **चेकमा हुने अपराध** : वित्तीय क्षेत्रअन्तर्गत रहेर हेर्दा चेकसम्बन्धी अपराध पनि एउटा ठूलो संख्यामा हुने गरेको भेटिन्छ । यसअन्तर्गत हुने अपराधमा नक्कली दस्तखत गर्ने कार्य, चेकमा उल्लिखित रकम परिमार्जन गर्ने कार्य, नक्कली चेक प्रयोग गर्नेदेखि हराएको चेक वा चोरी भएको चेक प्रयोग गरी कसैको खाताबाट रकम चोर्ने, बढी निकाल्ने जस्ता कार्य पर्दछन् । यस प्रकारको अपराध प्राय बैंकको ग्राहक वा तेस्रो पक्षबाट हुने गरेको पाइन्छ। कर्मचारी जति नै चनाखो भए पनि यस प्रकारको अपराध न्यूनीकरण गर्न वास्तवमै चुनौनीपूर्ण हुन्छ ।

- **कर्जामा हुने अपराध** : वित्तीय सुविधा, कर्जा प्राप्तिको निम्ति गरिने कुनै प्रकारको गलत कार्यलाई कर्जासम्बन्धी अपराध भनेर बुझ्न सकिन्छ । कुनै प्रकारको अपराधिक कार्य जुन एउटा व्यक्ति वा संस्थाले वित्तीय संस्थालाई झुक्याएर, गलत तथ्याङ्क बुझाएर कर्जा प्राप्तिको निम्ति गर्छ । त्यसलाई कर्जासम्बन्धी अपराध भनेर बुझ्न सकिन्छ। यसअन्तर्गत गरिने कार्य प्रायः गलत आम्दानी वा रोजगारीसम्बन्धी जानकारी, गलत आवेदनदेखि थाहा नदिई अरूको नाममा कर्जा लिने कार्य पर्छ । अहिले वित्तीय प्रणालीमा देखिने महत्वपूर्ण कर्जासम्बन्धी अपराध भनेको सम्पत्तिको गलत मूल्याङ्कन हो ।

- **अनलाइन अपराध** : आज भोलि निकै प्रचलित वित्तीय क्षेत्रअन्तर्गत हुने अपराध भनेको अनलाइनसम्बन्धी अपराध भनेर बुझ्न सकिन्छ। वित्तीय प्रणाली अनलाइन माध्यमअन्तर्गत रहेपश्चात् विभिन्न तरिकाबाट समग्र बैंकिङ प्रणालीलाई लक्षित गरेर होस् वा कुनै ग्राहकलाई लक्षित गरेर होस् - विभिन्न प्रकारको अपराध नियमित रूपमा हुने गरेको पाइन्छ । ह्याकिङ गर्ने कार्य, गलत प्रतिनिधित्व गरेर गरिने कार्यदेखि विभिन्न मालवेरमार्फत, वित्तीय प्रणालीअन्तर्गत रहेर गरिने समग्र कार्यलगायतका विषयलाई लक्षित गरेर अपराधिक कार्य जस्तो ग्राहकको खाताबाट रकम चोरी, वित्तीय प्रणालीबाटै रकम चोरी जस्ता कार्य हुने गरेको भेटिन्छ ।

- **सम्पत्ति शुद्धीकरण** : सम्पत्ति शुद्धीकरणसम्बन्धी अपराध विभिन्न तरिकाले हुने गरेको भेटिन्छ। आयात-निर्यात गर्दादेखि हुण्डी प्रयोग गर्ने कार्यअन्तर्गत रहेर, शेल संस्था (नभएको संस्था) को स्थापना गरेर देखाउनको निम्ति मात्र कारोबार भएको देखाइन्छ । वित्तीय क्षेत्रमा हाल चुनौतीपूर्ण रहेको यस प्रकारको अपराधअन्तर्गत विभिन्न तरिकाबाट स्रोत नखुलेको, कर छलेको रकमलाई वैध बनाउने कार्य गरिएको भेटिन्छ । चाहे त्यो थोरैथोरै रकम जम्मा गरेर होस्, कर छलेको रकम कुनै सामान्य व्यक्ति, प्राय जो आफन्त हुन्छन्, उनीहरूको खातामा जम्मा गरेर होस् वा अन्य गतिविधिबाट होस्, सम्पत्ति शुद्धीकरणसम्बन्धी अपराध हाल एक चुनौतीपूर्ण कार्य नै रहिआएको भनी बुझ्न सकिन्छ ।

- **प्रशासनिक अपराध** : वित्तीय प्रणालीको सम्पत्तिलाई कुनै व्यक्तिगत स्वार्थको निम्ति प्रयोग गरिएको अवस्थादेखि ग्राहकलाई पर्याप्त सूचना नदिई व्यक्तिगत लाभ हुने कार्यसम्मलाई एकीकृत रूपमा हेर्दा वित्तीय प्रणालीअन्तर्गत रहेर गरिने प्रशासनिक अपराध हो । यसअन्तर्गत वित्तीय प्रणालीको स्रोत र साधनको दुरुपयोगदेखि चोरीसम्मका कार्य पर्दछन् । जुन सानो तहमा तर ठूलो संख्यामा भएको बुझ्न सकिन्छ । प्रायः आँखा नजाने, तर उच्च मात्रामा हुने यस प्रकारको अपराध ग्राहकदेखि कर्मचारीसम्मले गर्दछन् । सामान्य वित्तीय सुविधाको निम्ति गरिने भ्रष्टाचारदेखि घुस अपेक्षा गरिने कार्यसमेत यसै अपराधिक कार्य अन्तर्गत पर्दछ ।

यसबाहेक पनि नेपालको वित्तीय प्रणालीमा रहेर हुने आपराधिक कार्यभित्र एटीएमसम्बन्धी अपराध, मिलोमतोमा गरिने धितोसम्बन्धी अपराध, भुक्तानीसम्बन्धी

अपराध, बीमासम्बन्धी अपराधलगायतका गतिविधि हुने गरेको भेटिन्छ। वित्तीय प्रणालीअन्तर्गत हुने यस्ता आपराधिक कार्यलाई विभिन्न तरिकाबाट समग्र ग्राहक, बैंककै व्यवस्थापन समितिदेखि कानुनी पक्षबाट निरन्तर अनुगमन गर्ने गरिन्छ। कहिले सुन नक्कली भनेर थाहा हुँदाहुँदै धितो स्वीकार्ने कर्मचारी दोषी हुन्छन् भने कहिले कर्मचारीलाई झुक्याएर लाभ लिन सक्ने ग्राहक। दोषी भेटिएको खण्डमा दण्ड वा सजायसमेत भोगिरहेको जमात आज ठूलो छ। वित्तीय क्षेत्रमा अपराध दैनिक बढ्दो क्रममा रहिआएको भेटिन्छ र समयअनुरूप यसको आकारप्रकार परिमार्जन भएकोसमेत देख्न सकिन्छ।

## निष्कर्ष

समाजको नकारात्मक पाटो भनेकै अपराध हो, जुन विगतमा पनि थियो र आगामी दिनमा पनि यो रहिरहनेछ भनेर सहजै अनुमान गर्न सकिन्छ। यसप्रति हामी सबैले सतर्कता अपनाउन आवश्यक छ। वित्तीय अपराधको निमित्त त्रिपक्षीय हातेमालो आवश्यक पर्ने देखिन्छ - सर्वसाधारण स्वयम्‌को, वित्तीय संस्थाको अनि सरकार अर्थात् राज्यको। यसको न्यूनीकरणको निम्ति सर्वप्रथम त वित्तीय साक्षरता आवश्यक पर्छ, सर्वसाधारणले आफ्नो वाल्यकालदेखि नै वित्तीय संस्था र तिनले दिने सेवासँग परिचित हुन आवश्यक छ। त्यसपश्चात् बल्ल एउटा चेत सिर्जना हुन्छ। सर्वसाधारणले आफैँलाई ज्ञाता बनाउन आवश्यक छ, जसको निम्ति वित्तीय संस्थाले सारथीको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। वित्तीय प्रणालीमा हुँदै गएको वित्तीय अपराध र ठगीको बारेमा पर्याप्त ज्ञान लिनसमेत आवश्यक छ। वित्तीय संस्थाबाट हुने सूचनाको दुरुपयोगलाई निरुत्साहित पार्नका निम्ति उचित प्रणाली निर्माण गर्न वित्तीय संस्था जागरुक हुनुपर्छ भने सर्वसाधारणले समेत आफ्नो गोप्य सूचना जस्तो सेक्युरिटी नम्बर, बैंकको खाता नम्बरदेखि पासवर्ड गोप्य राख्नुपर्ने हुन्छ। सर्वसाधारणले बेलाबखत आफ्नो खाताको बारेमा सूचना सङ्कलन गर्न उत्तिकै आवश्यक छ। जसले गर्दा कुनै प्रकारको हिनामिना भए नभएकोबारे बेलैमा जानकारी पाउन सकिन्छ।

वित्तीय अपराधको नियन्त्रण र न्यूनीकरणको निम्ति यस्तो अपराधबाट बच्ने सन्दर्भमा चेतनामूलक सन्देश प्रवाह गर्न आवश्यक छ। त्यसको निम्ति सरकार र वित्तीय प्रणालीले आवश्यक जिम्मेवारी बहन गर्नुपर्ने देखिन्छ। अनलाइन माध्यमबाट हुने अपराध न्यूनीकरण गर्न सफ्टवेयरलाई अद्यावधिक गर्ने जिम्मेवारी बैंककै हुन्छ - जसमा सम्बन्धित पक्ष सजग हुनुपर्ने हुन्छ। वित्तीय क्षेत्रमा सम्भव भएसम्म दुईपक्षीय प्रमाणीकरण उत्तिकै आवश्यक हुन्छ। ग्राहकसँग मैत्रीपूर्ण सम्बन्ध स्थापना गर्दै कर्मचारीलाई अब्बल बनाई आपराधिक क्रियाकलापबाट पन्छिन एउटा दृढ रणनीति आवश्यक हुन्छ। यसै गरी, वित्तीय संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई निष्पक्ष, सबल र प्रभावकारी हुन आवश्यक छ, जसको निम्ति वित्तीय संस्था आफैँ सजग रहनुपर्छ। आन्तरिक नियन्त्रण प्रणाली नियमित पनि हुनुपर्छ।

अपराध नियन्त्रणमा विगतदेखि अपनाइँदै आएको प्रविधि भनेको नियम कानुन नै हो - त्यसैले, नियम कानुन जति कसिलो बनाइयो, त्यति नै सहज तरिकाले वित्तीय अपराधका घटनाहरू न्यूनीकरण हुँदै जानेछन्। कानुनी व्यवस्था र सजायलाई प्रभावकारी किसिमले लागु गर्न सकेमा वित्तीय अपराधलाई धेरै हदसम्म न्यूनीकरण गर्न सकिने सम्भावना छ। त्यसबाहेक पनि वित्तीय अपराधलाई न्यूनीकरण गर्ने भनेको पर्याप्त अध्ययन र अनुसन्धानबाट पनि हो।

वित्तीय अपराध न्यूनीकरण हुनु भनेको वित्तीय प्रणाली विश्वसनीय र प्रभावकारी हुनु पनि हो। यसबाट वित्तीय प्रणालीप्रति जनविश्वासको अनुभूति प्रतिविम्बित हुन्छ। सुरक्षित वित्तीय कारोबार आज प्राथमिक विषयजस्तो नदेखिए पनि, भोलि एउटा असुरक्षित घटनाले समग्र वित्तीय प्रणालीमा अंकुश आउने हुन्छ। व्यावहारिक पाटोलाई मध्यनजर गर्दै यस प्रकारको अपराध न्यूनीकरण गर्न संयुक्त प्रयास रहन आवश्यक छ।

# मूल्य अभिवृद्धि करमा बहुदरको सवाल : सबल र दुर्बल पक्ष

■ रामबहादुर के.सी.*

## परिचय

मूल्य अभिवृद्धिमा लगाइने अप्रत्यक्ष करको रूपमा परिचित मूल्य अभिवृद्धि करको आधार उत्पादन तथा वितरण प्रक्रियाअन्तर्गत पर्ने हरेक फर्मले गर्ने मूल्यको अभिवृद्धि हो । यस्तो करलाई उद्योग, व्यापार र व्यवसायले आफ्नो तर्फबाट थप गर्ने मूल्य भन्ने बुझिन्छ । कुनै उद्योगले मेसिनरी, कच्चा पदार्थ आदि जुटाई कुनै वस्तु उत्पादन गर्छ र त्यो उत्पादनको मूल्य मेसिनरी, कच्चा पदार्थ आदिको संयुक्त मूल्यभन्दा बढी हुन्छ भने कारोबारको क्रममा यसरी थपिएको अतिरिक्त मूल्य नै मूल्य अभिवृद्धि हो । मूल्य अभिवृद्धि करलाई आधुनिक, वैज्ञानिक, पारदर्शी र सरल करको रूपमा स्वीकार गरिएको छ। मूल्य अभिवृद्धि करले राजस्वमा ३० प्रतिशतको योगदान पुऱ्याएको छ। वस्तु तथा सेवामा एकल दर (१३ प्रतिशत) को मूल्य अभिवृद्धि कर नेपालले कार्यान्वयन गरिरहेको छ। हाल उक्त एकल दर सामाजिक न्यायको दृष्टिकोणबाट विश्लेषण गरी बहुदरमा जानुपर्ने भनी नेपालको अर्थतन्त्रमा बहस सुरु भएको छ।

## मूल्य अभिवृद्धि करको विकासक्रम

यो करको अवधारणा डा. विल्हेल्म भोन साइमेन्सले जर्मनीमा सन् १९१९ Veredelte Umsatzsteurem नामाकरण गरी यस करको अवधारणा अर्थतन्त्रमा ल्याएका थिए। सन् १९५४ मा आएर मात्र यो कर फ्रान्सले लागू गरेको थियो । त्यसपछि यस करका बारेमा क्रमशः सकारात्मक सोचाइ विकास हुँदै गएपछि आइभरीकोष्टले सन् १९६० मा लागू गरी यो कर लागू गर्ने दोस्रो देशको रूपमा आफूलाई उभ्याउन सफल भयो । सन् १९६० पछि भने यस करको प्रयोग बढ्दो रूपमा भएको कुरालाई सन् २०२३ मा आइपुग्दा १८० भन्दा बढी देशहरूले लगाइसकेको तथ्यबाट पनि स्पष्ट हुन्छ। यसरी मूल्य अभिवृद्धि कर विश्वभर फैलिँदै गएको छ। सुधारिएको बिक्री करको रूपमा देखापरेको मूल्य अभिवृद्धि कर कतिपय देशमा सैद्धान्तिक तथा व्यावहारिक दृष्टिकोणले त्रुटिपूर्ण देखिएका अन्य प्रकारका बिक्री करहरूको सट्टा मात्र लागू गरिएको छैन कि यस करले आ-आफ्नै किसिमको संरचना तथा सञ्चालन प्रक्रिया भएका विभिन्न प्रकारका अन्य वस्तुगत करहरूलाई पनि प्रतिस्थापन गरेको छ । सिङ्गापुरले भविष्यमा राजस्वको बढी आवश्यकता परेका बखत यस करलाई प्रभावकारी रूपमा लागू गर्न सकियोस् भन्ने हिसाबले सुरुमा करदातालाई अभ्यस्त बनाउन शून्य दरबाट यो करको सुरुआत गरेको थियो । युरोपेली आर्थिक समुदायको सदस्य बन्न यो कर लगाउनैपर्ने अनिवार्य सर्त राखिएकोले यस आर्थिक समुदायका सबै सदस्य राष्ट्रहरूले मूल्य अभिवृद्धि कर लागू गरेका छन् ।

यसै गरी, दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) का सात सदस्य राष्ट्रमा यो कर लागू भइसकेको छ। नेपालको विशेष सम्बन्ध रहेको भारतमा बहु दरसहितको (Goods and Services Tax) लागू भएको छ।

## मूल्य अभिवृद्धि करको सैद्धान्तिक आधार

दुई वा सोभन्दा बढी देशहरूबीच व्यापार व्यवसाय हुँदा वस्तु तथा सेवाको आदानप्रदान वा ओसारपसार गर्दा सीमामा व्यापार व्यवस्थापन गर्न जरुरी हुन्छ। अर्को देशबाट आउने सामानलाई आफ्नो देशमा भित्र्याउने (पैठारी) र आफ्नो देशबाट निकासीको रूपमा बाहिर जाने वस्तु तथा सेवालाई सहज बनाउने । यिनै दुई निकासी र पैठारीको आधारभूत तथ्यलाई केन्द्रमा राखेर मूल्य अभिवृद्धि करको सिद्धान्त प्रतिपादन भएको पाइन्छ । मूल्य अभिवृद्धि करले आयातित र आन्तरिक उत्पादनका वस्तुहरूमा कुनै किसिमको विभेद गर्दैन। यिनै आधारमा मूल्य अभिवृद्धि करको सिद्धान्त प्रतिपादन भएको पाइन्छ, जुन निम्नानुसार छन्।

* कर अधिकृत, आन्तरिक राजस्व कार्यालय, ललितपुर

**(क) उत्पत्तिको सिद्धान्त**

यस सिद्धान्तअनुसार कुनै पनि देशमा उत्पादन भएका वस्तु तथा सेवामा मूल्य अभिवृद्धि कर लगाइन्छ । चाहे ती वस्तु तथा सेवाहरू सोही देशमा उपभोग होउन् वा नहोउन् । यस सिद्धान्तबमोजिम सम्पूर्ण निकासी हुने वस्तु तथा सेवा करयोग्य हुन्छन् भने आयातमा कर लाग्दैन । किनकि यस सिद्धान्तले Origin मै कर लागेको छ भन्ने मान्यता राख्दछ । यस सिद्धान्तले आन्तरिक उत्पादनलाई भन्दा आयातित वस्तु तथा सेवालाई बढी सुविधा दिन्छ ।

**(ख) गन्तव्यको सिद्धान्त**

गन्तव्यको सिद्धान्तबमोजिम वस्तु तथा सेवा उत्पादन गर्ने स्थानमा कर लगाइँदैन । तर जहाँ उपभोग हुन्छ त्यहाँ भने कर लाग्छ । यस सिद्धान्तअनुसार सबै प्रकारका आयातमा कर लगाइन्छ भने निर्यातमा कर छुट दिइन्छ । त्यसैले यस सिद्धान्तले आयातित सामान र आन्तरिक उत्पादनमा कुनै किसिमको विभेद गर्दैन । मूल्य अभिवृद्धि कर लागू गर्ने नेपालसहित विश्वका अधिकांश देशले यसै सिद्धान्तका आधारमा मूल्य अभिवृद्धि कर लगाएका छन् ।

## मूल्य अभिवृद्धि करको प्रकार

मूल्य अभिवृद्धि करलाई (क) उपभोग (ख) आय र (ग) कुल गार्हस्थ्य उत्पादन गरेर तीन प्रकारमा वर्गीकरण गरिएको छ । मूल्य अभिवृद्धि करका यी तीन प्रकार कुनै फर्मले अन्य फर्मबाट खरिद गर्ने पुँजीगत सामानलाई करको आधारअन्तर्गत समावेश गर्ने वा नगर्ने भन्ने आधारमा भिन्न छन् । नेपालले लागू गरेको उपभोगको प्रकारको मूल्य अभिवृद्धि कर हो । विश्वका प्रायः सबै देशमा उपभोगमा आधारित प्रकारको मूल्य अभिवृद्धि कर लागू भएको पाइन्छ ।

## नेपालमा मूल्य अभिवृद्धि कर

नेपालमा परम्परागत रूपमा लगाइएका बिक्री कर, ठेक्का कर, होटल कर र मनोरञ्जन करलाई प्रतिस्थापन गरेर २०५४ मङ्सिर १ देखि मूल्य अभिवृद्धि कर लागू गरिएको हो । सरकारको बढ्दो खर्चलाई धान्न राजस्वका स्रोतहरू जुटाउने क्रममा परम्परागत कर प्रणाली र कर प्रशासनलाई आधुनिक कर प्रणाली र कर प्रशासनमा रूपान्तरण गर्नु आवश्यक देखिएकोले करका विज्ञ, निजी क्षेत्र, व्यावसायिक प्रतिष्ठानसँगको व्यापक बहस, छलफल र अध्ययनपश्चात् मूल्य अभिवृद्धि कर कार्यान्वयनमा ल्याइएको हो । नेपालको इतिहासमै अन्य कुनै किसिमका कर लागू गर्दा यति धेरै छलफल, बहस र तयारी गरिएको थिएन । त्यसैले यस करलाई नेपाल सरकारले अत्यन्तै प्राथमिकताका साथ कार्यान्वयन गरेको हो । यो कर लगाउने क्रममा तत्कालीन विद्यमान अन्तःशुल्क तथा बिक्री कर विभागलाई मूल्य अभिवृद्धि कर विभागमा परिणत गरी कार्यान्वयनका लागि आवश्यक पर्ने ढाँचामा विभाग र यसअन्तर्गतका सम्पूर्ण कार्यालयको पुनर्संरचना गरी आधुनिक प्रकारको कर प्रशासन बनाउने प्रयास गरियो । जनशक्तिलाई पर्याप्त मात्रामा तालिम दिने, कार्यालयमा कम्प्युटर सञ्जाल जोड्नेदेखि कर प्रशासनलाई सबै किसिमले सुविधासम्पन्न बनाउने प्रयास त्यस अवधिमा भएको देखिन्छ ।

सम्पूर्ण आन्तरिक राजस्वलाई एउटै कर प्रशासनबाट हेर्ने गरी २०५५ वैशाख २ देखि तत्कालीन अवस्थामा मूल्य अभिवृद्धि कर विभाग र कर विभागलाई एकीकरण गरी केही समय कर विभागकै नाममा सञ्चालन गरी २०५८ साउन १ गतेदेखि यस विभागको नाम 'आन्तरिक राजस्व विभाग' राखियो र यसअन्तर्गत रहने सम्पूर्ण कार्यालयलाई फेरि पुनर्संरचना गरी नयाँ किसिमले सञ्चालन गरियो । भौतिक रूपमा सम्पूर्ण हिसाबले सुविधासम्पन्न यस विभागले आन्तरिक राजस्वका स्रोतहरू मूल्य अभिवृद्धि कर, आयकर, अन्तःशुल्कलगायत गैरकर राजस्वसमेतको प्रशासन गर्दछ ।

## मूल्य अभिवृद्धि करको आवश्यकता

नेपालमा लागू गरिएका वस्तु तथा सेवामा आधारित करहरू जस्तै; बिक्री कर, ठेक्का कर, होटल कर एवम् मनोरञ्जन करको दायरा अत्यन्त साँघुरो, दर अधिक र कर चुहावट पनि अत्याधिक रही आन्तरिक राजस्व परिचालन अपेक्षाकृत रूपमा हुन नसकेको हुँदा यस प्रकारको समस्यालाई ध्यानमा राखी आन्तरिक राजस्व परिचालनमा वृद्धि गर्न नै नवीन, आधुनिक, वैज्ञानिक र पारदर्शी कर प्रणालीको रूपमा परिचित मूल्य अभिवृद्धि कर कार्यान्वयनमा ल्याइएको हो । यसको आवश्यकतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

१. **करको आधार विस्तार गरी राजस्व सङ्कलन बढाउन**

- मूल्य अभिवृद्धि करको आधारअन्तर्गत वितरण प्रक्रियामा हुने मूल्य अभिवृद्धि समावेश हुने भएकोले,
- मूल्य अभिवृद्धि करको क्षेत्रअन्तर्गत सेवालाई समेट्न सरल हुने भएकोले,
- कर तिर्ने दायित्व भएर पनि नतिरिरहेका करदाताहरू करको दायराभित्र आउन सक्ने भएकाले,
- मूल्य अभिवृद्धि कर बहुस्तरमा लागू गरिने र यसको Self-Policing Feature/Catch-Up Effect ले गर्दा मूल्याङ्कन कम गरेर वा अन्य तरिकाले राजस्व चुहावट गर्न बढी गाह्रो तथा कम आकर्षक भएकोले कर प्रयोजनको लागि गरिने मूल्याङ्कन वास्तविकताको नजिक आउने भएकोले,
- यसरी मूल्य अभिवृद्धि करको कारणले मूल्याङ्कन व्यवस्था बढी यथार्थ भएमा पैठारी महसुल, अन्तःशुल्क तथा आयकर राजस्व सङ्कलनमा समेत सकारात्मक असर पर्ने भएकोले,
- मूल्य अभिवृद्धि कर लगाउनको लागि सक्षम तथा सबल प्रशासन प्रारम्भिक आवश्यकता हुने भएकोले,
- यो कर लगाएपछि कर सहभागिता बढ्ने हुँदा त्यसबाट राजस्व सङ्कलनमा सकारात्मक असर पर्ने भएकोले।

२. **कर प्रणालीलाई लचिलो बनाउन**

यस कर प्रणालीअन्तर्गत उत्पादन, पैठारी तथा वितरण प्रक्रियाअन्तर्गतका हरेक तहमा हुने मूल्य अभिवृद्धि राजस्वमा समेत प्रतिविम्बित हुने हुँदा कर बढी लचिलो हुन्छ।

३. **कर प्रणालीलाई पारदर्शी बनाउन**

यो कर करदाता स्वयमूले निर्धारण गर्ने सिद्धान्तमा आधारित छ र यस करको प्रयोजनका लागि करदाताले आफ्नो वस्तु वा सेवाको मूल्य अभिवृद्धि कर प्रशासनबाट मूल्याङ्कन गराइरहनुपर्दैन। करदाताले आफूले बिक्रीमा तिनुपर्ने करबाट खरिदमा तिरेको कर कटाई बाँकी रकम तिर्नुपर्ने हुन्छ। यसो भएमा हालको बिक्रीकर तथा अन्तःशुल्कको प्रयोजनको लागि वस्तुको मूल्य-सूची स्वीकृत गराउने सम्बन्धमा देखापरेका समस्याहरू समाधान हुनेछन्। करदाताले आफ्नो वस्तुको बजारले निर्धारण गरेको मूल्यमा कर तिर्नुपर्ने हुन्छ।

४. **कर छल्ने प्रवृत्तिलाई निरुत्साहित गर्न**

उत्पादन र पैठारीस्तरमा कुनै किसिमले मूल्य अभिवृद्धि कर छलिएमा पछिल्लो तहमा पत्ता लाग्न सक्ने हुँदा यस व्यवस्थाअन्तर्गत कर छल्न कठिन हुन्छ। यसले गर्दा चोरी पैठारीको समस्या पनि केही हदसम्म कम हुन सक्नेछ। फेरी यस करको कुल भार वस्तु वा सेवाको अन्तिम मूल्यमा निर्भर रहने हुँदा उत्पादन र पैठारीस्तरमा वास्तविक मूल्यभन्दा कम मूल्य देखाई कम कर तिरेमा पछिल्लो तहमा बढी कर तिर्नुपर्ने हुँदा करदातालाई उत्पादन र पैठारीस्तरमा कम मूल्य देखाउन त्यति आकर्षण हुँदैन। यसले गर्दा उत्पादकले अनावश्यक रूपमा कृत्रिम सेल्स डिपो खोली कारखाना मूल्य कम देखाउने गरेको प्रचलनसमेत कम हुँदै जान्छ। यसको साथै पैठारी गर्ने अवस्थामा न्यून मूल्याङ्कन गर्ने प्रचलन पनि कम हुन्छ। मूल्य अभिवृद्धि कर प्रणालीमा दर्तावाल बिक्रेताहरूबीचको कारोबारमा कर छलिने सम्भावना कम हुन्छ। कारण यस कर प्रणालीअन्तर्गत दर्तावाल बिक्रेताले खरिदमा तिरेको कर निजले बिक्रीमा तिर्नुपर्ने करबाट कटाउन पाउँछ। यदि बिक्रेताले बिक्री मूल्य कम देखाई कम कर तिरेमा खरिदकर्ताले करकट्टी सुविधा कम पाई बढी कर तिर्नुपर्ने हुँदा त्यो खरिदकर्ताको हितविपरीत हुन्छ। यसरी मूल्य अभिवृद्धि करमा स्वःनियन्त्रण गर्ने तत्व विद्यमान हुन्छ। यसरी मूल्य अभिवृद्धि करले बिक्रेताहरूबीच हुने कारोबारमा कम वा बढी मूल्य कायम गर्ने समस्या निकै कम गर्दछ। त्यस स्थितिमा मूल्य अभिवृद्धि करबाट राजस्व सङ्कलन बढ्ने मात्र नभई पैठारी महसुल, अन्तःशुल्क तथा आयकर राजस्व सङ्कलनसमेतमा सकारात्मक असर पर्दै जान्छ।

५. **कर प्रणालीलाई सक्षम बनाउन,**

मूल्य अभिवृद्धि करको आधार विस्तृत हुने भएकोले यस करले उत्पादन तथा उपभोगको संरचनालाई खलबल्याउँदैन। यस करले वितरणको ढाँचालाई पनि अनावश्यक रूपमा परिवर्तन गर्दैन। यो कर करदाताको खरिदमा नलाग्ने हुँदा Input Tax को Tax Cascading, Vertical Integration, निकासीलाई पूर्ण रूपले करमुक्त

गर्न नसकिने जस्ता सीमितताबाट मुक्त हुन्छ । अर्कोतर्फ यस करको आधार विस्तृत हुने भएकोले कम दरबाटै आवश्यक राजस्व सङ्कलन गर्न सकिने हुन्छ । स्मरण रहोस्, करको दर जति कम हुन्छ, त्यति कर प्रणालीको आर्थिक लागत कम हुँदै जान्छ । यो विस्तृत आधार भएको आधुनिक कर प्रणाली भएको हुँदा यस करमा अन्य करको जस्तो करको दर, छुट तथा अन्य प्रक्रियागत कुरामा बराबर परिवर्तन गरिँदैन । त्यसबाट उत्पादन, बिक्रेता, उपभोग आदिलाई प्राथमिकता परिवर्तन गरिरहनु पर्दैन । यसले गर्दा पनि मूल्य अभिवृद्धि कर आर्थिक दृष्टिकोणले सक्षम कर मानिन्छ । यसका साथै मूल्य अभिवृद्धि करको कुल भार वस्तु वा सेवाको अन्तिम मूल्यमा निर्भर रहने हुँदा यस करले पैठारी गरिने वस्तुमा भन्दा आन्तरिक उत्पादनमा बढी भार पर्दैन ।

**६. निकासीलाई प्रोत्साहन गर्न**

मूल्य अभिवृद्धि कर उत्पादन तथा वितरण प्रक्रियाअन्तर्गतका हरेक तहमा हुने मूल्य अभिवृद्धिमा मात्र लगाइने हुँदा यस करमा Cascading तथा Input Tax बाट हुने अन्य प्रतिकूल असर देखा पर्दैनन् र निकासी गरिने वस्तुलाई आन्तरिक करबाट पूर्ण रूपमा मुक्त गर्न सकिने हुँदा अन्तर्राष्ट्रिय बजारमा हाम्रो उत्पादनको प्रतिस्पर्धात्मक शक्ति बढ्न गई निर्यात प्रवर्द्धनमा समेत सहयोग पुग्छ ।

## मूल्य अभिवृद्धि करमा बहुदरको बहस

केही वर्षदेखि नेपालमा मूल्य अभिवृद्धि करलाई सामाजिक न्यायको दृष्टिकोणबाट विश्लेषण गरी बहुदरमा रूपान्तरण गर्नुपर्ने गरी बहसको विषय अर्थतन्त्रको सतहमा आएको छ । विशेष सम्बन्ध भएको मुलुक भारतले बहुदरसहितको 'जीएसटी' कार्यान्वयनमा ल्याएपश्चात् नेपालको मूल्य अभिवृद्धि करको हालको एकल दर १३ प्रतिशतलाई बहुदरमा लैजाने र वस्तु तथा सेवालाई विलासिताका वस्तु, औद्योगिक कच्चा पदार्थ, कृषि, विद्युत् र अन्य आधारभूत आवश्यकताका वस्तु तथा सेवामा वर्गीकरण गरी न्यून दरदेखि उच्च दरको मूल्य अभिवृद्धि कर लगाई दायरा विस्तार गर्नुपर्ने माग क्रमिक रूपमा बढ्दै गएको छ । मूल्य अभिवृद्धि कर कार्यान्वयनमा आएको २६ वर्ष पूरा हुँदैछ । प्रस्तुत सन्दर्भमा हालको मूल्य अभिवृद्धि करलाई बहुदरमा रूपान्तरण गर्दा देखिने फाइदा र बेफाइदाहरू निम्नबमोजिम छन् ।

## मूल्य अभिवृद्धि करमा बहुदरका सबल पक्ष

- कर छुटको सूचीमा रहेका वस्तु तथा सेवाहरू मूल्य अभिवृद्धि करको दायरामा आउने,
- कृषि, विद्युत् स्वास्थ्य, शिक्षा (सामग्री) लगायतका वस्तु तथा सेवामा न्यून दरमा मूल्य अभिवृद्धि कर लगाई करको आधार र दायरा विस्तार गर्न सहज हुने,
- सामाजिक न्याय कायम गर्न सकिने,
- अनौपचारिक अर्थतन्त्र विस्तारै औपचारिक दायरामा रूपान्तरण हुने,
- व्यक्तिको उपभोग सन्तुलित भई आय र स्वास्थ्यमा सुधार हुने,
- मूल्य अभिवृद्धि कर सङ्कलन हाल वार्षिक करिब ३१४ अर्ब रहेको छ, बहुदरमा रूपान्तरणपश्चात् करिब ५०० अर्बसम्म सङ्कलन लक्ष्य पऱ्याउन सकिने,
- राजस्वको संरचनात्मक रूपान्तरण र आन्तरिक राजस्व सङ्कलनमा योगदान वृद्धि हुने,
- वित्तीय संघीयता कार्यान्वयनमा सहयोग पुग्ने, राजस्व बाँडफाँटमा प्रदेश सरकार र स्थानीय तहको स्रोत वृद्धि हुन सक्ने,
- संघीय इकाईहरूबीच समन्वय, सहकार्य र सहअस्तित्व तथा पारस्पारिकतामा सघाउ पुग्ने,
- जनशक्तिको दायरा वृद्धि हुने, थप दरबन्दी सिर्जना हुने, यसले गर्दा राजस्वको प्रशासनको विशिष्टीकरण भर्य वृत्ति विकासमा समेत योगदान पुग्ने,
- आधुनिक सूचना प्रविधिको प्रयोग वृद्धि र डिजिटल गभर्नेन्सको लक्ष्य हासिल गर्न सहयोग पुग्ने,
- विलासी वस्तुमा उच्च दरको मूल्य अभिवृद्धि कर लगाई आयात व्यवस्थापनमा सहज, बाह्य क्षेत्र सन्तुलन र वैदेशिक व्यापारमा सुधार हुने,
- साना तथा घरेलु उद्योगको स्थापना, विकास र दायरा विस्तार गर्न सहज हुने,

## मूल्य अभिवृद्धि करमा बहुदरका दुर्बल पक्ष

- कुन वस्तु तथा सेवामा कतिको दर लगाउने भन्ने यकिन गर्न कठिन तथा समस्या सिर्जना हुने,
- करदातालाई बिजक जारी गर्ने, लेखा राख्ने, विवरण पेस गर्ने जस्ता मूल्य अभिवृद्धि करको कानुनी औपचारिकता पूरा गर्न जटिल हुने, साना करदाता मर्कामा पर्ने,
- करदाताको कर अनुपालन र कर प्रशासनको कर सङ्कलन लागत खर्च बढ्ने,
- करदाताको व्यावसायिक लागत खर्चमा वृद्धि हुने,
- एक व्यवसायीले मूल्य अभिवृद्धि करको दरअनुसारको खातावही, अभिलेख बिल बिजक, हिसाबकिताब न्यूनतम छ वर्ष र अनुसन्धानको प्रयोजनको लागि लामो समयसम्म सुरक्षित राख्नुपर्ने हुँदा लेखापालन र अभिलेख व्यवस्थापनमा कर्मचारी अधिक राख्नुपर्ने,
- भुलवश करदाता वा व्यवसायीले एउटा दरको मूल्य अभिवृद्धि कर अर्को दरमा बिजक जारी गरेमा ब्याज, जरिबाना, थप दस्तुर र दण्ड सजाय उच्च ब्यहोर्नुपर्ने,
- जसरी मदिरा पसल र किराना पसल छुट्टाछुट्टै राख्नुपर्छ, त्यसै गरी मूल्य अभिवृद्धि करको दरअनुसारको मालवस्तुको लागि Showroom, गोदाम छुट्टाछुट्टै राख्नुपर्ने,
- कर प्रशासनमा प्रविधिको स्तरोन्नति गर्नुपर्ने, अधिकृतस्तर र उपसचिवस्तरको दरबन्दी थप गर्नुपर्दा सरकारको लागत खर्च वृद्धि हुने,
- कार्यालयबाट मूल्य अभिवृद्धि कर निर्धारण गर्दा छुट्टाछुट्टै दरअनुसार कर निर्धारण (Tax Assessment) गर्नुपर्ने र प्रशासकीय पुनरावलोकन वा राजस्व न्यायाधिकरणमा पुनरावेदन जाँदा करदाताले छुट्टाछुट्टै निवेदन पेस गर्नुपर्ने,
- कर प्रणाली पादरर्शी नहुने, मूल्य अभिवृद्धि कर आर्थिक दृष्टिकोणले असक्षम हुन सक्ने,
- उच्च दरमा राजस्व चुहावट, कर छली हुँदा राजस्व जोखिमको दायरा फराकिलो हुने,
- भन्सार दरबन्दी, स्वयम् घोषणा र भन्सार मूल्याङ्कनमा समेत कठिनाइ हुने,
- करदाताको कर अनुपालना दरमा ह्रास आउन सक्ने,
- राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना, गौरवका आयोजना, रूपान्तरणकारी आयोजनाको लागत खर्चमा वृद्धि हुन जाने,
- सार्वजनिक निकायले गर्ने अधिकांश खरिद मूल्य अभिवृद्धि करमा दर्तावाला फर्म वा प्रतिष्ठानबाट हुने हुँदा चालु खर्चमा अधिक वृद्धि हुने,
- मूल्य अभिवृद्धि करमा Non-filer र Credit Return विवरण पेस गर्ने करदाताको अनुपात, संख्या र दायरा विस्तार हुने,
- सार्वजनिक वित्तमा आन्तरिक ऋणको मात्रामा समेत वृद्धि हुनसक्ने,
- विगतमा (वि.सं. २०६२ मा) भन्सार दर घटाउँदा वैध व्यापारमा वृद्धि हुने, अवैध निकासी पैठारी नियन्त्रण हुने, भन्सार महसुल वृद्धि भई राजस्व सङ्कलनमा योगदान बढ्ने अनुमानसहित भन्सारका दरमा कटौती गरिएको थियो । तर, राजस्व सङ्कलन अपेक्षाअनुसार वृद्धि हुन नसकेको साथै अवैध व्यापार वैध व्यापारमा रूपान्तरण हुन नसकी पुनः भन्सार महसुल वृद्धि गरिएको अनुभवसमेत मूल्य अभिवृद्धिमा समीक्षा गर्नुपर्ने,
- वस्तु तथा सेवाको करको दर सम्बन्धमा करदाता र कर प्रशासनबीच विवाद बढ्ने,
- सर्वसाधारणले उपयोग गर्ने निजी सवारी साधन तथा मोटरसाइकललगायतका वस्तुको मूल्य अभिवृद्धि करको दर करिब ४० देखि ४५ प्रतिशतसम्म कायम हुने भएकाले ती सवारी साधनको मूल्य उच्च हुन सक्ने ।

## निष्कर्ष

वित्तीय सेवाको पहुँच ५७.९, बीमा सेवाको पहुँच ३८.५ प्रतिशत, भ्रष्टाचार सूचकाङ्कमा ११७ औं स्थानमा भएको मुलुकमा शासकीय क्षेत्रमा सुधार, उन्नत लोकतन्त्रको अभ्यास, स्थिर नीतिगत व्यवस्था नहुञ्जेल बहुदरमा रूपान्तरण हुने कार्य चुनौतीपूर्ण नै देखिन्छ ।

आर्थिक दृष्टिकोणले सक्षम, प्रशासनिक हिसाबले सरल, पारदर्शी तथा राजस्व उत्पादक बनाउन यस करमा दिइएका

छुट घटाउनुका साथै करको एकल दर नै वर्तमानमा उपयुक्त हुने देखिए तापनि सुधारका हिसाबले संशोधन आवश्यक पनि हुन सक्छ। नेपाल 'एलडीसी ग्रेजुएसन'को प्रक्रियामा रहनुका साथै मध्यम आयस्तरीय मुलुकमा रूपान्तरण भएपश्चात् करको दरमा परिवर्तन गर्दा यसले पार्नसक्ने बहुक्षेत्रगत प्रभावको विश्लेषण हुन आवश्यक छ। मूल्य अभिवृद्धि कर राजस्व सङ्कलन गर्ने हिसाबले लगाइएको कर मात्र नभएर यो नेपालको अर्थतन्त्रमा एउटा प्रणालीका रूपमा विकास भइसकेको छ । अतः प्रणाली रूपान्तरण गर्दा संरचनागत, संस्थागत, कानुनी, प्राविधिक र सम्मानित करदाताको दृष्टिकोणबाट समेत हेरी रूपान्तरणपूर्व वर्तमानको अवस्थिति सम्बन्धमा बहुआयामिक र बहुसरोकारवाला पक्षमा अध्ययन तथा अनुसन्धान हुन आवश्यक छ।

## सन्दर्भ सामग्री

मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा नियमावली, २०५३, कानुन किताब व्यवस्था समिति

मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९ (संशोधन सहित), आन्तरिक राजस्व विभाग

Mohan, Rakesh, Growth with Financial Stability, Central Banking in an Emerging Market, Oxford collected essays,

Salvatore, Dominik (2003), Microeconomics, Theory and Applications, New York, Oxfor University Press,

Dwivedi, D.N. (2001), Macroeconomics, Theory and Policy, Tata McGraw Hill, New Delhi

Ricardo, David, 2005, On the Principles of Political Economy and Taxation, Volume 1.

●●●

# राजस्व चुहावटका कारण र नियन्त्रणका उपाय

■ दिलिपकुमार श्रीवास्तव*

## १. परिचय

राज्यलाई नियमानुसार तिर्नुपर्ने राजस्व नतिर्ने वा कम तिर्ने नियतले गरिने क्रियाकलापहरूलाई 'राजस्व चुहावट' भनिन्छ । निकासी एवम् पैठारी हुने मालवस्तुमा आर्थिक ऐनबमोजिम बुझाउनुपर्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, कृषि सुधार शुल्क, अग्रिम आयकर, सडक निर्माण दस्तुर, स्वास्थ्य जोखिम कर, पूर्वाधार विकास कर, सडक मर्मत तथा सुधार दस्तुर, भन्सार सेवा दस्तुरलगायतका कर, महसुलको रकम नबुझाउने तथा कम बुझाउने कार्य राजस्व चुहावट हो । भन्सारसम्बन्धी कानुनको उल्लङ्घन गरी निजी फाइदाका लागि महसुल नतिर्ने उद्देश्य राखी नेपाल सरकारद्वारा तोकिएको बाटोबाहेक अन्यत्रबाट वा तोकिएको बाटोबाट भए तापनि लुकाइछिपाइ अवैध रूपमा मालवस्तु ओसारपसारको कार्यसमेत राजस्व चुहावटको क्षेत्रभित्र पर्दछ ।

राजस्व राज्यले गर्ने खर्च परिचालनको महत्वपूर्ण स्रोत भएको र कानुनबमोजिम बाहेक जथाभावी कर उठाउन नपाउने हुँदा करसम्बन्धी कानुनको परिपालना गराई राजस्व चुहावटका सम्भावनालाई न्यूनीकरण गर्दै लैजान आवश्यक छ । वस्तु तथा सेवाको कारोबारलाई करको दायराभित्र ल्याउन सकिएन भने खर्च स्रोतको अभावमा राज्यको लोककल्याणकारी उद्देश्य हासिल गर्न नसक्ने भई राज्य र नागरिकबीचको सुसम्बन्धलाई समेत नकारात्मक प्रभाव पार्दछ । अतः स्वच्छ पारदर्शी अर्थतन्त्रको माध्यमबाट राजस्व सङ्कलनमा वृद्धि गरी द्रुततर आर्थिक विकासको माध्यमवाट जनतामा बढ्दै गएको आकांक्षाको परिपूर्ति गर्नका लागि राजस्व चुहावटमा प्रभावकारी नियन्त्रण आवश्यक छ । यस लेखमा हाम्रो देशमा हुने गरेका राजस्व चुहावट, कारण तथा यसका नियन्त्रणका उपायका बारेमा चर्चा गर्ने प्रयास गरिएको छ ।

## २. पृष्ठभूमि

सामान्यतया राजस्व शब्दले वस्तु तथा सेवाको उत्पादनको बिक्रीबाट प्राप्त आयलाई जनाउँछ तर सरकार तथा राज्यको दृष्टिकोणबाट हेर्दा यो शब्द बृहत् रहेको पाइन्छ । जहाँ सरकारलाई प्राप्त हुने सबै प्रकारको कर, गैरकर, दस्तुर तथा शुल्कलाई जनाउँछ । राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ ले राजस्वलाई प्रचलित कानुनबमोजिम संघीय, प्रदेश र स्थानीय सरकारलाई तिर्नु वा बुझाउनुपर्ने कर तथा गैरकर भनी परिभाषित गरेको छ । यसै गरी, अमेरिकी अर्थशास्त्री तथा सार्वजनिक वित्त विशेषज्ञ प्रोफेसर रोबर्ट एन्डरसन सेलिगमेनले करलाई 'व्यक्तिले सरकारलाई बुझाउने अनिवार्य भुक्तानी हो, जहाँ राज्यले प्राप्त गरेबापत व्यक्तिलाई सोझै प्रतिफल प्रदान नगरी सार्वजनिक हितमा खर्च गरिने' भनी परिभाषित गरेका छन् ।

त्यस्तै, प्रोफेसर डाल्टनका अनुसार कर त्यस्तो अनिवार्य योगदान हो, जहाँ सार्वजनिक प्राधिकारले करदातालाई प्रदान गरिएको सेवासँग कुनै तुलना नगरी लगाइएको हुन्छ तथा निश्चित र प्रत्यक्ष प्रतिफल दातालाई प्राप्त हुँदैन । तसर्थ कर राज्यका लागि अनिवार्य योगदान हो, जहाँ प्रत्यक्ष प्रतिफलको आशा नगरी भुक्तानी हुन्छ, अनि राज्यले सार्वजनिक हितमा प्रयोग गर्छ तर गैरकर प्रत्यक्ष सेवा तथा प्रतिफलसँग जोडिएको हुन्छ ।

जहाँ जस्तो दिने त्यस्तै लिने सिद्धान्त लागू हुन्छ । जस्तो कि; सेवा प्रवाह गर्दा प्राप्त हुने दस्तुर, दर्ता गर्दा प्राप्त हुने शुल्क, सजाय गर्दा प्राप्त हुने जरिवाना, सम्पत्तिको उपभोग तथा लगानी गरेबापत प्राप्त हुने लाभको अंश, साँवा फिर्ता, स्रोतको उपभोग गरेबापत रोयल्टी, जग्गाको स्वामित्व प्राप्त गरेबापत रजिष्ट्रेशन शुल्क, त्यस्तै सजाय तथा दण्डित गर्दा प्राप्त हुने जरिवाना आदि यसमा पर्दछन् ।

* वरिष्ठ प्रशासकीय अधिकृत, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान

## ३. राजस्व चुहावट

राज्य सञ्चालनका लागि स्थापित संरचनाको भरणपोषण गर्न लोककल्याकारी कार्य सञ्चालन गर्न र विकास निर्माण कार्य गर्न राजस्व सङ्कलन गरिन्छ। राजस्व आर्थिक गतिविधिमा आधारित हुन्छ । आर्थिक गतिविधि पारदर्शी ढङ्गले सम्पन्न भएको अवस्थामा त्यस्ता गतिविधिमा संलग्नबीच प्रतिस्पर्धात्मक वातावरण सिर्जना भई त्यसले समग्र आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक आदि अवयतमा अनुकूल प्रभाव पारी देश विकासमा समेत सकारात्मक प्रभाव पार्दछ । आर्थिक गतिविधि पारदर्शी ढङ्गले सञ्चालन भएन भने राजस्वमा नकारात्मक असर पर्दछ । यसरी देशले प्राप्त गर्ने आर्थिक स्रोतको हिनामिना हुनुलाई राजस्व चुहावट भनिन्छ । सार्वजनिक ढुकुटीमा जम्मा हुनुपर्ने आार्थिक स्रोत तथा साधन त्यहाँ जम्मा नहुने, राजस्व लुकाउने, शुल्क, महसुल छल्ने कतैबाट प्रभावित भई यर्थाथपरक कर परीक्षण नगर्ने कामहरू राजस्व चुहावटअन्तर्गत पर्दछन् ।

राजस्व चुहावटका कारण राष्ट्रिय उत्पादन आय, रोजगारी, राष्ट्रिय लगानी राष्ट्रिय कोष आदिमा प्रतिकुल असर पार्दछ । फलस्वरूप आर्थिक अपराधको क्रियाकलापहरू उच्च रूपमा वितरित भई गरिबी र दरिद्रता बढ्ने गर्दछ र आर्थिक परिसूचक नकारात्मक भएर जान्छ । यस किसिमको आपराधिक क्रियाकलापमा प्रत्यक्ष वा अप्रत्यक्ष, जानीजानी वा नजानी उद्योगी व्यवसायी, राष्ट्रसेवक, राजनीतिज्ञ, उपभोक्ता, करदाता, निकासीकर्ता, पैठारीकर्ता, ठेकेदार, बिक्रेता, निर्माता आदि संलग्न भएको पाइन्छ । यो संलग्नतामा निजहरूको तरिका फरकफरक हुन सक्छ । राज्यले तोकेका विभिन्न शीर्षकमा प्राप्त हुनुपर्ने राजस्व छल्ने वा कम तिर्ने प्रवृत्तिलाई उजागर गरी अनसुन्धानको दायरामा ल्याउन तथा बढ्दो अनौपचारिक अर्थतन्त्रलाई कानुनको सीमामा बाँध्नुपर्ने देखिन्छ । आर्थिक संरचनाको आधार तयार गरी देश विकासका लागि खर्चको स्रोत जुटाउन, संघीय संरचनाअनुसार हुने खर्च प्रणालीलाई सबल बनाउन, राजस्वको दायरालाई बढाउन तथा अर्थतन्त्रमा देखिएका गैरकानुनी क्रियाकलाप नियन्त्रण गरी अर्थतन्त्रलाई गतिशील बनाउन नसक्नाका कारण नेपालले विकासको गतिमा छलाङ मार्न सकेको छैन । सरकारी नीति, कानुनी व्यस्थापकीय र प्रविधिमा कागजी रूपमा सुधार गरिए पनि राजस्व चुहावटलाई नियन्त्रण गर्न सकेको पाईंदैन ।

## ४. राजस्व चुहावट नियन्त्रणको लागि भएका व्यवस्था

राजस्व चुहावट नियन्त्रणको उद्देश्य लिएर नेपालमा २०१८ सालमा भन्सार निरीक्षण टोलीको नामबाट र २०३० सालमा भन्सार रेखदेख टोलीलाई गृह मन्त्रालयअन्तर्गत राखी जिल्ला प्रशासन सीमा इकाईमा रूपान्तरण गरी भन्सार चोरी पैठारी नियन्त्रणको संस्थागत व्यवस्था गरेको पाइन्छ । यसपछि राजस्व चुहावट नियन्त्रण गरी सफल र मितव्ययी तरिकाले राजस्व परिचालन गर्ने उद्देश्यले संस्थागत संरचनाको आवश्यकता महसुस गरी वि.सं. २०३४ मा अर्थ मन्त्रालयमा राजस्व अनुसन्धान महाशाखा स्थापना भयो । वि.सं. २०४६ को परिवर्तनपछि राज्यले अपनाएको खुला र उदार अर्थनीतिका कारण सरकारको भूमिका नियमनकारी निकायको रूपमा बढी केन्द्रित भएपछि विभिन्न नीतिगत/कानुनी, संस्थागत संयन्त्रको विकास गरी चुहावट नियन्त्रणका प्रयासले गति लिएको देखिन्छ । २०५० सालमा अर्थ मन्त्रालयको राजस्व अनुसन्धान महाशाखालाई राजस्व अनुसन्धान विभागको नाममा रूपान्तरण गरेपछि राजस्व चुहावट नियन्त्रण गर्ने संस्थागत निकायको रूपमा राजस्व अनुसन्धान विभागको स्थापना र यसको कार्यक्षेत्र स्पष्ट गरियो । राजस्व चुहावट नियन्त्रण कार्यमा सहयोग गर्न यस मातहत विभिन्न इकाई कार्यालय, राजस्व चुहावट नियन्त्रण केन्द्रीय अनुगमन समिति, राजस्व चुहावट नियन्त्रण उच्चस्तरीय अनुगमन समिति, राजस्व चुहावट नियन्त्रण जिल्लास्तरीय समितिका साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्रजस्ता संयन्त्रहरु सहयोगी निकायको रूपमा रहेका छन् । यसको अतिरिक्त राजस्व चुहावट नियन्त्रणका निम्ति देहायका नीतिगत, कानुनी, संस्थागत, कार्यगत व्यवस्था गरिएको छ ।

**(क) नीतिगत तथा कानुनी व्यवस्था**

- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२,
- विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९,
- मूल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली २०५३,
- भन्सार ऐन, २०६४ र नियमावली, २०६४,
- अन्तःशुल्क ऐन, २०५८ र नियमावली, २०५९,

- मदिरा ऐन, २०३१ र नियमहरू,
- स्थानीय प्रशासन ऐन, २०२८,
- अन्य विषयगत ऐनहरू (रोयल्टी, शुल्क, जरिबाना, ब्याज लगाउने, उठाउने),
- आर्थिक ऐन, र सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र नियमावली, २०६६ ।

(ख) **संस्थागत र प्रक्रियागत व्यवस्था**

- अर्थ मन्त्रालय, राजस्व अनुसन्धान विभाग र मातहतका क्षेत्रीय कार्यलयहरू,
- आन्तरिक राजस्व विभाग र मातहतका आन्तरिक राजस्व कार्यालयहरू,
- भन्सार विभाग र मातहतका भन्सार कार्यालयहरू,
- सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, स्थानीय प्रशासन, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र आयोगका क्षेत्रीय कार्यालयहरू, सुरक्षा निकाय (नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना), राष्ट्रिय सतर्कता केन्द्र, भन्सार जाँचपासपछिको परीक्षण कार्यालय, अनलाइन मनिटरिङ र भेहिकल ट्र्याकिङ प्रणालीको समन्वयात्मक व्यवस्था ।

(ग) **केन्द्रीय राजस्व चुहावट नियन्त्रण समिति**

- अर्थमन्त्री अध्यक्ष,
- अर्थ सचिव,
- गृह सचिव,
- अर्थ मन्त्रालयअन्तर्गत र राजस्व प्रशासनसँग सम्बन्धित विभागका महानिर्देशकहरू,
- नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका महानिरीक्षकहरू ।

(घ) **राजस्व चुहावट उच्चस्तरीय अनुगमन समिति**

- महानिर्देशक, राजस्व अनुसन्धान विभाग अध्यक्ष,
- भन्सार विभाग र आन्तरिक राजस्व विभागका प्रतिनिधिहरू,
- नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलका प्रतिनिधिहरू ।

(ङ) **राजस्व अनुसन्धान विभाग**

- क्षेत्रीयस्तरका कार्यालयहरू,
- कन्ट्रोल रुमको व्यवस्था,
- सुराकी परिचालन,
- आकस्मिक र नियमित गस्ती परिचालन,
- मालबाहक सवारी साधन चेकजाँच,
- लोकमार्ग, सीमा क्षेत्र र बजार अनुगमन,
- सुराकी खर्च परिचालन कार्यविधि, २०६८,
- मालवस्तुको ओसारपसार तथा चेकजाँचसम्बन्धी जानकारी पुस्तिका, २०६८,
- होर्डिङ बोर्डमार्फत सन्देश दिने कार्य,
- रेडियो, टीभी, पत्रपत्रिकामार्फत सूचना प्रवाह गर्ने कार्य ।

(च) **भन्सार विभाग र कार्यालय**

- विभागमा अनुगमन र इन्टिलिजेन्स शाखा,
- Wide Area Network, IP Camera Monitoring,
- सीमा क्षेत्रका भन्सार कार्यालयहरू,
- आकस्मिक र नियमित गस्ती परिचालन,
- भन्सार विभाग र कार्यालयहरूको नियमित अनुगमन,
- भन्सार गस्ती प्रहरीको व्यवस्था,

## ५. राजस्व चुहावटका कारण

राजस्व चुहावट कुनै एक कारणले मात्र नभई विभिन्न कारण रहेका हुन्छन् । राजस्व चुहावट नियन्त्रण गर्न भन्सार प्रशासनबाट प्रयास गरिँदागरिँदै पनि नियन्त्रण अपेक्षित रूपमा गर्न सकिएको छैन । नेपालमा राजस्व चुहावट हुनाका कारणलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ ।

- उच्च भन्सार दर एवम् बहुदर,
- प्रक्रियागत जटिलताको अवस्था,
- यथार्थ भन्सार मूल्याङ्कनको अभाव,
- भन्सार गस्ती नियमित तथा प्रभावकारी रूपले परिचालन हुन नसक्नु,
- चुहावट नियन्त्रण गर्ने जिम्मेवार निकायबीच सूचना आदानप्रदान र समन्वयमा कमी,
- शान्ति सुरक्षाको कमी,
- नैतिकताको कमी,

- अनुचित राजनीतिक हस्तक्षेप र संरक्षण,
- खुला सिमाना भएकाले,
- दण्ड र पुरस्कार प्रणाली प्रभावकारी रूपमा लागू नहुनु,
- प्रभावकारी अनुगमन, मूल्याङ्कनको कमी,
- कमजोर नागरिक समाज,
- नागरिक सचेतनामा कमी,
- छुट सुविधाको दुरुपयोग हुनु ।

## ६. राजस्व चुहावट नियन्त्रण सम्बन्धमा भएका प्रयास

नेपालमा भन्सार चुहावट नियन्त्रणका सम्बन्धमा विभिन्न समय खण्डमा अथक प्रयास गरिएको पाइन्छ । जुन नीतिगत, संस्थागत, व्यवस्थापकीय र अन्य रूपमा गरेको पाइन्छ । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

- भन्सार ऐन, २०६४ मा भन्सारसम्बन्धी कसुर तथा दण्ड सजायको स्पष्ट व्यवस्था गरिएको,
- भन्सारको छुट्टै गस्ती टोली तथा समयसमयमा सुरक्षा निकायसँग संयुक्त गस्ती टोली गठन गरी परिचालन गर्ने गरिएको,
- केन्द्रीयस्तरमा अर्थमन्त्रीको अध्यक्षतामा केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको गठन,
- स्थानीयस्तरमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा राजस्व चुहावट नियन्त्रण समितिको व्यवस्था,
- राजस्व अनुसन्धान विभागद्वारा नियमित रूपमा गस्ती परिचालन तथा Flying Squad परिचालन गर्ने गरिएको,
- सशस्त्र प्रहरीद्वारा भन्सार नाकामा भन्सार तथा राजस्व सुरक्षा र गस्ती परिचालन,
- चोरी निकासी तथा पैठारी कार्यको सूचना दिने व्यक्ति र प्रतिवेदकलाई पुरस्कारको व्यवस्था,
- उच्च भन्सार दर घटाउँदै लैजाने र दरहरूको संख्यामा समेत कटौती गर्दै लैजाने नीतिको अवलम्बन,
- पूर्ण रूपमा स्वचालित भन्सार प्रणालीको अवलम्बन,
- आधुनिक सूचना प्रविधिको प्रयोगमा विस्तार,
- कारोबार मूल्यमा आधारित भन्सार मूल्याङ्कन पद्धतिको अवलम्बन,
- भन्सार सुधार तथा आधुनिकीकरण कार्ययोजनाको तर्जुमा,
- भन्सार चुहावट नियन्त्रणका लागि विभिन्न रेडियो, टेलिभिजन, पत्रपत्रिकामा सूचनामूलक तथा चेतनामूलक कार्यक्रम सञ्चालन तथा वृत्तचित्र निर्माण गरी प्रचारप्रसार गरिएको,
- भन्सार चुहावट गर्ने उपर मुद्दा दायर गरी दण्ड सजाय दिने व्यवस्था,
- भन्सार चुहावट नियन्त्रणसम्बन्धी अनुसन्धान र विकासका लागि भन्सार विभागमा छुट्टै अनुसन्धान शाखाको स्थापना,
- भन्सार जाँचपास परीक्षण कार्यालयको स्थापना,
- स्थानीय भन्सार कार्यालयमा (Local Area Network) र भन्सार विभागमा जोखिम व्यवस्थापन तथा इन्टेलिजेन्स शाखाबाट कार्यालयहरूको जाँचपाससम्बन्धी सम्पूर्ण गतिविधिमा त्रुटि पाइएमा तुरुन्त सच्याउन लगाउने/गराउने कार्यको सुरुआत,
- स्थानीय भन्सार र भन्सार विभागमा Internet Protocol क्यामेरामार्फत भौतिक परीक्षणसम्बन्धी क्रियाकलापको अवलोकन गर्ने कार्यको थालनी,
- प्रमुख भन्सार कार्यालहरूमा प्रयोगशाला शाखाको स्थापना र भन्सार विभागमा अत्याधुनिक Laboratory तयार गरी मेसिन यन्त्र तथा उपकरणको जडान,
- मालवस्तुको ब्राण्डलगायतको स्पष्ट किटानी विवरण घोषणा र मूल्य घोषणा गर्न आसिकोडा वर्ल्ड प्रणाली (NECAS) अन्तर्गत Valuation Automation Module लागू गरिएको,
- मावन संशाधन विकासमा जोड दिइएको,
- पर्याप्त पूर्वाधारसहितको ICP वीरगञ्जमा सञ्चालनमा आएको र विराटनगरलगायतका ठाउँमा सञ्चालन हुने क्रममा रहेको,

- राजस्व प्रशासनमा कार्यरत कर्मचारीलाई कार्यसम्पादनमा आधारित थप भत्ताको व्यवस्था गरिएको,
- त्रिभुवन विमानस्थल भन्सार कार्यालय, जलेश्वर भन्सार कार्यालयलगायतमा एक्सरे मेसिनबाट यात्रु जाँचपासको थालनी,
- न्यून बीजकीकरण गरिएको मालवस्तु खरिद गर्न सक्ने व्यवस्था ।

## ७. राजस्व चुहावट नियन्त्रणका लागि सुझाव

राजस्व चुहावट नियन्त्रण गर्न, कारोबारको मूलप्रवाहीकरण गर्न आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा गैरकरको नीति तथा रणनीति तर्जुमा गर्न, प्रणाली विकास गर्न आन्तरिक राजस्व विभाग क्रियाशील छ । भन्सार महसुल सङ्कलन, वस्तुको सही घोषणा, पहिचान वर्गीकरण तथा मूल्याङ्कन गर्न र व्यापार सहजीकरण गर्न भन्सार विभाग रहेको छ। यसै गरी, गैरकरबाट प्राप्त हुने आम्दानी प्राप्त गर्ने र सोसम्बन्धी कार्य गर्न विभिन्न मन्त्रालय, विभाग तथा कार्यालय सञ्चालनमा छन् । राजस्व अनुसन्धान विभागले राजस्व चुहावटको अनुसन्धान र तहकिकात गरी सम्बन्धित निकायमा राजस्व असुलीको निम्ति लेखी पठाउने, अनुसन्धान तथा तहकिकातबाट कसुर र बिगो कायम गरी अदालतमा अभियोजन गर्ने र विभिन्न निकायमा नीतिगत तथा प्रक्रियागत विषयमा राय दिने कार्य गर्दछ । यसबाहेक अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र जस्ता निगरानी निकायहरू पनि रहेका छन् । यसका साथै राजस्व चुहावट नियन्त्रण गर्न तथा राज्यको मूलप्रवाहमा ल्याउन निम्न कार्यहरू अवलम्बन गर्नु आवश्यक रहेको छ ।

### क. प्रभावकारी नीतिको तर्जुमा र कार्यान्वयन

राजस्व सङ्कलन प्रणालीको विकास, राजस्वको बाँडफाँट, राजस्व चुहावट नियन्त्रण आदिका लागि राज्यले गर्ने पहिलो काम नीति निर्माण हो । संस्थागत क्षमता वृद्धि, जनशक्तिको व्यवस्था, सबल प्रशासन, प्रभावकारी अनुगमन, कर शिक्षा तथा चेतना विस्तार आदि नीतिको कार्यान्वयनको सिलसिलामा आफैँ क्रियाशील हुन्छन् । राजस्व चुहावटको प्रमुख प्रवृत्तिको पहिचान भइसकेपछि कुन नीति निर्माण गर्दा चुहावट रोकिन्छ र त्यस्तो चुहावट राज्यको मूल प्रवाहमा आउँछ भन्ने कुरा बुझ्नुपर्दछ । नीति निर्माणमा संवेदनशील नहुनु, नियन्त्रणका नीति नल्याई पुरानै प्रवृत्तिलाई निरन्तरता दिनु, समस्याको समाधान गर्नुको सट्टा सानातिना प्रक्रियात्मक विषयले नीति निर्माणमा प्राथमिकता पाउनु, दायराभन्दा दरले प्राथमिकता पाउनु जस्ता कुराहरू नीति निर्माणमा संवेदनशीलताको अभाव हो । राजस्व चुहावट नियन्त्रण गर्न व्यावहारिक र कार्यान्वयन योग्य नीति निर्माण गर्नु आवश्यक छ ।

### (ख) सक्षम प्रणालीको विकास

देशले अवलम्बन गरेको राजस्व तथा करारोपण नीतिअनुसार राजस्व सङ्कलन गर्न, करको दायरा विस्तार गर्न, राजस्व चुहावट रोक्न सक्षम प्रणालीको विकास गर्नुपर्दछ । विगतमा यसको लागि धेरै प्रयासहरू भएका छन् । आन्तरिक राजस्व विभागमा रहेको एकीकृत कर प्रणाली र केन्द्रीय बिजक अनुगमन प्रणाली, राजस्व अनुसन्धान विभागमा रहेको सवारी तथा ढुवानी साधनको ट्र्याकिङ प्रणाली भन्सार विभागमा रहेको आसिकोडा प्रणालीहरू नेपालको राजस्व प्रणालीमा राजस्व सङ्कलन तथा चुहावट नियन्त्रणमा प्रयोग गरिने महत्वपूर्ण प्रणालीहरू हुन् । सूचना प्रविधिको विकाससँगै राजस्व चुहावटका प्रवृत्तिमा परिवर्तन हुँदै देखिन थालेका छन् । विश्वव्यापी बजार संयन्त्र विकास भएसँगै त्यसले सिर्जना गर्ने कारोबार, वस्तुको प्रकृति, आविष्कारको सही र गलत प्रयोग आदिका कारणले पनि चुहावट हुन गइरहेको छ। यस्तो चुहावटलाई बलियो प्रणाली विकास गरेर मात्र रोक्न सकिन्छ। हाम्रोबाट गरिएको प्रयास सही छँदाछँदै पनि ती प्रणालीमा समसामयिक सुधार तथा नयाँ प्रणालीको विकास जरुरी छ। सरकारी प्रणाली बजार प्रणालीभन्दा सधैँ ढिलो छ। प्रणालीहरूमा समसामयिक सुधार नगरिए चुहावट हुनबाट रोक्न सकिन्न होला।

### (ग) संस्थागत सुधार

मुलुकको लागि अर्थ सङ्कलन गर्ने, त्यसको लागि नीति बनाउने, चुहावट रोक्ने कार्य गर्न संस्थागत सबलीकरण आवश्यक छ र बनाएको नीति कार्यान्वयन, प्रणाली कार्यान्वयन तथा सुधार गर्न आवश्यक छ। कर सुधार भनेकै कर प्रशासनमा सुधार ल्याउनु हो। यसले जनशक्तिको भर्नादेखि विकास, वृत्ति प्रणाली, आचरण व्यवस्था, पुरस्कार र दण्डको

माग गर्दछ। राजस्व प्रशासन तथा जनशक्ति असक्षम भएमा सम्भावित राजस्व सङ्कलन नहुने, कर चुहावटमा जानी नजानी सहयोग भइरहेको हुने, चुहावटमा संलग्न हुने, मिलेमतो गर्ने, जस्ता कार्यले गर्दा जनशक्तिलाई तालिम, हौसला, पुरस्कार तथा दण्ड व्यवस्थाले बेलाबेलामा तिखार्नुपर्दछ। तसर्थ, नीति तथा कानुनी व्यवस्थामा निरन्तर सुधार, नयाँ नीतिको निर्माण, सोको कार्यान्वयन गर्न संरचनात्मक सुधारसहितको संस्थागत सुधार आवश्यक छ।

(घ) **पुरस्कार र दण्डको व्यवस्था**

राजस्व चुहावट नियन्त्रण तथा आर्थिक अपराधीकरणको न्यूनीकरणमा पुरस्कार र दण्ड एक प्रमुख पक्ष हो। नियमित कर तिर्ने, नियमित कर सहभागिता जनाउने, क्षमताअनुसार कर तिर्नेलाई पुरस्कारको घोषणा सरकारले गर्नुपर्ने हुन्छ। निजी क्षेत्रबाट राजस्व सङ्कलन गरिसकेपछि समस्याहरू भए समाधान गर्नु राज्यको दायित्व हो। यसै गरी, नागरिकले तिर्ने करलाई असल र कुशल सेवा प्रवाहमा परिणत गरी खुशीसाथ असुल गर्नु पनि पुरस्कारको एउटा तरिका हो। यसको अलावा राजस्व चुहावट गर्ने, आर्थिक अपराधीकरण गर्ने, छाया अर्थतन्त्र र भ्रष्टाचार गरी राज्यकोषको हिनामिना गर्नेलाई दण्डित गर्न आवश्यक छ।

(ङ) **राजनीतिक र सामाजिक प्रतिरोध**

राजनीतिक र सामाजिक प्रतिरोध जहाँ समस्याहरू राजनीतिक र सामाजिक विषयसँग जोडिएका छन् र ती समस्यासँग राजनीतिक र सामाजिक साथ जोडिएको हुन्छ। यस्तो संरक्षण र साथलाई तोड्न त्योभन्दा उच्चस्तरको प्रतिरोध जरुरी हुन्छ। राजस्व चुहावट तथा आर्थिक अपराधको विषयमा हाम्रो जस्तो तेस्रो विश्वका मुलुकमा राजनीति, सामाजिक संरचना तथा परम्पराको साथ र सहयोग रहेको हुन्छ। राजस्व चुहावट र आर्थिक अपराध गरेका समूह, व्यक्तिलाई बहिष्करण तथा नैतिकतालाई पूजा र प्रश्रय दिने वातावरण पनि उत्तिकै आवश्यक छ।

(च) **उपभोक्ता र नागरिकलाई सचेतता कार्यक्रम**

राजस्व तथा आयको उपयोग सम्बन्धित मूलकका सार्वभौम नागरिक र उपभोक्ताले गर्ने हो। आफूले तिरेको मूल्य, गुमाएको श्रमको हिस्साको खोजी तथा सोको उपयोगको जानकारी नागरिक र उपभोक्ताले पाउनुपर्दछ। यो एक प्रकारको अधिकारको रूपमा रहनुपर्दछ। नेपालमा यस्तो अवस्था छ कि नागरिकले वस्तु तथा सेवा उपभोग गर्दा आफूले तिरेको मूल्य तथा त्यसमा लाग्ने कर देखिने बिलसमेत सहज रूपमा पाउन नसकेको अवस्था छ। उपभोक्ता तथा नागरिकले पनि यसको खोजी गर्न जरुरी छ। अबको करदाता शिक्षा करदातालक्षित होइन, उपभोक्ता तथा नागरिक केन्द्रित भई एक जबर्जस्त आन्दोलनकै रूपमा रहनुपर्दछ। यस्तो आन्दोलनलाई राज्यले पनि सही किसिमले समर्थन गर्ने, नीति निर्माणमा पृष्ठपोषणको रूपमा लिने, नागरिक समाजले समेत साथ र सहयोग गर्न जरुरी छ।

(छ) **सूचना प्रविधिको गुणस्तर अभिवृद्धि**

अहिले भन्सारको कार्य सञ्चालनका लागि Asycuda World, PBIMS, अस्थायी पैठारी हुने गाडीहरूको Record Management System, विभागको Website, email प्रणालीलगायत सूचना प्रविधिसम्बन्धी प्रणालीहरू सञ्चालनमा छन्। यसका लागि Hardware/Software को संयोजन गरिएको छ। यसका साथै LAN, WAN, IP Camera, Control Room व्यवस्थाबाट Online Monitoring गरिएको छ। सूचना प्रविधि धेरै कुराको भरपर्दो पूर्वाधारमा आधारित भएर चल्छ। जस्तै; विद्युत्, इन्टरनेट, सर्भर, वाइफाइ तथा तारबाट जोडिएको नेटवर्क, Service Provider को सेवाको गुणस्तर। यी र यसैमध्ये कुनै एकमा समस्या आएको खण्डमा प्रणालीले काम गर्दैन। छिटो काम गर्न विकास गरिएको प्रणाली नै असफल भएमा कार्यसम्पादनमा समस्या आउँछ र काम झन् ढिलो हुनसक्छ। त्यसैले सूचना प्रविधिको हार्डवेयर/सफ्टवेयरका सबै पक्षको निरन्तर परीक्षण गरी सुधार गर्नुपर्दछ। विशेषगरी हाल सर्भर ढिलो चल्ने गरेको कारणबाट काम ढिलो हुने गरेको गुनासो आउने गरेको सन्दर्भमा भैरहवा, वीरगञ्ज, विराटनगरमा Satellite Server को स्थापना गरिनुपर्दछ। भन्सार प्रशासनमा प्रयोग भइरहेको NECAS, PBIMS, RIMS जस्ता सफ्टवेयर प्रणालीको निरन्तर सुधार गरी प्रयोगकर्तामैत्री बनाउँदै जानुपर्दछ। भन्सार विभाग, आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभाग र भन्सार जाँचपास परीक्षण कार्यालयलाई सूचना प्रविधिको

सञ्जालबाट एक आपसमा आबद्ध गरिनुपर्दछ।

**(ज) भन्सार कुटनीति**

भन्सार सम्बन्धमा अन्तर्राष्ट्रियस्तरमा आइपर्ने समस्या उच्चस्तरमा समाधान गर्न अर्थ मन्त्रालयले परराष्ट्र मन्त्रालयलाई भन्सारसम्बन्धी विषयमा जानकारी गराई भन्सार कुटनीतिलाई प्रवर्द्धन गरी व्यापार र भन्सारसम्बन्धी समस्याको तत्काल समाधान गर्ने व्यवस्था मिलाउनुपर्दछ। पारवहनमा हुने समस्या, गैरभन्सार अवरोधलाई हटाउन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र परराष्ट्र मन्त्रालयसँग सहयोग लिई भारत तथा चीन सरकारसँग अर्थ मन्त्रालयले पहल गर्नुपर्दछ। जस्तो अहिले उत्तरी नाकामा भइरहेको नियन्त्रित व्यापारको समस्या समाधानका लागि सबै मन्त्रालय मिलेर एकीकृत प्रयास गर्न सकेमा केही उपलब्धि हासिल भई व्यापार सहजीकरण र राजस्व सङ्कलनमा सुधार हुनेछ।

**(झ) व्यापार सहजीकरणमा सुधार**

व्यापार सहजीकरणका लागि अन्तर्राष्ट्रिय व्यापारसँग सम्बन्धित पूर्वाधार जस्तै : मुख्य पारवहन मार्ग, रेलऱ्याक आउन सक्ने सुख्खा बन्दरगाह, अन्तर्राष्ट्रिय एअरपोर्टमा भन्सारसम्बन्धी आधुनिक सुविधा विकास गर्नेगरी आगामी भन्सार सुधारको छैटौँ कार्ययोजना तयार गर्नुपर्छ। भन्सार पूर्वाधार तथा सुविधाको कमीका कारण भन्सार जाँचपासमा ढिलाई हुने गरेको हुँदा व्यापारको समय र लागत बढ्न गएको छ। यसले उद्योग व्यवसायलाई नकारात्मक असर पर्नुका साथै उपभोक्ताले अन्तिम रूपमा लागत ब्यहोर्नुपर्ने हुँदा उनीहरू मर्कामा परेका छन्। भन्सार विभागले गरेको Time Release Study Report ले औँल्याएका सवाललाई समेत सम्बोधन गर्नेगरी भन्सार पूर्वाधार र सुविधामा सुधार गरी कार्य सरलीकरण गरेर व्यापारको समय र लागतलाई सम्भव भएसम्म कटौती गरी गैरभन्सार अवरोधबाट पर्ने नकारात्मक असरलाई घटाउँदै लैजानुपर्दछ।

**(ञ) अन्तरनिकाय समन्वय**

अन्तरनिकाय समन्वय भन्सार प्रशासनमा सबैभन्दा महत्वपूर्ण विषय हो। समन्वय गर्नसक्ने क्षमताले भन्सार प्रशासनलाई धेरै समस्याको समाधान गर्न सघाउ पुऱ्याउँछ। त्यसैले राजस्व चुहावट नियन्त्रण समिति, व्यापार सहजीकरण समिति, अन्तर्देशीय भन्सार प्रशासनको बीचमा समन्वय गर्न सक्ने क्षमता अभिवृद्धि गर्न समन्वयसम्बन्धी अनुभवको आदानप्रदान गर्ने औपचारिक प्रणालीको विकास गरिनुपर्दछ

## ८. अन्त्यमा

राजस्व चुहावट रोक्नका लागि विभिन्न ऐन/नियमहरू भएर पनि सम्बन्धित निकायले ती ऐन नियमको व्यावहारिक कार्यान्वयन गर्न नसक्दा चुहावट नियन्त्रण हुन सकेको छैन। राजस्व चुहावट नियन्त्रण र कारबाहीका लागि राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) संशोधन ऐन २०७६, आयकर ऐन २०५८ र नियमावली २०५९, मूल्य अभिवृद्धि कर ऐन २०५२ र नियमावली, २०५३ समेत रहेका छन्। यसै गरी, राजस्व चुहावट रोक्नका लागि अन्तशुल्क ऐन तथा नियमावली, भन्सार ऐन तथा नियमावली, विदेशी विनिमय नियमित गर्ने ऐन, सम्पत्ति शुद्धीकरण निवारण ऐनलगायतका कानुनी व्यवस्था रहे तापनि तिनको सशक्त कार्यान्वयन हुन नसक्दा राजस्व छली हुने क्रम झनै बढिरहेको छ। राजस्व चुहावट नियन्त्रण हुन जाने, भन्सार एवम् अन्य राजस्व प्रणालीमा सुधार आई भन्सार राजस्व असुलीमा समेत सकारात्मक सुधार हुन जान्छ। यसै गरी, भन्सार चुहावट नियन्त्रण गरी सकारात्मक प्रभाव बढाउनका लागि भन्सार ऐन, २०६४ र भन्सार नियमावली, २०६४ लाई पनि समय सापेक्ष रूपमा संशोधन र परिमार्जन गर्दै जानुपर्दछ। यसै गरी, राजस्व छली गर्नेहरूविरुद्ध गरिने अनुसन्धान प्रक्रिया वैज्ञानिक छैन भने सूचना संयन्त्रको अभाव देखिएको छ। यस्तै, सरकारी निकायबाट निगरानी व्यवस्था प्रभावकारी देखिएको छैन भने चुहावट रोक्ने निकायभित्रै चुहावट रहेको छ। राजस्व चुहावट सामाजिक अपराध पनि हो। त्यसैले राजस्व चुहावट गर्नेलाई सामाजिक रूपमा बहिष्कार गर्नेगरी अभियान सञ्चालन गर्नु आजको आवश्यकता हो।

**सन्दर्भ सामग्री**

१. 'पराग' राजस्व विशेषाङ्क
२. भन्सार ऐन, २०६४ तथा भन्सार नियमावली, २०६४
३. आर्थिक ऐन, २०७६
४. राजस्व चुहावट नियन्त्रण ऐन, २०७६
५. आयकर ऐन, २०५८ र नियमावली, २०५९
६. मूल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३।

# अङ्ग्रेजी खण्ड

# Inclusive Growth for Green Economy and Sustainable Development

■ **Prof. R.K. Shah, Ph.D.***

## Abstract

*The general objective of this paper is to present the issues of green growth, green economy, inclusive growth and sustainable development in new operating strategy. Sustainability focuses on equal economic growth that generates wealth for all, without harming the environment. Investment and an equal distribution of the economic resources will strengthen the other pillars of sustainability for a complete development. Central Bureau of Statistics (CBS), Ministry of Finance (MoF), Economic surveys, different line Ministries, NGOs and INGOs, different websites are the sources of this paper. The nature of the study is qualitative and descriptive. Different methods are used to explore the value of green economy, economic growth and sustainable development. Although there is no unified view among the policy makers, economists, bureaucrats, environmentalists, and development experts on what represents and drives a Green Economy and there is also no clarity on what it means for the country like Nepal. The concept is, however, very pertinent in the context of rapid climate change and unsustainable development. There is a general agreement that green economy provides opportunities for developing and forest rich country like Nepal as the fossil fuel-based and import-oriented consumerism based-economy cannot be successful today and in the future. It is likely that green economy and economic growth could be a good vehicle to reach sustainable mountain development (SMD). However, there is a need to develop specific and strategies and action plans to implement green and low-carbon economic activities. First and the foremost, there is a need to develop a national policy and to use green economy to achieve poverty reduction and sustainable development. The economic growth rate has to be sustained while reducing poverty through sound development plans and programs actively participated and managed by poor and enterprising rural and urban communities and supported by the government, non-government and donor agencies. There are numerous challenges in adapting and adopting Green Economy policies in a developing country like Nepal.*

*Capacity and skill development, technology adaptation, transfer, and retrofitting to suit Nepal's hilly and mountainous terrains, need for huge investment in processing and value addition, and of course adapting to and mitigating against climate change are some of the major challenges. Notwithstanding these constraints, green economic policies and programs can be means to achieve sustainable development in the mountainous belt. There is need to document good lessons so that future green growth pathway can be charted in a flawless manner and scaling up of the success to create bigger impacts can be achieved. Finally, effective and outcome-oriented implementation will require multi-disciplinary planning, inter-disciplinary implementation, and effective and participatory monitoring and evaluation.*

*Since the 1972 UN Conference on the Human Environment the reach of sustainable development governance has expanded considerably at local, national, regional and international levels. The important principles are as the well-being principle, the justice principle, the planetary boundaries principle, the efficiency and sufficiency principle, the good governance principle. Natural resources are central to human well-being. People cannot live without the clean air we breathe, the plants we eat, or the water we drink.*

